बुद्ध वचन

सुत्तपिटक अन्तर्गतका चौथो ग्रन्थ

# अङ्गुत्तरनिकाय




# Aṅguttaranikāya

अनुवादक

भिक्षु बोधिसेन महास्थविर

Downloaded from http://dhamma.digital

बुद्ध वचन
सुत्तपिटक अन्तर्गतका चौथो ग्रन्थ

# अङ्गुत्तरनिकाय

(छक्क र सत्तक निपात)

तेस्रो भाग

# Aṅguttaranikāya

Dhamma.Digital

अनुवादक:
भिक्षु बोधिसेन महास्थविर

प्रकाशिका:
उपासिका शोभालक्ष्मी देशार

Downloaded from http://dhamma.digital

**प्रकाशिका:**
**उपासिका शोभालक्ष्मी देशार**

दोस्रो संस्करण : १००० प्रति ।

बु. सं : २५५९ । वि. स: २०७२ । ने. सं : ११३५ । इ. सं : २०१५

**यो पुस्तक धम्मदानको निम्ति हो, बिक्रिको लागि होइन ।**

अनुवादका प्रकाशित कृतिहरू–

नेपाल भाषामा :-

१. त्रिरत्न वन्दनामाला । २. स्वपू जातक बाखँ । ३. तथागतया उपदेश । ४. पेतवत्थु । ५. थेर-गाथा । ६. त्रिरत्न वन्दनामाला (दो. सं.) । ७. त्रिरत्न-वन्दनामाला (ते. सं.) । ८. परित्राण ।

नेपाली भाषामा :-

९. कृष्णायन गोत्रको उत्पत्ति । १०. थेरी-गाथा प्रथम भाग । ११. थेरी-गाथा दोस्रो भाग । १२. बोधि कथा । १३. जातक कथा । १४. थेरी-गाथा (दो. सं) । १५. दुरेनिदान कथा । १६. अङ्गुत्तरनिकाय प्रथम भाग । १७. अङ्गुत्तर-निकाय दोस्रो भाग । १८. अङ्गुत्तरनिकाय तेस्रो भाग । १९. अङ्गुत्तरनिकाय चौथो भाग । २०. अङ्गुत्तरनिकाय पाँचौ भाग । २१. अङ्गुत्तरनिकाय प्रथम भाग (दो.सं) २२. पेतवत्थु । २३. अङ्गुत्तरनिकाय दोस्रो भाग (दोस्रो संस्करण) तपाईंकै हातमा २४.अङ्गुत्तरनिकाय तेस्रो भाग (दोस्रो संस्करण)। तपाईंकै हातमा । अङ्गुत्तरनिकाय चौथो भाग, पाँचौ भाग (दोस्रो संस्करण) र थेर गाथा प्रकाशकको प्रतिक्षामा ।

कम्प्युटर सेटिङ्ग, भिक्षु बोधिसेन महास्थविर ।

Downloaded from http://dhamma.digital

# संस्मरण

## उपासक चरित्र देशार

ललितपुरस्थित चापागाउँको भन्सारटोल वडा ४ मा बुबा द्वारसिं देशार र आमा माइलीकी कोखबाट उपासक चरित्र देशारको जन्म २०१५-०४-१० मा भयो । वहाँ बाल्यकाल देखि नै चापागाउँस्थित ज्योति विहारमा जाने स्वभाव हुनाले कुनै पनि बौद्ध कार्यक्रम हुँदा श्रद्धापूर्वक सहभागी हुन्थे । वहाँले शैक्षिक क्षत्रमा बी एत उत्तीर्ण भएपछि चापागाउँस्थित बज्रवाराही उ. मा. विद्यालयमा (पद/श्रेणी) शिक्षक द्वितीय भई २६-८-२१ सम्म सेवा गर्दै स्काउटका शिक्षक हुनुकासाथै अन्य विभिन्न संघ-संस्थाका पनि सदस्य थिए ।

उपासक चरित्रका बुबा ५ वर्षको हुँदा बित्नुभयो । वहाँको लालन-पालन आमाबाटै भयो । दुःख-कष्टमय जीवन व्यतीत गर्दै २०३८-५-४ गतेका दिन काठमाण्डौस्थित क्षेत्रपाती, ढल्को निवासी स्व. नाती महर्जन, स्व.हिरादेवी महर्जनकी सुपुत्री शोभालक्ष्मी महर्जनसँग विवाह भयो । समय बित्दै गएपछि वहाँहरूबाट एक पुत्र र दुई पुत्रीका बुवा-आमा भए । जेठो छोराको नाम प्रबिण, माइली छोरीको नाम पविना र कान्छी छोरीको नाम पविता हो । जेठा छोरा र माइली छोरीको विवाह कार्य पनि सम्पन्न भयो । प्यारी माइली छोरीकी विवाहहुनु अघि नै वहाँ परलोक हुनुभएकोले उपासिका शोभालक्ष्मीबाटै विवाह कार्य सम्पन्न गरिदिए । दाम्पत्य जीवन सुख-दुःखपूर्वक व्यतीत गर्दै बुढानिलकण्ठ धर्मश्रृङ्ग विपस्सना ध्यानकेन्द्रमा अनि बिरगंजस्थित धम्म-तराईमा १० दिने शिविर, २० दिने शिविर तथा ३० दिने शिविरमा पटक-पटक विपस्सना ध्यानमा पनि बसे । विपस्सना ध्यानमा आफू बसेर जुन शान्तिको अनुभूति गरे त्यही शान्तिको अनुभूति आफ्नी श्रीमतीले पनि लिन सकोस भन्ने मनमा लिई श्रीमतीलाई पनि पटक-पटक ध्यान शिविरमा भाग लिन पठाए । भाग लिएर फर्केपछि उनीले पनि ध्यानको महत्व बुझे र शान्तिको पनि महसुस गरिन् । आफू जीवितरहँदा नै थेरवाद अनुसार स्व. आमाको नाममा महापरित्राण अनि विश्वशान्तिको कामना गर्दै पुनः महापरित्राण ज्योतिविहारमा सम्पन्न गरे । स्व. आमाकै नाममा ठेचोस्थित वेणुवन विहारमा दान मध्ये श्रेष्ठ दान कथिनचीवर भिक्षुमहासंघलाई दान दिई पुण्य संचय गरे । वुद्धवचनका पुस्तकहरू पढ्न पनि रुची थियो । त्यसैले बोधिचर्या विहारमा कथिनचीवर दानोत्सव कार्यक्रम हुँदा धर्मदानस्वरूप प्रदान गरिने अङ्गुत्तरनिकाय र अन्य किताबहरू पढने गर्थे । बेला-बेलामा फोनद्वारा

Downloaded from http://dhamma.digital

मसङ्ग अङ्गुत्तरनिकायको कुनै-कुनै सूत्र विषय प्रश्न गरी उत्तर पाउँदा सन्तोष हुन्थे । बुद्धवचनका किताब प्रकाशन गरी धर्मदान दिई पुण्यसञ्चय गर्ने सदिच्छा पूर्ण गर्न पाउनु भएन । वहाँको परलोकपछि श्रीमानको सदिच्छा उपासिका शोभालक्ष्मीले पूर्ण गरिदिइन् ।

अनागारीका वीर्यपारमिताको नेतृत्वमा बौद्ध चारधाम गई पुण्यसञ्चय गरेका थिए । एकदिन बाल्यकालमै गृहत्याग गरी श्रामणेर हुने सदिच्छा आमासामु प्रकट गरी अनुमति मागे तर आमाबाट अनुमति लिन सकेन । गृहजंजालबाट मुक्त भई प्रव्रजित जीवन यापन गर्ने दबिरहेको सदिच्छा एकदिन आफ्नी धर्मपत्नी सामु प्रकट गरे । धेरै विचार-विमर्शपछि धर्मपत्नी-बाट बल्ल-बल्ल अनुमति लिई काठमाण्डौस्थित विश्वशान्ति विहारका प्रमुख श्रद्धेय डा. ज्ञाणपुण्णीक महास्थविज्यूको आचार्यत्वमा एकहप्ता श्रामणेर भए । यो एकहप्ता प्रव्रजित जीवन नपुगेको महसुस गर्दै थाइल्याण्ड, धम्मकाय विहारबाट नेपालका १११ कुलपुत्रहरूलाई दुर्लभ प्रव्रजित (श्रामणेर) गराउने आयोजनामा पुनः प्रव्रजित हुने निधो गरी, बाकीरहेको जीवन श्रमणत्वमै बिताउने भनी धर्मपत्नीसंग बिदाबाजी लिई श्रामणेर भए । लगभग दुईमहिना र दश-बाह्रदिन जति श्रामणेर जीवन व्यतीत गरिरहेकै अवस्थामा निमोनिया रोगबाट ग्रसित भए अनि उपचारकै क्रममा वहाँले देह त्याग गरी परलोक भए । पुण्यकार्य गर्नमा वहाँ श्रद्धावान उपासक थिए । वहाँको संस्मरणमा दुई शब्द यहीं टुँग्याउँछु । अन्तमा वहाँको सुगति तथा निर्वाण-कामना गर्दछु ।

भिक्षु बोधिसेन महास्थविर
२०७२/७/३०

Downloaded from http://dhamma.digital

# सादर-अर्पण

अति गौरवशाली तथा पूजनीय
दिवंगत पिता
भिक्षु आनन्दपाल महास्थविरज्यूको
पुण्यस्मृतिमा साद-अर्पण ।

-भिक्षु बोधिसेन महास्थविर

Dhamma.Digital

Downloaded from http://dhamma.digital

# भूमिका

वहाँ भगवान बुद्धाद्वारा उपदिष्ट तथा प्रतिपादित अमूल्य ज्ञानको भण्डार-लाई सुत्तपिटक, विनयपिटक र अभिधम्मपिटक भनी तीन पिटकमा विभाजित गरिएका छन् । जसलाई तिपिटक भनिन्छ । तिपिटक अन्तर्गत सुत्तपिटकमा र-हेको चौथो निकाय अङ्गुत्तरनिकाय हो । यसमा 'एककनिपात' देखि एकाखसनि-पात' सम्म उपदेशका भण्डारले भरिपूर्ण छन् ।

विहार राजकीयेन पालि प्रकाशन मण्डलद्वारा प्रकाशित भएको अङ्गुत्तरनिकाय पालिबाट लिएर बु. स. २५४५ (वि.सं २०५८) मा 'एककनिपात, दुकनिपात र तिकनिपातलाई प्रथम भागमा प्रकाशित गरें । चतुक्क र पञ्चकनिपात (दोस्रोभाग)लाई (धम्मगिरि-पालि-गन्थमाला) मा संकलित गरिएको विपश्यना विशोधन विन्यास धम्मगिरि, इगतपुरी (नासिक) महाराष्ट, भारतबाट प्रकाशित भएकोलाई बु.सं २५५२ (वि.सं. २०६२) मा दोस्रोभाग अनागारिका वीर्यपारमिताको श्रद्धा सुमनस्वरूप प्रकाशन गरिएकोलाई पाठक वर्गको हातमा पार्न सकेको थिएं । पुन: छक्क र सत्तकनिपात (तेस्रो भाग) वहाँकै श्रद्धानुसार बु. सं २५५४ (वि. सं २०६७) मा पाठक वर्गको हातमा पार्न सकें । यो तेस्रो भाग पनि पुन: प्रकाश गर्न आवश्यकताको महसुस गर्दै उपासिका शोभाको श्रद्धानुसार प्रकाशनमा ल्याउन सकें । प्रकाशिका शोभाप्रति सुख, शान्ति, आनन्द र निर्वाण लाभ गर्न सकोस् भनी मङ्गल-कामना गर्दछु ।

अङ्गुत्तरनिकायको छक्कनिपात देखि बाँकिरहेका एकादसनिपात सम्म विपश्यना विशोधनद्वारा प्रकाशित पालिबाटै लिएर अनुवाद गरिसकेको छु । धम्मगिरि-पालि-गन्थमाला तथा विपश्यना विशोधनलाई म अनुवादकबाट कृतज्ञताकासाथै साधुवाद छ ।

अङ्गुत्तरनिकायको छक्कनिपातमा छ: छ: प्रकारका विषय लिएर दिइएको उपदेशलाई संग्रहित छक्कनिपात हो । यसमा बाह्र वर्ग र एक पेय्याल छन् । देवता वर्ग, धम्मिक वर्गमा बाह्र बाह्रवटा सूत्र छन् । सीति वर्गमा एघारवटा सूत्रका साथै सामञ्ञ वर्गमा तेइसवटा सूत्र र अन्तमा रागपेय्याल छन् ।

यसमा रहेका सूत्रहरू सावत्थिस्थित अनाथपिण्डिकको जेतवनाराम,



Downloaded from http://dhamma.digital

कपिलवत्थुस्थित न्यग्रोधाराम, सुंसुमारगिरस्थित भेसकला वनको मिगदावन, नातिकास्थित गिञ्जका, सामगामस्थित पोक्खरणिय, किमिलस्थित निचुलवन, राजगहस्थित गिज्झकूट पर्वत, कोसलस्थित इच्छानङ्गलको वनखण्ड, कोसलस्थित दण्डकप्पक, वेसालीस्थित सारन्दद चैत्य, चम्पास्थित गग्गराय पोखरीको तीर, वेसालीस्थित महावनको कूटागारसाला र वेसालीस्थित अम्बपालि वन आदि विभिन्न स्थानमा भगवान बुद्धबाट भिक्षु, उपासक, उपासिका, गृहस्थ परिव्राजक र ब्राह्मणहरूलाई दिनुभएको उपदेशहरू संग्रहित छन् । यसको अतिरिक्त सारिपुत्त, महामोग्गल्लान, महाकच्चान, महाचुन्द र आनन्द भन्तेहरूको धर्म-साकच्छा तथा गंहकिलो उपदेशहरू पनि छन् । यसमा रहेका सार-गर्भित सुत्तहरूबाट केही उपदेशहरू यहाँ उल्लेख गर्दछु–

भिक्षुहो ! यहाँ भिक्षुले चक्षुद्वारा रूपलाई हेरी न त हर्षित हुन्छ, न त दुःखित हुन्छ, सजकताका साथ स्मृतिवान भई उपेक्षित हुन्छ । श्रोतले शब्द श्रवण गरी न त हर्षित हुन्छ, न त दुःखित हुन्छ, सजकताका साथ स्मृतिवान भई उपेक्षित हुन्छ । घ्राणले गन्ध सुँघी न त हर्षित हुन्छ, न त दुःखित हुन्छ, सजकताका साथ स्मृतिवान भई उपेक्षित हुन्छ । जिह्वाले रस लिई न त हर्षित हुन्छ, न त दुःखित हुन्छ, सजकताकासाथ स्मृतिवान भई उपेक्षित हुन्छ । कायले स्पर्श गरी न त हर्षित हुन्छ, न त दुःखित हुन्छ, सजकताका साथ स्मृतिवान भई उपेक्षित हुन्छ । मन विषय (धम्म) मा विज्ञेय हुँदा न त हर्षित हुन्छ, न त दुःखित हुन्छ, सजकताका साथ स्मृतिवान भई उपेक्षित हुन्छ । भिक्षुहो ! यी नै छः प्रकारका धर्मद्वारा युक्त भिक्षु आह्वान गर्न योग्य, पाहुना गर्न योग्य, दानदिन योग्य, दुईहात जोडी नमस्कार गर्न योग्य र लोकका निम्ति अति उत्तम पुण्यक्षत्र हुन् ।

रूपलाई सहन सक्ने, शब्दलाई सहन सक्ने, गन्धलाई सहन सक्ने, रसलाई सहन सक्ने, स्पर्शलाई सहन सक्ने अनि धर्म (विषयानुगत) लाई सहन सक्ने भिक्षु आह्वान गर्न योग्य, पाहुना गर्न योग्य, दानदिन योग्य, दुईहात जोडी नमस्कार गर्न योग्य र लोकका निम्ति अति उत्तम पुण्य क्षत्र हुन् ।

"भिक्षुहो ! यी छः प्रकारका श्रेष्ठतम छन्। ती छ के के हुन्? श्रेष्ठतम दर्शन, श्रेष्ठतम श्रवण, श्रेष्ठतम लाभ, श्रेष्ठतम शिक्षा, श्रेष्ठतम परिचर्या र श्रेष्ठतम अनुस्मरण। भिक्षुहो ! यी नै छः प्रकारका श्रेष्ठतम हुन् ।"

भिक्षुहो ! यी छः प्रकारका अनुस्मृति-स्थान हुन्। ती छ:के केहुन् ? बुद्धानुस्मृति, धर्मानुस्मृति, संघानुस्मृति, सीलानुस्मृति, त्यागानुस्मुति र देवता-



Downloaded from http://dhamma.digital

नुस्मृति। भिक्षुहो ! यी नै छ: प्रकारका अनुस्मृति-स्थान हुन्।

भिक्षुहो ! यहाँ सब्रह्मचारी भिक्षुप्रति प्रकट वा अप्रकटरूपले शारीरिक कर्ममा मैत्री भावका हुन्छन्, सब्रह्मचारी भिक्षुप्रति प्रकट वा अप्रकटरूपले वाचसिक कर्ममा मैत्री भावका हुन्छन्, सब्रह्मचारी भिक्षुप्रति प्रकट वा अप्रकट-रूपले मानसिक कर्ममा मैत्री भावका हन्छन्, भिक्षुलाई जुनसुकै धार्मिकरूपले जुन प्राप्त हुन्छ, यहाँसम्म कि भिक्षा पात्रमा प्राप्त भिक्षालाई पनि उसले आफ्ना सब्रह्मचारीलाई भाग नलगाई एक्लैले उपभोग नगर्ने हुन्छन्, जुनकुनै शीलहरू अखण्डित, अछिद्र, निर्दाग, अकलुषित, मुक्त, विज्ञबाट प्रशंसित, परिशुद्ध र समाधिमा बस्न त्यस शीलहरूमा आफ्ना सब्रह्मचारी भिक्षुप्रति प्रकत वा अप्रकतरूपले सदाचारी भई बस्छन् अनि जुन यो आर्य (सम्यक) दृष्टि हो, यसमा जो तदनुसार आचरण गर्छ उसको दु:ख क्षय हुनेछ। यसप्रकारको दृष्टिमा सम्पन्न भई आफ्ना सब्रह्मचारी भिक्षुप्रति प्रकट वा अप्रकटरूपले कर्म गर्ने हुन्छन्। भिक्षुहो ! यी नै छ: प्रकारका धर्महरू स्मरणीय हुन्।"

जो मृगसमान प्रपञ्चमा फसेका तथा प्रपञ्चमा लागेको हुन्छ, उसले अनुपम योगक्षमको निर्वाणलाई गुमाएको हुन्छ।

"जसले प्रपञ्चलाई हटाई निष्प्रपञ्चको पथमा लागेको हुन्छ उसले अनुपम योगक्षमको निर्वाणलाई उसले आराधना गरेको हुन्छ।

गृहपति नकुल पिता अस्वस्थ, दु:खित तथा अत्यन्तै रोगले पीडित हुँदा गृहपत्नी नकुल माताले अति नै धैर्यताकासाथ धर्मपूर्वक दिएको आश्वासनद्वारा स्वस्थ नकुलपितुसुत्तं पढ्न र मनन गर्न योग्य छ।

"भिक्षुहो ! यस्तो शिक्षा लिनुपर्छ– इन्द्रिय संयमित हुन्छु, भोजनमा मात्राज्ञ हुन्छु, सजग हुन्छु, कुशल धर्मको चाहना गर्छु अनि प्रतिक्षण बोधिपक्षिय धर्मको भावना गरी बस्छु। भिक्षुहो ! तिमीहरूले यस्तै शिक्षा लिनुपर्छ।"

"भिक्षुहो ! के तिमीहरू मरणानुस्मृति भावनामा लागेका छौ ?" "भन्ते ! मैले मरणानुस्मृतिको भावना गरिरहेको छु। "भन्ते ! यहाँ मलाई यस्तो लाग्छ– 'अहो ! यदि म एक रात र एक दिन बाँच्न सकेमा भगवानको अनुशासनलाई मैले मनै देखि पालन गर्थे। अर्को भिक्षुले 'अहो ! यदि म यहाँ एक दिन बाँच्न सकेमा, भगवानको अनुशासनलाई मैले मनै देखि



Downloaded from http://dhamma.digital

पालन गर्थें । अर्को भिक्षुले 'अहो ! यदि म यहाँ जुनबेलासम्म भोजन गर्ने हो, त्यस समयावधिसम्म बाँच्नसकेमा भगवानको अनुशासनलाई मैले मनै देखि पालन गर्थें । अर्को भिक्षुले 'अहो ! यदि म यहाँ जुनबेलासम्म चार वा पाँच गाँस भोजन गर्ने हो, त्यस समयावधिसम्म बाँच्नसकेमा भगवानको अनुशासनलाई मैले मनै देखि पालन गर्थें । 'अहो ! यदि म यहाँ जुनबेलासम्म एक गाँस भोजन गर्ने हो, त्यस समयावधिसम्म बाँच्नसकेमा भगवानको अनुशासनलाई मैले मनै देखि पालन गर्थें । 'अहो ! यदि म यहाँ जुनबेलासम्म साँस लिने र साँस लिने र छोड्ने हो, त्यस समयावधिसम्म बाँच्नसकेमा भगवानको अनुशासनलाई मैले मनै देखि पालन गर्थें । यसबाट मलाई धैरै उपकार हुन्थ्यो । भगवानले भन्नुभयो– भिक्षुहो ! जसले जुनबेलासम्म साँस लिने र छोड्ने हो, त्यस समयावधिसम्म बाँच्नसकेमा भगवानको अनुशासनलाई मैले मनै देखि पालन गर्थें । यसरी भावनामा लागेका भिक्षुलाई नै अप्रमादी भइकन आश्रव क्षय गर्न तीक्ष्णताकासाथ मरणानुस्मृतिको भावना गर्ने भनिन्छ ।

काममा व्यस्त नरहने, कुरामा व्यस्त नरहने, निद्रालु नहुने, समूहमा बस्न नरमाउने, सुवचनको हुने अनि कल्याण मित्रता । भिक्षुहो ! यी नै छः हानि नहुने विषय हुन् ।

जो भिक्षुले शास्ताप्रति गौरव गर्छ, धर्मप्रति गौरव गर्छ, संघप्रति तीब्र गौरव गर्छ, अप्रमादप्रति गौरव गर्छ अनि मैत्रीप्रति गौरव गर्छ भने उसको अवनति नभई निर्वाणकै समीपमा पुगेको हुन्छ ।

शास्ताप्रति गौरव, धर्मप्रति गौरव, संघप्रति गौरव, लज्जा र भयले युक्त, ठूलाप्रति गौरव गर्छ भने उसको अवनति नभई निर्वाणकै समीपमा पुगेको हुन्छ ।

भिक्षुहो ! जो भिक्षु ढोंगी वा निर्दयी हुन्छ., इर्ष्यालु वा कंजूस हुन्छ, शठ वा मायावी हुन्छ, पापीच्छा वा मिथ्यादृष्टि हुन्छ, दृष्टिग्राही वा जिद्दीवाला तथा दुराग्रही हुन्छ । ऊ शास्ताप्रति पनि अनादर र अगौरव गर्ने हुन्छ, धर्मप्रति पनि अनादर र अगौरव गर्ने हुन्छ, संघप्रति पनि अनादर र अगौरव गर्ने हुन्छ, शिक्षालाई पनि राम्रोसंग ग्रहण नगर्ने हुन्छ । भिक्षुहो ! जो भिक्षुले तथागतप्रति आदर र गौरव गर्दैन, धर्मप्रति आदर र गौरव गर्दैन, संघप्रति आदर र गौरव गर्दैन, शिक्षालाई राम्रोसंग ग्रहण नगर्ने हुन्छ भने उसले संघमा विवादको श्रृजन गर्नेछन् । जुन विवादले गर्दा वहुजनका निम्ति अहित हुन्छ, वहुजनको



Downloaded from http://dhamma.digital

निम्ति दुःख हुन्छ, बुहजनको निम्ति अनर्थ हुन्छ, धेरै नै जनका साथै देव-मनुष्यप्रति अनर्थ, अहित र दुःख हुन्छ ।

किमिल ! यहाँ तथागतको परिनिर्वाणपछि भिक्षुहरू, भिक्षुणीहरू, उपासकहरू, उपासिकाहरू शास्ताप्रति आदररहित र गौरवरहित भई बस्ने हुन्छ, धर्मप्रति आदररहित र गौरवरहित भई बस्नेहुन्छ, संघप्रति आदररहित र गौरवरहित भई बस्नेहुन्छ, शिक्षाप्रति आदररहित र गौरवरहित भई बस्नेहुन्छ, अप्रमादप्रति आदररहित र गौरवरहित भई बस्नेहुन्छ अनि आगन्तुकप्रति मैत्री-पूर्वक व्यवहार नगर्ने हुन्छ । यही कारणले गर्दा, यही विषयले गर्दा, किमिल ! तथागतको सद्धर्म चिरस्थायी हुँदैन ।"

किमिल ! यहाँ तथागतको परिनिर्वाणपछि भिक्षुहरू, भिक्षुणीहरू, उपासकहरू, उपासिकाहरू शास्ताप्रति आदर र गौरव गरी बस्नेहुन्छ, धर्मप्रति आदर र गौरव गरी बस्नेहुन्छ, संघप्रति आदर र गौरव गरी बस्नेहुन्छ, शिक्षा-प्रति आदर र गौरव गरी बस्नेहुन्छ, अप्रमादप्रति आदर र गौरव गरी बस्ने-हुन्छ अनि आगन्तुकप्रति मैत्रीपूर्वक व्यवहार गर्नेहुन्छ । यही कारणले गर्दा, यही विषयले गर्दा, किमिल ! तथागतको सद्धर्म चिरस्थायी हुन्छ ।

जन्म क्षीण गर्नेले, उत्तम जीवन व्यतीत गर्नेले अनि संयोजनबाट विमुक्त भई बिचरण गर्नेले न उत्तम, न हीन, न बराबर नै मान्दछ ।

ब्राह्मण ! 'अप्रमाद' एक धर्मको अभ्यास गर्दा, वृद्धि गर्दा दुवैलोकमा कल्याण हुन्छ । अर्थात यस लोकमा पनि कल्याण अनि परलोकमा पनि कल्याण हुन्छ ।

"पुरुषको सराग संकल्प नै यथार्थमा कामना हो । लोकको चित्र विचित्र विषय कामना होइनन् । पुरुषको सराग संकल्प नै यथार्थमा कामना हो । लोकमा चित्र विचित्र विषयहरू त उसरी नै बनिएको हुन्छ । पण्डितहरू यही विषयमा आफ्नो इच्छालाई वशमा राख्नेगर्छ ।

भिक्षुहो ! छः प्रकारका धर्मलाई परित्याग नगरेमा अर्हत फल साक्षा-त्कार गर्न असम्भव हुन्छ । ती छः प्रकारका के के हुन् ? शारीरिक आलस्य, मानसिक आलस्य, उद्धतपन, पश्चाताप, अश्रद्धा र प्रमाद ।

भिक्षुहो ! छः प्रकारका धर्मलाई परित्याग गरेमा अर्हत फल साक्षात्कार गर्न सम्भव हुन्छ । ती छः प्रकारका के के हुन् ? शारीरिक आलस्य, मानसिक



Downloaded from http://dhamma.digital

आलस्य, उद्धतपन, पश्चाताप, अश्रद्धा र प्रमाद । काम वितर्क, द्वेष वितर्क, विहिंसा वितर्क, कामसंज्ञा, द्वेषसंज्ञा अनि विहिंसासंज्ञा । भिक्षुहो ! यी छः प्रकारका धर्मसम्पन्न भिक्षु, यसै जीवनमा दुःख, कष्ट, पीड र छटपटिएर बस्नुपर्ने हुन्छ अनि शरीर भेद भई मरणपछि दुर्गतिमा पर्ने आश गर्न सकिन्छ ।

निष्कामवितर्क, अद्वेषवितर्क, अविहिंसावितर्क, निष्कामसंज्ञा, अद्वेषसंज्ञा अनि अविहिंसासंज्ञा । भिक्षुहो ! यी नै छः प्रकारका धर्मसम्पन्न भिक्षु यसै जीवनमा दुःख, कष्ट, पीड र छटपटिएर बस्नु नपर्ने हुन्छ । शरीर भेद भई मरणपछि सुगतिमा पर्ने आश गर्न सकिन्छ ।

मान, हीन भावमा मान, अतिमान, अहंकारी, कठोरपन र निम्नस्तरीय हीन भावमा मान । यी छः प्रकारका धर्मबाट नअलग्गिएमा अर्हत्वको साक्षात्कार गर्न सम्भव छैन ।

मान, हीन भावमा मान, अतिमान, अहंकारी, कठोरपन र निम्नस्तरीय हीन भावमा मान । यी छः प्रकारका धर्मबाट अलग्गिएमा अर्हत्वको साक्षात्कार गर्न सम्भव छ ।

हिंसा गर्ने, चोर्ने, व्यभिचार गर्ने, झूटो बोल्ने, पाप-मतिको अनि मिथ्यादृष्टिमा सम्पन्न भिक्षुलाई समातेर ल्याई नरकमा राखे समान हुन् ।"

हिंसा गर्नबाट विरत, चोर्नबात विरत, व्यभिचार गर्नबाट विरत, झूटो बोल्नबाट विरत, अल्पेच्छ अनि सम्यकदृष्टिमा सम्पन्न भिक्षुलाई समातेर ल्याई स्वर्गमा राखेसमान हुन् ।"

Dhamma.Digital

मातृ हत्या, पितृ हत्या, अर्हत हत्या, दुष्ट चित्तले तथागतको शरीरबाट रगत बगाउने, संघ-भेद गर्ने अनि जड-लातोले सद्धर्मलाई श्रवण गरे पनि कुशल धर्ममा सम्यकत्व प्राप्त गर्न अयोग्य हुन्छ ।

मातृ हत्या नगर्ने, पितृ हत्या नगर्ने, अर्हत हत्या नगर्ने, दुष्ट चित्तले तथागतको शरीरबाट रगत नबगाउने, संघ भेद नगर्ने अनि जड-लातो नहुनेले सद्धर्मलाई श्रवण गरे कुशल धर्ममा सम्यकत्व प्राप्त गर्न योग्य हुन्छ ।

तथागत अर्हत सम्यक सम्बुद्धको प्रादुर्भाव दुर्लभ छ, संसारमा तथागतको धर्म-विनयलाई सुनाउने दुर्लभ छ, संसारमा आर्यको आयतनमा जन्म लिनु दुर्लभ छ, संसारमा शरीरका अङ्गप्रत्यङ्गद्वारा पूर्ण भई जन्मलिनु दुर्लभ छ, संसा-

Downloaded from http://dhamma.digital

रमा अजडता तथा मूर्ख नभई जन्मलिनु दुर्लभ छ अनि कुशल धर्ममा इच्छा हुनु पनि दुर्लभ छ।

काम-तृष्णा, भव-तृष्णा र विभव-तृष्णा यी तीनलाई हटाउनु पर्छ अनि मान, हीन भावको मान र अतिमान यी तीन अहंकारलाई पनि हटाउनु पर्छ।

काम-काजमा व्यस्तपन नत्याग्ने, गफारेपन नत्याग्ने, निद्रालुपन नत्याग्ने, जमघटमा संलग्नता नत्याग्ने, इन्द्रियमा असंयमित नत्याग्ने अनि भोजनमा अमात्राज्ञपन नत्याग्नेले कायमा कायानुपश्यी भई विहार गर्नु असम्भव छ।

काम-काजको व्यस्तपन त्याग्ने, गफारेपन त्याग्ने, निद्रालुपन त्याग्ने, जमघटमा संलग्नता त्याग्ने, इन्द्रिय असंयमित त्याग्ने अनि भोजनमा अमात्राज्ञ त्याग्नेले। कायमा कायानुपश्यी भई विहार गर्नु सम्भव छ।

सर्वोत्तम दर्शन, सर्वोत्तम श्रवण, सर्वोत्तम लाभ, सर्वोत्तम शिक्षा, सर्वोत्तम परिचर्या अनि सर्वोत्तम अनुश्रुतको भावना गरेमा। रागलाई यथार्थसहित जान्न सकिन्छ।

बुद्धानुस्मृति, धर्मानुस्मृति, संघानुस्मृति, सीलानुस्मृति, त्यागानुस्मृति र देवतानुस्मृतिको भावना गरेमा रागलाई यथार्थ सहित जान्न सकिन्छ।

छक्कनिपातमाछः-छः प्रकारले दिइएको उपदेशहरू संग्रहित भए झैं यस सत्तकनिपातमा सात-सात प्रकारले दिइएको उपदेशहरू संग्रहित सत्तकनिपात हो। यसमा दश वर्ग र एक रागपेय्याल छन्। यस सातौंनिपातमा रहेका सार-गर्भित सुत्तहरूबाट केही उपदेशहरू यहाँ उल्लेख गर्दछु–

लाभको चाहना गर्ने, सत्कारको चाहना गर्ने, प्रसिद्धिको चाहना गर्ने, निर्लज्ज, निर्भयी, पापमतिको अनि मिथ्यादृष्टि हुने भिक्षु सब्रह्मचारिका निम्ति अप्रिय, मनोनुकुल नहुने, गौरवशाली र आदरणीय हुँदैनन्।

लाभको चाहना नगर्ने, सत्कारको चाहना नगर्ने, प्रसिद्धिको चाहना नगर्ने, लज्जालु, भय दर्शी, पापेच्छुक नहुने (अल्पेच्छ) अनि सम्यक दृष्टि हुने भिक्षु सब्रह्मचारिका निम्ति प्रिय, मनोनुकुल, गौरवनीय र आदरनीय हुन्छन्।"


Downloaded from http://dhamma.digital

श्रद्धा-बल, वीर्य-बल, लज्जा-बल, भय-बल, स्मृति-बल, समाधि-बल अनि सातौं प्रज्ञा-बल । जो भिक्षु यी बलद्वारा बलवान हुन्छ त्यो पण्डित सुख-कासाथ जीउने हुन्छ ।

श्रद्धा-धन, शील-धन, लज्जा-धन, भय-धन, श्रुत-धन, त्याग-धन अनि सातौ प्रज्ञा-धन । जो स्त्री वा पुरुषसंग यी धन छन्, ऊ नै लोकमा महाधनवान हुन् अनि ऊ देव-मनुष्यमा अजेय हुन् ।

त्यसैले धर्मदर्शी भइकन श्रद्धा र शीलमा सम्पन्न होऊ । बुद्धको उपदेश अनुस्मरण गरिकन पण्डित त्यसमा नियुक्त हुन्छ ।

सातप्रकारका अनुसयलाई प्रहाण गर्न र मूलोच्छेद गर्न ब्रह्मचर्यमा व्यतीत गर्नुपर्छ । ती सात के के हुन् ? कामरागको अनुसय, द्वेषको अनुसयलाई ... दृष्टिको अनुसयलाई. .. शंकाको अनुसयलाई ... मानको अनुसयलाई ... भवरागको अनुसयलाई ... अविद्याको अनुसयलाई प्रहाण गर्न र मूलोच्छेद गर्न ब्रह्मचयर्यमा व्यतीत गर्नुपर्छ ।

जब भिक्षुमा कामरागको अनुसय, द्वेषको अनुसय ... दृष्टिको अनुसय ... शंकाको अनुसय ... मानको अनुसय ... भवरागको अनुसय ... अनि अविद्याको अनुसय नष्ट हुन्छ , जड मूल नै नष्ट हुन्छ, काटिएको टाड-वृक्ष समान हुन्छ, अभाव हुन्छ, पुनः उत्पन्न हुने सम्भावना रहँदैन । यसैलाई भनिन्छ– भिक्षुले तृष्णालाई उच्छेद गऱ्यो, संयोजनबाट मुक्तभयो, मानलाई सम्यकरूपले मर्दन गऱ्यो अनि दुःखलाई अन्त गऱ्यो ।

भिक्षुहो ! जुन कुलमा सात अङ्गले सम्पन्न हुन्छ त्यहाँ जाने गरेको छैन भने नजानु अनि जाने गरेको छ भने नबस्नु । ती सात के के हुन् ? प्रसन्न मनले उठेर स्वागत गर्दैन, प्रसन्न मनले अभिवादन गर्दैन, प्रसन्न मनले बस्नको निम्ति आसन दिंदैन, भएकोलाई लुकाउँछ, धेरै भए पनि थोरै दिन्छ, प्रणीत छँदा पनि कमसलको दिन्छ, आदरपूर्वक नदिई अनादर गरी दिन्छ ।

"भिक्षुहो ! जुन कुलमा सात अङ्गले सम्पन्न हुन्छ त्यहाँ जाने गरेको छैन भने जानु अनि जाने गरेको छ भने बस्नुपर्छ । ती सात के के हुन् ? प्रसन्न मनले उठेर स्वागत गर्छ, प्रसन्न मनले अभिवादन गर्छ, प्रसन्न मनले बस्नको निम्ति आसन दिछ, भएकोलाई लुकाउँदैन, धेरै भए धेरै दिन्छ, प्रणीत भए प्रणित दिन्छ, अनादर नगरि आदर पूर्वक दिन्छ ।



Downloaded from http://dhamma.digital

५ नम्बरको उदकुपमसुत्तंमा एक व्यक्ति पानीमा डुबुल्कि लगाई डुबिएरै जाने, एक व्यक्ति पानी माथि आई डुबिएरै जाने, एक व्यक्ति पानी माथि आई स्थितरहने, एक व्यक्ति पानी माथि आई देख्ने वा हेर्ने, एक व्यक्ति पानी माथि आई तैरिंदै जाने, एक व्यक्ति पानी माथि आई तैरिंदै विशेष स्थानमा पुग्ने अनि एक व्यक्ति पानी माथि आई_तैरिंदै पारी पुगेर स्थलमा उभिने। यही उपमा समान सात प्रकारका व्यक्तिको स्वभावलाई लिएर हृदय-स्पर्शी हुने अमूल्य बुद्धोपदेश छ।

भिक्षुको दर्शन गर्न छोड्ने, सद्धर्मश्रवण गर्नमा प्रमादि हुने, अधि-शीलको शिक्षा नलिने, धेरै अश्रद्धालू, भिक्षुहरूमा थेर भिक्षु, नवक भिक्षु, मध्मम भिक्षुलाई दोष दिंदै धर्मश्रवण गर्ने, छिद्रान्वेषी, बुद्धशासन भन्दा बाहिर दक्षिणार्थ खोज गर्ने अनि पहिला तिनीहरूलाई नै आदरसत्कार गर्छ भने भिक्षुहो ! उपासकको निम्ति यी सप्त परिहानिय धर्म हुन्।

भिक्षुको दर्शन गर्न नछाड्ने, सद्धर्मश्रवण गर्नमा प्रमादि नहुने, अधि-शीलको शिक्षा लिन नछाड्ने, औधि श्रद्धावान भई भिक्षुहरूमा थेर भिक्षु, नवक भिक्षु, मध्मम भिक्षुलाई दोष दिंदै धर्मश्रवण नगर्ने, छिद्रान्वेषी हुँदैनन्, बुद्ध शासन भन्दा बाहिर दक्षिणार्थ खोज्दैन अनि पहिला यहाँकालाई नै आदरसत्कार गर्छ भने भिक्षुहो ! उपासकको निम्ति यी सप्त अपरिहानिय धर्म हुन्।

३. नम्बरको वज्जिसत्तकवग्गोमा के के गरिंदा परिहानि हुन्छ तथा के के गरिंदा अपरिहानि हुन्छ ? भन्ने विषय लिएर एघारवटा सुत्तहरू छन्। ती सुत्तहरू भगवान बुद्धको समयमा भन्दा पनि हाम्रो वर्तमान कालमा अति नै महत्व पुर्ण छ भन्ने लागदछ।

शास्ताप्रति गौरव गर्ने, धर्मप्रति गौरव गर्ने, संघप्रति तीब्र गौरव गर्ने, समाधिप्रति गौरव गरी प्रयत्न-शील हुनुकासाथै शिक्षाप्रति तीब्र गौरव गर्ने, कल्याण मित्रता, सुवच हुनुकासाथै सबैमा गौरव गर्ने हुन्छ भने (ऊ) पतन हुनु भनेको असम्भव हो अनि निर्वाणको नजिकै पुग्छ।

दिनलाई गाह्रो हुने पनि दिन्छ, गर्नु पर्दा गाह्रो पर्ने कार्य गरिदिन्छ। असह्य दुर्वचनलाई पनि सहछ, रहस्यमय कुरालाई खुलस्त गरी भन्छ, गुप्त गरी राख्नु पर्नेलाई गुप्त गरी राख्छ, विपत्तिमा पर्दा न छाड्ने हुन्छ अनि दुर्दशा हुँदा पनि अवहेला गर्दैन। जो संग यी सात गुण सविद्यमान छन्, त्यसप्रकारका मित्रसंग मित्रको चाहना गर्नेले सेवामा लाग्नुपर्छ।



Downloaded from http://dhamma.digital

अशुभसंज्ञा, मरणसंज्ञा, आहारमा प्रतिकूलसंज्ञा, समस्त लोकप्रति अनाशक्तिसंज्ञा, अनित्यसंज्ञा, अनित्यमा दुःखसंज्ञा अनि दुःखमा अनात्मसंज्ञाको अभ्यासी हुँदा तथा बहु अभ्यस्त हुँदा महत्फल तथा महासुपरिणामी हुन्छ, अमृतमा निमग्न हुनुकासाथै अमृत प्राप्त हुन्छ ।

समाधिमा कुशल, समाधि लगाउनमा कुशल, समाधिको स्थितिमा कुशल, समाधिबाट उठ्नमा कुशल, समाधिमा कल्याण हुन कुशल, समाधिमा गोचर कुशल अनि समाधि अधिष्ठितमा कुशल हुनेले चित्तलाई वशमा राखेको हुन्छ, चित्तको वशमा पर्दैन ।

राग अग्नि, द्वेष अग्नि, मोह अग्नि, आह्वान पात्र अग्नि, गृहपति अग्नि, दक्षिणा पात्र अग्नि अनि काष्ठ अग्नि । यी सातप्रकारका अग्नि हुन् । रागाग्नि, द्वेषाग्नि र मोहाग्निको सेवन गर्नु हुँदैन । आह्वाननीय अग्नि, गृहपति अग्नि र दक्षिणार्ह अग्निलाईसत्कार, गौरव, सम्मानरपूजा गरिकन सम्यकरूपले सुखपूर्वक वहन गर्नुपर्छ अनि काष्ठाग्निलाई समयसमयमा प्रज्वलित गर्नुपर्छ । समयसमयमा उपेक्षित हुनुपर्छ, समयसमयमा निभाउनु पर्छ । समयसमयमा सह्माली राख्नुपर्छ ।

भो गोतम ! के ब्रह्मचर्य पनि खण्डित हुन्छ, के ब्रह्मचर्य पनि छिद्र हुन्छ, के ब्रह्मचर्य पनि कलंकित हुन्छ, के ब्रह्मचर्यमा पनि दाग लाग्नसक्छ ? भनी सोधिएको प्रश्नमा भगवान बुद्धले अति नै सरलता पूर्वक जाणुस्सोनि ब्राह्मणलाई दिनु भएको उत्तर मेथुन सुत्तंमा छ ।

भन्ते ! के यस्तो हुन सक्छ कि, यदि यहाँ कसैले त्यस्तै त्यस्तै नै दिएको दान न त महान फलदायक तथा न त महान शुभपरिणामी हुन्छ ? भन्ते ! भनी चम्पाका उपासकका सामुन्ने सारिपुत्त भन्तेले सोध्नुभएकोलाई तथागत बुद्धबाट त्यस बारे दिनुभएको उत्तर दानमहप्फल सुत्तंमा छ ।

भन्ते ! तपाईंले दानको सांदृष्टिक फललाई भन्न सक्नुहुन्छ ? भनी सीह सेनापतिद्वारा सम्यकसम्बुद्धसंग प्रश्न गर्दा दिनुभएको उत्तर सीहसेनापति सुत्तंमा छ ।

"किमिल ! यहाँ तथागतको परिनिर्वाणपछि भिक्षुहरू भिक्षुणीहरू, उपासकहरू र उपासिकाहरू शास्ताप्रति गौरव नगरिकन विद्रोही भईबस्छ । धर्मप्रति गौरव नगरिकन विद्रोही भईबस्छ, संघप्रति गौरव नगरिकन विद्रोही भई बस्छ, शिक्षाप्रति गौरव नगरिकन विद्रोही भईबस्छ, समाधिप्रति गौरव



Downloaded from http://dhamma.digital

नगरिकन विद्रोही भईबस्छ, अप्रमादप्रति गौरव नगरिकन विद्रोही भईबस्छ अनि मैत्रीपूर्ण व्यवहारप्रति गौरव नगरिकन विद्रोही भईबस्छ । किमिल ! यही कारणले गर्दा, यही विषयले गर्दा तथागतको परिनिर्वाणपछि सद्धर्म चिरस्थायी हुँदैन ।

किमिल ! यहाँ तथागतको परिनिर्वाणपछि भिक्षुहरू, भिक्षुणीहरू, उपासकहरू र उपासिकाहरू शास्ताप्रति गौरव गरिकन विद्रोह नगरी बस्छ । धर्मप्रति गौरव गरिकन विद्रोह नगरी बस्छ, संघप्रति गौरव गरिकन विद्रोह नगरी बस्छ, शिक्षाप्रति गौरव गरिकन विद्रोही नगरी बस्छ, समाधिप्रति गौरव गरिकन विद्रोह नगरी बस्छ, अप्रमादप्रति गौरव गरिकन विद्रोह नगरी बस्छ अनि मैत्रीपूर्ण व्यवहारप्रति गौरव गरिकन विद्रोह नगरी बस्छ । किमिल ! यही कारणले गर्दा, यही विषयले गर्दा तथागतको परिनिर्वाणपछि सद्धर्म चिरस्थायी हुन्छ ।

भिक्षुहो ! पुण्य गर्नमा डर नमान । भिक्षुहो ! जुन कि यो सुख भन्नु हो, त्यो पुण्यको नै पर्याय हो ।

अनाथपिण्डिक गृहपतिको घरमा सुजाता नाउँकि बुहारीलाई भगवान शास्ताले वधक जस्तै, चोर्नी जस्तै, मालिक जस्तै, आमा जस्तै, बहिनी जस्तै, साथी जस्तै अनि दासी जस्तै पुरुषका निम्ति यी सात प्रकारका भार्या हुन्छन् । त्यस मध्यमा सुजाता ! तिमी कुन प्रकारकी हौ ? भनी प्रश्न गर्नुका साथै सविस्तर दिनुभएको उपदेश भरियासुत्तंमा छ ।

क्रोधित हुँदाको दुष्परिणाम र अक्रोधित हुँदाको सुपरिणामलाई लिएर दिनुभएको उपदेश कोधसुत्तंमा छ ।

संस्कार अनित्य हो, संस्कार अध्रुव हो अनि संस्कार अविश्वसनीय हो । जति पनि संस्कार छन् ती सबैबाट निर्वेदित हुनु, वैराग्य हुनु र विमुक्त हुनु आवश्यक छ । यही विषय स्पष्ट पार्नको निम्ति आज्ञा हुनुभएको सत्तसूरियसुत्तं हो ।

अन्तको रागपेय्यालमा राग, द्वेष, मोह, क्रोध, वैर, म्रक्ष, प्रदास, ईर्ष्या, कन्जूस, माया, जड, कलह, मान, अतिमान, मद, प्रमाद यी समस्तलाई अभिज्ञात गर्न, परिज्ञात गर्न, परिक्षीण गर्न, प्रहाण गर्न, क्षय गर्न, व्यय गर्न, विराग हुन, निरोध गर्न, त्यागन, परित्याग गर्नको निम्ति स्मृति सम्बोध्यङ्ग ... उपेक्षा सम्बोध्यङ्ग । अनित्यसंज्ञा, अनात्मासंज्ञा, अशुभसंज्ञा, आदिनवसंज्ञा,



Downloaded from http://dhamma.digital

परित्यागसंज्ञा, विरागसंज्ञा, निरोधसंज्ञा । अशुभसंज्ञा, मरणसंज्ञा, आहारमा प्रतिकूलसंज्ञा, समस्त लोकप्रति अनासक्तसंज्ञा, अनित्यसंज्ञा, अनित्यमा दुःखसंज्ञा, दुःखमा अनात्मासंज्ञाको अभ्यासी हुनुपर्छ ।

अङ्गुत्तरनिकायको दोस्रोभाग दोस्रोसंस्करणमा कतिपय सूत्रहरू तेस्रो भागमा पनि संग्रहित हुनाले ती सूत्रमा जुन बोधार्थको निम्ति पादटिप्पणी दिनु पर्ने हो यो तेस्रो भागमा नदिई कोष्ठभित्र दोस्रो संस्करण अङ्गुत्तरनिकायको दोस्रो भागमा हेरौं भनी पन्नाको संख्या उल्लेख गरेको छु, कुनै-कुनै यही तेस्रो भागम हेरे हुनेलाइं पन्नाको संख्या उल्लेख गर्दै तल वा माथि हेरौं भनी कोष्ठ भित्र उल्लेख गरेको छु । ... यस्तो थोप्ला आएमा माथि उल्लेखित पुनः दोहरिएको भनी बुझौं अनि कुनै-कुनै शब्दको बोधार्थ कोष्ठ भित्र पनि राखेको छु । पहिलो संस्करणमा रहेका केही शब्दरू फेरबलद गरी अनुवादमा फरक नहुने गरी मिलाएको छु । यसमा सुत्तको शीर्षक, ठाउँको नाउँ र व्यक्तिको नाउँलाई पालि अनुसारै राखेको छु । मैले नचाहँदा नचाहँदै पनि केही न केही भूल वा त्रुति हुनसक्छ त्यसलाई सच्याएर पढ्नु होला । भूल वा त्रुति छ भने पत्रद्वारा म अनुवादक समक्ष सम्प्रेषण गर्नुभएमा वा औंल्याई दिनुभएमा वहाँहरूप्रति आभारी हुनेछु ।

कहिलेकाहीं कम्प्युटरमा समस्या आउँदा आयुष्मान राहुल महास्थविर वा श्री कृष्णप्रसाद मानन्धरलाई बोलाएर मिलाउन लाउनु करै लाग्थ्यो । गाह्रो नमानिकन आएर मिलाई दिनहुने दुवैलाई सहर्षपूर्वक धन्यवाद । साथै सूत्रको शिर्षक अनुसार पन्नामा अंक राखी सहयोग गरिदिने श्रामणेर बोधिराजप्रति पनि धन्यवाद । समयमै मुद्रण कार्यसम्पन्न गरिदिनुका साथै बनेपामै आउनु भई गुरुकापि लाने र मुद्रण कार्य सकेपछि ल्याइपुऱ्याउने कार्य गरिदिनु भएकोमा शुभकामना प्रिन्टिङ्ग प्रेसप्रति सहर्षपूर्वक धन्यवाद ।

'चिरं तिट्ठतु सद्धम्मो लोको होतु सुखी सदा'

भिक्षु बोधिसेन महास्थविर

बोधिचर्या विहार, पुण्यमति मार्ग, बनेपा-६
फोन नं : ०११-६६१७८९,
मो. नं : ९८४१४८८३३०
२०७२/१/१६



Downloaded from http://dhamma.digital

# प्रकाशकीय

**'सब्ब दानं धम्म दानं जिनाति'** भन्ने भगवान बुद्धको वचनलाई अनुस्मरण गर्दै श्रद्धेय बोधिसेन भन्तेज्यूले मेहनत गरी यस अङ्गुत्तरनिकाय पालिबाट नेपालीमा अनुवाद भएको मबाट प्रकाशन गर्न पाउनु मेरो निम्ति सौभाग्य हो ।

अङ्गुत्तरनिकायको यो दोस्रो संस्करण तेस्रोभागलाई प्रकाशन गर्न मौका दिनु भएको हुनाले वहाँप्रति कृतज्ञता व्यक्त गर्दछु । मंस चक्षु मानिसलाई जति आवश्यक हुन्छ त्यो भन्दा पनि बढी ज्ञानचक्षुको आवश्यक छ भन्ने मलाई लाग्दछ ।

ज्ञान चक्षु प्रदान गरिने यो अङ्गुत्तरनिकायको तेस्रो भाग धम्मदानस्वरूप दिन पाउँदा म अति नै हर्षित छु । पाठक वर्गले यस किताबमा रहेको ज्ञानलाई पढ्नु हुनेछ, बुझ्नु हुनेछ अनि सम्यकरूपले व्यवहारमा ल्याई यसै जन्ममा सुख-शान्ति र आनन्दकासाथ जीवन व्यतित गर्दै निर्वाणलाई प्राप्त गर्न माध्यम हुनेछ भन्ने आश गर्दछु । यो धम्मदानको प्रभावले प्रातः स्मरणीय दिवंगत श्रीमान चरित्र देशारज्यूको सुगती तथा निर्वाणको कामना गर्दछु ।

**उपासिका शोभालक्ष्मी देशार**

चापागाउँ ४, ललितपुर ।
मो.नं. ९८४९१३५९७२

Downloaded from http://dhamma.digital

Downloaded from http://dhamma.digital

Downloaded from http://dhamma.digital



# चरित्र देशार (श्रामणेर चरित्र)

जन्म : २०१५-०४-१०

मृत्यु : २०६८-११-२३

Downloaded from http://dhamma.digital

# अङ्गुत्तरनिकाय

## (छक्क र सत्तक निपात)

## सूची


**१. छक्कनिपात** १

**१. पठमपण्णासकं** १

**१. आहुनेय्यवग्गो** १

१. आहुनेय्यसुत्तं १

१. पठमआहुनेय्यसुत्तं १

२. दुतियआहुनेय्यसुत्तं २

३. इन्द्रियसुत्तं ३

४. बलसुत्तं ३

५. पठमआजानीयसुत्तं ४

६. दुतियआजानीयसुत्तं ४

७. ततियआजानीयसुत्तं ५

८. अनुत्तरियसुत्तं ५

९. अनुसतिट्ठानसुत्तं ५

१०. महानामसुत्तं ५

**२. सारणीयवग्गो** ९

१. पठमसारणीयसुत्तं ९

२. दुतियसारणीयसुत्तं ९

३. निस्सारणीयसुत्तं १०

४. भद्दकसुत्तं १२

५. अनुतप्पियसुत्तं १४

६. नकुलपितुसुत्तं १५

७. सोप्पसुत्तं १७

९. पठममरणस्सति २१

१०. दुतियमरणस्सति २३

**३. अनुत्तरियवग्गो** २६

१. सामकसुत्तं २६

२. अपरहानियसुत्तं २७

३. भयसुत्तं २७

४. हिमवन्तसुत्तं २८

५. अनुसतिट्ठानसुत्तं २८

६. महाकच्चानसुत्तं ३०

७. पठमसमयसुत्तं ३३

८. दुतियसमयसुत्तं ३५

९. उदायीसुत्तं ३७

१०. अनुत्तरियसुत्तं ३९

**४. देवतावग्गो** ४४

१. सेखसुत्तं ४४

२. पठमअपरिहानसुत्तं ४४

३. दुतियअपरिहानसुत्तं ४५

४. महामोग्गल्लानसुत्तं ४५

५. विज्जाभागियसुत्तं ४७

६. विवादमूलसुत्तं ४७

७. छलङ्गदानसुत्तं ४९

८. अत्तकारियसुत्तं ५०


Downloaded from http://dhamma.digital

| | | |
|---|---|---|
| ९. | निदानसुत्तं | ५१ |
| १०. | [redacted]लसुत्तं | ५२ |
| ११. | दारु[redacted]न्धसुत्तं | ५२ |
| १२. | [redacted]तसुत्तं | ५३ |
| ५. | धम्मिकवग्गो | ५६ |
| १. | नागसुत्तं | ५६ |
| २. | [redacted]लासुत्तं | ५९ |
| ३. | इणसुत्तं | ६३ |
| ४. | महाचुन्दसुत्तं | ६७ |
| ५. | पठमसन्दिट्ठिकसुत्तं | ६८ |
| ६. | पु[redacted]न्दिट्ठिकसुत्तं | ६९ |
| ७. | [redacted]मसुत्तं | ७० |
| ८. | [redacted]न्द्रियसंवरसुत्तं | ७१ |
| ९. | [redacted]न्दसुत्तं | ७२ |
| १०. | [redacted]त्तियसुत्तं | ७३ |
| ११. | अप्पमादसुत्तं | ७५ |
| १२. | धम्मिकसुत्तं | ७६ |
| २. | [redacted]ण्णासकं | ८४ |
| ६. | महावग्गो | ८४ |
| १. | सोणसुत्तं | ८४ |
| २. | फग्गुनसुत्तं | ८८ |
| ३. | छलभिजातिसुत्तं | ९१ |
| ४. | आसवसुत्तं | ९५ |
| ५. | दारुकम्मिकसुत्तं | ९८ |
| ६. | [redacted]रिपुत्तसुत्तं | ९९ |
| ७. | मज्झेसुत्तं | १०४ |
| ८. | पुरिसिन्द्रियञानसुत्तं | १०६ |
| ९. | निब्बेधिकासुत्तं | ११२ |
| १०. | सीहनादसुत्तं | ११८ |
| ७. | देवतावग्गो | १२२ |
| १. | अनागामिफलसुत्तं | १२२ |
| २. | अरहत्तसुत्तं | १२२ |
| ३. | मित्तसुत्तं | १२२ |
| ४. | सङ्गणिकारामसुत्तं | १२३ |
| ५. | देवतासुत्तं | १२३ |
| ६. | समाधिसुत्तं | १२५ |
| ७. | सक्खिभब्बसुत्तं | १२६ |
| ८. | बलसुत्तं | १२६ |
| ९. | पठमतज्झानसुत्तं | १२७ |
| १०. | दुतियतज्झानसुत्तं | १२७ |
| ८. | अरहत्तवग्गो | १२८ |
| १. | दुक्खसुत्तं | १२८ |
| २. | अरहत्तसुत्तं | १२८ |
| ३. | उत्तरियमनुस्सधम्मसुत्तं | १२८ |
| ४. | सुखसोमनस्ससुत्तं | १२९ |
| ५. | अधिगमसुत्तं | १२९ |
| ६. | महन्तसुत्तं | १३० |
| ७. | पठमनिरयसुत्तं | १३० |
| ८. | दुतियनिरयसुत्तं | १३० |
| ९. | अग्गधम्मसुत्तं | १३१ |
| १०. | रत्तिदिवससुत्तं | १३१ |
| ९. | सीतिवग्गो | १३२ |
| १. | सीतिभावसुत्तं | १३२ |
| २. | आवरणसुत्तं | १३२ |

Downloaded from http://dhamma.digital

| | | | | | |
|---|---|---|---|---|---|
| ३. | वोरोपितसुत्तं | १३३ | ६. | अस्सादसुत्तं | १४१ |
| ४. | सुस्सूसतिसुत्तं | १३३ | ७. | अरतिसुत्तं | १४१ |
| ५. | अप्पहायसुत्तं | १३४ | ८. | सन्तुट्ठिसुत्तं | १४२ |
| ६. | पहीनसुत्तं | १३४ | ९. | दोवचस्सतासुत्तं | १४२ |
| ७. | अभब्बसुत्तं | १३४ | १०. | उद्धच्चसुत्तं | १४२ |
| ८. | पठमअभब्बट्ठानसुत्तं | १३४ | १२. | सामञ्ञवग्गो | १४३ |
| ९. | दुतियअभब्बट्ठानसुत्तं | १३५ | १. | कायानुपस्सीसुत्तं | १४३ |
| १०. | ततियअभब्बट्ठानसुत्तं | १३५ | २. | धम्मानुपस्सीसुत्तं | १४३ |
| ११. | चतुत्थअभब्बट्ठानसुत्तं | १३५ | ३. | तपुस्ससुत्तं | १४३ |
| १०. | आनिसंसवग्गो | १३७ | ४-२३. | भल्लिकादिसुत्तं | १४४ |
| १. | पातुभावसुत्तं | १३७ | ११. | रा[illegible]सुत्तं | १४४ |
| २. | आनिसंससुत्तं | १३७ | १. | सत्तकनिपात | १४६ |
| ३. | अनिच्चसुत्तं | १३७ | १. | पठमपण्णासकं | १४६ |
| ४. | दुक्खसुत्तं | १३७ | १. | धनवग्गो | १४६ |
| ५. | अनत्तसुत्तं | १३८ | १. | पठमपियसुत्तं | १४६ |
| ६. | निब्बाणसुत्तं | १३८ | २. | दुतियपियसुत्तं | १४६ |
| ७. | अनवत्थितसुत्तं | १३८ | ३. | संखित्तबलसुत्तं | १४७ |
| ८. | उक्खितासिकसुत्तं | १३८ | ४. | वि[illegible]लसुत्तं | १४७ |
| ९. | अतम्मयसुत्तं | १३९ | ५. | संखित्तधनसुत्तं | १४९ |
| १०. | भवसुत्तं | १३९ | ६. | वित्थतधनसुत्तं | १५० |
| ११. | तण्हसुत्तं | १३९ | ७. | उग्गसुत्तं | १५१ |
| ११. | तिकवग्गो | १४० | ८. | संयोजन | १५२ |
| १. | रागसुत्तं | १४० | ९. | पहाणसुत्तं | १५२ |
| २. | दुच्चरितसुत्तं | १४० | १०. | मच्छरियसुत्तं | १५३ |
| ३. | वितक्कसुत्तं | १४४ | २. | अनुसयवग्गो | १५४ |
| ४. | सञ्ञासुत्तं | १४० | १. | पठमअनुसयसुत्तं | १५४ |
| | | | २. | दुतियअनुसयसुत्तं | १५४ |
| ५. | धातुसुत्तं | १४१ | ३. | कुलसुत्तं | १५४ |


Downloaded from http://dhamma.digital

| | | |
|---|---|---|
| ४. | पुग्गलसुत्तं | १५५ |
| ५. | उदककुपमासुत्तं | १५५ |
| ६. | अनिच्चानुपस्सीसुत्तं | १५७ |
| ७. | दुक्खानुपस्सीसुत्तं | १५८ |
| ८. | अनत्तानुपस्सीसुत्तं | १५८ |
| ९. | निब्बानसुत्तं | १५८ |
| १०. | निद्दसवत्थुसुत्तं | १५९ |
| ३. | वज्जिसत्तकवग्गो | १६० |
| १. | सारन्ददसुत्तं | १६० |
| २. | वस्सकारसुत्तं | १६१ |
| ३. | पठमसत्तकसुत्तं | १६४ |
| ४. | दुतियसत्तकसुत्तं | १६५ |
| ५. | ततियसत्तकसुत्तं | १६६ |
| ६. | बोज्झङ्गसुत्तं | १६६ |
| ७. | सञ्ञासुत्तं | १६७ |
| ८. | पठमपरिहानिसुत्तं | १६७ |
| ९. | दुतियपरिहानिसुत्तं | १६८ |
| १०. | विपत्तिसुत्तं | १७० |
| ११. | पराभवसुत्तं | १७० |
| ४. | देवतावग्गो | १७२ |
| १. | अप्पमादगारवसुत्तं | १७२ |
| २. | हिरिगारवसुत्तं | १७३ |
| ३. | पठमसोवचस्सता | १७३ |
| ४. | दुतियसोवचस्सता | १७४ |
| ५. | पठममित्तसुत्तं | १७५ |
| ६. | दुतियमित्तसुत्तं | १७६ |
| ७. | पठमपटिसम्भिदासुत्तं | १७६ |
| ८. | दुतियपटिसम्भिदासुत्तं | १७७ |
| ९. | पठमवससुत्तं | १७७ |
| १०. | दुतियवससुत्तं | १७८ |
| ११. | पठमनिद्दससुत्तं | १८२ |
| १२. | दुतियनिद्दसुत्तं | १७८ |
| ५. | महायञ्ञवग्गो | १८२ |
| १. | सत्तविञ्ञायट्ठितिसुत्तं | १८२ |
| २. | समाधिपरिक्खारसुत्तं | १८३ |
| ३. | पठमअग्गिसुत्तं | १८३ |
| ४. | दुतियअग्गिसुत्तं | १८३ |
| ५. | पठमसञ्ञासुत्तं | १८७ |
| ६. | दुतियसञ्ञासुत्तं | १८७ |
| ७. | मेथुनसुत्तं | १९२ |
| ८. | संयोगसुत्तं | १९४ |
| ९. | दानमहप्फलसुत्तं | १९६ |
| १०. | नन्दमातासुत्तं | १९८ |
| ६. | अब्याकत वग्गो | २०२ |
| १. | अब्याकतसुत्तं | २०२ |
| २. | पुरिसिगतिसुत्तं | २०३ |
| ३. | तिस्सब्रह्मासुत्तं | २०७ |
| ४. | सीहसेनापतिसुत्तं | २१० |
| ५. | अरक्खेय्यसुत्तं | २१३ |
| ६. | किमिलसुत्तं | २१४ |
| ७. | सत्तधम्मसुत्तं | २१५ |
| ८. | पचलयमानसुत्तं | २१५ |
| ९. | मेत्तसुत्तं | २१८ |
| १०. | भरियासुत्तं | २२० |


Downloaded from http://dhamma.digital

| | | | | | |
|---|---|---|---|---|---|
| ११. | कोधसुत्तं | २२३ | ३. | ब्राह्मणसुत्तं | २६४ |
| ७. | महावग्गो | २२९ | ४. | सोत्तियसुत्तं | २६४ |
| १. | हिरीओत्तप्पसुत्तं | २२२९ | ५. | न्हातकसुर्त्त | २६४ |
| २. | सत्तसूरियसुत्तं | २३० | ६. | वेदगूसुत्तं | २६४ |
| ३. | नगरोपमसुत्तं | २३४ | ७. | अरियसुत्तं | २६४ |
| ४. | धम्मञ्ञूसुत्तं | २३९ | ८. | अरहासुत्तं | २६४ |
| ५. | परिच्छत्तसुत्तं | २४२ | ९. | असद्धम्मसुत्तं | २६५ |
| ६. | सक्कच्चसुत्तं | २४४ | १०. | सद्धम्मसुत्तं | २६५ |
| ७. | भावनासुत्तं | २४८ | १०. | आहुणेय्यवग्गो | २६६ |
| ८. | अग्गिक्खन्धोपमसुत्तं | २५० | ११. | रागपेय्याल | २६८ |
| ९. | सुनेत्तसुत्तं | २५५ | | | |
| १०. | अरकसुत्तं | २५६ | | | |
| ८. | विनयवग्गो | २६० | | | |
| १. | पठमविनयधरसुत्तं | २६० | | | |
| २. | दुतियविनयधरसुत्तं | २६० | | | |
| ३. | ततियविनयधरसुत्तं | २६० | | | |
| ४. | चतुत्थविनयधरसुत्तं | २६१ | | | |
| ५. | पठमविनयधरसोभनसुत्तं | २६१ | | | |
| ६. | दुतियविनयधरसोभनसुत्तं | २६१ | | | |
| ७. | ततियविनयधरसोभनसुत्तं | २६१ | | | |
| ८. | चतुत्थविनयधरसोभनसुत्तं | २६२ | | | |
| ९. | सत्थुसासनसुत्तं | २६२ | | | |
| १०. | अधिकरणसमथसुत्तं | २६३ | | | |
| ९. | समणवग्गो | २६४ | | | |
| १. | भिक्खूसुत्तं | २६४ | | | |
| २. | समणसुत्तं | २६४ | | | |

Dhamma.Digital

Downloaded from http://dhamma.digital

"नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स"

# अङ्गुत्तरनिकाय

# ६. छक्कनिपात

## १.पठमपण्णासकं

### १. आहुनेय्यवग्गो

### १. पठमआहुनेय्यसुत्तं

१. मैले यस्तो सुनें– एक समय भगवान सावत्थिस्थित जेतवन अनाथपिण्डिकको आराममा बस्नुहुन्थ्यो । त्यस समय भगवानले भिक्षुहरूलाई "भिक्षुहो !" भनी सम्बोधन गर्नुभयो । भिक्षुहरूले पनि "भद्दन्त !" भनी प्रतिवचन दिनुभयो । भगवानले यसो भन्नुभयो–

"भिक्षुहो ! यी छः प्रकारका धर्मद्वारा युक्त भिक्षु आह्वान गर्न योग्य, पाहुना गर्न योग्य, दानदिन योग्य, दुईहात जोडी नमस्कार गर्न योग्य र लोकका निम्ति अति उत्तम पुण्यक्षत्र हुन् । ती छः के-के हुन् ? भिक्षुहो ! यहाँ भिक्षुले चक्षुद्वारा रूपलाई हेरी न त हर्षित हुन्छ, न त दुःखित हुन्छ, सजकताकासाथ स्मृतिवान भई उपेक्षित हुन्छ । श्रोतले शब्द श्रवण गरी न त हर्षित हुन्छ, न त दुःखित हुन्छ, सजकताका साथ स्मृतिवान भई उपेक्षित हुन्छ । घ्राणले गन्ध सुँघी न त हर्षित हुन्छ, न त दुःखित हुन्छ, सजकताका साथ स्मृतिवान भई उपेक्षित हुन्छ । जिह्वाले रस लिई न त हर्षित हुन्छ, न त दुःखित हुन्छ, सजकताका साथ स्मृतिवान भई उपेक्षित हुन्छ । कायले स्पर्श गरी न त हर्षित हुन्छ, न त दुःखित हुन्छ, सजकताका साथ स्मृतिवान भई उपेक्षित हुन्छ । मन विषय (धम्म) मा विज्ञेय हुँदा न त हर्षित हुन्छ, न त दुःखित हुन्छ, सजकताकासाथ स्मृतिवान भई उपेक्षित हुन्छ ।

भिक्षुहो ! यी नै छः प्रकारका धर्मद्वारा युक्त भिक्षु आह्वान गर्न योग्य, पाहुना गर्न योग्य, दानदिन योग्य, दुईहात जोडी नमस्कार गर्न योग्य र लोकका निम्ति अति उत्तम पुण्यक्षेत्र हुन् ।"

Downloaded from http://dhamma.digital

भगवानले यसरी भन्नु भएपछि प्रसन्न भई, ती भिक्षुहरूले भगवानबाट भाषित भएकोलाई अभिनन्दन गरे ।

## २. दुतियआहुनेय्यसुत्तं

२. "भिक्षुहो ! यी छ: प्रकारका धर्मद्वारा युक्त भिक्षु आह्वान गर्न योग्य हुन् ... लोकका निम्ति अति उत्तम पुण्यक्षत्र हुन् । ती छ: के-के हुन् ? भिक्षुहो ! यहाँ भिक्षु बहूविध ऋद्धिका अनुभवी हुन्छ– एक भई धेरै हुनेछन्, धेरै भई एक हुन्छ; प्रकट हुन्छ, अन्तर्धान हुन्छ; पर्खाल पार गर्छ, प्राकार पार गर्छ, पर्वतलाई नछुइकन पार गर्छ;, जस्तै कि आकाशमा । पृथ्वीमा पनि डबिएर जाने र निस्किने हुन्छ, जस्तै कि पानीमा । पानीमा पनि नभिज्ने गरी जान्छ, जस्तै कि पृथ्वीमा । आकाशमा पनि पलेँटि कसेर बस्छ, जस्तै कि पंक्षी । यी यस्तो महाऋद्धिवान यस्तो महाआनुभाव भएका चन्द्र र सूर्यलाई पनि हातले छुन्छ । ब्रह्मलोक सम्म पनि सशरीरद्वारा वशमा पार्दछ ।

"उसले अलौकिक विशुद्ध श्रोत धातुद्वारा उभय पक्षका शब्द सुन्न सक्छ– दिव्य तथा मनुष्यका दूर वा समीपकालाई ।

"परसत्वका परव्यक्तिका चित्तलाई आफ्नो चित्तले जानेको हुन्छ । सराग चित्त भएमा सराग चित्त भनी जानेको हुन्छ । रागरहित चित्त भएमा ... सद्वेष चित्त भएमा ... द्वेषरहित चित्त भएमा ... समोह चित्त भएमा ... मोह-रहित चित्त भएमा ... एकाग्र चित्त भएमा ... चञ्चल चित्त भएमा ... विशाल चित्त भएमा ...अविशाल चित्त भएमा ... उत्तम चित्त भएमा ... अनुत्तर चित्त भएमा ... समाहित चित्त भएमा ... असमाहित चित्त भएमा ... विमुक्त चित्त भएमा ... अविमुक्त चित्त भएमा अविमुक्त चित्त भनी जानेको हुन्छ ।

"अनेकप्रकारले पूर्व जन्मका कुरालाई अनुस्मरण गर्न सक्नेछ, जस्तै कि– एक जन्मको, दुई जन्मको ... । यो आकारको, यो प्रकारको वा अनेकौं थरीथरीलाई जानेको हुन्छ ।

"अलौकिक दिव्य चक्षुद्वारा सत्वहरू च्युत भएको, उत्पन्न भएको, हीन, प्रणीत, सुवर्ण, दुर्वर्ण, सुगति, दुर्गति, यथाकर्मानुसार जन्मेका सत्वहरूलाई जानेको हुन्छ । 'यो सत्व त शारीरिक दुश्चरित्रमा युक्त हुनाले, दुर्वचनमा युक्त हुनाले अनि मन दुषित हुनाले, आर्य निन्दक हुनाले, मिथ्यादृष्टिक, मिथ्यादृष्टि भई कर्म गरेको हुनाले ऊ शरीर भेद भई मृत्युपछि अपाय, दुर्गतिमा पतन भयो



Downloaded from http://dhamma.digital

तथा नरकमा उत्पन्न भयो । यो सत्व त शारीरिक सुचरित्रताले युक्त हुनाले, वाचसिक सुवचनले युक्त हुनाले, मन परिशुद्धताले युक्त हुनाले, आर्य अनिन्दक, सम्यकदृष्टि, सम्यकदुष्टि भई कर्म गरिएको हुँदा शरीर भेद भई मरणपछि सुगति, स्वर्ग लोकमा उत्पन्न भए । यसप्रकारले अलौकिक दिव्य चक्षुद्वारा सत्वका च्युति, उत्पत्ति, हीन, प्रणीत, सुवर्ण, दुर्वर्ण, सुगति र दुर्गतिमा यथा कर्मानुसार भोग गरिरहेका सत्वलाई जानेको हुन्छ ।

"आश्रव क्षय गरी, अनाश्रवी भई, चित्तविमुक्ति (सम्पूर्ण क्लेश मुक्त), प्रज्ञाविमुक्ति (अविद्याबाट मुक्त) लाई यसै जीवनमा स्वयम्ले अभिज्ञात, साक्षात्कार र लाभ गरी बस्नेछन् ।

"भिक्षुहो ! यी नै छः प्रकारका धर्मद्वारा युक्त भिक्षु आह्वान गर्न योग्य हुन् ... लोकका निम्ति अति उत्तम पुण्यक्षेत्र हुन् ।"

## ३. इन्द्रियसुत्तं

३."भिक्षुहो ! यी छः प्रकारका धर्मद्वारा युक्त भिक्षु आह्वान गर्न योग्य हुन् ... लोकका निम्ति अति उत्तम पुण्यक्षत्र हुन् । ती छः के-के हुन् ? भिक्षुहो ! श्रद्धेन्द्रिय, वीर्येन्द्रिय, स्मृतिन्द्रिय, समाधिन्द्रिय, प्रज्ञेन्द्रिय र आश्रव क्षय गरी, अनाश्रवी भई, चित्तविमुक्ति, प्रज्ञाविमुक्तिलाई दृष्टान्त धर्ममा (यसै जन्ममा स्वयम्ले) अभिज्ञात गरी, साक्षातकार गरी र लाभ गरी बस्नेछन् । भिक्षुहो ! यी नै छः प्रकारका धर्मद्वारा युक्त भिक्षु आह्वान गर्न योग्य, पाहुना गर्न योग्य, दानदिन योग्य, दुईहात जोडी नमस्कार गर्न योग्य र लोकका निम्ति अति उत्तम पुण्यक्षेत्र हुन् ।"

## ४. बलसुत्तं

४. "भिक्षुहो ! यी छः प्रकारका धर्मद्वारा युक्त भिक्षु आह्वान गर्न योग्य हुन् ... लोकका निम्ति अति उत्तम पुण्यक्षेत्र हुन् । ती छः के-के हुन् ? श्रद्धाबल, वीर्यबल, स्मृतिबल, समाधिबल, प्रज्ञाबल र आश्रव क्षय गरी अनाश्रवी भई, चित्तविमुक्ति, प्रज्ञाविमुक्तिलाई दृष्टान्त धर्ममा अभिज्ञात गरी, साक्षातकार गरी र लाभ गरी बस्नेछन् । भिक्षुहो ! यी नै छः प्रकारका धर्मद्वारा युक्त भिक्षु आह्वान गर्न योग्य, पाहुना गर्न योग्य, दानदिन योग्य, दुईहात जोडी नमस्कार गर्न योग्य र लोकका निम्ति अति उत्तम पुण्यक्षेत्र हुन् ।"



Downloaded from http://dhamma.digital

## ५. पठमआजानीयसुत्तं

५. "भिक्षुहो ! यी छः प्रकारका अङ्गद्वारा सम्पन्न भद्र घोडामा राजाले आरोहण गर्न योग्य हुन्छ, राजभोग्य हुन्छ अनि राजाको अङ्ग समानमै गनिन्छ। "ती छः के-के हुन् ? भिक्षुहो ! यहाँ राजाको भद्र घोडा रूपलाई सहनसक्छ, शब्दलाई सहनसक्छ, गन्धलाई सहनसक्छ, रसलाई सहनसक्छ, स्पर्शलाई सहनसक्छ अनि वर्णसम्पन्न हुन्छ। भिक्षुहो ! यी नै छः प्रकारका अङ्गद्वारा सम्पन्न भद्र घोडामा राजाले आरोहण गर्न योग्य हुन्छ, राजभोग्य हुन्छ अनि राजाको अङ्गसमानै हुन्।

"यसरी नै भिक्षुहो ! यी छः प्रकारका धर्मद्वारा युक्त भिक्षु आह्वान गर्न योग्य हुन् ... लोकका निम्ति अति उत्तम पुण्यक्षत्र हुन्। ती छः के के हुन् ? रूपलाई सहनसक्छ, शब्दलाई सहनसक्छ, गन्धलाई सहनसक्न्छ, रसलाई सहन सक्छ, स्पर्शलाई सहनसक्छ अनि धर्म (विषयप्रतिको चिन्तन) मा सहनसक्छ।

"भिक्षुहो ! यी नै छः प्रकारका धर्मद्वारा युक्त भिक्षु आह्वान गर्न योग्य हुन् ... लोकका निम्ति अति उत्तम पुण्यक्षेत्र हुन्।"

## ६. दुतियआजानीयसुत्तं

५. "भिक्षुहो ! यी छः प्रकारका अङ्गद्वारा सम्पन्न भद्र घोडामा राजाले आरोहण गर्न योग्य हुन्छ, राजभोग्य हुन्छ अनि राजाको अङ्गसमानै हुन्।

"ती छः के के हुन् ? भिक्षुहो ! यहाँ राजाको भद्र घोडा रूपलाई सहनसक्छ, शब्दलाई सहनसक्छ, गन्धलाई सहनसक्छ, रसलाई सहनसक्छ, स्पर्शलाई सहनसक्छ अनि बलसम्पन्न हुन्छ। भिक्षुहो ! यी नै छः प्रकारका अङ्गद्वारा सम्पन्न भद्र घोडामा राजाले आरोहण गर्न योग्य हुन्छ, राजभोग्य हुन्छ अनि राजाको अङ्गसमानै हुन्।

"यसरी नै भिक्षुहो ! यी छः प्रकारका धर्मद्वारा युक्त भिक्षु आह्वान गर्न योग्य हुन् ... लोकका निम्ति अति उत्तम पुण्यक्षत्र हुन्। ती छ के-के हुन् ? रूपलाई सहनसक्छ, शब्दलाई सहनसक्छ, गन्धलाई सहनसक्छ, रसलाई सहन-सक्छ, स्पर्शलाई सहनसक्छ अनि धर्ममा सहनसक्छ। "भिक्षुहो ! यी नै छः प्रकारका धर्मद्वारा युक्त भिक्षु आह्वान गर्न योग्य हुन ... लोकका निम्ति अति उत्तम पुण्यक्षेत्र हुन्।"



Downloaded from http://dhamma.digital

## ७. ततियआजानीयसुत्तं

७. "भिक्षुहो ! यी छः प्रकारका अङ्गद्वारा सम्पन्न भद्र घोडामा राजाले आरोहण गर्न योग्य हुन्छ, राजभोग्य हुन्छ अनि राजाको अङ्गसमानै हुन् ।

"ती छः के के हुन् ? भिक्षुहो ! यहाँ राजाको भद्र घोडा रूपलाई सहनसक्छ, शब्दलाई सहनसक्छ, गन्धलाई सहनसक्छ, रसलाई सहनसक्छ, स्पर्शलाई सहनसक्छ अनि गति सम्पन्नहुन्छ । भिक्षुहो !यी नै छः प्रकारका अङ्गद्वारा सम्पन्न भद्र घोडामा राजाले आरोहण गर्न योग्य हुन्छ, राजभोग्य हुन्छ अनि राजाको अङ्गसमानै हुन् ।

"यसरी नै भिक्षुहो ! यी छः प्रकारका धर्मद्वारा युक्त भिक्षु आह्वान गर्न योग्य हुन् ... लोकका निम्ति अति उत्तम पुण्यक्षेत्र हुन् । ती छ के-के हुन् ? रूपलाई सहनसक्छ, शब्दलाई सहनसक्छ, गन्धलाई सहनसक्छ, रसलाई सहन-सक्छ, स्पर्शलाई सहनसक्छ अनि धर्ममा सहनसक्छ । "भिक्षुहो ! यी नै छः प्रकारका धर्मद्वारा युक्त भिक्षु आह्वान गर्न योग्य हुन् ... लोकका निम्ति अति उत्तम पुण्यक्षेत्र हुन् ।"

## ८. अनुत्तरियसुत्तं

८. "भिक्षुहो ! यी छः प्रकारका श्रेष्ठतम छन्। ती छ के-के हुन्? श्रेष्ठतम दर्शन, श्रेष्ठतम श्रवण, श्रेष्ठतम लाभ, श्रेष्ठतम शिक्षा, श्रेष्ठतम परिचर्या र श्रेष्ठतम अनुस्मरण। भिक्षुहो ! यी नै छः प्रकारका श्रेष्ठतम हुन् ।"

## ९. अनुस्सतिट्ठानसुत्तं

Dhamma.Digital

९."भिक्षुहो ! यी छः:प्रकारका अनुस्मृति-स्थान हुन् । ती छः के-केहुन् ? बुद्धानुस्मृति, धर्मानुस्मृति, संघानुस्मुति, सीलानुस्मुति, त्यागानुस्मुति र देवता-नुस्मृति । भिक्षुहो ! यी नै छः प्रकारका अनुस्मृति-स्थान हुन् ।"

## १०. महानामसुत्तं

१०.एक समय भगवान कपिलवत्थुस्थित शाक्यहरूको निग्रोधाराममा बस्नुहुन्थयो । त्यस समय महानाम[१] शाक्य जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गए ।

---

[१] भगवान बुद्धको काकाको सुपुत्र अनि कपिलवत्थु राज्यको राजा ।



Downloaded from http://dhamma.digital

गएर भगवानलाई अभिवादन गरी एकठाउँमा बसे । एकठाउँमा बसेका महानाम शाक्यले भगवानलाई यसो भन्यो– "भन्ते ! जो आर्यश्रावकले मार्ग-फललाई प्राप्त गरेको हुन्छ, शासन (बुद्धोपदेश) लाई जानिसकेको हुन्छ । ऊ कुन विहार (विषय) मा धेरै लागेको हुन्छ ?"

"महानाम ! जो आर्यश्रावकले मार्ग-फललाई र शासनलाई जानेको हुन्छ । ऊ यस विहारमा धेरै नै लगन शील हुन्छ । महानाम ! यहाँ आर्य श्रावकले तथागतको अनुस्मरण गर्छ– 'वहाँ भगवान अर्हत, सम्यकसम्बुद्ध, विद्याचरणसम्पन्न, सुगत, लोकविज्ञ, अतिउत्तम पुरुष दमन सारथि, शास्ता देवमनुष्यका, बुद्ध तथा भगवान हुनुहुन्छ ।' महानाम ! जुन समय आर्यश्रावकले तथागतलाई अनुस्मरण गर्छ, त्यस समय चित्तमा राग रहँदैन, चित्तमा द्वेष रहदैन, चित्तमा मोह रहँदैन, त्यस समय उसको चित्त ऋजु हुन्छ । महानाम ! आर्य श्रावक ऋजु-चित्त हुँदा अर्थ ज्ञानको लाभी हुन्छ, धर्म ज्ञानको लाभी हुन्छ, धर्म प्रमुदितताको लाभी हुन्छ, प्रमुदित हुँदा प्रीति हुन्छ, प्रीति मनमा शरीर शान्त हुन्छ, शान्त शरीरमा सुखानुभूति हुन्छ अनि सुखीचित्त हुँदा समाधिमा लाग्छ । महानाम ! यसैलाई भनिन्छ– आर्यश्रावक विषम जीवन व्यतीत गर्ने मानिसहरू बीचरहेर पनि शान्त जीवन व्यतीत गर्ने, सद्वेषीत मानिसहरू बीचरहेर पनि द्वेषरहित जीवन व्यतीत गर्ने अनि धर्मश्रोतमा परी बुद्धानु-स्मृतिको भावना गर्ने ।

"अनि फेरि महानाम ! आर्यश्रावकले धर्मको अनुस्मरण गर्छ– 'सुआ-ख्यात, सान्दृष्टिक, समय पर्खिरहनु नपर्ने, आएर हेर भन्न मिल्ने, निर्वाणगामि र विज्ञजनद्वारा छुटाई छुटाई हेर्न मिल्ने भगवानको धर्म हो । महानाम ! जुन समय आर्यश्रावकले धर्मलाई अनुस्मरण गर्छ, त्यससमय चित्तमा रागरहँदैन, चित्तमा द्वेषरहँदेन, चित्तमा मोहरहँदैन, त्यस समयमा उसको चित्त ऋजु हुन्छ । महानाम ! आर्य श्रावक ऋजु-चित्त हुँदा अर्थ ज्ञानको लाभी हुन्छ, धर्म ज्ञानको लाभी हुन्छ, धर्म प्रमुदितताको लाभी हुन्छ, प्रमुदित हुँदा प्रीति हुन्छ, प्रीतिमनमा शरीर शान्त हुन्छ, शान्त शरीरमा सुखानभूति हुन्छ अनि सुखी-चित्त हुँदा समाधिमा लाग्छ । महानाम ! यसैलाई भनिन्छ– आर्यश्रावक विषम जीवन व्यतीत गर्ने मानिसहरू बीचरहेर पनि शान्त जीवन व्यतीत गर्ने, सद्वेषीत मानिसहरू बीचरहेर पनि द्वेषरहित जीवन व्यतीत गर्ने अनि धर्म श्रोतमा परी धर्मानुस्मृतिको भावना गर्ने ।'"

"अनि फेरि, महानाम ! आर्यश्रावकले संघको अनुस्मरण गर्ने हुन्छ– 'भगवानको श्रावकसंघ सुप्रतिपन्न हुन्, भगवानको श्रावकसंघ ऋजुप्रतिपन्न



Downloaded from http://dhamma.digital

हुन्, भगवानको श्रावकसंघ न्यायप्रतिपन्न हुन्, भगवानको श्रावकसंघ आदर-प्रतिपन्न हुन्, जो चार जोड पुरुष र अष्ट पुरुष पुद्गल भगवानको श्रावकसंघ आह्वान गर्न योग्य, पाहुना गर्न योग्य, दक्षिणा दिन योग्य, दुई हात जोडी नमस्कार गर्न योग्य अनि लोकका निम्ति अति उत्तम पुण्यक्षत्र हुन् ।

"महानाम ! जुन समयमा आर्यश्रावकले संघलाई अनुस्मरण गर्छ, त्यस समय चित्तमा रागरहँदैन, चित्तमा द्वेषरहँदैन, चित्तमा मोहरहँदैन, त्यस समयमा उसको चित्त-ऋजु हुन्छ । महानाम ! आर्य श्रावक ऋजु-चित्त हुँदा अर्थ ज्ञानको लाभी हुन्छ, धर्म ज्ञानको लाभी हुन्छ, धर्म प्रमुदितताको लाभी हुन्छ, प्रमुदित हुँदा प्रीति हुन्छ, प्रीतिमनमा शरीर शान्त हुन्छ, शान्त शरीरमा सुखानभूति हुन्छ अनि सुखीचित्त हुँदा समाधिमा लाग्छ । महानाम ! यसैलाई भनिन्छ– आर्यश्रावक विषम जीवन व्यतीत गर्ने मानिसहरू बीचरहेर पनि शान्त जीवन व्यतीत गर्ने, सद्वेषीत मानिसहरू बीचरहेर पनि द्वेषरहित जीवन व्यतीत गर्ने अनि धर्मश्रोतमा परी संघानुस्मृतिको भावना गर्ने ।'"

"अनि फेरि, महानाम ! आर्यश्रावकले आफ्नो शीलको अनुस्मरण गर्छ–, अखण्डित, अछिद्र, दागरहित, अकलुषिते, मुक्त, विज्ञजनबाट प्रशंसित, परिशुद्ध र समाधिमा लाग्ने हुन्छ । महानाम ! जुनबेला आर्यश्रावकले शीललाई अनुस्मरण गर्छ, त्यस समय चित्तमा रागरहँदैन, चित्तमा द्वेषरहँदैन, चित्तमा मोहरहँदैन, त्यस समयमा उसको चित्त-ऋजु हुन्छ । महानाम ! आर्य श्रावक ऋजु-चित्त हुँदा अर्थ ज्ञानको लाभी हुन्छ, धर्म ज्ञानको लाभी हुन्छ, धर्म प्रमुदितताको लाभी हुन्छ, प्रमुदित हुँदा प्रीति हुन्छ, प्रीतिमनमा शरीर शान्त हुन्छ, शान्त शरीरमा सुखानुभूति हुन्छ अनि सुखीचित्त हुँदा समाधिमा लाग्छ । महानाम ! यसैलाई भनिन्छ– आर्यश्रावक विषम जीवन व्यतीत गर्ने मानिसहरू बीचरहेर पनि शान्त जीवन व्यतीत गर्ने, सद्वेषीत मानिसहरू बीचरहेर पनि द्वेषरहित जीवन व्यतीत गर्ने अनि धर्मश्रोतमा परी शीलानुस्मृतिको भावना गर्ने ।'"

"अनि फेरि, महानाम ! आर्यश्रावकले आफ्नो त्यागको अनुस्मरण गर्ने हुन्छ– मेरो निम्ति लाभ हो, मेरो निम्ति सुलाभ भयो ! जब म लोभको मैलले मैलिएको प्रजाजनको बीचमा लोभ चित्तको मैलबाट रहित भई घरमा बस्दछु, मुक्त हस्त, खुल्ला हस्त, दानी, दाता अनि दान संविभागमा लागि रहेकोछु । महानाम ! जुन समय आर्यश्रावकले त्यागलाई अनुस्मरण गर्छ, त्यस समय चित्तमा राग रहँदैन, चित्तमा द्वेष रहँदैन, चित्तमा मोह रहँदैन, त्यसवेला उसको



Downloaded from http://dhamma.digital

चित्त ऋजु हुन्छ । महानाम ! आर्यश्रावक ऋजु-चित्त हुँदा अर्थ ज्ञानको लाभी हुन्छ, धर्म ज्ञानको लाभी हुन्छ, धर्म प्रमुदितताको लाभी हुन्छ, प्रमुदित हुँदा प्रीति हुन्छ, प्रीतिमनमा शरीर शान्त हुन्छ, शान्त शरीरमा सुखानुभूति हुन्छ अनि सुखीचित्त हुँदा समाधिमा लाग्छ । महानाम ! यसैलाई भनिन्छ– आर्य श्रावक विषम जीवन व्यतीत गर्ने मानिसहरू बीचरहेर पनि शान्त जीवन व्यतीत गर्ने, सद्वेषीत मानिसहरू बीचरहेर पनि द्वेषरहित जीवन व्यतीत गर्ने अनि धर्म-श्रोतमा परी त्यागानुस्मृतिको भावना गर्ने ।'"

"अनि फेरि, महानाम ! आर्यश्रावकले देवतानुस्मरण गर्छ– 'चतुर्महाराज देवता छन्, त्रयोत्रिंस देवता छन्, यामा देवता छन्, तुषित देवता छन्, निर्माणरति देवता छन्, परनिर्मित वशवर्ति देवता छन्, ब्रह्मकायिक देवता छन् अनि त्यसभन्दा माथिमाथिका अन्य देवहरू पनि छन् । जुन रूपको श्रद्धाले सम्पन्न हुँदा ती देवताहरू यहाँबाट च्युत भई त्यहाँ उत्पन्न भए । मसग पनि त्यस प्रकारको श्रद्धा छ । जुन रूपको शीलले सम्पन्न भई ती देवताहरू यहाँबाट च्युत भई त्यहाँ उत्पन्न भए । मसंग पनि त्यसप्रकारको शील छ । जुनरूपको श्रुतमय ज्ञानले सम्पन्न भई ती देवताहरू यहाँबाट च्युत भई त्यहाँ उत्पन्न भए । मसंग पनि त्यसप्रकारको श्रुतमय ज्ञान छ । जुन रूपको त्यागले सम्पन्न भई ती देवताहरू यहाँबाट च्युत भई त्यहाँ उत्पन्न भए । मसंग पनि त्यसप्रकारको त्यागपन छ । जुन रूपको प्रज्ञाले सम्पन्न भई ती देवताहरू यहाँबाट च्युत भई त्यहाँ उत्पन्न भए । मसंग पनि त्यसप्रकारको प्रज्ञा छ । महानाम ! जुन समयमा आर्य श्रावकले आफ्नो र ती देवताहरूको श्रद्धा, शील, श्रुत, त्याग र प्रज्ञालाई अनुस्मरण गर्छ, त्यसबेला चित्तमा राग-रहँदैन, चित्तमा द्वेषरहँदैन, चित्तमा मोहरहँदैन, त्यसबेला उसको चित्त ऋजु हुन्छ । महानाम ! आर्यश्रावक ऋज-चित्त हुँदा अर्थ ज्ञानको लाभी हुन्छ, धर्म ज्ञानको लाभी हुन्छ, धर्म प्रमुदितताको लाभी हुन्छ, प्रमुदित हुँदा प्रीति हुन्छ, प्रीतिमय मनको हुँदा शरीर शान्त हुन्छ, शान्त शरीरमा सुखानुभूति हुन्छ अनि सुखीचित्त हुँदा समाधि लाग्छ । महानाम ! यसैलाई भनिन्छ– आर्य श्रावक विषम जवन व्यतीत गर्ने मानिसहरू बीचरहेर पनि शान्त जीवन व्यतीत गर्ने, सद्वेषीत मानिसहरू बीचरहेर पनि द्वेषरहित जीवन व्यतीत गर्ने अनि धर्मश्रोतमा परी देवतानुस्मृतिको भावना गर्ने ।'"

"महानाम ! जो आर्यश्रावकले मार्ग फललाई र शासनलाई जानेको हुन्छ । ऊ यस विषयमा नै धेरै लाग्छन् ।'"



Downloaded from http://dhamma.digital

## २. सारणीय वग्गो

### १. पठमसारयीयसुत्तं

११. "भिक्षुहो ! यी छः प्रकारका धर्महरू (विषय) स्मरणीय हुन् । ती छः के-के हुन् ? भिक्षुहो ! यहाँ सब्रह्मचारी भिक्षुप्रति प्रकट वा अप्रकटरूपले शारीरिक कर्ममा मैत्री भावका हुन्छन् । यो पनि स्मरणीय धर्म हो ।

"अर्को पनि, भिक्षुहो ! यहाँ सब्रह्मचारी भिक्षुप्रति प्रकट वा अप्रकट-रूपले वाचसिक कर्ममा मैत्री भावका हुन्छन् । यो पनि स्मरणीय धर्म हो ।

"अर्को पनि, भिक्षुहो ! यहाँ सब्रह्मचारी भिक्षुप्रति प्रकट वा अप्रकट-रूपले मानसिक कर्ममा मैत्री भावका हुन्छन् । यो पनि स्मरणीय धर्म हो ।

"अर्को पनि, भिक्षुहो ! भिक्षुलाई जुनसुकै धार्मिकरूपले प्राप्त हुन्छ, यहाँसम्म कि भिक्षा पात्रमा प्राप्त भिक्षालाई पनि उसले आफ्ना सब्रह्मचारी-लाई भाग नलगाई एक्लैले उपभोग गर्दैन । यो पनि स्मरणीय धर्म हो ।

"अर्को पनि, भिक्षुहो ! भिक्षु जुनकुनै शीलहरू अखण्डित, अछिद्र, निर्दाग, अकलुषित, मुक्त, विज्ञबाट प्रशंसित, परिशुद्ध र समाधिमा बस्न त्यस शीलहरूमा आफ्ना सब्रह्मचारी भिक्षुप्रति प्रकत वा अप्रकतरूपले सदाचारी भई बस्नेछन् । यो पनि स्मरणीय धर्म हो ।

"अर्को पनि, भिक्षुहो ! भिक्षु जुन यो आर्यदृष्टि हो, यसमा जो तदनुसार आचरण गर्छ उसको दुःख क्षय हुनेछ । यसप्रकारको दृष्टिसम्पन्न भई आफ्ना सब्रह्मचारी भिक्षुप्रति प्रकट वा अप्रकटरूपले कर्म गर्नेछन् । यो पनि स्मरणीय धर्म हो । भिक्षुहो ! यी नै छः प्रकारका धर्महरू स्मरणीय हुन् ।"

### २. दुतियसारणीयसुत्तं

१२. "भिक्षुहो ! यी छः प्रकारका धर्महरू स्मरणको निम्ति, प्रियकर हुन, गौरवान्वित हुन, संगठीत हुन, विवादरहित हुन, समग्गी र एकताको निम्ति हुन्छ । ती छः के-के हुन् ? भिक्षुहो ! यहाँ सब्रह्मचारी भिक्षुप्रति प्रकट वा अप्रकटरूपले शारीरिक कर्ममा मैत्री भावका हुन्छन् । यो धर्म पनि स्मरणको निम्ति, प्रियकर हुन, गौरवान्वित हुन, संगठीत हुन, विवादरहित हुन, एकरूप र एकताको निम्ति हुन्छ ।



Downloaded from http://dhamma.digital

"अनि फेरि अर्को, भिक्षुहो ! यहाँ सब्रह्मचारी भिक्षुप्रति प्रकट वा अप्रकटरूपले वाचसिक कर्ममा मैत्री भावका हुन्छन् । ... यहाँ सब्रह्मचारी भिक्षुप्रति प्रकट वा अप्रकटरूपले मानसिक कर्ममा मैत्री भावको हुन्छ । यो धर्म पनि स्मरणको निम्ति, प्रियकर हुन, गौरवान्वित हुन, संगठीत हुन, विवादरहित हुन, एकरूप र एकताको निम्ति हुन्छ ।

"अनि फेरि अर्को, भिक्षुहो ! भिक्षुलाई जुन धार्मिकरूपले प्राप्त हुन्छ, यहाँसम्म कि भिक्षा पात्रमा प्राप्त भिक्षालाई पनि उसले आफ्ना सव्रह्मचारीलाई भाग नलगाई एक्लैले उपभोग गर्दैन । यो धर्म पनि स्मरणको निम्ति, प्रियकर हुन, गौरवान्वित हुन, संगठीत हुन, विवादरहित हुन, एकरू र एकताको निम्ति हुन्छ ।

"अनि फेरि अर्को, भिक्षुहो ! भिक्षु कुनै पनि शीलहरू अखण्डित, अछिद्र, निर्दाग, अकलुषित, मुक्त, विज्ञबाट प्रशंसित, परिशुद्ध र समाधिमा बस्न ती शीलहरू आफ्ना सब्रह्मचारी भिक्षुप्रति प्रकत वा अप्रकतरूपमा सदाचारी हुन्छ । यो धर्म पनि स्मरणको निम्ति, प्रियकर हुन, गौरवान्वित हुन, संगठीत हुन, विवादरहित हुन, समग्गी र एकताको निम्ति हुन्छ ।

"अनि फेरि अर्को, भिक्षुहो ! भिक्षु जुन यो आर्यदृष्टि अनुसार आचरण गर्छ भने दुःख नाश हुन्छ, त्यसप्रकारको दृष्टिसम्पन्न भई आफ्ना सब्रह्मचारी भिक्षुप्रति प्रकट वा अप्रकटरूपले कर्म गर्नेछन्। भिक्षुहो ! यी नै छः प्रकारका धर्महरू स्मरणको निम्ति, प्रियकर हुन, गौरवान्वित हुन, संगठीत हुन, विवादरहित हुन, एकरूप हुन् र एकताको निम्ति हुन् ।

### ३. निस्सारणीयसुत्तं

Dhamma.Digital

१३. भिक्षुहो ! यी छः प्रकारका मुक्ति मार्गका धातु हुन् । ती छः के-के हुन् ? यहाँ भिक्षुहो ! भिक्षुले यसो भन्छ– 'मैले मैत्री चित्तविमुक्तिको अभ्यास गरें, वृद्धि गरें, अधिकाधिक गरें, वस्तुगत गरें, अनुष्ठान गरें, परिचित गरें, सुग्रहण गरें; तै पनि मेरो चित्तमा द्वेष डबिएकै छ ।' उसलाई यसो भन्नुपर्छ कि 'यस्तो हुँदैन', 'आयुष्मान ! यसो नभन; भगवानलाई दोषारोपण नगर, भगवानलाई दोषारोपण गर्नु ठीक होइन, भगवानले त्यसो भन्नुहुन्न । आवुसो ! यसको सम्भावना छैन, यो असम्भव हो कि, कसैले मैत्री चित्तविमुक्तिको अभ्यास गर्दा, वृद्धि गर्दा, अधिकाधिक गर्दा, वस्तुगत गर्दा, अनुष्ठान गर्दा, परिचित गर्दा, सुग्रहण गर्दा पनि मेरो चित्तमा द्वेष डबिएकै छ भनी भन्नु मि-



Downloaded from http://dhamma.digital

ल्दैन। आवुसो! यो मैत्री चित्तविमुक्ति त द्वेषबाट मुक्त हुने मार्ग हो।'"

"यहाँ भिक्षुहो ! भिक्षुले यसो भन्छ– 'मैले करुणा चित्तविमुक्तिको अभ्यास गरें, वृद्धि गरें, अधिकाधिक गरें, वस्तुगत गरें, अनुष्ठान गरें, परिचित गरें, सुग्रहण गरें; तै पनि मेरो चित्तमा हैरानी डबिएकै छ।' उसलाई यसो भन्नुपर्छ कि 'यस्तो हुँदैन', 'आयुष्मान ! यसो नभन; भगवानलाई दोषारोपण नगर, भगवानलाई दोषारोपण गर्नु ठीक होइन, भगवानले यसतो भन्नुहुन्न। आवुसो ! यसको सम्भावना छैन, यो असम्भव हो कि; कसैले करुणा चित्त-विमुक्तिको अभ्यास गर्दा, वृद्धि गर्दा, अधिकाधिक गर्दा, वस्तुगत गर्दा, अनुष्ठान गर्दा, परिचित गर्दा, सुग्रहण गर्दा तै पनि मेरो चित्तमा हैरानी डबिएकै छ भनी भन्नु मिल्दैन। आवुसो ! यो करुणा चित्तविमुक्ति त हैरानीबाट मुक्त हुने मार्ग हो।' "

"यहाँ भिक्षुहो ! भिक्षुले यसो भन्छ– 'मैले मुदिता चित्तविमुक्तिको अभ्यास गरें, वृद्धि गरें, अधिकाधिक गरें, वस्तुगत गरें, अनुष्ठान गरें, परिचित गरें, सुग्रहण गरे तै पनि मेरो चित्तमा अरुचि डबिएकै छ।' उसलाई यसो भन्नुपर्छ कि, 'यस्तो हुँदैन', 'आयुष्मान ! यसो नभन; भगवानलाई दोषारोपण नगर, भगवानलाई दोषारोपण गर्नु ठीक होइन, भगवानले यस्तो भन्नुहुन्न। आवुसो ! यसको सम्भावना छैन, यो असम्भव हो कि; कसैले मुदिता चित्त-विमुक्तिको अभ्यास गर्दा, वृद्धि गर्दा, अधिकाधिक गर्दा, वस्तुगत गर्दा अनुष्ठान गर्दा, परिचित गर्दा, सुग्रहण गर्दा पनि मेरो चित्तमा अरुचि डबिएकै छ भनी भन्नु मिल्दैन। आवुसो ! यो मुदिता चित्तविमुक्ति त अरुचिबाट मुक्त हुने मार्ग हो।' "

"यहाँ भिक्षुहो ! भिक्षुले यसो भन्छ– 'मैले उपेक्षा चित्त विमुक्तिको अभ्यास गरें, वृद्धि गरें, अधिकाधिक गरें, वस्तुगत गरें, अनुष्ठान गरें, परिचित गरें, सुग्रहण गरें; तै पनि मेरो चित्तमा राग डबिकै छ।' उसलाई यसो भन्नुपर्छ कि 'यस्तो हुँदैन', 'आयुष्मान ! यसो नभन; भगवानलाई दोषारोपण नगर, भगवानलाई दोषारोपण गर्नु ठीक होइन, भगवानले यस्तो भन्नुहुन्न। आवुसो ! यसको सम्भावना छैन, यो असम्भव हो कि; कसैले उपेक्षा चित्त-विमुक्तिको अभ्यास गर्दा., वृद्धि गर्दा, अधिकाधिक गर्दा, वस्तुगत गर्दा, अनुष्ठान गर्दा, परिचित गर्दा, सुग्रहण गर्दा तै पनि मेरो चित्तमा राग डविएकै छ भनी भन्नु मिल्दैन। आवुसो ! यो उपेक्षा चित्त विमुक्ति त रागबाट मुक्त हुने मार्ग हो।' "



Downloaded from http://dhamma.digital

"यहाँ भिक्षुहो ! भिक्षुले यसो भन्छ– 'मेले अनिमित्त (रागादिको निमित्तरहित) चित्तविमुक्तिको अभ्यास गरें, वृद्धि गरें, अधिकाधिक गरें, वस्तुगत गरें, अनुष्ठान गरें, परिचित गरें, सुग्रहण गरें तै पनि मेरो चित्तमा निमित्तानुसार (विषय रागादिको) विज्ञानरहेकै छ ।' उसलाई यसो भन्नुपर्छ कि 'यस्तो हुँदैन', 'आयुष्मान ! यसो नभन; भगवानलाई दोषारोपण नगर, भगवानलाई दोषारोपण गर्नु ठीक होइन, भगवानले यस्तो भन्नुहुन्न । आवुसो ! यसको सम्भावना छैन, यो असम्भव हो कि, कसैले अनिमित्त चित्तविमुक्तिको अभ्यास गर्दा., वृद्धि गर्दा, अधिकाधिक गर्दा, वस्तुगत गर्दा, अनुष्ठान गर्दा, परिचित गर्दा, सुग्रहण गर्दा पनि विषयानुगत निमित्त (विषयप्रतिको रागादि) विज्ञानरहेकै छ भनी भन्नु मिल्दैन । आवुसो ! यो अनिमित्त चित्तविमुक्ति त सबै निमित्तबाट मुक्त हुने मार्ग हो ।' "

"यहाँ भिक्षुहो ! भिक्षुले यसो भन्छ– 'मबाट अहंकारहटेर गयो, "मै हुँ" भन्ने भावना नभएको थाहा छ, तै पनि मेरो चित्तमा के हो, कसो हो भन्ने शंकाको शल्य डबिएकै छ ।' उसलाई यसो भन्नुपर्छ कि 'यस्तो हुँदैन', 'आयुष्मान ! यसो नभन भगवानलाई दोषारोपण नगर, भगवानलाई दोषारोपण गर्नु ठीक होइन, भगवानले यस्तो भन्नुहुन्न । आवुसो ! यसको सम्भावना छैन, यो असम्भव हो कि, जुन अहँकार हटेर जान्छ, मै हुँ भन्ने भावना नरहँदा पनि मेरो चित्तमा के हो, कसो हो भन्ने शंकाको शल्य डबिएकै छ भनी भन्नु मिल्दैन । आवुसो ! जुन यो अहंकार तथा मै हुँ भन्ने भावना नरहँदा के हो, कसो हो भन्ने शंकाको शल्यबाट मुक्त हुने मार्ग हो । भिक्षुहो ! यी छ प्रकारका मुक्ति मार्गका धातु हुन् ।' "

## ४. भद्दकसुत्तं

१४. त्यस समय आयुष्मान सारिपुत्तले भिक्षुहरूलाई सम्बोधन गर्नु भयो– "आवुसो भिक्षुहो !" "आवुसो !' भनी ती भिक्षुहरूले सारिपुत्तलाई प्रत्युत्तर दिए । आयुष्मान सारिपुत्तले यसो भन्नुभयो–

"आवुसो ! यहाँ भिक्षुले त्यसत्यस प्रकारका जीवन व्यतीत गरिरहेको हुन्छ, जसरी जसरी जीवन व्यतीत गरिरहन्छ उसको मरणकाल राम्रो हुँदैन अनि परलोकको यात्रा पनि राम्रो हुँदैन । आवुसो ! कसरी भिक्षु त्यसत्यस प्रकारका जीवन व्यतीत गर्ने हुन्छ, जसरी जसरी जीवन व्यतीत गर्छ उसको मरणकाल राम्रो हुँदैन अनि परलोकको यात्रा पनि नराम्रो हुन्छ ?



Downloaded from http://dhamma.digital

"आवुसो ! यहाँ भिक्षु कार्यमा संलग्नरहने, कार्यमा रतरहने र कार्यमै आसक्तरहन्छ । कुरौटे, कुरामा मस्तरहने र कुरामै आसक्त हुन्छ । निद्रालु, निद्रामा मस्तरहने र निद्रामै आसक्त हुन्छ । समूहमा संलग्नरहने, समूहमा मस्तरहने र समूहमै आसक्त हुन्छ । संसर्गमा संलग्नरहने, संसर्गमा मस्तरहने र संसर्गमै आसक्त हुन्छ । प्रपंचमा संलग्नरहने, प्रपंचमा मस्तरहने र प्रपंचमै आसक्त हुन्छ । आवुसो ! ग्सप्रकारका भिक्षु त्यसत्यस प्रकारका जीवन व्यतीत गर्ने हुन्छ, जसरी जसरी जीवन व्यतीत गर्ने हुन्छ उसको मरणकाल राम्रो हुँदैन अनि परलोकको यात्रा पनि नराम्रो हुन्छ । यसैलाई आवुसो ! 'भिक्षुमा सत्काय दृष्टी हुनाले तथा सत्काय नछूट्नाले सम्यकरूपले दुःखबाट छूट्न नसकेका भनिन्छ ।' "

"आवुसो ! यहाँ भिक्षु कार्यमा संलग्न नरहने, कार्यमा रत नरहने र कार्यमा अनासक्त हुन्छ । कुरौटे नहुने, कुरामा मस्त नरहने र कुरामा अनासक्त हुन्छ । निद्रालु नहुने, निद्रामा मस्त नरहने र निद्रामा अनासक्त हुन्छ । समूहमा संलग्न नरहने, समूहमा मस्त नहुने र समूहमा अनासक्त हुन्छ । संसर्गमा संलग्न नरहने, संसर्गमा मस्त नहुने र संसर्गमा अनासक्त हुन्छ । प्रपंचमा संलग्न नरहने, प्रपंचमा मस्त नहुने र प्रपंचम अनासक्त हुन्छ । आवुसोहो ! यसप्रकारका भिक्षु त्यसत्यस प्रकारले जीवन व्यतीत गरिन्छ, जसरी जसरी जीवन व्यतीत गरिन्छ, उसको मरण राम्रो हुन्छ अनि परलोकको यात्रा पनि राम्रो हुन्छ । यसैलाई आवुसोहो ! 'भिक्षु निर्वाण-मार्गी हुनुकासाथै सत्काय दृष्टिबाट मुक्त भई, सम्यकरूपले दुःखबाट छूट्न सकेका भनिन्छ ।' "

**"यो पपञ्चमनुयुत्तो, पपञ्चाभिरतो मगो ।**
**विराघयी सो निब्बानं, योगक्खेमं अनुत्तरं ॥**

"जो मृग समान प्रपञ्चमा फसेका तथा प्रपञ्चमा लागेको हुन्छ, उसले अनुपम योगक्षमको निर्वाण गुमाएको हुन्छ ।

**"यो च पपञ्च हित्वान, निप्पपञ्चपदे रतो ।**
**आराघयी सो निब्बानं, योगक्खेमं अनुत्तर"न्ति ॥**

"जो प्रपञ्चरहित हुन्त, निष्प्रपञ्चको पथमा लागेर अनुपम योगक्षमको निर्वाणलाई उसले आराधना गरेको हुन्छ ।"



Downloaded from http://dhamma.digital

## ५. अनुतप्पियसुत्तं

१५. त्यस समय आयुष्मान सारिपुत्तले भिक्षुहरूलाई सम्बोधन गर्नुभयो– "आवुसोहो ! यहाँ भिक्षुले त्यसत्यस प्रकारका जीवन व्यतीत गर्ने हुन्छ, जसरी जसरी जीवन व्यतीत गरिन्छ, मरणकालमा पश्चाताप हुन्छ। आवुसो ! कसरी भिक्षु त्यसत्यस प्रकारका जीवन व्यतीत गर्ने हुन्छ, जसरी जसरी जीवन व्यतीत गरिन्छ, उसको मरणकाल पश्चातापमय हुन्छ ?

"आवुसोहो ! यहाँ भिक्षु कार्यमा संलग्नरहने, कार्यमा रतरहने र कार्यमै आसक्त हुन्छ। कुरौटे हुन्छ ... निद्रालु हुन्छ ... समूहमा संलग्नरहन्छ ... संसर्गमा संलग्नरहन्छ ... प्रपंचमा संलग्न रहन्छ, प्रपंचमा मस्तरहने र प्रपंचमै आसक्त हुन्छ। आवुसो ! यसप्रकारका भिक्षु त्यसत्यस प्रकारका जीवन व्यतीत गर्ने हुन्छ, जसरी जसरी जीवन व्यतीत गरिन्छ, उसको मरणकाल पश्चातापमय हुन्छ। यसैलाई आवुसोहो ! 'भिक्षुमा सत्काय दृष्टी हुनाले अनि सत्काय नछूट्नाले सम्यकरूपले दुःखबाट छूट्न नसकेका भनिन्छ।' "

"आवुसो ! भिक्षुले त्यसत्यस प्रकारका जीवन व्यतीत गर्ने हुन्छ, जसरी जसरी जीवन व्यतीत गरिन्छ, मरणकालमा पश्चातापमय हुँदैन। आवुसोहो ! कसरी भिक्षु त्यस त्यस प्रकारले जीवन व्यतीत गर्ने हुन्छ, जसरी जसरी जीवन व्यतीत गरिन्छ, उसको मरणकालमा पश्चातापमय हुँदैन ?

"आवुसो ! यहाँ भिक्षु कार्यमा संलग्नरहँदैन, कार्यमा रतरहँदैन र कार्यमा अनासक्त हुन्छ। कुरौटे हुँदैन ... निद्रालु हुँदैन ... समूहमा संलग्नरहँदैन..... संसर्गमा संलग्नरहँदैन ... प्रपंचमा संलग्नरहँदैन, प्रपंचमा मस्तरहँदैन र प्रपंचमा अनासक्त हुन्छ। आवुसो ! यसप्रकारका भिक्षु त्यसत्यस प्रकारले जीवन व्यतीत गर्ने हुन्छ, जसरी जसरी जीवन व्यतीत गरिन्छ, उसको मरणकालमा पश्चातापमय हुँदैन। यसैलाई आवुसोहो ! 'भिक्षु निर्वाणमार्गी हुनुकासाथै सत्काय दृष्टिबाट मुक्त भई, सम्यकरूपले दुःखबाट छूट्न सकेका भनिन्छ।' "

**"यो पपञ्चमनुयुत्तो, पपञ्चाभिरतो मगो।**
**विराधयी सो निब्बानं, योगक्खेमं अनुत्तरं॥**

"जो मृग समान प्रपञ्चमा फसेका तथा प्रपञ्चमा लागेको हुन्छ, उसले अनुपम योगक्षमको निर्वाण गुमाएको हुन्छ।



Downloaded from http://dhamma.digital

**"यो च पपञ्च हित्वान, निप्पपञ्चपदे रतो ।**
**आरधयी सो निब्बानं, योगक्खेमं अनुत्तर"न्ति ॥**

"जसले प्रपञ्च हटाउँछ, निष्प्रपञ्चको पथमा लाग्छ उसले अनुपम योगक्षमको निर्वाणलाई आराधना गरेको हुन्छ ।"

## ६. नकुलपितुसुत्तं

१६. एक समय भगवान भग्ग देशको सुंसुमारगिरी नगरस्थित भेसकला मिगदावनमा बस्नुहुन्थ्यो । त्यस समय नकुल पिता अस्वस्थ, दु:खित तथा अत्यन्तै रोगले पीडित थिए । त्यस अवस्थामा गृहपत्नी नकुल माताले गृहपति नकुल पिलालाई यसो भनिन्–

"गृहपति ! तिमी आश्रवसहित (सापेक्षी) मृत्युको हातमा नपर्नु । गृहपति ! आश्रव युक्त भई प्राण त्याग्दा दु::ख हुन्छ । आश्रवसहितको मृत्युलाई भगवानले निन्दा गर्नुहुन्छ । गृहपति ! शायद तिम्रो मनमा यस्तो हुनसक्छ– 'नकुलमाता गृहपत्नीले मेरो मृत्युपछि बालकहरूको पालन-पोषण गर्न सक्दैन, घरबार धान्न सक्दैन ।' गृहपति ! तिमिले यस्तो नसोच्नु । गृहपति ! म कपास काट्न र उन बनाउनमा दक्ष छु । गृहपति ! तिमी नरहेपछि बालकहरूको पालन-पोषण र घर चलाउन सक्छु । त्यसैले गृहपति ! तिम्रो मृत्यु आश्रव-सहितको नहोस् । गृहपति ! आश्रव युक्त भई मृत्युको हातमा पर्नु दु:ख हो । आश्रवसहितको मृत्युलाई भगवानले निन्दा गर्नुहुन्छ ।

"गृहपति ! शायद तिम्रो मनमा यस्तो हुनसक्छ– 'म मरेपछि गृहपत्नी नकुलमाता अरूको घरमा जानेछे ।' गृहपति ! तिमीले यस्तो नसोच्नु । गृहपति ! तिमीले पनि जानेकै हो जुन कि मैले पनि वा हामी दुवैले सोह्रवर्षसम्म गृहस्थ ब्रह्मचर्य शीललाई पालन गरेको । त्यसैले गृहपति ! तिम्रो मृत्यु आश्रवसहितको नहोस् । गृहपति ! आश्रव युक्त भई मृत्युको हातमा पर्नु दु:ख हो । आश्रवसहितको मृत्युलाई भगवानले निन्दा गर्नु हुन्छ ।

"गृहपति ! शायद तिम्रो मनमा यस्तो हुनसक्छ– 'म मरेपछि गृहपत्नी नकुलमाता भगवानको दर्शनाभिलाषी हुनेछैन अनि दर्शनाभिलाषी हुनेछैन भिक्षु संघको ।' गृहपति ! तिमीले यस्तो नसोच्नु । गृहपति ! तिम्रो मरणपछि झन-बढी भगवानको दर्शनाभिलाषी हुन्छु, झनबढी दर्शनाभिलाषी हुनेछु, भिक्षु संघको ।'



Downloaded from http://dhamma.digital

त्यसैले गृहपति ! तिम्रो मृत्यु आश्रवसहितको नहोस् । गृहपति ! आश्रव युक्त भई मृत्युको हातमा पर्नु दुःख हो । आश्रवसहितको मृत्युलाई भगवानले निन्दा गर्नुहुन्छ ।

"गृहपति ! शायद तिम्रो मनमा यस्तो हुनसक्छ– 'म मरेपछि गृहपत्नी नकुलमाताले शीललाई परिपूर्ण गरी पालन गर्ने छैन । गृहपति ! तिमीले यस्तो नसोच्नु । गृहपति ! वहाँ भगवानका जति पनि श्वेत वस्त्र धारिणी शीलवती श्राविकाहरू छन्, तिनीहरूमध्ये म एक हुँ । यदि कसैलाई यस विषयमा शंका वा संदेह भएमा उसले भग्ग देशको सुंसुमारगिरी नगरस्थित भेसकला भन्ने मिगदावनमा वहाँ भगवान सम्यकसम्बुद्ध बस्नु भएको छ । त्यहाँ गएर वहाँ भगवानसंग सोधोस् । त्यसैले गृहपति ! तिम्रो मृत्यु आश्रवसहितको नहोस् । गृहपति ! आश्रव युक्त भई मृत्युको हातमा पर्नु दुःख हो । आश्रव- सहितको मृत्युलाई भगवानले निन्दा गर्नु हुन्छ ।

"गृहपति ! शायद तिम्रो मनमा यस्तो हुनसक्छ– 'नकुलमाता गृहपत्नीले अध्यात्मिक चित्त समथ (कर्मस्थान भावना) को लाभिनी होइनन् । गृहपति ! तिमीले यस्तो नसोच्नु । गृहपति ! वहाँ भगवानका जति पनि श्वेत वस्त्र धारिणी अध्यात्मिक चित्तसमथ लाभी उपासिकाहरू छन् तिनीहरूमध्ये म पनि एक हुँ । जो कसैलाई यस विषयमा शंका वा संदेह भएमा भग्ग देशको सुंसुमारगिरी नगरस्थित भेसकला भन्ने मृगदावनमा वहाँ भगवान सम्यकसम्बुद्ध बस्नु भएको छ । त्यहाँ गएर वहाँ भगवानसंग सोधोस् । त्यसैले गृहपति ! तिम्रो मृत्यु आश्रवसहितको नहोस् । गृहपति ! आश्रव युक्त भई मृत्युको हातमा पर्नु दुःख हो । आश्रवसहितको मृत्युलाई भगवानले निन्दा गर्नु हुन्छ ।

"गृहपति ! शायद तिम्रो मनमा यस्तो हुन सक्छ– 'नकुलमाता गृहपत्नीले यस धर्मविनयमा (बुद्ध धर्ममा) गम्भीरतालाई, अति गम्भीरतालाई प्राप्त, आश्वासन प्राप्त, शंका तथा संदेहास्पद भई कुरा गर्न नपर्ने भई, विशारदलाई प्राप्त गरी अरूको निर्भरमा नरही शास्ताको शासनमा बस्नेछैनन् ।' गृहपति ! तिमीले यस्तो नसोच्नु । गृहपति ! वहाँ भगवानका जति पनि श्वेत वस्त्र धारिणी 'गृहीश्राविकाहरू यस धर्म विनयमा गम्भीरतालाई प्राप्त, अति गम्भीरतालाई प्राप्त, आश्वासन प्राप्त, शंका तथा संदेहास्पद भई कुरा गर्न नपर्ने भई, विशारद प्राप्त गरी, अरूको निर्भरमा नरही शास्ताको शासनमा बस्छन् तिनीहरू मध्ये म एक हुँ । जो कसैलाई यस विषयमा शंका वा संदेह भएमा भग्गदेशको सुंसुमारगिरी नगरस्थित भेसकला भन्ने मृगदावनमा वहाँ भगवान सम्यकसम्बुद्ध बस्नु भएको छ । त्यहाँ गएर वहाँ भगवानसंग सोधोस् ।



Downloaded from http://dhamma.digital

त्यसैले गृहपति ! तिम्रो मृत्यु आश्रवसहितको नहोस् । गृहपति ! आश्रव युक्त भई मृत्युको हातमा पर्नु दु:ख हो । आश्रवसहितको मृत्युलाई भगवानले निन्दा गर्नुहुन्छ ।

अनि त गृहपति नकुल पितालाई गृहपत्नि नकुल माताले यसप्रकारले उपदेश दिइरहँदा स्वस्थ भए । गृहपति नकुल पिताको रोग शान्त भएपछि रोगासनबाट उठे । अनि त गृहपति नकुल पिता निरोगी भई उठेर केही दिनपछि लौरो टेकी जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगेपछि भगवानलाई अभिवादन गरी एकठाउँमा बसे । एकठाउँमा बसेपछि गृहपति नकुल पितालाई भगवानले भन्नुभयो–

गृहपति ! तिम्रो निम्ति लाभ हो । गृहपति ! तिम्रो निम्ति सुलाभ हो । जो तिम्रो निम्ति अनुकम्पिका, अर्थकार्मी, उपदेशिका अनि अनुशासिका गुहपत्नी छे । गृहपति ! मेरा जति पनि श्वेत वस्त्र धारिणी शीललाई परिपूर्ण गर्ने श्राविकाहरू छन्, तिनीहरूमध्ये गृहपत्नि नकुलमाता एक हुन् । गृहपति ! मेरा जति पनि श्वेत वस्त्र धारिणी अध्यात्मिक चित्तसमथ लाभी श्राविकाहरू छन्, ती मध्यमा गृहपत्नि नकुलमाता एक हुन् । गृहपति ! मेरा जति पनि श्वेत वस्त्र धारिणी गृही श्राविकाहरू यस धर्मविनयमा गम्भीरतालाई प्राप्त, अति गम्भीरतालाई प्राप्त, आश्वासन प्राप्त, शंका तथा संदेहास्पद भई कुरा गर्न नपर्ने भई, विशारदलाई प्राप्त गरी, अरूको निर्भरमा नरही शास्ताको शासनमा बस्छन् तिनीहरुमध्ये गृहपत्नि नकुलमाता एक हुन् । गृहपति ! तिम्रो निम्ति लाभ हो । गृहपति ! तिम्रो निम्ति सुलाभ हो । जो तिम्रो निम्ति अनुकम्पिका, अर्थकामी, उपदेशिका अनि अनुशासिका गुहपत्नि छे ।"

## ७. सोप्पसुत्तं

१७. एक समय भगवान सावत्थिस्थित अनाथपिण्डिकको आराम जेतवनमा बस्नुहुन्थ्यो । त्यस समय भगवान सन्ध्याकालमा ध्यानबाट उठ्नु भई जहाँ उपस्थानशाला थियो, त्यहाँ जानुभयो; त्यहाँ पुग्नुभई बिछ्याइएको आसनमा बस्नुभयो । आयुष्मान सारिपुत्त पनि सन्ध्याकालमा ध्यानबाट उठ्नु भई जहाँ उपस्थानशाला थियो, त्यहाँ जानुभयो; त्यहाँ पुग्नुभई भगवानलाई अभिवादन गरी एकठाउँमा बस्नुभयो । आयुष्मान महामोग्गल्लान पनि ... आयुष्मान महाकस्सप पनि ... आयुष्मान महाकच्चान पनि ... आयुष्मान महाकोट्ठिक पनि ... आयुष्मान महाचुन्द पनि ... आयुष्मान महाकप्पिन पनि ...आयुष्मान अनुरुद्ध पनि आयुष्मान रेवत पनि... आयुष्मान आनन्द



Downloaded from http://dhamma.digital

पनि सन्ध्याकालमा ध्यानबाट उठ्नु भई जहाँ उपस्थानशालाथियो त्यहाँ जानुभयो; त्यहाँ पुग्नुभई भगवानलाई अभिवादन गरी एकठाउँमा बस्नुभयो । अनि त भगवान रातको धेरै बेरसम्म बस्नु भएपछि उठेर विहार भित्र पस्नुभयो । भगवान जानुभएको केही समयपछि वहाँ आयुष्मानहरू पनि आ-आफ्नो विहारमा जानुभयो । जो अहिले भर्खरै प्रव्रजित भएका, जो भर्खरै यस धर्मविनयमा प्रविष्ट भएका थिए तिनीहरू सूर्योदयसम्म कागको जस्तै आवाज निकालेर दाँत किर्र किर्र गर्दै सुतिरहे । भगवानले अलौकिक विशुद्ध दिव्य चक्षुबाट सूर्योदयसम्म पनि दाँत किर्रकिर्र गर्दै सुतिरहेका ती भिक्षुहरूलाई देख्नु भयो । देख्नुभई जहाँ उपस्थानशाला हो, त्यहाँ जानुभयो । त्यहाँ पुग्नुभई बिछ्याइएको आसनमा बस्नुभयो । बस्नु भएपछि भगवानले भिक्षुहरूलाई बोलाउनु भयो–

"भिक्षुहो ! सारिपुत्त कहाँ छ ? मोग्गल्लान कहाँ छ ? महाकस्सप कहाँ छ ? महाकच्चायन कहाँ छ ? महाकोट्ठिक कहाँ छ ? महाचुन्द कहाँ छ ? महाकप्पिन कहाँ छ ? महाअनुरुद्ध कहाँ छ ? रेवत कहाँ छ ? आनन्द कहाँ छ ? भिक्षुहो ! ती सबै स्थविर श्रावकहरू कहाँ गए ?" "भन्ते ! वहाँ आयुष्मानहरू पनि तपाईं भगवान जानुभएको केही समयपछि उठेर जानुभयो ।" " भिक्षुहो ! तिमीहरू किन थेर भिक्षु नआउँदा सूर्योदय हुँदा पनि कागले जस्तै दाँत किर्रकिर्र गर्दै सुति रह्यौ ? भिक्षुहो ! के तिमीहरू मान्दछौ कि– 'जो मुकुटधारी क्षत्रिय राजा हुन्छ, ऊ जति चाहन्छ उति निद्रासुख, स्पर्शसुख, तन्द्रासुखमा लागिरहँछ अनि उसले साराजीवन राज्य गरिरहेता पनि नगरवासीले मन पराएको तथा प्रेम गरेको तिमीहरूले कहीं देखेका वा सुनेका छौ ?'" "छैन भन्ते !" "साधु, भिक्षुहो ! मैले पनि भिक्षुहो ! यस्तो– 'जो मुकुटधारी क्षत्रिय राजा हो, ऊ निद्रासुख, स्पर्शसुख, तन्द्रासुखमा लागीरहँछ अनि उसले साराजीवन राज्य गरिरहे पनि नगरवासीले मनपराएको तथा प्रेम गरेको देखेको र सुनेको छैन ।' "

"भिक्षुहो ! के तिमीहरू मान्दछौ कि– 'जो उच्च ओहदाका व्यक्ति राष्ट्रिक) ... पैत्रिक सम्पत्ति लिने ... सेनापति ... मुखिया ... गणश्रेष्ठ हुन्छ, ऊ जति चाहन्छ उति निद्रासुख, स्पश सुख, तन्द्रासुखमा लागीरहँछ अनि ऊ सारा जीवनै लागीरहेमा गणश्रेष्ठले मन पराएको तथा प्रेम गरेको तिमीहरूले कहीं देखेका छौ, सुनेका छौ ?" "छैन भन्ते !" "साधु, भिक्षुहो ! मैले पनि भिक्षुहो ! यस्तो– 'जो गण श्रेष्ठ हुन्छ, ऊ निद्रा सुख, स्पर्श सुख, तन्द्रा सुखमा लागीरहँछ अनि ऊ सारा जीवनै लागीरहेमा गणश्रेष्ठले मनपराएको तथा प्रेम



Downloaded from http://dhamma.digital

गरेको मैले पनि कहीं देखेको र सुनेको छैन ।' "

"भिक्षुहो ! के तिमीहरू मान्दछौ कि– 'श्रमण वा ब्राह्मणले जति चाहन्छ उति निद्रासुख, स्पर्शसुख, तन्द्रासुखमा लागीरहँछ, असंयमित इन्द्रिय, भोजनमा उचित मात्राज्ञान नहुनु, जागरणशील नहुनु, कुशलधर्ममा चाह नहुनु, प्रतिक्षण बोधिपक्षिय (सप्तबोध्यङ्ग तल १७० पन्नामा हेरौं ) धर्मको भावना नगर्ने अनि उसले यसै जन्ममा आश्रवक्षय गरी अनाश्रवी भई चित्तविमुक्ति, प्रज्ञाविमुक्तिलाई साक्षात्कार गरेको तिमीहरूले कहीं देखेका वा सुनेका छौ ?" "छैन भन्ते !" "साधु, भिक्षुहो । मैले पनि 'श्रमण वा ब्राह्मणले जति चाहन्छ उति निद्रासुख, स्पर्शसुख, तन्द्रासुखमा लागीरहँछ, असंयमित इन्द्रिय, भोजनमा उचित मात्राज्ञान नहुने, जागरणशील नहुने, कुशल धर्ममा चाह नहुने, प्रतिक्षण बोधिपक्षिय धर्मको भावना नगर्ने अनि उसले यसै जन्ममा आश्रव क्षय गरी अनाश्रवी भई चित्तविमुक्ति, प्रज्ञा- विमुक्तिलाई साक्षात्कार गरेको मैले पनि कहीं देखेको र सुनेको छैन ।' "

"त्यसैले भिक्षुहो ! यस्तो शिक्षा लिनुपर्छ– इन्द्रिय संयमित हुन्छु, भोजनमा मात्राज्ञ हुन्छु, सजग हुन्छु, कुशल धर्मको चाहना गर्छु अनि प्रतिक्षण बोधिपक्षिय धर्मको भावना गरी बस्छु ।' भिक्षुहो ! तिमीहरूले यस्तै शिक्षा लिनुपर्छ ।"

### ८. मच्छबन्धसुत्तं

१८. एक समय भगवान कोसल देशमा महाभिक्षुसंघसहित चारिका गरिरहनु भएको थियो । (एकदिन) बाटोमा हिँडिरहँदा भगवानले त्यहाँ एकजना मछुवालाई देख्नुभयो । मछुवाले माछा मार्दै वेच्दै गरेको देख्नुभयो । देख्नु- भई बाटोबाट हटेर भगवान एक रुख मुनि बिछाइएको आसनमा बस्नुभयो । बस्नु भएपछि भगवानले भिक्षुहरूलाई सम्बोधन गर्नुभयो–"भिक्षुहो ! यो मछुवाले माछालाई मार्दै बेचिरहेको तिमीहरूले देख्यौ ?" "ज्यू, (देखें) भन्ते !"

"भिक्षुहो ! के तिमीहरू मान्दछौ, अथवा तिमीहरूले देखेका छौ वा सुनेका छौ कि– 'मछुवा, माछा समात्नेले माछालाई मार्दै बेच्दछ भने त्यस कर्मद्वारा, त्यसप्रकारको जीवनद्वारा (मालिक भई) हात्ती चढेको वा घोडा चढेको वा रथ चढेको वा अन्य कुनै यानमा चढेको वा उपभोग्य वस्तुका मालिक भई घरमा बसेको ?' "छैन, भन्ते ! "साधु, भिक्षुहो! मैलेपनि भिक्षुहो ! 'मछुवा, माछा समात्नेले माछा मार्दै बेच्दा, त्यस कर्मद्वारा, त्यसप्रकारको जीवनद्वारा हात्ती चढेको वा घोडा चढेको वा रथ चढेको वा अन्य कुनै यानमा



Downloaded from http://dhamma.digital

चढेको वा उपभोग्य वस्तुका मालिक भई घरमा बसेको त्यस्तो देखेको वा सुनेको छुइन ।' त्यो के कारणले ? भिक्षुहो ! त्यो मछुवाले मार्नका लागि ल्याएको माछाप्रति पाप दृष्टि (मार्ने विचार) हुनाले । त्यसैले भिक्षुहो ! (मालिक भई) न त ऊ हात्ती चढ्न पाउँछ, न त घोडा चढ्न पाउँछ न त रथ चढ्न पाउँछ, न त अन्य कुनै यानमा चढ्न पाउँछ अनि न त उपभोग्य वस्तुका मालिक भई घरमा बस्नपाउँछ ।

"भिक्षुहो ! के तिमीहरू मान्दछौ, 'गौ-घातकले गौलाई मार्दै बेच्दछ भने त्यस कर्मद्वारा, त्यसप्रकारको जीवनद्वारा (मालिक भई) हात्ती चढेको वा घोडा चढेको वा रथ चढेको वा अन्य कुनै यानमा चढेको वा उपभोग्य वस्तुका मालिक भई घरमा बसेका तिमीहरूले देखेका वा सुनेका छौ कि ?' " "छैन, भन्ते !"साधु, भिक्षुहो !" मैले पनि भिक्षुहो ! 'गौ-घाटकले गौलाई मार्दै बेच्दछ भने त्यस कर्मद्वारा, त्यसप्रकारको जीवनद्वारा हात्ती चढेको वा घोडा चढेको वा रथ चढेको वा अन्य कुनै यानमा चढेको वा उपभोग्य वस्तुका (मालिक भई) घरमा बसेको देखेको वा सुनेको छैन ।' त्यो के कारणले ? भिक्षुहो ! त्यो गौ-घाटकले मार्नका लागि ल्याएको गौप्रति पाप विचार हुनाले । त्यसैले भिक्षुहो ! न त ऊ हात्ती चढ्न पाउँछ न त घोडा चढ्न पाउँछ न त रथ चढ्न पाउँछ न त अन्य कुनै यानमा चढ्न पाउँछ अनि न त उपभोग्य वस्तुका (मालिक भई) घरमा बस्नपाउँछ ।"

"भिक्षुहो ! के तिमीहरू मान्दछौ कि– 'भेंडा मार्नेले ... सुंगुर मार्नेले– ... पंक्षि मार्नेले ... शिकारीले चौपायालाई मार्दै बेच्दछ भने त्यस कर्मद्वारा, त्यसप्रकारको जीवनद्वारा (मालिक भई) हात्ती चढेको वा घोडा चढेको वा रथ चढेको वा अन्य कुनै यानमा चढेको वा उपभोग्य वस्तुका (मालिक भई ) घरमा बसेको तिमीहरूले देखेका वा सुनेका छौ ?'" "छैन, भन्ते !" "साधु, भिक्षुहो ! "मैले पनि, भिक्षुहो ! 'शिकारीले चौपायालाई मार्दै बेचेको हुनाले त्यस कर्मद्वारा, त्यसप्रकारको जीवनद्वारा मालिक भई हात्ती चढेको वा घोडा चढेको वा रथ चढेको वा अन्य कुनै यानमा चढेको वा उपभोग्य वस्तुका मालिक भई घरमा बसेको त्यस्तो देखेको र सुनेको छैन ।' त्यो के कारणले ? भिक्षुहो ! त्यो शिकारीले मार्नका लागि ल्याएको चौपायाप्रति पाप विचार हुनाले । त्यसैले भिक्षुहो ! त्यसप्रकारले नै पशु-पंक्षिका प्राण लिनेले वधका निम्ति ल्याएकाप्रति पाप विचार हुँदा (मालिक भई) न त हात्ती चढ्न पाउँछ, न त घोडा चढ्न पाउँछ, न त रथ चढ्न पाउँछ, न त अन्य कुनै यानमा चढ्न पाउँछ, अनि न त उपभोग्य वस्तुका मालिक भई घरमा बस्नपाउँछ । मनुष्य वध गर्नेले



Downloaded from http://dhamma.digital

वधका निम्ति ल्याएकाप्रति पाप विचारको भई हेर्नेलाई त भन्नु नै के ! भिक्षुहो ! यो उसको निम्ति दीर्घकालका लागि अहित र दुःखको निम्ति हुन्छ । शरीर भेद भई मरणपछि अपाय, दुर्गति तथा दुःख भोग्नु पर्ने नर्कमा उत्पन्न हुनेछ ।"

## ९. पठममरणस्सतिसुत्तं

१९. एकसमय भगवान नातिकास्थित गिञ्जकामा बस्नुहुन्थ्यो । त्यस समय भगवानले भिक्षुहरूलाई सम्बोधन गर्नुभयो– "भिक्षुहो ! "भद्दन्त !" भनी ती भिक्षुहरूले प्रत्युत्तर दिए । भगवानले यसो भन्नुभयो– "भिक्षुहो !" मरणानुस्मृतिको भावना गर्दा, वृद्धि गर्दा महाफल तथा महाशुभपरिणामी हुन्छ, अमृत (निर्वाणका) लाभी हुन्छ तथा अमृत लाभ गराई दिन्छ । भिक्षुहो ! के तिमीहरू मरणानुस्मृतिको भावनामा लागेका छौ ?"

यसरी सोध्नु हुँदा कोही एकजना भिक्षुले भगवानलाई यसो भन्यो– "भन्ते ! मैले मरणानुस्मृतिको भावना गरिरहेको छु ।" "भिक्षु ! त्यसो भए मरणानुस्मृतिको भावना तिमीले कसरी गरिरहेका छौ ?" "भन्ते ! यहाँ मलाई यस्तो लाग्छ– 'अहो ! यदि म एक रात र दिन बाँच्नसकेमा भगवान-को अनुशासनलाई मैले मनै देखि पालन गर्थे । यसबाट मलाइ धेरै उपकार हुनेछ ।' भन्ते ! म यसरी मरणानुस्मृतिको भावनामा लागेको छु ।"

अर्को एकजना भिक्षुले भगवानलाई यसो भन्यो– "भन्ते ! मैले पनि मरणानुस्मृतिको भावना गरिरहेको छु ।" "भिक्षु ! त्यसोभए मरणानुस्मृतिको भावना तिमीले कसरी गरिरहेका छौ ?" "भन्ते ! यहाँ मलाई यस्तो लाग्छ– 'अहो ! यदि म यहाँ एक दिन बाँच्नसकेमा, भगवानको अनुशासनलाई मैले मनै देखि पालन गर्थे । यसबाट मलाई धेरै उपकार हुनेछ ।' भन्ते ! यसरी मरणानुस्मृतिको भावनामा म लागेको छु ।"

अर्को एकजना भिक्षुले भगवानलाई यसो भन्यो– "भन्ते ! मैले पनि मरणानुस्मृतिको भावना गरिरहेको छु ।" "भिक्षु ! त्यसोभए मरणानुस्मृतिको भावना तिमीले कसरी गरिरहेका छौ ?" "भन्ते ! यहाँ मलाई यस्तो लाग्छ– 'अहो ! यदी म यहाँ जुनबेलासम्म भोजन गर्ने हो, त्यस समयावधिसम्म बाँच्नसकेमा भगवानको अनुशासनलाई मैले मनै देखि पालन गर्थे । यसबाट मलाई धेरै उपकार हुनेछ ।' भन्ते ! यसरी मरणानस्मृतिको भावनामा म लागेको छु ।"



Downloaded from http://dhamma.digital

अर्को एकजना भिक्षुले भगवानलाई यसो भन्यो– "भन्ते ! मैले पनि मरणानुस्मृतिको भावना गरिरहेको छु ।" "भिक्षु ! त्यसोभए मरणानुस्मृतिको भावना तिमीले कसरी गरिरहेका छौ ?" "भन्ते ! यहाँ मलाई यस्तो लाग्छ कि– 'अहो ! यदी म यहाँ जुनबेलासम्म भोजन गर्ने हो, त्यस समयावधि-सम्म बाँच्न सकेमा भगवानको अनुशासनलाई मैले मनै देखि पालन गर्थें । यसबाट मलाई धेरै उपकार हुनेछ ।' 'भन्ते ! यसरी मरणानुस्मृतिको भावनामा म लागेको छु ।"

अर्को एकजना भिक्षुले भगवानलाई यसो भन्यो– "भन्ते ! मैले पनि मरणानुस्मृतिको भावना गरिरहेको छु ।" "भिक्षु ! त्यसोभए मरणानुस्मृतिको भावना तिमीले कसरी गरिरहेका छौ ?" "भन्ते ! यहाँ मलाई यस्तो लाग्छ कि– 'अहो ! यदी म यहाँ जुनबेलासम्म चार पाँच गाँस भोजन गर्ने हो, त्यस समयावधिसम्म बाँच्नसकेमा भगवानको अनुशासनलाई मैले मनै देखि पालन गर्थें । यसबाट मलाई धेरै उपकार हुनेछ ।' भन्ते ! यसरी मरणानस्मृतिको भावनामा म लागेको छु ।"

अर्को एकजना भिक्षुले भगवानलाई यसो भन्यो– "भन्ते ! मैले पनि मरणानुस्मृतिको भावना गरिरहेको छु ।" "भिक्षु ! त्यसोभए मरणानुस्मृतिको भावना तिमीले कसरी गरिरहेका छौ ?" "भन्ते ! यहाँ मलाई यस्तो लाग्छ कि– 'अहो ! यदी म यहाँ जुनबेलासम्म एक गाँस भोजन गर्ने हो, त्यस समयावधिसम्म बाँच्न सकेमा भगवानको अनुशासनलाई मैले मनै देखि पालन गर्थें । यसबाट मलाई धेरै उपकार हुनेछ ।' भन्ते ! यसरी मरणानस्मृतिको भावनामा म लागेको छु ।"

अर्को एकजना भिक्षुले भगवानलाई यसो भन्यो– "भन्ते ! मैले पनि मरणानुस्मृतिको भावना गरिरहेको छु ।" "भिक्षु ! त्यसोभए मरणानुस्मृतिको भावना तिमीले कसरी गरिरहेका छौ ?" "भन्ते ! यहाँ मलाई यस्तो लाग्छ कि– 'अहो ! यदी म यहाँ जुनबेलासम्म साँस लिने र छोडने हो, त्यस समया-वधिसम्म बाँच्न सकेमा भगवानको अनुशासनलाई मैले मनै देखि पालन गर्थें । यसबाट मलाई धेरै उपकार हुनेछ ।' भन्ते ! यसरी मरणानुस्मृतिको भावनामा म लागेको छु ।"

यसरी भनेपछि, भगवानले ती भिक्षुहरूलाई भन्नुभयो– "भिक्षुहो ! जो भिक्षुले 'अहो ! यदि म एक रात र एक दिन बाँच्न सकेमा भगवानको अनुशासनलाई मैले मनै देखि पालन गर्थें । यसबाट मलाई धेरै उपकार हुनेछ ।' "



Downloaded from http://dhamma.digital

"भिक्षुहो ! जो भिक्षुले यसरी मरणानुस्मृतिको भावना गर्छ– 'अहो ! यदी म एक दिन बाँच्न सकेमा भगवानको अनुशासनलाई मैले मनै देखि पालन गर्थें। यसबाट मलाई धेरै उपकार हुनेछ।' "

"भिक्षुहो ! जो भिक्षुले यसरी मरणानुस्मृतिको भावना गर्छ– अहो ! यदि म जुनबेलासम्म भोजन गर्ने हो, त्यस समयावधिसम्म बाँच्न सकेमा भगवानको अनुशासनलाई मैले मनै देखि पालन गर्थें। यसबाट मलाई धेरै उपकार हुनेछ।' "

"भिक्षुहो ! जो भिक्षुले यसरी मरणानुस्मृतिको भावना गर्छ– अहो ! यदि म जुनबेलासम्म चार-पाँच गाँस भोजन गर्ने हो, त्यस समयावधिसम्म बाँच्न सकेमा भगवानको अनुशासनलाई मैले मनै देखि पालन गर्थें। यसबाट मलाई धेरै उपकार हुनेछ।' "

"भिक्षुहो ! जो भिक्षुले यसरी मरणानुस्मृतिको भावना गर्छ– अहो ! यदि, म जुनबेलासम्म एक गाँस भोजन गर्ने हो, त्यस समयावधि सम्म बाँच्न सकेमा भगवानको अनुशासनलाई मैले मनै देखि पालन गर्थें। यसबाट मलाई धेरै उपकार हुनेछ।' "

"भिक्षुहो ! जो भिक्षुले यसरी मरणानुस्मृतिको भावना गर्छ– अहो ! यदि, म जुनबेलासम्म साँस लिने र साँस छोड्ने हो, त्यस समयावधिसम्म बाँच्न सकेमा भगवानको अनुशासनलाई मैले मनै देखि पालन गर्थें। यसबाट मलाई धेरै उपकार हुनेछ।' भिक्षुहो ! यसैलाई भनिन्छ– भिक्षुहरू अप्रमादी भई आश्रव क्षंयार्थ तीक्ष्णतापूर्वक मरणानुस्मृति भावना गर्ने।

"त्यसैले भिक्षुहो ! यस्तो शिक्षा लिनुपर्छ– 'अप्रमादी भई बस्नेछु अनि आश्रव क्षयार्थ तीक्ष्णतापूर्वक मरणानुस्मृतिको भावना गर्नेछु। 'भिक्षुहो ! तिमी-हरूले यस्तै नै शिक्षा लिनुपर्छ।"

## १०. दुतियमरणस्सतिसुत्तं

२०. एक समय भगवान नातिकास्थित गिञ्जकामा बस्नुहुन्थ्यो। त्यस समय भगवानले भिक्षुहरूलाई सम्बोधन गर्नुभयो– "भिक्षुहो !" "भदन्त !" भनी ती भिक्षुहरूले प्रत्युत्तर दिए। भगवानले यसो भन्नुभयो– "भिक्षुहो !" मरणानुस्मृतिको भावना गर्दा, वृद्धि गर्दा महाफलदायी तथा महाशुभपरिणामी हुन्छ, अमृतलाभी हुन्छ तथा अमृत लाभार्थ हुन्छ। भिक्षुहो ! कसरी मरणानु-



Downloaded from http://dhamma.digital

स्मृति भावना गर्दा, वृद्धि गर्दा महाफलदायी र महाशुभपरिणामीकासाथै अमृत-लाभी तथा अमृत लाभार्थ हुन्छ ?

"भिक्षुहो ! यहाँ भिक्षुले दिन बितेपछि, रातको शुरुवात हुँदा यस्तो विचार गर्नुपर्छ– 'मेरो मृत्युका कारणहरू धेरै छन् । मलाई साँपले डस्नसक्छ, मलाई विच्छेले डस्नसक्छ, मलाई शतपद भएकाले डस्नसक्छ, त्यसबाट मेरो मृत्यु हुनसक्छ । मेरो निम्ति यो (निर्वाण मार्गमा लाग्न) बाधक हो । म चिप्लेर लड्नसक्छ, भोजन गर्दा अपच हुनसक्छ, पित्त प्रकुपित हुनसक्छ, कफ प्रकुपित हुनसक्छ र मेरो शरीरमा रहेको वायु प्रकुपित हुनसक्छ, त्यसबाट पनि मेरो मृत्यु हुनसक्छ । मेरो निम्ति यो बाधक हो ।' त्यसैले, भिक्षुहो ! यसप्रकारले प्रत्यवेक्षण गर्नुपर्छ– 'मसंग पापरूपी अकुशल कर्म विनष्ट भएको छैन तथा बाँकी नै छ । म रातमा मरें भनें मेरो निम्ति यो बाधक हुनेछ ।' "

"भिक्षुहो ! यदि भिक्षुले प्रत्यवेक्षण गर्दा यसरी थाहापाउँछ कि– 'मसंग पापरूपी अकुशल कर्म विनष्ट भएको छैन तथा बाँकी नै छ । म रातमा मरें भने मेरो निम्ति यो बाधक हुनेछ ।' त्यसैले भिक्षुहो ! भिक्षुले त्यस अकुशल पाप कर्म छोड्न प्रबल इच्छा, उत्साह र उमंगताकासाथै प्रयत्नवान, स्मृति-वान भइकन सजगता अपनाउनु पर्छ । जस्तैं कि, भिक्षुहो ! (लगाएको) लुगामा वा शीरमा आगो लाग्दा आगो निभाउनको निम्ति प्रबल इच्छा, उत्साह र उमंगकासाथै प्रयत्नवान, स्मृतिवान भइकन सजगता अपनाउनु पर्नेछ । यसरी नै, भिक्षुहो ! त्यो भिक्षुले पनि त्यसप्रकारका पापमय अकुशल कर्म छोड्न प्रबल इच्छा, उत्साह, उमंगताकासाथै प्रयत्नवान, स्मृतिवान र सजगता अपनाउनु पर्छ ।

"भिक्षुहो ! यदि भिक्षुले प्रत्यवेक्षण गर्दा यसरी थाहा पाउँछ कि– 'मबाट पापरूपी अकुशल कर्म नगरिए पनि अविनष्ट भएको छैन । म रातमा मरें भनें मेरो निम्ति यो बाधक हुनेछ ।' त्यसैले, भिक्षुहो ! त्यही प्रीतिमा नै मस्त भइकन दिन-रात कुशल कर्ममा लाग्नु ।

"भिक्षुहो ! यहाँ भिक्षुले रात बितेपछि, बिहानीको शुरुवात हुँदा यस्तो विचार गर्नुपर्छ– 'मेरो मृत्युका कारणहरू धेरै छन् । मलाई साँपले डस्नसक्छ, मलाई विच्छेले डस्नसक्छ, मलाई शतपद भएकाले डस्नसक्छ, त्यसबाट मेरो मृत्यु हुनसक्छ । मेरो निम्ति यो (निर्वाण मार्गमा लाग्न) बाधक हो । म चिप्लेर लड्नसक्छ, भोजन गर्दा अपच हुनसक्छ, पित्त प्रकुपित हुनसक्छ, कफ प्रकुपित हुनसक्छ र मेरो शरीरमा रहेको वायु प्रकुपित हुनसक्छ, त्यसबाट पनि मेरो



Downloaded from http://dhamma.digital

मृत्यु हुनसक्छ । मेरो निम्ति यो बाधक हो ।' त्यसैले, भिक्षुहो ! यसप्रकारले प्रत्यवेक्षण गर्नुपर्छ– 'मसंग पापरूपी अकुशल कर्म विनष्ट भएको छैन तथा बाँकी नै छ । यदि म दिनमा मरें भने मेरो निम्ति यो बाधक हुनेछ ।' "

"भिक्षुहो ! यदि भिक्षुले प्रत्यवेक्षण गर्दा यसरी थाहा पाउँछ कि– 'मसंग पापरूपी अकुशल कर्म विनष्ट भएको छैन तथा बाँकी नै छ । म रातमा मरें भने मेरो निम्ति यो बाधक हो ।' त्यसैले, भिक्षुहो ! भिक्षुले त्यस अकुशल पाप कर्म छोड्न प्रबल इच्छा, उत्साह, र उमंगकासाथै प्रयत्नवान, स्मृतिवान भइकन सजगता अपनाउनु पर्छ । जस्तै कि, भिक्षुहो ! (लगाएको) लुगामा वा शीरमा आगो लागेको छ भने आगो निभाउनको निम्ति प्रबल इच्छा, प्रयत्न, उत्साह, उमंग र सजगताकासाथ स्मृतिवान भई प्रयास गर्नमा लाग्नु पर्नेछ । यसरी नै भिक्षुहो ! त्यो भिक्षुले पनि त्यसप्रकारका पाप अकुशल कर्मलाई छाडन प्रबल इच्छा, प्रयत्न, उत्साह र उमंगताका साथै प्रयत्नवान, स्मृतिवान भइकन सजगता अपनाउनुपर्छ ।

"भिक्षुहो ! यदि भिक्षुले प्रत्यवेक्षण गर्दा यसरी थाहा पाउँछ कि– 'मबाट पापरूपी अकुशल कर्म नगरिए पनि अविनष्ट भएको छैन । म दिनमा मरें भनें मेरो निम्ति यो बाधक हो ।' भिक्षुहो ! त्यस भिक्षुले त्यही प्रीतिमा नै मस्त भइकन दिन-रात कुशल कर्ममा लाग्नुपर्छ । भिक्षुहो ! यसप्रकारले नै मरणानुस्मृतिको भावना गर्दा, वृद्धि गर्दा महाफल तथा महाशुभपरिणाम हुन्छ, अमृतलाभी हुन्छ तथा अमृतलाभार्थ हुन्छ ।"

Dhamma.Digital



Downloaded from http://dhamma.digital

## ३. अनुत्तरियवग्गो

### १. सामकसुत्तं

२१. एक समय भगवान शाक्यहरूको सामग्रामस्थित पोक्खरणिय भन्ने विहारमा बस्नुहुन्थ्यो । त्यस समय कोही एक प्रकाशवान देवता रात्रीको उज्यालोमा समस्त पोक्खरणियलाई उज्यालो पार्दै, जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ पुगे । त्यहाँ भगवानको नजिक गएर अभिवादन गरी एक ठाउँमा बसे । एक ठाउँमा बसेपछि देवताले भगवानलाई यसो भन्यो–

"भन्ते ! तीन कारणले भिक्षुका निम्ति हानिकारक हुन् । तीन के-के हुन् ? काममा व्यस्तरहनु, कुरा गर्नमा व्यस्तरहनु अनि निद्रालु हुनु । भन्ते ! यी तीन कारण भिक्षुका निम्ति हानिकारक हुन् । ती देवताले त्यसो भने । त्यस कथनमा भगवान सहमत हुनुभयो । जब देवताले मेरो कथनमा भगवान सहमत हुनुभयो भनी जाने तब उसले भगवानलाई अभिवादन गरी, प्रदक्षिणा गरी त्यहीं अन्तर्धान भए । अनि त त्यस रात बितेपछि भगवानले भिक्षुहरूलाई सम्बोधन गर्नुभयो– "भिक्षुहो ! आजको उज्यालो रातमा प्रकाशवान एक देवता सम्पूर्ण पोक्खरणियलाई उज्यालो पार्दै जहाँ म थिएँ त्यहाँ आए । आएर मलाई अभिवादन गरी एक ठाउँमा बसे । एक ठाउँमा बसेपछि, भिक्षुहो ! त्यो देवताले मलाई यसो भन्यो– "भन्ते ! तीन कारणले भिक्षुका निम्ति हानिकारक हुन् । तीन के के हुन् ? काममा व्यस्तरहनु, कुरा गर्नमा व्यस्तरहनु अनि निद्रालु हुनु । भन्ते ! यी तीन कारण भिक्षुका निम्ति हानिकारक हुन् । त्यो देवताले त्यसो भने । यति भने पछि मलाई अभिवादन गरी, प्रदक्षिणा गरी त्यहीं अन्तर्धान भए । त्यसैले, भिक्षुहो ! उनीहरूको निम्ति अलाभ हो, दुर्लाभ हो उनीहरूको निम्ति, जसबारे देवताले पनि जानेको हुन्छ कि, कुशल धर्मबाट हानि भएको ।"

"भिक्षुहो ! अर्को पनि तीन हानिकारक धर्म देशना गर्छु । त्यसलाई सुन, राम्रोसंग मनमा धारण गर; भन्नेछु ।" हवस्, भन्ते ! भनी ती भिक्षुहरूले प्रत्युत्तर दिए । भगवानले भन्नुभयो– "भिक्षुहो ! तीनप्रकारले हानि हुने विषय के-के हुन् ? समूहमा बस्न रमाउने, दुर्वचनको हुने र पापीसंगको मित्रता । भिक्षुहो ! यी नै तीन विषय हानिकारक हुन् ।"

"भिक्षुहो ! भूतकालमा जति पनि कुशल धर्मबाट पतित भए यी छः



Downloaded from http://dhamma.digital

कारणले नै कुशल धर्मबाट पतित भए । भिक्षुहो ! भविष्यकालमा जति पनि कुशल धर्मबाट पतित हुनेछन्, यही छः कारणले नै कुशल धर्मबाट पतित हुनेछन् । भिक्षुहो ! अहिले जति पनि कुशल धर्मबाट पतित भए, यही छः कारणले गर्दा नै कुशल धर्मबाट पतित भए ।"

## २. अपरिहानियसुत्तं

२२. भिक्षुहो ! यी छः प्रकारका हानि नहुने विषय लिएर धर्मदेशना गर्नेछु, त्यसलाई राम्रोसंग सुन ... ती छः प्रकारका हानि नहुने के-के हुन् ? काममा व्यस्त नरहने, कुरामा व्यस्त नरहने, निद्रालु नहुने, समूहमा बस्न नरमाउने, सुवच हुने अनि कल्याण मित्रता । भिक्षुहो ! यी नै छः हानि नहुने विषय हुन् ।"

"भिक्षुहो ! भूतकालमा जति पनि कुशल धर्मबाट पतित भएन यही नै छः कारणले कुशल धर्मबाट पतित भएन । भिक्षुहो ! भविष्यकालमा जति पनि कुशल धर्मबाट पतित नहुने हो भने यही नै छः कारणले कुशल धर्मबाट पतित हुनेछैन । भिक्षुहो ! अहिले जति पनि कुशल धर्मबाट पतित भएन, यही छः कारणले नै कुशल धर्मबाट पतित भएन ।"

## ३. भयसुत्तं

"भिक्षुहो ! 'भय' भनेको कामुकताको नै पर्यायवाची हो । भिक्षुहो ! 'दुःख' भनको कामुकताको नै पर्यायवाची हो । भिक्षुहो ! 'रोग' भनेको कामुकताको नै पर्यायवाची हो । भिक्षुहो ! 'फोडा' भनेको नै कामुकताको पर्यायवाची हो । भिक्षुहो ! 'आसक्ति' भनेको नै कामुकताको पर्यायवाची हो । भिक्षुहो ! 'हिलो' भनेको नै कामुकताको पर्यायवाची हो ।

भिक्षुहो ! 'भय' किन कामुकताको नै पर्यायवाची हो भनेको ? भिक्षुहो ! जो कामरागले बाँधिएको हुन्छ, जो छन्दरागले बाँधिएको हुन्छ, यसै जन्ममा जुन भय हुने हो, त्यसबाट ऊ मुक्त हुँदैन अनि परलोकको भयबाट पनि मुक्त हुँदैन । भिक्षुहो ! त्यसैले 'भय' भनेको नै कामुकताको पर्यायवाची हो । भिक्षुहो !दुःख किन ... रोग ... फोडा ... आसक्ति ... हिलो कामुकताको नै पर्यायवाची हो । भिक्षुहो ! जो कामरागले बाँधिएको हुन्छ, छन्दरागले बाँधिएको हुन्छ । यसै जन्ममा जुन हिलो लाग्ने हो त्यसबाट ऊ मुक्त हुँदैन अनि परलोकको हिलोबाट पनि मुक्त हुँदैन । त्यसैले 'हिलो' भनेको नै कामुकताको पर्यायवाची हो ।



Downloaded from http://dhamma.digital

**"भयं दुक्खं रोगो गण्डो, सङ्गो पङ्को च उभयं।
एते कामा पवुच्चन्ति, यत्थ सत्तो पुथुज्जनो॥**

"भय-दु:ख-रोग-फोडा, आसक्ति-हिलो। यी सबै कामुकलाई नै भनिन्छ; जस्मा पृथकजन भूरिहन्छ।

**"उपादाने भयं दिस्वा, जातिमरणसम्भवे।
अनुपादा विमुच्चन्ति, जातिमरणक्खये॥**

"उपादान रहुञ्जेल जन्म र मरणको भय भइरहेको हुन्छ, उपादान नरहेमा जन्म र मरणको भयबाट मुक्त हुन्छ।

**"ते खेमप्पत्ता सुखिनो, दिट्ठधम्माभिनिब्बुता।
सब्बवेरभयातीता, सब्बदुक्खं उपच्चगु"न्ति॥**

"ऊ निर्भयी हुन्छ र सुखी हुन्छ अनि यसै जन्ममा निर्वाण लाभी हुन्छ। सबै वैर र भयबाट दूर हुन्छ अनि समस्त दु:खबाट मुक्त हुन्छ।"

## ४. हिमवन्तसुत्तं

२४. "भिक्षुहो ! यी छ: विषयले गर्दा पर्वतराज हिमाललाई टुकडा-टुकडा पारी दिन्छ। यो निकृष्ट अविद्यालाई त भन्नु नै के ! ती छ: के-के हुन् ? यहाँ, भिक्षुहो ! समाधि प्राप्त गर्नमा कुशल हुन्छ। समाधिमा स्थिररहन कुशल हुन्छ। समाधिबाट उठ्नमा कुशल हुन्छ। समाधिको निम्ति उपयुक्त बनाउनमाकुशल हुन्छ। समाधिको निम्ति गोचर कुशल हुन्छ। उच्चतम समाधि प्राप्त गर्नमा कुशल हुन्छ। भिक्षुहो ! जो भिक्षु यी छ: विषयमा युक्त हुन्छ उसले पर्वतराज हिमाललाई टुकडा टुकडा पारी दिनसक्छ। यो निकृष्ट अविद्यालाई त भन्नु नै के !"

## ५. अनुस्सतिट्ठानसुत्तं

२५. "भिक्षुहो ! यी छ: अनुस्मरण-स्थान छन्। ती छ: क- के हुन् ? भिक्षुहो ! यहाँ आर्यश्रावकले तथागतलाई अनुस्मरण गर्छ– 'वहाँ भगवान यस यस कारणले ... देव-मनुष्यका गुरु, बुद्ध तथा भगवान हुनुहुन्छ।' भिक्षुहो ! जुन समयमा आर्य श्रावकले तथागतलाई अनुस्मरण गर्छ, त्यस समयमा उसको चित्त रागको अधिनमा हुँदैन, त्यस समय उसको चित्त द्वेषको अधिनमा हुँदैन। त्यस समय उसको चित्त मोहको अधिनमा हुँदैन। त्यस समयम उसको



Downloaded from http://dhamma.digital

चित्त ऋजु हुन्छ । ऊ लोभबाट स्वतन्त्र हुन्छ, लोभबाट मुक्त हुन्छ । भिक्षुहो ! 'लोभ' नै पञ्च-काम गुणको नाउँ हो । भिक्षुहो ! यसैलाई (बुद्धानुस्मरण) आलम्बन गरेमा यहाँ कोहीकोही सत्व विशुद्ध हुन्छ ।

"अनि फेरि, भिक्षुहो ! आर्यश्रावकले धर्मको अनुस्मरण गर्छ– 'सुआख्यात छ भगवानको धर्म ... विज्ञजनद्वारा छुटाई छुटाई हेर्न मिल्ने भगवानको धर्म हो । भिक्षुहो ! जुन समय आर्यश्रावकले धर्मको अनुस्मरण गर्छ । त्यस समय उसको चित्त रागको अधिनमा हुँदैन, त्यस समय उसको चित्त द्वेषको अधिनमा हुँदैन । त्यस समय उसको चित्त मोहको अधिनमा हुँदैन । त्यस समय उसको चित्त ऋजु हुन्छ । ऊ लोभबाट स्वतन्त्र हुन्छ, लोभबाट मुक्त हुन्छ । भिक्षुहो ! 'लोभ' नै पञ्च-काम गुणको नाउँ हो । भिक्षुहो ! यसैलाई आलम्बन गरेमा यहाँ कोहीकोही सत्व विशुद्ध हुन्छ ।

"अनि फेरि, भिक्षुहो ! आर्यश्रावकले संघको अनुस्मरण गर्छ– 'सुप्रतिपन्न छ भगवानका श्रावक संघ ... लोकका निम्ति अतिउत्तम पुण्यक्षत्र हुन् । भिक्षुहो ! जुन समय आर्य श्रावकले संघको अनुस्मरण गर्छ । त्यस समय उसको चित्त रागको अधिनमा हुँदैन । त्यस समय उसको चित्त द्वेषको अधिनमा हुँदैन । त्यस समय उसको चित्त मोहको अधिनमा हुँदैन । त्यस समय उसको चित्त ऋजु हुन्छ । ऊ लोभबाट स्वतन्त्र हुन्छ । लोभबाट मुक्त हुन्छ । भिक्षुहो ! 'लोभ' नै पञ्च-काम गुणको नाउँ हो । भिक्षुहो ! यसैलाई आलम्बन गरेमा यहाँ कोहीकोही सत्व विशुद्ध हुन्छ ।

"अनि फेरि, भिक्षुहो ! आर्यश्रावकले शीललाई अनुस्मरण गर्छ– अखण्डित, छिद्ररहित ... समाधिमा लाग्छ । भिक्षुहो ! जुन समय आर्यश्रावकले शीललाई अनुस्मरण गर्छ । त्यस समय उसको चित्त रागको अधिनमा हुँदैन, त्यस समय उसको चित्त द्वेषको अधिनमा हुँदैन । त्यस समय उसको चित्त मोहको अधिनमा हुँदैन । त्यस समय उसको चित्त ऋजु हुन्छ । ऊ लोभबाट स्वतन्त्र हुन्छ । लोभबाट मुक्त हुन्छ । भिक्षुहो ! 'लोभ' नै पञ्च-काम गुणको नाउँ हो । भिक्षुहो ! यसैलाई आलम्बन गरेमा कोहीकोही सत्व विशुद्ध हुन्छ ।

"अनि फेरि, भिक्षुहो ! आर्यश्रावकले आफूले गरेको त्याग विषयमा अनुस्मरण गर्छ– 'मेरो निम्ति लाभ हो, मेरो निम्ति सुलाभ हो ... दाता, दान संविभाग गर्नमा लाग्छ ।' जुन समय ... कोही कोही सत्व विशुद्ध हुन्छ ।



Downloaded from http://dhamma.digital

"अनि फेरि, भिक्षुहो ! आर्यश्रावकले देवतानुस्मरण गर्छ– 'चातुमहाराजिक देवताहरू छन्, तावतिंस देवताहरू छन्, यामा देवताहरू छन्, तुसित देवताहरू छन्, निम्माणरति देवताहरू छन्, परनिम्मितववत्ति देवताहरू छन्, ब्रह्मकायिक देवताहरू छन् अनि त्यसभन्दा माथिमाथिका अन्य देवताहरू पनि छन् । जुनरूपको श्रद्धाले सम्पन्न हुँदा ती देवताहरू यहाँबाट च्युत भई त्यहाँ उत्पन्न भए । मसंग पनि त्यस प्रकारको श्रद्धा छ । जुनरूपको शीलले ... श्रुतमय ज्ञानले ... त्यागले सम्पन्न भई ... प्रज्ञाले सम्पन्न भई ती देवताहरू यहाँबाट च्युत भई त्यहाँ उत्पन्न भए । मसंग पनि त्यसप्रकारको प्रज्ञा छ ।' "

"भिक्षुहो ! जुन समय आर्यश्रावकले आफ्नो र ती देवताहरूका श्रद्धा, शील, श्रुत, त्याग र प्रज्ञाको अनुस्मरण गर्छ । त्यस समय उसको चित्त रागको अधिनमा हुँदैन, त्यस समय उसको चित्त द्वेषको अधिनमा हुँदैन । त्यस समय उसको चित्त मोहको अधिनमा हुँदैन । त्यस समयमा उसको चित्त ऋजु हुन्छ । ऊ लोभबाट स्वतन्त्र हुन्छ । लोभबाट मुक्त हुन्छ । भिक्षुहो ! 'लोभ' नै पञ्चकामको नाउँ हो । भिक्षुहो ! यसैलाई आलम्बन गरेमा कोही-कोही सत्व विशुद्ध हुन्छ । भिक्षुहो ! यी नै छः अनुस्मृति-स्थान हुन् ।"

## ६. महाकच्चानसुत्तं

२६. त्यस समय आयुष्मान महाकच्चानले भिक्षुहरूलाई आमन्त्रण गर्नुभयो– "आवुसो, भिक्षुहो ! "आवुसो !" भनी ती भिक्षुहरूले आयुष्मान महाकच्चानलाई प्रतिवचन दिए । आयुष्मान महाकच्चानले यसो भने– "आश्चर्य हो, आवुसोहो ! अद्‌भुत हो, आवुसोहो ! वहाँ भगवान अर्हत, सम्यकसम्बुद्धले जान्नुभई, बुझ्नुभई जुन कि यो (बोल्नु भएको) सुभाषित हो । जंजालबाट मुक्त हुनको निम्ति ज्ञान, सत्वका निम्ति विशुद्ध पार्न, शोक-पीडा हटाउनको निम्ति, दुःख-दौर्मनस्य अन्त गर्न को निम्ति, ज्ञान प्राप्त गर्नको निम्ति तथा निर्वाण साक्षात्कार गर्नको निम्ति जुन कि, यी छः अनुस्मृतिको देशना गर्नु भएको छ ।

"ती छः के-के हुन् ? यहाँ आवुसोहो ! आर्यश्रावकले तथागतको (गुणलाई) अनुस्मरण गर्छ– वहाँ भगवान यस यस कारणले ... देव-मनुष्यका गुरु, बुद्ध तथा भगवान हुनुहुन्छ । "भिक्षुहो ! जुन समयमा आर्य श्रावकले तथागतलाई अनुस्मरण गर्छ । त्यस समय उसको चित्त रागको अधिनमा हुँदैन । त्यस समयमा उसको चित्त द्वेषको अधिनमा हुँदैन । त्यस समय उसको

Downloaded from http://dhamma.digital

चित्त मोहको अधिनमा हुँदैन । त्यस समय उसको चित्त ऋजु हुन्छ । ऊ लोभबाट स्वतन्त्र हुन्छ । लोभबाट मुक्त हुन्छ । भिक्षुहो ! 'लोभ' नै पञ्चकामगुणको नाउँ हो । आवुसोहो ! यदि त्यो आर्यश्रावकले समस्त आकाशसमानको विपुल, महान, अप्रमाण, वैररहित तथा क्रोधरहित चित्तको भई बस्दछ भने, आवुसोहो ! यसैलाई आलम्बन गरेमा यहाँ कोहीकोही सत्व विशुद्ध हुन्छ ।

"अनि फेरि, आवुसहो ! आर्यश्रावकले धर्मको अनुस्मरण गर्छ– 'सुआख्यात छ भगवानको धर्म ... विज्ञजनद्वारा छुटाई छुटाई हेर्न मिल्ने भगवानको धर्म हो । भिक्षुहो ! जुन समयमा आर्यश्रावकले धर्मको अनुस्मरण गर्छ । त्यस समय उसको चित्त रागको अधिनमा हुँदैन, त्यस समय उसको चित्त द्वेषको अधिनमा हुँदैन । त्यस सम उसको चित्त मोहको अधिनमा हुँदैन । त्यस समय उसको चित्त ऋजु हुन्छ । ऊ लोभबाट स्वतन्त्र हुन्छ, लोभबाट मुक्त हुन्छ । भिक्षुहो ! 'लोभ' नै पञ्चकामगुणको नाउँ हो । आवुसोहो ! यदि त्यो आर्यश्रावकले समस्त आकाशसमानको विपुल, महान, अप्रमाण वैररहित तथा क्रोधरहित चित्तको भई बस्दछ भने, आवुसोहो ! यसैलाई आलम्बन गरेमा यहाँ कोही कोही सत्व विशुद्ध हुन्छ ।

"अनि फेरि, भिक्षुहो ! आर्यश्रावकले संघको अनुस्मरण गर्छ– 'सुप्रतिपन्न छ भगवानका श्रावक संघ ... लोकका निम्ति अतिउत्तम पुण्यक्षत्र हुन् । भिक्षुहो ! जुन समय आर्यश्रावकले संघलाई अनुस्मरण गर्छ । त्यस समय उसको चित्त रागको अधिनमा हुँदैन । त्यस समय उसको चित्त द्वेषको अधिनमा हुँदैन । त्यस समय उसको चित्त मोहको अधिनमा हुँदैन । त्यस समय उसको चित्त ऋजु हुन्छ । ऊ लोभबाट स्वतन्त्र हुन्छ, लोभबाट मुक्त हुन्छ । आवुसोहो ! 'लोभ' नै पञ्चकामगुणको नाउँ हो । आवुसोहो ! यदि त्यो आर्यश्रावकले समस्त आकाशसमानको विपुल, महान, अप्रमाण वैररहित तथा क्रोधरहित चित्तको भई बस्दछ भने, आवुसोहो ! यसैलाई आलम्बन गरेमा यहाँ कोहीकोही सत्व विशुद्ध हुन्छ ।

"अनि फेरि, आवुसोहो ! आर्यश्रावकले आफ्नो शीललाई लिएर अनुस्मरण गर्छ– अखण्डित ... समाधिमा लाग्छ । भिक्षुहो ! जुन समय आर्य श्रावकले शीललाई अनुस्मरण गर्छ । त्यस समय उसको चित्त रागको अधिनमा हुँदैन, त्यस समय उसको चित्त द्वेषको अधिनमा हुँदैन । त्यस समय उसको चित्त मोहको अधिनमा हुँदैन । त्यस समय उसको चित्त ऋजु हुन्छ । ऊ लोभबाट स्वतन्त्र हुन्छ, लोभबाट मुक्त हुन्छ । आवुसोहो ! 'लोभ' नै पञ्चकामगुणको नाउँ हो । आवुसोहो ! यदि त्यो आर्यश्रावकले समस्त



Downloaded from http://dhamma.digital

आकाशसमान विपुल, महान, अप्रमाण वैररहित तथा क्रोधरहित चित्तको भई बस्दछ भने, आवुसोहो ! यसैलाई आलम्बन गरेमा यहाँ कोहीकोही सत्त्व विशुद्ध हुन्छ ।

"अनि फेरि, आवुसोहो ! आर्य श्रावकले आफ्नो त्यागको विषयमा अनुस्मरण गर्छ– मेरो निम्ति लाभ हो, मेरो निम्ति सुलाभ हो ... दाता दान संविभाग गर्नमा लाग्छ ।' आवुसोहो ! जुन समय आर्यश्रावकले त्यागलाई अनुस्मरण गर्छ । त्यस समय उसको चित्त रागको अधिनमा हुँदैन । त्यस समय उसको चित्त द्वेषको अधिनमा हुँदैन । त्यस समय उसको चित्त मोहको अधिनमा हुँदैन । त्यस समय उसको चित्त ऋजु हुन्छ । ऊ लोभबाट स्वतन्त्र हुन्छ । लोभबाट मुक्त हुन्छ । भिक्षुहो ! 'लोभ' नै पञ्चकाम-गुणको नाउँ हो । आवुसोहो ! यदि त्यो आर्यश्रावकले समस्त आकाश समान विपुल, महान, अप्रमाण वैररहित तथा क्रोधरहित चित्तको भई बस्दछ भने, आवुसोहो ! यसैलाई आलम्बन गरेमा यहाँ कोहीकोही सत्व विशुद्ध हुन्छ ।

"अनि फेरि, आवुसोहो ! आर्यश्रावकले देवतानुस्मरण गर्छ– 'चतुर्महाराजा छन् ... देवता छन् अनि त्यसभन्दा माथिमाथिका देवता छन् । जुनरूपको श्रद्धाले सम्पन्न हुँदा ती देवताहरू यहाँबाट च्युत भई त्यहाँ उत्पन्न भए । मसंग पनि त्यस प्रकारको श्रद्धा छ । जुनरूपको शीलल ... श्रुतमय ज्ञानले ... त्यागले ... प्रज्ञाले सम्पन्न भई ती देवताहरू यहाँबाट च्यतु भई त्यहाँ उत्पन्न भए । मसंग पनि त्यसप्रकारको प्रज्ञा छ ।' "आवुसोहो ! जुन समय आर्यश्रावकले आफ्नो र ती देवताहरुका श्रद्धा, शील, श्रुत, त्याग र प्रज्ञालाई अनुस्मरण गर्छ । त्यस समय उसको चित्त रागको अधिनमा हुँदैन, त्यस समय उसको चित्त द्वेषको अधिनमा हुँदैन । त्यस समय उसको चित्त मोहको अधिनमा हुँदैन । त्यस समय उसको चित्त ऋजु हुन्छ । ऊ लोभबाट स्वतन्त्र हुन्छ । लोभबाट मुक्त हुन्छ । भिक्षुहो !'लोभ' नै पञ्च-काम गुणको नाउँ हो । आवुसोहो ! यदि त्यो आर्यश्रावकले समस्त आकाशसमान विपुल, महान, अप्रमाण वैररहित तथा क्रोधरहित चित्तको भई बस्दछ भने, आवुसोहो ! यसैलाई आलम्बन गरेमा यहाँ कोही कोही सत्व विशुद्ध हुन्छ ।

"आश्चर्य हो,आवुसोहो! अद्‌भुत हो !! वहाँ भगवान, अर्हत, सम्यकसम्बुद्धले जान्नुभई, बुझ्नुभई जुन कि, यो सुभाषित हो । जंजालबाट मुक्त हुनको निम्ति ज्ञान, सत्वका निम्ति विशुद्ध पार्न, शोक-पीडा हटाउनको निम्ति, दु:ख-दौर्मनस्य अन्त गर्न, ज्ञान प्राप्त गर्न तथा निर्वाण साक्षात्कार गर्नको निम्ति जुन कि, यी छ: अनुस्मृतिको देशना गर्नुभयो ।"



Downloaded from http://dhamma.digital

## ७. पठमसमयसुत्तं

२७. अनि त कोही एकजना भिक्षु जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गए। गएर भगवानलाई अभिवादन गरी एक ठाउँमा बसे। एक ठाउँमा बसेपछि त्यो भिक्षुले भगवानलाई यसो भने– "भन्ते ! मनको भावना गर्ने भिक्षुको दर्शनार्थ कुन समय जानुपर्छ ?" "भिक्षु ! यी छः समय मनको भावना गर्ने भिक्षुको दर्शनार्थ जानुपर्छ।"

"ती कुनकुन छः समय हुन् ? भिक्षु ! यहाँ जुन समयमा भिक्षुसंग काम-राग उत्पन्न हुन्छ अनि काम-राग चित्तमा डबिएको हुन्छ। उत्पन्न रागलाई उपशमन गर्ने यथार्थसहित जानेको हुँदैन, त्यसबेला मनको भावना गर्ने भिक्षुको दर्शनार्थ गएर यसरी भन्नुपर्छ– 'आवुसो ! ममा काम-राग उत्पन्न भएको छ। काम-राग चित्तमा डबिएको छ। उत्पन्न काम-राग उपशमनार्थ यथार्थसहित जानेको छैन। आयुष्मानले काम-राग उपशमनार्थ धर्मोपदेश भएमा मेरो निम्ति राम्रो हुन्थ्यो। उसलाई मनको भावना गर्ने भिक्षुले काम-राग उपशम हुने धर्मोपदेश दिन्छ। भिक्षु ! मनको भावना गर्ने भिक्षुको दर्शनार्थ जाने यो पहिलो समय हो।

"अनि फेरि, भिक्षु ! यहाँ जुन समयमा भिक्षुसंग द्वेष उत्पन्न हुन्छ अनि द्वेष चित्तमा डबिएको हुन्छ। उत्पन्न द्वेषलाई उपशमन गर्ने यथार्थसहित जानेको हुँदैन। त्यसबेला मनको भावना गर्ने भिक्षुको दर्शनार्थ गएर यसरी भन्नुपर्छ– 'आवुसो ! ममा द्वेष उत्पन्न भएको छ। द्वेष चित्तमा डबिएको छ। उत्पन्न द्वेष उपशमनार्थ यथार्थसहित जानेको छैन। आयुष्मानले द्वेष उपशमनार्थ धर्मोपदेश भएमा मेरो निम्ति राम्रो हुन्थ्यो। उसलाई मनको भावना गर्ने भिक्षुले द्वेष उपशमन हुने धर्मोपदेश दिन्छ। भिक्षु ! मनको भावना गर्ने भिक्षुको दर्शनार्थ जाने यो दोस्रो समय हो।

"अनि फेरि, भिक्षु ! यहाँ जुन समय भिक्षुसंग थिनमिद्ध (शारीरिक र मानसिक आलस्य) उत्पन्न हुन्छ, थिनमिद्ध चित्तमा डबिएको हुन्छ। उत्पन्न थिनमिद्धलाई उपशमन गर्ने यथार्थसहित जानेको हुँदैन। त्यस समयमा मनको भावना गर्ने भिक्षुको दर्शनार्थ गएर यसरी भन्नुपर्छ– 'आवुसो ! ममा थिनमिद्ध उत्पन्न भएको छ। थिनमिद्ध चित्तमा डबिएको छ। उत्पन्न थिनमिद्ध उपशमनार्थ यथार्थसहित जानेको छैन। आयुष्मानबाट थिनमिद्ध उपशमनार्थ धर्मोपदेश भएमा मेरो निम्ति राम्रो हुन्थ्यो। उसलाई मनको भावना गर्ने भिक्षु-ले थिनमिद्ध उपशमन हुने धर्मोपदेश दिन्छ। भिक्षु ! मनको भावना गर्ने भिक्षु-



Downloaded from http://dhamma.digital

को दर्शनार्थ जाने यो तेस्रो समय हो ।

"अनि फेरि, भिक्षु ! यहाँ भिक्षु जुन समयमा उद्धच्चकुक्कुच्च (शारीरिक र मानसिक कार्यबाट हुने अस्थिरपन) उत्पन्न हुन्छ, उद्धच्चकुक्कुच चित्तमा डबिएको हुन्छ । उत्पन्न उद्धच्चकुक्कुच्चलाई उपशमन गर्न यथार्थस-हित जानेको हुँदैन । त्यस समयमा मनको भावना गर्ने भिक्षुको दर्शनार्थ गएर यसरी भन्नुपर्छ– 'आवुसो ! ममा उद्धचकुक्कुच्च उत्पन्न भएको छ । उद्धच्च कुक्कुच्च चित्तमा डबिएको छ । उत्पन्न उद्धच्चकुक्कुच्च उपशमन गर्न यथार्थ-सहित जानेको छैन । आयुष्मानबाट उद्धच्चकुक्कुच्च उपशमनार्थ धर्मोपदेश भएमा मेरो निम्ति राम्रो हुन्थ्यो । उसलाई मनको भावना गर्ने भिक्षुले उद्धच्च-कुक्कुच्च उपशम हुने धर्मोपदेश दिन्छ । भिक्षु ! मनको भावना गर्ने भिक्षुको दर्शनार्थ जाने यो चौठो समय हो ।

"अनि फेरि, भिक्षु ! यहाँ जुन समयमा भिक्षुसंग विचिकिच्छा (शंका) उत्पन्न हुन्छ, विचिकिच्छा चित्तमा डबिएको हुन्छ । उत्पन्न विचिकिच्छालाई उपशमन गर्न यथार्थसहित जानेको हुँदैन । त्यस समयमा मनको भावना गर्ने भिक्षुको दर्शनार्थ गएर यसरी भन्नुपर्छ–'आवुसो ! ममा विचिकिच्छा उत्पन्न भएको छ । विचिकिच्छा चित्तमा डबिएको छ । उत्पन्न विचिकिच्छा उपशमनार्थ यथार्थसहित जानेको छैन । आयुष्मानबाट विचिकिच्छा उपश-मनार्थ धर्मोपदेश भएमा मेरो निम्ति राम्रो हुन्थ्यो । उसलाई मनको भावना गर्ने भिक्षुले विचिकिच्छा उपशम हुने धर्मोपदेश दिन्छ । भिक्षु ! मनको भावना गर्ने भिक्षुको दर्शनार्थ जाने यो पाँचौं समय हो ।

"अनि फेरि, भिक्षु ! यहाँ जुन समयमा भिक्षुसंग जुन निमित्त (विषय) उत्पन्न हुन्छ, जुन निमित्त मनमा लिए आश्रव क्षय हुने हो, त्यस निमित्तलाई जानेको हुँदैन । त्यस समय उपशमन गर्न यथार्थसहित जानेको हुँदैन । त्यस समय मनको भावना गर्ने भिक्षुको दर्शनार्थ ग एर यसरी भन्नुपर्छ– 'आवुसो ! जुन निमित्त मनमा लिंदा आश्रव क्षय हुने हो, त्यस निमित्त-लाई जानेको छैन । आयुष्मानबाट आश्रव क्षयार्थ धर्मोपदेश भएमा मेरो निम्ति राम्रो हुन्थ्यो । उसलाई मनको भावना गर्ने भिक्षुले आश्रव क्षय हुने धर्मोपदेश दिन्छ । भिक्षु ! मनको भावना गर्ने भिक्षुको दर्शनार्थ जाने यो छैटौं समय हो । भिक्षुहो ! मनको भावना गर्ने भिक्षुको दर्शनार्थ यही छः समयमा जानुपर्छ ।"



Downloaded from http://dhamma.digital

## ८. दुतियसमयसुत्तं

८. एक समय धेरै नै थेर भिक्षुहरू वाराणसिस्थित इसिपतनको मिगदावनमा बसेका थिए । त्यसबेला थेर भिक्षुहरू भिक्षाटनबाट फर्केर आई भोजन पश्चात भोजनशालामा सँगै बसिरहँदा यसप्रकारको कुरा चल्यो– "आवुसोहो ! मनको भावना गर्ने भिक्षुको दर्शनार्थ कुन समय जानुपर्छ ?"

यस्तो कुरा उठेपछि एकजना भिक्षुले यसो भन्यो– "आवुसोहो ! जुनबेला मनको भावना गर्ने भिक्षु भिक्षाटनबाट फर्केर आई पाऊ पखाली, भोजनपछि पलैंटी कसी, शरीर सीधा गरेर स्मृति सामु राखी बसेको हुन्छ । त्यस समय मनको भावना गर्ने भिक्षुको दर्शनार्थ जानुपर्छ ।"

यसो भनेपछि कोही एकजना भिक्षुले ती भिक्षुलाई यसो भन्यो– "मनको भावनामा लाग्ने भिक्षु कहाँ जाने त्यो समय होइन । जुन समय मनको भावना गर्ने भिक्षु भिक्षाटनबाट फर्केर आई पाऊ पखाली भोजनपछि पलैंटि कसी, शरीर सीधा गरेर स्मृति सामु राखी बसेको हुन्छ, त्यस सममय वहाँ भिक्षाटनको थकावट हटेको हुँदैन, भोजनान्तर हुने तन्द्राबाट छुटेको हुँदैन यसैले मनको साधनामा लागेका भिक्षुको दर्शनार्थ जानु हुँदैन । आवुसोहो ! मनको भावना गर्ने भिक्षु जब सन्ध्या समयमा ध्यान-भावनाबाट उठी सक्दा विहारको पछि छायामा शरीरलाई सीधा गरी पलैंटि कसी, स्मृतिलाई सामु राखी बसेको हुन्छ, त्यस समय मनको भावना गर्ने भिक्षुकहाँ दर्शनार्थ जानु-पर्छ ।"

यसो भनेपछि अर्को एकजना भिक्षुले त्यस भिक्षुलाई यसो भन्यो– "मनको भावनामा लाग्ने भिक्षुकहाँ जाने त्यो समय होइन । आवुसोहो ! मनको भावना लाग्ने भिक्षु जब सन्ध्यासमय ध्यान-भावनाबाट उठी सक्दा विहारको पछि छायामा शरीरलाई सीधा गरी पलैंटि कसी, स्मृतिलाई सामु राखी बसेको हुन्छ, त्यस समय दिनमा बसेको समाधि निमित्तलाई मनमा लिएको हुन्छ, त्यसैले त्यस समय त्यसैमा लिन भइरहने हुन्छ । त्यसैले ऊ त्यस समय मनको भावना गर्ने भिक्षु कहाँ जानु उचित होईन । आवुसोहो ! जुन समय मनको भावनामा लाग्ने भिक्षु रातको प्रत्युषकालमा उठेर शरीरलाई सीधा राखी, पलैंटि कसी, स्मृतिलाई सामु राखी बसेको हुन्छ । त्यस समय मनको भावना गर्ने भिक्षुकहाँ दर्शनार्थ जानुपर्छ ।"

यसो भनेपछि अर्को एकजना भिक्षुले त्यस भिक्षुलाई यसो भन्यो–



Downloaded from http://dhamma.digital

"मनको भावनामा लाग्ने भिक्षुकहाँ जाने त्यो समय होइन । आवुसोहो ! जुन समय मनको भावनामा लाग्ने भिक्षु रातको प्रत्युषकालमा उठेर शरीरलाई सीधा राखी, पलेँटि कसी, स्मृतिलाई सामु राखी बसेको हुन्छ । त्यस समय उसको शरीर ओजपूर्ण हुन्छ । अनि त्यो समय भनेको त बुद्धोपदेशमा विचार गर्नको निम्ति योग्य हुन्छ । त्यसैले "मनको भावनामा लाग्ने भिक्षुकहाँ जाने त्यो समय होइन ।"

यसो भनेपछि आयुष्मान थेर महाकच्चानले भिक्षुहरूलाई यसो भन्नुभयो– "आवुसोहो ! मैले स्वयम् भगवानको मुखबाट सुनेको छु, भगवानको मुखबाट ग्रहण गरेको छु । 'भिक्षु ! यी छः समयमा मनको भावना गर्ने भिक्षुको दर्शनार्थ जानुपर्छ ।' "

"कुनकुन छः समय ? भिक्षु ! यहाँ जुन समयमा भिक्षुसंग काम-राग उत्पन्न हुन्छ, काम-राग चित्तमा डबिएको हुन्छ । उत्पन्न रागलाई उपशमन गर्न यथार्थसहित जानेको हुँदैन, त्यस समय मनको भावना गर्ने भिक्षुको दर्शनार्थ गएर यसो भन्नुपर्छ– 'आवुसो ! ममा काम-राग उत्पन्न भयो । काम-राग चित्तमा डबिएको छ । उत्पन्न काम-राग उपशमनार्थ यथार्थसहित जानेको छैन । आयुष्मानले काम-राग उपशमनार्थ धर्मोपदेश दिनुभएमा मेरो निम्ति राम्रो हुन्थ्यो । उसलाई मनको भावना गर्ने भिक्षुले काम-राग उपशमन हुने धर्मोपदेश दिन्छ । भिक्षु ! मनको भावना गर्ने भिक्षुको दर्शनार्थ जाने यो पहिलो समय हो ।

"अनि फेरि, भिक्षु ! यहाँ जुन समयमा भिक्षुसंगस द्वेष उत्पन्न हुन्छ, द्वेष चित्तमा डबिएको हुन्छ ... थिनमिद्ध (शारीरिक र मानसिक आलस्य) उत्पन्न भएको हुन्छ, ... उद्धच्चकुक्कुच्च (शारीरिक र मानसिक कार्यबाट हुने अस्थिरपन) ... विचिकिच्छा (शंका) उत्पन्न भएको हुन्छ... जुन निमित्त (विषय) उत्पन्ने हुन्छ, जुन निमित्त मनमा लिए आश्रवक्षय हुने हो त्यस निमित्तलाई जानेको हुँदैन त्यसबेला उपशमन गर्न यथार्थसहित जानेको हुँदैन । त्यस समय मनको भावना गर्ने भिक्षुको दर्शनार्थ गएर यसो भन्नुपर्छ– आवुसो ! जुन निमित्त मनमा लिए आश्रवक्षय हुने हो त्यस निमित्त-लाई जानेको छैन । आयुष्मानले आश्रव क्षयार्थ धर्मोपदेश दिनु भएमा मेरो निम्ति राम्रो हुन्थ्यो । उसलाई मनको भावना गर्ने भिक्षुले आश्रव क्षय हुने धर्मोपदेश दिन्छ । भिक्षु ! मनको भावना गर्ने भिक्षुको दर्शनार्थ जाने यो छैटौं समय हो । भिक्षुहो ! मनको भावना गर्ने भिक्षुको दर्शनार्थ यही छः सम-



Downloaded from http://dhamma.digital

यमा जानुपर्छ।

यही नै "आवुसोहो ! मैले स्वयम् भगवानको मुखबाट सुनेको छु, भगवानको मुखबाट ग्रहण गरेको छु। 'भिक्षु ! यी छः समयमा मनको भावना गर्ने भिक्षुकहाँ दर्शनार्थ जानु पर्छ।' "

## ९. उदायीसुत्तं

२९. तब भगवानले आयुष्मान उदायीलाई सम्बोधन गर्नुभयो– "उदायी ! अनुस्मृति कति प्रकारका छन् ? यसरी भन्नु भएपछि आयुष्मान उदायी चुप लागेर बसे। दोस्रो पटक पनि भगवानले आयुष्मान उदायीसंग सोध्नुभयो– "उदायी ! अनुस्मृति कति प्रकारका छन् ? दोस्रोपटक पनि आयुष्मान उदायी चुप लागेर बसे। तेस्रो पटक पनि भगवानले आयुष्मान उदायीसंग सोधे– "उदायी ! अनुस्मृति कति प्रकारका छन् ? तैस्रो पटक पनि आयुष्मान उदायी चुप लागेर बसे।

तब आयुष्मान आनन्दले आयुष्मान उदायीलाई भन्यो– "आवुसो उदायी ! शास्ताले तिमीलाई बोलाउनु भयो । "आवुसो आनन्द ! भगवानको कथनलाई मैले सुनें, भन्ते ! यहाँ भिक्षुले "अनेकप्रकारले पूर्व जन्मका कुरालाई अनुस्मरण गर्ने हुन्छन्, जस्तै कि– एक जन्मको, दुई जन्मको ... । यो आकारको, यो प्रकारको वा अनेकौं थरीलाई जानेको हुन्छ।"

तब आयुष्मान आनन्दलाई भगवानले बोलाउनु भयो– "आनन्द ! मैले जानिसकें कि, यो मूर्ख उदायीले अधि चित्त (समाधि विपस्सनामा चित्त)) लगाएको छैन। आनन्द ! अनुस्मृति-स्थान कतिप्रकारका छन् ?"

"भन्ते ! अनुस्मृति-स्थान पाँच प्रकारका छन्। ती पाँच के के हुन् ? भन्ते ! यहाँ भिक्षुले कामभोगबाट (तल १०० पन्ना दौँख हेरौं) ... प्रीति हटाएर उपेक्षावान, स्मृतिवान, राम्रोसँग जान्ने-बुझ्ने (ज्ञानवान) भई शरीरद्वारा, सुख अनुभव गरी बस्छ । जसलाई आर्यश्रावकहरूले भन्ने गर्छन्– 'उपेक्षावान, स्मृतिवान र सुख विहारी' हुन् भनी तृतीयध्यान प्राप्तगरी बस्ने।' भन्ते ! यस अनुस्मृति-स्थानलाई भावना गरेमा, वृद्धि गरेमा यसै जन्ममा सुखकासाथ बस्न सकिन्छ।

"अनि फेरि, भन्ते ! आलोक संज्ञालाई मनमा लिने हुन्छ, दिवा संज्ञा-



Downloaded from http://dhamma.digital

लाई अधिष्ठान गर्ने हुन्छ । जसरी दिवा त्यसरी नै रात, जसरी रात त्यसरी नै दिवा । यस प्रकारले खुलस्त चित्त, बाधारहित, प्रभास्वर चित्तको भई भावना गर्छ । भन्ते ! यो अनुस्मृति-स्थानलाई यसप्रकारले भावना गऱ्यो भने, वृद्धि गऱ्यो भने ज्ञानदर्शनका प्रतिलाभी हुन्छ ।

"अनि फेरि, भन्ते ! भिक्षुले यर शरीरको पादतलबाट माथि शीरको केश देखि छालासम्म समस्त नै नानाप्रकारका घृणीतले भरिएकोलाई हेर्ने गर्छ– 'यस शरीरमा केश, रौं, नङ्ग, दाँत, छाला, मासु, स्नायु, हड्डी, हडडी भित्रको मासी, मृगौला, मुटु, कलेजो, झिल्ली, फियो, फोक्सो, ठूलोआन्द्रा, सानुआन्द्रा, लादी, दिसा, गिदी, पित्त, खकार, पीप, रगत, पसीना, मासुमा रहने तेल (मेद), आँसु, बोसो, थुक, सिंघान, तेल र मूत्र ।' भन्ते ! यस अनुस्मृति-स्थानलाई भावना गऱ्यो भने, वृद्धि गऱ्यो भने काम-रागलाई हटाउन सकिन्छ ।

"अनि फेरि, भन्ते ! भिक्षुले मशानघाटमा फ्याँकिएको एक दिन भएको, दुई दिन भएको, तीन दिन भएको फूलेको, नीलो र पीवले भरेको लाशलाई हेर्छ । उसले आफ्नो शरीरसंग यसरी तुलना गर्छ– 'यो पनि यस्तै नै हो, यसबाट बच्न सकिंदैन ।' "

"जस्तै कि मशानमा फ्याँकिएको लाशलाई कागले खाँदै गरेको, चिलले खाँदै गरेको, गिद्धले खाँदै गरेको, कुकुरले खाँदै गरेको, स्यालले खाँदै गरेको अनि नानाप्रकारका प्राणीले खाँदै गरेको हेर्छ । उसले आफ्नो शरीरसंग यसरी तुलना गर्छ– 'यो पनि यस्तै नै हो, यसबाट बच्न सकिंदैन ।' "

"जस्तै कि मशानमा फ्याँकिएको लाशमा रगत-मासु-स्नायु र हड्डी भएका .... मासु नभएको रगत र स्नायु भएको कङ्काल ... रगत-मासुरहित स्नायुसहितको कङ्काल । हड्डीहरू पनि यता उता छडिएको, हातको हड्डी अर्कै तिर, खुट्टाको हड्डी अर्कै तिर, जाङ्गको हड्डी अर्कै तिर, छातीको हड्डी अर्कै तिर, पिठ्युँको हड्डी अर्कै तिर, कमरको हड्डी अर्कै तिर, नितम्बको हड्डी अर्कै तिर, पिठ्यूँको हड्डी अर्कै तिर, काँधको हड्डी अर्कै तिर, घाँटीको हड्डी अर्कै तिर, कुइनाको हड्डी अर्कै तिर, दाँत अर्कै तिर, टाउको को हड्डी अर्कै तिर, हड्डी शङ्ख जस्तै सेतो, हड्डीको ढेर, बर्षौपछि हड्डीहरू सडी गएको चूर्णविचूर्ण भएर गएकोलाई हेर्छ । उसले आफ्नो शरीरसंग यसरी तुलना गर्छ– 'यो पनि यस्तै नै हो, यसबाट बच्न सकिंदैन ।' भन्ते ! यस अनुस्मृति-स्थानलाई भावना गर्दा वृद्धि गर्दा अहंकार विनष्ट हुन्छ ।' "



Downloaded from http://dhamma.digital

अनि फेरि, भन्ते ! भिक्षुले सुख पनि हटाएर, दु:ख पनि हटाएर मानसिक हर्ष तथा विस्मात (सौमनस्य-दौर्मनस्य) पहिले नै विलुप्त हुनेगरी दु:खरहित, सुखरहित स्मृति परिशुद्ध गरी उपेक्षासहितको चतुर्थध्यान प्राप्तगरी बस्छ । भन्ते ! यस अनुस्मृति-स्थानलाई भावना गऱ्यो भने, वृद्धि गऱ्यो भने अनेकौं धातुका ज्ञान लाभ हुन्छ । भन्ते ! यी नै पाँच अनुस्मृति-स्थान हुन् ।"

"साधु, साधु, आनन्द ! तिमीले आनन्द ! त्यसमा यो छैटौं अनुस्मृति-स्थानलाई पनि धारण गर । यहाँ आनन्द ! भिक्षुले स्मृतिवान भई अगाडी जान्छ, पछाडी आउँछ, स्मृतिवान भई उठ्छ, स्मृतिवान भई बस्छ, स्मृतिवान भई सुत्छ अनि स्मृतिवान भई समस्त कार्य गर्छ । आनन्द ! यस अनुस्मृति-स्थानलाई भावना गर्दा वृद्धि गर्दा स्मृति-सम्प्रजन्यको लाभ हुन्छ ।"

## १०. अनुत्तरियसुत्तं

३०. "भिक्षुहो ! यी छ: प्रकारका श्रेष्ठोत्तम हुन् । ती छ: के के हुन् ? श्रेष्ठोत्तम दर्शन, श्रेष्ठोत्तम श्रवण, श्रेष्ठोत्तम लाभ, श्रेष्ठोत्तम शिक्षा, श्रेष्ठोत्तम परिचर्या र श्रेष्ठोत्तम अनुस्मृति ।

"भिक्षुहो ! श्रेष्ठोत्तम दर्शन भनेको के हो ? भिक्षुहो ! यहाँ कोही कोही मान्छे हस्तिरत्न पनि हेर्न जान्छ । अश्व रत्न पनि हेर्नजान्छ । मणिरत्न पनि हेर्न जान्छ । कुनै सानो-ठूलो चीजलाई हेर्नजान्छ अनि मिथ्यादृष्टिमा लागेका र मिथ्यादृष्टि श्रमण-ब्राह्मणलाई हेर्नजान्छ । भिक्षुहो ! यो पनि एकप्रकारको दर्शनै हो । होइन भनी म भन्दिन । तर भिक्षुहो ! उसको त्यो दर्शन हीन, ग्राम्य, पृथकजन, अनार्य र अनर्थकर हो । न त त्यो निर्वेदको लागि हुन्छ, न त वैराग्यको लागि हुन्छ, न त निरोधको लागि हुन्छ, न त उपशमनको लागि हुन्छ, न त ज्ञानको लागि हुन्छ, न त सम्बोधिको लागि हुन्छ अनि न त निर्वाणको लागि हुन्छ । भिक्षुहो ! जसले तथागत वा तथागतका श्रावकको दर्शनार्थ श्रद्धासहित, प्रेमसहित, अनन्य मनको भई, प्रसन्न भावले जानेगर्छ । भिक्षुहो ! यही दर्शन मध्येमा श्रेष्ठोत्तम दर्शन हो । यही दर्शनले नै सत्वको निम्ति विशुद्धार्थ हुन्छ, शोक-परिताप शान्तार्थ हुन्छ, दु:ख दौर्मनस्य अस्तार्थ हुन्छ, ज्ञान प्राप्तार्थ र निर्वाण साक्षार्थ हुन्छ । भिक्षुहो ! जुन् कि, यो तथागत वा तथागतका श्रावकको दर्शनार्थ श्रद्धासहित, प्रेमसहित, अनन्य मनको भई, प्रसन्न भावले जानेगर्छ । भिक्षुहो ! यसैलाई भनिन्छ– श्रेष्ठोत्तम दर्शन । यो भयो श्रेष्ठोत्तम दर्शन ।



Downloaded from http://dhamma.digital

"भिक्षुहो ! श्रेष्ठोत्तम श्रवण भनेको के हो ? भिक्षुहो ! यहाँ कोही कोही मान्छे भेरीशब्द सुन्नलाई जान्छ, वीणा शब्द सुन्नलाई जान्छ, गीत-शब्द सुन्नलाई जान्छ, उँच-नीच शब्द सुन्नलाई जान्छ अनि मिथ्यादृष्टिमा लागेका र मिथ्यादृष्टि श्रमण-ब्राह्मण कहाँ गएर धर्मश्रवण गर्नजान्छ । भिक्षुहो ! यो पनि एकप्रकारको श्रवणै हो । होइन भनी म भन्दिन । तर भिक्षुहो ! उसको त्यो श्रवण हीन, ग्राम्य, पृथकजन, अनार्य र अनर्थकर हो । न त त्यो निर्वेदको लागि हुन्छ, न त वैराग्यको लागि हुन्छ, न त निरोधको लागि हुन्छ, न त उपशमनको लागि हुन्छ, न त ज्ञानको लागि हुन्छ, न त सम्बोधिको लागि हुन्छ अनि न त निर्वाणको लागि हुन्छ । भिक्षुहो ! जसले तथागत वा तथागतका श्रावककहाँ धर्मश्रवनार्थ श्रद्धासहित, प्रेमसहित, अनन्य मनको भई, प्रसन्नभावले जानेगर्छ । भिक्षुहो ! यही श्रवण मध्येमा श्रेष्ठोत्तम श्रवण हो । यही श्रवणले नै सत्वको निम्ति विशुद्धार्थ हुन्छ, शोक-परिताप शान्तार्थ हुन्छ, दुःख दौर्मनस्य अस्तार्थ हुन्छ, ज्ञान प्राप्तार्थ र निर्वाण साक्षार्थ हुन्छ । भिक्षुहो ! जुन् कि, यो तथागत वा तथागतका श्रावकहाँ श्रवनार्थ श्रद्धा-सहित, प्रेमसहित, अनन्य मनको भई, प्रसन्न भावले जानेगर्छ । भिक्षुहो ! यसैलाई भनिन्छ– श्रेष्ठोत्तम श्रवण । यो भयो श्रेष्ठोत्तम दर्शन, यो भयो श्रेष्ठोत्तम श्रवण ।

"भिक्षुहो ! श्रेष्ठोत्तम लाभ भनेको के हो ? भिक्षुहो ! यहाँ कोही कोही मान्छेलाई पुत्र पनि लाभ हुन्छ, पुत्री पनि लाभ हुन्छ, धन पनि लाभ हुन्छ, साना-ठूला वस्तु पनि लाभ हुन्छ, अनि मिथ्यादृष्टिमा लागेका र मिथ्यादृष्टि श्रमण-ब्राह्मणप्रति पनि श्रद्धा लाभी हुन्छ । भिक्षुहो ! यो पनि एक प्रकारको लाभै हो । होइन भनी म भन्दिन । तर भिक्षुहो ! उसको त्यो लाभ भनेको हीन, ग्राम्य, पृथकजन, अनार्य र अनर्थकर हो । न त त्यो निर्वेदको लागि हुन्छ, न त वैराग्यको लागि हुन्छ, न त निरोधको लागि हुन्छ, न त उपशमनको लागि हुन्छ, न त ज्ञानको लागि हुन्छ, न त सम्बोधिको लागि हुन्छ अनि न त निर्वाणको लागि हुन्छ । भिक्षुहो ! जसले तथागत वा तथागतका श्रावकप्रति श्रद्धासहित, प्रेमसहित, अनन्य मनको भई, प्रसन्नभावले श्रद्धा लाभी हुन्छ । भिक्षुहो ! यही लाभ मध्येमा श्रेष्ठोत्तम लाभ हो । यही लाभले नै सत्वको विशुद्धार्थ हुन्छ, शोक-परिताप शान्तार्थ हुन्छ, दुःख दौर्मनस्य अस्तार्थ हुन्छ, ज्ञान प्राप्तार्थ र निर्वाण साक्षार्थ हुन्छ । भिक्षुहो ! जुन कि, यो तथागत वा तथागतका श्रावकप्रति श्रद्धा लाभ गर्ने श्रद्धासहित, प्रेमसहित, अनन्य मनको भई, प्रसन्न भावले श्रद्धा लाभी हुन्छ । भिक्षुहो ! यसैलाई भनिन्छ– श्रेष्ठोत्तम लाभ । यो भयो श्रेष्ठोत्तम दर्शन, श्रेष्ठोत्तम श्रवण र श्रेष्ठोत्तम लाभ ।



Downloaded from http://dhamma.digital

"भिक्षुहो ! श्रेष्ठोत्तम शिक्षा भनेको के हो ? भिक्षुहो ! यहाँ कोहीकोही मान्छे हात्तीको विषय शिक्षा लिनेहुन्छ, घोडाको विषय शिक्षा लिने हुन्छ, रथको विषय शिक्षा लिने हुन्छ, धनुषको विषय शिक्षा लिनेहुन्छ, कोदालो विषय शिक्षा लिनेहुन्छ, अन्य साना-ठूला काम पनि सिक्नेहुन्छ अनि मिथ्यादृष्टिमा लागेका र मिथ्यादृष्टि श्रमण-ब्राह्मणकहाँ गएर शिक्षा लिने हुन्छ । भिक्षुहो ! यो पनि एकप्रकारको शिक्षा नै हो । होइन भनी म भन्दिन । तर भिक्षुहो ! उसको त्यो शिक्षा हीन, ग्राम्य, पृथकजन, अनार्य र अनर्थकर हो । न त त्यो निर्वेदको लागि हुन्छ, न त वैराग्यको लागि हुन्छ, न त निरोधको लागि हुन्छ, न त उपशमनको लागि हुन्छ, न त ज्ञानको लागि हुन्छ, न त सम्बोधिको लागि हुन्छ अनि न त निर्वाणको लागि हुन्छ । भिक्षुहो ! जसले तथागतबाट प्रवर्तित धर्म विनयप्रति अधिशीलको पनि शिक्षा लिन्छ, अधिचित्तको पनि शिक्षा लिन्छ, अधिप्रज्ञाको पनि शिक्षा लिन्छ, प्रेमसहित, अनन्य मनको भई, प्रसन्न भावले श्रद्धासहित शिक्षा लिने हुन्छ । भिक्षुहो ! यही शिक्षा मध्येमा श्रेष्ठोत्तम शिक्षा हो । यही शिक्षाले नै सत्वको निम्ति विशुद्धार्थ हुन्छ, शोक-परिताप शान्तार्थ हुन्छ, दु:ख-दौर्मनस्य अस्तार्थ हुन्छ, ज्ञान प्राप्तार्थ र निर्वाण साक्षार्थ हुन्छ । भिक्षुहो ! जुन कि, यो तथागतबाट प्रवर्तित धर्मविनयको अधि- शीलको पनि शिक्षा लिन्छ, अधिचित्तको पनि शिक्षा लिन्छ, अधिप्रज्ञाको पनि शिक्षा लिन्छ, प्रेमसहित, अनन्य मनको भई, प्रसन्न भावले श्रद्धासहित शिक्षा लिने हुन्छ । भिक्षुहो ! यसैलाई भनिन्छ– श्रेष्ठोत्तम शिक्षा । यो भयो श्रेष्ठोत्तम दर्शन, श्रेष्ठोत्तम श्रवण, श्रेष्ठोत्तम लाभ र श्रेष्ठोत्तम शिक्षा ।

"भिक्षुहो ! श्रेष्ठोत्तम परिचर्या भनेको के हो ? भिक्षुहो ! यहाँ कोही-कोही मान्छेले क्षत्रिलाई पनि परिचर्या गर्छ, ब्राह्मणलाई पनि परिचर्या गर्छ, गृहपतिलाई पनि परिचर्या गर्छ, अन्य कोही साना-ठूलालाई पनि परिचर्या गर्छ अनि मिथ्यादृष्टिमा लागेका, मिथ्यादृष्टि श्रमण-ब्राह्मणको परिचर्या गर्छ । भिक्षुहो ! यो पनि एकप्रकारको परिचर्या नै हो । होइन, भनी म भन्दिन । तर भिक्षुहो ! उसको त्यो परिचर्या हीन, ग्राम्य, पृथकजन, अनार्य र अनर्थकर हो । न त त्यो निर्वेदको लागि हुन्छ, ... न त निर्वाणको लागि हुन्छ । भिक्षुहो ! जसले तथागतलाई वा तथागतका श्रावकलाई परिचर्या गर्छ, प्रेमसहित, अनन्य मनको भई, प्रसन्न भावले श्रद्धासहित परिचर्या गर्छ । भिक्षुहो ! यही परिचर्या मध्येमा श्रेष्ठोत्तम परिचर्या हो । यही परिचर्याले नै सत्वको निम्ति विशुद्धार्थ हुन्छ, शोक-परिताप शान्तार्थ हुन्छ, दु:ख दौर्मनस्य अस्तार्थ हुन्छ, ज्ञान प्राप्तार्थ र निर्वाण साक्षार्थ हुन्छ । भिक्षुहो ! जुन कि, यो तथागतलाई वा तथागतका श्रावकलाई श्रद्धासहित, प्रेमसहित, अनन्य मनको भई, प्रसन्न भावले परिचर्या



Downloaded from http://dhamma.digital

गर्छ । भिक्षुहो ! यसैलाई भनिन्छ– श्रेष्ठोत्तम परिचर्या । यो भयो श्रेष्ठोत्तम दर्शन, श्रेष्ठोत्तम श्रवण, श्रेष्ठोत्तम लाभ, श्रेष्ठोत्तम शिक्षा र श्रेष्ठोत्तम परिचर्या ।

"भिक्षुहो ! श्रेष्ठोत्तम अनुस्मृति भनेको के हो ? भिक्षुहो ! यहाँ कोही कोही मान्छेले पुत्र लाभ भएकोलाई पनि अनुस्मरण गर्ने हुन्छ, पुत्री लाभ भएकोलाई पनि अनुस्मरण गर्ने हुन्छ, धनलाभ भएकोलाई पनि अनुस्मरण गर्ने हुन्छ, साना-ठूला वस्तु लाभ भएकोलाई पनि अनुस्मरण गर्ने हुन्छ अनि मिथ्यादृष्टिमा लागेका, मिथ्यादृष्टि श्रमण-ब्राह्मणका पनि अनुस्मरण गर्ने हुन्छ । भिक्षुहो ! यो पनि एकप्रकारको अनुस्मृति नै हो । होइन, भनी म भन्दिन । तर भिक्षुहो ! उसको त्यो अनुस्मृति हीन, ग्राम्य, पृथकजन, अनार्य र अनर्थकर हो । न त त्यो निर्वेदको लागि हुन्छ, न त वैराग्यको लागि हुन्छ, न त निरोधको लागि हुन्छ, न त उपशमनको लागि हुन्छ, न त ज्ञानको लागि हुन्छ, न त सम्बोधिको लागि हुन्छ अनि न त निर्वाणको लागि हुन्छ । भिक्षुहो ! जसले तथागतलाई वा तथागतका श्रावकप्रति प्रेमसहित, अनन्य मनको भई, प्रसन्न भावले श्रद्धासहित अनुस्मरण गर्छ । भिक्षुहो ! यही नै अनुस्मरण मध्येमा श्रेष्ठोत्तम अनुस्मरण हो । यही अनुस्मरणले नै सत्वको निम्ति विशुद्धार्थ हुन्छ, शोक-परिताप शान्तार्थ हुन्छ, दुःख दौर्मनस्य अस्तार्थ हुन्छ, ज्ञान प्राप्तार्थ र निर्वाण साक्षार्थ हुन्छ । भिक्षुहो ! जुन् कि, यो तथागतलाई वा तथागतका श्रावकप्रति प्रेमसहित अनन्य मनको भई, प्रसन्न भावले श्रद्धासहित अनुस्मरण गर्छ, । भिक्षुहो ! यसैलाई भनिन्छ– श्रेष्ठोत्तम अनुस्मरण । भिक्षुहो ! यी नै छः प्रकारका श्रेष्ठोत्तम हुन् ।"

**"ये दस्सनानुत्तरं लद्धा, सवनञ्च अनुत्तरं ।**
**लाभनुत्तरियं लद्धा, सिक्खानुत्तरिये रता ॥**

"जो श्रेष्ठोत्तम-दर्शनको लाभी हुन्छ, श्रेष्ठोत्तम श्रवणको लाभी हुन्छ, श्रेष्ठोत्तम लाभको लाभी हुन्छ, श्रेष्ठोत्तम शिक्षाको लाभी हुन्छ ।

**"उपट्ठिता पारिचरिया, भावयन्ति अनुस्सतिं ।**
**विवेकप्पटिसंयुत्तं, खेमं अमतगामिनिं ॥**

"परिचर्या गर्नमा लागेको हुन्छ, अनुस्मृतिलाई भावना गर्ने हुन्छ विवेकप्रति युक्त, भयरहित निर्वाण गामि हुन्छ ॥

**"अप्पमादे पमुदिता, निपका सीलसंवुता ।**



Downloaded from http://dhamma.digital

ते वे कालेन पच्चेन्ति, यत्थ दुक्खं निरुज्झती"ति ॥

"अप्रमादमा प्रमुदित भई, प्रज्ञावान र शीलवान हुन्छ, उसले त्यसलाई समयमै प्राप्त गर्ने हुन्छ जहाँ दुःख निरोध हुन्छ ॥"

Downloaded from http://dhamma.digital

## ४.देवतावग्गो

### १. सेखसुत्तं

३१. "भिक्षुहो ! यी छः प्रकारका विषय शैक्ष भिक्षुको निम्ति हानिकारक हुन् । ती छः के-के हुन् ? कार्यमा मस्त, कुरामा मस्त, समूहमा मस्त, इन्द्रियमा चञ्चलता र भोजनमा मात्रज्ञ नहुनु । भिक्षुहो ! यी छः प्रकारका विषय शैक्ष भिक्षुको निम्ति हानिकारक हुन् ।

"भिक्षुहो ! यी छः प्रकारका विषय शैक्ष भिक्षुको निम्ति हानिकारक हुँदैन । ती छः के के हुन् ? कार्यमा मस्त नहुने, कुरामा मस्त नहुने, समूहमा मस्त नहुने, इन्द्रियमा चञ्चलता नहुने र भोजनमा माात्रज्ञ हुने । भिक्षुहो ! यी नै छः प्रकारका विषय शैक्ष भिक्षुको निम्ति हानिकारक हुँदैन ।"

### २. पठमअपरिहानसुत्तं

३२. त्यस समयमा रात्रीको उज्यालोमा एकजना तेजवर्ण देवता समस्त जेतवनलाई प्रकाशित गरी जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गए । गएर भगवानलाई अभिवादन गरी एक ठाउँमा उभेर बसे । एक ठाउँमा उभेर बसेका देवताले भगवानलाई यसो भन्यो–

"भन्ते ! यी छः प्रकारका विषय भिक्षुको लागि हानिकारक हुँदैन । ती छः के-के हुन् ? शास्ताप्रति गौरव गर्ने हुन्छ, धर्मप्रति गौरव गर्ने हुन्छ, संघप्रति गौरव गर्ने हुन्छ, शिक्षाप्रति गौरव गर्ने हुन्छ, अप्रमादप्रति गौरव गर्ने हुन्छ र मैत्री-भावप्रति गौरव गर्ने हुन्छ ।" देवताको यस कथनलाई शास्ताले समर्थन गर्नुभयो । अनि त ती देवताले "शास्ताले मेरो कथनलाई समर्थन गर्नुभयो" भनी भगवानलाई अभिवादन गरी त्यही अन्तर्धान भए ।

अनि भगवान त्यस रात बितेपछि भिक्षुहरूलाई बोलाउनु भयो– "भिक्षुहो ! आज रात्रीको उज्यालोमा तेजवर्णका देवता समस्त जेतवनलाई प्रकाशित गरी जहाँ म थिएं, त्यहाँ आए । आएर मलाई अभिवादन गरी एक ठाउँमा उभिए । एक ठाउँमा उभिएका ती देवताले मलाई यसरी भन्यो– "भन्ते ! यी छः प्रकारका विषय भिक्षुको लागि हानिकारक हुँदैन । ती छः के के हुन् ? शास्ताप्रति गौरव गर्ने हुन्छ, धर्मप्रति गौरव गर्ने हुन्छ, संघप्रति गौरव गर्ने हुन्छ, शिक्षाप्रति गौरव गर्ने हुन्छ, अप्रमादप्रति गौरव गर्ने हुन्छ र मैत्री-



Downloaded from http://dhamma.digital

भावप्रति गौरव गर्ने हुन्छ । भन्ते यी नै छः विषयले गर्दा भिक्षुलाई हानिकारक हुँदैन । भिक्षुहो ! ती देवताले यसरी भन्यो । यति भनि सकेपछि मलाई अभिवादन गरी त्यहीं अन्तर्धान भए ।"

**"सत्थुगरु धम्मगरु, सङ्घे च तिब्बगारवो ।**
**अप्पमादगरु भिक्खु, पटिसन्थारगारवो ।**
**अभब्बो परिहानाय, निब्बनस्सेव सन्तिके"ति ॥**

"जो भिक्षुले शास्ताप्रति गौरव गर्छ, धर्मप्रति गौरव गर्छ, संघप्रति तीब्र गौरब गर्छ, अप्रमादप्रति गौरव गर्छ अनि मैत्रीप्रति गौरव गर्छ भने उसको अवनति नभई निर्वाणकै समीप पुगेको हुन्छ ।"

## ३. दुतियअपरिहानसुत्तं

३३. "भिक्षुहो ! आज रात्रीको उज्यालोमा तेजवर्ण भएका देवता समस्त जेतवनलाई प्रकाशित गरी जहाँ म थिएं त्यहाँ आए । आएर मलाई अभिवादन गरी एक ठाउँमा उभिए । एक ठाउँमा उभिएर ती देवताले मलाई यसरी भन्यो– "भन्ते ! यी छः प्रकारका विषयले भिक्षुको अवनति हुनेछैन । ती छः के-के हुन् ? शास्ताप्रति गौरव गर्ने हुन्छ, धर्मप्रति गौरव गर्ने हुन्छ, संघप्रति गौरव गर्ने हुन्छ, शिक्षाप्रति गौरव गर्ने हुन्छ, लज्जाप्रति गौरव गर्ने हुन्छ र भयप्रति गौरव गर्ने हुन्छ । भन्ते यी नै छः विषयले गर्दा भिक्षुको अवनति हुने छैन । भिक्षुहो ! ती देवताले यसरी भन्यो । यति भनि सकेपछि मलाई अभिवादन गरी त्यहीं अन्तर्धान भएर गए ।"

"सत्थुगरु धम्मगरु, सङ्घे च तिब्बगारवो ।
हिरिओत्तप्पसम्पन्नो, सप्पतिस्सो सगारवो ।
अभब्बो परिहानाय, निब्बनस्सेव सन्तिके"ति ॥

"शास्ताप्रति गौरव, धर्मप्रति गौरव, संघप्रति गौरव, लज्जा र भयले युक्त, ठूलाप्रति गौरव गर्छ भने उसको अवनति नभई निर्वाणकै समीप पुग्ने हुन्छ ।"

## ४. महामोग्गल्लानसुत्तं

३४. एक समय भगवान सावत्थिस्थित अनाथपिण्डिकको जेतवनारामम बस्नुहुन्थ्यो । त्यस समय महामोग्गल्लान एकान्तमा ध्यान गरिरहँदा मनमा यस्तो वितर्क उत्पन्न भयो– "कस्ता कस्ता देवतासंग यस्तो ज्ञान हुन्छ



Downloaded from http://dhamma.digital

कि, 'श्रोतापन्न हुने पतन हुने स्वभावका हुँदैनन् र सम्बोधि प्राप्ति अवश्यम्भावी हो ?' " त्यस समयमा तिस्स नाउँका एक भिक्षुको भर्खरै मृत्यु भई ब्रह्मलोकमा उत्पन्न भएको थियो । त्यहाँ पनि ऊ यसरी परिचित थिए– "तिस्स ब्रह्मा महाऋद्धिवान र महानुभाव सम्पन्न हुन् ।"

अनि त्यही समय आयुष्मान महामोग्गल्लान जस्तो कि, बलवान पुरुष समेटिएको बाहुलाई फुकाई दिने, फुकाइएको बाहुलाई समेटि दिए झैं गरी जेतवनबाट अन्तर्धान भई त्यस ब्रह्मलोकमा प्रादुर्भाव हुनुभयो । तिस्स ब्रह्माले आयुष्मा महामोग्गल्लान टाढैबाट आउँदै गर्नु भएको देखे । देखेर आयुष्मान महामोग्गल्लानलाई यसरी भन्यो– "आउनुहोस्, महामोग्गल्लान ! स्वागत छ, मारिष महामोग्गल्लान ! धेरै दिनपछि मोग्गल्लान तपाईं यहाँ पाल्नुभयो । बस्नु होस्, मारिष मोग्गल्लान ! यो आसन बिछ्याइएको छ । बिछ्याई राखेको आसनमा आयुष्मान महामोग्गल्लान बस्नुभयो । तिस्स ब्रह्माले पनि आयुष्मान महामोग्गल्लानलाई अभिवादन गरी एक ठाउँमा बसे । एक ठाउँमा बसेपछि तिस्स ब्रह्मालाई आयुष्मान महामोग्गल्लानले यसो भन्नुभयो–

"तिस्स ! "कस्ता-कस्ता देवतासंग यस्तो ज्ञान हुन्छ कि, 'श्रोतापन्न हुने पतन हुने स्वभावका हुँदैनन् र सम्बोधि प्राप्ति अवश्यम्भावी हो ?' " "मारिष मोग्गल्लान ! 'चतुमहाराज देवताहरूसंग यस्तो ज्ञान हुन्छ– 'श्रोतापन्न हुने पतन स्वभावका हुँदैनन् र सम्बोधि प्राप्ति अवश्यम्भावी हो ।' "

"तिस्स ! के सबै चातुमहाराज देवताहरूसंग यस्तो ज्ञान हुन्छ– 'श्रोतापन्न हुने पतन स्वभावका हुँदैनन् र सम्बोधि प्राप्ति अवश्यम्भावी हो ।' "मारिष मोग्गल्लान ! 'सबै चातुमहाराज देवताहरूसंग यस्तो ज्ञान हुँदैन– 'श्रोतापन्न हुने पतन स्वभावका हुँदैनन् र सम्बोधि प्राप्ति अवश्यम्भावी हो ।' " मारिस मोग्गल्लान ! जो ती चातुमहाराज देवहरू बुद्धप्रति अटल श्रद्धा नभएका, धर्मप्रति अटल श्रद्धा नभएका, संघप्रति अटल श्रद्धा नभएका, उत्तम आर्यशील सम्पन्न नभएका ती देवहरूसंग यस्तो ज्ञान हुँदैन–'श्रोतापन्न हुने पतन स्वभावका हुँदैनन् र सम्बोधि प्राप्ति अवश्यम्भावी हो ।' " जो ती चतुमहाराज देवहरू बुद्धप्रति अटल श्रद्धा, धर्मप्रति अटल श्रद्धा, संघप्रति अटल श्रद्धा, उत्तम आर्यशीलसम्पन्न ती देवहरूसंग यस्तो ज्ञान हुन्छ– 'श्रोतापन्न हुने पतन स्वभावका हुँदैनन् र सम्बोधि प्राप्ति अवश्यम्भावी हो ।' "

"तिस्स ! के केवल चातुमहाराज देवताहरूसंग मात्रै यो ज्ञान हुन्छ कि––'श्रोतापन्न हुने पतन स्वभावका हुँदैनन् र सम्बोधि प्राप्ति अवश्यम्भावी



Downloaded from http://dhamma.digital

हो ?' भनी अन्य तावतिंस देवताहरूसंग पनि ... यामा देवताहरूसंग पनि ... तुसित देवताहरूसंग पनि ... निम्माणरति देवताहरूसंग पनि... परनिम्मितवसवत्ती देवताहरूसंग पनि ज्ञान हुन्छ– 'श्रोतापन्न हुने पतन स्वभावका हुँदैनन् र सम्बोधि प्राप्ति अवश्यम्भावी हो ?' "मारिस मोग्गल्लान ! परनिम्मितवसवत्ती देवताहरूसंग पनि ज्ञान हुन्छ –'श्रोतापन्न हुने पतन स्वभावका हुँदैनन् र सम्बोधि प्राप्ति अवश्यम्भावी हो ।'

"तिस्स ! के सबै परनिम्मितवसवत्ती देवताहरूसंग यस्तो ज्ञान हुन्छ– 'श्रोतापन्न हुने पतन स्वभावका हुँदैनन् र सम्बोधि प्राप्ति अवश्यम्भावी हो ?'" "मारिष मोग्गल्लान ! 'मारिष मोग्गल्लान ! सबै परनिम्मितवसवत्ती देवताहरू-संग यस्तो ज्ञान हुँदैन–'श्रोतापन्न हुने पतन स्वभावका हुँदैनन् र सम्बोधि प्राप्ति अवश्यम्भावी हो ।' " मारिस मोग्गल्लान ! जो ती परिनिम्मित देवहरू बुद्धप्रति अटल श्रद्धा नभएका, धर्मप्रति अटल श्रद्धा नभएका, संघप्रति अटल श्रद्धा नभएका, उत्तम आर्यशीलसम्पन्न नभएका ती देवहरूसंग यस्तो ज्ञान हुँदैन– 'श्रोतापन्न हुने पतन स्वभावका हुँदैनन् र सम्बोधि प्राप्ति अवश्यम्भावी हो ।' " जो ती परनिम्मितवसवत्ती देवहरू बुद्धप्रति अटल श्रद्धा, धर्मप्रति अटल श्रद्धा, संघप्रति अटल श्रद्धा, उत्तम आर्यशीलसम्पन्न ती देवहरूसंग यस्तो ज्ञान हुन्छ–'श्रोतापन्न हुने पतन स्वभावका हुँदैनन् र सम्बोधि प्राप्ति अवश्यम्भावी हो ।' "

अनि त आयुष्मान महामोग्गल्लानले तिस्स ब्रह्माको कथनलाई अभिनन्दन र अनुमोदनरी– "जस्तो कि बलवान पुरुषले समेटिएको बाहुलाई फुकाई दिने, फुकाइएको बाहुलाई समेटि दिए झैं गरी ब्रह्मलोकबाट अन्तर्धान भई जेतवनमा प्रादुर्भाव हुनभयो ।' "

Dhamma Digital

## ५. विज्जाभागियसुत्तं

३५. "भिक्षुहो ! यी छः प्रकारका धर्महरू विद्या-भागिय हुन् । ती छः के के हुन् ? अनित्य संज्ञा, दुःख संज्ञा, दुःखमा अनात्मा संज्ञा, प्रहाण संज्ञा, विराग संज्ञा, निरोध संज्ञा । भिक्षुहो ! यी नै छः प्रकारका धर्महरू विद्या-भागिय हुन् ।"

## ६. विवादमूलसुत्तं

"भिक्षुहो ! यी छः विषय विवादका जड हुन् । ती छः के-के हुन् ?



Downloaded from http://dhamma.digital

भिक्षुहो ! यहाँ भिक्षु क्रोधी वा द्वेषी हुन्छ । भिक्षुहो ! जो भिक्षु क्रोधी वा द्वेषी हुन्छ । ऊ शास्ताप्रति पनि अनादर र अगौरव गर्ने हुन्छ, धर्मप्रति पनि अनादर र अगौरव गर्ने हुन्छ, संघप्रति पनि अनादर र अगौरव गर्ने हुन्छ, शिक्षालाई पनि राम्रोसंग ग्रहण नगर्ने हुन्छ । भिक्षुहो ! जो भिक्षुले तथागतप्रति आदर र गौरव गर्दैन, धर्मप्रति आदर र गौरव गर्दैन, संघप्रति आदर र गौरव गर्दैन, शिक्षालाई राम्रोसंग ग्रहण नगर्ने हुन्छ भने उसले संघमा विवादको श्रृजन गर्नेछन् । जुन विवादले गर्दा बहुजनका निम्ति अहित हुन्छ, बहुजनको निम्ति दुःख हुन्छ, बुहजनको निम्ति अनर्थ हुन्छ, धेरै नै जनका साथै देव-मनुष्यप्रति अनर्थ, अहित र दुःखार्थ हुन्छ । भिक्षुहो ! यसप्रकारका विवादको मूललाई तिमीहरूले बाहिरी वा भित्री देखिएमा भिक्षुहो ! तिमीहरूले त्यसप्रकारका विवादका मूल पापलाई हटाउन प्रयत्न गर्नुपर्छ । भिक्षुहो ! यसप्रकारका विवादको मूललाई तिमीहरूले बाहिरी वा भित्री देखिएमा भिक्षुहो ! तिमीहरूले त्यसप्रकारका विवादका मूल पापलाई निर्मूल गर्ने मार्गमा लाग्ने गर । यसो हुँदा पापरूपी विवाद नरहने हुन्छ अनि यसले गर्दा पापरूपी विवाद उत्पन्न हुँदैन ।

"अनि फेरि, भिक्षुहो ! भिक्षु ढोंगी वा निर्दयी हुन्छ ... इर्ष्यालु वा कंजूस हुन्छ ... शठ वा मायावी हुन्छ ... पापीच्छा वा मिथ्यादृष्टि हुन्छ ... दृष्टिग्राही वा जिद्दीवाला हुन्छ वा दुराग्रही हुन्छ । भिक्षुहो ! जो भिक्षु दृष्टि ग्राही हुन्छ ... जिद्दीवाला हुन्छ अनि दुराग्रही हुन्छ । ऊ शास्ताप्रति पनि अनादर र अगौरव गर्ने हुन्छ, धर्मप्रति पनि अनादर र अगौरव गर्ने हुन्छ, संघप्रति पनि अनादर र अगौरव गर्ने हुन्छ, शिक्षालाई पनि राम्रोसंग ग्रहण नगर्ने हुन्छ । भिक्षुहो ! जो भिक्षुले तथागतप्रति आदर र गौरव गर्दैन, धर्मप्रति आदर र गौरव गर्दैन, संघप्रति आदर र गौरव गर्दैन, शिक्षालाई राम्रोसंग ग्रहण नगर्ने हुन्छ भने उसले संघमा विवादको श्रृजन गर्ने हुन्छ । जुन विवादले गर्दा बहुजनका निम्ति अहित हुन्छ, बहुजनको निम्ति दुःख हुन्छ, बुहजनको निम्ति अनर्थ हुन्छ, धेरै नै जनका साथै देव-मनुष्यप्रति अनर्थ, अहित र दुःखार्थ हुन्छ । भिक्षुहो ! यसप्रकारका विवादको मूललाई तिमीहरूले बाहिरी वा भित्री देखिन्छ भने, भिक्षुहो ! तिमीहरूले त्यसप्रकारका विवादका मूल पापलाई हटाउन प्रयत्न गर्नुपर्छ । भिक्षुहो ! यसप्रकारका विवादको मूललाई तिमीहरूले बाहिरी वा भित्री देखिन्छ भने, भिक्षुहो ! तिमीहरूले त्यसप्रकारका विवादका मूल पापलाई निर्मूल गर्ने मार्गमा लाग्ने गर । यसो हुँदा पापरूपी विवाद नरहने हुन्छ अनि यसले गर्दा पापरूपी विवाद उत्पन्न हुँदैन । भिक्षुहो ! यी नै छः विषयहरू विवादका जड हुन् ।"



Downloaded from http://dhamma.digital

## ७. छलङ्गदानसुत्तं

३७. एक समय भगवान सावत्थिस्थित अनाथपिण्डिकको जेतवनाराममा बस्नुहुन्थ्यो । त्यस समय उपासिका वेलुकण्डकी नन्दमाताले सारिपुत्त र मोग्गल्लान प्रमुख भिक्षुसंघलाई छः अङ्गले युक्त दान दिंदै थिइन । दिव्य चक्षुद्वारा भगवानले वेलुकण्डकी नन्दमाता उपासिकाले सारिपुत्त र मोग्गल्लान प्रमुख भिक्षुसंघलाई छलङ्ग युक्त दान दिंदै गरिरहेकि देख्नुभयो । देख्नुभई भिक्षुहरूलाई बोलाउनु भयो– "भिक्षुहो ! यी उपासिका वेलुकण्डकी नन्दमाताले सारिपुत्त र मोग्गल्लान प्रमुख भिक्षुसंघलाई छलङ्गयुक्त दान दिइरहेकिछिन् ।"

"भिक्षुहो ! छःअङ्गले युक्त दान कसरी हुन्छ ? भिक्षुहो ! यहाँ दायकसंग तीन अङ्ग हुन्छ अनि प्रतिग्राहकसंग पनि तीन अङ्ग हुन्छ । दायकको तीन अङ्ग भनेको के हो ? भिक्षुहो ! यहाँ दायकले दान दिन अघि सुमन हुन्छ, दिंदा चित्त प्रसन्न हुन्छ र दिइसकेपछि सन्तुष्ट हुन्छ । यी दायकका तीन अङ्ग हुन् ।

"प्रतिग्राहकका तीन अङ्ग के के हुन् ? यहाँ भिक्षुहो ! प्रतिग्राहक वीतराग हुन्छ वा राग शान्त पार्नमा लागेको हुन्छ, वीत-द्वेष हुन्छ वा वीत-द्वेष शान्त पार्नमा लागेको हुन्छ अनि वीत-मोह हुन्छ वा वीत-मोह शान्त पार्नमा लागेको हुन्छ । यी तीन प्रतिग्राहकका अङ्ग हुन् । यी दायकका तीन अङ्ग र प्रतिग्राहकका तीन अङ्ग हुन् । भिक्षुहो ! यसरी दान छः अङ्गले युक्त हुन्छ ।

"भिक्षुहो ! यसरी छः अङ्गले सम्पन्न गरी दिइने दानको फललाई अनुमान गर्नु सजिलो छैन कि, यति पुण्य लाग्यो, यति कुशल कर्म भयो, यति सुख साधन भयो, यति स्वर्गका सहारा भयो, यति सुखद् फल भयो, यति स्वर्गका लागि इष्टकर, सुन्दरतर, मनले चाहेजस्तो, हितार्थ र सुखार्थ भयो । अथच असंख्य, अप्रमेय, महापुण्य-स्कन्ध भनी लिनसक्छ ।

जस्तै कि, भिक्षुहो ! 'महासमुद्रको पानीलाई अनुमान लगाउन सक्दैन कि, पानि यति माना छ, यति शत माना छ, यति सहश्र माना छ, यति सतसहश्र माना छ ।' अथच असंख्य, अप्रमेय अनि महाजल-राशि भनिने गर्छ । यसरी नै भिक्षुहो ! छः अङ्गले सम्पन्न गरी दिइने दानको फललाई अनुमान गर्नु सजिलो छैन कि, यति पुण्य लाग्यो, यति कुशल कर्म भयो, यति सुख साधन भयो, यति स्वर्गका सहारा भयो, यति सुखद् फल भयो, यति स्वर्गका लागि इष्टकर, सुन्दरतर, मनले चाहे जस्तो, हितार्थ र सुखार्थ भयो । अथच असंख्य, अप्रमेय, महापुण्यस्कन्ध भनी लिन सक्छ ।"



Downloaded from http://dhamma.digital

**"पुब्बेव दाना सुमनो, ददं चित्त पसादये ।**
**अत्तमनो होति, एसा यञ्ञस्स सम्पदा ॥**

"दान दिनु पहिलै सुमन हुन्छ, दिइरहँदा प्रसन्न भइरहेको हुन्छ, दिइसकेपछि सन्तुष्ट हुन्छ, यी यज्ञका सम्पदा हुन् ।

**"वीतरागा वीतदोसा, वीतमोहा अनासवा ।**
**खेत्तयञ्ञस्स सम्पन्नं, सञ्ञता ब्रह्मचारयो ॥**

"वीत-राग, वीत-द्वेष, वीत-मोह, अनाश्रवी, संयमित र ब्रह्मचारी भनेको दानरूपी यज्ञले सम्पन्न खेत समान हुन् ।

**"सयं आचमयित्वान, दत्वा सकेहि पाणिभि ।**
**अत्तनो परतो चेसो, यञ्ञो होति महप्फलो ॥**

"स्वयम्ले याचना गरी, आफ्नै हातद्वारा जसले दान दिन्छ, ऊ आफ्नो र अरूको निम्ति महा-फलदायी यज्ञ गरेको हुन्छ ।

**"एवं यजित्वा मेधावी, सद्धो मुत्तेन चेतसा ।**
**अब्यापज्जं सुखं लोकं, पण्डितो उपपज्जती"ति ॥**

"यसरी मेधावीले श्रद्धासहित मुक्त चेतनाको भई यज्ञ गर्छ भने, त्यो पण्डित द्वेषरहितको लोकमा उत्पन्न हुन्छ ।"

## ८. अत्तकारीसुत्तं

३८. त्यस समय कोही एकजना ब्राह्मण जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गए । गएर भगवानसंग कुशलवार्ता गरे । कुशल वार्तापछि एक ठाउँमा बसे । एक ठाउँमा बसेपछि ब्राह्मणले भगवानलाई यसो भन्यो– "भगवान ! म यस्तो वाद र यस्तो मतको हुँ– 'छैन आत्मकृत्य अनि परकृत्य पनि छैन ।' " "ब्राह्मण ! मैले यस्तो वाद र यस्तो दृष्टिको देखेको छैन अनि सुनेको पनि छैन । स्वयम्ले अभिक्रमण तथा प्रतिक्रमण गर्नेले कसरी भन्नसक्छ कि, 'छैन आत्मकृत्य अनि परकृत्य पनि छैन !' "

"के त तिमी मान्दछौ, ब्राह्मण ! के कुनै कार्यको आरम्भ हुनुपर्छ ?" हुन्छ, "भो ! कार्यको आरम्भ हुने भएकोले नै त्यस कार्यको आरम्भ गर्ने सत्व



Downloaded from http://dhamma.digital

देखिन्छ ? देखिन्छ भो !" ब्राह्मण ! यो जुन कार्यको आरम्भ हुनाले त्यस कार्यलाई गर्ने सत्व देखाई दिन्छ। यही सत्वका आत्मकृत हो तथा यही सत्वका परकृत्य हो ।

"के त तिमी मान्दछौ, ब्राह्मण ! निष्क्रमण धातु छ ... पराक्रम धातु छ ... स्थिति धातु छ ... उपक्रम धातु छ त ?" छ, भन्ते ! उपक्रम धातु हुनाले नै उपक्रम गर्ने सत्व देखिन्छ । यही सत्वका आत्मकृत्य हो अनि यही सत्वका परकृत्य हो ।

"ब्राह्मण ! मैले यस्तो वाद र यस्तो दृष्टिको देखेका छैन अनि सुनेको पनि छैन । स्वयम्ले अभिक्रमण तथा प्रतिक्रमण गर्नेले कसरी भन्नसक्छ कि, 'छैन आत्मकृत्य अनि परकृत्य पनि छैन !' "

"अत्यन्तै राम्रो, भो गोतम ! ... आज देखि प्राणान्तसम्म शरणमा परेका उपासक भनी जान्नुहोस् ।

## ९. निदानसुत्तं

"भिक्षुहो ! कर्म उत्पत्ति हुने कारण तीन छन् । ती तीन के के हुन् ? कर्म उत्पत्ति हुने कारण लोभ हो, कर्म उत्पत्ति हुने कारण द्वेष हो अनि कर्म उत्पत्ति हुने कारण मोह हो । भिक्षुहो ! लोभबाट अलोभको उत्पत्ति हुँदैन । अथच भिक्षुहो ! लोभबाट लोभकै उत्पत्ति हुन्छ । भिक्षुहो ! द्वेषबाट अद्वेषको उत्पत्ति हुँदैन । अथच भिक्षुहो ! द्वेषबाट द्वेषकै उत्पत्ति हुन्छ । भिक्षुहो ! मोहबाट अमोहको उत्पत्ति हुँदैन । अथच भिक्षुहो ! मोहबाट मोहकै उत्पत्ति हुन्छ । भिक्षुहो ! लोभ-जनित कर्मबाट, द्वेष-जनित कर्मबाट अनि मोह-जनित कर्मबाट न देव-योनिको दर्शन गर्न पाइन्छ, न मनुष्य-योनिको दर्शन गर्न पाइन्छ, न त कुनै अर्को सुगति नै । अथच, भिक्षुहो ! लोभजनित कर्मद्वारा, द्वेषजनित कर्मद्वारा अनि मोहजनित कर्मद्वारा नरक-लोकको दर्शन हुन्छ, तिर्यक-योनिको दर्शन हुन्छ, प्रेत-लोकको दर्शन हुन्छ अनि अन्य कुनै दुर्गतिको । भिक्षुहो ! यी नै तीन कारणे कर्मको उत्पत्ति हुन्छ ।

"भिक्षुहो ! कर्म उत्पत्ति हुने कारण तीन छन् । ती तीन के के हुन् ? कर्म उत्पत्ति हुने कारण अलोभ हो, कर्म उत्पत्ति हुने कारण अद्वेष हो अनि कर्म उत्पत्ति हुने कारण अमोह हो । भिक्षुहो ! अलोभबाट लोभको उत्पत्ति हुँदैन । अथच भिक्षुहो ! अलोभबाट अलोभकै उत्पत्ति हुन्छ । भिक्षुहो ! अद्वेषबाट द्वेषको उत्पत्ति हुँदैन । अथच, भिक्षुहो ! अद्वेषबाट अद्वेषकै उत्पत्ति हुन्छ । भिक्षुहो !



Downloaded from http://dhamma.digital

अमोहबाट अमोहकै उत्पत्ति हुन्छ । अथच, भिक्षुहो ! अमोहबाट अमोहको नै उत्पत्ति हुन्छ । भिक्षुहो ! अलोभजनित कर्मबाट, अद्वेषजनित कर्मबाट अनि अमोहजनित कर्मबाट देव-योनिको दर्शन गर्न पाइन्छ, मनुष्य-योनिको दर्शन गर्न पाइन्छ, या त अन्य कुनै सुगतिको । अथच, भिक्षुहो ! अलोभजनित कर्मद्वारा, अद्वेषजनित कर्मद्वारा अनि अमोहजनित कर्मद्वारा देव-लोकको दर्शन हुन्छ, मनुष्य-लोकको दर्शन हुन्छ, अनि या त अन्य कुनै सुगतिको । भिक्षुहो ! यी नै तीन कारणे गर्दा कर्मको उत्पत्ति हुन्छ ।"

## १०. किमिलसुत्तं

४०. यस्तो मैले सुनें– एक समय भगवान किमिलस्थित निचुल वनमा बस्नुहुन्थ्यो । त्यसबेला आयुष्मान किमिल जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गए । गएर भगवानलाई अभिवादन गरी एक ठाउँमा बसे । एक ठाउँमा बसेपछि किमिलले भगवानलाई यसो भन्यो– "भन्ते ! के कारणले होला, किन होला भगवानको परिनिर्वाणपछि सद्धर्म चिरस्थायी हुँदैन ?" "किमिल ! यहाँ तथागतको परिनिर्वाणपछि भिक्षुहरू, भिक्षुणीहरू, उपासकहरू, उपासिकाहरू शास्ताप्रति आदररहित र गौरवरहित भई बस्नेछन्, धर्मप्रति आदररहित र गौरवरहित भई बस्नेछन्, संघप्रति आदररहित र गौरवरहित भई बस्नेछन्, शिक्षाप्रति आदर-रहित र गौरवरहित भई बस्नेछन्, अप्रमादप्रति आदररहित र गौरवरहित भई बस्नेछन् अनि आगन्तुकप्रति मैत्रीपूर्वक व्यवहार नगर्ने हुन्छ । यही कारणले, यही विषयले, किमिल ! तथागतको सद्धर्म चिरस्थायी हुँदैन ।"

"भन्ते ! के कारणले होला, किन होला भगवानको परिनिर्वाणपछि सद्धर्म चिरस्थायी हुन्छ ?" "किमिल ! यहाँ तथागतको परिनिर्वाणपछि भिक्षुहरू, भिक्षुणीहरू, उपासकहरू, उपासिकाहरू शास्ताप्रति आदर र गौरव गरी बस्ने-छन्, धर्मप्रति आदर र गौरव गरी बस्नेछन्, संघप्रति आदर र गौरव गरी बस्नेछन्, शिक्षाप्रति आदर र गौरव गरी बस्नेछन्, अप्रमादप्रति आदर र गौरव गरी बस्नेछन् अनि आगन्तुकप्रति मैत्रीपूर्वक व्यवहार गर्नेछन् । यही कारणले, यही विषयले, किमिल ! तथागतको सद्धर्म चिरस्थायी हुन्छ ।"

## ११. दारुक्खन्धसुत्तं

४१. यस्तो मैले सुनें– एक समय आयुष्मान सारिपुत्त राजगहस्थित गिज्झकूट पर्वतमा बस्नुहुन्थ्यो । त्यस समय आयुष्मान सारिपुत्त पूर्वाण्ह समयमा (चीवर-वस्त्र) लगाउनका साथै पात्र-चीवर लिनुभई धेरै भिक्षुहरूको



Downloaded from http://dhamma.digital

साथ गिज्झकूट पर्वतबाट ओर्लिंदै गर्नहुँदा एकठाउँमा दाउराको चाङ देख्नुभयो । देख्नुभई भिक्षुहरूलाई बोलाउनु भयो– "भिक्षुहो ! तिमीहरूले यो दाउराको चाङलाई देखिरहेका छौ ?" "छु, आवुसो !

"यदि चाहना भएमा, आवुसोहो ! ऋद्धि प्राप्त गरेका, चित्तलाई वशमा पारेका जो कोही भिक्षुले यी दाउराको चाङलाई पृथ्वी-धातुको रूपमा लिन-सक्छ । त्यो के कारणले ? आवुसोहो ! त्यो दाउराको चाङ पृथ्वी-धातु हो । आवुसोहो ! जो ऋद्धि प्राप्त गरेका, चित्त वशमा पारेका जो कोही भिक्षुले यी दाउराको चाङलाई पृथ्वी-धातुको रूपमा लिनसक्छ । "यदि चाहना भएमा, आवुसोहो ! ऋद्धि प्राप्त गरेका, चित्तलाई वशमा पारेका जो कोही भिक्षुले यी दाउराको चाङलाई जल-धातुको रूपमा लिनसक्छ ... तेज-धातुको रूपमा लिन सक्छ ... वायु-धातुको रूपमा लिनसक्छ ...शुभको रूपमा लिनसक्छ ... अशुभको रूपमा लिनसक्छ । त्यो के कारणले ? आवुसोहो ! त्यो दाउराको चाङ अशुभ-धातु हो । आवुसोहो ! जो ऋद्धि प्राप्त गरेका, चित्तलाई वशमा पारेका जो कोही भिक्षुले यी दाउराको चाङलाई अशुभ-धातुको रूपमा लिन सक्छ ।"

## १२. नागितसुत्तं

४२. यस्तो मैले सुनें– एक समय भगवान महाभिक्षुसंघका साथ कोसल देशमा चारिका गर्नु हुँदै जहाँ कोसलस्थित इच्छानङ्गल नाउँको ब्राह्मण ग्राम हो त्यहाँ पुग्नुभयो । त्यहाँ भगवान इच्छानङ्गलको वनखण्डमा बस्नुहुन्थ्यो । इच्छानङ्गलका ब्राह्मणहरूले सुने कि– "भो ! शाक्यपुत्र श्रमण शाक्यकुलबाट प्रव्रजित हुनुभएका इच्छानङ्गलमा आउनु भएको छ, वहाँ इच्छानङ्गलको इच्छानङ्गल वनखण्डमा बस्नु भएको छ । वहाँ भगवान गौतमको यसप्रकारका यश र कीर्ति फैलिएको सुनिन्छ– वहाँ भगवान अर्हत, सम्यकसम्बुद्ध, विद्याचरणसम्पन्न, सुगत, लोकविज्ञ, अनुपम पुरुष दमन सारथि, देव-मनुष्यका शास्ता, बुद्ध तथा भगवान हुनुहुन्छ । वहाँले यस देवसहित ... अर्हतको दर्शन गर्नु राम्रो हो । तब इच्छानङ्गलका ब्राह्मणहरूले त्यस रात बितेपछि धेरै नै खाद्य तथा भोजन सामग्री लिएर जहाँ इच्छानङ्गल वनखण्ड थियो त्यहाँ गए । त्यहाँ प्रतिक्षालयमा तिनीहरू पुगेर ठूल-ठुलो स्वरले कराउँदै थिए ।

त्यस समय आयुष्मान नागित भगवानको उपस्थापक थिए । तब भगवानले आयुयष्मान नागितलाई सम्बोधन गर्नुभयो– "नागित ! यिनीहरूको हुन् ? जो कि, यति साह्रो हल्ला गरिरहेका छन् । जस्तो कि, मछुवाहरूले माछा बेचिरहे झैं ! "भन्ते ! यिनीहरूले भिक्षु संघ तथा तपाईको निम्ति धेरै नै खाद्य-



Downloaded from http://dhamma.digital

भोज्य सामाग्रीलाई लिएर बाहिर प्रतिक्षालयमा बसिरहेका छन् ।" "नागित ! मलाई यशको चाहना छैन, "नागित ! मलाई यश चाहिँदैन । "नागित ! जसले नैष्क्रम्य सुख, एकान्तमय सुख, उपशमन सुख तथा सम्बोधि सुखलाई अनायासै लाभ गरेको हुँदैन, विना प्रयासै लाभ र विना मेहनतै लाभ गरेको हुँदैन । उसले नै यो अशुद्धिपूर्ण सुख, आलस्य सुखको लाभ-सत्कार र प्रशंसालाई मन पराउनेहोस् । जुन नैष्क्रम्य सुख, एकान्तमय सुख, उपशमन सुख तथा सम्बोधि सुख हो त्यसलाई मैले अनायासै लाभ गेको छु, विना प्रयासै लाभ गरेको छु अनि विना मेहनतै लाभ गरेका छु । उसैले यस घृणित-सुख, आलस्य-सुख, लाभ-सत्कार-प्रशंसामय सुखलाई स्वीकार गरियोस् ।

"भन्ते ! भगवान ! यसलाई स्वीकार्नुस् । सुगत ! यसलाई स्वीकार्नुस् । यो स्वीकार गर्ने समय हो ! अब जहाँजहाँ भगवान जानुहुन्छ, त्यहाँत्यहाँ नै शहर तथा नगरका मान्छेहरू र ब्राहमण गृहपतिहरू ओइरिनेछन् । भन्ते ! जस्तै कि मूसलधार वर्षा हुँदा जहाँ भिरालो हुन्छ पानी उतै बहन्छ । यसरी नै भन्ते ! भगवान जहाँजहाँ जानुहुन्छ, त्यहाँत्यहाँ नै शहर तथा नगरका मान्छेहरू र ब्राह्मण गृपतिहरू ओइरिनेछन् । त्यो के कारणले ? भन्ते ! भगवानमा भएको त्यस शील तथा प्रज्ञाको प्रख्यातिको कारणले नै हो ।

"नागित ! मलाई यशको चाहना छैन, "नागित ! मलाई यश चाहिँदैन । "नागित ! जसले नैष्क्रम्य सुख, एकान्तमयको सुख, उपशमनको सुख तथा सम्बोधि सुखलाई अनायासै लाभ गरेको हुँदैन, विना प्रयासै लाभ र विना मेहनतै लाभ गरेको हुँदैन । उसले नै यो अशुद्धिपूर्ण सुख,आलस्य सुखको लाभ-सत्कार र प्रशंसालाई मन पराउनेहोस् । नैष्क्रम्य सुख, एकान्तमय सुख, उपशमन सुख तथा सम्बोधि सुख हो, त्यसलाई मैले अनायासै लाभ गेको छु, विना प्रयासै लाभ गरेको छु अनि विना मेहनतै लाभ गरेको छु । उसैले यस घृणित-सुख,आलस्य-सुख, लाभ-सत्कार-प्रशंसामय सुखलाई स्वीकार गरियोस् ।

"नागित ! यहाँ मैले एक भिक्षुलाई देख्दछु, जो गाउँको सीमामा एकाग्र चित्त भई बसेको हुन्छ । तब मेरो मनमा यस्तो हुन्छ कि– अब विहारमा बस्ने भिक्षु या श्रमण बन्न प्रतीक्षा गर्नेले यस आयुष्मानलाई समाधिबाट च्युत गराउने छ । नागित ! त्यस भिक्षुले यस्तो गाउँको सीमामा विहरण गर्दा म प्रसन्न हुँदिन । नागित ! यहाँ मैले एक भिक्षुलाई देख्दछु, जो जंगलमा बसेर उँगिरहेको हुन्छ । त्यस समयमा नागित ! मेरो मनमा यस्तो हुन्छ– 'अब यो आयुष्मान निंद्राआलसलाई जितेर एकान्त अरण्यवासमा ध्यान गर्नेछ । नागित ! त्यो भिक्षुले यसरी अरण्यमा विहरण गर्दा म प्रसन्न हुन्छु ।



Downloaded from http://dhamma.digital

"नागित ! यहाँ मैले एक भिक्षुलाई देख्दछु कि, जो जंगलमा चित्त अस्थिर गरी बस्छ । तब मेरो मनमा यस्तो हुन्छ कि– अब यो आयुष्मानले अस्थिर चित्तलाई स्थिर गर्नेछ । नागित ! त्यो भिक्षुले यसरी अरण्यमा विहरण गर्दा म प्रसन्न हुन्छु ।

"नागित ! यहाँ मैले एक भिक्षुलाई देख्दछु कि, जो जंगलमा बसेका हुन्छ । त्यस समय मेरो मनमा यस्तो हुन्छ कि– अब यो आयुष्मानले अविमुक्त चित्तलाई विमुक्त गर्नेछ, विमुक्त चित्तलाई रक्षा गर्छ । नागित ! त्यो भिक्षुले यसरी अरण्यमा विहरण गर्दा म प्रसन्न हुन्छु ।

"नागित ! यहाँ मैले एक भिक्षुलाई देख्दछु कि, गाउँको सीमामा बस्ने गर्छ । ऊ चीवर, भोजन, शयनासन, बिमारीको लागि आवश्यक हुने औषधी र परिष्कारका लाभी हुन्छ । उसले त्यस लाभ सत्कारको कामनाले ध्यान मार्ग त्याग्छ, जंगलको एकान्त जीवन त्याग्छ । गाउँ, शहर र राजधानीमा आएर बस्नेगर्छ । नागित ! त्यो भिक्षु यस्तो गाउँको सीमामा आएर बस्दा म अप्रसन्न हुन्छु ।

"नागित ! यहाँ मैले एक भिक्षुलाई देख्दछु कि, गाउँको सीमामा बस्छ ।
ऊ चीवर, भोजन, शयनासन, बिमारीको लागि आवश्यक हुने औषधी अनि परिष्कारका लाभी हुन्छ । उसले त्यस लाभ सत्कारलाई उपेक्षा गरी ध्यान मार्गलाई नत्याग्ने हुन्छ, जंगलको एकान्त जीवनलाई नत्याग्ने हुन्छ । नागित ! त्यो भिक्षुले यसरी अरण्यमा विहरण गर्दा म प्रसन्न हुन्छु । नागित ! जब म बाटोमा हिंडिरहँदा अगाडि वा पछाडि कसैलाई देख्दिन त्यस समय कमसेकम मल-मूत्र त्याग्न भए पनि मलाई राम्रो लाग्छ ।"

Dhamma.Digital



Downloaded from http://dhamma.digital

## ५. धम्मिकवग्गो

### १. नागसुत्तं

४३. एक समय भगवान सावत्थिस्थित अनाथपिण्डिकको जेतवनाराममा बस्नुहुन्थ्यो । तब भगवानले पूर्वाण्हसमयमा (चीवर वस्त्र) लगाउनुभई, पात्र-चीवर लिएर सावत्थिमा भिक्षाटनको निम्ति पस्नुभयो । सावत्थिमा भिक्षाटन गर्नुभई भोजनपछि सावत्थिबाट फर्किनुभई आयुष्मान आनन्दलाई बोलाउनु भयो– "आऊ, आनन्द ! जहाँ मिगारमाताको प्रासाद पुब्बाराम हो, त्यहाँ दिवा विहारको निम्ति जाऔं ।" "हवस्, भन्ते !" भनी आयुष्मान आनन्दले भगवानलाई प्रत्युत्तर दिए ।

तब भगवान आयुष्मान आनन्दसंग जहाँ मिगारमाताको प्रासाद पुब्बाराम हो, त्यहाँ जानुभयो । भगवान साँझको समयमा ध्यानबाट उठ्नुभई आयुष्मान आनन्दलाई बोलाउनु भयो– "आऊ, आनन्द ! शरीर नुहाउनको लागि जहाँ पूर्वको कोठा छ, त्यहाँ जाऔं ।" "हवस्, भन्ते ! भनी आयुष्मान आनन्दले भगवानलाई प्रत्युत्तर दिए । तब आयुष्मान आनन्दसंग जहाँ पूर्वको कोठा हो, त्यहाँ शरीर नुहाउन जानुभयो । पूर्वको कोठामा नुहाई सक्नु भएपछि बाहिर आउनुभई शरीर सुकाउन एउटै चीवर लगाई उभिरहनु भएको थियो ।

त्यही बेला राजा पसेनदिको सेत नामका ठूलो हात्ती महा तूर्य बाजा-गाजासहित पूर्व कोठाको बाटो हुँदै गइरहेको थियो । अनि त त्यसलाई देखेर मानिसहरू यसरी भन्दै थिए– "ओहो ! राजाको हात्ती अति सुन्दर छ, राजाको हात्ती हेर्न योग्य छ, राजाको हात्ती राम्रो लाग्छ, राजाको हात्ती ठूलो शरीरको छ !" यस्तो भनेपछि आयुष्मान उदायीले भगवानलाई भन्यो– "भन्ते ! के ठूलो शरीरको हात्तीलाई देखेर मानिसहरूले 'हात्ती' 'हात्ती' भनीरहेका छन् । अथवा अन्य कुनै ठूलो शरीरको प्राणीलाई देखेर मान्छेहरूले 'हाती' 'हात्ती' भन्दै शोर मचाईरहेका छन् ?" उदायी ! ठूलो शरीरको हत्तीलाई देखेर पनि मान्छेहरूले यसरी भन्ने गर्छन्– 'हात्ती' 'हात्ती' ! उदायी ! ठूलो शरीरको घोडा ... उदायी ! ठूलो शरीरको गोरु ... ठूलो शरीरको साँपलाई ... उदायी ! ठूलो वृक्षलाई ... ठूलो शरीरको मान्छेलाई देखेर यसरी भन्ने गर्छ– 'हात्ती' जस्तै, ओहो हात्ती जस्तो ! तर, उदायी ! यस देवसहित, मारसहित, ब्रह्मासहित, श्रमण-ब्राह्मण-जनसहित समस्त देव-मनुष्यको लोकमा जसले शरीर, वचन र मनद्वारा पाप-कर्म गर्दैन, मैले त उसैलाई 'हात्ती' भन्दछु !"



Downloaded from http://dhamma.digital

"भन्ते ! आश्चर्य हो, भन्ते ! अद्भूत हो, भन्ते ! यो तपाईंको सुभाषित हो, जुन कि देवसहित, मारसहित, ब्रह्मसहित, श्रमण-ब्राह्मण-जनसहित समस्त देव-मनुष्य लोकमा जसले शरीर, वचन र मनद्वारा पाप-कर्म गर्दैन उसैलाई मैले 'हात्ती' भदन्छु !" तपाईंको यो सुभाषितलाई मैले यी गाथाहरूद्वारा अनुमोदन गर्दछु ।

"मनुस्सभूतं सम्बुद्धं, अत्तदन्तं समाहितं ।
अरियमानं ब्रह्मपथे, चित्तस्सूपसमे रतं ॥

"आफूलाई दमन गर्नुहुने, समाहित मनुष्यत्वमा सम्बुद्ध हो, उच्चतम मार्गमा लाग्नु भई, चित्तलाई शान्त गरी आनन्दित हुनुभएको छ ।

"यं मनुस्सा नमस्सन्ति, सब्बधम्मान पारगुं ।
देवापि तं नमस्सन्ति, इति मे अरहतो सुतं ॥

"जसलाई मनुष्यहरूले नमस्कार गर्छन, समस्त धर्ममा पारङ्गत हुनुभयो, देवताहरूले पनि तपाईंलाई नमस्कार गर्छन्, मैले सुनें तपाई अर्हत हुनुहुन्छ ।

"सब्बसंयोजनातीतं, वना निब्बनमागतं ।
कामेहि नेक्खम्मरतं, मुत्तं सेलाव कञ्चनं ॥

"समस्त संयोजनबाट मुक्त, क्लेशरूपी वन निर्मूल गरी निर्वाण प्राप्त गर्नुभयो, कामबाट मुक्त भई नैष्क्रम्यमा रमाउनुभई निखारिएको स्वर्ण हुनुभयो ।

"सब्बे अच्चरुची नागो, हिमवाञ्ञे सिलुच्चये ।
सब्बेसं नागनामानं, सच्चनामो अनुत्तरो ॥

"सबैका रुचि भन्दा पनि भिन्न हस्ति (बुद्ध) हुनुभयो, अन्य पर्वतमा हिमाल झैं, तपाईंको अन्य सबै नाम भन्दा पनि यथार्थमा उत्तम नाम नै हस्ति हो ।

"नागं वो कित्तयिस्सामि, न हि आगुं करोति सो ।
सोरच्चं अविहिंसा च, पादा नागस्स ते दुवे ॥

"हात्तीको नै गुणगान गर्छु वहाँबाट हुँदैन पाप कर्म, परिशुद्ध शील र अहिंसक, यो दुवै हस्तिको पाऊ हुन् ।



Downloaded from http://dhamma.digital

"तपो च ब्रह्मचरियं, चरणा नागस्स त्यापरे।
सद्धाहत्थो महानागो , उपेक्खासेतदन्तवा ॥

"तपस्या र ब्रह्मचर्य हस्तिको अर्को दुई पाऊ हुन्, महा-हस्तिका सुँड झैं श्रद्धा र उपेक्षा श्वेत दन्त हुन्।

"सति गीवा सिरो पञ्ञा, वीमंसा धम्मचिन्तना।
धम्मकुच्छिसमातपो, विवेको तस्स वालधि ॥

"स्मृति ग्रीवा हो, प्रज्ञा शीर हो, धर्म चिन्तन सुँडको अग्र भाग हो। धर्म पेटसरह हो, यहाँको विवेक पुच्छर हो ॥

"सो झायी अस्सासरतो, अज्झत्तं सुसमाहितो।
गच्छं समाहितो नागो, ठितो नागो समाहितो ॥

"आनापानस्मृतिको यहाँ ध्यानी हुनुहन्छ, अध्यात्ममा सुसमाहित हुनुहुन्छ। संयमित भई हिंड्नुहुने हस्ति, संयमित भई स्थितहुने हस्ति।

"सेय्यं समाहितो नागो, निसिन्नोपि समाहितो।
सब्बत्थ संवुतो नागो, एसा नागस्स सम्पदा ॥

"संयमित भई लेट्नु हुन्छ, बस्नु हुँदा पनि संयमित हुनुहुन्छ, सर्वत्र संयमित हुनुहुन्छ हस्ति, यही नागका सम्पत्ति हुन्।

"भुञ्जति अनवज्जानि, सावज्जानि न भुञ्जति।
घासमच्छादनं लद्धा ,सन्निधिं परिवज्जयं ॥

"दोषरहित आहार गर्नु हुन्छ, सदोष आहार गर्नुहुन्न, भोजन-वस्त्र प्राप्त हुँदा, सग्रह गर्न छोड्नु हुन्छ।

"संयोजनं अणुथूलं, सब्बं छेत्वान बन्धनं।
येन येनेव गच्छति, अनपेक्खोव गच्छति ॥

"सूक्ष्म र स्थूल संयोजन, समस्त बन्धन छेदन गर्नुभयो, जहाँ जहाँ जानु हुन्छ, अनपेक्षित भई जानुहुन्छ।

"यथापि उदके जातं ,पुण्डरीकं पवड्ढति।



Downloaded from http://dhamma.digital

नुपलिप्पति तोयेन, सुचिगन्धं मनोरमं ॥

"जस्तो कि, पानीमा उब्जिने सुगन्धित मनोरम कमलको फूल बढ्दछ, पानीमा निर्लिप्त भई ।

"तथेव लोके सुजातो, बुद्धो लोके विहरति ।
नुपलिप्पति लोकेन, तोयेन पदुमं यथा ॥

"त्यसरी नै लोकमा जन्मिनु भई, विचरण गर्नु हुन्छ बुद्ध लोकमा निर्लिप्त हुनुहुन्छ, जस्तो कि पानीमा पद्म फूल ॥

"महागिनीव जलितो, अनाहारूपसम्मति ।
सङ्खारेसू पसन्तेसु, निब्बुतोति पवुच्चति ॥

"प्रज्वलित महाअग्नि, इन्धन नपाउँदा शान्त हुन्छ, संस्कारको उपशान्त हुँदा, निर्वाण भनिन्छ ।

"अत्थस्साय्रं विञ्ञापनी, उपमा विञ्ञूहि देसिता ।
विञ्ञस्सन्ति महानागा, नागं नागेन देसितं ॥

"यस अर्थलाई प्रकट गर्ने (कालुदायी) विज्ञले दिए, यो हस्तिद्वारा दिएको उपमालाई महा-हस्तिले बुझ्नु हुन्छ ।

"वीतरागो वीतदोसो, वीतमोहो अनासवो ।
सरीरं विजहं नागो, परिनिब्बिस्सति अनासवो"ति ॥

"वीतरागी, वीतद्वेषी, वीतमोही, अनाश्रवी, हस्तिले शरीरलाई त्याग्छ, अनाश्रवी परिनिर्वाण हुनेछ ।"

## २. मिगालसुत्तं

४४. त्यसबेला आयुष्मान आनन्द पूर्वाण्ह समयमा चीवर-वस्त्र लगाउनुकासाथै पात्र चीवर लिनुभई जहाँ मिगसाला उपासिकाको निवास-स्थान थियो त्यहाँ जानुभयो । जानुभई बिछ्याईएको आसनमा बस्नुभयो । तव मिगसाला उपासिका जहाँ आयुष्मान आनन्द थियो त्यहाँ गइन् । गएर आयुष्मान आनन्दलाई अभिवादन गरी एक ठाउँमा बसिन् । एक ठाउँमा बसेकि मिगसाला उपासिकाले आयुष्मान आनन्दलाई यसरी भनिन्–



Downloaded from http://dhamma.digital

"भन्ते, आनन्द ! भगवानले दिनुभएको धर्मोपदेशलाई जहाँ कि ब्रह्मचारी र अब्रह्मचारीको गति एकैसमान हुन्छ भनी भगवानले दिनुभएको धर्मोपदेशलाई कसरी बुझ्ने ? भन्ते ! मेरो पिता पुराण ग्राम्य धर्म मैथुनबाट विरत भई ब्रह्मचारी थिए । वहाँ बित्नु भएपछि भगवानले भन्नुभयो कि सकृदागामि भई तुसित लोकमा उत्पन्न भए । भन्ते ! मेरो बाज्ये इसिदत्त अब्रह्मचारी आफ्नै श्रीमतीसंग सन्तुष्ट थिए । ऊ पनि बितेपछि भगवानले भन्नुभयो कि सकृदागामि भई तुषित लोकमा उत्पन्न भए । भन्ते, आनन्द ! भगवानले दिनुभएको धर्मोपदेशलाई जहाँ कि, ब्रह्मचारी र अब्रह्मचारीको गति एकसमान नै हुन्छ भनी भगवानले दिनु भएको धर्मोपदेशलाई कसरी बुझ्ने ?" "बहिनी ! भगवानले यसरी नै भन्नु भएको छ !"

तब आयुष्मान आनन्दले उपासिका मिगसालाको घरबाट पिण्डपात (भोजन) ग्रहण गरी उठेर जानुभयो । अनि भिक्षाबाट फर्की भोजन पश्चात जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गए । गएर भगवानलाई अभिवादन गरी एक ठाउँमा बसे । एक ठाउँमा बसेपछि आयुष्मान आनन्दले यसरी भन्नुभयो–

"भन्ते ! आज म पूर्वाण्ह समयमा चीवर-वस्त्र लगाइकन पात्र चीवर लिएर जहाँ मिगसाल उपासिकाको निवास-स्थान थियो त्यहाँ गएं । गएर बिछ्याईएको आसनमा बसें । तब मिगसाला उपासिका जहाँ म थिएं त्यहाँ आइन् । आएर मलाई अभिवादन गरी एक ठाउँमा बसिन् । एक ठाउँमा बसेकि मिगसाला उपासिकाले मलाई यसरी भनिन्– 'भन्ते, आनन्द ! भगवानबाट दिनुभएको धर्मोपदेशलाई कसरी बुझ्ने ! जहाँ कि, ब्रह्मचारी र अब्रह्मचारीको गति एकसमान नै हुन्छ भनी भन्नु भएको धर्मोपदेशलाई कसरी बुझ्ने ? भन्ते ! मेरो पिता पुराण ग्राम्य धर्म मैथुनबाट विरत भई ब्रह्मचारी थिए । वहाँ बित्नु भएपछि भगवानले भन्नुभयो कि, सकृदागामि भई तुसित लोकमा उत्पन्न भए । भन्ते ! मेरो बाज्ये इसिदत्त अब्रह्मचारी आफ्नै श्रीमतीसंग सन्तुष्ट थिए । ऊ पनि बितेपछि भगवानले भन्नुभयो कि, सकृदागामि भई तुषित लोकमा उत्पन्न भए । भन्ते, आनन्द ! भगवानले दिनुभएको धर्मोपदेशलाई कसरी बुझ्ने ! जहाँ कि ब्रह्मचारी र अब्रह्मचारीको गति एकसमान नै हुन्छ भनी भन्नुभएको धर्मोपदेशलाई कसरी बुझ्ने ?' "बहिनी ! भगवानले यसरी नै भन्नु भएको छ ।' "

"आनन्द ! कहाँ ती मूर्खा, अपण्डितनी, स्त्री, स्त्री-बुद्धि उपासिका मिगसाला अनि कहाँ इन्द्रियको बारेमा ज्ञान, को तीक्ष्ण इन्द्रिय र को मृदु इन्द्रियका हुन् ? आनन्द ! यी छः प्रकारका व्यक्ति लोकमा छन् ।" ती छः



Downloaded from http://dhamma.digital

प्रकारका को को हुन् ? आनन्द ! यहाँ एक प्रकारका व्यक्ति राम्रोसंग रहन्छ, सुखपूर्वक रहन्छ । उसको सब्रह्मचारी सङ्गैरहँदा ऊबाट प्रसन्न हुन्छ । तर उसले सुन्नु पर्नेमा सुनेको हुँदैन, बहुश्रुत हुनु पर्नेमा हुँदैन, मिथ्यादृष्टिबाट छुटेको हुँदैन, समयानुकूल धर्मश्रवण गरी आनन्दित हुँदैन । यस्ता व्यक्ति शरीर छुटेर मृत्यु हुँदा परिहानितिरै जान्छ, विशेषतातिर जाँदैन । परिहानिकै भागी हुन्छ, विशेषताका भागी हुँदैन ।

"आनन्द ! यहाँ एक प्रकारका व्यक्ति राम्रोसंग रहन्छ् सुखपूर्वकरहन्छ । उसको सब्रह्मचारी सङ्गैरहँदा ऊबाट प्रसन्न हुन्छ । तर उसले सुन्नु पर्नेमा सुनेको हुन्छ, बहुश्रुत हुनु पर्नेमा बहुश्रुत हुन्छ, मिथ्यादृष्टिबाट छुटेको हुन्छ, समयानुकूल धर्मश्रवण गरी आनन्दित हुन्छ । यस्ता व्यक्ति शरीर छुटेर मृत्यु हुँदा परिहानितिर जाँदैन विशेषतातिरै जान्छ । परिहानिका भागी हुँदैन, विशेषताकै भागी हुन्छ ।

"आनन्द ! त्यहाँ तिनीहरूका तुलना गर्नेले तुलना गर्छ कि– 'योसंग पनि त्यही स्वभाव थियो, त्योसंग पनि त्यही स्वभाव थियो । किन होला तिनीहरू मध्ये एकजना हीन अर्को उत्तम भएको !' आनन्द ! उसको त्यस तुलनाले गर्दा दीर्घकालसम्मका लागि अहित र दुःख हुन्छ ।

"आनन्द ! त्यहाँ यो जो एक प्रकारका व्यक्ति राम्रोसंग रहन्छ, सुखपूर्वका रहन्छ । उसको सब्रह्मचारी सङ्गैरहँदा ऊबाट प्रसन्न हुन्छ । तर उसले सुन्नु पर्नेमा सुनेको हुन्छ, बहुश्रुत हुनु पर्नेमा बहुश्रुत हुन्छ, मिथ्यादृष्टिबाट छुटेको हुन्छ, समयानुकूल धर्मश्रवण गरी आनन्दित हुन्छ । आनन्द ! यो व्यक्ति पहिलो व्यक्ति भन्दा धेरै राम्रो र श्रेष्ठोत्तम छ । त्यो के कारणले ? आनन्द ! यो व्यक्ति धर्म-श्रोतमा लागेको हुन्छ, त्यस विषयलाई तथागत बाहेक अरू कसले जानेको हुन्छ र ! त्यसैले आनन्द ! व्यक्तिको तुलना गर्नमा नलाग्नु, व्यक्तिको तुलना नगर्नु । आनन्द ! व्यक्तिको तुलना गर्दा नमिल्ने (खञ्जति) हुन्छ । आनन्द ! या त मैले व्यक्तिको तुलना गर्नसक्छु, या त म रामानकाले ।

"आनन्द ! यहाँ कोही एकजना व्यक्ति क्रोधको वशीभूत हुन्छ अनि बेलाबखतमा लोभ मनमा उत्पन्न हुन्छ । तर उसले सुन्नु पर्नेमा सुनेको हुँदैन, बहुश्रुत हुनु पर्नेमा हुँदैन, मिथ्यादृष्टिबाट छुटेको हुँदैन, समयानुकूल धर्मश्रवण गरी आनन्दित हुँदैन । यस्ता व्यक्ति शरीर छुटेर मृत्यु हुँदा परिहानितिरै जान्छ, विशेषतातिर जाँदैन । परिहानिकै भागी हुन्छ, विशेषताका भागी हुँदैन ।



Downloaded from http://dhamma.digital

"आनन्द ! यहाँ कोही एकजना व्यक्ति क्रोधको वशीभूत हुन्छ अनि बेलाबखतमा लोभ मनमा उत्पन्न हुन्छ। तर उसले सुन्नु पर्नेमा सुनेको हुन्छ ... परिहानिका भागी हुँदेन, विशेषताकै भागी हुन्छ।

"आनन्द ! त्यहाँ तिनीहरूका तुलना गर्नेले तुलना गर्छ कि ... या त म समानकाले।

"आनन्द ! यहाँ कोही एकजना व्यक्ति क्रोधको वशीभूत हुन्छ अनि बेलाबखतमा बोल्ने गर्छ। तर उसले सुन्नु पर्नेमा सुनेको हुँदैन, ... समयानुकूल धर्मश्रवण गरी आनन्दित हुँदैन। यस्ता व्यक्ति शरीर छुटेर मृत्यु हुँदा परिहानितिरै जान्छ, विशेषता तिर जाँदैन। परिहानिकै भागी हुन्छ, विशेषताका भागी हुँदैन।

"आनन्द ! यहाँ कोही एकजना व्यक्ति क्रोधको वशीभूत हुन्छ अनि बेलाबखतमा बोल्ने गर्छ।। तर उसले सुन्नु पर्नेमा सुनेको हुन्छ, बहुश्रुत हुनु पर्नेमा बहुश्रुत हुन्छ, मिथ्यादृष्टिबाट छुटेको हुन्छ, समयानुकूल धर्मश्रवण गरी आनन्दित हुन्छ । यस्ता व्यक्ति शरीर छुटेर मृत्यु हुँदा परिहानितिर नजाने हुन्छ विशेषतातिरै जाने हुन्छ। परिहानिका भागी हुँदेन, विशेषताकै भागी हुन्छ।

"आनन्द ! त्यहाँ तिनीहरूका तुलना गर्नेले तुलना गर्छ कि– 'योसंग पनि त्यही स्वभाव थियो, त्योसंग पनि त्यही स्वभाव थियो। किन होला तिनीहरू मध्ये एकजना हीन अर्को उत्तम भएको !' आनन्द ! उसको त्यस तुलनाले गर्दा दीर्घकालसम्मका लागि अहित र दुःख हुन्छ।

"आनन्द ! यहाँ कोही एकजना व्यक्ति क्रोधको वशीभूत हुन्छ अनि बेलाबखतमा बोल्ने गर्छ।। तर उसले सुन्नु पर्नेमा सुनेको हुन्छ, बहुश्रुत हुनु पर्नेमा बहुश्रुत हुन्छ, मिथ्यादृष्टिबाट छुटेको हुन्छ, समयानुकूल धर्मश्रवण गरी आनन्दित हुन्छ । आनन्द ! यो व्यक्ति पहिलो व्यक्ति भन्दा धेरै राम्रो र श्रेष्ठोत्तम छ। त्यो के कारणले ? आनन्द ! यो व्यक्ति धर्म-श्रोतमा लागेको हुन्छ, त्यस विषयलाई तथागत बाहेक अरू कसले जानेको हुन्छ र ! त्यसैले आनन्द ! व्यक्तिको तुलना गर्नमा नलाग्नु, व्यक्तिको तुलना नगर्नु। आनन्द ! व्यक्तिको तुलना गर्दा नमिल्ने (खञ्जति) हुन्छ। आनन्द ! या त मैले व्यक्तिको तुलना गर्नसक्छु, या त म समानले।

"आनन्द ! कहाँ ती मूर्खा, अपण्डितनी, स्त्री, त्री-बुद्धि उपासिका



Downloaded from http://dhamma.digital

मिगसाला अनि कहाँ इन्द्रियको बारेमा ज्ञान, को तीक्ष्ण इन्द्रिय र को मृदृ इन्द्रियका हुन् ? आनन्द ! यी नै छः प्रकारका व्यक्ति लोकमा छन् ।

"आनन्द ! जुन प्रकारले पुराण शीलमा सम्पन्न थिए, त्यसरी नै इसिदत्त शीलमा सम्पन्न थिएन । पुराणलाई इसिदत्तको गतिको बारेमा जानकारी थिएन । आनन्द ! जुनप्रकारले प्रज्ञामा इसिदत्तसम्पन्न थिए, त्यसरी प्रज्ञामा पुराणसम्पन्न थिएन । इसिदत्तलाई पुराणको गतिको बारेमा जानकारी थिएन । आनन्द ! यी दुवैमा यही एक एक अंगबाट हीन थिए ।"

## ३. इणसुत्तं

४५. "भिक्षुहो ! लोकमा काम-भोगी (गृहस्थको) निम्ति दरिद्रताले गर्दा अति नै दुःख पाएको हुन्छ, होइन र ?" "हो, भन्ते !" भिक्षुहो ! जो कोही पनि दरिद्र, गरिब र निर्धन हुँदा उसले ऋण लिनु पर्नेछ, होइन र ?" "हो, भन्ते !" भिक्षुहो ! ऋण लिनु पनि काम-भोगीका निम्ति लोकमा दुःख होइन र ?" "हो, भन्ते !" जो कोही पनि दरिद्र, गरिब र निर्धन हुँदा ऋण लिएर सूद दिनको लागि वचनवद्ध हुन्छ । भिक्षुहो ! सूद दिनु पनि काम-भोगीको निम्ति लोकमा दुःख होइन र ?" "हो, भन्ते !" "भिक्षुहो ! जो कोही पनि दरिद्र, गरिब र निर्धन हुँदा ऋण लिएर सूद दिनको लागि वचनवद्ध भई समयमै सूद दिन नसक्दा दोषारोपण लाग्छ । भिक्षुहो ! लोकमा काम-भोगीको निम्ति दोषारोपण पनि दुःखद होइन र ? "हो, भन्ते !" "भिक्षुहो ! जो कोही पनि दरिद्र, गरिब र निर्धन हुँदा ऋण लिएर सूद दिनको लागि वचनवद्ध भई समयमै सूद दिन नसक्दा अनि दोषारोपण लाग्दा पनि दिन सकेन भने उसलाई पछ्याउँछ । भिक्षुहो ! लोकमा काम-भोगीको निम्ति पछ्याइनु पर्ने पनि दुःख होइन र ?" "हो, भन्ते !" "भिक्षुहो ! जो कोही दरिद्र, गरिब र निर्धनलाई पछ्याउँदा पनि दिन सकेन भने डोरीले बाँधिदिन्छ । भिक्षुहो ! लोकमा काम-भोगीको निम्ति डोरीले बाँधिनु पर्ने पनि दुःख होइन र ?" "हो, भन्ते !

"त्यसैले भिक्षुहो ! लोकमा काम-भोगीको निम्ति दरिद्रता पनि दुःख हो, लोकमा काम-भोगी निम्ति ऋण लिनु पनि दुःख हो, लोकमा काम-भोगी निम्ति दोषारोपन पनि दुःख हो, लोकमा काम-भोगी निम्ति पीछा लगाइनु पर्ने पनि दुःख हो, लोकमा काम-भोगी निम्ति बाँधिन लाउनु पर्ने पनि दुःख हो । यसरी नै, भिक्षुहो ! कुशल धर्ममा जोसंग श्रद्धा हुँदैन, कुशल धर्ममा लज्जा हुँदैन, कुशल धर्ममा भय हुँदैन, कुशल धर्ममा वीर्य हुँदैन, कुशल धर्ममा प्रज्ञा हुँदैन भने भिक्षुहो ! आर्य विनयमा दरिद्र, गरिब र निर्धन भनिन्छ ।



Downloaded from http://dhamma.digital

"भिक्षुहो ! कुशल धर्ममा श्रद्धा नहुनु, कुशल धर्ममा लज्जा नहुनु, कुशल धर्ममा भय नहुनु, कुशल धर्ममा वीर्य नहुनु र कुशल धर्ममा प्रज्ञा नहुनु नै स्वयम् ऊ दरिद्र गरिब र निर्धनं हुनु हो । (दरिद्र हुँदा) शरीरले दुष्कर्म गर्ने हुन्छ, वचनले दुष्कर्म गर्ने हुन्छ अनि मनले दुष्कर्म गर्ने हुन्छ । यसैलाई नै ऋण लिएको भनी मैले भन्छु ।

"उसले शरीरद्वारा गरिएको त्यस दुःस्वभाव छोपेर राख्नका लागि पाप इच्छालाई ठाउँ दिन्छ । 'मेरो कार्यलाई अरूले नजानोस भनी इच्छा गर्छ, अरूले नजानोस भनी संकल्प गर्छ, अरूले नजानोस भनी उसले भन्ने गर्छ, अरूले नजानोस भनी शरीरद्वारा भावप्रकट गर्छ ।' उसले गरिएको वाचसिक दुष्कर्मलाई छोपेर राख्नका लागि ... उसले गरिएको मानसिक दुष्कर्मलाई छोपेर राख्नका लागि ... अरूले नजानोस भनी शरीरद्वारा भावप्रकट गर्छ ।' मैले यसैलाई नै सूद भन्छु ।

"उसका सदाचारी सब्रह्मचारीले यसरी भन्नेछ कि– 'यो आयुष्मानले यस्तो काम गऱ्यो, त्यसको स्वभाव त यसप्रकारको छ ।' यो उसप्रति लगाएको दोषारोपण भन्दछु ।

"जब ऊ जंगलमा वृक्षको मूलमा बस्छ, शुन्यागारमा बस्छ तब उसको मनमा विभिन्न प्रकारले पश्चातापले युक्त खराब खराब तर्क-वितर्क खेल्न थाल्छ । त्यसैलाई नै उसलाई पीछा गरेको भन्छु ।

"भिक्षुहो ! जो कोही पनि दरिद्र, गरिब र निर्धन हुँदा शरीरद्वारा दुष्कर्म गर्दा, वचनद्वारा दुष्कर्म गर्दा र मनद्वारा दुष्कर्म गर्दा शरीर भेद भई मृत्यु हुँदा नरकको बन्धनले बाँधिन्छ वा पशु योनिमा बाँधिन्छ । भिक्षुहो ! मैले अर्को कुनै यस्तो बन्धनलाई देख्दिन जुन यति कठोर हुन्छ, यति कष्टकर हुन्छ अनि यति बाधक हुन्छ कि, अनुपम योगक्षम प्राप्तिको दृष्टिले जति कि भिक्षुहो ! यो नरकको बन्धन वा पशु-योनिको बन्धन ।"

"दालिद्दियं दुक्खं लोके, इणादानञ्च वुच्चति ।
दलिद्दो इणमादाय, भुञ्जमानो विहञ्ञति ॥

"लोकमा दरिद्र हुनु दुःख हो, ऋण लिनुलाई पनि दुःख भनिन्छ । दरिद्र ले ऋण लिएर, खाँदा पनि दुःखि नै हुन्छ ।



Downloaded from http://dhamma.digital

"ततो अनुचरन्ति नं, बन्धनम्हि निगच्छति।
एतम्हि बन्धनं दुक्खं, कामलाभाभिजप्पिनं॥

"त्यसबाट उसको पीछा लाग्ने हुन्छ, बन्धनले पनि बाँधिनु पर्ने हुन्छ, यो बन्धन पनि दुःख हो, काम-भोगको कामना गर्नेलाई।

"तथेव अरियविनये, सद्धा यस्स नविज्जति।
अहिरीको अनोत्तप्पी, पापकम्मविनिब्बयो॥

"त्यसरी नै आर्य-विनयमा, जोसंग श्रद्धा छैन, लज्जा र भय छैन, पाप-कर्म वृद्धि गर्छ।

"कायदुच्चरितं कत्वा, वचीदुच्चरितानि च।
मनोदुच्चरितं कत्वा, 'मा मं जञ्ञू'ति इच्छति॥

"शारीरिक दुष्कर्म, वाचसिक दुष्कर्म, मानसिक दुष्कर्मी हुँदा, 'अरूले नजानोस्' भन्ने विचार हुन्छ।

"सो संसप्पति कायेन, वाचाय उद चेतसा।
पापकम्मं पवड्ढेन्तो, तत्थ तत्थ पुनप्पुनं॥

"उसको शरीर, वचन र मनले गतिशील लिइरहेको हुन्छ, त्यही-त्यही पुनः-पुनः गर्दै जाँदा, पाप-कर्मको वृद्धि हुन्छ।

"सो पापकम्मो दुम्मेधो, जानं दुक्कटमत्तनो।
दलिद्दो इणमादाय, भुञ्जमानो विहञ्ञति॥

"त्यो मूर्खको पाप-कर्म तथा आफ्नो दुष्कर्मलाई जानेको हुन्छ, यही नै दरिद्रले ऋण लिई दुःख मान्दै खाएको जस्तै नै हो।

"ततो अनुचरन्ति नं, सङ्कप्पा मानसा दुखा।
गामे वा यदि वारञ्ञे, यस्सविप्पटिसारजा॥

"आफूबाट गरिएको मानसिक दुःखले नै पछ्याएको हुन्छ, गाउँमा वा यदि जंगलमा कहीं बसेता पनि।

"सो पापकम्मो दुम्मेधो, जानं दुक्कटमत्तनो।



Downloaded from http://dhamma.digital

**योनिमञ्ञतरं गन्त्वा, निरय वापि बज्झति ॥**

"त्यो मूर्खको पाप-कर्म, आफ्नो दुष्कर्मलाई जानेको हुन्छ, कुनै एक पशु योनिमा जन्म लिनसक्छ वा नरकले बाँधिनु पर्ने हुन्छ ॥

**"एतञ्हि बन्धनं दुक्खं, यम्मा धीरो पमुच्चति ।**
**धम्मलद्धेहि भोगेहि, ददं चित्तं पसादयं ॥**

"यही नै दुःखद बन्धन हो, जसबाट पण्डितजन मुक्त हुन्छ, उसले धर्मानुसार प्राप्त गरेको ऐश्वर्यबाट दान दिंदा प्रसन्न हुन्छ ।

**"उभयत्थ कटग्गाहो, सद्धस्स घरमेसिनो ।**
दिट्ठधम्महितत्थाय, सम्परायसुखाय च ।
एवमेतं गहट्ठानं, चागो पुञ्ञं पवड्ढति ॥

"जो घर गृहस्थ भई श्रद्धालु हुन्छ, उभयत्र विजयी हुन्छ, यस जन्ममा पनि हित हुन्छ, परलोकमा पनि सुख हुन्छ । यसप्रकारले त्याग स्वभावको हुँदा, गृहस्थलाई पुण्य-वृद्धि हुन्छ ।

**"तथेव अरियविनये, सद्धा यस्स पतिट्ठिता ।**
**हिरीमनो च ओत्तप्पी, पञ्ञवा सीलसंवुतो ॥**

"त्यसरी नै आर्य-विनयमा, जसको श्रद्धा प्रतिष्ठित छ, (पाप गर्नमा) लजालु र भीरु हुन्छ, प्रज्ञावान र शील-संयमीत हुन्छ ।

**"एसो खो अरियविनये, 'सुखजीवी'ति वुच्चति ।**
**निरामिसं सुखं लद्धा, उपेक्खं अधितिट्ठति ॥**

"उही आर्य-विनयमा, 'सुखी-जीवी' भनिन्छ, निरामिष सुखलाभ गरी, उपेक्षामा अधिष्ठित हुन्छ ।

**"पञ्च नीवरणे हित्वा, निच्चं आरद्धवीरियो ।**
**झानानि उपसम्पज्ज, एकोदि निपको सतो ॥**

"पञ्च नीवरणलाई त्याग गरी, नित्य प्रयत्न-शीलको हुन्छ, ध्यानहरू लाभ गरी, एकाग्रता-बुद्धिमान र स्मृतिवान् हुन्छ ।



Downloaded from http://dhamma.digital

"एवं ञत्वा यथाभूतं, सब्बसंयोजनक्खये ।
सब्बसो अनुपादाय, सम्मा चित्तं विमुच्चति ॥

"यसरी यथार्थतालाई बुझी, समस्त संयोजनलाई क्षय गर्छ, समस्त उपादानरहित भई, सम्यकरूपले चित्त विमुक्त हुन्छ ।

"तस्स सम्मा विमुत्तस्स, ञाणं चे होति तादिनो ।
'अकुप्पा मे विमुत्ती'ति, भवसंयोजनक्खये ॥

"ऊ सम्यकरूपले विमुक्त हुन्छ, ज्ञानवान भई त्यस्मा स्थित हुन्छ, 'मेरो विमुक्ति स्थिर छ', भवसंयोजन क्षय भइसक्यो ॥

"एतं खो परमं ञाणं, एतं सुखमनुत्तरं ।
असोकं विरजं खेमं, एतं आनण्यमुत्तम"न्ति ॥

"यही नै परम ज्ञान हो, यही अनुपम सुख हो, अशोक-विरज र क्षम हो, यही नै उत्तमरूपले ऋणबाट मुक्त हुनु हो ।

## ४. महाचुन्दसुत्तं

यस्तो मैले सुनें– एक समय आयुष्मान महाचुन्द चेतिस्थित सयंजातियमा बस्नुहुन्थ्यो । त्यसबेला आयुष्मान महाचुन्दले भिक्षुहरूलाई सम्बोधन गर्नुभयो– "आवुसो भिक्षुहो ! "आवुसो !" भनी ती भिक्षुहरूले आयुष्मान महाचुन्दलाई प्रत्युत्तर दिए । अनि आयुष्मान महाचुन्दले भन्नुभयो–

"यहाँ आवुसोहो ! धर्मकथिक भिक्षुहरूले ध्यानी भिक्षुहरूलाई चोट पुऱ्याउँछन्– 'यी ध्यानीहरू आफूले आफूलाई हामीहरू ध्यानी हौं, ध्यान लगाउने हौं, ध्यानमा बस्ने हौं भनी चिन्तन गर्छन् । यिनीहरूले के ध्यान लगाउँछन्, कसको ध्यान लगाउँछन् अनि कस्तो ध्यान लगाउँछन् ?' यसबाट न धर्मकथिक भिक्षुहरू नै प्रसन्न हुन्छन्, न ध्यानी भिक्षुहरू नै प्रसन्न हुन्छन् । यिनीहरू न त बहुजनका हितमा, न त बहुजनका सुखमा लागेका हुन् अतएव देव–मनुष्यहरूका निम्ति कल्याणार्थ, हितार्थ र सुखार्थमा लागेका होइनन् ।

"यहाँ आवुसोहो ! ध्यानी भिक्षुहरूले धर्मकथिक भिक्षुहरूलाई चोट पुऱ्याउँछन्– 'यी धर्म कथिकहरूले धर्मकथिक हौं भन्छन्, तर यिनीहरू उद्धत हुन्, अहंकारी हुन्, चञ्चल हुन्, वाचाल हुन्, बकवादी हुन्, मूढ स्मृतिका हुन्,



Downloaded from http://dhamma.digital

बुद्धि नभएका, एकाग्र नभएका, भ्रान्त चित्तका अनि असंयमित इन्द्रियका हुन् । के यिनीहरू धर्मकथिक हुन्, कतिका यिनीहरू धर्मकथिक हुन् अनि कस्ता-खालका यिनीहरू धर्मकथिक हुन् ?' यसबाट न ध्यानी भिक्षुहरू नै प्रसन्न हुन्छन्, न धर्म कथिक भिक्षुहरू नै प्रसन्न हुन्छन् । यिनीहरू न त बहुजनका हितमा लागेका हुन्, न त बहुजनका सुखमा लागेका हुन् । अतएव देव-मनुष्यका निम्ति कल्याणार्थ, हितार्थ र सुखार्थमा लागेका होइनन् ।

"यहाँ आवुसोहो ! धर्मकथिक भिक्षुहरूले धर्मकथिक भिक्षुहरूकै मात्र वर्णन गर्छन् । तर ध्यानी भिक्षुहरूको वर्णन गर्दैनन् । यसबाट न धर्मकथिक भिक्षुहरू नै प्रसन्न हुन्छन्, न ध्यानी भिक्षुहरू नै प्रसन्न हुन्छन् । यिनीहरू न त बहुजनका हितमा लागेका हुन् , न त बहुजनका सुखमा लागेका हुन् । अतएव देव- मनुष्यका निम्ति कल्याणार्थ, हितार्थ र सुखार्थमा लागेका होइनन् ।

"यहाँ आवुसोहो ! ध्यानी भिक्षुहरूले ध्यानी भिक्षुहरूकै मात्र वर्णन गर्छन् । तर धर्मकथिक भिक्षुहरूको वर्णन गर्दैनन् । यसबाट न ध्यानी भिक्षुहरूनै प्रसन्न हुन्छन्, न धर्म कथिक भिक्षुहरू नै प्रसन्न हुन्छन् । यिनीहरू न त बहुजनका निम्ति हितमा लागेका हुन्छन् , न त बहुजनका निम्ति सुखमा लागेका हुन्छन् । अतएव देव-मनुष्यहरूका निम्ति कल्याणार्थ, हितार्थ र सुखार्थमा लागेका होइनन् ।

"आवुसोहो ! त्यसैले यस्तो शिक्षा लिनुपर्छ- 'हामी स्वयम् धर्मकथिक भएता पनि ध्यानी भिक्षुहरूको वर्णन गर्नेछु ।' यस्तै नै, आवुसोहो ! शिक्षा लिनुपर्छ । त्यो के कारणले ? आवुसोहो ! अद्‌भुत हो यिनीहरू, यस्ता व्यक्ति दुर्लभ छन्, जसले अमृत धातुलाई शरीरद्वारा स्पर्श गर्दै विचरण गर्दछन् । त्यसैले यस्तो शिक्षा लिनुपर्छ- 'हामी स्वयम् धर्मकथिक भएता पनि ध्यानी भिक्षुहरूको वर्णन गर्नेछु ।' यस्तै नै, आवुसोहो ! शिक्षा लिनुपर्छ । त्यो के कारणले ? आवुसोहो ! अद्‌भुत हो यिनीहरू, यस्ता व्यक्ति दुर्लभ छन्, जसले गम्भीर विषयलाई पनि प्रज्ञाद्वारा छिचोलेर स्पष्टरूपले देख्नेछन् ।

## ५.पठमसन्दिट्ठिकसुत्तं

४७. त्यसबेला मोलियसीवक परिव्राजक जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गए । गएर भगवानसंग कुशलवार्ता गरे । कुशलवार्ता गरेपछि एकठाउँमा बसे । एकठाउँमा बसेका परिव्राजकले भगवानलाई भन्यो- " 'सान्दृष्टिक (प्रत्यक्ष



Downloaded from http://dhamma.digital

देख्न पाउने) धर्म, सान्दृष्टिक धर्म भनी भन्ने गर्छन् ।' भन्ते ! कस्तो धर्म सान्दृष्टिक, अकालिक, आएर हेर भन्न मिल्ने, निर्वाणमा पुऱ्याउने, प्रत्येक विज्ञजनले साक्षात् गर्न सक्नेछन् ?"

"त्यसो भएमा, सीवक ! तिमीसंग नै सोध्नेछु । तिमीलाई जे ठीक लाग्छ त्यही भन्नु । के तिमी मान्दछौ, सीवक ! आफूमा लोभ छ भने 'ममा लोभ छ' भनी जान्न सकिन्छ ? आफूमा लोभ नभए 'ममा लोभ छैन' भनी जान्न सकिन्छ ?" "सकिन्छ, भन्ते ! "जब आफूमा लोभ छ भने 'ममा लोभ छ' भनी जान्न सकिन्छ, आफूमा लोभ नभए 'ममा लोभ छैन' भनी जान्न सकिन्छ भने, सीवक यो पनि सान्दृष्टिक धर्म हो ... ।

"त्यसो भएमा, के तिमी मान्दछौ, सीवक ! आफूमा द्वेष छ भने ..... आफूमा मोह छ भने ... आफूमा लोभ स्वभाव छ भने ... आफूमा द्वेष स्वभाव छ भने ... आफूमा मोह स्वभाव छ भने 'ममा मोह छ' भनी जान्न सकिन्छ ? आफूमा मोह नभए 'ममा मोह छैन' भनी जान्न सकिन्छ ?" "सकिन्छ, भन्ते !" "जब आफूमा मोह छ भने 'ममा मोह छ' भनी जान्न सकिन्छ, आफूमा मोह नभए 'ममा मोह छैन' भनी जान्न सकिन्छ भने, सीवक यो पनि सान्दृष्टिक, अकालिक, आएर हेर भन्न मिल्ने, निर्वाणमा पुऱ्याउने, प्रत्येक विज्ञजनले साक्षात् गर्नसक्ने धर्म हो ।"

"धेरै राम्रो, भन्ते ! धेरै राम्रो भन्ते ! ... भन्ते ! आजदेखि प्राण रहुन्जेल शरणागत उपासक भनी भगवानले धारण गर्नुहोस् ।"

### ६. दुतियसन्दिट्ठिकसुत्तं

४८. त्यसबेला एकजना ब्राह्मण जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गए । गएर भगवानसंग कुशलवार्ता गरे । कुशलवार्ता गरेपछि एकठाउँमा बसे । एकठाउँमा बसेपछि ब्राह्मणले भगवानलाई यसरी भन्यो– " 'सान्दृष्टिक धर्म, सान्दृष्टिक धर्म भनी भन्ने गर्छन् ।' भन्ते ! कस्तो धर्म सान्दृष्टिक, अकालिक, आएर हेर भन्न मिल्ने, निर्वाणमा पुऱ्याउने, प्रत्येक विज्ञजनले साक्षात् गर्न सक्ने धर्म हुन्छ ?"

"त्यसो भए, ब्राह्मण ! तिमीसंग नै सोध्नेछु । तिमीलाई जे ठीक लाग्छ त्यही भन्नु । के तिमी मान्दछौ, ब्राह्मण ! आफूमा राग छ भने 'ममा राग छ' भनी जान्न सकिन्छ त ? आफूमा राग नभए 'ममा राग छैन' भनी जान्न सकिन्छ त ?" "सकिन्छ, भो ! "जब आफूमा राग छ भने 'ममा राग छ'



Downloaded from http://dhamma.digital

भनी जान्न सकिन्छ, आफूमा राग नभए 'ममा राग छैन' भनी जान्न सकिन्छ भने, ब्राह्मण यो पनि सान्दृष्टिक धर्म हो ... विज्ञजनले साक्षात् गर्नसक्ने धर्म हो ।"

"के तिमी मान्दछौ, सीवक ! आफूमा द्वेष छ भने ... आफूमा मोह छ भने ... आफूमा शारीरिक दुष्कर्म छ भने..... आफूमा वाचसिक दुष्कर्म छ भने ... आफूमा मानसिक दुष्कर्म छ भने 'ममा मानसिक दुष्कर्म छ भनी जान्न सकिन्छ, आफूमा मानसिक दुष्कर्म नभएमा 'ममा मानसिक दुष्कर्म छैन' भनी जान्न सकिन्छ त ? "सकिन्छ भो !" "जब तिमीले ब्राह्मण ! आफूमा मानसिक दुष्कर्म छ भने 'ममा मानसिक दुष्कर्म छ' भनी जान्न सकिन्छ, आफूमा मानसिक दुष्कर्म छैन भने 'ममा मानसिक दुष्कर्म छैन' भनी जान्न सकिन्छ । त्यसैले ब्राह्मण ! यो सान्दृष्टिक, अकालिक, आएर हेर भन्न मिल्ने, निर्वाणमा पुऱ्याउने, प्रत्येक विज्ञजनले साक्षात् गर्नसक्ने धर्म हो ।"

"धेरै राम्रो, भो गोतम ! धेरै राम्रो, भो गोतम ! ... गोतमले आजदेखि प्राण रहुञ्जेल शरणागत उपासक भनी भगवानले धारण गर्नुहोस् ।"

## ७. खेमसुत्तं

४९. एक समय भगवान सावत्थिस्थित अनाथपिण्डकको जेतवनाराममा बस्नुहुन्थ्यो । त्यस समय आयुष्मान खेम र आयुष्मान सुमन सावत्थिस्थित अन्ध वनमा बस्दथे । अनि त आयुष्मान खेम र आयुष्मान सुमन जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गए । गएर भगवानलाई अभिवादन गरी एकठाउँमा बसे । एकठाउँमा बसेपछि आयुष्मान खेमले भगवानलाई यसो भन्यो–

"भन्ते ! जो भिक्षु अर्हत हुन्छ, क्षीणश्रवी हुन्छ, उत्तम जीविकाको हुन्छ कृतकृत्य हुन्छ, भारविहिन हुन्छ, सदर्थ लाभी हुन्छ, संयोजनविहिन हुन्छ, सम्यकप्रज्ञाद्वारा विमुक्त हुँदा उसको मनमा यस्तो हुँदैन कि, 'म भन्दा पनि उत्तम वा म समान वा म भन्दा पनि निकृष्ट छ !' " आयुष्मान खेमको कथनलाई शास्ताले स्वीकार्नुभयो । अनि त आयुष्मान खेमले "मेरो कथनलाई शास्ताले स्वीकार्नुभयो" भनी आसनबाट उठेर भगवानलाई अभिवादन र प्रदक्षिणा गरी फर्केर गए ।

अनि आयुष्मान खेम फर्केर गएको केही क्षणपछि आयुष्मान सुमनले भगवानलाई यसो भन्यो– "भन्ते ! जो भिक्षु अर्हत हुन्छ, क्षीणश्रव हुन्छ, उत्तम



Downloaded from http://dhamma.digital

जीविकाको हुन्छ, कृतकृत्य हुन्छ, भार विहिन हुन्छ, सदर्थलाभी हुन्छ, संयोजन-विहिन हुन्छ, सम्यकप्रज्ञाद्वारा विमुक्त हुँदा उसको मनमा यस्तो हुँदैन कि, 'म भन्दा पनि उत्तम वा म समान वा म भन्दा पनि निकृष्ट छैन !' " आयुष्मान सुमनलको कथनलाई शास्ताले स्वीकार्नुभयो । अनि त आयुष्मान सुमनले "मेरो कथनलाई शास्ताले स्वीकार्नुभयो" भनी आसनबाट उठेर भगवानलाई अभिवादन र प्रदक्षिणा गरी फर्केर गए ।

अनि भगवानले आयुष्मान खेम र आयुष्मान सुमन फर्केर गएको केही समयपछि भिक्षुहरूलाई बोलाउनुभयो– "भिक्षुहो ! जो कुलपुत्र हुन्छ, यस्तरी नै अर्हत्वको धोषणा गर्ने हुन्छन् । कुरा पनि भनियो अनि आफैले आफूलाई बीचमा पनि पारेन । तर केही मूर्खले अर्हत्वको यसरी घोषणा गर्दछन् कि मानौं हाँस लाग्दो हुन्छ । उसले पछि दुःख पाउनेछ ।

**"न उस्सेसु नओमेसु, समत्ते नोपनीयरे ।**
**खीणा जाति वुसितं ब्रह्मचरियं, चरन्ति संयोजनविप्पमुत्ता"ति ॥**

"जन्म क्षीण गर्नेले, उत्तम जीवन व्यतीत गर्नेले अनि संयोजनबाट विमुक्त भई विचरण गर्नेले न उत्तम, न हीन, न बराबर नै मान्दछ ।

## ८. इन्द्रियसंवरसुत्तं

५०. "भिक्षुहो ! इन्द्रिय संयमित नहुँदा, इन्द्रिय संयमगर्नबाट भ्रष्ट हुँदा शीलबाट विमुख हुन्छ । शीलबाट विमुख हुँदा सम्यकसमाधिबाट विमुख हुन्छ । सम्यकसमाधि नहुँदा, सम्यकसमाधिबाट भ्रष्ट हुँदा, यथार्थज्ञानदर्शन गर्नबाट विमुख हुन्छ । यथार्थज्ञानदर्शन नहुँदा, यथार्थ ज्ञानदर्शनबाट भ्रष्ट हुँदा, निर्वेद-वैराग्यबाट विमुख हुन्छ । निर्वेद-वैराग्य नहुँदा, निर्वेद-वैराग्यबाट भ्रष्ट हुँदा विमुक्तिज्ञानदर्शनबाट विमुख हुन्छ । भिक्षुहो ! जस्तै कि, वृक्षमा हाँगा-बिँगा र पात नरहँदा त्यसमा पाप्राले पनि पूर्णता पाउन सक्दैन, बोक्राले पनि पूर्णता प्राप्त गर्न सक्दैन, गोलाकारमा पनि पूर्णता प्राप्त गर्न सक्दैन, मूल काठमा (सार) पनि पूर्णता प्राप्त गर्न सक्दैन । यसरी नै भिक्षुहो ! इन्द्रिय संयमित नहुँदा, इन्द्रिय संयम गर्नबाट भ्रष्ट हुँदा शीलबाट विमुख हुन्छ । शील ... विमुक्ति ज्ञान दर्शनबाट विमुख हुन्छ ।

"भिक्षुहो ! इन्द्रिय संयमित हुँदा, इन्द्रिय संयममा सम्पन्न हुँदा, शीलबाट विमुख हुनुपर्दैन । शीलबाट विमुख नहुँदा सम्यक समाधिबाट विमुख हुनुपर्दैन । सम्यकसमाधि हुँदा, सम्यकसमाधिमा सम्पन्न हुँदा, यथार्थज्ञानदर्शन



Downloaded from http://dhamma.digital

गर्नबाट विमुख हुनुपर्दैन । यथार्थज्ञानदर्शन हुँदा, यथार्थज्ञानदर्शनमा सम्पन्न हुँदा निर्वेद-वैराग्यबाट विमुख हुनुपर्दैन । निर्वेद-वैराग्य हुँदा, निर्वेद-वैराग्यमा सम्पन्न हुँदा विमुक्तिज्ञानदर्शनबाट विमुख हुनुपर्दैन । भिक्षुहो ! जस्तै कि, वृक्षमा हाँगा-बिँगा र पातरहँदा त्यसमा पाप्राले पनि पूर्णता पाउनसक्छ, बोक्राले पनि पूर्णता प्राप्त गर्नसक्छ, गोलाकारमा पनि पूर्णता प्राप्त गर्नसक्छ, मूल काठमा पनि पूर्णता प्राप्त गर्नसक्छ । यसरी नै भिक्षुहो ! इन्द्रिय संयमित हुँदा, इन्द्रिय संयम गर्नमा सम्पन्न हुँदा शीलबाट विमुख हुनु पर्दैन । शील ... विमुक्ति ज्ञान दर्शनबाट विमुख हुनु पर्दैन ।

## ९. आनन्दसुत्तं

५१. त्यसबेला आयुष्मान आनन्द जहाँ आयुष्मा सारिपुत्त हुनुहुन्थ्यो त्यहाँ गए । गएर आयुष्मान सारिपुत्तसंग कुशलवार्ता गरे । कुशलवार्ता गरेपछि एकठाउँमा बसे । एकठाउँमा बसेपछि आयुष्मान आनन्दले आयुष्मान सारिपुत्तलाई यसो भन्यो–

"आवुसो सारिपुत्त ! कुन कुराहरू हुँदा भिक्षुले अश्रुतधर्मलाई सुन्ने हुन्छ, सुनेको धर्मलाई नभूल्ने हुन्छ, उसले जुन धर्मलाई पहिला आफ्नो चित्तमा स्पर्शित गरेको हुन्छ, त्यो स्पष्टरूपले प्रकट हुनेगर्छ, अर्थात जुन कुरालाई उसले पहिला जानेको थिएन त्यस कुरालाई जानेको हुन्छ ?" "आयुष्मान आनन्द नै बहुश्रुत हो । आयुष्मान आनन्दले नै यस कुरालाई भनि दिए हुन्छ ।" "त्यसो भए आयुष्मान सारिपुत्तले मनमा राम्रोसंग धारण गर्नु, भन्नेछु ।" "हुन्छ, आवुसो !" भनी आयुष्मान सारिपुत्तले आयुष्मान आनन्दलाई प्रत्युत्तर दिए । आयुष्मान आनन्दले भन्यो–

"आवुसो सारिपुत्त ! यहाँ भिक्षुले सुत्त, गेय्य, वेय्याकरण, गाथा, उदान, इतिवुत्तक, जातक, अब्भुतधम्म र वेदल्लधम्म (दो.सं.अङ्गुत्तरनिकायको दोस्रोभाग १९५ पन्नामा हेरौं) लाई राम्ररी सिकेको हुन्छ । उसले सुने अनुसार, सिकेको अनुसार विस्तारका साथ अरूलाई देशना गर्ने हुन्छ । जुन सुनेको हो, जुन सिकेको धर्म हो सविस्तर अरूलाई वाचन गराउने हुन्छ, जुन सुनेको हो, जुन सिकेको धर्म हो सविस्तार पाठ गर्ने हुन्छ, जुन सुनेको हो, जुन सिकेको धर्मलाई मनद्वारा वितर्क गर्ने हुन्छ, विचार गर्ने हुन्छ अनि मनन गर्ने हुन्छ । जुन आवासमा बहुश्रुत, आगतागमा (लामो लामो सूत्रमा आएको सूत्रहरू), धर्मधर, विनयधर, मातिकाधर (दुई प्रातिमोक्षधर) हुनु भएका त्यस विहारमा बसेका हुन्छन् । त्यस विहारमा वर्षावास वसेर, त्यहाँ समय-समयमा गएर



Downloaded from http://dhamma.digital

तिनीहरूले सोध्नेगर्छ, प्रश्न गर्छ– 'भन्ते ! यो भनेको के हो ? यो कुन अर्थमा भनेको ?' वहाँले ती आयुष्मानहरूलाई स्पष्ट नभएको स्पष्ट गरी दिन्छ, प्रकट गर्न नसकेको प्रकट गरी दिन्छ, अनेकौं प्रकारका शंकास्पद धर्मलाई शंका निवारण गरी दिन्छ । यही कुराहरू हुँदा, आवुसो सारिपुत्त ! भिक्षुले अश्रुत धर्मलाई सुन्ने हुन्छ, सुनेको धर्मलाई नभूल्ने हुन्छ, उसले जुन धर्मलाई पहिला आफ्नो चित्तमा स्पर्शित गरेको हुन्छ, त्यो स्पष्टरूपले प्रकट हुन्छ, अर्थात जुन कुरालाई उसले पहिला जानेको थिएन त्यस कुरालाई जानेको हुन्छ ।"

"आश्चर्य हो, आवुसो ! अद्भुत हो, आवुसो ! जुन यो सुभाषित छ, आयुष्मान आनन्दको ! आयुष्मान आनन्दसंग यी छः धर्महरू छन् भन्ने हाम्रो मान्यता हो । आयुष्मान आनन्द नै सुत्त, गेय्य, वेय्याकरण, गाथा, उदान, इतिवुत्तक, जातक, अदब्भुतधम्म र वेदल्लधम्मलाई राम्ररी सिकेको छ । आयुष्मान आनन्दले नै सुनेअनुसार, सिकेअनुसार विस्तारकासाथ अरूलाई देशना गर्ने हुन् । आयुष्मान आनन्दले नै जुन सुनेको हुन्छ, जुन सिकेको धर्म हुन्छ, सविस्तर अरूलाई वाचन गराउने हुन्, आयुष्मान आनन्द नै जुन सुनेको हुन्छ, जुन सिकेको धर्म हुन्छ, सविस्तार पाठ गर्ने हुन्, आयुष्मान आनन्द नै जुन सुनेको हुन्छ, जुन सिकेको हुन्छ त्यस धर्मलाई मनद्वारा वितर्क गर्ने हुन्, विचार गर्ने हुन् अनि मनन गर्ने हुन् । जुन आवासमा बहुश्रुत, आगतागमा (लामो लामो सूत्रमा आएको सूत्रहरू), धर्मधर, विनयधर, मातिकाधर (दुई प्रातिमोक्षधर) हुनुभएका विहारमा बसेका हुन्छन् भने आयुष्मान आनन्द नै त्यहाँ वर्षावास बसेर समय-समयमा गएर सोध्नेगर्छ, प्रश्न गर्ने हुन्– 'भन्ते ! यो भनेको के हो ? यो कुन अर्थमा भनेको ?' वहाँले आयुष्मान आनन्दलाई स्पष्ट नभएकोलाई स्पष्ट गरी दिन्छ, प्रकट गर्न नसकेकोलाई प्रकट गरी दिन्छ, अनेकौं प्रकारका शंकास्पद धर्मलाई शंका निवारण गरी दिन्छ ।"

Dhamma.Digital

## १०. खत्तियसुत्तं

५२. त्यसबेला जाणुस्सोणि ब्राह्मण जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गए । गएर भगवानसंग कुशलवार्ता गरे । कुशलवार्ता गरेपछि एक ठाउँमा बसे । एक ठाउँमा बसेपछि जानुस्सोणि ब्राह्मणले भगवानलाई यसो भन्यो–

"भो गोतम ! क्षत्रियका अभिप्राय के हुन्छ ? उच्च विचार के हुन् ? अधिष्ठान के हुन् ? झुकाव केमा हुन्छ ? चाह केमा हुन्छ ?" "ब्राह्मण ! क्षत्रियका अभिप्राय भोग सम्बन्धि हुन्छ । उच्च विचार प्रज्ञामा हुन्छ ।



Downloaded from http://dhamma.digital

अधिष्ठान बल हुन् । झुकाव पृथ्वीको स्वामी बन्नेमा हुन्छ । राज्याभिषेकको ऐश्वर्य प्राप्तीको चाह हुन्छ ।

"भो गोतम ! ब्राह्मणका अभिप्राय के हुन्छ ? उनीहरूका उच्च विचार के हुन् ? उनीहरूका अधिष्ठान के हुन् ? झुकाव केमा हुन्छ ? चाह केमा हुन्छ ?" "ब्राह्मण ! ब्राह्मणका अभिप्राय भोग सम्बन्धि हुन्छ । उच्च विचार प्रज्ञामा हुन्छ । मन्त्र नै अधिष्ठान हुन् । झुकाव यज्ञमा हुन्छ । ब्रह्म लोकगामीको नै चाह हुन्छ ।"

"भो गोतम ! गृहस्थका अभिप्राय के हुन्छ ? उच्च विचार के हुन् ? अधिष्ठान के हुन् ? झुकाव केमा हुन्छ ? चाह केमा हुन्छ ?" "ब्राह्मण ! गृहस्थका अभिप्राय भोग सम्बन्धि हुन्छ । उच्च विचार प्रज्ञामा हुन्छ । शिल्प नै अधिष्ठान हुन् । गृहस्थ काम-काज गर्नमा नै झुकाव हुन्छ । काम-काज सिध्याउने नै चाह हुन्छ ।"

"भो गोतम ! स्त्रीकी अभिप्राय के हुन्छ ? उच्च विचार के हुन् ? अधिष्ठान के हुन् ? झुकाव केमा हुन्छ ? चाह केमा हुन्छ ?" "ब्राह्मण ! स्त्रीकी अभिप्राय पुरुषसम्बन्धि हुन्छ । उच्च विचार अलङ्कारसम्पन्न हुनु । पुत्र प्राप्त गर्नु नै अधिष्ठान हुन् । सौता नहोस् भन्नेतिर झुकाव हुन्छ । ऐश्वर्य प्राप्तीकै चाह हुन्छ ।"

"भो गोतम ! चोरको अभिप्राय के हुन्छ ? उच्च विचार के हुन् ? अधिष्ठान के हुन् ? झुकाव केमा हुन्छ ? चाह केमा हुन्छ ?" "ब्राह्मण ! चोरको अभिप्राय चोरी सम्बन्धि हुन्छ । उच्च विचार लुकेर बस्ने । शस्त्र धारण गर्नु नै अधिष्ठान हुन् । अन्धकार प्रति नै झुकाव हुन्छ । कसैले पनि नदेखोस भन्ने नै चाह हुन्छ ।"

"भो गोतम ! श्रमणका अभिप्राय के हुन्छ ? उच्च विचार के हुन् ? अधिष्ठान के हुन् ? झुकाव केमा हुन्छ ? चाह केमा हुन्छ ?" "ब्राह्मण ! श्रमणका अभिप्राय क्षान्तिवान र शीलवान बन्नमा हुन्छ । उच्च विचार प्रज्ञामा हुन्छ । शिल नै अधिष्ठान हुन् । अकिञ्चनभा नै झुकाव हुन्छ । निर्वाण प्राप्तीकै चाह हुन्छ ।"

"आश्चर्य हो, भो गोतम ! अद्भुत हो, भो गोतम ! तपाईं गोतमले



Downloaded from http://dhamma.digital

क्षत्रियका अभिप्रायलाई, उच्च विचारलाई, अधिष्ठानलाई, झुकावलाई र चाहनालाई जान्नुहुन्छ । भो गोतम ! तपाईंले ब्राह्मणका पनि ... गृहस्थका पनि ... स्त्रीकी पनि ... चोरको पनि ... भो गोतम ! तपाईं गोतमले श्रमणका अभिप्रायलाई, उच्च विचारलाई, अधिष्ठानलाई, झुकावलाई र चाहनालाई जान्नुहुन्छ । "आश्चर्य हो, भो गोतम ! ... भो गोतम आजदेखि मलाई प्राण-रहुञ्जेल शरणागत उपासक भनी तपाईंले धारण गर्नुहोस् ।"

## ११. अप्पमादसुत्तं

५३. त्यसबेला कोही एकजना ब्राह्मण जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गए । गएर भगवानसंग कुशलवार्ता गरे । कुशलवार्ता गरेपछि एकठाउँमा बसे । एकठाउँमा बसेपछि ब्राह्मणले यसो भन्यो–

"भो गोतम ! के कुनै यस्तो एक धर्म छ, जसको अभ्यास गरिंदा, वृद्धि गरिंदा दुवैलोकमा कल्याण हुन्छ अर्थात यस लोकमा पनि कल्याण अनि परलोकमा पनि कल्याण हुनेछ ?" "छ, ब्राह्मण ! एक धर्मको अभ्यास गरिंदा, वृद्धि गरिंदा दुवैलोकमा कल्याण हुनेछ । अर्थात यस लोकमा पनि कल्याण अनि परलोकमा पनि कल्याण हुनेछ ।"

"भो गोतम ! त्यो कुन धर्म हो, जुन एक धर्मको अभ्यास गरिंदा, वृद्धि गरिंदा दुवैलोकमा कल्याण हुन्छ । अर्थात यस लोकमा पनि कल्याण परलोकमा पनि कल्याण हुनेछ ?" "ब्राह्मण ! 'अप्रमाद' एक धर्मको अभ्यास गरिंदा, वृद्धि गरिंदा दुवैलोकमा कल्याण हुन्छ । अर्थात यस लोकमा पनि कल्याण परलोकमा पनि कल्याण हुनेछ ।"

"जस्तै कि, ब्राह्मण ! जंगलमा जनावरहरूको जति पनि पद हुन्छन् साना वा ठूलाका हिसाबले सबै हात्तीको पद अन्तर्गतै आउँछ । हात्तीको पद नै सबै भन्दा ठूलो भनिन्छ । यसरी नै, ब्राह्मण ! 'अप्रमाद' एक धर्मको अभ्यास गरिंदा, वृद्धि गरिंदा दुवैलोकमा कल्याण हुन्छ । अर्थात यस लोकमा पनि कल्याण अनि परलोकमा पनि कल्याण हुनेछ ।"

"जस्तै कि, ब्राह्मण ! शिखराकारको कुटागारमा जति पनि बीमहरू लाउने हुन्छ ती सबै शिखरतिर नै मोडिएको हुन्छ । शिखर तिर नै मुख गरिएको हुन्छ । शिखरतिर नै झुकिएको हुन्छ । शिखर नै ती मध्यमा मुख्य भनिन्छ । यसरी नै, ब्राह्मण ! 'अप्रमाद ... ।



Downloaded from http://dhamma.digital

"जस्तै कि, ब्राह्मण ! नरकटलाई काट्नेले नरकटलाई काटेर त्यसैको टुप्पोलाई समातेर कुट्ने गर्छ, पिट्नेगर्छ अनि छाँट्ने गर्छ। यसरी नै, ब्राह्मण ! 'अप्रमाद ... ।

"जस्तै कि, ब्राह्मण ! आँपको हाँगा भाँचिंदा त्यसमा रहेका जति पनि आँपछन् जम्मै झर्छ। यसरी नै, ब्राह्मण ! 'अप्रमाद' ... ।

"जस्तै कि, ब्राह्मण ! जति पनि स-साना राजाहरू छन् ती सबै चक्रवर्ती राजाकै अनुगमन गर्ने हुन्छन्। चक्रवर्ती राजा तिनीहरू मध्येमा श्रेष्ठ भनिन्छ। यसरी नै, ब्राह्मण ! 'अप्रमाद' ... ।

"जस्तै कि, ब्राह्मण ! जति पनि ताराहरू छन्, ती सबैका ज्योति भन्दा पनि चन्द्रमाको ज्योतिको तुलनामा त सोह्र भागको एक भाग पनि हुँदैन। चन्द्रको ज्योति नै तिनीहरू मध्येमा श्रेष्ठ भनिन्छ। "यसरी नै, ब्राह्मण ! 'अप्रमाद' एक धर्मको अभ्यास गरिंदा, वृद्धि गरिंदा दुवैलोकमा कल्याण हुन्छ। अर्थात यस लोकमा पनि कल्याण अनि परलोकमा पनि कल्याण हुनेछ।

"ब्राह्मण ! यही 'अप्रमाद' एक धर्मको अभ्यास गरिंदा, वृद्धि गरिंदा दुवैलोकमा कल्याण हुन्छ। अर्थात यस लोकमा पनि कल्याण अनि परलोकमा पनि कल्याण हुनेछ।

"आश्चर्य हो, भो गोतम ! अद्‌भुत हो, भो गोतम ! ... भो गोतम ! आजदेखि मलाई प्राणरहुञ्जेल शरणागत उपासक भनी तपाईंले धारण गर्नुहोस्।"

## १२. धम्मिकसुत्तं

५४. एक समय भगवान राजगृहस्थित गिज्झकूट पर्वतमा बस्नुहुन्थ्यो। त्यस समय आयुष्मान धम्मिक जाति-भूमिका सातौं निवास्थानमा आवासिक भिक्षु थिए। त्यस समय कोही आगन्तुक भिक्षुहरू आउँदा गालि गर्दथ्यो, अप-शब्द प्रयोग गर्दथ्यो, कष्ट पुऱ्याउँदथ्यो, ठेस पुऱ्याउँदथ्यो, क्रोधित गराउँदथ्यो र वचनरूपी वाण चलाउँदथ्यो। ती आगन्तुक भिक्षुहरू आउँदा आयुष्मान धम्मिकले उनीहरूलाई गालि गर्दा अपशब्द प्रयोग गर्दा, कष्ट पुऱ्याउँदा, ठेस पुऱ्याउँदा, क्रोधित गराउँदा र वचनरूपी वाण चलाउँदा ती आगन्तुक भिक्षुहरू त्यस आवासलाई छाडेर जान्थ्यो, बस्दैनथ्यो र आवास खाली गरी जान्थ्यो।

अनि त जाति-भूमिका उपासकहरूलाई यस्तो लाग्नथाल्यो- "हामीले



Downloaded from http://dhamma.digital

भिक्षुसंघलाई चीवर-पिण्डपात-शयनासन-औषधी र परिष्कारद्वारा सेवा गरेका छौं । तै पनि आगन्तु भिक्षुहरूले छाडेर जान्छन्, बस्दैनन् आवासलाई खाली गरेर जान्छन् । के कारणले होला ? किन होला आगन्तुक भिक्षुहरूले आवासलाई छाडेर जान्छन्, बस्दैनन् र खाली गरेर जान्छन् ? अनि त जाति-भूमिका उपासकहरूमा यस्तो विचार आयो– "यी आयुष्मान धम्मिक भिक्षुले आगन्तुक भिक्षुहरूलाई गालि गर्छ, अपशब्द प्रयोग गर्छ, कष्ट पुऱ्याउँछ, ठेस पुऱ्याउँछ, क्रोधित गराउँछ र वचनरूपी वाण चलाउँछ । त्यसैले आयुष्मान धम्मिकको गालिले गर्दा, अपशब्दले गर्दा , कष्ट पुऱ्याउनाले, ठेस पुऱ्याउनाले, क्रोधित गराउनाले र वचनरूपी वाण चलाउनाले ती आगन्तु भिक्षुहरू त्यस आवासबाट जान्छन्, बस्दैनन् र खाली गरी जान्छन् । किन हामीले आयुष्मान धम्मिकलाई यहाँबाट नपठाउने !"

तब जाति भूमिका उपासकहरू जहाँ आयुष्मान धम्मिक थियो त्यहाँ गए । गएर धम्मिक भिक्षुलाई भन्यो– "भन्ते ! तपाईं यस आवासबाट जानुहोस् । यहाँ तपाईं नबस्नुस् ।" अनि त आयुष्मान धम्मिकले त्यस आवासबाट निस्केर अर्को आवासमा बस्नगए । त्यहाँ पनि आयुष्मान धम्मिकले आगन्तुक भिक्षुहरूलाई गालि गर्दा अपशब्द प्रयोग गर्दा , कष्ट पुऱ्याउँदा, ठेस पुऱ्याउँदा, क्रोधित गराउँदा र वचनरूपी वाण चलाउँदा ती आगन्तु भिक्षुहरू त्यस आवासलाई छाडेर जान्थ्यो, बस्दैनथ्यो र आवास खाली गरी जान्थ्यो ।

अनि त जाति-भूमिका उपासकहरूलाई यस्तो लाग्न थाल्यो– "हामीले भिक्षुसंघलाई चीवर-पिण्डपात-शयनासन-औषधी र परिष्कारद्वारा सेवा गरेका छौं । तै पनि आगन्तु भिक्षुहरूले छाडेर जान्छन्, बस्दैनन्, आवासलाई खाली गरेर जान्छन् । के कारणले होला ? किन होला आगन्तुक भिक्षुहरूले आवास छाडेर जान्छन्, बस्दैनन् र खाली गरेर जान्छन् ? अनि त जाति-भूमिका उपासकहरूमा यस्तो विचार आयो– "यी आयुष्मान धम्मिक भिक्षुले आगन्तुक भिक्षुहरूलाई गालि गर्छ, अपशब्द प्रयोग गर्छ, कष्ट पुऱ्याउँछ, ठेस पुऱ्याउँछ, क्रोधित गराउँछ र वचनरूपी वाण चलाउँछ । त्यसैले आयुष्मान धम्मिकको गालिले गर्दा, अपशब्दले गर्दा , कष्ट पुऱ्याउनाले, ठेस पुऱ्याउनाले, क्रोधित गराउनाले र वचनरूपी वाण चलाउनाले ती आगन्तु भिक्षुहरू त्यस आवासबाट जान्छन्, बस्दैनन् र खाली गरी जान्छन् । किन हामीले आयुष्मान धम्मिकलाई यहाँबाट नपठाउने !"

तब जाति भूमिका उपासकहरू जहाँ आयुष्मान धम्मिक थियो, त्यहाँ गए । गएर धम्मिक भिक्षुलाई भन्यो– "भन्ते ! तपाईं यस आवासबाट

Downloaded from http://dhamma.digital

जानुहोस् । यहाँ तपाईं नवस्नुस् ।" अनि त आयुष्मान धम्मिकले त्यस आवासबाट निस्केर अर्को आवासमा बस्नगए । त्यहाँ पनि आयुष्मान धम्मिकले आगन्तुक भिक्षुहरूलाई गालि गर्दा अपशब्द प्रयोग गर्दा, कष्ट पुऱ्याउँदा, ठेस पुऱ्याउँदा, क्रोधित गराउँदा र वचनरूपी वाण चलाउँदा ती आगन्तु भिक्षुहरू त्यस आवासलाई छाडेर जान्थ्यो, बस्दैनथ्यो र आवासलाई खाली गरी जान्थ्यो ।

अनि त जाति-भूमिका उपासकहरूलाई यस्तो लाग्न थाल्यो– "हामीले भिक्षुसंघलाई चीवर-पिण्डपात-शयनासन-औषधी र परिष्काद्वारा सेवा गरेका छौं । तै पनि आगन्तु भिक्षुहरूले छाडेर जान्छन्, बस्दैनन् आवासलाई खाली गरेर जान्छन् । के कारणले होला ? किन होला आगन्तुक भिक्षुहरूले आवासलाई छाडेर जान्छन्, बस्दैनन् र खाली गरेर जान्छन् ? अनि त जाति-भूमिका उपासकहरूलाई यस्तोभयो– "यी आयुष्मान धम्मिक भिक्षुले आगन्तुक भिक्षुहरूलाई गालि गर्छ.... किन हामीले आयुष्मान धम्मिकलाई यहाँबाट नपठाउने !" यसरी नै सातैवटा आवसस्थानबाट निकालेर पठाए । अनि त आयुष्मान धम्मिकको मनमा कुरा खेल्नथाल्यो– "म सातैवटा आवासबाट जाति-भूमिका उपासकहरूद्वारा निष्कासित भएँ । अब म कहाँ जाऊँ ?" त्यसबेला आयुष्मान धम्मिकको मनमा आयो– "अब म जहाँ भगवान हुनुहुन्छ त्यहाँ जानुपर्ला ।"

अनि त आयुष्मान धम्मिकले पात्र-चीवर लिई जहाँ राजगह हो त्यहाँ गए । क्रमशः जहाँ राजगहको गिज्झकूट पर्वत हो, जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ पुगे । पुगेर भगवानलाई अभिवादन गरी एकठाउँमा बसे । एकठाउँमा बसेका आयुष्मान धम्मिकलाई भगवानले सोध्नुभयो– "अहो ! ब्राह्मण धम्मिक तिमी कहाँबाट आएको ?" "भन्ते ! जाति-भूमिका उपासकहरूले, जाति-भूमिका सातवटै आवासबाट मलाई निकाली दिए । "भइगयो, ब्राह्मण धम्मिक ! यसबाट तिमीलाई के ? तिमी जहाँ हुन्छौ, तहाँ तहाँबाट निकालिए, त्यसैले तिमी त्यस त्यस आवासबाट निस्केर मकहाँ आयौ ।"

"ब्राह्मण धम्मिक ! पहिला सामुद्रिक ब्यापारीले तट-दर्शी पंक्षीलाई साथमा लिई नौकालाई समुद्रमा छाड्ने गर्थ्यो । उसले तट नदेख्दा तट-दर्शी पंक्षीलाई छोडी दिन्छ । त्यो पूर्व दिशातिर उडेर जान्छ, पश्चिम दिशातिर उडेर जान्छ, उत्तर दिशातिर उडेर जान्छ, दक्षिण दिशातिर उडेर जान्छ, माथितिर उडेर दिशा-विदिशातिर उडेर जान्छ । यदि उसले तट देखेमा उतै तिर जाने



Downloaded from http://dhamma.digital

हुन्छ । यदि उसले तट नदेखेमा त्यही नौकामा नै फर्केर आउँछ । यसरी नै, ब्राह्मण ! जब तिमीलाई त्यस-त्यस ठाउँबात निकालिएपछि मकहाँ आयौ ।

"ब्राह्मण धम्मिक ! पूर्व समयमा कोरव्य राजाको निग्रोधराज वृक्ष थियो । जसको पाँच शाखा थिए । त्यस सुप्रतिष्ठित निग्रोधराज वृक्ष बाह्र योजनसम्म फैलिएको थियो । ब्राह्मण धम्मिक ! त्यस सुप्रतिष्ठित निग्रोध वृक्षराजको यति ठूलो-ठूलो फल फल्थ्यो । मानौं भात पकाउने देक्ची जत्रो । फल यति स्वादिलो थियो कि, साना मौरीको मह जस्तै मिठो थियो । त्यस सुप्रतिष्ठित निग्रोध वृक्ष एउटा हाँगा रानीहरू सहित राजाले उपभोग गर्थे, एउटा हाँगा सेनाद्वारा उपयोग गर्थे, एउटा हाँगा गाउँका तथा शहर मानिसहरूले उपयोग गर्थे अनि अर्को एउटा हाँगा जनावरहरूले उपयोग गर्थे । त्यस सुप्रतिष्ठित निग्रोध वृक्षको फललाई न त कसैले बचाएर राख्थ्यो अनि न त अरू कसैको भागप्रति नोक्सान पुऱ्याउँदथ्यो ।

"अनि, ब्राह्मण धम्मिक ! कोही एकजना मान्छेले सुप्रतिष्ठित निग्रोध-राज वृक्षको फल यथेष्ट खाएर, जानेबेलामा त्यसको शाखालाई भाँचेर गयो । अनि त, ब्राह्मण धम्मिक ! सुप्रतिष्ठित निग्रोध-राज वृक्षमा बस्ने देवताको मनमा यस्तो भयो– 'अहो ! यो कस्तो आश्चर्यको कुरा, यो कतिको अद्भूतको कुरा हो, कि मान्छे कतिको पापी हुँदोरहेछ । सुप्रतिष्ठित निग्रोध-राज वृक्षको यथेष्ट फल खाएर, जानेबेलामा त्यसको शाखा पनि भाँचेर जाँदोरहेछ ! अब भविष्यतमा सुप्रतिष्ठित निग्रोधको वृक्षमा फल नफलाए पनि हुन्छ ।' अनि त ब्राह्मण धम्मिक ! सुप्रतिष्ठित निग्रोध-राज वृक्षमा फल नलाग्ने भयो ।

"अनि त, ब्राह्मण धम्मिक ! राजा कोरव्य देवेन्द्र शक्रकहाँ गए । गएर देवेन्द्र शक्रलाई भन्यो– भो महानुभाव मित्र ! थाहा पायौ कि, सुप्रतिष्ठित निग्रोध-राज वृक्षले फल दिन छोडेको ? अनि त, ब्राह्मण धम्मिक ! देवराज शक्रले त्यसरूपको ऋद्धिबल प्रयोग गरे कि, आँधीबेहरीद्वारा सुप्रतिष्ठित निग्रोध-राजवृक्ष समूलसहित उखेलिएर ढल्यो । अनि त, ब्राह्मण धम्मिक ! सुप्रतिष्ठित निग्रोध-राज वृक्षमा बस्ने देवता दुःखी, चिन्तित र रुँदै अश्रुमुख हुँदै एकठाउँमा बसिरहे ।

"अनि त, ब्राह्मण ! देवेन्द्र शक्र जहाँ सुप्रतिष्ठित निग्रोध-राजवृक्षमा बस्ने देवता थियो, त्यहाँ गए । गएर सुप्रतिष्ठित निग्रोध-राजवृक्षमां बस्ने देवतासंग सोध्यो– 'भो देव ! तिमी किन यहाँ बसेर दुःखित, चिन्तित भई आँसु खसाली रोइरहेको ?' 'मित्र ! तेज आँधीबेहरी आएकोले मेरो भवनको मूलजडा-



Downloaded from http://dhamma.digital

सहित उखेलिएर जमीनमा ढलियो । 'भो देव ! के तिम्रो वृक्षले धर्मलाई पालन गरिरहँदा नै तेज आँधीबेहरी आएर भवनको मूल जडोसहित उखेलिएर ढलेको हो ? 'भो मित्र ! वृक्षले वृक्ष धर्मको पालन कसरी गर्छ ? 'यहाँ, देव ! वृक्षको जडा चाहिएमा जडा लिएर जान्छ । वृक्षको बोक्रा चाहिएमा बोक्रा लिएर जान्छ। पात चाहिएमा पात लिएर जान्छ। फूल चाहिएमा फूल लिएर जान्छ। फल चाहिएमा फल लिएर जान्छ। त्यसबाट असन्तुष्ट वा अप्रसन्न हुनुहुँदैन। भो देव ! यसप्रकारले वृक्षले वृक्ष धर्मको पालन गरेको हुन्छ। 'भो मित्र ! मेरो वृक्षले वृक्षको धर्ममा नरहेको हुनाले नै तेज आँधीबेहरी आएर मेरो भवनको मूलजडोसहित उखेलिएर जमीनमा ढलिएको हो ।' 'भो देव ! यदि तिमी वृक्ष धर्ममा अचल भएर बस्यौ भने तिम्रो भवन पुन पूर्ववत नै हुनसक्छ ।' 'मित्र ! म वृक्ष धर्ममा अचल भई बस्छु। मेरो भवन पूर्ववत होवस् ।'

"अनि त, ब्राह्मण धम्मिक ! देवेन्द्र शक्रले यस्तो ऋद्धिबल प्रयोग गरे कि तेज आँधीबेहरीद्वारा पुन: त्यो ढलिएको सुप्रतिष्ठित निग्रोध-राज वृक्ष उठेर जडाहरू पूर्ववत भई स्थीरभयो। यसरी नै, ब्राह्मण धम्मिक ! के श्रमण धर्मको पालन गरिरहँदा पनि तिमीलाई जाति-भूमिका उपासकहरूले जाति-भूमिका सातै आवास गृहबाट निकालेर पठायो । "भन्ते ! श्रमण धर्ममा श्रमण कसरी स्थित हुन्छ ? "यहाँ, ब्राह्मण धम्मिक ! श्रमणले आक्रोश गर्नेप्रति प्रत्याक्रोश नगर्ने हुन्छ । रीसाउनेसंग पनि नरीसाउने हुन्छ, झगडा गर्नेसंग पनि झगडा गर्दैन ।" "भन्ते ! म श्रमण धर्ममा स्थिर भइन, त्यसैले जाति-भूमिका उपासकहरूले जाति-भूमिका सातैवटा आवास गृहबाट निकालिनु पऱ्यो।"

"ब्राह्मण धम्मिक ! पूर्वकालमा सुनेत्त नाउँका गुरु थिए । एक सम्प्रदायका अग्रज, काम-भोगमा आसक्ति थिएन। ब्राह्मण धम्मिक ! सु-नेत्त गुरुका सैकडौं शिष्यहरू थिए । सुनेत्त गुरुले शिष्यहरूलाई ब्रह्मलोकमा उत्पन्न हुनसक्ने मैत्रीभावना विषयादिको धर्मोपदेश दिनुहुन्थ्यो । ब्राह्मण धम्मिक ! जो सुनेत्त गुरुबाट ब्रह्मलोकमा उत्पन्न हुने मैत्री भावनादि विषयलाई लिएर धर्मदेशना गरिंदा श्रद्धावान भएन तिनीहरू शरीर छूटेर मरणपछि दुर्गति पतन भई नरकमा उत्पन्न भए। ब्राह्मण धम्मिक ! जो सुनेत्त गुरुबाट ब्रह्मलोकमा उत्पन्न हुने मैत्री भावनादि विषय लिएर धर्मदेशना गरिंदा श्रद्धावान भए तिनीहरू शरीर छूटेपछि मरण पश्चात सुगति स्वर्ग लोकमा उत्पन्न भए।

"पूर्वकालमा, ब्राह्मण धम्मिक ! पहिला मूगपक्ख नाउँका गुरु थिए ... अरनेमि नाउँका गुरु थिए ... कुद्दालक नाउँका गुरु थिए ... हस्तिपाल नाउँको



Downloaded from http://dhamma.digital

गुरु थिए ... जोतिपाल नाउँका एक सम्प्रदायका अग्रज, काम-भोगमा आसक्तरहित थिए । ब्राह्मण धम्मिक ! जोतिपाल गुरुका सैकडौं शिष्यहरू थिए । जोतिपाल गुरुले शिष्यहरूलाई ब्रह्मलोकमा उत्पन्न हुनसक्ने मैत्रीभावना विषयादिको धर्मोपदेश दिनुहुन्थ्यो । ब्राह्मण धम्मिक ! जोतिपाल गुरुबाट ब्रह्मलोकमा उत्पन्न हुने मैत्री भावनादि विषय धर्म देशना गरिंदा जो श्रद्धारहित भए तिनीहरू शरीर छूटेर मरणपछि दुर्गतिमा पतन भई नरकमा उत्पन्न भए । ब्राह्मण धम्मिक ! जोतिपाल गुरुबाट ब्रह्मलोकमा उत्पन्न हुने मैत्री भावनादि विषय धर्मदेशना गरिंदा जो श्रद्धावान भए तिनीहरू शरीर छूटेर मरणपछि सुगति स्वर्ग लोकमा उत्पन्न भए ।

"के त तिमी मान्दछौ, ब्राह्मण धम्मिक ! जो यी छः जना गुरुहरू एक सम्प्रदायका अग्रज, काम-भोगप्रति आसक्तरहित थिए । जसका सैकडौं शिष्यहरूले मन प्रदूषित गरी आक्रोस गरेमा, गाली गरेमा के त उनीहरू धेरै नै अपुण्यका भागी बनिंदैन ?" "यस्तै हुन्छ, भन्ते !" "ब्राह्मण धम्मिक ! जो यी छः शास्ताहरू एकै सम्प्रदायका अग्रज, काम-भोगमा आसक्तरहित थिए । जसका सैकडौं शिष्यहरूले मन प्रदूषित गरी आक्रोस गरेमा, गाली गरेमा उनीहरू धेरै अपुण्यका भागी बनिने हुन्छ । जो दृष्टिसम्पन्न व्यक्तिलाई आक्रोश गर्छ, गाली गर्छ भने त त्यो भन्दा पनि बढि अपुण्यको भागी हुनेछ । त्यो के कारणले ? "ब्राह्मण धम्मिक ! जस्तो मेरो शिष्यमा क्षमा-शील छ, त्यस्तो अन्यत्र कहीं देख्दिन । त्यसैले, ब्राह्मण धम्मिक ! यस्तो शिक्षा लिनुपर्छ कि, मैले आफ्नो सब्रह्मचारीप्रति द्वेष गर्ने छैन । ब्राह्मण धम्मिक ! तिमीले यस्तै शिक्षा लिनुपर्छ ।

"सुनेत्तो मूगपक्खो च, अरनेमि त ब्राह्मणो ।
कुद्दालको अहु सत्था, हत्थिपालो च माणवो ॥

"सुनेत्त, मूगपक्ख, अरनेमि ब्राह्मण, कुद्दालक अनि हत्थिपाल माणवक थिए ।

"जोतिपाले च गोविन्दो, अहु सत्तपुरोहितो ।
अहिंसका अतीतंसे, छ सत्थारो यसस्सिनो ॥

"जोतिपाल र गोविन्द सात पुरोहित थिए । अतितकालमा यी छः गुरुहरू अहिंसक र यशस्वी थिए ।

"निरामगन्धा करुणेधिमुत्ता, कामसंयोजनातिगा ।
कामरागं विराजेत्वा, ब्रह्मलोकूपगा अहुं ॥



Downloaded from http://dhamma.digital

"अक्रोधी, करुणावान, काम-संयोजनबाट मुक्त, काम-राग विजयी भई ब्रह्मलोकगामी भए।

**"अहेसुं सावका तेसं, अनेकानि सतानिपि।**
**निरामगन्धा करुणेधिमुत्ता, कामसंयोजनातिगा।**
**कामरागं विराजेत्वा, ब्रह्मलोकूपगा अहुं॥**

"उनीहरूका सैकडौं शिष्यहरू थिए, "अक्रोधी, करुणावान, काम-संयोजनबाट मुक्त, काम-राग विजयी भई ब्रह्मलोकगामी भए।

**"येते इसी बाहिरके , वीतरागे समाहिते।**
**पदुट्ठमनसङ्कप्पो, यो नरो परिभासति।**
**बहुञ्च सो पसवति, अपुञ्ञं तादिसो नरो॥**

"जो ती संयमित ईन्द्रिय, वीतरागी बाहिरी ऋषी थिए, तिनीहरूलाई पनि जो नरले प्रदुष्ट चित्तद्वारा नराम्रो शब्द भन्ने गर्छ त्यसप्रकाका नरले धेरै नै अपुण्यको सृजन गर्छ।

**"यो चेकं दिट्ठिसम्पन्नं, भिक्खुं बुद्धस्स सावकं।**
**पदुट्ठमनसङ्कप्पो, यो नरो परिभासति।**
**अयं ततो बहुतरं, अपुञ्ञं पसवे नरो॥**

"यदि जो कसैले दृष्टि (सम्यकदृष्टि) सम्पन्न बुद्ध-श्रावकलाई, जो नरले प्रदुष्ट चित्तद्वारा नराम्रा शब्द भन्ने गर्छ भने,त्यो भन्दा बढी त्यो नरले धेरै नै अपुण्यको सृजन गर्छ।

**"न साधुरूपं आसीदे, दिट्ठिट्ठानप्पहायिनं।**
**सत्तमो पुग्गले एसो, अरियसङ्घस्स वुच्चति॥**

"मिथ्यादृष्टिरहित साधुरूपलाई कष्ट नदिनु, यस्तो व्यक्ति आर्यसंघमा सातौं (अर्हत मार्ग प्राप्त) व्यक्ति भनिन्छ।

**"अवीतरागो कामेसु, यस्सपञ्चिन्द्रिया मुदू।**
**सद्धा सति च वीरियं, समथो च विपस्सना॥**

"जो अहिले काम-रागबाट विरागी होइनन्। श्रद्धा, स्मृति, वीर्य, समथ र विपश्यना यी पञ्चिन्द्रियमा सुकोमल (सकृदागामी) हुन्।



Downloaded from http://dhamma.digital

**"तादिसं भिक्खुमासज्ज, पुब्बेव उपहञ्ञति ।**
**अत्तानं उपहन्त्वान, पच्छा अञ्ञं विहिंसति ॥**

"त्यसप्रकारका भिक्षुलाई जसले चोट पुऱ्याउँछ, उसले पहिला आफैलाई नै चोट पुऱ्याएको हुन्छ, पछिमात्र अरूलाई चोट पुऱ्याउने हुन्छ ।

**"यो च रक्खति अत्तानं, रक्खितो तस्स बाहिरो ।**
**तस्मा रक्खेय्य अत्तानं, अक्खतो पण्डितो सदा"ति ॥**

जो आफू भित्र सुरक्षित हुन्छ, ऊ बाहिरीवाट पनि सुरक्षित हुन्छ । त्यसैले चोट नलागेका पण्डितलाई आवश्यक छ कि, आफैलाई नै सदा सुरक्षित गरी राख्ने ।"

Dhamma.Digital

Downloaded from http://dhamma.digital

# २. दुतियपण्णासकं

## ६. महावग्गो

### १. सोणसुत्तं

५५. यस्तो मैले सुनें– एक समय भगवान राजगहस्थित गिज्झकूट पर्वतमा बस्नुहुन्थ्यो । त्यसबेला आयुष्मान सोण राजगहस्थित सीतवनमा बस्नुहुन्थ्यो । जब आयुष्मान सोण एकान्तमा बसी विचार मग्न थिए त्यसबेला यस्तो वितर्क भइरहेको थियो– "जति पनि भगवानका प्रयत्न-शील शिष्यहरू छन्, तिनीहरू मध्येमा म पनि एक हुँ । तै पनि मेरो चित्त आश्रवबाट मुक्त हुन सकेन । मेरो कुलमा भोग्य विषयहरू छन् । मैले ती भोग्य विषयको भोग गर्दै, पुण्य गर्दै बस्नसक्छु । मैले शिक्षालाई त्याग गरी, हीनमार्गी भई, विषय भोग पनि गरी अनि पुण्यकर्म गर्दै किन नबस्ने ?"

तब भगवानले आफ्नो चित्तद्वारा आयुष्मान सोणको चित्तमा उठेको वितर्कलाई जान्नुभयो । जस्तो कि, कोही मानिसले बाँधिएको बाहुलाई फुकाली दिए झैं अथवा फुकालीएको बाहुलाई बाँधि दिए झैं भगवान गिज्झकूट पर्वतबाट अन्तर्धान भई शीतवनमा आयुष्मान सोणको सम्मुखमा प्रकट हुनुभयो । भगवान बिछ्याइएको आसनमा बस्नुभयो । आयुष्मानले पनि भगवानलाई वन्दना गरी एकठाउँमा बसे । एकठाउँमा बसेपछि आयुष्मान सोणलाई भगवानले भन्नुभयो– "सोण ! जब तिमी एकान्तमा बसी विचार गरिरहेका थियौ तब तिम्रो मनमा यस्तो वितर्क उत्पन्न भयो होइन र ! "जति पनि भगवानका प्रयत्न-शील शिष्यहरू छन्, तिनीहरू मध्येमा म पनि एक हुँ । तै पनि मेरो चित्त भने आश्रवबाट मुक्त भएन । मेरो कुलमा भोग्य विषयहरू छन् । मैले ती भोग्य विषयको भोग गर्दै, पुण्य गर्दै बस्नसक्छु । मैले शिक्षालाई त्याग गरी, हीनमार्गी भई, विषय भोग पनि गरी अनि पुण्यकर्म गर्दै किन नबस्ने ?" "हो, भन्ते !"

"सोण ! के तिमीलाई याद छ, गृहस्थमा रहँदा तिमी वीणा वादनमा निपुण थियौ कि थिएनौ ?" "थिएं, भन्ते !" "सोण ! के तिमी मान्दछौं, जब तिमीले वीणाको तारलाई अत्यन्त तन्काउँथ्यौ, तब वीणाबाट स्वर निस्किंदा त्यो मनोहर हुन्थ्यो ?" "हुँदैनथ्यो, भन्ते !"

"सोण ! के तिमी मान्दछौ, जब तिमील वीणाको तारलाई अत्यन्त शिथिल पार्थ्यौं, तब वीणाबाट स्वर निस्किंदा त्यो मनोहर हुन्थ्यो ?" "हुँदैनथ्यो भन्ते !"



Downloaded from http://dhamma.digital

सोण ! जब तिमीले वीणाको तारलाई न अत्यन्त तन्काउँथ्यौ, न अत्यन्त शिथिल पार्थ्यौ, तब वीणाबाट स्वर निस्किंदा त्यो मनोहर हुन्थ्यो ?"
"हुन्थ्यो, भन्ते !"

"यसरी नै, सोण ! अत्यन्त प्रयत्न-शील हुँदा डरलाग्दोपन हुन्छ। अति शिथिल वीर्यले गर्दा अल्छेपन हुन्छ । त्यसैले सोण ! तिमी वीर्यमा समभाव भई रहने अधिष्ठान गर्नु । इन्द्रियहरू (श्रद्धादि) मा समभाव प्राप्त गरी, त्यही निमित्त ग्रहण गर्नु ।" (यसलाई राम्रोसंग बुझ्न यही सूत्तको अर्थकथालाई पढन आवश्यक छ ) । "हवस्, भन्ते !" भनी आयुष्मान सोणले भगवानलाई प्रत्युत्तर दिनुभयो । अनि त भगवानले आयुष्मान सोणलाई यस उपदेशद्वारा बोध गराउनु भई, जसरी बलवान पुरुषले बाँधिएको हातलाई फुकाली दिए झैं, फुकालिएको हातलाई बाँधी दिए झैं गरी त्यहाँ सीतवनबाट अन्तर्धान हुनुभई गिज्झकूट पर्वतमा प्रकट हुनुभयो ।

यसपछि आयुष्मान सोण आउने समय वीर्यमा समभाव हुने अधिष्ठान गरे । इन्द्रियहरूमा पनि समभावको भई त्यही निमित्तलाई नै ग्रहण गरे । अनि त आयुष्मान सोण एक्लै एकान्तमा अप्रमादी, लगनशील भई लागीरहँदा अचिरकालमै जुन कारण लिएर कुलपुत्रहरूले घरवार त्यागेर अनगारिक भई प्रव्रजित हुने हो, त्यस परम श्रेष्ठमय जीवनलाई यसै जन्ममा अभिज्ञात र साक्षात्कार गरी बसे । "जन्म क्षीण भयो, उत्तम जीवन व्यतीत (ब्रह्मचर्य) गर्नुको उद्देश्य पूराभयो, गर्नु पर्ने कार्य गरी सकें अब यसपछि अर्को गर्नु पर्ने केही छैन भन्ने ज्ञानभयो ।" आयुष्मान सोण पनि एक अर्हत भए ।

अनि त आयुष्मान सोण अर्हत भएपछि यसरी विचार गऱ्यो कि– "अब म किन जहाँ भगवान हुनुहुन्छ त्यहाँ नजाऊँ! त्यहाँ गएर भगवानको सम्मुखमा अर्हत भएको सुनाउँछु ।" यसपछि आयुष्मान सोण जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गए । गएर भगवानलाई अभिवादन गरी एकठाउँमा बसे । एकठाउँमा बसेपछि आयुष्मान सोणले भगवानलाई यसो भने–

"भन्ते ! जो भिक्षुले अर्हत्वलाई प्राप्त गरेको हुन्छ, जो क्षीणाश्रव हुन्छ, जसले श्रेष्ठ जीवन व्यतीत गर्छ, जो कृतकृत्य हुन्छ, जो भार विहिन हुन्छ, जो सदर्थलाई प्राप्त गरेको हुन्छ, जसको भव-संयोजन क्षीण हुन्छ, जो सम्यक-ज्ञानद्वारा विमुक्त हुन्छ, ऊ निष्क्रमण-विमुक्त हुन्छ, प्रविवेक-विमुक्त हुन्छ, अ-व्यापाद विमुक्त हुन्छ, तृष्णा क्षय गरी विमुक्त हुन्छ, उपादान क्षय गरी विमुक्त हुन्छ अनि असम्मोह-विमुक्त हुन्छ ।



Downloaded from http://dhamma.digital

"भन्ते ! यहाँ कोही आयुष्मानको मनमा यस्तो हुनसक्छ– 'यो आयुष्मानसंग केवल श्रद्धा हुनाले निष्क्रमण-विमुक्त हुँ, भन्ने गरेको हो। भन्ते ! यसलाई यसरी नहेरे पनि हुन्छ। भन्ते ! जो क्षीणश्रव भिक्षु हुन्छ, जसले श्रेष्ठ जीवन व्यतीत गरेको हुन्छ, जो कृतकृत्य हुन्छ, आफूबाट गर्नु पर्ने केही पनि देखिँदैन, पुनः पुनः गरिंदा वृद्धि हुने रागलाई क्षय गरी वीतरागी भई नैष्क्रम्य-विमुक्त हुन्छ, द्वेष क्षय गरी वीतद्वेषी भई नैष्क्रम्य-विमुक्त हुन्छ अनि मोह क्षय गरी वीतमोही भई नैष्क्रम्य विमुक्त हुन्छ।

"भन्ते ! यहाँ कोही आयुष्मानको मनमा यस्तो हुनसक्छ– 'यो आयुष्मानले लाभ-सत्कार र यशको कामनाले नै प्रविवेक-विमुक्त हुँ, भन्ने गरेको हो। भन्ते ! यसलाई यसरी नहेरे पनि हुन्छ। भन्ते ! जो क्षीणाश्रव भिक्षु हुन्छ, जसले श्रेष्ठ जीवन व्यतीत गरेको हुन्छ, जो कृतकृत्य हुन्छ, आफूबाट गर्नु पर्ने केही पनि देखिंदैन, पुनः पुनः गरिंदा वृद्धि हुने रागलाई क्षय गरी वीतरागी भई प्रविवेक-विमुक्त हुन्छ, द्वेष क्षय गरी वीतद्वेषी भई प्रविवेक-विमुक्त हुन्छ अनि मोह क्षय गरी वीतमोही भई प्रविवेक-विमुक्त हुन्छ।

"भन्ते ! यहाँ कोही आयुष्मानको मनमा यस्तो हुनसक्छ– 'यो आयुष्मानसंग शीलव्रत परामर्शलाई सारभाव जानी अव्यापाद-विमुक्ति हुँ, भन्ने गरेको हो। भन्ते ! यसलाई यसरी नहेरे पनि हुन्छ। भन्ते ! जो क्षीणाश्रव भिक्षु हुन्छ, जसले श्रेष्ठ जीवन व्यतीत गरेको हुन्छ, जो कृतकृत्य हुन्छ, आफूबाट गर्नु पर्ने केही पनि देखिंदैन, पुनः पुनः गरिंदा वृद्धि हुने रागलाई क्षय गरी वीतरागी भई अव्यापाद-विमुक्त हुन्छ, द्वेषलाई क्षय गरी वीतद्वेषी भई अव्यापाद विमुक्त हुन्छ अनि मोह क्षय गरी वीतमोही भई अव्यापाद-विमुक्त हुन्छ।

"रागको क्षय तथा वीतरागी हुने नै तृष्णा-क्षय-विमुक्त हुन्छ। द्वेषको क्षय तथा वीतद्वेषी हुने नै तृष्णाक्षय-विमुक्त हुन्छ। मोहको क्षय तथा वीतमोही हुने नै तृष्णा-क्षय-विमुक्त हुन्छ।

"रागको क्षय तथा वीतरागी हुने नै उपादान-क्षय विमुक्त हुन्छ। द्वेषको क्षय हुँदा, वीतद्वेषी हुने नै उपादान-क्षय विमुक्त हुन्छ। मोहको क्षय तथा वीतमोही हुने नै उपादान-क्षय-विमुक्त हुन्छ।

"रागको क्षय तथा वीतरागी नै असम्मोह-विमुक्त हुन्छ। द्वेषको क्षय तथा वीतद्वेषी नै असम्मोह-विमुक्त हुन्छ। मोहको क्षय तथा वीतमोही नै अ-सम्मोह-विमुक्त हुन्छ।



Downloaded from http://dhamma.digital

"भन्ते ! यसप्रकारले जो भिक्षुको चित्त सम्यकरूपले विमुक्त हुन्छ, उसको सम्मुखमा चाहे जतिपनि (दिव्य सौन्दर्य) चक्षु-विज्ञान रूप आवस त्यसबाट उसको चित्तलाई भडकाउन सक्दैन । उसको चित्त परिशुद्ध नै हुन्छ, स्थिर हुन्छ, रूपको विनाशदर्शी हुन्छ । चाहे जतिपनि (दिव्यमय शब्द) श्रोत-विज्ञान शब्द घ्राण-विज्ञान गन्ध ... जिव्हा-विज्ञान रस ... काय-विज्ञान स्पर्श ... मन-विज्ञान विषय (धर्म)मा मन लाग्ने छैन । उसको चित्तलाई भडकाउन सक्दैन । । उसको चित्त परिशुद्ध नै हुन्छ, स्थिर हुन्छ अनि रूपको विनाशदर्शी हुन्छ । जस्तै कि भन्ते ! प्वाल नभएको टोडको नभएको ठोस पर्वत हुन्छ । पूर्व दिशाबाट जतिसुकै हावा-पानी आएता पनि कम्पायमान हुँदैन, प्रकम्पित हुँदैन अनि थरकमान हुँदैन । पच्छिम दिशाबाट जतिसुकै हावा-पानी आएता पनि ... उत्तर दिशाबाट जतिसुकै हावा-पानी आएता पनि ... दक्षिण दिशाबाट जतिसुकै हावा-पानी आएता पनि कम्पायमान हुँदैन, प्रकम्पित हुँदैन अनि थरकमान हुँदैन । भन्ते ! यसरी नै जो भिक्षुको चित्त सम्यकरूपले विमुक्त हुन्छ, उसको सम्मुखमा चाहे जति पनि (दिव्यसौन्दर्य) चक्षु-विज्ञानरूप आवस् त्यसबाट उसको चित्तलाई भडकाउन सक्दैन । उसको चित्त परिशुद्ध नै हुन्छ, स्थिर हुन्छ, रूपको विनाशदर्शी हुन्छ । चाहे जतिपनि (दिव्यमय शब्द) श्रोत-विज्ञान शब्द ... घ्राण-विज्ञान गन्ध ... जिव्हा-विज्ञान रस ... काय-विज्ञान स्पर्श ... मन-विज्ञान विषय (धर्म) मा मन लाग्ने छैन । उसको चित्तलाई भडकाउन सक्दैन । उसको चित्त परिशुद्ध नै हुन्छ, स्थिर हुन्छ अनि रूपको विनाशदर्शी हुन्छ ।"

**"नेक्खम्मं अधिमुत्तस्स, पविवेकञ्च चेतसो ।**
**अब्यापज्जाधिमुत्तस्स, उपादानक्खयस्स च ॥**

"नैष्क्रम्य-विमुक्त हुन्छ, प्रविवेक चित्तका हुन्छ, अव्यापाद-विमुक्त र उपाादान क्षीण हुन्छ ।

**"तण्हाक्खयाधिमुत्तस्स, असम्मोहञ्च चेतसो ।**
**दिस्वा आयतनुप्पादं, सम्मा चित्तं विमुच्चति ॥**

"तृष्णाक्षय-विमुक्त हुन्छ, असम्मोह चित्तका हुन्छ, आयतनको पुन: उत्पन्न नहुने देख्ने भई सम्यकरूपले चित्त विमुक्त हुन्छ ।

**"तस्स सम्मा विमुत्तस्स, सन्तचित्तस्स भिक्खुनो ।**
**कतस्स पटिचयो नत्थि, करणीयं न विज्जति ॥**



Downloaded from http://dhamma.digital

"त्यस सम्यकरूपले विमुक्त र चित्त शान्त भएका भिक्षुसंग कृत-कर्मको राशी बन्ने छैन अनि उसले गर्नु पर्ने पनि केहीरहँदैन ।

**"सेलो यथा एकग्घनो, वातेन न समीरति ।**
**एवं रूपा रसा सद्दा, गन्धा फस्सा च केवला ॥**

"जसरी ठोस पर्वत हावाले कम्पित हुँदैन, यसरी नै रूप, रस, शब्द, गन्ध र स्पर्श सम्पूर्णमा ।

**"इट्ठा धम्मा अनिट्ठा च, नप्पवेधेन्ति तादिनो ।**
**ठितं चित्तं विप्पमुत्तं, वयञ्चस्सानुपस्सती"ति ॥**

"इष्ट तथा अनिष्ट विषयहरू छन्, त्यसबाट प्रकम्पित हुँदैन । स्थिर-चित्त हुनुकासाथै विमुक्त भएकाले विनाशदर्शी हुन्छ ।"

## २. फग्गुनसुत्तं

५६. त्यस समय आयुष्मान फग्गुन रोगी, दुःखित तथा साह्रै रोगी थिए । अनि त आयुष्मान आनन्द जहाँ भगवान बुद्ध हुनुहुन्थ्यो त्यहाँ गए । गएर भगवानलाई अभिवादन गरी एकठाउँमा बसे । एकठाउँमा बसेका आयुष्मान आनन्दले भगवानलाई यसो भन्यो– "भन्ते ! आयुष्मान फग्गुन रोगी, दुःखित तथा साह्रै रोगी छन् । राम्रो हुन्थ्यो, भन्ते ! यदि तपाईंले अनुकम्पा राखी त्यहाँ आयुष्मान फग्गुन भएको ठाउँमा जानुभए ।" भगवानले मौन भई स्वीकार्नु भयो । यसपछि भगवान साँझपख ध्यानबाट उठ्नु भई आयुष्मान फग्गुन कहाँ जानुभयो । आयुष्मान फग्गुनले भगवानलाई टाढैबाट आउँदै गर्नु भएको देखे । देखेर पलङ्गबाट उठ्न खोजे । अनि त भगवानले आयुष्मान फग्गुनलाई भन्नुभयो– "फग्गुन ! तिमी पलङ्गबाट नचल्नु । यहाँ अरूले बिछ्याएको आसन छ । त्यसैमा म बस्नेछु ।" भगवान विछ्याइएको आसनमा बस्नुभयो । बस्नु भएपछि भगवानले आयुष्मान फग्गुनलाई भन्नुभयो– "फग्गुन ! के तिमीलाई सञ्चै छ ? के तिम्रो जीवन यापन राम्रै चलिरहेको छ ? के तिम्रो दुःखानुभूति कम भयो कि, भएको छैन । कम भएर गएको महसुस भएको छ कि, छैन ?"

"भन्ते ! मलाई सञ्चो छैन, भन्ते ! मेरो जीवन यापन राम्ररी चलि-रहेको छैन । मलाई तीव्र दुःखानुभव भइरहेको छ, हटेर गएको छैन । यथावत नै छ, कम भएको छैन ।"

Downloaded from http://dhamma.digital

"भन्ते ! जस्तै कि, बलवान व्यक्तिले तेज चुच्चो-चुच्चो भएको जञ्जिरले टाउकोलाई रगडि दिए झैं भन्ते ! जोरकासाथ वायुले मेरो शीरलाई तानेको जस्तो हुन्छ। भन्ते ! मलाई सञ्चो छैन, जीवन यापान राम्रो छैन। मलाई तीव्र दुःखानुभव भइरहेको छ, हटेर गएको छैन। यथावत नै छ, कम भएको छैन।

"भन्ते ! जस्तै कि, बलवान व्यक्तिले छालाको पेटीले टाउकोलाई क-सेर बाँधेको हुन्छ, यसरी नै भन्ते ! मेरो टाउकोमा तीव्र वेदना हुन्छ। भन्ते ! मलाई सञ्चो छैन, जीवन यापान राम्रो छैन। मलाई तीव्र दुःखानुभव भइरहेको छ, हटेर गएको छैन। यथावत नै छ, कम भएको छैन।

"भन्ते ! जस्तै कि, दक्ष गो-घातकले वा उसको गो-घातक कामदारले धारिलो छूराले पेटलाई चिरफार गर्छ, यसरी नै भन्ते ! मेरो पेटको तेज-वायुले पेटलाई चिरफार गरे झैं लाग्छ। भन्ते ! मलाई सञ्चो छैन, जीवन यापान राम्रो छैन। मलाई तीव्र दुःखानुभव भइरहेको छ, हटेर गएको छैन। यथावत नै छ, कम भएको छैन।"

"भन्ते! जस्तै कि, दुई बलवान व्यक्तिले दुर्बल व्यक्तिलाई शरीरमा समातेर अंगारको खाल्डोमा खसालेर जलाउँछ, उल्टाई पल्टाई गरी जलाए जस्तै। भन्ते ! यसरी नै मेरो शरीरमा भयङ्कर जलन भइरहेको छ। भन्ते ! मलाई सञ्चो छैन, जीवन यापान राम्रो छैन। मलाई तीव्र दुःखानुभव भइरहेको छ, हटेर गएको छैन। यथावत नै छ, कम भएको छैन।" अनि त भगवानले आयुष्मान फग्गुनलाई धार्मिक कथाद्वार सान्त्वना दिनुभई, सन्तोष तुल्याई, स-मुत्तेजित गर्नुभई, प्रसन्न पार्नुभई, आसनबाट उठेर जानुभयो।

"अनि भगवान जानु भएको केही समयपछि आयुष्मान फग्गुनको मृत्यु भयो। मरणकालमा उसको इन्द्रिय प्रसन्न थियो। अनि आयुष्मान आनन्द जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गए। गएर भगवानलाई अभिवादन गरी एकठाउँमा बसे। एकठाउँमा बसेपछि आयुष्मान आनन्दले भगवानलाई भन्यो– "भन्ते ! भगवान जानुभएको केही समयपछि आयुष्मान फग्गुनको मृत्युभयो। मरणकालमा उसको इन्द्रिय प्रसन्न थियो।"

"आनन्द ! भिक्षु फग्गुनको इन्द्रियहरू किन कान्तिमय नहोस्। आनन्द !



Downloaded from http://dhamma.digital

फग्गुन भिक्षुको पञ्च निम्न भागिय संयोजनहरू चित्तबाट मुक्त भएको थियो। त्यसबेला उसले धर्मदेशना श्रवण गर्दा पञ्च निम्न भागिय संयोजनहरू (दो.सं.अङ्गुत्तरनिकाको दोस्रो भाग १६८ पन्नामा हेरौं) चित्तबाट मुक्त भएको थियो।

"आनन्द ! उपयुक्त समयमै धर्मश्रवण गरिंदा अनि ठीक समयमै अर्थमा विचार गरिंदा छः प्रकारका प्रतिफल छन्। ती छः के-के हुन् ? आनन्द ! यहाँ भिक्षुहरूका पञ्च निम्नभागिय संयोजनहरूबाट अविमुक्त हुँदा उसले मरणकालमा तथागतको दर्शन गर्न पाउँछ। उसलाई तथागतले धर्मदेशना गर्छ– आदिकल्याण,मध्यकल्याण, अन्तकल्याण, सार्थक सव्यञ्जनले युक्त अनि सम्पूर्ण रूपले परिशुद्ध ब्रह्मचर्यको प्रकाश पार्नेछ। त्यस धर्मदेशना श्रवण गर्दा निम्न भागिय पञ्च संयोजनबाट मुक्त हुन्छ। आनन्द ! उपयुक्त समयमै धर्मश्रवण गरिंदाको यो पहिलो शुभ-परिणाम हो।

"अनि फेरि, आनन्द ! भिक्षुहरूको पञ्च निम्न भागिय संयोजनहरू चित्तबाट मुक्त नभएको हुन्छ। उसले त्यस मरणकालमा तथागतको दर्शन गर्न पाएको हुँदैन तर तथागतका श्रावकको दर्शन गर्न पाउँछ। उसलाई तथागतको श्रावकले धर्मदेशना गर्छ– आदिकल्याण, मध्यकल्याण, अन्तकल्याण, सार्थक, सव्यञ्जनले युक्त अनि सम्पूर्णरूपले परिशुद्ध ब्रह्मचर्यको प्रकाश पार्नेछ। त्यस धर्मदेशना श्रवण गर्दा निम्न भागिय पञ्च संयोजनबाट मुक्त हुन्छ। आनन्द ! उपयुक्त समयमै धर्म श्रवण गरिंदाको यो दोस्रो शुभ-परिणाम हो।

"अनि फेरि, आनन्द ! भिक्षुहरूको पञ्च निम्न भागिय संयोजनहरू चित्तबाट मुक्त नभएको हुन्छ। उसले त्यस मरणकालमा तथागतको दर्शन गर्न पाएको हुँदैन न त तथागतका श्रावकको दर्शन गर्न पाएको हुन्छ। तर जुन उसले पहिले धर्मश्रवण गरिएको छ, जुन परियत्ति धर्म हो, त्यसलाई चित्तद्वारा वितर्क गर्छ, विचार गर्छ, अनि त्यसैलाई मनन गर्छ। उसले जुन पहिले धर्म श्रवण गरेको छ, जुन परियत्ति धर्म हो त्यसलाई चित्तद्वारा वितर्क गर्दा, विचार गर्दा, अनि त्यसैलाई मनन गर्दा पञ्च निम्न भागिय संयोजनहरू चित्तबाट मुक्त हुन्छ। आनन्द ! उपयुक्त समयमै धर्मश्रवण गरिंदाको यो तेस्रो शुभ-परिणाम हो।

अनि फेरि, आनन्द ! भिक्षुको पञ्च निम्न भागिय संयोजनहरू चित्तवाट मुक्त हुन्छ। तर अनुत्तर निर्वाण प्राप्तिको दृष्टिवाट मुक्त हुँदैन। उसले मरण-कालमा तथागतको दर्शन गर्न पाउँछ अनि उसलाई तथागतले धर्मदेशना गर्छ-



Downloaded from http://dhamma.digital

आदिकल्याण, मध्यकल्याण, अन्तकल्याण, सार्थक सव्यञ्जनयुक्त, सम्पूर्णरूपले परिशुद्ध ब्रह्मचर्यको प्रकाश पार्नेछ । त्यस धर्म देशनालाई श्रवण गरी अनुत्तर निर्वाण प्राप्तिको दृष्टिबाट चित्त मुक्त हुन्छ । आनन्द ! उपयुक्त समयमै धर्मश्रवण गरिंदाको यो चौठो शुभ-परिणाम हो ।

"अनि फेरि, आनन्द ! भिक्षुहरूको पञ्च निम्न भागिय संयोजनहरू चित्तबाट मुक्त हुन्छ । तर अनुत्तर निर्वाण प्राप्तिको दृष्टिबाट मुक्त हुँदैन । उसले मरणकालमा तथागतको दर्शन गर्न पाउँदैन । तर उसलाई तथागतको श्रावकले धर्मदेशना गर्छ– आदि कल्याण ... परिशुद्ध ब्रह्मचर्यको प्रकाश पार्नेछ । त्यस धर्म देशनालाई श्रवण गरी अनुत्तर निर्वाण प्राप्तिको दृष्टिबाट चित्त मुक्त हुन्छ । आनन्द ! उपयुक्त समयमै धर्मश्रवण गरिंदाको यो पाँचौ शुभ-परिणाम हो ।

"अनि फेरि, आनन्द ! भिक्षुको पञ्च निम्न भागिय संयोजनहरू चित्तबाट मुक्त हुन्छ । तर अनुत्तर निर्वाण प्राप्तिको दृष्टिबाट चित्त मुक्त हुँदैन । उसले त्यस मरणकालमा तथागतको दर्शन गर्न पाउँदैन, न त उसले तथागतको श्रावकलाई नै दर्शन गर्न पाउँछ । तर उसले जुन पहिले धर्मश्रवण गरिएको छ, जुन परियत्ति धर्म हो, त्यसलाई चित्तद्वारा वितर्क गर्छ, विचार गर्छ, अनि त्यसैलाई नै मनन गर्छ । उसले जुन पहिले धर्मश्रवण गरेको छ, जुन परियत्ति धर्म हो त्यसलाई चित्तद्वारा वितर्क गर्दा, विचार गर्दा अनि त्यसैलाई नै मनन गर्दा अनुत्तर निर्वाण प्राप्तिका दृष्टिबाट चित्त मुक्त हुन्छ । आनन्द ! उपयुक्त समयमै अर्थको विचार गरिंदाको यो छैटौं शुभ-परिणाम हो । आनन्द ! उपयुक्त समयमै धर्मश्रवण गरिंदा अनि उपयुक्त समयमै अर्थको विचार गरिंदाको यी नै छ: प्रकारका शुभ-परिणामा हुन् ।"

## ३. छलभिजातिसुत्तं

५७. एक समय भगवान राजगहस्थित गिज्झकूट पर्वतमा बस्नुहुन्थ्यो । त्यसबेला आयुष्मान आनन्द जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गए । गएर भगवानलाई अभिवादन गरी एकठाउँमा बसे । एकठाउँमा बसेपछि आयुष्मान आनन्दले भगवानलाई भन्यो– "भन्ते ! पूरण कस्सपले छ: प्रकारका अभिजातिलाई प्रज्ञापन गरेको छ– कालो अभिजातिका भनी प्रज्ञापन गरेको छ, नील अभिजातिका भनी प्रज्ञापन गरेको छ, लोहित अभिजातिका भनी प्रज्ञापन गरेको छ, पहेंलो अभिजातिका भनी प्रज्ञापन गरेको छ, सेतो अभिजातिका भनी प्रज्ञापन गरेको छ अनि परमस्वेत अभिजातिका भनी प्रज्ञापन गरेको छ ।



Downloaded from http://dhamma.digital

पंक्षी मार्नेलाई, मृग मार्नेलाई, माछा मार्नेलाई, चोरलाई, जल्लादलाई, जेलरलाई अनि अन्य जुनसुकै क्रुर कर्म गर्ने ती सबैलाई कालो अभिजातिका हुन् भनी प्रज्ञापन गरेको छ।

"त्यसबेला, भन्ते ! पूरण कस्सपले कण्टक-वृत्ति भिक्षुहरूलाई अथवा जो अरू पनि कर्मवादी छन्, क्रीयावादी छन् तिनीहरूलाई नील अभिजातिका हुन् भनी प्रज्ञापन गरे।

"त्यसबेला, भन्ते ! पूरण कस्सपले एक लँगौटी लगाउने निर्ग्रन्थलाई लोहित अभिजातिका हुन् भनी प्रज्ञापन गरेको छ।

"त्यसबेला, भन्ते ! पूरण कस्सपले श्वेत वस्त्र लगाउने अचेलक-श्रावक गृहस्थहरूलाई पहेंलो अभिजातिका हुन् भनी प्रज्ञापन गरेको छ।

"त्यसबेला, भन्ते ! पूरण कस्सपले आजीवक अनि आजीवकनीहरूलाई श्वेत अभिजातिका भनी प्रज्ञापन गरको छ।

"त्यसबेला, भन्ते ! पूरण कस्सपले नन्दलाई, सांकृत्य गोत्रको कृश–लाई तथा मक्खलि गोसाललाई परमश्वेत अभिजातिका हुन् भनी प्रज्ञापन गरे। भन्ते ! पुरण कस्सपले यी छः अभिजाति हुन् भनी प्रज्ञापन गरेका छन्।"

"के त, आनन्द ! पुरण कस्सपले समस्त लोकको विषयमा यथार्थ ज्ञान हुनाले, यी छः प्रकारका अभिजातिलाई प्रज्ञापित गरेका हुन् ?" "त्यसो त होइन, भन्ते ! "जस्तै कि, आनन्द ! गरीब, निर्धन व्यक्ति हुन्छ अनि उसलाई कसैले जबर्जस्ती गो मंसको भाग दिएर भन्छ कि, यो तिमीले खानुपर्छ र यसको मूल्य तिमीले चुकाउनु। आनन्द ! ठीक यस्तै प्रकारले त्यो मूर्ख, अपण्डित, क्षत्रज्ञान नभएका तथा ठीक ज्ञान नभएका पुरण कस्सपले विना जानी-दूभी छः अभिजातिको प्रज्ञापित गऱ्यो।

"आनन्द ! मैले छः अभिजातिलाई पज्ञप्त गर्छु। राम्रोसित मनमा धारण गर्नु, भन्नेछु।" "हवस्, भन्तो !" भनी आयुष्मान आनन्दले भगवानलाई प्रत्युत्तर दिए। भगवानले भन्नुभयो– "आनन्द ! छः अभिजाति भनेको के-के हुन् ? आनन्द ! यहाँ एक कालो अभिजातिको हुन्छ। उसले कालो धर्म (कर्म) लाई प्राप्त गरेको हुन्छ। आनन्द ! यहाँ एक कालो अभिजातिको भई श्वेत धर्मलाई प्राप्त गरेको हुन्छ। आनन्द ! यहाँ एक कालो अभिजातिको भई कालो धर्मलाई पनि प्राप्त नगर्ने अनि श्वेत धर्म पनि प्राप्त नगर्ने हुन्छ अनि निर्वाण



Downloaded from http://dhamma.digital

लाभी हुन्छ। आनन्द ! यहाँ एक श्वेत अभिजातिको भई कालो धर्मलाई प्राप्त गर्ने हुन्छ। आनन्द ! यहाँ एक श्वेत अभिजातिको भई, श्वेत धर्मलाई प्राप्त गर्ने हुन्छ। आनन्द ! यहाँ श्वेत अभिजातिको भई, कालो धर्मलाई पनि प्राप्त नगर्ने, श्वेत धर्मलाई पनि प्राप्त नगरिकन निर्वाण लाभी हुन्छ।

"आनन्द ! यहाँ एक कालो अभिजातिको भई, कालो धर्मलाई कसरी प्राप्त गर्ने हुन्छ ? यहाँ आनन्द ! एक नीचकुलमा जन्मेको हुन्छ– चाण्डाल कुलमा, निषाद कुलमा, बाँसको काम गर्ने कुलमा, रथकारको कुलमा, अछूट कुलमा, दरिद्र कुलमा, जहाँ खान-पान अति कठिनाइले प्राप्त हुन्छ, एकछाक टार्न पनि हैरान हुनुपर्ने। त्यो दुर्वणको हुन्छ, दुर्दशनीयको हुन्छ, सिकुटे हुन्छ, धेरै रोगाहा हुन्छ, कानो हुन्छ, लूला हुन्छ, लँगडा हुन्छ, पक्षाघाट हुन्छ, अन्न-पान, वस्त्र, यान, माला-गन्ध-विलेपन, शैय्या, निवास स्थान र प्रदीपका लाभी हुँदैनन्। उसले शारीरिक दुष्कर्म गरेको हुन्छ, वाचसिक दुष्कर्म गरेको हुन्छ अनि मानसिक दुष्कर्म गरेको हुन्छ। उसले शारीरिक दुष्कर्म गरी, वाचसिक दुष्कर्म गरी अनि मानसिक दुष्कर्म गरी, शरीर भेद भई मरणपछि अपाय, दुर्गतिमा पतन तथा नर्कमा जन्म लिनेछ। यसरी नै, आनन्द ! कालो जातिको भई कालो धर्मलाई प्राप्त गर्नेछन्।

"आनन्द ! यहाँ एक कालो अभिजातिको भई, श्वेत धर्मलाई कसरी प्राप्त गर्ने हुन्छ ? यहाँ आनन्द ! एक नीचकुलमा जन्मेको हुन्छ– चाण्डाल कुलमा ... प्रदीपका लाभी हुँदैनन्। उसले शारीरिक सुकर्म गर्ने हुन्छ वाचसिक सुकर्म गर्ने हुन्छ अनि मानसिक सुकर्म गर्ने हुन्छ। उसले शारीरिक सुकर्म गरी, वाचसिक सुकर्म गरी अनि मानसिक सुकर्म गरी, शरीर भेद भई मरणपछि सुगति, स्वर्गलोकमा जन्म लिनेछ। यसरी नै, आनन्द ! कालो जातिको भई श्वेत धर्मलाई प्राप्त गर्नेछन्।

"आनन्द ! यहाँ एक कालो अभिजातिको भइकन कालो धर्मलाई पनि प्राप्त नगरी अनि श्वेत धर्मलाई पनि प्राप्त नगरी निर्वाण लाभी कसरी हुन्छ ? यहाँ आनन्द ! एक नीचकुलमा जन्मेको हुन्छ– चाण्डाल कुलमा ... प्रदीपका लाभी हुँदैनन्। उसले केश दाढी खौरी काषाय वस्त्र धारण गरी, घरवार त्यागी प्रव्रजित हुन्छ। ऊ यसरी प्रव्रजित भई जुन चित्तका उपल्केशहरू हुन् ती पञ्चनीवरण (कामछन्द, व्यपाद, स्त्यानमिद्ध= शारीरिक र मानसिक आलस्य, औद्धत्यकौकृत्य= शारीरिक मानसिक अस्थिरपन) र शंका विनष्ट गरी, चारस्मृतिपट्ठान (दो.सं अङ्गुत्तरनिकायको दोस्रोभाग २७७ पन्नामा हेर्नौं) मा सुप्रतिष्ठित हुन्छ,



Downloaded from http://dhamma.digital

यथार्थसहित बोध्यङ्गको (तल १६६ पन्नामा हेरौं) भावना गरी कालो धर्मलाई पनि प्राप्त नगरिकन अनि श्वेत धर्मलाई पनि प्राप्त नगरिकन निर्वाण लाभी हुन्छ।

"आनन्द ! यहाँ एक श्वेत अभिजातिको भइकन कालो धर्मलाई प्राप्त गर्ने हुन्छ ? आनन्द ! यहाँ एक उच्च कुलमा जन्मेको हुन्छ– क्षत्रिय महाघराना कुलमा वा ब्राह्मण महाघराना कुलमा वा गृहपति महाघराना कुलमा जुन यस्तो कुलमा जहाँ सम्पत्तिशाली, महाधनवान, महाभोगवान, धेरै सुन-चाँदी भएको, धेरै जग्गा-जमीन भएको र धेरै धन-धान्यले सम्पन्न हुन्छ। ऊ सुन्दर हुन्छ, दर्शनीय हुन्छ, प्रियकर हुन्छ, परम् श्रेष्ठ वर्णसम्पन्न हुन्छ, अन्न-पान-वस्त्र-यान-माला-गन्ध-लेपन-शैय्या-वासस्थान र प्रदीप लाभी हुन्छ । उसले शारीरिक दुष्कर्म गरी, वाचसिक दुष्कर्म गरी अनि मानसिक दुष्कर्म गरी, शरीर भेद भई मरणपछि अपाय, दुर्गतिमा पतन तथा नर्कमा जन्म लिनेछ। यसरी नै, आनन्द ! श्वेत जातिको भइकन कालो धर्मलाई प्राप्त गर्नेछन्।

"आनन्द ! यहाँ एक श्वेत अभिजातिको भइकन श्वेत धर्मलाई कसरी प्राप्त गर्ने हुन्छ ? आनन्द ! यहाँ एक उच्च कुलमा जन्मेको हुन्छ– क्षत्रिय महाघराना कुलमा वा ब्राह्मण महाघराना कुलमा वा गृहपति महाघराना कुलमा जुन यस्तो कुलमा जहाँ सम्पत्तिशाली, महाधनवान, महाभोगवान, धेरै सुन-चाँदी भएको, धेरै जग्गा-जमीन भएको र धेरै धन-धान्यले सम्पन्न हुन्छ। ऊ सुन्दर हुन्छ, दर्शनीय हुन्छ, प्रियकर हुन्छ, परम् श्रेष्ठ वर्णले सम्पन्न हुन्छ, अन्न-पान-वस्त्र-यान-माला-गन्ध-लेपन-शैय्या-वासस्थान र प्रदीप लाभी हुन्छ । ऊ शारीरिक सुकर्मी हुन्छ, वाचसिक सुकर्मी हुन्छ अनि मानसिक सुकर्मी हुन्छ । उसले शारीरिक सुकर्म गरी, वाचसिक सुकर्म गरी अनि मानसिक सुकर्म गरी, शरीर भेद भई मरणपछि सुगति, स्वर्गलोकमा जन्म लिनेछ । यसरी नै, आनन्द ! श्वेत अभिजातिको भई, श्वेत धर्मलाई प्राप्त गर्नेछन्।

"आनन्द ! यहाँ एक श्वेत अभिजातिको भइकन कालो धर्मलाई पनि प्राप्त नगरी अनि श्वेत धर्मलाई पनि प्राप्त नगरी निर्वाण लाभी कसरी हुन्छ ? आनन्द ! यहाँ एक उच्च कुलमा जन्मेको हुन्छ– क्षत्रिय महाघराना कुलमा वा ब्राह्मण महाघराना कुलमा वा गृहपति महाघराना कुलमा जुन यस्तो कुलमा जहाँ सम्पत्तिशाली, महाधनवान, महाभोगवान, धेरै सुन-चाँदी भएको, धेरै जग्गा-जमीन भएको र धेरै धन-धान्यले सम्पन्न हुन्छ । ऊ सुन्दर हुन्छ, दर्शनीय हुन्छ; प्रियकर हुन्छ, परम् श्रेष्ठ वर्णले सम्पन्न हुन्छ, अन्न-पान-वस्त्र-



Downloaded from http://dhamma.digital

यान-माला-गन्ध-लेपन-शैय्या-वासस्थान र प्रदीपका लाभी हुन्छ। उसले केश-दाढी खौरी, काषाय वस्त्र धारण गरी, घरवार त्यागी प्रव्रजित हुन्छ। ऊ यसरी प्रव्रजित भई जुन चित्तका उपल्केशहरू हुन् ती पञ्च नीवरणलाई विनष्ट गरी, चार स्मृतिपट्ठानमा सुप्रतिष्ठित हुन्छ, सात स्मृतिबोध्यङ्गलाई यथार्थसहित भावना गरी कालो धर्मलाई पनि प्राप्त नगरिकन अनि श्वेत धर्मलाई पनि प्राप्त नगरिकन निर्वाण लाभी हुन्छ। आनन्द ! यसरी नै श्वेत अभिजातिको भइकन कालो धर्मलाई पनि प्राप्त नगरी अनि श्वेत धर्मलाई पनि प्राप्त नगरिकन निर्वाण लाभी हुन्छ। आनन्द ! यी नै छः प्रकारका अभिजाति हुन्।"

### ४. आसवसुत्तं

५८. "छः प्रकारका धर्ममा सम्पन्न भिक्षु आह्वान गर्न योग्य, पाहुना गर्न योग्य, दक्षिणा दिन योग्य, दुई हात जोडी बिन्ति गर्न योग्य अनि लोकका निम्ति अति उत्तम पुण्यक्षत्र हुन्।

ती छः प्रकारका के के हुन् ? भिक्षुहो ! भिक्षुहरूसंग जुन आश्रवहरू हुन् ती संवरद्वारा हटाउन सक्छ, त्यसमा संवरित हुँदा हटिन्छ । जुन आश्रवहरू सेवनद्वारा हटाउन सक्छ, त्यसलाई सेवन गर्दा हटिन्छ । जुन आश्रवहरू सहेर हटाउन सक्छ, त्यसलाई सहेमा हटिन्छ। जुन आश्रवहरूबाट टाढारहँदा हटाउन सक्छ, त्यसबाट टाढा हुँदा हटिन्छ। जुन आश्रवहरू हटाउँदा नष्ट हुन्छ, त्यसलाई हटाउँदा नष्ट हुन्छ। जुन आश्रवहरू भावनाद्वारा हटिन्छ, त्यो भावना गर्दा हटिन्छ।

"भिक्षुहो ! कुन आश्रवहरू संवरद्वारा हटिन्छ, जुन संवर गरिंदा हटिने छन् ? भिक्षुहो ! यहाँ भिक्षुले चक्षु-इन्द्रियमा ठीकसंग विचार गरी, त्यसमा संवर भई विहार गरिंदा संवर हुन्छ । भिक्षुहो ! जसले यो चक्षु-इन्द्रियमा संवरित हुनु पर्नेमा संवर नगरि बस्दा दुरवस्था-जलन हुने आश्रवहरू उत्पन्न हुनसक्छ। यो चक्षु इन्द्रियमा संवरित हुँदा वा संवरित भई बस्दा दुरवस्था-जलन हुने आश्रवहरू उत्पन्न हुँदैन । स्रोत-इन्द्रियमा ... घ्राण-इन्द्रियमा ... जिह्वा-इन्द्रियमा ... काय-इन्द्रियमा ... मन-इन्द्रियमा संवरित हुनु पर्नेमा संवर नगरि बस्दा दुरवस्था-जलन हुने आश्रवहरू उत्पन्न हुनसक्छ। यस मन इन्द्रियमा संवरित हुँदा, संवरित भई बस्दा दुरवस्था-जलन हुने आश्रवहरू उत्पन्न हुँदैन । भिक्षुहो ! यसैलाई भनिन्छ– भिक्षुहरूसंगको जुन आश्रवहरू हुन् त्यो संवरद्वारा हटाउन सक्छ, त्यसमा संवरित हुँदा हटिन्छ।



Downloaded from http://dhamma.digital

"भिक्षुहो ! कुन आश्रवहरू सेवनद्वारा हटाउन सक्छ, जुन सेवन गरिंदा हटिनेछ ? भिक्षुहो ! 'यहाँ भिक्षुले ठीकसंग विचार गरी आवश्यकतानुसार जाडोबाट बच्नको निम्ति, गरमबाट बच्नको निम्ति, डंसन-मच्छर-हावा-घाम र घिस्रने प्राणीहरूको स्पर्शबाट बच्नको निम्ति अनि आवश्यकतानुसार लाज-शर्म ढाक्नको निम्ति चीवरको उपयोग गर्छ ।' 'हाँस्न-खेल्नलाई होईन, न त मदको लागि, न त शरीरमा सजावतको लागि, न त अलङ्कृत पार्नको लागि, आवश्यकतानुसार शरीर स्थित गर्नको लागि, जीवन यापन गर्नको लागि, भोक-प्यास हटाउनको लागि, श्रेष्ठ जीवनलाई अनुग्रहार्थ, पुरानो वेदनालाई हटाउन, नव वेदना उत्पन्न हुन नदिनको लागि, मेरो जीवन यात्रामा निर्दोषार्थ र सुखपूर्वक विहार गर्नको निम्ति आवश्यकतानुसार ठीकसंग विचार गरी भोजन ग्रहण गर्छ । 'जाडोबाट बच्नको निम्ति, गरमबाट बच्नको निम्ति, डंसन-मच्छर-हावा-घाम र घिस्रने प्राणीहरूको स्पर्शबाट बच्नको निम्ति ऋतु-बाधाहरूबाट बच्न तथा योगाभ्यासको निम्ति एकान्त सेवन गर्न ठीकसंग विचार गरी आवश्यकतानुसार शयनासनको सेवन गर्छ ।' 'रोगबाट उत्पन्न वेदना हटाउन र दुःखबाट बच्नको लागि भनी ठीकसंग विचार गरी आवश्यतानुसार औषधीको सेवन गर्छ। भिक्षुहो ! जसले यसप्रकारको विषयमा उपयोग नगर्दा जुन जलन गराउने आश्रवहरू उत्पन्न हुनसक्छ, त्यसप्रकारको विषयमा उपयोग गर्दा जलन गराउने आश्रवहरू उत्पन्न हुँदैन । "भिक्षुहो ! यसैलाई भनिन्छ– आश्रवहरू सेवनद्वारा हटाउन सक्छ, जुन कि सेवन गरिंदा हटिन्छ ।

"भिक्षुहो ! कुन आश्रवहरू सहेर हटाउन सक्छ, जुन सहंदा हटिनेछ ? भिक्षुहो ! यहाँ भिक्षुले ठीकसंग विचार गरी सर्दी, गर्मी, भोक, प्यास, डंसनक-मच्छर-हावा-घाम र घिस्रने प्राणीहरूको स्पर्शलाई सहन्छ । नराम्रो बोली तथा दुर्वचनलाई सहन्छ । तीब्र, कठोर, कटु प्रतिकूल, अप्रिय, प्राण लिने समान शारीरिक वेदनालाई पनि सहन्छ । भिक्षुहो ! जुन कि, सहन नसक्दा जलन गराउन उब्जिने आश्रवहरू हुन्, ती जलन गराउने आश्रवहरू हुनेछैन । भिक्षुहो ! यसैलाई नै भनिन्छ– आश्रवहरू सहेर हटाउन सक्छ, जुन सहंदा हटिन्छ ।

"भिक्षुहो ! कुन आश्रवहरूबाट टाढारहँदा हटाउन सक्छ, जुन कि टाढा भइदिएमा हटिनेछ ? भिक्षुहो ! यहाँ भिक्षुले चण्ड हात्तीबाट टाढा रहन्छ, चण्ड घोडाबाट टाढा रहन्छ, चण्ड गोरुबाट टाढा रहन्छ, चण्ड कुक्कुरबाट टाढा रहन्छ, साँप, कीला, काँडा भएको स्थान, खाल्डो, प्रपात, मलमूत्रको कुण्डबाट



Downloaded from http://dhamma.digital

टाढा रहन्छ, दलदलबाट टाढा रहन्छ । जुन ठाउँमा उठ्दा-बस्दा, जुन ठाउँमा आउँदा-जाँदा, जुन ठाउँमा कुसंगति हुँदा विज्ञसाथीले उसको वदनाम गर्छ भने उसले त्यस विषयमा ठीकसंग विचार गरी त्यस अयोग्य ठाउँबाट टाढा रहन्छ, त्यस गोचर ठाउँबाट टाढा रहन्छ अनि पापी मित्रबाट पनि टाढा रहन्छ । भिक्षुहो ! जुनबाट टाढा नरहँदा जलन गराउन उब्जिने आश्रवहरू हुन्, त्यसबात टाढारहँदा जलन गराउने आश्रवहरू रहँदैन । भिक्षुहो ! यसैलाई भनिन्छ– आश्रवहरूबाट टाढारहँदा हटाउन सक्छ, जुन कि टाढा भइदिएमा हटिन्छ ।

"भिक्षुहो ! कुन आश्रवहरूलाई हटाउँदा नष्ट हुन्छ, जसलाई हटाईएमा नष्ट हुनेछ । भिक्षुहो ! यहाँ भिक्षुले ठीकसंग विचार गरी उत्पन्न काम-वितर्क स्वीकार्दैन, त्याग गर्छ, नष्ट गर्छ, हटाउँछ तथा टाढा राख्छ । ठीकसंग विचार गरी उत्पन्न द्वेष-वितर्क स्वीकार्दैन, त्यागने गर्छ, नष्ट गर्छ, हटाउँछ तथा टाढा राख्छ । ठीकसंग विचार गरी उत्पन्न विहिंसा-वितर्क स्वीकार्दैन, त्यागने गर्छ, नष्ट गर्छ, हटाउँछ तथा टाढा राख्छ । ठीकसंग विचार गरी उत्पन्न वा उत्पन्न नभएको पापमय अकुशल स्वीकार्दैन, त्यागने गर्छ, नष्ट गर्छ, हटाउँछ तथा टाढा राख्छ ।

"भिक्षुहो ! कुन आश्रवहरू भावनाद्वारा हटिन्छ, जुन कि भावना गरिएमा हटिनेछ ? भिक्षुहो ! यहाँ भिक्षुले ठीकसंग विचार पुऱ्याई स्मृति-सम्बोध्यङ्गको भावना गर्छ, जुन एकान्त-आश्रित हुन्छ, जुन विराग-आश्रित हुन्छ, जुन निरोध-आश्रित हुन्छ अनि परित्यागको परिणाम हुन्छ । ठीकसंग विचार पुऱ्याई धर्मविचय-सम्बोध्यङ्गको भावना गर्छ ... वीर्य-सम्बोध्यङ्गको भावना गर्छ ... प्रीति-सम्बोध्यङ्गको भावना गर्छ ... प्रश्रब्धि-सम्बोध्यङ्गको भावना गर्छ ... समाधि-सम्बोध्यङ्गको भावना गर्छ ... उपेक्षा-सम्बोध्यङ्गको भावना गर्छ, जुन एकान्त-आश्रित हुन्छ, जुन विराग-आश्रित हुन्छ, जुन निरोध-आश्रित हुन्छ अनि परित्यागको परिणाम हुन्छ । भिक्षुहो ! जुन भावना नगरिंदा जलन उत्पन्न आश्रवहरु हुन्, त्यसलाई भावना गरिंदा जलन गराउने आश्रवहरू रहँदैन । भिक्षुहो ! यसैलाई भनिन्छ– आश्रवहरूलाई भावनाद्वारा हटाउन सक्छ, जुन कि भावना गरिएमा हटिन्छ ।

"भिक्षुहो ! यी नै छः प्रकारका धर्ममा सम्पन्न भिक्षु आह्वान गर्ने योग्य, पाहुना गर्ने योग्य, दक्षिणा दिन योग्य, दुई हात जोडी बिन्ति गर्ने योग्य अनि लोकका निम्ति अतिउत्तम पुण्यक्षत्र हुन् ।"



Downloaded from http://dhamma.digital

## ५. दारुकम्मिकसुत्तं

५९. यस्तो मैले सुनें– एक समय भगवान नातिकास्थित गिञ्जकावासमा बस्नुहुन्यो । त्यसबेला गृहपति सिकर्मी जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गए । गएर भगवानलाई अभिवादन गरी एकठाउँमा बसे । एकठाउँमा बसेपछि भगवानले गृहपति सिकर्मीलाई भन्नुभयो– "गृहपति तिम्रो घरमा दान दिने गरेको छ ?" "भन्ते ! घरमा दान दिने गरेको छ, भन्ते ! जो भिक्षु आरण्यक हुन्छ, जो भिक्षु पिण्डपातिक हुन्छ, जो भिक्षु पंसुकूलिक हुन्छ, जो अर्हत हुन्छ अनि जो अर्हत मार्गमा लागेका भिक्षुहक्षुहरूलाई दान दिने गरेको छु ।"

"गृहपति ! तिमीहरू काम-भोगी, घर-परिवार भएका, काशीको चन्दन लगाउने, माला-गन्ध-विलेपन धारण गर्ने, सुन-चाँदीको लेनदेन गर्नेले यी अर्हत हुन् वा अर्हत मार्गमा लाग्ने हुन् भनी जान्न गाह्रो छ ।

"गृहपति ! अरण्यवासी भिक्षु भए पनि यदि ऊ उद्धत, अहंकारी, चञ्चल, वाचाल, असंयमित वचन, स्मृतिविहीन, अज्ञानी, एकाग्र चित्त नभएका, चित्त भ्रमित अनि इन्द्रिय असंयमित भएमा ऊ निन्दनीय हुन् । गृहपति ! अरण्यवासी भिक्षु यदि उद्धत नभएमा, अहंकारी नभएमा, चञ्चल नभएमा, वाचाल नभएमा, असंयमित वचन नभएमा, स्मृतिविहिन नभएमा, अज्ञानी नभएमा, एकाग्र चित्त भएमा, चित्त भ्रमित नभएमा अनि इन्द्रिय असंयमित नभएमा ऊ प्रशंसनीय हुन् ।

"गृहपति ! ग्राम-वासी भिक्षु भए पनि यदि ऊ उद्धत ... ऊ निन्दनीय हुन् । ग्राम-वासी भिक्षु भए पनि यदि ऊ उद्धत नभएमा ... ऊ प्रशंसनीय हुन् ।

"गृहपति ! पिण्डपातिक भिक्षु भए पनि यदि ऊ उद्धत ... ऊ निन्दनीय हुन् । पिण्डपातिक भिक्षु भए पनि यदि ऊ उद्धत नभएमा ... ऊ प्रशंसनीय हुन् । ।

"गृहपति ! निमन्त्रणामा जाने भिक्षु भए पनि यदि ऊ उद्धत ... ऊ निन्दनीय हुन् । निमंत्रणामा जाने भिक्षु भए पनि यदि ऊ उद्धत नभएमा ... ऊ प्रशंसनीय हुन् ।

"गृहपति ! पंसुकूल भिक्षु भए पनि यदि ऊ उद्धत ... ऊ निन्दनीय हुन् । पंसुकूल भिक्षु भए पनि यदि ऊ उद्धत नभएमा ... ऊ प्रशंसनीय हुन् ।



Downloaded from http://dhamma.digital

"गृहपति ! गृहपतिले दान दिएको चीवर ग्रहण गर्ने भिक्षु भए पनि यदि ऊ उद्धत, अहंकारी, चञ्चल, वाचाल, असंयत वचनको, स्मृतिविहीन भएमा, अज्ञानी, एकाग्र चित्त नभएका, चित्त भ्रमित अनि असंयमित इन्द्रियका भएमा ऊ निन्दनीय हुन् । गृहपति ! गृहपतिले दान दिएको चीवर ग्रहण गर्ने भिक्षु भए पनि यदि ऊ उद्धत नभएमा, अहंकारी नभएमा, चञ्चल नभएमा, वाचाल नभएमा, असंयत वचनको नभएमा, स्मृतिविहीन नभएमा, अज्ञानी नभएमा, एकाग्र चित्त भएमा, चित्त भ्रमित नभएमा अनि असंयमित इन्द्रियको नभएमा ऊ प्रशंसनीय हुन् ।

" यहाँ हेर त, गृहपति ! तिमीले संघलाई दान दिनु । संघलाई दान दिएमा तिम्रो चित्त प्रसन्न हुनेछ । तिम्रो त्यो प्रसन्न चित्तले गर्दा शरीर भेद भई मृत्यु हुँदा तिमी सुगति स्वर्ग लोकमा उत्पन्न हुनेछौ ।" "त्यसो भए, भन्ते ! आज देखि मैले संघलाई दान दिनेछु ।"

## ६. हत्थिसारिपुत्तसुत्तं

६०. यस्तो मैले सुने– एक समय भगवान वाराणसीस्थित इसिपतन-मिगदावनमा बस्नुहुन्थ्यो । त्यसबेला पिण्डपातबाट फर्किनु भई धेरै थेर भिक्षुहरू गोलाकार भवनमा सम्मिलित भई अभिधर्मसम्बन्धमा कुरा गरिरहेका थिए । त्यसबेला आयुष्मान् चित्त हत्थिसारिपुत्तले अभिधर्मसम्बन्धी कुरा-गरिरहेका थेर भिक्षुहरूका वीच बीचमा बोल्नेगर्थ्यो । तब आयुष्मान महाकोट्ठिकले आयुष्मान चित्तहत्थिसारिपुत्तलाई भन्यो– "आयुष्मान चित्त हत्थिसारिपुत्त ! अभिधर्म सम्बन्धमा थेरहरूले कुरा गरिरहँदा बीच-बीचमा बोल्ने नगर । कुरा नसकेसम्म आयुष्मान चित्तले नबोल्नु ।" यसरी भन्दा चित्तहत्थिसारिपुत्त आयुष्मानको मित्र भिक्षुले आयुष्मान महाकोट्ठिक-लाई भन्यो– "आयुष्मान महाकोट्ठिक ! तपाईंले आयुष्मान चित्तहत्थिसारिपुत्त-लाई अप्रसन्न नगर्नुस् । आयुष्मान चित्त हत्थिसारिपुत्त पण्डित हुन् । वहाँ आयुष्मान चित्त हत्थिसारिपुत्त थेर भिक्षुहरूसंग अभिधर्मसम्बन्धी कुरा गर्नमा सामर्थवान हुन् ।"

"आवुसो ! जसले अरूको चित्त विषयमा जानेको हुँदैन, उसको निम्ति यो जान्नु सजिलो छैन । आवुसो ! यहाँ कोही-कोही व्यक्ति तब सम्म विनीत, संयत अनि शान्तरहन्छ जब सम्म ऊ शास्ता अथवा अन्य कोही गौरव गर्न योग्य ज्येष्ठ सब्रह्मचारीसंग बसेको हुन्छ । तर जब ऊ शास्ता अथवा अन्य कोही गौरव गर्न योग्य सब्रह्मचारीहरुबाट टाढा हुन्छ, तब ऊ



Downloaded from http://dhamma.digital

भिक्षुहरूसंग, भिक्षुणीहरूसंग, उपासकहरूसंग, उपासिकाहरूसंग, राजाहरूसंग, राजाका महामात्यहरूसंग, तैर्थिकहरू तथा तैर्थिकका श्रावकहरूसंग मेलजोल गरी विचरण गर्ने हुन्छ । ऊ अति नै मेलजोल भइरहँदा, विश्वास पूर्वकरहँदा, असंयमी भईरहँदा, वाचाल भएर विचरण गर्दा रागद्वारा उसको चित्तलाई विचलित गरी दिन्छ । ऊ रागद्वारा चित्त विचलित हुँदा शिक्षा त्यागी, हीनमार्गी हुनेछन् ।

"आवुसो ! जस्तै कि, अन्न खाने गोरुलाई डोरीले बाँधेको हुन्छ वा गोथमा राखेको हुन्छ । उसको बारेमा कसैले भन्छ कि, यो अन्न खाने गोरुले अब कहिले पनि अन्न खाने छैन भनेमा के त उसले साँचो भनेको हुन्छ ?" "साँचो भनेको हुँदैन आवुसो !" "आवुसो ! यो सम्भव छ कि, त्यो अन्न खाने गोरुले डोरी चुँडाली वा गोथबाट मुक्त भएर फेरि अन्न खान थाल्नेछ । यसरी नै आवुसो ! कोही-कोही व्यक्ति तबसम्म विनीत, संयत अनि शान्त रहन्छ जबसम्म ऊ शास्ता अथवा अन्य कोही गौरव गर्न योग्य ज्येष्ठ सब्रह्मचारीसंग बसेको हुन्छ । तर जब ऊ शास्ता अथवा अन्य कोही गौरवगर्न योग्य सब्रह्म–चारीहरूबाट टाढा हुन्छ, तब ऊ भिक्षुहरूसंग, भिक्षुणीहरूसंग, उपासकहरूसंग, उपासिकाहरूसंग, राजाहरूसंग, राजाका महामात्यहरूसंग, तैर्थिकका श्रावक-हरूसंग मेलजोल गरी विचरण गर्ने हुन्छ । ऊ अति नै मेलजोल भइरहँदा, विश्वास पूर्वकरहँदा, असंयमी भईरहँदा, वाचाल भएर विचरण गर्दा रागद्वारा उसको चित्त विचलित गरीदिन्छ । ऊ रागद्वारा चित्त विचलित हुँदा शिक्षा त्यागी हीनमार्गी हुनेछन् ।

"आवुसो ! यहाँ कोही एक व्यक्तिले कामभोगरहित, अकुशलरहित, वितर्क र विचारयुक्त एकान्तवास= ध्यानबाट (विवेकज) उत्पन्न प्रीति र सुखमय प्रथमध्यान प्राप्तगरी बस्छ । उसले 'म प्रथम ध्यान लाभी हुँ' भनी सोचेर भिक्षुहरूसंग ... मेलजोल गरी विचरण गर्ने हुन्छ । ... शिक्षालाई त्यागी हीन- मार्गी हुन्छ ।" जस्तै कि, आवुसो ! चौरस्तामा ठूलठूलो थोप्लाको पानी पर्नाले धूलो बसेको हुन्छ अनि त्यहाँ हिलो हुन्छ । अनि कसैले आएर भन्छ कि, 'अब यो चौरस्तामा कहिले पनि धूलो उड्ने छैन भनेमा के त उसले साँचो भनेको हुन्छ ?" "साँचो भनेको हुँदैन आवुसो !" "आवुसो ! यो सम्भव छ कि, त्यो चौरस्तामा मानिसहरू आवतजावत गर्दा, चौपायाहरू आवतजावत गर्दा अथवा हावा-घामले सुकाई दिंदा धूलो फेरि उड्न थाल्छ । यसरी नै आवुसो ! यहाँ कोही एक व्यक्ति कामभोगरहित भई. प्रथम ध्यान लाभी हुन्छ । उसले 'म प्रथम ध्यान लाभी हुँ' भनी सोचेर



Downloaded from http://dhamma.digital

भिक्षुहरूसंग ... मेलजोल गरी विचरण गर्छ । शिक्षा त्यागी हीनमार्गी हुनेछन् ।

"आवुसो ! यहाँ कोही एक व्यक्तिले वितर्क-विचार शान्त पारी भित्री हृदयमा प्रसन्नता र एकाग्र गरी वितर्क-विचाररहित ध्यानबाट (समाधिज ) उत्पन्न प्रीति र सुखमय द्वितीयध्यान प्राप्तगरी बस्छ । उसले 'म दुतिय ध्यान लाभी हुँ' भनी सोचेर भिक्षुहरूसंग ... मेलजोल गरी विचरण गर्छ । ... शिक्षालाई त्यागी हीन- मार्गी हुनेछन् । जस्तै कि, आवुसो ! गाउँ वा शहरमा कुनै ठूलो पोखरी हुन्छ, त्यहाँ निकै पानी पर्छ, त्यस पोखरी भीत्र भएको सीपी, शंख अदृष्ट हुन्छ, कंकडादि अदृष्ट हुन्छ भने आवुसो ! यदि कोही आएर यसो भन्छ अब फेरि कहिलै पनि फलानो पोखरीमा सीपी, शंख र कंकडादि प्रकट हुनेछैन भनेमा के उसले साँचो भनेको हुन्छ ?" साँचो भनेको हुँदैन, आवुसो !" यो सम्भव छ कि, त्यो पोखरीमा मानिसहरू आएर पानी पिउँछ, चौपायाहरू आएर पानी पिउँछ अथवा हावा र घामको कारणले त्यो पानी फेरि सफा हुन्छ भने पुनः त्यहाँरहेको सीपी, शंख र कंकडादि प्रकट हुन्छ । "यसरी नै आवुसो ! यहाँ कोही एक व्यक्ति वितर्क र विचारलाई शान्त गरी ... दुतिय ध्यान लाभी हुन्छ । उसले 'म दुतिय ध्यान लाभी हुँ' भनी सोचेर भिक्षुहरूसंग ... मेलजोल गरी विचरण गर्छ । ... शिक्षा त्यागी हीनमार्गी हुनेछन् ।

"आवुसो ! यहाँ कोही एक व्यक्तिले प्रीति हटाएर उपेक्षावान, स्मृति-स्मृतिवान, राम्रोसँग जान्ने-बुझ्ने (ज्ञानवान) भई शरीर-द्वारा सुख अनुभव गरी बस्छ । जसलाई आर्यश्रावकहरूले भन्ने गर्छन्– 'उपेक्षावान, स्मृतिवान र सुख विहारी' हुन् भनी तृतीयध्यान प्राप्तगरी बस्छ । उसले 'म तृतीय ध्यान लाभी हुँ' भनी सोचेर भिक्षुहरूसंग ... मेलजोल गरी विचरण गर्छ । ... शिक्षालाई त्यागी हीन- मार्गी हुनेछन् । जस्तै कि, आवुसो ! कोही व्यक्तिले प्रणीत भोजन पश्चात पुनः घटिया भोजनको इच्छा गर्दैन । आवुसो ! यदि कोही आएर यसो भन्छ 'अब फेरि कहिलै पनि फलानो व्यक्तिले भोजनको इच्छा गर्ने छैन भनेमा के उसले साँचो भनेको हुन्छ ?" "साँचो भनेको हुँदैन, आवुसो !" यो सम्भव छ कि जो व्यक्तिले प्रणीत भोजन गरेको हुन्छ, उसको शरीरमा जति सम्म 'ओज' रहन्छ तब सम्म उसले अरू भोजनको इच्छा गर्दैन । तर जब 'ओज' रहँदैन तब उसले पुनः भोजनको इच्छा गर्छ । "यसरी नै आवुसो ! यहाँ कोही एक व्यक्ति प्रीतिबाट पनि विरागिएर ... तृतीय ध्यान लाभी हुन्छ । उसले 'म तृतीय ध्यान लाभी हुँ' भनी सोचेर भिक्षुहरूसंग ... मेलजोल गरी विचरण गर्छ । ... शिक्षा त्यागी हीनमार्गी हुनेछन् ।



Downloaded from http://dhamma.digital

"आवुसो ! यहाँ कोही एक व्यक्तिले सुख पनि हटाएर, दु:ख पनि हटाएर मानसिक हर्ष तथा विस्मात (सौमनस्य-दौर्मनस्य) पहिले नै विलुप्त हुनेगरी दु:खरहित, सुखरहित स्मृति परिशुद्ध गरी उपेक्षासहितको चतुर्थध्यान प्राप्तगरी बस्छ । उसले 'म चतुर्थ ध्यान लाभी हुँ' भनी सोचेर भिक्षुहरूसंग ... मेलजोल गरी विचरण गर्छ । ... शिक्षा त्यागी हीन मार्गी हुन्छ । "जस्तै कि, आवुसो ! पर्वत स्थानमा रहेको तालमा हावा नलाग्दा लहरा उठेको हुँदैन । अनि कसैले आएर भन्छ कि, 'अब यो तालमा कहिले पनि लहरा उठने छैन भनेमा के त उसले साँचो भनेको हुन्छ ?" "साँचो भनेको हुँदैन आवुसो !" यो सम्भव छ कि, पूर्वको दिशाबाट जोरसंग हावा-पानी आउँछ भने त्यसबाट त्यो तालमा लहरा उठ्नेछ । अथवा पच्छिम दिशाबाट जोरसंग हावा-पानी आउँछ भने ... अथवा उत्तर दिशाबाट जोरसंग हावा-पानी आउँछ भने ... अथवा उत्तर दिशाबाट जोरसंग हावा-पानी आउँछ भने त्यसबाट त्यो तालमा लहरा उठ्नेछ । यसरी नै आवुसो ! यहाँ कोही एक व्यक्तिले सुखलाई पनि त्यागी, दु:खलाई पनि त्यागी..... चतुर्थ ध्यान लाभीहुन्छ । उसले 'म चतुर्थ ध्यान लाभी हुँ' भनी सोचेर भिक्षुहरूसंग ... मेलजोल गरी विचरण गर्छ । ... शिक्षा त्यागी हीन मार्गी हुनेछन् ।

"आवुसो ! यहाँ कोही एक व्यक्तिले समस्त निमित्त (ध्यानको विषयमा हुने निमित्त) बाट चित्तलाई हटाएर अनिमित्त चित्त समाधि लाभी हुन्छ । 'म अनिमित्त ध्यान लाभी हुँ' भनी सोचेर ऊ भिक्षुहरूसंग, भिक्षुणीहरूसंग, उपासकहरूसंग, उपासिकाहरूसंग, राजासंग, राजाका महामात्यहरूसंग, तैर्थिकहरू तथा तैर्थिकका श्रावकहरूसंग मेलजोल गरी विचरण गर्छ । ऊ अति नै मेलजोल भइरहँदा, विश्वासपूर्वक रहँदा, असंयमी भईरहँदा, वाचाल भएर विचरण गर्दा रागद्वारा उसको चित्तलाई विचलित गरी दिन्छ । ऊ रागद्वारा चित्त विचलित हुँदा शिक्षा त्यागी हीनमार्गी हुनेछन् । "जस्तै कि,आवुसो ! राजा वा राजाको अमात्यले आफ्नो चतुर्विध सेनालाई लिएर मार्गारुढ होओस् अनि तिनीहरू कुनै एक वनखण्डमा एक रात बिताओस् । त्यहाँ हात्तिका आवाजले गर्दा, घोडाका आवाजले गर्दा, रथका आवाजले गर्दा, पैदलका आवाजले गर्दा, भेरी, ढोल-शंखादिको ठूलो आवाजले गर्दा कसैले आएर भन्छ कि, 'अब भ्याउँकिरीको आवाज सुन्न पाउँदैन । 'अब फेरि फलानो वन खण्डमा कहिलै पनि भ्याउँकिरीको आवाज सुनिने छैन भनेमा के त उसले साँचो भनेको हुन्छ ?" "साँचो भनेको हुँदैन आवुसो !" "आवुसो ! यो सम्भव छ कि, राजा वा राजाको अमात्य त्यस वन खण्डबाट निस्किएमा पुन: भ्याउँकिरीको आवाज सुन्न पाउँछ । यसरी नै, आवुसो ! यहाँ कोही एक व्यक्तिले समस्त



Downloaded from http://dhamma.digital

निमित्त (ध्यानको विषयमा हुने निमित्त) बाट चित्तलाई हटाएर अनिमित्त चित्त समाधिलाई प्राप्त गरी बस्छ । 'म अनिमित्त ध्यान लाभी हुँ' भनी सोचेर ऊ भिक्षुहरूसंग, भिक्षुणीहरूग, उपासकहरूसंग, उपासिकाहरूसंग, राजासंग, राजाका महामात्यहरुसंग, तैर्थिकहरू तथा तैर्थिकका श्रावकहरूसंग मेलजोल गरी विचरण गर्छ । ऊ अति नै मेलजोल भइरहँदा, विश्वास पूर्वक- रहँदा, असंयमी भईरहँदा, वाचाल भएर विचरण गर्दा रागद्वारा उसको चित्तलाई विचलित गरी दिन्छ । ऊ रागद्वारा चित्त विचलित हुँदा शिक्षा त्यागी हीनमार्गी हुनेछन् ।

अनि त केही दिनपछि आयुष्मान चित्त हत्थिसारिपुत्तले शिक्षा त्यागी हीनमार्गी भए । तब चित्त हत्थिसारिपुत्तका साथि भिक्षुहरू जहाँ आयुष्मान महाकोट्ठिक थिए त्यहाँ गए । गएर आयुष्मान महाकोट्ठिकलाई भन्यो– "के आयुष्मान महाकोट्ठिकले चित्त हत्थिसारिपुत्तको चित्तलाई आफ्नो चित्तद्वारा जानेको थियौ कि, चित्त हत्थिसारिपुत्तको चर्या यस्तो-यस्तो छ, त्यसैले उसले शिक्षा त्यागेर हीनमार्गी हुनेछ । अथवा देवताहरू आई सूचना दिएको थियो कि, 'भन्ते ! चित्त हत्थिसारिपुत्त चर्या यस्तो, यस्तो छ, त्यसैले उसले शिक्षा त्यागेर हीनमार्गी हुनेछ ?'" "आवुसोहो ! मैले आफ्नो चित्तले उसको चित्तलाई थाहा पाएर नै यो जानकारी प्राप्त गरेको थिएं कि, चित्त हत्थिसारिपुत्तको चर्या यस्तो-यस्तो छ, तथा शिक्षालाई त्यागेर हीन-मार्गी हुनेछ । अनि मलाई देवताहरूले पनि यो सूचना दिएको थियो कि, 'भन्ते ! चित्त हत्थिसारिपुत्तको चर्या यस्तो-यस्तो छ, त्यसैले शिक्षा त्यागेर ऊ हीन-मार्गी हुनेछन् ।

यसपछि चित्त हत्थिसारिपुत्तका भिक्षु मित्रहरू जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गए । गएर भगवानलाई अभिवादन गरी एकठाउँमा बसे । एकठाउँमा बसेपछि ती भिक्षुहरूले भगवानलाई भने– "भन्ते ! चित्त हत्थिसारिपुत्त यो-यो ध्यान समापत्तिका लाभी थिए । तै पनि शिक्षा त्यागेर ऊ हीनमार्गी भए ।" "भिक्षुहो ! चित्त नैष्कम्यमा चिरकालसम्म टाढा रहँदैन ।"

अनि त चित्त हत्थिसारिपुत्त चिरकाल नबित्दै केश दाढी खौरी, काषाय वस्त्र धारण गरी, घरबाट बेघर भई प्रव्रजित भए । तब आयुष्मान चित्त हत्थिसारिपुत्त एक्लै एकान्तवासी भई, अप्रमादी भई, मेहनती भई, साधना गरिरहँदा जुन अतिउत्तम परमार्थलाई प्राप्त गर्नलाई कुलपुत्रले घरबाट बेघर भइन्छ, त्यस श्रेष्ठोत्तम जीवनलाई यसै जन्ममा साक्षात्कार गरी, प्राप्त गरी बसे । "जन्म क्षीण भयो, श्रेष्ठोत्तम जीवन व्यतीत गरें । जुन गर्नु पर्ने थिएं



Downloaded from http://dhamma.digital

त्यो पूरा गरें । अब गर्नु पर्ने केही पनि बाकिरहेन । आयुष्मान चित्त हत्थिसारिपुत्त पनि अर्हतहरू मध्यमा एक हुनुभयो ।

### ७. मज्झेसुत्तं

६१. यस्तो मैले सुनें– एक समय भगवान वाराणसीस्थित इसिपतनको मिगदावनमा बस्नुहुन्थ्यो । त्यसबेला भिक्षाटनबाट फर्किएर मण्डलमालामा सम्मिलित धेरै थेर भिक्षुहरूमा यस्तो कुराकानी भयो–

"आवुसोहो ! भगवानले पारायण मैत्री प्रश्नमा यसरी भन्नु भएको छ–

**"यो उभोन्ते विदित्वान, मज्झे मन्ता न लिप्पति ।**
**तंब्रूमि महापुरिसोति, सोध सिब्बिनिमच्चगा"ति ॥**

"जसले दुवै अन्तलाई जानेर, प्रज्ञावान बीचमा लिप्त हुँदैन, उसलाई नै मैले महापुरुष तथा उसैले नै तृष्णालाई नाघेर गयो भन्दछु ।"

"आवुसोहो ! एक अन्त भनेको के हो ? दोस्रो अन्त भनेको के हो ? मध्यमा के छ ? सिब्बनि भनेको के हो ? यसरी भनेपछि कोही एक थेर भिक्षुले भिक्षुहरूलाई भन्यो– "आवुसोहो ! स्पर्श एक अन्त हो, स्पर्श समुदय दोस्रो अन्त हो, स्पर्श निरोध मध्य हो, सिब्बनि भनेको तृष्णा हो । तृष्णाले नै त्यस-त्यस लोकमा जन्मिनेछन् । आवुसोहो ! त्यसैले भिक्षुबाट अभिज्ञात गर्नु पर्नेलाई अभिज्ञात गर्छ, परिज्ञात गर्नु पर्नेलाई परिज्ञात गर्छ । अभिज्ञात गर्नु पर्नेलाई अभिज्ञात गरेपछि, परिज्ञात गर्नु पर्नेलाई परिज्ञात गरेपछि दृष्टान्त धर्ममा (यसै जन्ममा) दुःखलाई अन्त गर्छ ।

यसरी भनेपछि कोही एक थेर भिक्षुले भिक्षुहरूलाई भन्यो– "आवुसोहो ! अतित एक अन्त हो, अनागत दोस्रो अन्त हो, वर्तमान मध्य हो, सिब्बनि भनेको तृष्णा हो । तृष्णाले नै त्यस-त्यस लोकमा जन्मिनेछन् । आवुसोहो ! त्यसैले भिक्षुबाट अभिज्ञात गर्नु पर्नेलाई अभिज्ञात गर्छ, परिज्ञात गर्नु पर्नेलाई पज्ञित गर्छ । अभिज्ञात गर्नु पर्नेलाई अभिज्ञात गरेपछि, परिज्ञात गर्नु पर्नेलाई परिज्ञात गरेपछि दृष्टान्त धर्ममा दुःखलाई अन्त गर्छ ।

यसरी भनेपछि कोही एक थेर भिक्षुले भिक्षुहरूलाई भन्यो– "आवुसोहो ! सुखवेदना एक अन्त हो, दुःखवेदना दोस्रो अन्त हो, अदुःख-असुखवेदना मध्य हो । सिब्बनि भनेको तृष्णा हो । तृष्णाले नै त्यस-त्यस लोकमा जन्मिनेछन् ।



Downloaded from http://dhamma.digital

आवुसोहो ! त्यसैले भिक्षुबाट अभिज्ञात गर्नु पर्नेलाई अभिज्ञात गर्छ, परिज्ञात गर्नु पर्नेलाई पज्ञित गर्छ । अभिज्ञात गर्नु पर्नेलाई अभिज्ञात गरेपछि, परिज्ञात गर्नु पर्नेलाई परिज्ञात गरेपछि दृष्टान्त धर्ममा दुःखलाई अन्त गर्छ ।

यसरी भनेपछि कोही एक थेर भिक्षुले भिक्षुहरूलाई भन्यो– "आवुसोहो । नाम एक अन्त हो, रूप दोस्रो अन्त हो, विज्ञान मध्य हो । सिब्बनि भनेको तृष्णा हो । तृष्णाले नै त्यस-त्यस लोकमा जन्मिनेछन् । आवुसोहो ! त्यसैले भिक्षुबाट अभिज्ञात गर्नु पर्नेलाई अभिज्ञात गर्छ, परिज्ञात गर्नु पर्नेलाई पज्ञित गर्छ । अभिज्ञात गर्नु पर्नेलाई अभिज्ञात गरेपछि, परिज्ञात गर्नु पर्नेलाई परिज्ञात गरेपछि दृष्टान्त धर्ममा दुःखलाई अन्त गर्छ ।

यसरी भनेपछि कोही एक थेर भिक्षुले भिक्षुहरूलाई भन्यो– "आवुसोहो ! छः भित्री आयतन एक अन्त हो, छः बाहिरी आयतन दोस्रो अन्त हो, विज्ञान मध्य हो सिब्बनि भनेको तृष्णा हो । तृष्णाले त्यस-त्यस लोकमा जन्मिनेछन् । आवुसोहो ! त्यसैले भिक्षुबाट अभिज्ञात गर्नु पर्नेलाई अभिज्ञात गर्छ, परिज्ञात गर्नु पर्नेलाई पज्ञित गर्छ । अभिज्ञात गर्नु पर्नेलाई अभिज्ञात गरेपछि, परिज्ञात गर्नु पर्नेलाई परिज्ञात गरेपछि दृष्टान्त धर्ममा दुःखलाई अन्त गर्छ ।

यसरी भनेपछि कोही एक थेर भिक्षुले भिक्षुहरूलाई भन्यो– "आवुसोहो ! सक्काय एक अन्त हो, सक्काय समुदय दोस्रो अन्त हो, सक्काय निरोध मध्य हो । सिब्बनि भनेको तृष्णा हो । तृष्णाले त्यस-त्यस लोकमा जन्मिनेछन् । आवुसोहो ! त्यसैले भिक्षुबाट अभिज्ञात गर्नु पर्नेलाई अभिज्ञात गर्छ, परिज्ञात गर्नु पर्नेलाई पज्ञित गर्छ । अभिज्ञात गर्नु पर्नेलाई अभिज्ञात गरेपछि, परिज्ञात गर्नु पर्नेलाई परिज्ञात गरेपछि दृष्टान्त धर्ममा दुःखलाई अन्त गर्छ ।

यसरी भनेपछि कोही एक थेर भिक्षुले भिक्षुहरूलाई भन्यो– "आवुसोहो ! हामीले जाने अनुसार आ-आफनो मतलाई प्रकट गर्‍यौं । आवुसोहो ! आऊ अब जहाँ भगवान हुनुहुन्छ त्यहाँ जाऔं । त्यहाँ गएर भगवानलाइ हाम्रो मत व्यक्त गरौं । अनि ती थेर भिक्षुहरू जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गए । गएर भगवानलाई अभिवादन गरी एकठाउँमा बसे । एकठाउँमा बसेपछि वहाँ थेर भिक्षुहरू बीच जति पनि कुरा चलेको थियो ती सबै भगवानलाई सुनाएपछि सोधे– "भन्ते ! कसको कथन सुभाषित छ ?" भिक्षुहो ! तिमीहरू सबैजनाको कथन एक एक दृष्टिले सुभाषित नै हो । तर मबाट पारायण मैत्री प्रश्नमा जुन दृष्टिले भनेको थिएं–



Downloaded from http://dhamma.digital

**"यो उभोन्ते विदित्वान, मज्झे मन्ता न लिप्पति ।**
**तं ब्रूमि महापुरिसोति, सोध सिब्बिनिमच्चगा" ति ॥**

"त्यसलाई सुन, राम्रोसंग मनमा धारण गर; भन्नेछु ।" हवस् भन्ते ! भनी ती थेर भिक्षुहरूले भगवानलाई प्रत्युत्तर दिए । भगवानले यसरी भन्नुभयो– "स्पर्श एक अन्त हो, स्पर्शसमुदय दोस्रो अन्त हो, स्पर्शनिरोध मध्य हो । सिब्बनि भनेको तृष्णा हो । तृष्णाले त्यस-त्यस लोकमा जन्मिनेछन् । भिक्षुहो ! त्यसैले भिक्षुबाट अभिज्ञात गर्नु पर्नेलाई अभिज्ञात गर्छ, परिज्ञात गर्नु पर्नेलाई पज्ञित गर्छ । अभिज्ञात गर्नु पर्नेलाई अभिज्ञात गरेपछि, परिज्ञात गर्नु पर्नेलाई परिज्ञात गरेपछि दृष्टान्त धर्ममा दुःखलाई अन्त गर्छ ।"

## ८. पुरिसिन्द्रियञाणसुत्तं

६२. यस्तो मैले सुनें– एक समय भगवान महाभिक्षुसंघसहित कोसलमा चारिका गर्नु हुंदै जहाँ दण्डकप्पक नाउँको कोसलहरूका निगम हो, त्यहाँ पुग्नुभयो । त्यसबेला भगवान मार्गबाट हट्नु भई एक वृक्ष मुनि बिछाइएको आसनमा बस्नुभयो । ती भिक्षुहरू निवासस्थान खोज्न दण्डकप्पक निगम भित्र गए ।

त्यसबेला धेरै भिक्षुहरूसंग आयुष्मान आनन्द नुहाउन जहाँ अचिरवती नदी थियो त्यहाँ गए । अचिरवती नदीमा नुहाइ सकेपछि बाहिर निस्केर एउटै मात्र चीवर लगाएर शरीरलाई पहिलेकै जस्तै पार्न उभिरहनुभयो । त्यसबेला एकजना भिक्षु जहाँ आयुष्मान आनन्द थियो त्यहाँ गए । गएर आयुष्मान आनन्दलाई यसो भन्यो– "आवुसो, आनन्द ! के भगवानले राम्ररी विचार पुऱ्याउनु भई देवदत्तको बारेमा यसो भन्नुभएको हो– 'देवदत्त अपाय गामी हो, नरक गामी हो, कल्पसम्म त्यहीं बस्ने हो अनि चिकित्सा गर्न अयोग्य भइसक्यो ।' अथवा कुनै विशेष अर्थ लिएर भन्नु भएको ?'" "राम्ररी विचार पुऱ्याउनु भई, आवुसो ! भगवानले देवदत्तको बारेमा त्यसो भन्नुभएको हो ।"

अनि त आयुष्मान आनन्द जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गए । गएर भगवानलाई अभिवादन गरी एकठाउँमा बसे । एकठाउँमा बसेपछि आयुष्मान आनन्दले भगवानलाई यसो भन्यो– "भन्ते ! म धेरै भिक्षुहरूसंग नुहाउन जहाँ अचिरवती नदी थियो त्यहाँ गए । अचिरवती नदीमा नुहाइ सकेपछि बाहिर निस्केर एउटै मात्र चीवर लगाएर शरीरलाई पहिलेकै जस्तै पार्न उभिरहेको थिएं । त्यसवेला एकजना भिक्षु मकहाँ आएर भन्यो– "आवुसो, आनन्द ! के



Downloaded from http://dhamma.digital

भगवानले राम्ररी विचार पुऱ्याउनु भई देवदत्तको बारेमा यसो भन्नुभएको हो– 'देवदत्त अपाय गामी हो, नरक गामी हो, कल्पसम्म त्यहीं बस्ने हो अनि चिकित्सा गर्न अयोग्य भइसक्यो । अथवा कुनै विशेष अर्थ लिएर भन्नु भएको ?'" "राम्ररी विचार पुऱ्याउनु भई, आवुसो ! भगवानले देवदत्तको बारेमा त्यसो भन्नुभएको हो ।"

"आनन्द ! त्यो भिक्षु नयाँ तथा धेरै दिन नभएको हुनुपर्छ, अथवा कोही मूर्ख थेर हुनुपर्छ । मैले जुन भनेको हुँ त्यो पूर्णरूपले भनेको हुँ, उसले आंशिक रूपले कसरी लिन सकेको ? आनन्द ! मैले अन्य कोही एक व्यक्तिलाई देख्दिन, जसको बारेमा मैले यसरी विचार पुऱ्याई त्यसो भनेको होस्, जस्तो कि, देवदत्तको बारेमा । आनन्द जबसम्म मलाई देवदत्तमा केशको टुप्पोसम्म राख्न लायकको शुभ कर्म देख्न सकेको थिएं, तबसम्म मैले कहिले पनि भनिन कि, 'देवदत्त अपाय गामी हो, नरक गामी हो, कल्पसम्म त्यहीं बस्ने हो अनि चिकित्सा गर्न अयोग्य भइसक्यो ।' जब कि, आनन्द ! मैले देवदत्तमा केशको टुप्पोसम्म राख्न सकिने शुभ कर्म देख्न सकिनं, तब मैले भनें कि 'देवदत्त अपायगामी हो, नरक गामी हो, कल्पसम्म त्यहीं बस्ने हो अनि चिकित्सा गर्न अयोग्य भइसक्यो ।'

"जस्तै कि, आनन्द ! मल-मूत्रले भरिएको खाल्डो हुन्छ, त्यसमा जो कोही व्यक्ति पनि डबिएर जान सक्ने धेरै गहिरो हुनुकासाथै लबालब भरिएर किनारा सम्म आएको हुन्छ । त्यसमा कोही व्यक्ति टाउको सम्म नै डुबिएको हुन्छ । त्यहाँ कोही मान्छे आएर उसलाई हित गर्न चाहले भलो गर्न चाहले कल्याण गर्न चाहले उसलाई त्यस कुवाबाट निकाल्न चाहेको हुन्छ । त्यो व्यक्ति कुवाको चारै तिर घुमेर निरिक्षण गरेर हेर्दा त्यहाँ त्यस व्यक्तिले केशको टुप्पोसम्म राख्न लायक भएको अलिकति मात्र पनि ठाउँ देख्न सक्दैन जहाँ कि, फोहर नलागेको तथा उसलाई समातेर त्यस मल-मूत्रले भरिएको कुवाबाट निकाल्न सकियोस् । यस्तरी नै, आनन्द ! जब कि, मैले देवदत्तमा केशको टुप्पोसम्म राख्न लायकको शुभ कर्म देख्न सकिनं, तब मैले भनें कि, 'देवदत्त अपाय गामी हो, नरक गामी हो, कल्पसम्म त्यहीं बस्ने हो अनि चिकित्सा गर्न अयोग्य भइसक्यो ।' यदि आनन्द ! तिमीलाई तथागतको पुरुषइन्द्रिय ज्ञान सुन्न मन पर्छ भने त्यसलाई स्पष्टरूपले विभक्त गरी भन्नेछु ।"

"भगवान ! यही काल हो, सुगत ! यही समय हो कि; भगवानबाट आफ्नो पुरुषइन्द्रिय ज्ञानद्वारा विभक्त गरी भन्ने । भगवानबाट सुनेर भिक्षुहरूले धारण गर्नेछन् ।" "त्यसो भएमा आनन्द ! सुन्नु, राम्ररी मनमा धारण गर्नु



Downloaded from http://dhamma.digital

भन्नेछु ।" "हवस्, भन्ते !" भनी आयुष्मान आनन्दले भगवानलाई प्रत्युत्तर दिए। भगवानले यसरी भन्नुभयो–

"आनन्द ! 'यहाँ कोही कोही व्यक्तिको चित्तमा रहेको कुरालाई यसरी (मैले आफ्नो) चित्तद्वारा जान्दछु कि– 'यो व्यक्तिमा कुशल धर्महरू पनि छन्। अकुशल धर्महरू पनि छन्। त्यही व्यक्तिलाई अन्य समयमा चित्तद्वारा चित्तमा रहेको कुरालाई जान्दछु– 'यस व्यक्तिमा रहेको कुशल धर्महरू लुप्त भएर गयो अनि अकुशल धर्महरू देखिन थाल्यो । तर यो संगरहेको कुशल मूल नष्ट भएको छैन । त्यस कुशलबाट कुशल प्रकट हुनेछ । त्यसैले यो व्यक्तिलाई हानि हुनेछैन ।' जस्तै कि, आनन्द ! बीउ अखण्डित होस्, नसडेको होस्, हावा-घामले नखाएको होस्, जुन ताजा होस्, राम्रोसित जोगाएर राखोस्, राम्रो खेतमा राम्रोसित खनजोत गरिएको भूमिमा बीउ छरछार गर्छ भने, आनन्द ! तिमीलाई थाहा छ कि, यी बीउहरूबाट वृद्धि हुन्छ, धेरै नै वृद्धि भएर आउँछ होइन ?" "हो, भन्ते ! "यसरी नै मैले, आनन्द ! 'त्यस व्यक्तिमा रहेको कुशल धर्महरू लुप्त भएर गयो, अकुशल धर्महरू प्रकट भएर आयो। तर यस व्यक्तिमा रहेको कुशल मूल नष्ट भएको छैन । त्यस कुशलबाट कुशल प्रकट हुनेछ। त्यसैले यो व्यक्तिलाई हानि हुनेछैन ।' यसरी नै आनन्द ! तथागतको चित्तद्वारा व्यक्तिको चित्त विषय ज्ञात हुन्छ। यसरी नै, आनन्द ! तथागतको पुरुषइन्द्रिय ज्ञान चित्तद्वारा व्यक्तिको चित्त विषय ज्ञात हुन्छ । यसरी नै, आनन्द ! तथागतबाट चित्तद्वारा भावी धर्मको उत्पत्ति हुने विषयमा व्यक्तिको चित्त विषय ज्ञात हुन्छ।

"आनन्द ! 'यहाँ कोही-कोही व्यक्तिको चित्तमा रहेको कुरालाई यसरी चित्तद्वारा जान्दछु कि– 'यो व्यक्तिमा कुशल धर्महरू पनि छन् । अकुशल धर्महरू पनि छन्। त्यही व्यक्तिलाई अन्य समयमा चित्तद्वारा चित्तमा रहेको कुरालाई जान्दछु– 'यस व्यक्तिमा रहेको अकुशल धर्महरू लुप्त भएको छैन, कुशल धर्महरू पनि देखिन्छ । तर यसको अकुशल मूल नष्ट भएको छैन । त्यस अकुशलबाट अकुशल प्रकट हुनेछ। त्यसैले यो व्यक्तिलाई हानि हुने छ।' जस्तै कि, आनन्द ! बीउ अखण्डित होस्, नसडेको होस्, हावा-घामले नखाएको होस्, जुन ताजा होस्, राम्रोसित जोगाएर राखोस्, राम्रो खेतमा राम्रोसित खनजोत गरिएको भूमिमा बीउ छरछार गर्छ भने, आनन्द ! तिमीलाई थाहा छ कि, यी बीउहरू वृद्धि हुन्छ, धेरै नै भएर आउँछ होइन ?" "हो, भन्ते ! "यसरी नै मैले, आनन्द ! 'यहाँ कोही-कोही व्यक्तिको चित्तमा रहेको कुरालाई यसरी चित्तद्वारा बुझेर जान्दछु– 'यो व्यक्तिमा कुशल धर्महरू



Downloaded from http://dhamma.digital

पनि छन्, अकुशल धर्महरू पनि छन् । त्यही व्यक्तिलाई अन्य समय चित्तद्वारा चित्तमा रहेको कुरालाई जान्दछु– कुशल धर्महरू देखिन्छ तर यसको अकुशल मूल नष्ट भएको छैन । त्यस अकुशलबाट अकुशल प्रकट हुनेछ । त्यसैले यो व्यक्तिलाई हानि हुने छ ।' यसप्रकारले पनि, आनन्द ! तथागतको चित्तद्वारा व्यक्तिको चित्त विषय ज्ञात हुन्छ । यसप्रकारले पनि आनन्द ! तथागतको पुरुषइन्द्रिय ज्ञान चित्तद्वारा व्यक्तिको चित्त विषय ज्ञात हुन्छ । यसप्रकारले पनि आनन्द ! तथागतले भावी धर्मको उत्पत्ति हुने विषयमा चित्तद्वारा व्यक्तिको चित्त विषय ज्ञात हुन्छ ।

"आनन्द ! 'यहाँ कोही-कोही व्यक्तिको चित्तमा रहेको कुरालाई यसरी चित्तद्वारा जान्दछु कि– 'यो व्यक्तिमा कुशल धर्महरू पनि छन् । अकुशल धर्महरू पनि छन् । त्यही व्यक्तिलाई अन्य समयमा चित्तद्वारा चित्तमा रहेको कुरालाई जान्दछु– 'यस व्यक्तिमा रौंको टुप्पोले छुन सक्ने सम्मको पनि कुशल धर्म छैन । यो व्यक्ति पूर्णरूपले नै अकुशल धर्ममा सम्पन्न छन् । जस्तै कि, आनन्द ! बीउ खण्डित होस्, सडेको होस्, हावा-घामले खाएको होस्, जुन ताजा नहोस्, राम्रोसित जोगाएर नराखोस्, राम्रो खेतमा राम्रोसित खनजोत गरिएको भूमिमा बीउ छरछार गर्छ भने, आनन्द ! तिमीलाई थाहा छ कि, यी बीउहरुबाट वृद्धि हुने छैन, धेरै नै भएर आउने छैन, होइन ?" "हो, भन्ते !" "यसरी नै मैले, आनन्द ! 'यस व्यक्तिमा रहेको अकुशल धर्महरू पनि लुप्त भएको छैन । कुशल धर्महरू पनि देखिन्छ । तर यसको अकुशल मूल नष्ट भएको छैन । यस अकुशलबाट अकुशल प्रकट हुनेछ । त्यसैले यो व्यक्तिलाई हानि हुने छ ।' यसरी नै आनन्द ! तथागतको चित्तद्वारा व्यक्तिको चित्त विषय ज्ञात हुन्छ । यसरी नै आनन्द ! तथागतको पुरुषइन्द्रिय ज्ञान चित्तद्वारा व्यक्तिको चित्त विषय ज्ञात हुन्छ । यसरी नै आनन्द ! तथागतले चित्तद्वारा भावी धर्मको उत्पत्ति हुने विषयमा व्यक्तिको चित्त विषय ज्ञात हुन्छ ।

यसरी भन्नु भएपछि आयुष्मान आनन्दले भगवानलाई भन्नुभयो– "भन्ते ! यी तीनप्रकारका व्यक्तिसमान नै अन्य पनि तीनप्रकारका व्यक्तिहरूलाई प्रज्ञा-पन गर्न सकिन्छ ?" "सकिन्छ, आनन्द !" भनी भगवानले भन्नुभयो– "आनन्द ! 'यहाँ कोही-कोही व्यक्तिको चित्तमा रहेको कुरालाई यसरी चित्तद्वारा बुझेर जान्दछु कि– 'यो व्यक्तिमा कुशल धर्महरू पनि छन् । अकुशल धर्महरू पनि छन् । त्यही व्यक्तिलाई अन्य समयमा चित्तद्वारा चित्तमा रहेको कुरालाई जान्दछु– 'यस व्यक्तिमा रहेको कुशल धर्महरू लुप्त भएर गयो अनि अकुशल धर्महरू देखिन्छ । तर यो संगरहेको कुशल मूल नष्ट भएको छैन । तै



Downloaded from http://dhamma.digital

पनि यसलाई सम्पूर्णरूपले नै चोट लाग्ने छ । यसरी भविष्यमा यस व्यक्ति-लाई हानि हुनेछ । जस्तै कि, आनन्द ! आगो बलेको होस्, प्रज्वलित होस्, दन्किएको होस् अनि त्यसलाई ठूलो ढुङ्गामा राखिदियो भने, आनन्द ! के तिमीले जान्दछौ कि, त्यो आगो बढेर आउँदैन, वृद्धि भएर आउँदैन अनि धेरै वृद्धि भएर आउँदैन होइन ?" "हो, भन्ते !" "जस्तै कि, आनन्द ! रात बितेपछि जब सूर्योदय हुन्छ, तब तिमीले जानेकै हुन्छौ कि, अंध्यारोरहने छैन अनि उज्यालो भएर आउँछ होइन ?" "यस्तै हुन्छ, भन्ते ।" "अथवा जस्तै कि, आनन्द ! रातको मध्यान्न भोजनको समय हुन्छ, तब तिमीले जानेकै हुन्छौ कि, उज्यालोरहने छैन अनि अंध्यारो रात हुन्छ होइन ?" "हो, भन्ते ।" यस्तरी नै आनन्द ! 'यहाँ कोही-कोही व्यक्तिको चित्तमा रहेको कुरालाई यसरी चित्तद्वारा बुझेर जान्दछु कि– 'यो व्यक्तिमा कुशल धर्महरू पनि छन् । अकुशल धर्महरू पनि छन् । त्यही व्यक्तिलाई अन्य समयमा चित्तद्वारा चित्तमा रहेको कुरालाई जान्दछु– 'यस व्यक्तिमा रहेको कुशल धर्महरू लुप्त भएर गयो अनि अकुशल धर्महरू देखिन्छ । तर यो संगरहेको कुशल मूल नष्ट भएको छैन । तै पनि यसलाई सम्पूर्णरूपले नै चोट लाग्ने छ । यसरी भविष्यमा यस व्यक्तिलाई हानि हुनेछ । यसरी नै, आनन्द ! तथागतको चित्तद्वारा व्यक्तिको चित्त विषय ज्ञात हुन्छ । यसरी नै, आनन्द ! तथागतको पुरुषइन्द्रिय ज्ञान चित्तद्वारा व्यक्तिको चित्त विषय ज्ञात हुन्छ । यसरी नै, आनन्द ! तथागतले चित्तद्वारा भावी धर्मको उत्पत्ति विषयमा व्यक्तिको चित्त विषय ज्ञात हुन्छ ।

"आनन्द ! 'यहाँ कोही-कोही व्यक्तिको चित्तमा रहेको कुरालाई यसरी चित्तद्वारा जान्दछु कि– 'यो व्यक्तिमा कुशल धर्महरू पनि छन् । अकुशल धर्महरू पनि छन् । त्यही व्यक्तिलाई अन्य समयमा चित्तद्वारा चित्तमा रहेको कुरालाई जान्दछु– 'यस व्यक्तिमा रहेको अकुशल धर्महरू लुप्त भएर गयो अनि कुशल धर्महरू देखिन्छ । तर यो संगरहेको अकुशल मूल नष्ट भएको छैन । तै पनि यसलाई सम्पूर्णरूपले नै चोट लाग्ने छ । यस्तो हुँदा पनि भविष्यमा यस व्यक्तिलाई हानि हुनेछैन । जस्तै कि, आनन्द ! आगो बलेको, प्रज्वलित भएको, दन्किएको हुन्छ अनि त्यो आगोलाई थुपारि राखेको सुकेको घाँसमा अथवा थुपारि राखेको सुकेको दाउरा राखिदियो भने, आनन्द ! तिमीलाई थाहा भएकै कुरा हो कि, त्यो आगो बढेर आउँछ, वृद्धि भएर आउँछ अनि धेरै वृद्धि भएर आउँछ होइन ?" "हो, भन्ते !" "जस्तै कि, आनन्द ! रात बितेपछि जब सूर्योदय हुन्छ, तब तिमीलाई थाहा भएकै कुरा हो कि, अंध्यारो-रहने छैन अनि उज्यालो भएर आउँछ, होइन ?" "हो, भन्ते ।" "अथवा जस्तै कि, आनन्द ! दिनको मध्यान्न भोजनको समय हुन्छ, तब तिमीलाई थाहा



Downloaded from http://dhamma.digital

भएकै कुरा हो कि, अंध्यारो रहने छैन अनि उज्यालो नै हुन्छ होइन र ?" "यस्तै हुन्छ, भन्ते ।" यस्तरी नै आनन्द ! 'यहाँ कोही-कोही व्यक्तिको चित्तमा रहेको कुरालाई यसरी चित्तद्वारा जान्दछु कि– 'यो व्यक्तिमा कुशल धर्महरू पनि छन् । अकुशल धर्महरू पनि छन् । त्यही व्यक्तिलाई अन्य समयमा चित्तद्वारा चित्तमा रहेको कुरालाई जान्दछु कि– 'यस व्यक्तिमा रहेको अकुशल धर्महरू लुप्त भएर गयो अनि कुशल धर्महरू देखिन्छ । तर यो संगरहेको अकुशल मूल नष्ट भएको छैन । तै पनि यसलाई सम्पूर्णरूपले नै चोट लाग्ने छ । यस्तो हुँदा पनि भविष्यमा यस व्यक्तिलाई हानि हुनेछैन । यसरी नै आनन्द ! तथागतको चित्तद्वारा व्यक्तिको चित्त विषय ज्ञात हुन्छ । यसरी नै आनन्द ! तथागतको पुरुषइन्द्रिय ज्ञान चित्तद्वारा व्यक्तिको चित्त विवषय ज्ञात हुन्छ । यसरी नै आनन्द ! तथागतले चित्तद्वारा भावी धर्मको उत्पत्ति विषयमा व्यक्तिको चित्त विषय ज्ञात हुन्छ ।

"आनन्द ! 'यहाँ कोही-कोही व्यक्तिको चित्तमा रहेको कुरालाई यसरी चित्तद्वारा जान्दछु कि– 'यो व्यक्तिमा कुशल धर्महरू पनि छन् । अकुशल धर्महरू पनि छन् । त्यही व्यक्तिलाई अन्य समयमा चित्तद्वारा चित्तमा रहेको कुरालाई जान्दछु– 'यस व्यक्तिमा रौंको टुप्पोले छुन सक्नेसम्मको पनि अकुशल धर्म छैन । यो व्यक्ति सम्पूर्णरूपले कुशल धर्मद्वारा सम्पन्न छन् । यो व्यक्तिले यसै जीवनमा निर्वाणलाई लाभ गर्छ । "जस्तै कि, आनन्द ! आगो नबलेको, निबिएको हुन्छ अनि त्यो निबिएको आगोलाई थुपारि राखेको सुकेको घाँसमा अथवा थुपारि राखेको सुकेको दाउरा राखिदियो भने, आनन्द ! तिमीलाई थाहा भएकै कुरा हो कि, त्यो आगो बढेर आउँदैन, वृद्धि भएर आउँदैन अनि धेरै वृद्धि भएर आउँदैन, होइन ?" "हो, भन्ते !" "यसरी नै आनन्द ! मैले 'यहाँ कोही-कोही व्यक्तिको चित्तमा रहेको कुरालाई यसरी चित्तद्वारा बुझेर जान्दछु कि– 'यो व्यक्तिमा कुशल धर्महरू पनि छन् । अकुशल धर्महरू पनि छन् । त्यही व्यक्तिलाई अन्य समयमा चित्तद्वारा चित्तमा रहेको कुरालाई जान्दछु– 'यस व्यक्तिमा रौंको टुप्पोले छुन सक्ने सम्मको पनि अकुशल धर्म छैन । यो व्यक्ति सम्पूर्णरूपले कुशल धर्मद्वारा सम्पन्न छन् । यसै जीवनमा यो व्यक्ति निर्वाण लाभी हुन्छ । यसरी नै, आनन्द ! तथागतको चित्तद्वारा व्यक्तिको चित्त विषय ज्ञात हुन्छ । यसरी नै, आनन्द ! तथागतको पुरुषइन्द्रिय ज्ञान चित्तद्वारा व्यक्तिको चित्त विषय ज्ञात हुन्छ । यसरी नै, आनन्द ! तथागतले चित्तद्वारा भावी धर्मको उत्पत्ति विषयमा व्यक्तिको चित्त विषय ज्ञात हुन्छ ।

"आनन्द ! जुन ती पहिलो तीन व्यक्तिहरू हुन ती मध्यमा एक हानि

Downloaded from http://dhamma.digital

नहुने स्वभावका, एक हानि हुने स्वभावका अनि अर्को एक अपाय-गामी तथा नरक-गामी हुने स्वभावका हुन् । आनन्द ! जुन पछिल्लो तीन व्यक्तिहरू हुन् ती मध्यमा एक हानि हुने स्वभावका, एक हानि नहुने स्वभावका अनि अर्को एक परिनिर्वाण हुने स्वभाावका हुन् ।"

## ९. निब्बेधिकसुत्त

६३. "भिक्षुहो ! छिचोल्न सक्ने विषय तथा धर्म विषय लिएर उपदेश दिन्छु । त्यसलाई सुन, राम्रोसित मनमा धारण गर; भन्नेछु ।" हवस्, भन्ते ! भनी ती भिक्षुहरूले भगवानलाई प्रत्युत्तर दिए । भगवानले यसो भन्नुभयो–

"भिक्षुहो ! छिचोल्न सक्ने धर्म विषय भनेको के हो ? कामनालाई, भिक्षुहो ! जान्नुपर्छ, कामनाका मूल उत्पत्तिलाई जान्नुपर्छ, कामनाका नानात्व-लाई जान्नुपर्छ, कामनाका प्रतिफललाई जान्नुपर्छ, कामनाका निरोधलाई जा-पर्छ अनि कामनाका निरोध गामिनी मार्गलाई जान्नुपर्छ ।

"भिक्षुहो ! वेदनालाई जान्नुपर्छ, वेदनाका मूल उत्पत्तिलाई जान्नुपर्छ, वेदनाका नानात्वलाई जान्नुपर्छ, वेदनाका प्रतिफललाई जान्नुपर्छ, वेदनाका निरोधलाई जान्नुपर्छ अनि वेदनाका निरोध गामिनी मार्गलाई जान्नुपर्छ ।

"भिक्षुहो ! संज्ञालाई जान्नुपर्छ, संज्ञाको मूल उत्पत्तिलाई जान्नुपर्छ, संज्ञाको नानात्वलाई जान्नुपर्छ, संज्ञाको प्रतिफललाई जान्नुपर्छ, संज्ञाको निरोधलाई जान्नुपर्छ अनि संज्ञाको निरोध गामिनी मार्गलाई जान्नुपर्छ ।

"भिक्षुहो ! आश्रवलाई जान्नुपर्छ, आश्रवको मूल उत्पत्तिलाई जान्नु-पर्छ, आश्रवको नानात्वलाई जान्नुपर्छ, आश्रवको प्रतिफललाई जान्नुपर्छ, आश्रवको निरोधलाई जान्नुपर्छ अनि आश्रवको निरोध गामिनी मार्गलाई जान्नु-पर्छ ।

"भिक्षुहो ! कर्मलाई जान्नुपर्छ, कर्मको मूल उत्पत्तिलाई जान्नुपर्छ, कर्मके नानात्वलाई जान्नुपर्छ, कर्मको प्रतिफललाई जान्नुपर्छ, कर्मको निरोधलाई जान्नुपर्छ अनि कर्मको निरोध गामिनी मार्गलाई जान्नुपर्छ ।

"भिक्षुहो ! दु:खलाई जान्नुपर्छ, दु:खको मूल उत्पत्तिलाई जान्नुपर्छ, दु:खको नानात्वलाई जान्नुपर्छ, दु:खको प्रतिफललाई जान्नुपर्छ, दु:खको निरोध-लाई जान्नुपर्छ अनि दु:खको निरोध गामिनी मार्गलाई जान्नुपर्छ ।



Downloaded from http://dhamma.digital

"'भिक्षुहो ! कामनालाई जान्नु पर्छ, कामनाका मूल उत्पत्तिलाई जान्नुपर्छ, कामनाका नानात्वलाई जान्नुपर्छ, कामनाका प्रतिफललाई जान्नुपर्छ, कामनाका निरोधलाई जान्नुपर्छ, कामनाका निरोध गामिनी मार्गलाई जान्नुपर्छ।' यसरी जुन यो भनेको हुँ, यो कुन अर्थ लिएर भनें ? यी पाँच प्रकारका, भिक्षुहो ! कामगुणहरू छन्– चक्षुले हेर्ने रूप जुन अनुकुल, मनलाई मिल्ने, प्रियकर, काम्य र रञ्जनीय हुन्छन्। श्रोतले शब्द श्रवण गर्ने .. घ्राणले गन्ध लिने ... जिह्वाले रस लिने ... शरीरले स्पर्श गर्ने जुन अनुकुल, मनलाई मिल्ने, प्रियकर, काम्य र रञ्जनीय हुन्छन्। तर भिक्षुहो ! यी कामनाहरू होइनन्, आर्य-विनयमा त यसलाई कामगुण भनिन्छ–

"सङ्कप्परागो पुरिसस्स कामो,
नेते कामा यानि चित्रानि लोके।
सङ्कप्परागो पुरिसस्स कामो,
तिट्ठन्ति चित्रानि तथेव लोके।
अथेत्थ धीरा विनयन्ति छन्द"न्ति॥

"पुरुषको सराग संकल्प नै यथार्थमा कामगुण हो। लोकको चित्र विचित्र विषय कामनाहरू होइनन्। पुरुषको सराग संकल्प नै यथार्थमा कामगुण हो। लोकमा चित्र-विचित्र विषयहरू त त्यसै नै बनिएको हुन्छ। पण्डितहरू यही विषयको आफ्नो इच्छालाई वशमा राख्छ।"

"भिक्षुहो ! कामगुणको मूल उत्पत्ति भनेको के हो ? भिक्षुहो ! स्पर्श, कामनाको मूल उत्पत्ति हो।

"भिक्षुहो ! कामगुणको नानात्व भनेको के हो ? पृथक छन्, भिक्षुहो ! रूपका कामगुण पृथक छन्, शब्दका कामगुण पृथक छन, सुगन्धितका कामगुण पृथक छन्, रसका कामगुण पृथक छन् अनि स्पर्शका कामगुण। भिक्षुहो ! कामगुणा नानात्व भनेको यही हो।

"भिक्षुहो ! कामगुण प्रतिफल भनेको के हो ? भिक्षुहो ! जुन कामगुणानुसार पुण्यद्वारा पाउने वा अपुण्यद्वारा पाउने फल स्वरूप हो, तहाँ-तहाँ जन्म लिनेछ। भिक्षुहो ! कामनाका प्रतिफल भनेको यही हो।

"भिक्षुहो ! कामगुण निरोध भनेको के हो ? स्पर्शको निरोध नै, भिक्षुहो ! कामगुण्को निरोध हो। निम्नोक्तानुसार जुन कि यो आर्य अष्टाङ्गिक मार्ग काम निरोधका मार्ग हुन–

Downloaded from http://dhamma.digital

सम्यकदृष्टि, सम्यकसंकल्प, सम्यकवाचा, सम्यककर्मान्त, सम्यकआजीविका, सम्यकव्यायाम, सम्यकस्मृति र सम्यकसमाधि।

"भिक्षुहो ! जब आर्यश्रावकले कामगुण (विषय-भोगलाई) जानेको हुन्छ, कामगुणको मूल उत्पत्तिलाई जानेको हुन्छ, कामगुणको नानात्वलाई जानेको हुन्छ, कामगुणको प्रतिफललाई जानेको हुन्छ, कामगुणको निरोधलाई जानेको हुन्छ अनि कामगुण निरोध गामिनी मार्गलाई जानेको हुन्छ । उसले यो छिचोल्न सक्ने उत्तम जीवन कामनिरोधलाई जानेको हुन्छ । "कामगुणलाई, भिक्षुहो ! जान्नुपर्छ. .. कामगुणको निरोध गामिनी मार्गलाई जान्नुपर्छ। भनी यो जुन भनेको हुँ, यही अर्थ लिएर भनेको हुँ।

"वेदना (अनुभूतिलाई), भिक्षुहो ! जान्नुपर्छ, वेदनाका मूलउत्पत्तिलाई जान्नुपर्छ, वेदनाका नानात्वलाई जान्नुपर्छ, वेदनाका प्रतिफललाई जान्नुपर्छ, वेदनाका निरोधलाई जान्नुपर्छ अनि वेदनाका निरोध गामिनी मार्गलाई जान्नुपर्छ । "वेदनालाई, भिक्षुहो ! जान्नुपर्छ, वेदनाका मूल उत्पत्तिलाई जान्नुपर्छ, यसरी जुन यो भनेको हुँ, यो कुन अर्थमा भनें ? भिक्षुहो ! यी तीन वेदना हुन्– सुख वेदना, दुःख वेदना र अदुःख असुख वेदना ।

"भिक्षुहो ! वेदनाको मूल उत्पत्ति भनेको के हो ? भिक्षुहो ! स्पर्श, वेदनाको मूल उत्पत्ति हो ।

"भिक्षुहो ! वेदनाका नानात्व भनेको के हो ? भिक्षुहो ! सामिष सुख वेदना छ, निरामिष सुख वेदना छ, सामिष दुःख वेदना छ, निरामिष दुःख वेदना छ, सामिष अदुःख-असुख छ अनि निरामिष अदुःख-असुख छ । भिक्षुहो ! यसैलाई वेदनाको नानात्व भनिन्छ ।

"भिक्षुहो ! वेदनाका प्रतिफल भनेको के हो ? भिक्षुहो ! जुन-जुन वेदनानुसार पुण्यद्वारा वा अपुण्यद्वारा पाउने फलस्वरूप त्यस-त्यसबाट जन्म लिनेछ । भिक्षुहो ! यसैलाई वेदनाको प्रतिफल भनिन्छ ।

"भिक्षुहो ! वेदना निरोध भनेको के हो ? स्पर्शको निरोध नै, भिक्षुहो ! वेदनाको निरोध हो । जुन कि यो निम्नोक्तानुसारको आर्य अष्टाङ्गिक मार्ग वेदना निरोधका मार्ग हुन्– सम्यकदृष्टि, सम्यकसंकल्प, सम्यकवाचा, सम्यक कर्मान्त, सम्यक आजीविका, सम्यक व्यायाम, सम्यक स्मृति र सम्यक समाधि ।



Downloaded from http://dhamma.digital

"भिक्षुहो ! जब आर्यश्रावकले यसरी वेदनालाई जानेको हुन्छ, वेदनाका मूल उत्पत्तिलाई जानेको हुन्छ, वेदनाका नानात्वलाई जानेको हुन्छ, वेदनाका प्रतिफललाई जानेको हुन्छ, वेदनाका निरोधलाई जानेको हुन्छ अनि वेदना निरोध गामिनी मार्गलाई जानेको हुन्छ । उसले यो छिचोल्न सक्ने उत्तम जीवन वेदना निरोधलाई जानेको हुन्छ । वेदनालाई, भिक्षुहो ! जान्नुपर्छ ... वेदनाका निरोध गामिनी मार्गलाई जान्नुपर्छ । भनी यो जुन भनेको हुँ, यही अर्थ लिएर भनेको हुँ ।

"संज्ञालाई, भिक्षुहो ! जान्नुपर्छ, ... अनि संज्ञाका निरोधगामिनी-मार्गलाई जान्नुपर्छ । भनी कुन अर्थमा भनेको हुँ ? भिक्षुहो ! यी छः प्रकारका संज्ञा हुन्– रुपसंज्ञा, शब्दसंज्ञा, गन्धसंज्ञा, रससंज्ञा, स्पर्शसंज्ञा र धर्म संज्ञा ।

"भिक्षुहो ! संज्ञाको मूल उत्पत्ति भनेको के हो ? भिक्षुहो ! स्पर्श, संज्ञाको मूल उत्पत्ति हो ।

"भिक्षुहो ! संज्ञाका नानात्व भनेको के हो ? भिक्षुहो ! रूपप्रतिको जुन संज्ञा हो, त्यो अर्कै हो; शब्दप्रतिको जुन संज्ञा हो, त्यो अर्कै हो; गन्धप्रतिको जुन संज्ञा हो, त्यो अर्कै हो; रसप्रतिको जुन संज्ञा हो, त्यो अर्कै हो; स्पर्शप्रतिको जुन संज्ञा हो, त्यो अर्कै हो; धर्मप्रतिको जुन संज्ञा हो, त्यो अर्कै हो । भिक्षुहो ! यसैलाई संज्ञाको नानात्व भनिन्छ ।

"भिक्षुहो ! संज्ञाको प्रतिफल भनेको के हो ? भिक्षुहो ! व्यवहारलाई नै संज्ञाको प्रतिफल भन्दछु । जसरी-जसरी जानेको हुन्छ, त्यसरी-त्यसरी नै व्यवहार गर्ने हुन्छ । यसप्रकारका संज्ञा हुन्छ । भिक्षुहो ! यसैलाई भनिन्छ– संज्ञाको प्रतिफल ।

"भिक्षुहो ! संज्ञा निरोध भनेको के हो ? स्पर्शको निरोध नै, भिक्षुहो ! संज्ञाको निरोध हो । जुन कि यो निम्नोक्तानुसारको आर्य अष्टाङ्गिक मार्ग संज्ञा निरोधका मार्ग हुन्– सम्यक दृष्टि ... सम्यक समाधि ।

"भिक्षुहो ! जब आर्यश्रावकले संज्ञालाई जानेको हुन्छ, संज्ञाका मूल उत्पत्तिलाई जानेको हुन्छ, संज्ञाका नानात्वलाई जानेको हुन्छ, संज्ञाका प्रतिफललाई जानेको हुन्छ, संज्ञाका निरोधलाई जानेको हुन्छ अनि संज्ञा निरोधगामिनी मार्गलाई जानेको हुन्छ । उसले यो छिचोल्न सक्ने उत्तम जीवन संज्ञा निरोधलाई जानेको हुन्छ । भिक्षुहो ! संज्ञालाई जान्नुपर्छ ... संज्ञाको निरोधगामिनी मार्गलाई जान्नुपर्छ भनी यो जुन भनेको हुँ यही अर्थ लिएर



Downloaded from http://dhamma.digital

भनेको हुँ ।

"भिक्षुहो ! आश्रवलाई जान्नुपर्छ, आश्रवका मूल उत्पत्तिलाई जान्नुपर्छ, ... अनि आश्रवका निरोधगामिनी मार्गलाई जान्नुपर्छ । भनी कुन अर्थमा भनेको हुँ ? भिक्षुहो ! यी तीनप्रकारका आश्रव हुन्– कामाश्रव, भवाश्रव र अविद्याश्रव ।

"भिक्षुहो ! आश्रवको मूल उत्पत्ति भनेको के हो ? भिक्षुहो ! अविद्या, आश्रवको मूल उत्पत्ति हो ।

"भिक्षुहो ! आश्रवका नानात्व भनेको के हो ? भिक्षुहो ! नरकमा लैजाने आश्रव हुन्, पशु पंक्षीमा जन्म लिन लगाउने आश्रव हुन्, प्रेत योनिमा जन्म लिन लगाउने आश्रव हुन्, मनुष्य योनिमा जन्म लिन लगाउने आश्रव हुन् अनि देवलोकमा जन्म लिन लगाउने आश्रव हुन् । भिक्षुहो ! यसैलाई भनिन्छ– आश्रवको नानात्व ।

"भिक्षुहो ! आश्रवका प्रतिफल भनेको के हो ? भिक्षुहो ! जब अविद्या–नुसार पुण्यद्वारा वा अपुण्यद्वारा पाउने फल स्वरूप त्यस-त्यसबाट जन्म लिनेछ । भिक्षुहो ! यसैलाई आश्रवको प्रतिफल भनिन्छ ।

"भिक्षुहो ! आश्रव निरोध भनेको के हो ? अविद्याको निरोध नै, भिक्षुहो ! आश्रवको निरोध हो । यो निम्नोक्तानुसारको आर्य अष्टाङ्गिक मार्ग आश्रव निरोधका मार्ग हुन– सम्यक दृष्टि ... सम्यक समाधि ।

"भिक्षुहो ! जब आर्य श्रावकले आश्रवलाई जानेको हुन्छ, आश्रवका मूल उत्पत्तिलाई जानेको हुन्छ, आश्रवका नानात्वलाई जानेको हुन्छ, आश्रवका प्रतिफललाई जानेको हुन्छ, आश्रवका निरोधलाई जानेको हुन्छ अनि आश्रव निरोध गामिनी मार्गलाई जानेको हुन्छ । उसले यो छिचोल्न सक्ने उत्तम जीवन आश्रव निरोधलाई जानेको हुन्छ । भिक्षुहो ! आश्रवलाई जान्नुपर्छ ... आश्रवका निरोधगामिनी मार्गलाई जान्नुपर्छ । भनी यो जुन भनेको हुँ, यही अर्थलाई लिएर भनेको हुँ ।

"कर्मलाई, भिक्षुहा ! जान्नुपर्छ ... अनि कर्मका निरोधगामिनी मार्ग-लाई जान्नुपर्छ । भनी कुन अर्थमा भनेको हुँ ? भिक्षुहो ! मैले चेतनालाई नै कर्म भन्दछु । भिक्षुहो ! चेतनाद्वारा नै शरीर वचन र मनले कर्म गर्ने हुन्छ ।



Downloaded from http://dhamma.digital

"भिक्षुहो ! कर्म को मूल उत्पत्ति भनेको के हो ? भिक्षुहो ! स्पर्श, कर्मको मूल उत्पत्ति हो ।

"भिक्षुहो ! कर्मको नानात्व भनेको के हो ? भिक्षुहो ! कर्मले नरक भोग गराउने हुन्छ, कर्मले पशु पंक्षिको योनिमा भोग गराउने हुन्छ, कर्मले प्रेतयोनिमा भोग गराउने हुन्छ, कर्मले मनुष्यको जन्ममा भोग गराउने हुन्छ अनि कर्मले देवलोकमा भोग गराउने हुन्छ । भिक्षुहो ! यसैलाई भनिन्छ– कर्मको नानात्व ।

"भिक्षुहो ! कर्मको प्रतिफल भनेको के हो ? भिक्षुहो ! कर्मको प्रतिफल तीनप्रकारका छन्, भनी भन्दछु– यसै जन्ममा, अर्को जन्ममा वा अन्य कुनै एक जन्ममा । भिक्षुहो ! यसैलाई भनिन्छ– कर्मको प्रतिफल ।

"भिक्षुहो ! कर्म निरोध भनेको के हो ? स्पर्शको निरोध नै, भिक्षुहो ! कर्मको निरोध हो । जुन यो निम्नोक्तानुसारको आर्य अष्टाङ्गिक मार्ग कर्म निरोध मार्ग हुन्– सम्यक दृष्टि..... सम्यक समाधि ।

"भिक्षुहो ! जब आर्यश्रावकले कर्मलाई जानेको हुन्छ, कर्मका मूल उत्पत्तिलाई जानेको हुन्छ, कर्मका नानात्वलाई जानेको हुन्छ, कर्मका प्रतिफललाई जानेको हुन्छ, कर्मका निरोधलाई जानेको हुन्छ अनि कर्म निरोध-गामिनी मार्गलाई जानेको हुन्छ । उसले यो छिचोल्न सक्ने उत्तम जीवन कर्म निरोधलाई जानेको हुन्छ । भिक्षुहो ! कर्मलाई जान्नुपर्छ .... आश्रवका निरोधगामिनी मार्गलाई जान्नुपर्छ । भनी यो जुन भनेको हुँ, यही अर्थ लिएर भनेको हुँ ।

"दुःखलाई, भिक्षुहो ! जान्नुपर्छ, दुःखका मूल उत्पत्तिलाई जान्नुपर्छ, दुःखका नानात्वलाई जान्नुपर्छ, दुःखका प्रतिफललाई जान्नुपर्छ, दुःखका निरोधलाई जान्नुपर्छ अनि दुःखका निरोधगामिनी मार्गलाई जान्नुपर्छ । भिक्षुहो ! दुःखलाई जान्नुपर्छ, दुःखका मूल उत्पत्तिलाई जान्नुपर्छ, यसरी जुन यो भनेको हुँ, यो कुन अर्थमा भनें ? भिक्षुहो ! जन्मिनु दुःख ,वृद्ध हुनु दुःख, रोगी हुनु दुःख, मृत्यु हुनु दुःख, शोक-परिदेव-दुःख-दौर्मनस्य-उपायास पनि दुःख हुन्, जुन चाहना गरिने हो त्यो प्राप्त नहुनु पनि दुःख हो अनि संक्षिप्तमा भन्नु परेमा पञ्च उपादान स्कन्ध नै दुःख हुन् ।

"भिक्षुहो ! दुःखको मूल उत्पत्ति भनेको के हो ? भिक्षुहो ! तृष्णा, दुःखको मूल उत्पत्ति हो ।

Downloaded from http://dhamma.digital

"भिक्षुहो ! दुःखको नानात्व भनेको के हो ? भिक्षुहो ! अत्यन्त दुःख, सीमित दुःख, चिरकालसम्मरहने दुःख र केही क्षणसम्मरहने दुःख । भिक्षुहो ! यसैलाई भनिन्छ– दुःखको नानात्व ।

"भिक्षुहो ! कर्मको प्रतिफल भनेको के हो ? भिक्षुहो ! यहाँ कोही-कोही जब कुनै दुःखले दुःखित हुन्छ, पीडित हुन्छ भने चिन्ता गर्ने हुन्छ, शोचमा पर्ने हुन्छ, छाती पीट्दै रुने हुन्छ अनि बेहोश हुन्छ । अथवा त्यस दुःखबाट दुःखित हुनाले यता-उता खोज्दै भौंतारिन्छ कि, कसले एक या दुई पदको मन्त्रलाई जानेको छ ? जसले गर्दा त्यस दुःखबाट मक्त हुन सकोस् । भिक्षुहो ! दुःखको प्रतिफल भनेको या त बेहोशी हो या त परियेषण नै हो । भिक्षुहो ! यसैलाई भनिन्छ– कर्मको प्रतिफल ।

"भिक्षुहो ! दुःख निरोध भनेको के हो ? तृष्णाको निरोध नै, भिक्षुहो ! दुःखको निरोध हो । जुन यो निम्नोक्तानुसारको आर्य अष्टाङ्गिक मार्ग दुःख निरोधका मार्ग हुन्– सम्यकदृष्टि..... सम्यक समाधि ।

"भिक्षुहो ! जब आर्यश्रावकले दुःखलाई जानेको हुन्छ, दुःखका मूल उत्पत्तिलाई जानेको हुन्छ, दुःखका नानात्वलाई जानेको हुन्छ, दुःखका प्रतिफललाई जानेको हुन्छ, दुःखका निरोधलाई जानेको हुन्छ अनि दुःखका निरोध गामिनी मार्गलाई जानेको हुन्छ । उसले यो छिचोल्न सक्ने उत्तम जीवन दुःख निरोधलाई जानेको हुन्छ । भिक्षुहो ! दुःखलाई जान्नुपर्छ, दुःखको मूल उत्पत्तिलाई जान्नुपर्छ, दुःखको नानात्वलाई जान्नुपर्छ, दुःखको प्रतिफललाई जान्नुपर्छ, दुःखको निरोधलाई जान्नुपर्छ अनि दुःख निरोध गामिनी मार्गलाई जान्नुपर्छ । भनी यो जुन भनेको हो, यही अर्थलाई लिएर भनेको हुँ । भिक्षुहो ! यसैलाई भनिन्छ– छिचोल्न सक्ने विषय तथा धर्म विषय ।"

## १०. सीहनादसुत्तं

६४. "भिक्षुहो ! तथागतका यी छः प्रकारका तथागत बल हुन् । जुन बलसम्पन्न भई तथागत अचल भई बस्दछु, परिषदमा सिंहनाद गर्दछु अनि ब्रह्मचर्यको प्रवर्तन गर्दछु । ती छः प्रकारका बल के-के हुन् । भिक्षुहो ! ठीक-लाई ठीक, बेठीकलाई बेठीक भनी यथार्थसहित जान्दछु । भिक्षुहो ! यो जुन तथागतले ठीकलाई ठीक, बेठीकलाई बेठीक भनी यथार्थसहित जान्दछ । भिक्षुहो ! यो पनि तथागत-बल हो । जुन बलको कारण तथागतले अचल-तालाई जान्दछ, परिषदमा सिंहनाद गर्दछु अनि ब्रह्मचक्र प्रवर्तन गर्दछु ।



Downloaded from http://dhamma.digital

"पुन: अर्को, भिक्षुहो ! तथागतले अतित, भविष्य र वर्तमान कर्म-फल विषयमा ठीकसंग त्यसको कारणलाई यथार्थसहित जान्दछु । यो जुन तथागतले अतित, भविष्य र वर्तमानको कर्मफल विषयमा ठीकसंग त्यसको कारणलाई यथार्थसहित जान्दछ । भिक्षुहो ! यो पनि तथागत-बल हो । जुन बलको कारण तथागतले अचलतालाई जान्दछ, परिषदमा सिंह-नाद गर्दछु अनि ब्रह्मचक्रको प्रवर्तन गर्दछु ।

"पुन: अर्को, भिक्षुहो ! तथागतले ध्यान-विमोक्ष-समाधि-समापत्तिको क्लेशहरू ह्रास र वृद्धि भएकोलाई यथार्थसहित जान्दछु । भिक्षुहो ! यो जुन तथागतले ध्यान-विमोक्ष-समाधि-समापत्तिका क्लेशहरू ह्रास र वृद्धि विषय यथार्थसहित जान्दछ । भिक्षुहो ! यो पनि तथागत-बल हो । जुन बलको कारण तथागतले अचलतालाई जान्दछ, परिषदमा सिंह-नाद गर्दछु अनि ब्रह्मचक्रको प्रवर्तन गर्दछु ।

"पुन: अर्को, भिक्षुहो ! तथागतले अनेकौं प्रकारका पूर्व जन्मलाई अनुस्मरण गर्दछु, जस्तै कि– एक जन्मको पनि, दुई जन्मको पनि ... यसप्रकारको आकारसहित, उद्देश्यसहित अनेकौं प्रकारका पूर्व जन्मलाई अनुस्मरण गर्दछु । यो जुन तथागतले अनेकौं प्रकारका पूर्व जन्मलाई अनुस्मरण गरिन्छ, जस्तै कि– एक जन्मको पनि, दुई जन्मको पनि ... यसप्रकारको आकार र उद्देश्यसहित अनेकौं प्रकारका पूर्व जन्मलाई अनुस्मरण गर्दछ । भिक्षुहो ! यो पनि तथागत-बल हो । जुन बलको कारण तथागतले अचलतालाई जान्दछ, परिषदमा सिंह-नाद गर्दछु अनि ब्रह्मचक्रको प्रवर्तन गर्दछु ।

"पुन: अर्को, भिक्षुहो ! तथागतले मनुष्यको पहुँच भन्दा पनि उत्तमको विशुद्ध दिव्य चक्षुद्वारा ... यथा कर्मानुसार जन्मिने सत्वहरूलाई जान्दछु । यो जुन तथागतले मनुष्यको पहुँच भन्दा पनि उत्तमको विशुद्ध दिव्य चक्षुद्वारा ... यथा कर्मानुसार जन्मिने सत्वहरूलाई जान्दछ । भिक्षुहो ! यो पनि तथागतको बल हो । जुन बलको कारण तथागतले अचलतालाई जानेको हुन्छु, परिषदहरुमा सिंह-नाद गर्दछु अनि ब्रह्मचक्रको प्रवर्तन गर्दछु ।

"पुन: अर्को, भिक्षुहो ! तथागतले आश्रवहरू क्षय गरी ... साक्षात्कार र प्राप्त गरी बस्दछु । यो जुन तथागतले आश्रवहरू क्षय गरी ... साक्षात्कार र प्राप्त गरी बस्दछ । भिक्षुहो ! यो पनि तथागत-बल हो । जुन बलको कारण तथागतले अचलतालाई जान्दछ परिषदमा सिंह-नाद गर्दछु अनि ब्रह्मचक्रको प्रवर्तन गर्दछु । भिक्षुहो ! यी छ: तथागतका तथागत बल हुन् । जुन बलको



Downloaded from http://dhamma.digital

कारण तथागतले अचलतालाई जान्दछ, परिषदमा सिंह-नाद गर्दछु अनि ब्रह्मचक्रको प्रवर्तन गर्दछु।

"भिक्षुहो ! अन्य कोही आएर तथागतसंग ठीकको बारेमा ठीकसम्बन्धी, बेठीक बारेमा बेठीकसम्बन्धी यथार्थ ज्ञानल लिएर मकहाँ आएर प्रश्न गर्छ। भिक्षुहो ! जसरी-जसरी तथागतलाई ठीकको बारेमा तथा बेठीकको बारेमा यथार्थज्ञान हुन्छ, त्यसरी-त्यसरी नै तथागतबाट ठीकको बारेमा ठीक अनि बेठीकको बारेमा बेठीक भनी यथार्थज्ञानद्वारा त्यो प्रश्नको समाधान गरिदिन्छु।

"भिक्षुहो ! अन्य कोही आएर अतित, भविष्य र वर्तमान कर्म-फल विषयमा ठीकसंग त्यसको कारण लिएर यथार्थ ज्ञानसहित प्रश्न गर्छ। जसरी-जसरी तथागतलाई अतित, भविष्य र वर्तमान कर्म-फल विषयमा त्यसको कारण सम्बन्धी यथार्थज्ञान हुन्छ, त्यसरी-त्यसरी नै तथागतबाट अतित, भविष्य र वर्तमान कर्म-फल विषयमा त्यसको कारण सम्बन्धी मकहाँ आई प्रश्न गर्दा यथार्थ ज्ञानद्वारा समाधान गरिदिन्छु।

"भिक्षुहो ! अन्य कोही आएर तथागतसंग ध्यान-विमोक्ष-समाधि र समापत्तिको क्लेशसम्बन्धी ह्रास-वृद्धि विषयको यर्थाथ ज्ञानलाई लिएर मकहाँ आएर प्रश्न गर्छ। जसरी-जसरी तथागतलाई ध्यान-विमोक्ष-समाधि र समापत्तिको क्लेश सम्बन्धी ह्रास-वृद्धि विषयमा यथार्थज्ञान हुन्छ, त्यसरी-त्यसरी नै तथागतबाट ध्यान-विमोक्ष-समाधि र समापत्तिको क्लेश सम्बन्धी ह्रास-वृद्धि विषयको ज्ञानलाई लिएर मकहाँ आई प्रश्न गर्दा यथार्थ ज्ञानद्वारा समाधान गरिदिन्छु।

"भिक्षुहो ! अन्य कोही आएर तथागतसंग पूर्व जन्मको विषय लिएर यथार्थ ज्ञानसहित मकहाँ आएर प्रश्न गर्छ। जसरी-जसरी तथागतलाई पूर्व जन्मसम्बन्धी यथार्थज्ञान हुन्छ, त्यसरी-त्यसरी नै तथागतबाट पूर्व जन्मसम्बन्धी मकहाँ आई प्रश्न गर्दा यथार्थ ज्ञानद्वारा समाधान गरिदिन्छु।

"भिक्षुहो ! अन्य कोही आएर तथागतसंग सत्वका जन्म र मृत्युको विषय लिएर यथार्थ ज्ञानसहित मकहाँ आएर प्रश्न गर्छ। जसरी-जसरी तथागतलाई सत्वका जन्म र मृत्यु सम्बन्धी यथार्थज्ञान हुन्छ, त्यसरी-त्यसरी नै तथागतबाट सत्वका जन्म र मृत्युसम्बन्धी मकहाँ आई प्रश्न गर्दा यथार्थ ज्ञानद्वारा समाधान गरिदिन्छु।



Downloaded from http://dhamma.digital

"भिक्षुहो ! अन्य कोही आएर तथागतसंग आश्रवक्षयको ... विषय लिएर यथार्थ ज्ञानसहित मकहाँ आएर प्रश्न गर्छ । जसरी-जसरी तथागत-लाई आश्रवक्षयको ... यथार्थ ज्ञान हुन्छ, त्यसरी त्यसरी नै तथागतबाट आश्रव क्षयको ... यथार्थ ज्ञानद्वारा समाधान गरिदिन्छु ।

"भिक्षुहो ! यो जुन ठीक विषयलाई ठीक, बेठीक विषयलाई बेठीक भन्ने यथार्थज्ञान हो, त्यो पनि एकाग्र चित्त हुनेलाई सम्भव हुन्छ भनी भन्दछु, अस्थिर चित्त हुनेलाई असम्भव हुन्छ । यो जुन अतित, अनागत र वर्तमान कर्म-फल ठीकसंग त्यसको विषय यथार्थज्ञान हो, त्यो पनि एकाग्र चित्त हुनेलाई सम्भव हुन्छ भनी भन्दछु, अस्थिर चित्त हुनेलाई असम्भव हुन्छ । यो जुन ध्यान-विमोक्ष-समाधि र समापत्तिको क्लेश सम्बन्धी ह्रास-वृद्धि विषयको यर्थाथज्ञान हो, त्यो पनि एकाग्र चित्त हुनेलाई सम्भव हुन्छ भनी भन्दछु, अस्थिर चित्त हुनेलाई असम्भव हुन्छ । जुन यो पूर्व जन्मको यथार्थज्ञान हो, त्यो पनि एकाग्र चित्त हुनेलाई सम्भव हुन्छ भनी भन्दछु, अस्थिर चित्त हुनेलाई असम्भव हुन्छ । जुन यो सत्वका जन्म र मृत्युको विषयमा यथार्थ ज्ञान हो, त्यो पनि एकाग्र चित्त हुनेलाई सम्भव हुन्छ भनी भन्दछु, अस्थिर चित्त हुनेलाई असम्भव हुन्छ । जुन यो आश्रव क्षय ... यथार्थ ज्ञान हो, त्यो पनि एकाग्र चित्त हुनेलाई सम्भव हुन्छ भनी भन्दछु, अस्थिर चित्त हुनेलाई असम्भव हुन्छ । भिक्षुहो ! यही नै समाधिको मार्ग हो अनि यो जुन असमाधि हो, यही कुमार्ग हो ।"

Dhamma.Digital



Downloaded from http://dhamma.digital

# ७. देवतावग्गो

## १. अनागामिफलसुत्तं

६५. "भिक्षुहो ! छः प्रकारका धर्म परित्याग नगरेमा अनागामि फल साक्षात्कार गर्न असम्भव हुन्छ । ती छः प्रकारका धर्म के-के हुन् ? अश्रद्धालु, निर्लज्ज, पाप गर्नमा निर्भयी, आलस्य, मूढस्मृति र दुष्प्रज्ञ । भिक्षुहो ! यी नै छः प्रकारका धर्म परित्याग नगरेमाअनागामि फल साक्षात्कार गर्न असम्भव छ ।

"भिक्षुहो ! छः प्रकारका धर्म परित्याग गरेमा अनागामि फल साक्षात्कार गर्न सम्भव छ । ती छः प्रकारका के-के हुन् ? अश्रद्धालु, निर्लज्ज, पाप गर्नमा निर्भयी, आलस्य, मूढस्मृति र दुष्प्रज्ञ हुनु । भिक्षुहो ! यी नै छ प्रकारका धर्म परित्याग गरेमा अनागामि फल साक्षात्कारगर्न सम्भव छ ।"

## २. अरहतसुत्तं

६६. "भिक्षुहो ! छः प्रकारका धर्म परित्याग नगरेमा अर्हत फल साक्षात्कार गर्न असम्भव छ । ती छः प्रकारका के-के हुन् ? शारीरिक आलस्य, मानसिक आलस्य, उद्धतपन, पश्चाताप, अश्रद्धा र प्रमाद । भिक्षुहो ! यी नै छः प्रकारका धर्म परित्याग नगरेमा अर्हत फल साक्षात्कार गर्न असम्भव छ ।

"भिक्षुहो ! छः प्रकारका धर्म परित्याग गरेमा अर्हत फल साक्षात्कार गर्न सम्भव छ । ती छः प्रकारका के-के हुन् ? शारीरिक आलस्य, मानसिक आलस्य, उद्धतपन, पश्चाताप, अश्रद्धा र प्रमाद । भिक्षुहो ! यी नै छः प्रकारका धर्म परित्याग गरेमा अर्हत फल साक्षात्कार गर्न सम्भव छ ।

## ३. मित्तसुत्तं

"भिक्षुहो ! जो भिक्षु पापी-मित्रको संगतमा पर्छ, पापीलाई मित्र वनाउँछ, पापी जस्तै बेइमान हुन्छ, पापीको आश्रयमा रहन्छ, पापीसंग मेलजोल गरी बस्छ, पापीको अनुकरण गर्छ भने यसको सम्भावना छैन कि उसले शिष्टाचारलाई पालन गर्नेछ । जसले शिष्टाचारलाई पालन गर्दैन उसले शैक्ष धर्मलाई पालन गर्नेछ भन्ने सम्भावना छैन । जसले शैक्ष धर्मलाई पालन गर्दैन उसले शीललाई पालन गर्नेछ भन्ने सम्भावना छैन । जसले शील पालन गर्दैन ऊ काम-राग, रूप-राग र अरूप-रागबाट मुक्त हुने सम्भावना छैन ।

Downloaded from http://dhamma.digital

"भिक्षुहो ! जो भिक्षु कल्याण-मित्रको संगतमा पर्छ, कल्याण मित्र बनाउँछ, कल्याणक जस्तै इमानदार हुन्छ, कल्याणकको आश्रयमा रहन्छ, कल्याण संग मेलजोल गरी बस्छ, कल्याणकको अनुकरण गर्छ भने यसको सम्भावना छ कि उसले शिष्टाचारलाई पालन गर्नेछ। जसले शिष्टाचारको पालन गर्छ उसले शैक्ष धर्म पालन गर्ने सम्भावना छ। जसले शैक्ष धर्म पालन गर्छ उसले शील पालन गर्ने सम्भावना छ। जसले शील पालन गर्छ ऊ काम-राग, रूप-राग र अरूप-रागबाट मुक्त हुने सम्भावना छ।"

## ४. सङ्गणिकारामसुत्तं

६८. " 'भिक्षुहो ! जो भिक्षु जमातमा रहन्छ, जमातमा रमाउँछ अनि जमातमा बस्न रुचाउँछ; समूहमा रहन्छ, समूहमा रमाउँछ अनि समूहमा बस्न रुचाउँछ भने ऊ एकान्तमा आनन्द पूर्वक बस्नसक्नु भनेको असम्भव हो।' 'जो एकान्तमा आनन्द पूर्वक बस्न सक्दैन उसले चित्त एकाग्रताको निमित्तलाई ग्रहण गर्नसक्नु भनेको असम्भव हो।' 'चित्त एकाग्रताको निमित्तलाई ग्रहण गर्न नसक्नेले सम्यकदृष्टि परिपूर्ण गर्नसक्नु भनेको असम्भव हो।' 'सम्यकदृष्टिलाई परिपूर्ण गर्न नसक्नेले सम्यकसमाधि परिपूर्ण गर्नसक्नु भनेको असम्भव हो।' 'सम्यकसमाधि पूर्ण गर्न नसक्नेले संयोजनबाट छुटकारा पाउनु भनेको असम्भव हो।' 'संयोजनबाट छुटकारा पाउन नसक्नेले निर्वाण साक्षात्कार गर्नसक्नु भनेको असम्भव हो।'

" 'भिक्षुहो ! जो भिक्षु जमातमा रहँदैन, जमातमा रमाउँदैन अनि जमातमा बस्न रुचाउँदैन; समूहमा रहँदैन, समूहमा रमाउँदैन अनि समूहमा बस्न रुचाउँदैन, ऊ एकान्तमा आनन्दपूर्वक बस्न सक्ने सम्भव छ।' 'जो एकान्तमा आनन्दपूर्वक बस्नसक्छ, उसले चित्त एकाग्रताको निमित्त ग्रहण गर्ने सम्भव छ।' 'चित्त एकाग्रताको निमित्त ग्रहण गर्नसक्नेले सम्यकदृष्टि परिपूर्ण गर्नसक्ने सम्भव छ। सम्यकदृष्टि परिपूर्ण गर्न सक्नेलेसम्यकसमाधि परिपूर्ण गर्नसक्ने सम्भव छ। 'सम्यकसमाधि परिपूर्ण गर्नसक्नेले संयोजनबाट छुटकारा पाउनसक्ने सम्भव छ। 'संयोजनबाट छुटकारा पाउनसक्नेले निर्वाण साक्षात्कार गर्नसक्ने सम्भव छ।'"

## ५. देवतासुत्तं

६९. त्यस समय कोही ज्योतिवान एक देवता उज्यालो रातमा सम्पूर्ण



Downloaded from http://dhamma.digital

जेतवनलाई प्रकाशमय पार्दै जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गए । गएर भगवानलाई अभिवादन गरी एकठाउँमा उभिए । एकठाउँमा उभिएका त्यो देवताले भगवानलाई यसो भने– "भन्ते ! भिक्षुका निम्ति यी छ: प्रकारका धर्मद्वारा परिहानि हुनेछैन । ती छ: प्रकारका के-के हुन् ? शास्ताप्रति गौरव, धर्मप्रति गौरव, संघप्रति गौरव, शिक्षाप्रति गौरव, सुवच अनि कल्याण मित्रको संगत । भन्ते ! भिक्षुका निम्ति यी नै छ: प्रकारका धर्मद्वारा परिहानि हुनेछैन ।" देवताले यसरी भन्यो । (यस कुरालाई) शास्ताले समर्थन गर्नुभयो । अनि देवताले पनि "शास्ताबाट अनुमोदन भयो" भनी भगवानलाई अभिवादन र प्रदक्षिणा गरी त्यहीं अन्तर्धान भए ।

अनि त्यस रात बितेपछि भगवानले भिक्षुहरूलाई सम्बोधन गर्नुभयो– "भिक्षुहो ! कोही एक ज्योतिवान देवता उज्यालो रातमा सम्पूर्ण जेतवन प्रकाशमय पार्दै जहाँ म थिएं, त्यहाँ आए । आएर मलाई अभिवादन गरी एकठाउँमा उभीरहे । एकठाउँमा उभिएका देवताले मलाई यसो भन्यो– भन्ते ! भिक्षुका निम्ति यी छ: प्रकारका धर्मद्वारा परिहानि हुनेछैन । ती छ: प्रकारका के-के हुन् ? शास्ताप्रति गौरव, धर्मप्रति गौरव, संघप्रति गौरव, शिक्षाप्रति गौरव, सुवच अनि कल्याण मित्रको संगत । भन्ते ! भिक्षुका निम्ति यी नै छ:प्रकारका धर्मद्वारा परिहानि हुनेछैन ।' भिक्षुहो ! यसरी देवताले भन्यो । यति भनेपछि मलाई अभिवादन र प्रदक्षिणा गरी त्यहीं अन्तर्धान भए ।"

(भगवानबाट) यसरी आज्ञाभएपछि आयुष्मान सारिपुत्तले भगवानलाई अभिवादन गरी भन्यो– "भन्ते ! भगवानले जुन संक्षेपमा भन्नुभयो, मैले विस्तृतरूपमा यसरी अर्थ बुझ्दछु– यहाँ, भन्ते ! भिक्षु स्वयम्ले शास्ताप्रति गौरव गर्ने हुन्छ तथा शास्ताको गुणानुवाद गर्ने हुन्छ । जो भिक्षुले शास्ताप्रति गौरव गर्दैन उसलाई शास्ताप्रति गौरव गर्न प्रेरणा दिने हुन्छ । जो भिक्षुले शास्ताप्रति गौरव गर्छ, उसलाई समय-समयमा यथार्थसहित प्रशंसा गर्छ । स्वयम्ले धर्मप्रति गौरव गर्छ ... संघप्रति गौरव गर्छ ... शिक्षाप्रति गौरव गर्छ ... सुवच हुन्छ ... कल्याण मित्रको संगत गर्छ, कल्याण मित्रको गुणगान गर्छ । जो भिक्षु कल्याण मित्रको संगतमा रहँदैन, उसलाई सत्संगतमा रहन प्रेरणा दिनछ । जो कोही भिक्षु सत्संगतमा रहन्छ, उसलाई समय-समयमा यथार्थसहित प्रशंसा गर्नुहुन्छ । भन्ते ! भगवानले जुन संक्षेपमा भन्नुभयो, मैले त्यसको अर्थ विस्तृतरूपमा यसरी नै बुझ्दछु ।"

"साधु, साधु, सारिपुत्त ! साधु, सारिपुत्त ! जे जति मैले संक्षेपमा भनें, तिमीले त्यसरी विस्तृतरूपले बुझ्यौ । यहाँ, सारिपुत्त ! भिक्षु स्वयम्ले



Downloaded from http://dhamma.digital

शास्ताप्रति गौरव गर्छ तथा शास्ताको गुणानवाद गर्छ। जो भिक्षुले शास्ताप्रति गौरव गर्दैन, शास्ताप्रति गौरव गर्नलाई प्रेरणा दिन्छ। जो भिक्षुले शास्ताप्रति गौरव गर्छ उसलाई समय-समयमा यथार्थ प्रशंसा गर्छ। स्वयम्ले धर्मप्रति गौरव गर्छ ... संघप्रति गौरव गर्छ ... शिक्षाप्रति गौरव गर्छ ... सुवच हुन्छ ... कल्याण मित्रको संगत गर्छ अनि कल्याण मित्रको गुणगान गर्छ। जो भिक्षु कल्याण मित्रको संगतमा रहँदैन, उसलाई सत्संगतमा रहन प्रेरणा दिन्छ। जो भिक्षु सत्संगतमा रहन्छ, उसको समय-समयमा यथार्थसहित प्रशंसा गर्छ। सारिपुत्त ! संक्षेपमा मैले जुन भनें त्यसको अर्थ विस्तृतरूपमा यसरी नै बुझ्नुपर्छ।"

## ६. समाधिसुत्तं

७०. " 'भिक्षुहो ! जो भिक्षु न त शान्त हुन्छ, न त प्रणीत हुन्छ, न त प्रशान्त र न त एकाग्रताले युक्त हुन्छ, उसले अनेकौं प्रकारका ऋद्धि, जस्तै कि– एक भएर धेरै हुनसक्ने, धेरै भएर पनि एक हुनसक्ने ... ब्रह्मलोकसम्म आफ्नो शरीरको पहुँच हुनसक्ने सम्भावना निश्चय नै रहँदैन।' 'उसले मनुष्यको सामर्थ्य भन्दा परको विशुद्ध दिव्यमय श्रोत-धातुले दिव्य-लोक र मनुष्यका दूर तथा समीपका शब्दलाई सुन्नसक्ने सम्भावना रहँदैन।' 'उसले अरूका चित्तमा रहेका कुरालाई आफ्नो चित्तद्वारा एक-एक गरी जस्तै कि– सराग चित्त भएमा सराग भनी ... जान्नसक्ने सम्भावना रहँदैन।' 'उसले अनेकौं प्रकारले पूर्व जन्मका कुराहरू जस्तै कि– एक जन्मको, दुई जन्मको ...यस्तो स-आकारसहित र स-उद्देश्यकासाथ नानाप्रकारले अनुस्मरण गर्नसक्ने सम्भावना रहँदैन।' 'उसले, मनुष्यको सामर्थ्य भन्दा परको विशुद्ध दिव्य दृष्टिबाट सत्वलाई देख्नसक्ने, जस्तै कि– यथा कर्मानुसार सत्वको गतिलाई जान्नसक्ने सम्भावना रहँदैन।' 'आश्रव क्षय गरी ... साक्षात्कार र लाभ गरी बस्नसक्ने सम्भावना रहँदैन।

"'भिक्षुहो ! जो भिक्षु शान्त हुन्छ, प्रणीत हुन्छ, प्रशान्त र एकाग्रताले युक्त हुन्छ उसले अनेकौं प्रकारका ऋद्धि, जस्तै कि– एक भएर धेरै हुनसक्ने, धेरै भएर पनि एक हुनसक्ने ... ब्रह्मलोकसम्म आफ्नो शरीरको पहुँच हुनसक्ने सम्भावना निश्चय नै रहन्छ।' 'उसले, मनुष्यको सामर्थ्य भन्दा परको विशुद्ध दिव्यमय श्रोत-धातुले दिव्य र मनुष्यका दूर तथा समीपका शब्दलाई सुन्नसक्ने सम्भावना छ।' 'उसले अरूका चित्तमा रहेकोलाई आफ्नो चित्तद्वारा एक-एक गरी, जस्तै कि– सराग चित्त भएमा सराग भनी ... जान्नसक्ने सम्भावना छ।' 'उसले अनेकौं प्रकारले पूर्व जन्मका कुराहरू जस्तै



Downloaded from http://dhamma.digital

कि– एक जन्मको, दुईजन्मको ... यस्तो-उस्तो सआकार, सउद्देश्यकासाथ नानाप्रकारकालाई अनुस्मरण गर्नसक्ने सम्भावना छ।' 'उसले मनुष्य सामर्थ्य भन्दा परको विशुद्ध दिव्य दृष्टिबाट सत्वलाई देख्नसक्ने जस्तै कि– यथा कर्मानुसार सत्वका गतिलाई जान्नसक्ने सम्भावनारहेको हुन्छ।' 'आश्रवक्षय गरी चित्तविमुक्ति ... साक्षात्कार र लाभ गरी बस्नसक्ने सम्भावना छ।' "

## ७. सक्खिभब्बसुत्तं

७१. "भिक्षुहो ! यी छः प्रकारका धर्मद्वारा सम्पन्न भिक्षुसंग स्मृति स्थिति (आयतन) रहँदा पनि त्यस-त्यस विषयमा साक्षीभावलाई प्राप्त गर्न अयोग्य हुन्छ। ती छः के-के हुन् ? भिक्षुहो ! यहाँ भिक्षुले 'यो हानिकारक धर्म हुन् भनी यथार्थसहित जानेको हुँदैन। 'यी स्थितिलाई यथावत बनाई राख्ने धर्म हुन् भनी यथार्थसहित जानेको हुँदैन। 'यी विषेशप्राप्ति धर्म हुन् भनी यथार्थसहित जानेको हुँदैन। 'यी छिचोल्न सक्ने धर्म हुन् भनी यथार्थसहित जानेको हुँदैन। उत्साहि हुँदैन, आफ्नो हित हुने विषय जानेको हुँदैन। भिक्षुहो ! यी नै छः प्रकारका धर्मद्वारा सम्पन्न भिक्षुस्मृति स्थितिरहँदा पनि त्यस-त्यस विषयमा साक्षी-भाव प्राप्त गर्न अयोग्य हुन्छ।

"भिक्षुहो ! यी छः प्रकारका धर्मद्वारा सम्पन्न भिक्षुसंग स्मृति स्थिति (आयतन) रहँदा, त्यस-त्यस विषयमा साक्षी-भावलाई प्राप्त गर्न योग्य हुन्छ। ती छः प्रकारका के के हुन् ? भिक्षुहो ! यहाँ भिक्षुले 'यी हानिकारक धर्म हुन्, भनी यथार्थसहित जानेको हुन्छ। 'यी स्थितिलाई यथावत बनाई राख्ने धर्म हुन्, भनी यथार्थसहित जानेको हुन्छ। 'यी विषेश-प्राप्ति धर्म हुन्, भनी यथार्थसहित जानेको हुन्छ। 'यी छिचोल्न सक्ने धर्म हुन्, भनी यथार्थसहित जानेको हुन्छ। उत्साहित हुन्छ अनि आफ्नो हित हुने विषयलाई जानेको हुन्छ। भिक्षुहो ! यी नै छः प्रकारका धर्ममा सम्पन्न भिक्षुसंग स्मृति स्थितिरहँदा, त्यस-त्यस विषयमा साक्षीभावलाई प्राप्त गर्न योग्य हुन्छ। "

## ८. बलसुत्तं

७२. "भिक्षुहो ! यी छः प्रकारका धर्मद्वारा सम्पन्न भिक्षु समाधिमा बलवान हुने सम्भव छैन। ती छः के-के हुन् ? भिक्षुहो ! यहाँ भिक्षु समाधिको समापत्ति लाभ गर्नमा दक्षता हुँदैन। समाधिको अवस्थामा स्थितरहनमा दक्षता हुँदैन। समाधिबाट उठ्नमा दक्षता हुँदैन। असावधानी



Downloaded from http://dhamma.digital

हुन्छ । सतत नगर्ने अनि आफ्नो अनुकूल नगर्ने हुन्छ । भिक्षुहो ! यी नै छः प्रकारका धर्मद्वारा सम्पन्न भिक्षु समाधिमा बलवान हुने सम्भव छैन ।

"भिक्षुहो ! यी छः प्रकारका धर्मद्वारा सम्पन्न भिक्षु समाधिमा बलवान हुने सम्भव छ । ती छः के-के हुन् ? भिक्षुहो ! यहाँ भिक्षु समाधिको समापत्ति लाभ गर्नमा दक्षता हुन्छ । समाधिको अवस्थामा स्थितरहनमा दक्षता हुन्छ । समाधिबाट उठ्नमा दक्षता हुन्छ । सावधानी हुन्छ । सतत गर्ने अनि आफ्नो अनुकूल गर्छ । भिक्षुहो ! यी नै छः प्रकारका धर्मद्वारा सम्पन्न भिक्षु समाधिमा बलवान हुने सम्भव छ ।"

## ९. पठमतज्झानसुत्त

७३. "भिक्षुहो ! छ :प्रकारका धर्मबाट नअलग्गिएमा प्रथम ध्यान प्राप्त गरी विहर्न सम्भव छैन । ती छः क-के हुन् ? काम-छन्द, ब्यापाद, शारीरिक र मानसिक आलस्य, उद्धतपन-कौकृत्य, शंका अनि काम भोगबाट हुने दुष्परिणामलाई यथार्थसहित जानेको हुँदैन । भिक्षुहो ! यी नै छः प्रकारका धर्मबाट नअलग्गिएमा प्रथम ध्यान प्राप्त गरी विहर्न सम्भव छैन ।

"भिक्षुहो ! छः प्रकारका धर्मबाट अलग्गिएमा प्रथम ध्यान प्राप्त गरी विहर्न सम्भव छ । ती छः प्रकारका के-के हुन् ? काम-छन्द, ब्यापाद, शारीरिक र मानसिक आलस्य, उद्धतपन र कौकृत्य, शंका अनि काम भोगमा हुने दुष्परिणामलाई यथार्थसहित जानेको हुन्छ । "भिक्षुहो ! यी नै छःप्रकारका धर्मबाट अलग्गिएमा प्रथम ध्यान प्राप्त गरी विहर्न सम्भव छ ।"

## १०. दुतियतज्झानसुत्तं

७४. "भिक्षुहो ! यी छः प्रकारका धर्मबाट नअलग्गिएमा प्रथमध्यान प्राप्त गरी विहर्न सम्भव छैन । ती छः के-के हुन् ? काम-वितर्क, ब्यापाद वितर्क, विहिंसावितर्क, कामसंज्ञा, ब्यापादसंज्ञा अनि विहिंसा-संज्ञा । भिक्षुहो ! यी नै छःप्रकारका धर्मबाट नअलग्गिएमा प्रथमध्यान प्राप्त गरी विहर्न सम्भव छैन ।

"भिक्षुहो ! यी छः प्रकारका धर्मबाट अलग्गिएमा प्रथमध्यान प्राप्त गरी विहर्न सम्भव छ । ती छः के-के हुन् ? काम-वितर्क, ब्यापाद-वितर्क, विहिंसा-वितर्क, काम-संज्ञा, ब्यापाद-संज्ञा अनि विहिंसा-संज्ञा । "भिक्षुहो ! यी नै छः प्रकारका धर्मबाट अलग्गिएमा प्रथमध्यान प्राप्त गरी विहर्न सम्भव छ ।"



Downloaded from http://dhamma.digital

## ८. अरहत्तवग्गो

### १. दुक्खसुत्तं

७५. "भिक्षुहो ! यी छः प्रकारका धर्मद्वारा सम्पन्न भिक्षु यसै जीवनमा दु:ख, कष्ट, पीड अनि छटपटिएर बस्नुपर्ने हुन्छ । शरीर भेद भई मरणपछि दुर्गतिमा पर्ने आश गर्न सकिन्छ । ती छः के-के हुन् ? कामवितर्क, द्वेषवितर्क, विहिंसावितर्क, कामसंज्ञा, द्वेषसंज्ञा अनि विहिंसासंज्ञा । भिक्षुहो ! यी नै छः प्रकारका धर्मद्वारा सम्पन्न भिक्षु, यसै जीवनमा दु:ख, कष्ट, पीड र छटपटिएर बस्नुपर्ने हुन्छ अनि शरीर भेद भई मरणपछि दुर्गतिमा पर्ने आश गर्न सकिन्छ ।

"भिक्षुहो ! यी छः प्रकारका धर्मद्वारा सम्पन्न भिक्षु, यसै जीवनमा सुख पूर्वक, कष्टरहित, पीडरहित अनि छटपटिएर बस्नु नपर्ने हुन्छ अनि शरीर भेद भई मरणपछि सुगतिमा पर्ने आश गर्न सकिन्छ । ती छः के-के हुन् ? निष्कामवितर्क, अद्वेषवितर्क, अविहिंसावितर्क, निष्कामसंज्ञा, अद्वेषसंज्ञा अनि अविहिंसासंज्ञा । भिक्षुहो ! यी नै छः प्रकारका धर्मद्वारा सम्पन्न भिक्षु यसै जीवनमा दु:ख, कष्ट, पीड र छटपटिएर बस्नु नपर्ने हुन्छ । शरीर भेद भई मरणपछि सुगतिमा पर्ने आश गर्न सकिन्छ ।"

### २. अरहत्तसुत्तं

७६. "भिक्षुहो ! छः प्रकारका धर्मबाट नअलग्गिएमा अर्हत्वलाई साक्षात्कार गर्न सम्भव छैन । ती छः प्रकारका के-के हुन् ? मान, हीन भावमा मान, अतिमान, अहंकारी, कठोरपन र निम्नस्तरीय हीन भावमा मान । भिक्षुहो ! यी नै छः प्रकारका धर्मबाट नअलग्गिएमा अर्हत्वलाई साक्षात्कार गर्न सम्भव छैन ।

"भिक्षुहो ! छः प्रकारका धर्मबाट अलग्गिएमा अर्हत्वलाई साक्षात्कार गर्न सम्भव छ । ती छः के-के हुन् ? मान, हीन भावमा मान, अतिमान, अहंकारी, कठोरपन र निम्नस्तरीय हीन भावमा मान । भिक्षुहो ! यी नै छः प्रकारका धर्मबाट अलग्गिएमा अर्हत्वलाई साक्षात्कार गर्न सम्भव छ ।"

### ३. उत्तरियमनुस्सधम्मसुत्तं

७७. "भिक्षुहो ! छः प्रकारका धर्मबाट नअलग्गिएमा विशेष 'आर्यज्ञान-दर्शन' गर्न सम्भव छैन । ती छः के-के हुन् ? मूढ स्मृति, असावधानी, इन्द्रि



Downloaded from http://dhamma.digital

असंयमी, भोजनमा अमात्रज्ञ, ढोंगी अनि वाचाल । भिक्षुहो ! यी नै छः प्रकारका धर्मबाट नअलग्गिएमा विशेष 'आर्यज्ञान दर्शन' गर्न सम्भव छैन ।

"भिक्षुहो ! छः प्रकारका धर्मबाट अलग्गिएमा विशेष 'आर्यज्ञानदर्शन गर्न सम्भव छ । ती छः प्रकारका के-के हुन् ? मूढ स्मृति, असावधानी, इन्द्रिय असंयमी, भोजनमा अमात्रज्ञ, ढोंगी अनि वाचाल । भिक्षुहो ! यी नै छः प्रकारका धर्मबाट अलग्गिएमा विशेष 'आर्यज्ञानदर्शन' प्राप्त गर्न सम्भव हुन्छ ।

## ४. सुखसोमनस्ससुत्तं

७८. "भिक्षुहो ! यी छः प्रकारका धर्मद्वारा सम्पन्न भिक्षुले यसै जन्ममा सुख सौमनस्य बहुल भई विहर्नेछन्, जुन आश्रव क्षयार्थ तयाररहेको हुन्छ । ती छः के-के हुन् ? भिक्षुहो ! यहाँ भिक्षु धर्ममा रमणे हुन्छ, ध्यानमा रमणे हुन्छ, परित्यागमा रमणे हुन्छ, एकान्तमा रमणे हुन्छ, दुःख-रहित हुनमा रमणे हुन्छ, निष्प्रपञ्चमा रमणे हुन्छ । भिक्षुहो ! यी नै छः प्रकारका धर्मद्वारा सम्पन्न भिक्षुले यसै जन्ममा सुख सौमनस्य बहुल भई विहर्नेछन्, जुन आश्रव क्षयार्थ तयाररहेको हुन्छ ।"

## ५. अधिगमसुत्तं

७९. "भिक्षुहो ! यी छः प्रकारका धर्ममा असम्पन्न भिक्षुले अप्राप्त कुशल धर्म प्राप्त गर्न अनि प्राप्त कुशल धर्ममा वृद्धि गर्न सक्दैन । ती छः के-के हुन् ? भिक्षुहो ! यहाँ भिक्षु आगमनमा कुशल हुँदैन, गमनमा कुशल हुँदैन, उपाय कुशल हुँदैन, अप्राप्त कुशल धर्मलाई प्राप्त गर्न अनिच्छुक हुन्छ, अप्राप्त कुशल धर्मको अरक्षक हुन्छ अनि सतत प्रयासमा लाग्दैन । भिक्षुहो ! यी नै छः प्रकारका धर्ममा असम्पन्न भिक्षुले, अप्राप्त कुशल धर्म प्राप्त गर्न अनि प्राप्त कुशल धर्ममा वृद्धि गर्न सक्दैन ।

"भिक्षुहो ! यी छः प्रकारका धर्ममा सम्पन्न भिक्षुले अप्राप्त कुशल धर्म प्राप्त गर्न अनि प्राप्त कुशल धर्ममा वृद्धि गर्न सकिन्छ । ती छः के-के हुन् ? भिक्षुहो ! यहाँ भिक्षु आगमनमा कुशल हुन्छ, गमनमा कुशल हुन्छ, उपाय कुशल हुन्छ, अप्राप्त कुशल धर्मलाई प्राप्तार्थ इच्छुक हुन्छ, प्राप्त कुशल धर्मका रक्षक हुन्छ अनि सतत प्रयास रत हुन्छ । भिक्षुहो ! यी नै छः प्रकारका धर्ममा सम्पन्न भिक्षुले अप्राप्त कुशल धर्म प्राप्त गर्न अनि प्राप्त कुशल धर्ममा वृद्धि गर्न सक्नेछ ।"



Downloaded from http://dhamma.digital

## ६. महन्तसुत्तं

८०. "भिक्षुहो ! यी छ: प्रकारका धर्मसम्पन्न भिक्षुले चिरकाल नबित्दै धर्मको विषयमा महानता र विपुलता प्राप्त गर्नसक्छ । ती छ: के-के हुन् ? भिक्षुहो ! यहाँ भिक्षु ज्ञानमा बहुआलोक, बहुध्यानी, बहु प्रीति-प्रामोद्य, बहुपिपासु (पुण्य कर्म जति गरे पनि अतृप्त), काँध नभ्फुकाउने अनि कुशल धर्ममा उत्तरोत्तर वृद्धि गर्ने हुन्छ । भिक्षुहो ! यी नै छ: प्रकारका धर्मसम्पन्न भिक्षुले चिरकाल नबित्दै धर्मको विषयमा महानता र विपुलता प्राप्त गर्नसक्छ ।"

## ७. पठमनिरयसुत्तं

८१. "भिक्षुहो ! यी छ: प्रकारका धर्मसम्पन्न भिक्षुलाई समातेर नरकमा राखे समानका हुन् । ती छ: के-के.हुन् ? हिंसा गर्छ, चोर्छ, व्यभिचारी हुन्छ, भ्फूटो बोल्छ, पाप-मतिको हुन्छ अनि मिथ्यादृष्टिको हुन्छ । भिक्षुहो ! यी नै छ: प्रकारका धर्मसम्पन्न भिक्षुलाई समातेर नरकमा राखे समान हुन् ।"

"भिक्षुहो ! यी छ: प्रकारका धर्मसम्पन्न भिक्षुलाई समातेर स्वर्गमा राखे समानका हुन् । ती छ: प्रकारका के-के हुन् ? हिंसाबाट विरत हुन्छ, चोर्नबात विरत हुन्छ, व्यभिचारबाट विरत हुन्छ, भ्फूटो बोल्नबाट विरत हुन्छ, अल्पेच्छ अनि सम्यकदृष्टि हुन्छ । भिक्षुहो ! यी नै छ: प्रकारका धर्मसम्पन्न भिक्षुलाई समातेर स्वर्गमा राखे समान हुन् ।"

## ८. दुतियनिरयसुत्तं

८२. "भिक्षुहो ! यी छ: प्रकारका धर्मसम्पन्न भिक्षुलाई समातेर नरकमा राखे समान हुन् । ती छ: के-के हुन् ? हिंसा गर्छ, चोर्छ, व्यभिचार गर्छ, भ्फूटो बोल्छ, लोलुप अनि बोलक्कड हुन्छ । भिक्षुहो ! यी नै छ: प्रकारका धर्मसम्पन्न भिक्षुलाई समातेर नर्कमा राखे समान हुन् ।

"भिक्षुहो !यी छ: प्रकारका धर्मसम्पन्न भिक्षुलाई समातेर स्वर्गमा राखे समान हुन् । ती छ: के-के हुन् ? हिंसा गर्नबाट विरत हुन्छ, चोर्नबात विरत हुन्छ, व्यभिचार गर्नबाट विरत हुन्छ, भ्फूटो बोल्नबाट विरत हुन्छ, लोलुप अनि बोलक्कड हुँदैन । भिक्षुहो ! यी नै छ: प्रकारका धर्मसम्पन्न भिक्षुलाई समातेर स्वर्गमा राखे समान हुन् ।"



Downloaded from http://dhamma.digital

## ९. अग्गधम्मसुत्तं

८३. "भिक्षुहो ! छ: प्रकारका धर्मसम्पन्न भिक्षुले उत्तम धर्म अर्हत्वको साक्षात्कार गर्न सम्भव छैन । ती छ: के-के हुन् ? भिक्षुहो ! यहाँ भिक्षु, अश्रद्धालु हुन्छ, निर्लज्ज हुन्छ, निर्भयी हुन्छ, अल्छे हुन्छ, दुष्प्रज्ञ हुन्छ, शरीर र जीवनप्रति सापेक्ष हुन्छ । भिक्षुहो ! यी नै छ: प्रकारका धर्मसम्पन्न भिक्षुले उत्तम धर्म अर्हत्वलाई साक्षात्कार गर्न सम्भव छैन ।"

"भिक्षुहो ! छ: प्रकारका धर्मसम्पन्न भिक्षुले उत्तम धर्म अर्हत्वलाई साक्षात्कार गर्न सम्भव छ । ती छ: के-के हुन् ? भिक्षुहो ! यहाँ भिक्षु, श्रद्धालु हुन्छ, लजालु हुन्छ, भयवान हुन्छ, प्रयत्नशील हुन्छ, प्रज्ञावान हुन्छ, शरीर र जीवनप्रति अनपेक्षित हुन्छ । भिक्षुहो ! यी नै छ: प्रकारका धर्मसम्पन्न भिक्षुले उत्तम धर्म अर्हत्वलाई साक्षात्कार गर्न सम्भव छ ।

## १०. रत्तिदिवससुत्तं

८४. "भिक्षुहो ! यी छ: प्रकारका धर्मसम्पन्न भिक्षुका निम्ति जुन रात र दिन आउँछ त्यो उसको निम्ति कुशल धर्ममा हानि तथा वृद्धि नहुने आश गर्न सकिन्छ । ती छ: के-के हुन् ? भिक्षुहो ! यहाँ भिक्षु, जुनसुकै चीवर-भोजन-शयनासन-भैषज्य र परिष्कारप्रति धेरै लोलुपक हुन्छ, दु:खित हुन्छ, असन्तोषी हुन्छ, अश्रद्धालु हुन्छ, दु:शील हुन्छ, अल्छे हुन्छ, मूढ-स्मृति हुन्छ अनि दुष्प्रज्ञ हुन्छ । भिक्षुहो ! यी नै छ: प्रकारका धर्मसम्पन्न भिक्षुका निम्ति जुन रात र दिन आउँछ त्यो उसको निम्ति कुशल धर्ममा हानि तथा वृद्धि नहुने आश गर्न सकिन्छ ।

"भिक्षुहो ! यी छ: प्रकारका धर्मसम्पन्न भिक्षुका निम्ति जुन रात र दिन आउँछ त्यो उसको कुशल धर्ममा हानि हुनेछैन तथा वृद्धि हुनेछ । ती छ: के-के हुन् ? भिक्षुहो ! यहाँ भिक्षु, जुनसुकै चीवर-भोजन-शयनासन-भैषज्य र परिष्कारप्रति धेरै लोलुपक हुँदैन, दु:खित हुँदैन,, असन्तोषी हुँदैन, श्रद्धालु हुन्छ, शीलवान हुन्छ, प्रयत्नशील हुन्छ, स्मृतिमान अनि प्रज्ञावान हुन्छ । भिक्षुहो ! यी नै छ: प्रकारका धर्मसम्पन्न भिक्षुका निम्ति जुन रात र दिन आउँछ त्यो उसको निम्ति कुशल धर्म हानिकारक नहुने वृद्धि हुने आश गर्न सकिन्छ ।"



Downloaded from http://dhamma.digital

# ९. सीतिवग्गो

## १. सीतिभावसुत्तं

८५. "भिक्षुहो ! यी छः प्रकारका धर्मसम्पन्न भिक्षु अनुपम शान्तिभावलाई साक्षात्कार गर्न अयोग्य हुन् । ती छः के के हुन् ? भिक्षुहो ! यहाँ भिक्षुले जुन समय चित्तलाई निग्रह गर्न आवश्यक हो, त्यस समय चित्तलाई निग्रह गर्दैन; जुन समय चित्तलाई बलियो गरी समाउनु पर्ने हो, त्यस समय चित्तलाई बलियो गरी समाउँदैन; जुन समय चित्त प्रमुदित गर्नुपर्छ, त्यस समय चित्तलाई प्रमुदित गर्दैन; जुन समय चित्त उपेक्षा युक्त हुनुपर्ने हो, त्यस समय चित्त उपेक्षा युक्त हुँदैन; हीन प्रवृत्तिको हुन्छ अनि सत्कायदृष्टिको हुन्छ । भिक्षुहो ! यी नै छः प्रकारका धर्मसम्पन्न भिक्षु अनुपम शान्तिभावलाई साक्षात्कार गर्न अयोग्य हुन् ।

८५. "भिक्षुहो ! यी छः प्रकारका धर्मसम्पन्न भिक्षु अनुपम शान्ति-भावलाई साक्षात्कार गर्न योग्य हुन् । ती छः के-के हुन् ? भिक्षुहो ! यहाँ भिक्षुले जुन समय चित्तनिग्रह गर्न आवश्यक हो, त्यस समय चित्तनिग्रह गर्छ; जुन समय चित्तलाई बलियो गरी समाउनु पर्ने हो, त्यस समयमा चित्तलाई बलियो गरी समाउँछ; जुन समयमा चित्त प्रमुदित गर्नुपर्छ, त्यस समयमा चित्तलाई प्रमुदित गर्छ; जुन समयमा चित्त उपेक्षा युक्त हुनुपर्ने हो, त्यस समय चित्त उपेक्षा युक्त हुन्छ; उच्चप्रवृत्तिको हुन्छ अनि निर्वाणाभिरतिको हुन्छ । भिक्षुहो ! यी नै छः प्रकारका धर्मसम्पन्न भिक्षु अनुपम शान्ति भावलाई साक्षात्कार गर्न योग्य हुन् ।"

## २. आवरणसुत्तं

Dhamma.Digital

८६. "भिक्षुहो ! यी छः प्रकारका धर्मसम्पन्न भिक्षु सद्धर्म श्रवण गरे पनि कुशल धर्ममा सम्यकत्व प्राप्त गर्न अयोग्य हुन् । ती छः के-के हुन् ? पञ्च आनन्तरिय आवरण (तल ३. वोरोपितसुत्तं हेरौं) को कर्मले युक्त हुन्छ । मिथ्यादृष्टिको आवरणले युक्त हुन्छ, विपाकको आवरणले युक्त हुन्छ, अश्रद्धालु हुन्छ, अनिच्छुक हुन्छ अनि दुष्प्रज्ञ हुन्छ । भिक्षुहो ! यी नै छः प्रकारका धर्मसम्पन्न भिक्षु सद्धर्मलाई श्रवण गरे पनि कुशल धर्ममा सम्यकत्व प्राप्त गर्नको निम्ति अयोग्य हुन् ।



Downloaded from http://dhamma.digital

"भिक्षुहो ! यी छः प्रकारका धर्मसम्पन्न भिक्षु सद्धर्म श्रवण गरेमा कुशल धर्ममा सम्यकत्व प्राप्त गर्न योग्य हुन् । ती छः के-के हुन् ? पञ्च आनन्तरिय आवरणको कर्मले युक्त हुँदैन । सम्यकदृष्टिको आवरणले युक्त हुन्छ, विपाकको आवरणले युक्त नभएको हुन्छ, श्रद्धालु हुन्छ, इच्छुक हुन्छ अनि प्रज्ञावन हुन्छ । भिक्षुहो ! यी नै छः प्रकारका धर्मसम्पन्न भिक्षु सद्धर्म श्रवण गरेमा कुशल धर्ममा सम्यकत्व प्राप्त गर्नको निम्ति योग्य हुन् ।"

## ३. वोरोपितसुत्तं

८६. "भिक्षुहो ! यी छः प्रकारका धर्मसम्पन्न भिक्षु सद्धर्म श्रवण गरे पनि कुशल धर्ममा सम्यकत्व प्राप्त गर्न अयोग्य हुन् । ती छः के-के हुन् ? मातृहत्या, पितृहत्या, अर्हतहत्या, दुष्ट चित्तले तथागतको शरीरबाट रगत बगाउने, संघभेद अनि जड-लातो हुन्छ । भिक्षुहो ! यी नै छः प्रकारका धर्मसम्पन्न भिक्षु सद्धर्म श्रवण गरे पनि कुशल धर्ममा सम्यकत्व प्राप्त गर्न अयोग्य हुन् ।

"भिक्षुहो ! यी छः प्रकारका धर्मसम्पन्न भिक्षु सद्धर्म श्रवण गरेमा कुशल धर्ममा सम्यकत्व प्राप्त गर्न योग्य हुन् । ती छः के-के हुन् ? मातृहत्या गरेको हुँदैन, पितृहत्या गरेको हुँदैन, अर्हतहत्या गरेको हुँदैन, दुष्ट चित्तले तथागतको शरीरबाट रगत बगाएको हुँदैन, संघभेद गरेको हुँदैन अनि जड-लातो नभई प्रज्ञावान हुन्छ । भिक्षुहो ! यी नै छः प्रकारका धर्मसम्पन्न भिक्षुले सद्धर्मलाई श्रवण गरे कुशल धर्ममा सम्यकत्व प्राप्त गर्न योग्य हुन्छ ।"

## ४. सस्सूसतिसुत्तं

८८ "भिक्षुहो ! यी छः प्रकारका धर्मसम्पन्न भिक्षु सद्धर्म श्रवण गरे पनि कुशल धर्ममा सम्यकत्व प्राप्त गर्न अयोग्य हुन् । ती छः प्रकारका के-के हुन् ? तथागतद्वारा दिइने धर्म र विनयको उपदेशलाई सुन्न चाहँदैन, कान लगाउँदैन, ज्ञान प्राप्तको निम्ति चित्त उपस्थित गर्दैन, अनर्थक ग्रहण गर्छ, अर्थ ग्रहण गर्दैन अनि अनुचितमा क्षान्तियुक्त हुन्छ । भिक्षुहो ! यी नै छः प्रकारका धर्मसम्पन्न भिक्षु सद्धर्मलाई श्रवण गरे पनि कुशल धर्ममा सम्यकत्व प्राप्त गर्न अयोग्य हुन् ।

"भिक्षुहो ! यी छः प्रकारका धर्मसम्पन्न भिक्षुले सद्धर्मलाई श्रवण गरेमा कुशल धर्ममा सम्यकत्व प्राप्त गर्न योग्य हुन् । ती छः के-के हुन् ? तथागतद्वारा



Downloaded from http://dhamma.digital

दिइने धर्म र विनयको उपदेशलाई सुन्न चाहन्छ, कान लगाउँछ, ज्ञान प्राप्तको निम्ति चित्त उपस्थित गरी राख्छ, अर्थ ग्रहण गर्छ, अनर्थक ग्रहण गर्दैन अनि अनुचितमा क्षान्ति युक्त हुँदैन । भिक्षुहो ! यी नै छः प्रकारका धर्मसम्पन्न भिक्षु सद्धर्मलाई श्रवण गरेमा कुशल धर्ममा सम्यकत्व प्राप्त गर्न निम्ति योग्य हुन् ।

## ५. अप्पहायसुत्तं

८९. "भिक्षुहो ! छः प्रकारका धर्म परित्याग नगरेमा दृष्टिसम्पदा प्राप्त गर्न असम्भव छ । ती छः के-के हुन् ? सत्कायदृष्टि, शंका, शीलव्रतपरामास, अपायगामी राग, अपायगामी द्वेष र अपायगामी मोह । भिक्षुहो ! यी नै छः प्रकारका धर्म परित्याग नगरे दृष्टिसम्पदा प्राप्त गर्न असम्भव छ ।

"भिक्षुहो ! छः प्रकारका धर्म परित्याग गरेमा दृष्टिसम्पदा प्राप्त गर्न सम्भव छ । ती छः के-के हुन् ? सत्कायदृष्टि, शंका, शीलव्रतपरामास अपाय गामी राग, अपायगामी द्वेष र अपायगामी मोह । भिक्षुहो ! यी नै छः प्रकारका धर्म परित्याग गरेमा दृष्टिसम्पदा प्राप्त गर्न सम्भव छ ।"

## ६. पहीनसुत्तं

९०. "भिक्षुहो ! यी छः प्रकारका धर्म, दृष्टिसम्पन्न भिक्षुसँग हुँदैन । ती छः के-के हुन् ? सत्कायदृष्टि, शंका, शीलव्रतपरामास, अपाय गामी राग, अपायगामी द्वेष र अपायगामी मोह । भिक्षुहो ! यी नै छः प्रकारका धर्म दृष्टिसम्पन्न भिक्षुसँग हुँदैन ।"

## ७. अभब्बसुत्तं

९१. "भिक्षुहो ! छः प्रकारका धर्म, दृष्टिसम्पन्न व्यक्तिमा उत्पन्न हुनु असम्भव छ । ती छः के-के हुन् ? सत्कायदृष्टि, शंका, शीलव्रतपरामास, अपाय गामी राग, अपायगामी द्वेष र अपायगामी मोह । भिक्षुहो ! दृष्टिसम्पन्न व्यक्तिमा यी नै छः प्रकारका धर्म उत्पन्न हुनु असम्भव छ ।

## ८. पठमअभब्बट्ठानसुत्तं

९२. "भिक्षुहो ! यी छः असम्भव हुन् । ती छः के-के हुन् ? दृष्टिसम्पन्न व्यक्तिले शास्ताप्रति अनादर र अगौरव गरी विचरण गर्नु भनेको असम्भव हो,



Downloaded from http://dhamma.digital

दृष्टिसम्पन्न व्यक्तिले धर्मप्रति अनादर र अगौरव गरी विचरण गर्नु भनेको असम्भव हो, दृष्टिसम्पन्न व्यक्तिले संघप्रति अनादर र अगौरव गरी विचरण गर्नु भनेको असम्भव हो, दृष्टिसम्पन्न व्यक्तिले शिक्षाप्रति अनादर र अगौरव गरी विचरण गर्नु भनेको असम्भव हो, दृष्टिसम्पन्न व्यक्तिले जान नहुने मार्ग (अकरणीय) मा जानु भनेको असम्भव हो अनि यो पनि असम्भव हो कि आठौं जन्म लिने हुनु । भिक्षुहो ! यी नै छः असम्भव हुन् ।"

## ९. दुतियअभब्बट्ठानसुत्तं

९३. "भिक्षुहो ! यी छः असम्भव हुन् । ती छः के-के हुन् ? दृष्टि-सम्पन्न व्यक्तिले कुनै पनि संस्कारलाई नित्य भनी मान्नु असम्भव हो, दृष्टि-सम्पन्न व्यक्तिले कुनै पनि संस्कारलाई सुख भनी मान्नु असम्भव हो, दृष्टि-सम्पन्न व्यक्तिले कुनै पनि संस्कारलाई आत्मा (आफ्नो) भनी मान्नु असम्भव हो, दृष्टिसम्पन्न व्यक्तिले पञ्च आनन्तरिय कर्म गर्नु भनेको असम्भव हो । दृष्टिसम्पन्न व्यक्तिले लोकोक्ति (दृष्ट-श्रुत-स्पर्श) आदिद्वारा हुने मङ्गल कार्यलाई विश्वास गरी त्यसको पछि लाग्नु भनेको असम्भव हो अनि दृष्टि सम्पन्न व्यक्तिले यहाँ भन्दा बाहिर दक्षिणा दिन चाहना गर्नु भनेको असम्भव हो । भिक्षुहो ! यी नै छः असम्भव हुन् ।"

## १०. ततियअभब्बट्ठानसुत्तं

९४. "भिक्षुहो ! यी छः असम्भव हुन् । ती छः के-के हुन् ? दृष्टि-सम्पन्न व्यक्तिले मातालाई हत्या गर्न असम्भव हो, दृष्टिसम्पन्न व्यक्तिले पितालाई हत्या गर्न असम्भव हो, दृष्टिसम्पन्न व्यक्तिले पितालाई हत्या गर्न असम्भव हो, दृष्टिसम्पन्न व्यक्तिले अर्हतलाई हत्या गर्न असम्भव हो, दृष्टिसम्पन्न व्यक्तिले द्वेषभावको भई तथागतको शरीरबाट रगत बगाउनु असम्भव हो अनि दृष्टिसम्पन्न व्यक्तिले संघ भेद गर्नुभनेको असम्भव हो ।"

## ११. चतुत्थअभब्बट्ठानसुत्तं

९५. "भिक्षुहो ! यी छः असम्भव हुन् ? दृष्टिसम्पन्न व्यक्तिले स्वयंकृत सुख-दुःखको अनुगमन गर्नु भनेको असम्भव हो, दृष्टिसम्पन्न व्यक्तिले परकृत सुख-दुःखको अनुगमन गर्नु भनेको असम्भव हो, दृष्टिसम्पन्न व्यक्तिले स्वयंकृत र परकृत सुख-दुःखको अनुगमन गर्नु भनेको असम्भव हो, दृष्टिसम्पन्न व्यक्तिले अस्वयंकृत हेतुउत्पन्न सुख-दुःखको अनुगमन गर्नु भनेको असम्भव हो, दृष्टिसम्पन्न व्यक्तिले अपरंकृत हेतुउत्पन्न सुख-दुःखको अनुगमन



Downloaded from http://dhamma.digital

गर्नु भनेको असम्भव हो, दृष्टिसम्पन्न व्यक्तिले अस्वयंकृत र अपरंकृत हेतु-उत्पन्न सुख-दुःखको अनुगमन गर्नु भनेको असम्भव हो, यसो किन ? भिक्षुहो ! दृष्टिसम्पन्न व्यक्तिको निम्ति हेतुबाट तथा हेतुहरूबाट उत्पन्न हुने अवस्थामा त्यस्तै नै यथार्थ ज्ञान हुन्छ। भिक्षुहो ! यी नै छः असम्भव हुन् ।"

Downloaded from http://dhamma.digital

# १०. अनिसंसवग्गो

## १. पातुभावसुत्तं

९६. "भिक्षुहो ! यी छः प्रकारका प्रादुर्भाव दुर्लभ छन् । ती छः के-के हुन् ? तथागत अर्हत सम्यकसम्बुद्धको प्रादुर्भाव, संसारमा तथागतबाट दिएको धर्म-विनयलाई सुनाउने, संसारमा आर्यको आयतनमा जन्मलिनु दुर्लभ छ, संसारमा अङ्गप्रत्यङ्गद्वारा पूर्ण भई जन्मलिनु दुर्लभ छ, संसारमा अजडता तथा अमूर्खता भई जन्मलिनु दुर्लभ छ अनि कुशल धर्ममा इच्छा हुनु पनि दुर्लभ छ । भिक्षुहो ! यी नै छः प्रकारका प्रादुर्भाव दुर्लभ छन् ।"

## २. आनिसंसुत्तं

९७. "भिक्षुहो ! श्रोतापत्ति फल साक्षात्कार हुँदा यी छः प्रकारका शुभपरिणाम छन् । ती छः के-के हुन् ? सद्धर्ममा स्थिर हुन्छ, पतनोन्मुख हुँदैन, मर्यादित जीवनमा दुःख हुनेछैन, असाधारण ज्ञानसम्पन्न हुन्छ, हेतुमा सुदर्शित हुन्छ अनि त्यस हेतुबाट उत्पन्न धर्मज्ञानमा सुदर्शित हुन्छ । भिक्षुहो ! श्रोतापत्ति फल साक्षात्कार हुँदा यी नै छः प्रकारका शुभपरिणाम हुन् ।"

## ३. अनिच्चसुत्तं

९८. " 'भिक्षुहो ! जो भिक्षुले कुनै पनि संस्कारलाई 'नित्य' भनी मान्छ, उसले अनुकूल क्षान्तिलाई प्राप्त गर्नसक्ने सम्भावना छैन ।' 'जसले अनुकूल क्षान्ति प्राप्त गर्दैन, ऊ सम्यकजीवी हुनसक्ने सम्भावना छैन ।' 'जो सम्यकजीवी हुँदैन, उसले श्रोतापत्ति फल, सकृदागामि फल, अनागामि फल अनि अर्हत फल प्राप्त गर्न सक्ने सम्भावना छैन ।'

"भिक्षुहो ! जो भिक्षुले सबै संस्कारलाई 'अनित्य' भनी मान्छ, उसले अनुकूल क्षान्ति प्राप्त गर्नसक्ने सम्भावना छ ।' 'जसले अनुकूल क्षान्ति प्राप्त गर्छ, ऊ सम्यकजीवी हुनसक्ने सम्भावना छ ।' 'जो सम्यकजीवी हुन्छ, उसले श्रोतापत्ति फल, सकृदागामि फल, अनागामि फल अनि अर्हत फल प्राप्त गर्नसक्ने सम्भावना छ ।"

## ४. दुक्खसुत्तं

९९. "भिक्षुहो ! यदी भिक्षुले सबै संस्कारलाई 'सुख' भनी मानेमा ... सबै संस्कारलाई 'दुःख' भनी मानेमा ... सम्भावना छ ।"



Downloaded from http://dhamma.digital

### ५. अनत्तसुत्तं

१००. "भिक्षुहो ! यदी भिक्षुले कुनै पनि धर्मलाई 'आत्मा' भनी मानेमा ... सबै धर्मलाई 'अनात्मा' भनी मानेमा ... सम्भावना छ।"

### ६. निब्बानसुत्तं

१०१. " 'भिक्षुहो ! यदी भिक्षुले निर्वाणलाई दुःख भनी मानेमा उसले अनुकूल क्षान्ति प्राप्त गर्नसक्ने सम्भावना छैन।' 'जसले अनुकूल क्षान्ति प्राप्त गर्दैन, ऊ सम्यकजीवी हुनसक्ने सम्भावना छैन।' 'जो सम्यकजीवी हुँदैन, उसले श्रोतापत्ति फल, सकृदागामि फल, अनागामि फल अनि अर्हत फल प्राप्त गर्नसक्ने सम्भावना छैन।'

" 'भिक्षुहो ! यदी भिक्षुले निर्वाणलाई सुख भनी मानेमा उसले अनुकूल क्षान्ति प्राप्त गर्नसक्ने सम्भावना छ।' 'जसले अनुकूल क्षान्ति प्राप्त गर्छ, ऊ सम्यकजीवी हुनसक्ने सम्भावना छ।' 'जो सम्यकजीवी हुन्छ, उसले श्रोतापत्ति फल, सकृदागामि फल, अनागामि फल अनि अर्हत फललाई प्राप्त गर्नसक्ने सम्भावना छ।"

### ७. अनवत्थितसुत्तं

१०२. "भिक्षुहो ! यी छः प्रकारका शुभपरिणामलाई देख्नसक्ने भिक्षुलाई चाहिन्छ कि अपवादरहित सबै संस्कार 'अनित्य' हो भनी जान्नुपर्छ। ती छः के-के हुन् ? मलाई संस्कार सबै अस्थिर प्रतित हुन लाग्छ, समस्त लोकमा मेरो मन कहीं आसक्त छैन, समस्त लोकमा मेरो मन अनासक्त हुनेछ, मेरो मन निर्वाणाभिमुख हुनेछ, मेरो मन संयोजन (अङ्गुत्तर निकायको दोस्रोभागमा प. नं.९३ र १६८ हेरौं) बाट विनष्ट हुनेतिर लाग्नेछ अनि परम श्रामण्यले युक्त हुनेछु।' भिक्षुहो ! यी नै छः प्रकारका शुभपरिणामन देख्नसक्ने भिक्षुलाई चाहिन्छ कि अपवादरहित सबै संस्कार 'अनित्य' भनी जान्नुपर्छ।"

### ८. उक्खित्तासिकसुत्तं

१०३. "भिक्षुहो ! यी छः प्रकारका शुभपरिणामलाई देख्नसक्ने भिक्षुलाई चाहिन्छ कि अपवादरहित सबै संस्कार 'दुःख' हो भनी जान्नुपर्छ। ती छः के-के हुन् ? सबै संस्कार प्रति मेरो मनमा वैराग्यको भावनाले घर बन्नेछ, जस्तै कि त्यस वधिकप्रति शिरमा तरवार उठाई उभिरहेको होस्। समस्त लोकमा



Downloaded from http://dhamma.digital

मेरो मन कहीं आसक्त हुनेछैन । निर्वाणलाई शान्तस्वरूप देख्नेछु । ममा भएको अनुशय विनाश हुनेछ । म कृतकृत्य हुनेछु । मबाट तथागतलाई मैत्री पूर्ण सेवा हुनेछ । भिक्षुहो ! यी नै छः प्रकारका शुभपरिणामनलाई देख्नसक्ने भिक्षुलाई चाहिन्छ कि अपवादरहित सबै संस्कार 'दुःख' हो भनी जान्नुपर्छ ।"

## ९. अतम्मयसुत्तं

१०४. "भिक्षुहो ! यी छः प्रकारका शुभपरिणामलाई देख्ने भिक्षुलाई चाहिन्छ कि अपवादरहित सबै धर्म (मनको विषय) 'अनात्मा' हो भनी जान्नुपर्छ । ती छः के-के हुन् ? म सबै लोकप्रति तृष्णारहित हुनेछु । मेरो अहंकार नाश हुनेछ । ममा भएको ममत्व विनाश हुनेछ । म असाधारण ज्ञानले युक्त हुनेछु । सबै धर्मका हेतु मेरो दृष्टिमा आउनेछ अनि हेतुबाट उत्पन्न सबै धर्म । भिक्षुहो ! यी नै छः प्रकारका शुभपरिणामन देख्ने भिक्षुलाई चाहिन्छ कि अपवादरहित सबै धर्म 'अनात्म' हो भनी जान्नुपर्छ ।"

## १०. भवसुत्तं

१०५. "भिक्षुहो ! यी तीन भवहरूलाई हटाउनु पर्छ अनि तीन शिक्षाहरूलाई सिक्नुपर्छ । कुन तीन भवहरू हटाउनु पर्छ ? कामभव, रूपभव र अरूप भव । यी तीन भवहरू हटाउनु पर्छ । कुन तीन शिक्षाहरूलाई सिक्नु पर्छ ? श्रेष्ठतर शीलको शिक्षा, श्रेष्ठतर चित्तको शिक्षा र श्रेष्ठतर प्रज्ञाको शिक्षा । यी तीन शिक्षालाई सिक्नुपर्छ । भिक्षुहो ! भिक्षुहरूले जब ती तीन भवहरू हटाउँछ अनि यस तीन शिक्षाहरू सिकेर शिक्षित हुन्छ । भिक्षुहो ! यसैलाई भनिन्छ– भिक्षुले तृष्णा उच्छेद गर्‍यो, संयोजन नाश गर्‍यो अनि मानलाई सम्यकरूपले उन्मूलन गरी दुःख अन्त गर्‍यो ।"

## ११. तण्हासुत्तं

१०६. "भिक्षुहो ! यी तीन प्रकारका तृष्णालाई हटाउनु पर्छ अनि तीन प्रकारका अहंकारलाई । कुन तीन प्रकारका तृष्णा हटाउनु पर्छ ? कामतृष्णा, भवतृष्णा र विभवतृष्णा यी तीनलाई हटाउनु पर्छ । कुन तीन प्रकारका अहंकारलाई हटाउनु पर्छ ? मान, हीन भावको मान र अतिमान यी तीनलाई हटाउनु पर्छ । भिक्षुहो ! भिक्षुहरूले जब ती तीन प्रकारका तृष्णा र तीन प्रकारका अहंकार हटाउँछ तब भिक्षुहो ! यसैलाई भनिन्छ– भिक्षुले तृष्णा उच्छेद गर्‍यो, संयोजन नाश गर्‍यो अनि अहंकार सम्यकरूपले उन्मूलन गरी दुःख अन्त गर्‍यो ।"



Downloaded from http://dhamma.digital

## ११. तिकवग्गो

### १. रागसुत्तं

१०७. "भिक्षुहो ! यी तीन प्रकारका धर्म छन् । ती तीन के-के हुन् ? राग, द्वेष र मोह । भिक्षुहो ! ती तीन धर्मलाई विनष्ट गर्न तीन प्रकारकै भावना गर्नुपर्छ । ती तीन के के हुन् ? राग विनाश गर्न अशुभ भावना गर्नुपर्छ । द्वेष विनाश गर्न मैत्री भावना गर्नुपर्छ अनि मोह विनाश गर्न प्रज्ञाको भावना गर्नुपर्छ । भिक्षुहो ! ती तीन धर्मलाई विनाश गर्न यी नै तीन प्रकारले भावना गर्नुपर्छ ।"

### २. दुच्चरितसुत्तं

१०८. "भिक्षुहो ! यी तीन प्रकारका धर्म छन् । ती तीन के-के हुन् ? शारीरिक दुश्चरित्रता, वाचसिक दुश्चरित्रता अनि मानसिक दुश्चरित्रता । भिक्षुहो ! यी तीन प्रकारका धर्म हुन् । ती तीनै प्रकारका धर्मलाई विनष्ट गर्न तीन प्रकारकै धर्मको भावना गर्नुपर्छ । ती तीन के-के हुन् ? शारीरिक दुश्चरित्रता विनष्ट गर्न शारीरिक सुचरित्रताको भावना गर्नुपर्छ । वाचसिक दुश्चरित्रता विनष्ट गर्न वाचसिक सुचरित्रताको भावना गर्नुपर्छ अनि मानसिक दुश्चरित्र विनष्ट गर्न मानसिक सुचरित्रताको भावना गर्नुपर्छ । भिक्षुहो ! ती तीन धर्महरू विनष्ट गर्न यी नै तीन प्रकारले भावना गर्नुपर्छ ।"

### ३. वितक्कसुत्तं

१०९. "भिक्षुहो ! यी तीन प्रकारका धर्म छन् । ती तीन के-के हुन् ? कामवितर्क, द्वेषवितर्क अनि विहिंसा (क्रोध) वितर्क । भिक्षुहो ! यी तीन् प्रकारका धर्म हुन् । ती तीन धर्म विनष्ट गर्न तीन प्रकारकै धर्मको भावना गर्नुपर्छ । ती तीन के के हुन् ? कामवितर्क विनष्ट गर्न नैष्क्रम्यवितर्कको भावना गर्नुपर्छ । द्वेषवितर्क विनष्ट गर्न अद्वेषवितर्कको भावना गर्नुपर्छ अनि विहिंसावितर्क विनष्ट गर्न अविहिंसा वितर्कको भावना गर्नुपर्छ । भिक्षुहो ! ती तीन धर्महरू विनष्ट गर्न यी नै तीन प्रकारले भावना गर्नुपर्छ ।"

### ४. सञ्ञासुत्तं

११०. "भिक्षुहो ! यी तीन प्रकारका धर्म छन् । ती तीन के-के हुन् ? कामसंज्ञा, द्वेषसंज्ञा अनि विहिंसा (क्रोध) संज्ञा । भिक्षुहो ! यी तीन धर्म हुन् । ती तीन धर्मविनष्ट गर्न तीन प्रकारकै धर्मको भावना गर्नुपर्छ । ती तीन के- के



Downloaded from http://dhamma.digital

हुन ? कामसंज्ञा विनष्ट गर्न नैष्क्रम्यसंज्ञाको भावना गर्नुपर्छ । द्वेषसंज्ञा विनष्ट गर्न अद्वेष संज्ञाको भावना गर्नुपर्छ अनि विहिंसा वितर्क विनष्ट गर्न अ-विहिंसासंज्ञाको भावना गर्नुपर्छ । भिक्षुहो ! ती तीन धर्म विनष्ट गर्न यी नै तीन प्रकारले भावना गर्नुपर्छ ।"

## ५. धातुसुत्तं

१११. "भिक्षुहो ! यी तीन प्रकारका धर्म छन् । ती तीन के-के हुन् ? कामधातु, द्वेषधातु अनि विहिंसा (क्रोध) धातु । भिक्षुहो ! यी तीन् धर्म हुन् । यी तीन धर्महरू विनष्ट गर्न तीन प्रकारकै धर्मका भावना गर्नुपर्छ । ती तीन के-के हुन् ? कामधातु विनष्ट गर्न नैष्क्रम्यधातुको भावना गनुपर्छ । द्वेषधातु विनष्ट गर्न अद्वेषधातुको भावना गर्नुपर्छ अनि विहिंसाधातु विनष्ट गर्न अविहिं-साधातुको भावना गर्नुपर्छ । भिक्षुहो ! ती तीन धर्महरू विनष्ट गर्न यी नै तीन प्रकारले भावना गर्नुपर्छ ।"

## ६. अस्सादसुत्तं

११२. "भिक्षुहो ! यी तीन प्रकारका धर्म छन् । ती तीन के-के हुन् ? आस्वाददृष्टि, आत्मदृष्टि र मिथ्यादृष्टि । भिक्षुहो ! यी नै तीन धर्म हुन् । भिक्षुहो ! यी तीन धर्महरू हटाउन तीन प्रकारका धर्मको भावना गर्नुपर्छ । ती तीन के-के हुन् ? आस्वाददृष्टि हटाउन अनित्य संज्ञाको भावना गर्नुपर्छ । आत्मादृष्टि हटाउन अनात्मसंज्ञाको भावनागर्नुपर्छ। मिथ्यादृष्टि हटाउन सम्य-कदृष्टिको भावना गर्नुपर्छ । भिक्षुहो ! ती तीन धर्महरू हटाउन यी नै तीन धर्मको भावना गर्नुपर्छ ।"

## ७. अरतिसुत्तं

११३. "भिक्षुहो ! यी तीन प्रकारका धर्म छन् । ती तीन के-के हुन् ? अरुचि, विहिंसा र अधर्मचर्या । भिक्षुहो ! यी तीन धर्म हुन् । भिक्षुहो ! यी तीन धर्महरू हटाउन तीन प्रकारले धर्मको भावना गर्नुपर्छ । ती तीन के-के हुन् ? अरुचि हटाउन मुदिताको भावना गर्नुपर्छ । विहिंसा हटाउन अविहिंसाको भावना गर्नुपर्छ । अधर्मचर्या हटाउन धर्मचर्याको भावना गर्नुपर्छ । भिक्षुहो ! ती तीन धर्महरू हटाउन यी नै तीन धर्मको भावना गर्नुपर्छ ।"



Downloaded from http://dhamma.digital

## ८. सन्तुट्ठिसुत्तं

११४. "भिक्षुहो ! यी तीन प्रकारका धर्म छन् । ती तीन के-के हुन् ? असन्तुष्टता, सजगता नहुनु र औधी नै इच्छुक हुनु । भिक्षुहो ! यी तीन् प्रकारका धर्म हुन् । भिक्षुहो ! ती तीन धर्महरू हटाउन तीन प्रकारकै धर्मको भावना गर्नुपर्छ । ती तीन के-के हुन् ? असन्तुष्ट हताउन सन्तुष्टीको भावना गर्नुपर्छ, सजगता नरहँदा सजगताको भावना गर्नुपर्छ अनि औधी नै इच्छुकता हटाउन थोरै इच्छुकको भावना गर्नुपर्छ । भिक्षुहो ! ती तीन धर्महरू हटाउन यी नै तीन धर्मको भावना गर्नुपर्छ ।"

## ९. दोवचस्सतासुत्तं

११५. "भिक्षुहो ! यी तीन प्रकारका धर्म छन् । ती तीन के-के हुन् ? दुर्वचन हुनु, कुसंगती हुनु र चञ्चलता हुनु । भिक्षुहो ! यी तीन् धर्म हुन् । भिक्षुहो ! ती तीन धर्म हटाउन तीन प्रकारकै धर्मको भावना गर्नुपर्छ । ती तीन के-के हुन् ? दुर्वचन हटाउन सुवचताको भावना गर्नुपर्छ, कुसंगती हटाउन सु-संगतीको भावना गर्नुपर्छ अनि चित्त चञ्चलबाट हटाउन आनापानस्सतिको भावना गर्नु । भिक्षुहो ! ती तीन धर्महरू हटाउन यी नै तीन धर्मको भावना गर्नुपर्छ ।"

## १०. उद्धच्चसुत्तं

११६. "भिक्षुहो ! यी तीन प्रकारका धर्म छन् । ती तीन के-के हुन् ? उद्धतपन, असंयमी र प्रमाद । भिक्षुहो ! यी तीन प्रकारका धर्म हुन् । भिक्षुहो ! ती तीन धर्महरू हटाउन तीन प्रकारकै धर्मको भावना गर्नुपर्छ । ती तीन के-के हुन् ? उद्धतपनलाई (अस्थिरपन) हटाउन समथभावना गर्नुपर्छ, असंयमी हटाउन संयमको भावना गर्नुपर्छ अनि प्रमाद हटाउन अप्रमादको भावना गर्नुपर्छ । भिक्षुहो ! ती तीन धर्महरू हटाउन यी नै तीन धर्मको भावना गर्नुपर्छ ।"



Downloaded from http://dhamma.digital

# १२. सामञ्ञवग्गो

## १. कायानुपस्सीसुत्तं

११७. "भिक्षुहो ! छः प्रकारका धर्म नत्यागेसम्म कायमा कायानुपश्यी भई विहार गर्नु असम्भव छ । ती छः के-के हुन् ? काम-काजमा व्यस्तपन नत्याग्ने, गफारेपनलाई नत्याग्ने, निद्रालुपनलाई नत्याग्ने, जमघटमा संलग्न हुन नत्याग्ने, इन्द्रियमा असंयमितपन नत्याग्ने अनि भोजनमा अमात्राज्ञपन नत्याग्ने । भिक्षुहो ! यी नै छः प्रकारका धर्म नत्यागेसम्म कायमा कायानुपश्यी भई विहार गर्नु असम्भव छ ।

"भिक्षुहो ! छः प्रकारका धर्म त्यागे कायमा कायानुपश्यी भई विहार गर्नु सम्भव छ । ती छः के-के हुन् ? काम-काजको व्यस्तपन त्याग्ने, गफारेपन त्याग्ने, निद्रालुपन त्याग्ने, जमघटमा संलग्न हुन त्याग्ने, इन्द्रिय असंयमित त्याग्ने अनि भोजनमा अमात्राज्ञ त्याग्ने । भिक्षुहो ! यी नै छः धर्म त्यागे कायमा कायानुपश्यी भई विहार गर्नु सम्भव छ ।"

## २. धम्मानुपस्सीसुत्तं

११८. "भिक्षुहो ! छः प्रकारका धर्म नत्यागेसम्म भित्री कायमा ... बाहिरी कायमा ... भित्री-बाहिरी कायमा ... भित्री वेदनामा ... बाहिरी वेदनामा ... भित्री-बाहिरी वेदनामा ... भित्री चित्तमा ... बाहिरी चित्तमा ... भित्री-बाहिरी चित्तमा ... भित्री धर्ममा ... बाहिरी धर्ममा ... भित्री-बाहिरी धर्ममा धर्मानुपश्यी भई विहार गर्नु असम्भव छ । ती छः के-के हुन् ? काम-काजमा व्यस्तता, गफारेपन, निद्रालुपन, जमघटमा संलग्नपन, इन्द्रियमा असंयमितता अनि भोजनमा अमात्राज्ञपन । भिक्षुहो ! यी नै छः प्रकारका धर्म त्यागे धर्ममा धर्मानुपश्यी भई विहार गर्नु सम्भव हुन्छ ।"

## ३. तपुस्ससुत्तं

११९. "भिक्षुहो ! तपुस्स गृहपतिमा यी छः प्रकारका गुणले सम्पन्न छन् । जुन हुँदा ऊ तथागतप्रति निष्ठावान् छन्, अमृतदर्शी हुन् अनि अमृतलाई साक्षात्कार गरी बसेका छन् । ती छः के-के हुन् ? बुद्धप्रति निश्चल श्रद्धा, धर्मप्रति निश्चल श्रद्धा, संघप्रति निश्चल श्रद्धा, आर्य शीलमा, आर्य ज्ञानमा अनि आर्य विमुक्तिमा । भिक्षुहो ! तपुस्स गृहपतिमा यी नै छः गुणले सम्पन्न छन् । जुन हुँदा ऊ तथागतप्रति निष्ठावान् छन्, अमृतदर्शी हुन्



Downloaded from http://dhamma.digital

छन् अनि अमृतलाई साक्षात्कार गरी बसेका छन् ।"

## ४-२३. भल्लिकादिसुत्तं

१२०-१३९. "भिक्षुहो ! भल्लिक गृहपतिमा यी छः गुणले सम्पन्न छन् ... सुदत्त अनाथपिण्डिक गृहपतिमा ... मच्छिकासण्डिक चित्त गृहपतिमा ... हत्थक आलवक ... महानाम शाक्य ... वैसालिक उग्ग गृहपति ... उग्गत गृहपति ... सूरम्बट्ठ ... जीवक कोमारभच्च ... नकुलपिता गृहपति ... तवकण्णिक गृहपति ... पूरण गृहपति ... इसिदत्त गृहपति ... सन्धान गृहपति ... विचय गृहपति ... विजयमाहिक गृहपति ... मेण्डक गृहपति ... वासेट्ठ गृहपति ... अरिट्ठ उपासक ... सारग्ग उपासक तथागतप्रति निष्ठावान् छन्, अमृतदर्शी हुन् अनि अमृतलाई साक्षात्कार गरी बसेका छन् । ती छः के-के हुन् ? बुद्धप्रति निश्चल श्रद्धावान्, धर्मप्रति निश्चल श्रद्धावान्, संघप्रति निश्चल श्रद्धावान, आर्य शीलमा, आर्य ज्ञानमा अनि आर्य विमुक्तिमा । भिक्षुहो ! सारग्ग गृहपतिमा यी नै छः गुणले सम्पन्न छन् । जुन हुँदा ऊ तथागतप्रति निष्ठावान् छन्, अमृतदर्शी हुन् अनि अमृतलाई साक्षात्कार गरी बसेका छन् ।"

## १३. रागपेय्यालं

१४०. "भिक्षुहो ! रागलाई यथार्थसहित जान्नपरेमा छः प्रकारकै धर्मको भावना गर्नुपर्छ । ती छः के-के हुन् ? सर्वोत्तम दर्शन, सर्वोत्तम श्रवण, सर्वोत्तम लाभ, सर्वोत्तम शिक्षा, सर्वोत्तम परिचर्या अनि सर्वोत्तम अनुश्रुत । भिक्षुहो ! रागलाई यथार्थसहित जान्नपरेमा यी नै छः प्रकारले धर्मको भावना गर्नुपर्छ ।"

१४१. "भिक्षुहो ! रागलाई यथार्थसहित जान्नपरेमा छ प्रकारका धर्मको भावना गर्नुपर्छ । ती छ के-के हुन् ? बुद्धानुस्मृति, धर्मानुस्मृति, संघानुस्मृति, सीलानुस्मृति, त्यागानुस्मृति र देवतानुस्मृति । भिक्षुहो ! रागलाई यथार्थसहित जान्नपरेमा यी नै छः प्रकारका धर्मको भावना गर्नुपर्छ ।"

१४२. "भिक्षुहो ! रागलाई यथार्थ सहित जान्नपरेमा छः प्रकारका धर्मको भावना गर्नुपर्छ । ती छः के-के हुन् ? अनित्यसंज्ञा, अनित्यमा दुःख-संज्ञा, दुःखमा अनात्मासंज्ञा, त्यागसंज्ञा, विरागसंज्ञा र निरोधसंज्ञा । भिक्षुहो ! रागलाई यथार्थसहित जान्नपरेमा यी नै छःप्रकारका धर्मको भावना गर्नुपर्छ ।"



Downloaded from http://dhamma.digital

१४३-१६९. "भिक्षुहो ! रागलाई यथार्थसहित बुझ्नु परेमा ... परिक्षय गर्नपरेमा ... विनष्ट गर्नपरेमा ... क्षय ... व्यय ... विराग ... निरोध ... त्याग ... परित्याग गर्नपरेमा यी नै छः प्रकारका धर्मको भावना गर्नुपर्छ ।"

१७०-६४९. "द्वेषलाई ... मोहलाई ... क्रोधलाई ... वैरलाई ... म्रक्षलाई ... प्रदासलाई ... ईर्ष्यालाई ... कन्जूसलाई ... मायालाई ... जडतालाई ... प्रमादलाई ... अभिज्ञात गर्न ... परिज्ञात गर्न ... परिक्षीण गर्न ... प्रहाण गर्न ... क्षय गर्न ... व्यय गर्न ... विराग ... निरोध ... त्याग ... परित्याग गर्न यी नै छः प्रकारका धर्मको भावना गर्नुपर्छ ।" भगवानले यसरी भन्नुभयो । प्रसन्न भएका ती भिक्षुहरूले भगवानबाट आज्ञा हुनु भएकोलाई अभिनन्दन गरे ।

छक्कनिपात निट्ठिता ।

Dhamma.Digital

छैठौं निपात समाप्त ।

Downloaded from http://dhamma.digital

# ७. सत्तकनिपात

## १.पठमपण्णासकं

### १. धनवग्गो

#### १. पठमपियसुत्तं

१. मैले यस्तो सुनें– एक समय भगवान सावत्थिस्थित अनाथपिण्डिकको आराम जेतवनमा बस्नुहुन्थ्यो । त्यस समय भगवानले भिक्षुहरूलाई "भिक्षुहो !" भनी सम्बोधन गर्नुभयो । भिक्षुहरूले पनि "भद्दन्त !" भनी प्रतिवचन दिनुभयो । भगवानले यसो भन्नुभयो–

"भिक्षुहो ! सात प्रकारका धर्मले सम्पन्न भिक्षु सब्रह्मचारिका निम्ति प्रिय, स्नेहपात्र, गौरवशाली र आदरणीय हुँदैनन् । ती सात के-के हुन् ? भिक्षुहो ! यहाँ भिक्षुले लाभको चाहना गर्छ, सत्कारको चाहना गर्छ, प्रसिद्धिको चाहना गर्छ, निर्लज्ज हुन्छ, निर्भयी हुन्छ, पापचित्त (असन्तोषी) हुन्छ अनि मिथ्यादृष्टि हुन्छ । भिक्षुहो ! यी नै सात प्रकारका धर्मले सम्पन्न भिक्षु सब्रह्मचारिका प्रिय, स्नेहपात्र, गौरवशाली र आदरणीय हुँदैनन् ।

"भिक्षुहो ! सातप्रकारका धर्मले सम्पन्न भिक्षु सब्रह्मचारिका प्रिय, स्नेहपात्र, गौरवशाली र आदरणीय हुनेछन् । ती सात के-के हुन् ? भिक्षुहो ! यहाँ भिक्षुले लाभको चाहना नगर्ने, सत्कारको चाहना नगर्ने, प्रसिद्धिको चाहना नगर्ने, लजालु, भयदर्शी र पापचित्त हुँदैनन् (अल्पेच्छ) अनि सम्यकदृष्टि हुन्छ । भिक्षुहो ! यी नै सातप्रकारका धर्मले सम्पन्न भिक्षु सब्रह्मचारिका प्रिय, स्नेहपात्र, गौरवनीय र आदरणीय हुनेछन् ।"

#### २. दुतियपियसुत्तं

२. "भिक्षुहो ! सात प्रकारका धर्मले सम्पन्न भिक्षु सब्रह्मचारिका निम्ति प्रिय, स्नेहपात्र, गौरवशाली र आदरणीय हुँदैनन् । ती सात के-के हुन् ? भिक्षुहो ! यहाँ भिक्षुले लाभको चाहना गर्छ, सत्कारको चाहना गर्छ, प्रसिद्धिको चाहना गर्छ, निर्लज्ज हुन्छ, निर्भयी हुन्छ, इर्ष्यालु हुन्छ अनि कञ्जूस हुन्छ । भिक्षुहो ! यी नै सात प्रकारका धर्मले सम्पन्न भिक्षु सब्रह्मचारिका प्रिय, स्नेहपात्र, गौरवशाली र आदरणीय हुँदैनन् ।



Downloaded from http://dhamma.digital

"भिक्षुहो ! सातप्रकारका धर्मले सम्पन्न भिक्षु सब्रह्मचारिका प्रिय, स्नेहपात्र, गौरवशाली र आदरणीय हुनेछन् । ती सात के-के हुन् ? भिक्षुहो ! यहाँ भिक्षुले लाभको चाहना नगर्ने हुन्छ, सत्कारको चाहना नगर्ने हुन्छ, प्रसिद्धिको चाहना नगर्ने हुन्छ, लजालु हुन्छ, भयदर्शी हुन्छ, इर्ष्यालु हुँदैनन् अनि कञ्जूसीपन हुँदैनन् । भिक्षुहो ! यी नै सातप्रकारका धर्मले सम्पन्न भिक्षु सब्रह्मचारिका प्रिय, स्नेहपात्र, गौरवशाली र आदरणीय हुनेछन् ।"

### ३. संखित्तबलसुत्तं

१. मैले यस्तो सुनें– एक समयमा भगवान सावत्थिस्थित जेतवनमा अनाथपिण्डिकको आराममा बस्नुहुन्थ्यो ... यी सातप्रकारका बल छन् । ती सात के-के हुन् ? श्रद्धाबल, वीर्य-बल, लज्जाबल, भयबल, स्मृतिबल, समाधि-बल अनि प्रज्ञाबल । भिक्षुहो ! यी सात प्रकारका बल हुन् ।

**"सद्धाबलं वीरियञ्च, हिरी ओत्तप्पियं बलं ।**
**सतिबलं समाधि च, पञ्ञा वे सत्तमं बलं ।**
**एतेहि बलवा भिक्खु, सुखं जीवति पण्डितो ॥**

"श्रद्धाबल, वीर्यबल, लज्जाबल, भयबल, स्मृतिबल, समाधिबल अनि सातौं प्रज्ञाबल । जो भिक्षु यी बलद्वारा बलवान हुन्छ त्यो पण्डित सुखपूर्वक जीउनेछन् ।

**योनिसो विचिने धम्मं, पञ्ञायत्थं विपस्सति ।**
**पज्जोतस्सेव निब्बानं, विमोक्खो होति चेतसो" ति ॥**

सम्यकप्रकारको धर्मलाई विचार गरी, प्रज्ञाद्वारा परीक्षण गर्छ । ऊ प्रदीप झैं भई निर्वाण प्राप्त गर्छ अनि चित्तविमुक्त हुन्छ ।"

### ४. वित्थतबलं

४. "भिक्षुहो ! सात प्रकारका बल छन् । ती सात के-के हुन् ? श्रद्धाबल, वीर्यबल, लज्जाबल, भयबल, स्मृतिबल, समाधिबल र प्रज्ञाबल ।

"भिक्षुहो ! श्रद्धाबल भनेको के हो ? भिक्षुहो ! यहाँ आर्यश्रावक श्रद्धावान् हुन्छन्, तथागतको बोधिज्ञानप्रति श्रद्धालु हुन्छ– 'वहाँ भगवान अर्हत,



Downloaded from http://dhamma.digital

सम्यकसम्बुद्ध ... देव र मनुष्यका गुरु बुद्ध तथा भगवान हुनुहुन्छ। भिक्षुहो ! यसैलाई श्रद्धाबल भनिन्छ।

"भिक्षुहो ! वीर्यबल भनेको के हो ? भिक्षुहो ! यहाँ आर्यश्रावकले अकुशल धर्म विनष्ट गर्न अनि कुशल धर्मसम्पादन गर्न वीर्यवान् हुन्छन्, सामर्थ्यवान, दृढपरक्रमी र काँध नझुकाउने हुन्छन् । भिक्षुहो यसैलाई वीर्यबल भनिन्छ।

"भिक्षुहो ! लज्जाबल भनेको के हो ? भिक्षुहो ! यहाँ आर्यश्रावक लजालु हुन्छन् । शारीरिक दुष्कर्म, वाचसिक दुष्कर्म र मानसिक दुष्कर्ममा लज्जालु हुन्छन् । पापरूपी अकुशल कार्य गर्नमा लाजमान्ने हुन्छ । भिक्षुहो ! यसैलाई लज्जाबल भनिन्छ।

"भिक्षुहो ! भयबल भनेको के हो ? भिक्षुहो ! यहाँ आर्यश्रावक शारीरिक दुष्कर्म, वाचसिक दुष्कर्म र मानसिक दुष्कर्ममा भयवान् हुन्छन् । पापरूपी अकुशल कार्य गर्नमा डरमान्ने हुन्छन् । भिक्षुहो ! यसैलाई भयबल भनिन्छ।

"भिक्षुहो ! स्मृतिबल भनेको के हो ? भिक्षुहो ! यहाँ आर्यश्रावक स्मृतिवान हुन्छन् । स्मृतिज्ञानसम्पन्न भई चिरकाल पूर्व गरिएको काम र चिरकाल पूर्व बोलिएको कुरालाई स्मरण गर्नसक्ने हुन्छ । भिक्षुहो ! यसैलाई स्मृतिबल भनिन्छ।

"भिक्षुहो ! समाधिबल भनेको के हो ? भिक्षुहो ! यहाँ आर्य श्रावक काम-विषय भोगबाट अलग्गिएर ... (माथि १०० पन्ना देखि हेरौं) प्रीति हटाएर उपेक्षावान, स्मृतिवान, राम्रोसँग जान्ने-बुझ्ने (ज्ञानवान) भई शरीर-द्वारा सुख अनुभव गरी बस्छ। जसलाई आर्यश्रावकहरूले भन्ने गर्छन्– 'उपेक्षावान, स्मृतिवान र सुख विहारी' हुन् भनी तृतीयध्यान प्राप्तगरी बस्छ । सुख पनि हटाएर, दुःख पनि हटाएर मानसिक हर्ष तथा विस्मात (सौमनस्य-दौर्मनस्य) पहिले नै विलुप्त हुनेगरी दुःखरहित, सुखरहित स्मृति परिशुद्ध गरी उपेक्षासहितको चतुर्थध्यान प्राप्तगरी बस्छ । भिक्षुहो ! यसैलाई समाधिबल भनिन्छ।

"भिक्षुहो ! प्रज्ञा-बल भनेको के हो ? भिक्षुहो ! यहाँ आर्यश्रावक प्रज्ञावान हुन्छ। उत्पत्ति र विनाशमा आर्यद्वारा छिचोल्न सक्नेगरी सम्यकरूपले



Downloaded from http://dhamma.digital

दुःख क्षय गर्न प्रज्ञा युक्त हुन्छ । भिक्षुहो ! यसैलाई समाधि-बल भनिन्छ । भिक्षुहो ! सप्तबल भनेको यी नै हुन् ।

**"सद्धाबलं वीरियञ्च, हिरी ओत्तप्पियं बलं ।**
**सतिबलं समाधि च, पञ्ञा वे सत्तमं बलं ।**
**एतेहि वलवा भिक्खु, सुखं जीवति पण्डितो ॥**

"श्रद्धाबल, वीर्यबल, लज्जाबल, भयबल, स्मृतिबल, समाधिबल अनि सातौं प्रज्ञाबल । जो भिक्षु यी बलद्वारा बलवान हुन्छ त्यो पण्डित सुखकासाथ जीवित हुन्छ ।

**योनिसो विचिने धम्मं, पञ्ञायत्थं विपस्सति ।**
**पज्जोतस्सेव निब्बानं, विमोक्खो होति चेतसो" ति ॥**

ऊ सम्यकप्रकारको धर्मलाई विचार गरी प्रज्ञाद्वारा परीक्षण गर्छ । ऊ प्रदीप भैं भई निर्वाण प्राप्त गर्छ अनि चित्तविमुक्त हुन्छ ।"

## ५. संखित्तधनसुत्तं

५. "भिक्षुहो ! यी सातप्रकारका धन छन् । ती सातप्रकारका के-के हुन् ? श्रद्धाधन, शीलधन, लज्जाधन, भयधन, श्रुतधन, त्यागधन र प्रज्ञाधन । भिक्षुहो ! यी नै सातप्रकारका धन हुन् ।

**"सद्धाधनं सीलधनं, हिरी ओत्तप्पियं धनं ।**
**सुतधनञ्च चागो च, पञ्ञा वे सत्तमं धनं ॥**

"श्रद्धाधन, शीलधन, लज्जाधन, भयधन, श्रुतधन, त्यागधन अनि सातौ प्रज्ञा-धन ।

**"यस्स एते धना अत्थि, इत्थिया पुरिसस्स वा ।**
**अदलिद्दोति तं आहु, अमोघं तस्स जीवितं ॥**

"जो स्त्री वा पुरुषसंग यी धन छन्, ऊ अदरिद्र भनिन्छ अनि उसको जीवन अमोघ भयो ।

**"तस्मा सद्धञ्च सीलञ्च, पसादं धम्मदस्सनं ।**
**अनुयुञ्जेथ मेधावी, सरं बुद्धान सास" न्ति ॥**



Downloaded from http://dhamma.digital

त्यसैले श्रद्धामा, शीलमा धर्मदर्शी भई प्रसन्न होऊ । बुद्धको उपदेश अनुस्मरण गरी पण्डित त्यसमा नियुक्त हुन्छ ।"

### ६. वित्थतधनसुत्तं

६. "भिक्षुहो ! यी सातप्रकारका धन छन् । ती सात के-के हुन् ? श्रद्धाधन, शीलधन लज्जाधन, भयधन, श्रुतधन, त्यागधन र प्रज्ञाधन ।

"भिक्षुहो ! श्रद्धाधन भनेको के हो ? भिक्षुहो ! यहाँ आर्य श्रावक तथागतको बोधिप्रति श्रद्धावान हुन्छ– 'वहाँ भगवान अर्हत, सम्यकसम्बु .... बुद्ध र भगवान हुनुहुन्छ । भिक्षुहो ! श्रद्धाधन यसैलाई भनिन्छ ।

"भिक्षुहो ! शीलधन भनेको के हो ? भिक्षुहो ! यहाँ आर्यश्रावकले प्राणी-हिंसा गर्नबाट विरत हुन्छ ... रक्सी, जाँड आदि बेहोश बनाउने मादक पदार्थ-बाट विरत हुन्छ । भिक्षुहो ! शीलधन यसैलाई भनिन्छ ।

"भिक्षुहो ! लज्जाधन भनेको के हो ? भिक्षुहो ! यहाँ आर्यश्रावक शारीरिक दुष्कर्म, वाचसिक दुष्कर्म र मानसिक दुष्कर्ममा लजालु हुन्छन् । पापरूपी अकुशल कार्य गर्नमा लाजमान्ने हुन्छन् । भिक्षुहो ! यसैलाई लज्जा-धन भनिन्छ ।

"भिक्षुहो ! भयधन भनेको के हो ? भिक्षुहो ! यहाँ आर्यश्रावक शारीरिक दुष्कर्म, वाचसिक दुष्कर्म र मानसिक दुष्कर्ममा भयवान् हुन्छन् । पापरूपी अकुशल कार्य गर्नमा डरमान्ने हुन्छन् । भिक्षुहो ! यसैलाई भयबल भनिन्छ ।

"भिक्षुहो ! श्रुतधन भनेको के हो ? भिक्षुहो ! यहाँ आर्य श्रावक बहु-श्रुत हुन्छन् अनि श्रुतलाई धारणगर्ने हुन्छन् । जुन धर्म आदिकल्याण, मध्य-कल्याण, अन्तकल्याण, सार्थक, सव्यञ्जन, केवल परिपूर्ण परिशुद्ध ब्रह्मचर्यको कुरा गर्ने हुन्छन् । भिक्षुहो ! यसैलाई श्रुतधन भनिन्छ ।

"भिक्षुहो ! त्यागधन भनेको के हो ? भिक्षुहो ! यहाँ आर्यश्रावक कञ्जूसपनलाई त्यागेर मुक्तत्यागी, खुल्ला हात, परित्याग-शील, दान दिने स्वभावका तथा उदारता पूर्वक दान दिने भई गृहस्थ जीवन व्यतीत गर्ने हुन्छन् । भिक्षुहो ! यसैलाई त्यागधन भनिन्छ ।



Downloaded from http://dhamma.digital

"भिक्षुहो ! प्रज्ञाधन भनेको के हो ? भिक्षुहो ! यहाँ आर्यश्रावक सम्यकरूपले दुःख क्षय हुने मार्गमा प्रज्ञावान हुन्छ । भिक्षुहो ! यसैलाई प्रज्ञा-धन भनिन्छ । भिक्षुहो ! यी नै सप्त-धन हुन् ।

**"सद्धाधनं सीलधनं, हिरी ओत्तप्पियं धनं ।**
**सुतधनञ्च चागो च, पञ्‍ञा वे सत्तमं धनं ॥**

"श्रद्धाधन, शीलधन, लज्जाधन, भयधन, श्रुतधन, त्यागधन अनि सातौं प्रज्ञाधन ।

**"यस्स एते धना अत्थि, इत्थिया पुरिसस्स वा ।**
**अदलिद्दोति तं आहु, अमोघं तस्स जीवितं ॥**

"जो स्त्री वा पुरुषसंग यी धन छन्, ऊ अदरिद्र भनिन्छ भने उसको जीवन अमोघ भयो ।

**"तस्मा सद्धञ्च सीलञ्च, पसादं धम्मदस्सनं ।**
**अनुयुञ्जेथ मेधावी, सरं बुद्धान सास"न्ति ॥**

"त्यसैले धर्मदर्शी भई श्रद्धा र शीलमा प्रसन्न होऊ । बुद्धको उपदेश अनुस्मरण गरिकन त्यसमा पण्डित लाग्ने गर ।"

## ७. उग्गसुत्तं

७. त्यसबेला उग्ग राजमहामात्य जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गए । गएर भगवानलाई अभिवादन गरी एकठाउँमा बसे । एकठाउँमा बसेपछि उग्ग राजमहामात्यले भगवानलाई यसो भन्यो– "आश्चर्य हो, भन्ते ! अद्‌भुत हो, भन्ते ! यी रोहणेय्य मिगार धेरै नै धनी तथा ऐश्वर्यवान हुन् ।" "रोहणेय्य मिगार कतिको धनवान हुन्, कतिको धनाढ्य हुन अनि कतिको ऐश्वर्यवान हुन् ? "भन्ते सतसहस्र त सुन छ, रूपियाको त भन्नु नै के !" "उग्ग ! के यो 'धन' हो र ? म भन्दछु कि यो 'धन' होइन । उग्ग ! यो जुन 'धन' हो, यो अग्निको निम्ति, पानीको निम्ति, राजाका निम्ति, चोरका निम्ति अनि अप्रिय उत्तराधिकारिका निम्ति 'सामान्य' हो । उग्र ! यी सातप्रकारको यस्तो धन हो, जुन अग्निको निम्ति, पानीको निम्ति, राजाका निम्ति, चोरका निम्ति अनि अप्रिय उत्तराधिकारिका निम्ति 'असाधारण' हुन् । ती सातप्रकारका धन के के हुन् ? श्रद्धाधन, शीलधन, लज्जाधन, भयधन, श्रुतधन, त्यागधन अनि सातौं



Downloaded from http://dhamma.digital

प्रज्ञाधन हुन् । उग्ग ! यी सप्तधन अग्निको निम्ति, पानीको निम्ति, राजाका निम्ति, चोरका निम्ति अनि अप्रिय उत्तराधिकारिका निम्ति 'असाधारण' हुन् ।

**"सद्धाधनं सीलधनं, हिरी ओत्तप्पियं धनं ।**
**सुतधनञ्च चागो च, पञ्ञा वे सत्तम धनं ॥**

"श्रद्धाधन, शीलधन, लज्जाधन, भयधन, श्रुतधन, त्यागधन अनि सातौ प्रज्ञा-धन ।

**"यस्स एते धना अत्थि, इत्थिया पुरिसस्स वा ।**
**स वे महद्धनो लोके, अजेय्यो देवमानुसे ॥**

"जो स्त्री वा पुरुषसंग यी धन छन्, ऊ नै लोकमा महाधनवान हुन् अनि ऊ देव-मनुष्यमा अजेय हुन् ।

**"तस्मा सद्धञ्च सीलञ्च, पसादं धम्मदस्सनं ।**
**अनुयुञ्जेथ मेधावी, सरं बुद्धान सास" न्ति ॥**

"त्यसैले धर्मदर्शी भइकन श्रद्धा र शीलमा प्रसन्न होऊ । बुद्धको उपदेश अनुस्मरण गरिकन त्यसमा पण्डित लाग्ने गर ।"

### ८. संयोजनसुत्तं

८. "भिक्षुहो ! संयोजन (बन्धन) सातप्रकारका छन् । ती सात के-के हुन् ? कामरागसंयोजन, द्वेषसंयोजन, दृष्टिसंयोजन, शंकासंयोजन, मान-संयोजन, भवराग संयोजन अनि अविद्या संयोजन । भिक्षुहो ! यी सात प्रकारका संयोजन हुन् ।"

### ९. पहाणसुत्तं

९. "भिक्षुहो ! सात प्रकारका संयोजन विनाश, मूलोच्छेद गर्न ब्रह्मचर्यमा व्यतीत गर्नुपर्छ । ती साता के-के हुन् ? कामरागसंयोजन विनाश गर्न, मूलोच्छेद गर्न ब्रह्मचर्यमा बस्नुपर्छ । द्वेषसंयोजन ... दृष्टि संयोजन ... शंका संयोजन ... मान संयोजन ... भवराग संयोजन ... अनि अविद्यासंयोजन विनाश गर्न र मूलोच्छेद गर्न ब्रह्मचर्यमा व्यतीत गर्नुपर्छ । भिक्षुहो ! यी नै सात संयोजन विनाश गर्न र मूलोच्छेद गर्न ब्रह्मचर्यमा व्यतीत गर्नुपर्छ । भिक्षुहो ! जब भिक्षुमा कामरागसंयोजन विनाश हुन्छ, जड मूल नै नष्ट हुन्छ,



Downloaded from http://dhamma.digital

काटिएको ताड-वृक्षसमान हुन्छ, अभाव हुन्छ, पुनः उत्पन्न हुने सम्भावना रहँदैन । द्वेषसंयोजन ... दृष्टिसंयोजन ... शंकासंयोजन ... मानसंयोजन ... भवरागसंयोजन ... अनि अविद्यासंयोजन विनाश हुन्छ , जड मूल नै नष्ट हुन्छ, काटिएको ताड-वृक्षसमान हुन्छ, अभाव हुन्छ, पुनः उत्पन्न हुने सम्भावना रहँदैन । भिक्षुहो ! यसैलाई भनिन्छ– भिक्षुले तृष्णालाई उच्छेद गऱ्यो, संयोजनबाट मुक्तभयो, मानलाई सम्यकरूपले मर्दन गऱ्यो अनि दुःखलाई अन्त गऱ्यो ।"

## १०. मच्छरियसुत्तं

"भिक्षुहो ! संयोजन सात प्रकारका छन् । ती सात के-के हुन् ? कामरागसंयोजन, द्वेषसंयोजन, दृष्टिसंयोजन, शंकासंयोजन, मानसंयोजन, इर्ष्यासंयोजन अनि कन्जूसीसंयोजन । भिक्षुहो ! यी नै सातप्रकारका संयोजन हुन् ।"

Dhamma.Digital



Downloaded from http://dhamma.digital

# २. अनुसयवग्गो

## १. पठमअनुसयसुत्तं

११. "भिक्षुहो ! यी सातप्रकारका अनुसय (चित्तप्रवृत्ति) हुन् । ती के-के हुन् ? कामरागानुसय, द्वेषअनुसय, दृष्टिअनुसय, शंकानुसय, मानानुसय, भवरागानुसय अनि अविद्यानुसय । भिक्षुहो ! यी सातप्रकारका अनुसय हुन् ।"

## २. दुतियअनुसयसुत्तं

१२."भिक्षुहो ! सातप्रकारका अनुसयलाई हटाउन, मूलोच्छेद गर्न ब्रह्मचर्यमा व्यतीत गर्नुपर्छ । ती सात के के हुन् ? कामरागानुसय हटाउन र मूलोच्छेद गर्न ब्रह्मचयर्यमा व्यतीत गर्नुपर्छ, द्वेषानुसय ... दृष्टिअनुसय ... शंकानुसय ... माननुसय... भवरागनुसय ... अविद्यानुसय विनाश गर्न र मूलोच्छेद गर्न ब्रह्मचयर्यमा व्यतीत गर्नुपर्छ ।

" भिक्षुहो ! जब भिक्षुमा कामरागको अनुसय हटेको हुन्छ , जड मूल नै नष्ट हुन्छ, काटिएको टाड-वृक्ष समान हुन्छ, अभाव हुन्छ, पुनः उत्पन्न हुने सम्भावना रहँदैन । द्वेषानुसय ... दृष्टिअनुसय ... शंकानुसय ... मानानुसय ... भवरागानुसय ... अनि अविद्यानुसय हटेको हुन्छ,, जड मूल नै नष्ट हुन्छ, काटिएको टाड-वृक्ष समान हुन्छ, अभाव हुन्छ, पुनः उत्पन्न हुने सम्भावना रहँदैन । भिक्षुहो ! यसैलाई भनिन्छ– भिक्षुले तृष्णा उच्छेद गऱ्यो, संयोजनबाट मुक्त भयो, मानलाई सम्यकरूपले मर्दन गऱ्यो अनि दुःख अन्त गऱ्यो ।"

## ३. कुलसुत्तं

१३. "भिक्षुहो ! जुन कुलमा सात अङ्गसम्पन्न हुन्छ त्यहाँ जाने गरेको छैन भने नजानु अनि जाने गरेको छ भने नबस्नु । ती सात के-के हुन् ? प्रसन्न मनले उठेर स्वागत गर्दैन, प्रसन्न मनले अभिवादन गर्दैन, प्रसन्न मनले बस्नको निम्ति आसन दिँदैन, भएको लुकाउँछ, धेरै छँदा पनि थोरै दिन्छ, प्रणीत छँदा पनि कमसलको दिन्छ, आदर पूर्वक नदिई अनादर पूर्वक दिन्छ । भिक्षुहो ! यी नै सात अङ्गसम्पन्न कुलमा जाने गरेको छैन भने नजानु अनि जाने गरेको छ भने नबस्नु ।

भिक्षुहो ! जुन कुलमा सात अङ्गसम्पन्न हुन्छ त्यहाँ जाने गरेको छैन भने जानु अनि जाने गरेको छ भने बस्नुपर्छ । ती सात के-के हुन् ? प्रसन्न



Downloaded from http://dhamma.digital

.मनले उठेर स्वागत गर्छ, प्रसन्न मनले अभिवादन गर्छ, प्रसन्न मनले बस्नको निम्ति आसन दिन्छ, भएकोलाई लुकाउँदैन, धेरै भएमा धेरै दिन्छ, प्रणीत छ भने प्रणित दिन्छ, अनादर नगरि आदर पूर्वक दिन्छ। भिक्षुहो ! यी नै सात अङ्गसम्पनन कुलमा जाने गरेको छैन भने जानु अनि जाने गरेको छ भने बस्नुपर्छ।

## ४. पुग्गलसुत्तं

१४. "भिक्षुहो ! यी सात व्यक्तिहरू आदरणीय हुन्, स्वागत गर्न योग्य हुन्, दान-दक्षिणा दिन योग्य हुन्, दुई हात जोडेर बिन्ति गर्न योग्य हुन् अनि लोकका निम्ति अति उत्तम पुण्यक्षत्र हुन्। ती सात को-को हुन् ? उभय भाग विमुक्त (अरूपसमापत्तिद्वारा रूपकायबाट विमुक्त तथा मार्गद्वारा नामकायबाट विमुक्त), प्रज्ञाविमुक्त (प्रज्ञाद्वारा आश्रव क्षय गरी विमुक्त भएका), कायसाक्षी (अष्ट विमोक्षलाई (दो.सं.अङ्गुत्तर निकायको दोस्रोभाग १९१ पन्नामा हेर्नौ) शरीरद्वारा स्पर्श गर्दै विचरण गर्ने), दृष्टिप्राप्त (तथागतद्वारा देशित धर्म ग्रहण गरी सम्यकदृष्ति भएका), श्रद्धाविमुक्त (सम्यकदृष्टिसम्पन्न भई अचल श्रद्धा भएका) धर्मानुसारी (प्रज्ञाद्वारा धर्मको अनुसरण गर्ने) अनि श्रद्धानुसारी (प्रज्ञाद्वारा श्रद्धाको अनुसरण गर्ने)। भिक्षुहो ! यी सात व्यक्तिहरू नै आदरणीय हुन्, स्वागत गर्न योग्य हुन्, दान-दक्षिणा दिन योग्य हुन्, दुई हात जोडेर बिन्ति गर्न योग्य हुन् अनि लोकका निम्ति अति उत्तम पुण्यक्षत्र हुन्।"

## ५. उदकुपमासुत्तं

"भिक्षुहो ! लोकमा यी सात व्यक्ति पानीको उपमा समान विद्यमान छन्। ती सात को-को हुन् ? भिक्षुहो ! यहाँ एक व्यक्ति पानीमा डुबुल्कि लाउँदा डुबिएरै जान्छ। भिक्षुहो ! यहाँ एक व्यक्ति पानी माथि आएर डुबिएरै जान्छ, भिक्षुहो ! यहाँ एक व्यक्ति पानी माथि आई स्थितरहन्छ। भिक्षुहो ! यहाँ एक व्यक्ति पानीको माथि आई देख्ने वा हेर्ने गर्छ। भिक्षुहो ! यहाँ एक व्यक्ति पानी माथि आई तर्दै जान्छ, भिक्षुहो ! यहाँ एक व्यक्ति पानी माथि आई तर्दै विशेष स्थानमा पुग्छ। भिक्षुहो ! यहाँ कोही व्यक्ति पानी माथि आई तर्दै पारी स्थलमा उभिन्छ।

"भिक्षुहो ! यहाँ एक व्यक्ति पानीमा एकपल्ट डुबुल्कि लाउँदा कसरी डुबिएरै जान्छ ? भिक्षुहो ! यहाँ एक व्यक्ति अकुशल धर्ममा संलग्न हुँदा त्यसैमा लागि-पर्छन्। भिक्षुहो ! यसरी नै व्यक्तिले एकपल्ट डुबुल्कि लाउँदा डुबिएरै जान्छ।

"भिक्षुहो ! यहाँ एक व्यक्ति पानी माथि आई फेरि कसरी डुबिएरै जान्छ ? भिक्षुहो ! यहाँ एक व्यक्ति पानी माथि आई डुबिएरै जान्छ भनेको



Downloaded from http://dhamma.digital

उसमा कुशल धर्मप्रति श्रद्धा हुनु भनेको राम्रो हो, ... लाज हुनु भनेको राम्रो हो, .... (पाप) भय हुनु भनेको राम्रो हो, ...वीर्य हुनु भनेको राम्रो हो, ... कुशल धर्ममा प्रज्ञा हुनु भनेको राम्रो हो । उसमा त्यो श्रद्धा न स्थिर रहन्छ, न बढ्छ, घट्दै जान्छ । उसमा त्यो लाज ... उसमा त्यो (पाप) भय ... उसमा त्यो वीर्य ... उसमा त्यो प्रज्ञा न स्थिररहन्छ, न बढ्छ, घटेरै जान्छ । भिक्षुहो ! यसरी नै व्यक्ति पानी माथि आई डुबिएरै जान्छ ।

"भिक्षुहो ! यहाँ एक व्यक्ति पानी माथि आई कसरी स्थितरहन्छ । भिक्षुहो ! यहाँ एक व्यक्ति पानी माथि आई स्थितरहने भनेको उसको कुशल धर्ममा श्रद्धा हुनु राम्रो हो, ... लाज हुनु राम्रो हो, ... (पाप) भय हुनु राम्रो हो, ... वीर्य हुनु राम्रो हो, ...कुशल धर्ममा प्रज्ञा हुनु राम्रो हो । उसमा त्यो श्रद्धा न कमरहन्छ, न बढ्छ, न घट्छ । उसमा त्यो लाज ... उसमा त्यो (पाप) भय ... उसमा त्यो वीर्य ... उसमा त्यो प्रज्ञा न कम हुन्छ, न बढछ, न त घट्छ। भिक्षुहो ! यसरी नै व्यक्ति पानी माथि आई स्थितरहन्छ।

"भिक्षुहो ! यहाँ एक व्यक्ति पानीको माथि आई कसरी देख्ने वा हेर्ने गर्छ ? भिक्षुहो ! यहाँ एक व्यक्ति पानी माथि आई देख्ने वा हेर्ने भनेको उसको कुशल धर्ममा श्रद्धा हुनु राम्रो हो ... लाज हुनु राम्रो हो ... (पाप) भय हुनु राम्रो हो ... वीर्य हुनु राम्रो हो ... कुशल धर्ममा प्रज्ञा हुनु राम्रो हो । ऊसले तीन संयोजन ((अङ्गुत्तरनिकायको दोस्रो भाग ९३ पन्नामा हेरौ) क्षीण गरी श्रोतापन्न हुन्छ, पतनोन्मुख हुँदैन, उसले बोधि प्राप्त गर्ने निश्चित हुन्छ। भिक्षुहो ! यसरी नै व्यक्ति पानी माथि आई देख्ने वा हेर्ने गर्छ ।

"भिक्षुहो ! यहाँ एक व्यक्ति पानी माथि आई तरेर कसरी जान्छ ? भिक्षुहो ! यहाँ धर्ममा श्रद्धा हुनु राम्रो हो ... लाज हुनु राम्रो हो ... (पाप) भय हुनु राम्रो हो ... वीर्य हुनु राम्रो हो ... कुशल धर्ममा प्रज्ञा हुनु राम्रो हो । उसले तीन संयोजन क्षीण गरी, राग-द्वेष-मोह कम गरी सकृदागामि हुन्छ । एकपटक मात्रै यस लोकमा आई दु:खलाई अन्त गर्नेछन् । भिक्षुहो ! यसरी नै व्यक्ति पानी माथि आई तरेर जान्छ ।

"भिक्षुहो ! यहाँ एक व्यक्ति पानी माथि आई तर्दै विशेष स्थानमा कसरी पुगेको हुन्छ ? भिक्षुहो ! यहाँ एक व्यक्ति पानी माथि आई तर्दै विशेषस्थानमा पुग्नु भनेको उसको कुशल धर्ममा श्रद्धा हुनु राम्रो हो ... लाज हुनु राम्रो हो ... (पाप) भय हुनु राम्रो हो, ... वीर्य हुनु राम्रो हो, ... कुशल धर्ममा प्रज्ञा हुनु राम्रो हो । उसले पतन गराउने पञ्च संयोजन (अङ्गुत्तर-



Downloaded from http://dhamma.digital

हुनु राम्रो हो ... (पाप) भय हुनु राम्रो हो, ... वीर्य हुनु राम्रो हो, ... कुशल धर्ममा प्रज्ञा हुनु राम्रो हो । उसले पतन गराउने पञ्च संयोजन (अङ्गुत्तर-निकायको दोस्रो भाग ९३ पन्नामा हेरौ) क्षीण गरी औपपातिक (अनागामि) भई त्यहींबाट परिनिर्वाण हुन्छ । यस लोकमा फेरि नआउने हुन्छ । भिक्षुहो ! यसरी नै व्यक्ति पानी माथि आई तर्दै विशेष स्थानमा पुगेको हुन्छ ।

"भिक्षुहो ! यहाँ कोही व्यक्ति पानी माथि आई तर्दै पारी स्थलमा कसरी उभिन्छ ? भिक्षुहो ! यहाँ एक व्यक्ति पानी माथि आई तर्दै पारी स्थलमा उभिन्छ भनेको उसको कुशल धर्ममा श्रद्धा हुनु राम्रो हो ... लाज हुनु राम्रो हो ... (पाप) भय हुनु राम्रो हो ... वीर्य हुनु राम्रो हो अनि कुशल धर्ममा प्रज्ञा हुनु राम्रो हो । उसले आश्रव क्षय गरी अनाश्रवी भई, चित्तविमुक्ति र प्रज्ञाविमुक्ति भई यसै जन्ममा स्वयम्ले साक्षात्कार र प्राप्त गरी विहर्ने हुन्छ । भिक्षुहो ! यसरी नै व्यक्ति पानी माथि आई तर्दै पारी स्थलमा उभिन्छ ।

"भिक्षुहो ! लोकमा यी नै सात व्यक्ति पानीको उपमासमान विद्यमान छन् ।"

## ६. अनिच्चानुपस्सीसुत्तं

१६. "भिक्षुहो ! यी सात व्यक्ति आदरणीय हुन्, स्वागत गर्ने योग्य हुन्, दानदक्षिण दिन योग्य हुन्, दुई हात जोडी नमस्कार गर्न योग्य हुन् अनि लोकका निम्ति अति उत्तम पुण्यक्षत्र हुन् । ती सात को-को हुन् ? भिक्षुहो ! यहाँ एक व्यक्ति समस्त संस्कारप्रति अनित्यदर्शी हुन्छ, अनित्यसंज्ञी हुन्छ, अनित्यप्रतिसंवेदी हुन्छ, सतत, निरंतर, विघ्नरहित, त्यागशील अनि प्रज्ञाद्वारा गहराइमा उत्रिने हुन्छ । उसले आश्रव क्षय गरी अनाश्रवी, चित्तविमुक्ति, प्रज्ञा-विमुक्तिकासाथ यसै जन्ममा स्वयम्ले साक्षात्कार र प्राप्त गरी विहर्नेछन् । भिक्षुहो ! यो पहिलो व्यक्ति आदरणीय हुन्, स्वागत गर्ने योग्य हुन्, दानदक्षिण दिन योग्य हुन्, दुई हात जोडी नमस्कार गर्न योग्य हुन् अनि लोकका निम्ति अति उत्तम पुण्यक्षत्र हुन् ।

"अनि फेरि, भिक्षुहो ! यहाँ एक व्यक्ति समस्त संस्कारप्रति अनित्यदर्शी-हुन्छ, अनित्यसंज्ञी हुन्छ, अनित्यप्रतिसंवेदी हुन्छ, सतत, निरंतर, विघ्नरहित, त्यागशील अनि प्रज्ञाद्वारा गहराइमा उत्रिने हुन्छ । उसको आश्रव क्षय र जीवन क्षय एकैसाथ हुन्छ । भिक्षुहो ! यो दोस्रो व्यक्ति आदरणीय हुन्, स्वागत गर्ने योग्य हुन्, दानदक्षिण दिन योग्य हुन्, दुई हात जोडी नमस्कार गर्न योग्य हुन् अनि लोकका निम्ति अति उत्तम पुण्यक्षत्र हुन् ।



Downloaded from http://dhamma.digital

"अनि फेरि, भिक्षुहो ! यहाँ एक व्यक्ति समस्त संस्कारप्रति अनित्यदर्शी हुन्छ, अनित्यसंज्ञी हुन्छ, अनित्य प्रतिसंवेदी हुन्छ, सतत, निरंतर, विघ्नरहित, त्यागशील अनि प्रज्ञाद्वारा गहराइमा उत्रिने हुन्छ । ऊसंगरहेको अधोगति हुने पाँच संयोजन क्षय गरी बीचमै परिनिर्वाण हुन्छ ... जीवनको अन्तमा परिनिर्वाण हुन्छ ... असंस्कार परिनिर्वाण हुन्छ ... ससंस्कार परिनिर्वाण हुन्छ ... उर्ध्वश्रोत अकनिट्ठ (जुन कनिष्ठ नभएको देवलोक) गामि हुन्छ । भिक्षुहो ! यो सातौं व्यक्ति आदरणीय हुन्, स्वागत गर्ने योग्य हुन्, दान-दक्षिण दिन योग्य हुन्, दुई हात जोडी नमस्कार गर्न योग्य हुन् अनि लोकका निम्ति अति उत्तम पुण्यभूमि हुन् ।"

### ७. दुक्खानुपस्सीसुत्तं

१७. भिक्षुहो ! यी सात व्यक्ति आदरणीय हुन् ... लोकका निम्ति अति उत्तम पुण्यभूमि हुन् । ती सात को-को हुन् ? भिक्षुहो ! यहाँ एक व्यक्ति समस्त संस्कारप्रति दुःखानुदर्शी भई विहर्नेछन् ... ।

### ८. अनत्तानुपस्सीसुत्तं

१८. समस्त धर्मप्रति अनात्मदर्शी भई विहर्ने हुन्छ ... ।

### ९. निब्बानसुत्तं

१९. "निर्वाणप्रति सुखदर्शी, सुखसंज्ञी र सुखप्रतिसंवेदी हुन्छ, सतत, निरन्तर, विघ्नरहित, त्यागशील अनि प्रज्ञाद्वारा गहराइमा उत्रिने हुन्छ । उसले आश्रव क्षय गरी अनाश्रवी, चित्तविमुक्ति, प्रज्ञाविमुक्तिकासाथै यसै जन्ममा स्वयम्ले साक्षात्कार र प्राप्त गरी विहर्नेछन् । भिक्षुहो ! यो पहिलो व्यक्ति आदरणीय हुन्, स्वागत गर्ने योग्य हुन्, दानदक्षिणा दिन योग्य हुन्, दुई हात जोडी नमस्कार गर्न योग्य हुन् अनि लोकका निम्ति अति उत्तम पुण्यभूमि हुन् ।

"अनि फेरि, भिक्षुहो ! यहाँ एक व्यक्ति निर्वाणप्रति सुखदर्शी हुन्छ, सुखसंज्ञी हुन्छ, सुखप्रतिसंवेदी हुन्छ, सतत, निरन्तर, विघ्नरहित, त्यागशील अनि प्रज्ञाद्वारा गहराइमा उत्रिने हुन्छ । उसको आश्रवक्षय र जीवनक्षय एकैसाथ हुन्छ । भिक्षुहो ! यो दोस्रो व्यक्ति आदरणीय हुन्, स्वागत गर्ने योग्य हुन्, दानदक्षिण दिन योग्य हुन्, दुई हात जोडी नमस्कार गर्न योग्य हुन् अनि लोकका निम्ति अति उत्तम पुण्यक्षत्र हुन् ।

"अनि फेरि, भिक्षुहो ! यहाँ एक व्यक्ति निर्वाणप्रति सुखदर्शी भइकन



Downloaded from http://dhamma.digital

विहर्नेछन्, सुखसंज्ञी हुन्छ, सुखप्रतिसंवेदी हुन्छ, सतत, निरन्तर, विघ्नरहित, त्यागशील अनि प्रज्ञाद्वारा गहराइमा उत्रिने हुन्छ । ऊसंगरहेको अधोगतिका पाँचसंयोजन क्षय गरी बीचमै परिनिर्वाण हुन्छ ... जीवनको अन्तमा परिनिर्वाण हुन्छ ... असंस्कार परिनिर्वाण हुन्छ, ससंस्कार परिनिर्वाण हुन्छ ... उर्ध्वश्रोत अकनिट्ठ गामि हुन्छ । भिक्षुहो ! यो सातौं व्यक्ति आदरणीय हुन्, स्वागत गर्ने योग्य हुन्, दानदक्षिणा दिन योग्य हुन्, दुई हात जोडी नमस्कार गर्न योग्य हुन् अनि लोकका निम्ति अति उत्तम पुण्यभूमि हुन् ।"

## १०. निद्दसवत्थुसुत्तं

२०. "भिक्षुहो ! यी सात निर्देश वस्तु छन् । ती सात के-के हुन् ? भिक्षुहो ! यहाँ भिक्षुले शिक्षा पालन गर्नमा तीब्र इच्छुक हुन्छ तर भविष्यमा अनिच्छुक हुन्छ । धर्म निश्रान्ति (विपस्सना) प्रति तीब्र इच्छुक हुन्छ तर भविष्यमा अनिच्छुक हुन्छ । तृष्णा क्षय गर्न तीब्र इच्छुक हन्छ तर भविष्यमा अनिच्छुक हुन्छ । ध्यान-भावना प्रति तीब्र इच्छुक हुन्छ तर भविष्यमा अनिच्छुक हुन्छ । वीर्य (पराक्रम) प्रति तीब्र इच्छुक हुन्छ तर भविष्यमा अनिच्छुक हुन्छ । स्मृति तथा दक्षता प्रति तीब्र इच्छुक हुन्छ तर भविष्यमा अनिच्छुक हुन्छ । सम्यकदृष्टि प्रति तीब्र इच्छुक हुन्छ तर भविष्यमा अनिच्छुक हुन्छ । भिक्षुहो ! यी सात नै निर्देशित वस्तु हुन् ।"

Dhamma.Digital



Downloaded from http://dhamma.digital

## ३. वज्जिसत्तकवग्गो

### १. सारन्ददसुत्तं

२१. मैले यस्तो सुनें– एक समय भगवान् वेसालिस्थित सारन्दद चैत्यमा बस्नुहुन्थ्यो । त्यस समय धरै लिच्छवीहरू जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गए । गएर भगवानलाई अभिवादन गरी एक ठाउँमा बसे । एक ठाउँमा बसेपछि लिच्छवीहरूलाई भगवानले यसो भन्नुभयो– "लिच्छवीहो ! तिमीहरूलाई परिहानि नहुने सात विषय लिएर धर्मदेशना गर्छु । त्यसलाई सुन, राम्रोसित मनमा धारण गर भन्नेछु ।" "हवस्, भन्ते !" भनी ती लिच्छवीहरूले भगवानलाई प्रत्युत्तर दिए । भगवानले यसो भन्नुभयो–

"लिच्छवीहो ! ती सात अपरिहानि-धर्म के-के हुन् ? लिच्छवीहो ! जबसम्म वज्जीहरू एकमत भई बस्छ, प्रायजसो सन्निपात भई बस्छ अनि धेरै नै सन्निपात गरी बस्छ । लिच्छवीहो ! वज्जीका निम्ति यो उन्नतिकै आश गर्न सकिन्छ, परिहानि हुनेछैन ।

"लिच्छवीहो ! जबसम्म वज्जीहरू एकमतकासाथ सम्मिलित भईरहन्छ, एकमत भई उठ्नेगर्छ, एकमत भई वज्जी जनपदका कार्य गरिरहन्छ भने तबसम्म लिच्छवीहो ! वज्जीका निम्ति यो उन्नतिकै आश गर्न सकिन्छ, परिहानि हुनेछैन ।

"लिच्छवीहो ! जबसम्म वज्जीहरूले प्रज्ञप्त नगरिएकोलाई प्रज्ञप्त गरेको भनी मान्दैन, प्रज्ञप्त गरिएकोलाई उल्लंघन गर्दैन, जस्तो कि पुरानो वज्जी धर्म चलिआएको छ, त्यस अनुसारै चल्ने हुँदा लिच्छवीहो ! वज्जीका निम्ति यो उन्नतिकै आश गर्न सकिन्छ, परिहानि हुनेछैन ।

"लिच्छवीहो ! जबसम्म वज्जीहरूले जो उनीहरूका वयोवृद्ध हुन्, तिनीहरूलाई आदर नै गरिरहन्छ, गौरव नै गरिरहन्छ, मान्ने हुन्छ, पूज्ने हुन्छ अनि उनीहरूका कुरालाई ध्यान दिएर सुन्ने हुन्छ भने लिच्छवीहो ! वज्जीका निम्ति यो उन्नतिकै आश गर्न सकिन्छ, परिहानि हुनेछैन ।

"लिच्छवीहो ! जबसम्म वज्जीहरूले जो उनीहरूका कुल-स्त्री, कुल-कुमारीलाई जबरजस्ति गरी लगी आफ्नो घर बसाउँदैन भने लिच्छवीहो ! वज्जीका निम्ति यो उन्नतिकै गर्न सकिन्छ, परिहानि हुने छैन ।



Downloaded from http://dhamma.digital

"लिच्छवीहो ! जबसम्म वज्जीहरूले जो उनीहरूका जुनकुनै बाहिर र भित्ररहेका ती चैत्यहरूको सत्कार गर्दछ, गौरव गर्दछ, मान्ने गर्दछ अनि पूज्ने गर्दछ, ती चैत्यहरूको पूजा गर्नलाई भनी छुटाएर दिइराखेको धन-द्रव्यादि आफ्नो निम्ति भनी लिने गर्दैन भने लिच्छवीहो ! वज्जीका निम्ति यो उन्नतिकै आश गर्न सकिन्छ, परिहानि हुने छैन ।

"लिच्छवीहो ! जबसम्म वज्जीहरूले अर्हतका निम्ति धार्मिक सुरक्षा गर्दै सुव्यवस्थित गरिरहन्छ– 'ताकि नआएका अर्हत जनपदमा आवस्, आएका अर्हत जनपदमा सकुशल बस्नसकोस्' भन्ने गरेमा लिच्छवीहो ! वज्जीका निम्ति उन्नतिकै आश गर्न सकिन्छ, परिहानि हुने छैन ।

"लिच्छवीहो ! जबसम्म परिहानि नहुने यी सात विषयमा वज्जीहरू स्थिर भइरहन्छ, वज्जीहरू यसमा लागेको देखिन्छ भने लिच्छवीहो ! वज्जीका निम्ति यो उन्नतिकै आश गर्न सकिन्छ, परिहानि हुने छैन ।

## २. वस्सकारसुत्तं

२२. मैले यस्तो सुनें– एक समय भगवान राजगहस्थित गिज्झकूट पर्वतमा बस्नुहुन्थ्यो । त्यससमय राजा मागध अजातसत्तु वेदेहिपुत्त वज्जीमा आक्रमण गर्न चाहेका थिए । उसले यसो भन्यो– "मैले यस महानुभाव र वैभवशाली वज्जीहरूलाई छिन्न-भिन्न गरी दिनेछु, विनाश गरी दिनेछु अनि विपत्तिमा पार्नेछु ।"

अनि त वेदेहिपुत्त मगधका राजा अजातसत्तुले आफ्ना महामात्य वस्सकार ब्राह्मणलाई बोलाएर भन्यो– "भो ब्राह्मण ! तिमी जहाँ भगवान हुनुहुन्छ त्यहाँ जानु । त्यहाँ गएर भगवानलाई मेरो वचनद्वारा भगवानको चरणमा शीरले वन्दना गर्नु । सुस्वास्थ्य, अनातङ्कित, हलकापन, बल र आरामका विषयलाई लिएर सोध्नु । भन्नु कि, 'भन्ते ! वेदेहिपुत्त मगधका राजा अजातसत्तुले भगवानको चरणमा शीरले वन्दना गरिरहेछ अनि तपाईंको सु-स्वास्थ्य, अनातङ्कित, हलकापन, बल र आरामका विषयलाई लिएर सोध्न् भएको छ ।' भन्ते ! वेदेहिपुत्र मगधका राजा अजातसत्तुले वज्जीहरूमाथि आक्रमण गर्न चाहेका छन् । उसको भनाई यस्तो छ– 'मैले यी वैभवशाली वज्जीहरूलाई छिन्न-भिन्न गरी दिनेछु, विनाश गरी दिनेछु अनि विपत्तिमा पार्नेछु ।' वहाँ भगवान्ले जसरी भन्नुहुन्छ त्यसलाई राम्ररी धारण गरी आएर मलाई सुनाउनु । तथागतको कथन अयथार्थ हुनेछैन ।



Downloaded from http://dhamma.digital

"हवस्, देव !" भनी मगधका महामात्य वस्सकार ब्राह्मणले मगधका राजा वेदेहिपुत्त अजातसत्तुलाई प्रत्युत्तर दिई जहाँ भगवान हुनुहुन्छ त्यहाँ गए गएर भगवानसँग प्रसन्नताकासाथ कुशलवार्ता गरे । प्रसन्नताकासाथ कुशलवार्ता गरी एकठाउँमा बसे । एकठाउँमा बसेपछि मगधका महामात्य वस्सकार ब्राह्मणले भगवानलाई भन्यो– "भो गोतम ! मगधका राजा वेदेहिपुत्त अजातसत्तुले गोतमको पादमा शीरले वन्दना गरेको छ अनि तपाईंको सुस्वास्थ्य, अनातङ्कित, हलकापन, बल र आरामका विषयलाई लिएर सोध्नु भएका छ । भो गोतम ! वेदेहिपुत्र मगधका राजा अजातसत्तुले वज्जीहरूमाथि आक्रमण गर्न चाहेका छन् । उसले यसो भनेको छ– 'मैले यी वैभवशाली वज्जीहरूलाई छिन्न-भिन्न गरी दिनेछु, विनाश गरी दिनेछु अनि विपत्तिमा पार्नेछु ।' "

त्यससमय आयुष्मान आनन्द भगवानको पछाडि बसेर पंखा हम्काउँदै थिए । अनि आयुष्मान आनन्दलाई भगवानले बोलाउनु भयो– "आनन्द ! के तिमीले सुनेका छौ ? 'वज्जीहरू सँधै एकताबद्ध र बहु सन्निपात गरी बस्छन् ।'" "भन्ते ! मैले यसरी सुन्ने गरेकोछु, 'वज्जीहरू सँधै एकताबद्ध र बहु सन्निपात गरी बस्ने गर्छन् ।'" "आनन्द ! जबसम्म वज्जीहरू सँधै एकताबद्ध र बहु सन्निपात गरी बस्नेछन्, आनन्द ! वज्जीहरूको उन्नतिकै आश गर्न सकिन्छ, अवनति हुने छैन ।

"आनन्द ! के तिमीले सुनेका छौ ? 'वज्जीहरू सँधै एकताबद्ध भई, वहु सन्निपात गरी बस्छन्, एकसाथ उठ्छन् अनि एकमतको भई वज्जी (प्रदेश) मा गर्नु पर्ने कार्य गर्दछन् ?' " "भन्ते ! मैले यसरी सुन्ने गरेकोछु– 'वज्जीहरू सँधै एकताबद्ध भई बहु सन्निपात गरी बस्छन् एकसाथ उठ्छन् अनि एकमतको भई वज्जी (प्रदेश) मा गर्नु पर्ने कार्य गर्दछन् ।' " "आनन्द ! जबसम्म वज्जीहरू सँधै एकताबद्ध भई बहु सन्निपात गरी बस्छन्, एकसाथ उठ्छन् अनि एकमतको भई वज्जी (प्रदेश) मा गर्नु पर्ने कार्य गर्दछन् भने आनन्द ! वज्जीहरूको उन्नतिकै आश गर्न सकिन्छ, अवनति हुने छैन ।

"आनन्द ! के तिमीले सुनेका छौ ? 'वज्जीहरूले अप्रज्ञप्त (नियम लागू नभएकोलाई) प्रज्ञप्त गर्दैनन्, प्रज्ञप्त गरिएकोलाई उल्लंघन गर्दैनन्, जुन प्रज्ञप्त गरिएका पुराना वज्जी धर्म हुन् त्यस अनुसार नै चल्दछन् ।' " "भन्ते ! मैले यसरी सुन्ने गरेकोछु– 'वज्जीहरूले अप्रज्ञप्त प्रज्ञप्त गर्दैनन्, प्रज्ञप्त गरिएकोलाई उल्लंघन गर्दैनन्, जुन प्रज्ञप्त गरिएका पुराना वज्जी धर्म हुन् त्यसअनुसार नै चल्दछन् । आनन्द ! जबसम्म वज्जीहरूले अप्रज्ञप्त प्रज्ञप्त



Downloaded from http://dhamma.digital

गर्दैनन्, प्रज्ञप्त गरिएकोलाई उल्लंघन गर्दैनन्, जुन प्रज्ञप्त गरिएका पुराना वज्जी धर्म हुन् त्यस अनुसारै चल्दछन् भने तबसम्म आनन्द ! वज्जीहरूको उन्नतिकै आश गर्न सकिन्छ, अवनति हुनेछैन ।

"आनन्द ! के तिमीले सुनेका छौ ? 'वज्जीहरूले वज्जीहरूका वयो वृद्धलाई सत्कार गर्दछन्, गौरव गर्दछन्, मान्ने गर्दछन्, पूज्ने गर्दछन् अनि तिनीहरूले भनेको कुरालाई ध्यान दिएर सुन्ने गर्दछन् ।' " "भन्ते ! मैले यसरी सुन्ने गरेकोछु– 'वज्जीहरूले वज्जीहरूका वयो वृद्धलाई सत्कार गर्दछन्, गौरव गर्दछन्, मान्ने गर्दछन्, पूज्ने गर्दछन् अनि तिनीहरूले भनेको कुरालाई ध्यान दिएर सुन्ने गर्दछन् । आनन्द ! जबसम्म वज्जीहरूले वज्जीहरूका वयो वृद्धलाई सत्कार गर्नेछन्, गौरव गर्नेछन्, मान्नेछन्, पूज्नेछन् अनि तिनीहरूले भनेको कुरालाई ध्यान दिएर सुन्नेछन् भने तबसम्म आनन्द ! वज्जीहरूको उन्नतिकै आश गर्न सकिन्छ, अवनति हुनेछैन ।

"आनन्द ! के तिमीले सुनेका छौ ? 'वज्जीहरूले जो तिनीहरूका-कुल स्त्री र कुल कुमारीहरू हुन् तिनीहरूलाई अपहरण तथा जबर्जस्ती घर बसाउने गर्दैनन् ?' " "भन्ते ! मैले यस्तो सुन्ने गरेको छु– 'वज्जीहरूले जो तिनीहरूका कुल स्त्री र कुल कुमारीहरू छन् तिनीहरूलाई अपहरण तथा जबर्जस्ती घर बसाउने गर्दैनन् ।'" आनन्द ! जबसम्म वज्जीहरूले जो तिनीहरूका कुल स्त्री र कुल कुमारीहरू छन् तिनीहरूलाई अपहरण तथा जबर्जस्ती घर बसाउने गर्दैनन् भने तबसम्म आनन्द ! वज्जीहरूको उन्नतिकै आश गर्न सकिन्छ, अवनति हुनेछैन ।

"आनन्द ! के तिमीले सुनेका छौ ? 'जहींकहीं अवस्थित वज्जीहरू-का देश बाहिर र भीत्ररहेका चैत्यहरू वज्जीहरूले आदर गर्दछन्, गौरव गर्दछन्, मान्ने गर्दछन्, पूज्ने गर्दछन्, त्यसको निम्ति भनी दिने गरेको तथा गर्ने पूजा-पूजा छोड्दैनन् । '" "भन्ते ! मैले यस्तो सुन्ने गरेकोछु– 'वज्जीहरूले जहींकहीं भएको वज्जीहरूले देश बाहिर र भीत्ररहेका चैत्यहरूलाई आदर गर्दछन्, गौरव गर्दछन्, मान्ने गर्दछन्, पूज्ने गर्दछनन्, त्यसको निम्ति भनी दिने गरेको तथा गर्ने पूजालाई छोड्दैनन् । आनन्द ! जबसम्म वज्जीहरूले जहींकहीं अवस्थित वज्जीहरूका देश बाहिर र भीत्ररहेका चैत्यहरूलाई आदर गर्छ, गौरव गर्छ, मान्ने गर्छ, पूज्ने गर्छ, त्यसको निम्ति भनी दिने गरेको तथा गर्ने पूजा नछोडेमा तबसम्म आनन्द ! वज्जीहरूको उन्नतिकै आश गर्न सकिन्छ, अवनति हुनेछैन ।



Downloaded from http://dhamma.digital

"आनन्द ! के तिमीले सुनेका छौ ? 'वज्जीहरूले अर्हतहरूको निम्ति धार्मिक सुरक्षा तथा सुव्यवस्थित गरेकाछन् ।'" "भन्ते ! मैले यस्तो सुन्ने गरेकोछु– 'वज्जीहरूले अर्हतहरूको निम्ति धार्मिक सुरक्षा तथा सुव्यवस्थित गरेकाछन् ।'" "आनन्द ! जबसम्म वज्जीहरूले अर्हतहरूको निम्ति धार्मिक सुरक्षा तथा सुव्यवस्थित गर्छन् भने तबसम्म आनन्द ! वज्जीहरूको उन्नतिकै आश गर्न सकिन्छ, अवनति हुनेछैन ।

यसपछि भगवानले मागधका महामात्य वस्सकारलाई सम्बोधन गर्नुभई भन्नुभयो– "ब्राह्मण ! एकदिन म वेसालीस्थित सारन्दद चैत्यमा बसेको थिएं । त्यसबेला मैले ब्राह्मण ! वज्जीहरूलाई यी सप्त अपरिहानिको विषय लिएर धर्मदेशना गरेको थिएं । जबसम्म, ब्राह्मण ! यी सप्त अपरिहानिय धर्ममा वज्जीहरूरहन्छन्, यी सप्त अपरिहानिय धर्म वज्जीहरूमा देखिन्छ भने ब्राह्मण ! तबसम्म वज्जीहरूको उन्नतिकै आश गर्न सकिन्छ, अवनति हुनेछैन ।"

"यी मध्यमा एउटै मात्र अपरिहानि धर्मरहेमा पनि भो गोतम ! वज्जीहरूको उन्नति नै हुने आश गर्न सकिन्छ, अवनति हुनेछैन । सप्त अपरिहानि धर्मरहेमा त भन्नु नै के ! भो गोतम ! अकरणीय हो, वज्जी माथि मागधका राजा वेदेहिपुत्त अजातसत्तुले आक्रमण गर्नु, या त विश्वास दिलाएर या त आपसमा मत-भेद गराएर जित्न सकिन्छ । ल त, भो गोतम ! अब म जान्छु, मैले गर्नु पर्ने धेरै कार्य छ, धेरै कृत्य छ ।" "हे ब्राह्मण ? यसबेला तिमीले समयलाई जसरी उचित सम्झन्छौ ।" अनि त मागधका महामात्य वस्सकार ब्राह्मणले भगवानको उपदेशलाई अभिनन्दन तथा अभिवादन गरी आसनबाट उठेर गए ।

### ३. पठमसत्तकसुत्तं

२३. मैले यस्तो सुनें– एक समय भगवान राजगहस्थित गिज्झकूट पर्वतमा बस्नुहुन्थ्यो । त्यसबेला भगवानले भिक्षुहरूलाई सम्बोधन गर्नुभयो– "भिक्षुहो ! सप्त अपरिहानिय धर्मदेशना गर्नेछु, राम्ररी सुन, मनमा धारण गर भन्नेछु ।" "हवस्, भन्ते !" भनी ती भिक्षुहरूले भगवानलाई प्रत्युत्तर दिए । भगवानले यसो भन्नुभयो–

"भिक्षुहो ! सप्त अपरिहानिय धर्म भनेको के हो ? भिक्षुहो ! भिक्षुहरू जबसम्म सँधै एकताबद्ध र बहु सन्निपात भई बस्छ, तबसम्म भिक्षुहो ! भिक्षुहरूको उन्नतिकै आश गर्न सकिन्छ, अवनति हुनेछैन ।

Downloaded from http://dhamma.digital

"भिक्षुहो ! जबसम्म भिक्षुहरू सँधै सन्निपात भई बस्छ, एकसाथ उठ्छ अनि एकमत भई गर्नुपर्ने संघकार्य गर्छन् भने, तबसम्म भिक्षुहो ! भिक्षुहरूको उन्नतिकै आश गर्न सकिन्छ, अवनति हुनेछैन ।

"भिक्षुहो ! जबसम्म भिक्षुहरूले अप्रज्ञप्तलाई प्रज्ञप्त गर्दैनन्, प्रज्ञप्तलाई उल्लंघन गर्दैनन्, जुन प्रज्ञप्त शिक्षापद हो त्यसलाई राम्ररी पालन गर्छन् भने भिक्षुहो ! तबसम्म भिक्षुहरूको उन्नतिकै आश गर्न सकिन्छ, अवनति हुनेछैन ।

"भिक्षुहो ! जबसम्म भिक्षुहरूले जो ती थेर भिक्षुहरू हुन्, प्रसिद्ध हुन्, चिरप्रव्रजित हुन्, संघ-ज्येष्ठ हुन् अनि संघ-नायक हुन् तिनीहरूलाई सत्कार गर्छन्, गौरव गर्छन्, मान्छन्, पूज्छन् अनि तिनीहरूले भनेकोलाई ध्यान दिएर सुन्छन् भने तबसम्म भिक्षुहो ! भिक्षुहरूको उन्नति नै हुने आश गर्न सकिन्छ, अवनति हुनेछैन ।

"भिक्षुहो ! जबसम्म भिक्षुहरूले बार-बार उत्पन्न हुने तृष्णाको वशमा पर्दैन तबसम्म भिक्षुहो ! भिक्षुहरूको उन्नतिकै आश गर्न सकिन्छ, अवनति हुनेछैन ।

"भिक्षुहो ! जबसम्म भिक्षुहरूले अरण्य-शयनासनको अपेक्षा गरिरहन्छन् भने तबसम्म भिक्षुहो ! भिक्षुहरूको उन्नतिकै आश गर्न सकिन्छ, अवनति हुनेछैन ।

"भिक्षुहो ! जबसम्म भिक्षुहरूले जो सब्रह्मचारी भिक्षु आएका छैनन् आउने गरोस्, आएका भिक्षुहरू सुखपूर्वक बस्नसकोस् भनी चाहना गर्छन् भने तबसम्म भिक्षुहो ! भिक्षुहरूको उन्नतिकै आश गर्न सकिन्छ, अवनति हुनेछैन ।

"भिक्षुहो ! जबसम्म यी सप्त अपरिहानिय धर्ममा भिक्षुहरू स्थिर रहनेछन्, यी सप्त अपरिहानिय धर्मको पालन गर्नेछन् भने तबसम्म भिक्षुहो ! भिक्षुहरूको उन्नतिकै आश गर्न सकिन्छ, अवनति हुनेछैन ।"

## ४. दुतियसत्तकसुत्तं

२४. "भिक्षुहो ! सप्त अपरिहानिय धर्मदेशना गर्नेछु, राम्ररी सुन, मनमा धारण गर भन्नेछु ... भिक्षुहो ! सप्त अपरिहानिय धर्म भनको के हो ? भिक्षुहो ! जबसम्म भिक्षुहरू काममा भूलिरहँदैन तथा काममै समय बिताउने हुँदैनन् भने तबसम्म भिक्षुहो ! भिक्षुहरूको उन्नतिकै आश गर्न सकिन्छ, अवनति हुनेछैन ।



Downloaded from http://dhamma.digital

"भिक्षुहो ! जबसम्म भिक्षुहरू बेकारको कुरामा व्यस्तरहँदैन ... निद्रालू हुँदैनन् ... जमातमा रहँदैनन् ... पापेच्छुक हुँदैनन्, पापेच्छाको वशमा हुँदैनन् ... कुसंगतिका, कुमित्रका तथा कुसम्पर्कमा पर्दैनन् ... आरम्भिक विशेष पदप्राप्तिमै सन्तुष्ट हुँदैनन् भने तबसम्म भिक्षुहो ! भिक्षुहरूको उन्नतिकै आश गर्न सकिन्छ, अवनति हुनेछैन ।

"भिक्षुहो ! जबसम्म भिक्षुहरू यी सप्त अपरिहानिय धर्ममा स्थिर रहन्छ, यी सप्त अपरिहानिय धर्म पालन गरेको देखिन्छ भने तबसम्म भिक्षुहो ! भिक्षुहरूको उन्नतिकै आश गर्न सकिन्छ, अवनति हुनेछैन ।"

## ५. ततियसत्तकसुत्तं

२५. "भिक्षुहो ! सप्त अपरिहानिय धर्मको देशना गर्नेछु, राम्ररी सुन, मनमा धारण गर भन्नेछु ... भिक्षुहो ! सप्त अपरिहानिय धर्म भनेको के हो ?

"भिक्षुहो ! जबसम्म भिक्षुहरू श्रद्धावान भइरहन्छ तबसम्म भिक्षुहो ! भिक्षुहरूको उन्नतिकै आश गर्न सकिन्छ, अवनति हुनेछैन ।

"भिक्षुहो ! जबसम्म भिक्षुहरू लज्जावान हुन्छ ... पापभीरु हुन्छ ... वहुश्रुत हुन्छ ... प्रयत्नशील हुन्छ ... स्मृतिवान हुन्छ ... प्रज्ञावान हुन्छ तबसम्म भिक्षुहो ! भिक्षुहरूको उन्नतिकै आश गर्न सकिन्छ, अवनति हुनेछैन ।

"भिक्षुहो ! जवसम्म यी सप्त अपरिहानिय धर्ममा भिक्षुहरू स्थिर-रहन्छ, यी सप्त अपरिहानिय धर्मलाई पालन गरेको देखिन्छ भने तबसम्म भिक्षुहो ! भिक्षुहरूको उन्नतिकै आश गर्न सकिन्छ, अवनति हुनेछैन ।"

## ६. बोज्झङ्गसुत्तं

Dhamma.Digital

२६. "भिक्षुहो ! सप्त अपरिहानिय धर्मको देशना गर्नेछु, राम्ररी सुन, मनमा धारण गर भन्नेछु ... भिक्षुहो ! सप्त अपरिहानिय धर्म भनेको के हो ? भिक्षुहो ! जबसम्म भिक्षुहरूले स्मृतिसम्बोध्यङ्गको भावना गरिरहन्छ, तबसम्म भिक्षुहो ! भिक्षुहरूको उन्नतिकै आश गर्न सकिन्छ, अवनति हुनेछैन ।

"भिक्षुहो ! जबसम्म धर्मविचय सम्बोध्यङ्गको भावना गरिरहन्छ वीर्य सम्बोध्ङ्गको भावना गरिरहन्छ ... प्रीति सम्वोध्यङ्गे भावना गरिरहन्छ ... प्रश्रब्धि सम्बोध्यङ्गको भावना गरिरहन्छ ... समाधि सम्बोध्यङ्गको भावना गरिरहन्छ ... उपेक्षा सम्वोध्यङ्गको भावना गरिरहन्छ भने तबसम्म भिक्षुहो !



Downloaded from http://dhamma.digital

भिक्षुहरूको उन्नतिकै आश गर्न सकिन्छ, अवनति हुनेछैन ।

"भिक्षुहो ! जबसम्म यी सप्त अपरिहानिय धर्ममा भिक्षुहरू स्थिर रहन्छ, यी सप्त अपरिहानिय धर्मलाई पालन गरेको देखिन्छ भने तबसम्म भिक्षुहो ! भिक्षुहरूको उन्नतिकै आश गर्न सकिन्छ, अवनति हुनेछैन ।"

## ७. सञ्ञासुत्तं

२७. "भिक्षुहो ! सप्त अपरिहानिय धर्मको देशना गर्नेछु, त्यसलाई सुन राम्ररी मनमा धारण गर भन्नेछु ... भिक्षुहो ! सप्त अपरिहानिय धर्म भनेको के हो ? भिक्षुहो ! जबसम्म भिक्षुले अनित्य संज्ञाको भावना गरिरहन्छ तबसम्म भिक्षुहो ! भिक्षुहरूको उन्नतिकै आश गर्न सकिन्छ, अवनति हुनेछैन ।

"भिक्षुहो ! जबसम्म भिक्षुहरूले अनात्मा संज्ञाको भावना गरिरहन्छ ... अशुभ संज्ञाको भावना गरिरहन्छ ... दुष्परिणामसंज्ञाको भावना गरिरहन्छ ... प्रहाण (परित्याग) संज्ञाको भावना गरिरहन्छ ... विराग संज्ञाको भावना गरिरहन्छ ... निरोध संज्ञाको भावना गरिरहन्छ भने तबसम्म भिक्षुहो ! भिक्षुहरूको उन्नतिकै आश गर्न सकिन्छ, अवनति हुनेछैन । भिक्षुहो ! जबसम्म सम्म यी सप्त अपरिहानिय धर्ममा भिक्षुहरू स्थिररहन्छ, यी सप्त अपरिहानिय धर्मलाई पालन गरेको देखिन्छ भने तबसम्म भिक्षुहो ! भिक्षुहरूको उन्नतिकै आश गर्न सकिन्छ, अवनति हुनेछैन ।"

## ८. पठमपरिहानिसुत्तं

२८. मैले यस्तो सुनें– एक समय भगवान सावत्थिस्थित अनाथपिण्डि-कको जेतवनाराममा बस्नुहुन्थ्यो । त्यसबेला भगवानले भिक्षुहरूलाई सम्बोधन गर्नुभयो– भिक्षुहो ! शैक्ष भिक्षुका निम्ति यी सप्त परिहानिय धर्म हुन् । ती सात के-के हुन् ? काममा व्यस्त हुनु, कुरौटे हुनु, निद्रालू हुनु, जमातमा बस्न रुचाउनु, इन्द्रियमा असंयमित हुनु, भोजनमा अमात्रज्ञ हुनु, संघमा संघ कृत्यरहेकै हुन्छ शैक्ष भिक्षुले सोच्नेगर्छ, 'संघमा स्थविर भिक्षु छन्, प्रसिद्ध छ,न्, चिरप्रव्रजित हुन्, कार्यभार वहन गर्न सक्नेहुन्, उसले यस कार्यलाई गर्नसक्छ,' भनी ऊ त्यस कार्यमा सहायक हुन्छन् । भिक्षुहो ! यी नै सप्तकार्य शैक्ष भिक्षुको निम्ति परिहानिय धर्म हुन् ।



Downloaded from http://dhamma.digital

"भिक्षुहो ! शैक्ष भिक्षुका निम्ति यी सप्त अपरिहानिय धर्म हुन् । ती सात के-के हुन् ? काममा व्यस्त नहुने, कुरौटे नहुने, निद्रालू नहुने, जमातमा बस्न नरुचाउने, इन्द्रियमा संयमित हुने, भोजनमा मात्रज्ञ हुने, संघमा संघ कृत्यरहेकै हुन्छ भनी शैक्ष भिक्षुले सोच्नेगर्छ– 'संघमा स्थविर भिक्षु छन्, प्रसिद्ध छन्, चिरप्रव्रजित हुन्, कार्यभार वहन गर्नसक्ने हुन्, उसले यस कार्यलाई गर्नसक्छ' भनी ऊ त्यस कार्यमा सहायक हुँदैनन् । भिक्षुहो ! यी नै सप्त कार्य शैक्ष भिक्षुको निम्ति अपरिहानिय धर्म हुन् ।"

## ९. दुतियपरिहानिसुत्तं

२९. "भिक्षुहो ! उपासकको निम्ति यी सप्त परिहानिय धर्म हुन् । ती सात के-के हुन् ? भिक्षुको दर्शन गर्न छोड्छ, सद्धर्म श्रवण गर्नमा प्रमादि हुन्छ, अधि-शीलको शिक्षा लिंदैन, धेरै अश्रद्धालू हुन्छ, भिक्षुहरूमा थेर भिक्षु, नवक भिक्षु, मध्मम भिक्षुलाई दोष दिंदै धर्म श्रवण गर्ने हुन्छ, छिद्रान्वेषी हुन्छ, बुद्धशासन भन्दा बाहिर दक्षिणा दिन चाहन्छ अनि पहिला तिनीहरूकै आदर-सत्कार गर्छ । भिक्षुहो ! उपासकको निम्ति यी नै सप्त परिहानिय धर्म हुन् ।

"भिक्षुहो ! उपासकको निम्ति यी सप्त अपरिहानिय धर्म हुन् । ती सात के-के हुन् ? भिक्षुको दर्शन गर्न छोड्दैन, सद्धर्म श्रवण गर्नमा प्रमादि हुँदैन, अधि-शीलको शिक्षा लिन छाडदैन, औधि श्रद्धावान हुन्छ, भिक्षुहरूमा थेर भिक्षु, नवक भिक्षु, मध्मम भिक्षुलाई दोष दिंदै धर्म श्रवण गर्दैन, छिद्रान्वेषी हुँदैनन्, बुद्धशासन भन्दा बाहिर दक्षिणा दिन चाहँदैन अनि पहिला यहाँकालाई नै आदर-सत्कार गर्छ ।" भिक्षुहो ! उपासकको निम्ति यी नै सप्त अपरिहानिय धर्म हुन् । यसरी भन्नु भएपछि भगवानले पुन: यसो भन्नुभयो–

"दस्सनं भावितत्तानं, यो हापेति उपासको ।
सवनञ्च अरियधम्मानं, अधिसीले न सिक्खति ॥

"जो उपासकले संयमित भिक्षुको दर्शन गर्न छाडिदिन्छ, आर्य-धर्म श्रवण गर्दैन, अधि-शीलको शिक्षालाई ग्रहण गर्दैन ।

"अप्पसादो च भिक्खूसु, भिय्यो भिय्यो पवड्ढति ।
उपारम्भकचित्तो च, सद्धम्मं सोतुमिच्छति ॥

"भिक्षुहरूप्रति झन् झन् अश्रद्धा बढ्दै जान्छ, अवगुण गवेषी चित्तको भई धर्म श्रवण गर्छ ।



Downloaded from http://dhamma.digital

**"इतो च बहिद्धा अञ्ञं, दक्खिणेय्यं गवेसति ।**
**तत्थेव च पुब्बकारं, यो करोति उपासको ॥**

"यहाँबाट बहिर्मुखी भई अन्यत्र दक्षिणा दिन गवेषक हुन्छ, त्यहीं नै पहिला आदर-सत्कार गर्छ ।

**"एते खो परिहानिये, सत्त धम्मे सुदेसिते ।**
**उपासको सेवमानो, सद्धम्मा परिहायति ॥**

"यी नै परिहानि हुने सप्त धर्मलाई सुदेशना गरें, यदि उपासकले यसैलाई व्यवहार गरिरहेमा सद्धर्मबाट परिहानि हुनेछ ।

**"दस्सनं भावितत्तानं, यो न हापेति उपासको ।**
**सवनञ्च अरियधम्मानं, अधिसीले च सिक्खति ॥**

"जो उपासकले संयमित भिक्षुको दर्शन गर्न छाड्दैन, आर्यधर्मलाई सुन्ने गर्छ, अधि-शीलको शिक्षालाई ग्रहण गर्छ ।

**"पसादो चस्स भिक्खूसु, भिय्यो भिय्यो पवड्ढति ।**
**अनुपारम्भचित्तो च, सद्धम्मं सोतुमिच्छति ॥**

"भिक्षुहरूप्रति झन्-झन् श्रद्धा बढ्दै जान्छ, अवगुण गवेषी चित्तको नभई धर्म श्रवण गर्छ ।

**"न इतो बहिद्धा अञ्ञं, दक्खिणेय्यं गवेसति ।**
**इधेव च पुब्बकारं, यो करोति उपासको ॥**

"यहाँबाट बहिर्मुखी भई अन्यत्र दक्षिणा दिन अन्वेषक हुँदैन, यहीं नै पहिला आदर-सत्कार गर्छ ।

**"एते खो अपरिहानिये, सत्त धम्मे सुदेसिते ।**
**उपासको सेवमानो, सद्धम्मा न परिहायती"ति ॥**

"यी नै अपरिहानि सप्त धर्मलाई सुदेशित गरें, यदि उपासकले यसैलाई व्यवहार गरिरहेमा सद्धर्मबाट परिहानि हुनेछैन ।"



Downloaded from http://dhamma.digital

## १०. विपत्तिसुत्तं

३०. "भिक्षुहो ! उपासकको निम्ति सप्त विपत्ति ... भिक्षुहो ! उपासकको निम्ति सप्त सम्पत्ति ... ।

## ११. पराभवसुत्त

३१. "भिक्षुहो ! उपासकका निम्ति पतन हुने यी सप्त धर्म हुन् ... भिक्षुहो ! उपासकका निम्ति पतन नहुने यी सप्त धर्म हुन् । ती सात के-के हुन् ? भिक्षुको दर्शन गर्न छोड्दैनन्, सद्धर्म श्रवण गर्नमा प्रमादि हुँदैनन्, अधि-शिक्षालाई छाड्दैनन्, औधि श्रद्धावान हुन्छन्, भिक्षुहरूमा थेर भिक्षु, नवक भिक्षु, मध्मम भिक्षुलाई दोष दिँदै धर्म श्रवण गर्दैनन्, छिद्रान्वेषी हुँदैनन्, बुद्धशासन भन्दा बाहिर दक्षिणा दिन चाह गर्ने हुँदैनन् अनि पहिला यहाँकालाई नै आदरसत्कार गर्छ ।" भिक्षुहो ! उपासकको निम्ति यी नै पतन नहुने सप्त धर्म हुन् ।

"दस्सनं भावितत्तानं, यो हापेति उपासको ।
सवनञ्च अरियधम्मानं, अधिसीले न सिक्खति ॥

"अप्पसादो च भिक्खूसु, भिय्यो भिय्यो पवड्ढति ।
उपारम्भकचित्तो च, सद्धम्मं सोतुमिच्छति ॥

"इतो च बहिद्धा अञ्ञं, दक्खिणेय्यं गवेसति ।
तत्थेव च पुब्बकारं, यो करोति उपासको ॥

"एते खो परिहानिये, सत्त धम्मे सुदेसिते ।
उपासको सेवमानो, सद्धम्मा परिहायति ॥

"दस्सनं भावितत्तानं, यो न हापेति उपासको ।
सवनञ्च अरियधम्मानं, अधिसीले च सिक्खति ॥

"पसादो चस्स भिक्खूसु, भिय्यो भिय्यो पवड्ढति ।
अनुपारम्भचित्तो च, सद्धम्मं सोतुमिच्छति ॥

"न इतो बहिद्धा अञ्ञं, दक्खिणेय्यं गवेसति ।
इधेव च पुब्बकारं, यो करोति उपासको ॥



Downloaded from http://dhamma.digital

"एते खो अपरिहानिये, सत्त धम्मे सुदेसिते ।
उपासको सेवमानो, सद्धम्मा न परिहायती"ति ॥

(यसको अर्थ माथि उल्लेख भइसकेको छ ।)

Dhamma.Digital

Downloaded from http://dhamma.digital

## ४. देवतावग्गो

### १. अप्पमादगारवसुत्तं

३२. त्यस समय कोही एक ज्योतिर्वर्णका देवताले समस्त जेतवनलाई ज्योतिर्मय पार्दै जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गए। गएर भगवानलाई अभिवादन गरी एकठाउँमा बसे। एकठाउँमा बसेका देवताले भगवानलाई यसो भने–

"भन्ते ! भिक्षुका निम्ति यी सप्त अपरिहानिय धर्म छन्। ती सात के-के हुन् ? शास्ताप्रति गौरव गर्छ, धर्मप्रति गौरव गर्छ, संघप्रति गौरव गर्छ, शिक्षाप्रति गौरव गर्छ, समाधिप्रति गौरव गर्छ, अप्रमादप्रति गौरव गर्छ अनि मैत्रीभावप्रति गौरव गर्छ। भन्ते ! भिक्षुका निम्ति यी नै सप्त अपरिहानिय धर्म हुन्। ती देवताले त्यसरी भने। (देवताको कथनलाई) शास्ताले समर्थन गर्नुभयो। अनि ती देवताले (मैले भनेकोलाई) "शास्ताले समर्थन गर्नुभयो" भनी भगवानलाई अभिवादन र प्रदक्षिणा गरी त्यहीं अन्तर्धान भए।

अनि त भगवानले त्यस रात बितेपछि भिक्षुहरूलाई सम्बोधन गर्नुभयो– "भिक्षुहो ! आजको रातमा कोही एक ज्योतिर्वर्ण देवताले समस्त जेतवन ज्योतिर्मय पार्दै जहाँ म थिएँ त्यहाँ आए। आएर मलाई अभिवादन गरी एकठाउँमा बसे। एकठाउँमा बसेका देवताले मलाई यसो भन्यो–

'भन्ते ! भिक्षुका निम्ति यी सप्त अपरिहानिय धर्म हुन्। ती सात के-के हुन् ? शास्ताप्रति गौरव गर्छ, धर्मप्रति गौरव गर्छ, संघप्रति गौरव गर्छ, शिक्षाप्रति गौरव गर्छ, समाधिप्रति गौरव गर्छ, अप्रमादप्रति गौरव गर्छ अनि मैत्री-भावप्रति गौरव गर्छ। भन्ते ! भिक्षुका निम्ति यी नै सप्त अपरिहानिय धर्म हुन्।' भिक्षुहो ! यसरी भनेपछि ती देवताले मलाई अभिवादन र प्रदक्षिणा गरी त्यहीं अन्तर्धान भए।"

**"सत्थुगरु धम्मगरु, सङ्घे च तिब्बगारवो।**
**समाधिगरु आतापी, सिक्खाय तिब्बगारवो॥**

"शास्ताप्रति गौरव गर्ने, धर्मप्रति गौरव गर्ने, संघप्रति तीब्र गौरव गर्ने, समाधिप्रति गौरव गरी प्रयत्न-शील हुने अनि शिक्षाप्रति तीब्र गौरव गर्ने हुन्छ।

**"अप्पमादगरु भिक्खु, पटिसन्थारगारवो।**
**अभब्बो परिहानाय, निब्बानस्सेव सन्तिके"ति॥**



Downloaded from http://dhamma.digital

"अप्रमादप्रति गौरव गर्ने र मैत्री भावप्रति गौरव राख्ने भिक्षु पतन हुनु भनेको असम्भव हो अनि निर्वाण नजिकै पुगेको हुन्छ।"

## २. हिरीगारवसुत्तं

३३. "भिक्षुहो ! आजको रातमा कोही एक ज्योतिर्वर्ण देवताले समस्त जेतवनलाई ज्योतिर्मय पार्दै जहाँ म थिएँ त्यहाँ आए। आएर मलाई अभिवादन गरी एकठाउँमा बसे। एकठाउँमा बसेका देवताले मलाई यसो भन्यो–

'भन्ते ! भिक्षुका निम्ति यी सप्त अपरिहानिय धर्म हुन्। ती सात के-के हुन् ? शास्ताप्रति गौरव गर्छ, धर्मप्रति गौरव गर्छ, संघप्रति गौरव गर्छ, शिक्षाप्रति गौरव गर्छ, समाधिप्रति गौरव गर्छ, लज्जाप्रति गौरव गर्छ अनि (पाप) भयप्रति गौरव गर्छ। भन्ते ! भिक्षुका निम्ति यी नै सप्त अपरिहानिय धर्म हुन्।' भिक्षुहो ! यसरी भनेपछि ती देवताले मलाई अभिवादन र प्रदक्षिणा गरी त्यहीं अन्तर्धान भए।"

**"सत्थुगरु धम्मगरु, सङ्घे च तिब्बगारवो।**
**समाधिगरु आतापी, सिक्खाय तिब्बगारवो॥**

"शास्ताप्रति गौरव, धर्मप्रति गौरव, संघप्रति तीव्र गौरव, समाधिप्रति गौरव, प्रयत्न-शील र शिक्षाप्रति तीव्र गौरव गर्छ।

**"हिरि ओत्तप्पसम्पन्नो, सप्पतिस्सो सगारवो।**
**अभब्बो परिहानाय, निब्बानस्सेव सन्तिके"ति॥**

"लजालू र (पाप) भीरु सम्पन्न भई यी सबैमा गौरव गर्छ भने (ऊ) पतन हुनु भनेको असम्भव हो अनि निर्वाणको नजिकै पुगेको हुन्छ।"

## ३. पठमसोवचस्सतासुत्तं

३४. "भिक्षुहो ! आजको रातमा कोही एक ज्योतिर्वर्ण भएका देवताले ... मलाई यसो भन्यो–

'भन्ते ! भिक्षुका निम्ति यी सप्त अपरिहानिय धर्म छन्। ती सात के-के हुन् ? शास्ताप्रति गौरव गर्छ, धर्मप्रति गौरव गर्छ, संघप्रति गौरव गर्छ, शिक्षाप्रति गौरव गर्छ, समाधिप्रति गौरव गर्छ, शिक्षाकामी हुन्छ अनि कल्याण



Downloaded from http://dhamma.digital

मित्रसंग मित्रता हुन्छ । 'भन्ते ! भिक्षुका निम्ति यी नै सप्त अपरिहानिय धर्म हुन् ।' भिक्षुहो ! यसरी भनेपछि ती देवताले मलाई अभिवादन र प्रदक्षिणा गरी त्यहीं अन्तर्धान भएर गए ।"

**"सत्थुगरु धम्मगरु, सङ्घे च तिब्बगारवो ।**
**समाधिगरु आतापी, सिक्खाय तिब्बगारवो ॥**

"शास्ताप्रति गौरव गर्ने, धर्मप्रति गौरव गर्ने, संघप्रति तीब्र गौरव गर्ने, समाधिप्रति गौरव गरी प्रयत्न-शील हुनुकासाथै शिक्षाप्रति तीब्र गौरव गर्ने हुन्छ ।

**"कल्याणोमित्तो सुवचो, सप्पतिस्सो सगारवो ।**
**अभब्बो परिहानाय, निब्बानस्सेव सन्तिके"ति ॥**

"कल्याण मित्रता, सुवच हुनुकासाथै सबैमा गौरव गर्ने हुन्छ भने (ऊ) पतन हुनु भनेको असम्भव हो अनि निर्वाणको नजिकै पुग्ने हुन्छ ।"

## ४. दुतियसोवचस्सतासुत्तं

३५. "भिक्षुहो ! आजको रातमा कोही एक ज्योतिर्वर्ण भएका देवताले ... 'भन्ते ! भिक्षुका निम्ति यी सप्त अपरिहानिय धर्म छन् । ती सात के-के हुन् ? शास्ताप्रति गौरव गर्छ, धर्मप्रति गौरव गर्छ, संघप्रति गौरव गर्छ, शिक्षाप्रति गौरव गर्छ, समाधिप्रति गौरव गर्छ, शिक्षकामी हुन्छ अनि कल्याण मित्रसंग मित्रता गर्ने हुन्छ । 'भन्ते ! भिक्षुका निम्ति यी नै सप्त अपरिहानिय धर्म हुन् ।' भिक्षुहो ! यसरी भनेपछि ती देवताले मलाई अभिवादन र प्रदक्षिणा गरी त्यहीं अन्तर्धान भएर गए ।"

भगवानले भन्नु भएपछि सारिपुत्तले भगवानलाई यसरी भन्नुभयो– "भन्ते ! भगवानले यस संक्षिप्तमा भन्नु भएकोलाई मैले विस्तृतरूपमा अर्थलाई यसरी जान्दछु । भन्ते ! भिक्षु स्वयम् शास्ताप्रति गौरव गर्ने हुन्छन्, शास्ताप्रति गौरव गर्नेलाई प्रशंसा गर्ने हुन्छन् । जो अन्य भिक्षु हुन्छन् उसले शास्ताप्रति गौरव गर्दैनन् भने उसलाई शास्ताप्रति गौरव गर्न प्रेरणा दिने हुन्छन् । जो अन्य भिक्षुले शास्ताप्रति गौरव गर्ने हुन्छन्, उसलाई समयानुकूल यथार्थ प्रशंसा गर्ने हुन्छन् । स्वयम् धर्मप्रति गौरव गर्ने हुन्छन् ... संघप्रति गौरव गर्ने हुन्छन् ... शिक्षाकामी हुन्छन् ... समाधिप्रति गौरव गर्ने हुन्छन् ... कल्याण मित्रका सत्संगतमा लाग्ने हुन्छन्, सत्संगतलाई प्रशंसा गर्ने हुन्छन्, जो अन्य भिक्षु सत्संगतमा लागिरहेका हुन्छन्, उसलाई समयानुसार यथार्थ प्रशंसा



Downloaded from http://dhamma.digital

गर्ने हुन्छन् । भन्ते ! भगवानले यस संक्षिप्तमा भन्नु भएकोलाई मैले विस्तृतरूपमा यसरी अर्थलाई जान्दछु ।

साधु साधु, सारिपुत्त ! मैले जुन यो संक्षिप्तमा भनें त्यसलाई सारिपुत्त ! तिमीले राम्रोसित सविस्तार अर्थलाई जान्यौ । सारिपुत्त ! यहाँ भिक्षुले स्वयम् आफूले शास्ताप्रति गौरव गर्ने हुन्छन्, शास्ताप्रति गौरव गर्नेलाई प्रशंसा गर्ने हुन्छन् । जो अन्य भिक्षु हुन्छन् उसले शास्ताप्रति गौरव गर्दैनन् भने उसलाई शास्ताप्रति गौरव गर्न प्रेरणा दिने हुन्छन् । जो अन्य भिक्षुले शास्ताप्रति गौरव गर्ने हुन्छन्, उसलाई समयानुकूल यथार्थ प्रशंसा गर्ने हुन्छन् । स्वयम् धर्मप्रति गौरव गर्ने हुन्छन् ... संघप्रति गौरव गर्ने हुन्छन् ... शिक्षाकामी हुन्छन् ... समाधिप्रति गौरव गर्ने हुन्छन् ... कल्याण मित्रका सत्संगतमा लाग्ने हुन्छन्, सत्संगतलाई प्रशंसा गर्ने हुन्छन्, जो अन्य भिक्षु सत्संगतमा लागिरहेका हुन्छन्, उसलाई समयानुसार यथार्थ प्रशंसा गर्ने हुन्छन् । सारिपुत्त ! मैले संक्षिप्तमा भनेकोलाई यसरी नै सविस्तार अर्थ जान्नुपर्छ ।"

## ५. पठममित्तसुत्तं

३६. "भिक्षुहो ! सात अङ्गसम्पन्न मित्रसंग संगत गर्नुपर्छ । ती सात के- के हुन् ?

दिनु पर्दा गाह्रो हुने पनि दिन्छ, गर्नु पर्दा गाह्रो काम गरिदिन्छ, सहन पर्दा गाह्रो हुने सहने हुन्छ, आफ्नो रहस्यमय कुरालाई प्रकट गर्छ, गुप्त गरी राख्नु पर्नेलाई गुप्त गरी राख्छ, विपत्ति परेमा नछाड्ने हुन्छ अनि दुर्दशामा परिंदा अवहेलना गर्दैन । भिक्षुहो ! यी नै सात अङ्गसम्पन्न मित्रसंग संगत गर्नुपर्छ ।

"दुद्ददं ददाति मित्तो, दुक्करञ्चापि कुब्बति ।
अथोपिस्स दुरुत्तानि, खमति दुक्खमानि च ॥

"दिंदा गाह्रो हुने दिन्छ, गर्नु पर्दा गाह्रो हुने कार्य गरिदिन्छ । असह्य दुर्वचनलाई पनि सहन्छ ।

"गुय्हञ्च तस्स अक्खाति, गुय्हस्स परिगूहति ।
आपदासु न जहाति, खीणेन नातिमञ्ञति ॥



Downloaded from http://dhamma.digital

"रहस्यमय कुरालाई खुलस्त गरी भन्छ, गुप्त गरी राख्नु पर्नेलाई गुप्त गरी राख्छ, विपत्तिमा परिंदा न छाड्ने हुन्छ; दुर्दशामा परिंदा अवहेला नगर्ने हुन्छ।

**"यह्मि एतानि ठानानि, संविज्जन्तीध पुग्गले।**
**सो मित्तो मित्तकामेन भजितब्बो तथाविधो"ति॥**

"जो व्यक्तिसंग यी गुण सविद्यमान छन्, त्यसप्रकारका मित्रसंग मित्र चाहना गर्नेले सेवामा लाग्नुपर्छ।"

## ६. दुतियमित्तसुत्तं

३७. "भिक्षुहो ! सात अङ्गसम्पन्न मित्र भिक्षुसंग संगत गर्नुपर्छ, सेवामा लाग्नुपर्छ, साथमा लाग्नुपर्छ अनि उपेक्षित भएता पनि। ती सात के-के हुन् ? प्रिय हुन्छ, स्नेहपात्र हुन्छ, गौरवशाली हुन्छ, सम्माननीय हुन्छ, वक्ता हुन्छ, गम्भीर कुरालाई भन्नसक्छ अनि अनुचित मार्गमा लगाउँदैन।

**"पियो गरु भावनीयो, वत्ता च वचनक्खमो।**
**गम्भीरञ्च कथं कत्ता, नो चट्ठाने नियोजको॥**

"प्रिय, गौरवशाली, सम्माननीय, वक्ता, वचन-क्षम हुन्छ। गम्भीर कुरा गर्ने हुन्छ, अनुचित मार्गमा नलगाउने हुन्छ।

**"यह्मि एतानि ठानानि, सविज्जन्तधि पुग्गले।**
**सो मित्तो मित्तकामेन, अत्थकामानुकम्पतो।**
**अपि नासियमानेन भजितब्बो तथाविधो"ति॥**

"जो व्यक्तिसंग यी गुण सविद्यमान छन्, त्यसप्रकारका मित्रसंग मित्र चाहना गर्नेले सेवामा लाग्नुपर्छ। दण्ड दिने भएता पनि त्यसप्रकार-कासंग सेवामा लाग्नुपर्छ।

## ७. पठमपटिसम्भिदासुत्तं

३८. "भिक्षुहो ! सप्त धर्मसम्पन्न भिक्षु चिरकाल नबित्दै चार प्रतिसम्भिदा (दो.सं. अङ्गुत्तरनिकायको दोस्रो भाग ३६३ पन्नामा हेरौं) लाई स्वयम्ले अभिज्ञात तथा साक्षात्कार गरी बस्नेछन्। ती सात के-के हुन् ? भिक्षुहो ! यहाँ भिक्षुले 'अहिले मेरो चित्त संकोचित छ' भनी यथार्थसहित जानेको हुन्छ, भित्री



Downloaded from http://dhamma.digital

चित्तमा संक्षिप्त हुँदा 'मेरो चित्त संक्षिप्त छ' भनी यथार्थसहित जानेको हुन्छ, बाहिरी चित्तमा विक्षिप्त हुँदा 'बाहिरी मेरो चित्तमा विक्षिप्त छ' भनी यथार्थसहित जानेको हुन्छ, उसको जानकारीमा वेदनाको उत्पत्ति, जानकारीमा स्थिति अनि जानकारीमै निरोध हुन्छ । जानकारीमा संज्ञाको उत्पत्ति, जानकारीमा स्थिति अनि जानकारीमै निरोध हुन्छ । जानकारीमा वितर्कको उत्पत्ति, जानकारीमा स्थिति अनि जानकारीमै निरोध हुन्छ । उसले आफ्नो प्रज्ञाद्वारा अनुकूल-प्रतिकूल, बढिया-घटिया, कृष्ण-शुक्ल सप्रतिभाग धर्मको निमित्तलाई राम्रोसित ग्रहण गरेको हुन्छ, राम्रोसित धारण गरेको हुन्छ अनि राम्रोसित छिचोल्न सक्छ । भिक्षुहो ! यी नै सप्त धर्मसम्पन्न भिक्षु चिरकाल नबित्दै चतुर्प्रटिसम्भिदालाई स्वयम्ले अभिज्ञात तथा साक्षात्कार गरी बस्ने छन् ।"

## ८. दुतियपटिसम्भिदासुत्तं

३९."भिक्षुहो ! सप्त धर्मसम्पन्न सारिपुत्तले चिरकाल नबिताई चारै प्रतिसम्भिदालाई स्वयम्ले अभिज्ञात तथा साक्षात्कार गरी विहार गरिरहेको छ । ती सात के-के हुन् ? भिक्षुहो ! यहाँ सारिपुत्तले 'अहिले मेरो चित्त संकोचित छ' भनी यथार्थसहित जानेको छ, भित्री चित्तमा सक्षिप्त हुँदा 'मेरो चित्त संक्षिप्त छ' भनी यथार्थ सहित जानेको छ, बाहिरी चित्तमा विक्षिप्त हुँदा 'बाहिरी चित्तमा मेरो विक्षिप्त छ' भनी यथार्थसहित जानेको छ, उसको जानकारीमा वेदनाको उत्पत्ति, जानकारीमा स्थिति अनि जानकारीमै निरोध हुन्छ । जानकारीमा संज्ञाको उत्पत्ति ... वितर्कको उत्पत्ति, जानकारीमा स्थिति अनि जानकारीमै निरोध हुन्छ । उसले आफ्नो प्रज्ञाद्वारा अनुकूल-प्रतिकूल, बढिया-घटिया, कृष्ण-शुक्ल सप्रतिभाग धर्मको निमित्तलाई राम्रोसित ग्रहण गरेको छ, राम्रोसित धारण गरेको छ अनि राम्रोसित छिचोल्न सकेको छ । भिक्षुहो ! यी नै सप्त धर्मसम्पन्न सारिपुत्तले चिरकाल नबिताइकन चतुर्प्रटिस-म्भिदालाई स्वयम्ले अभिज्ञात तथा साक्षात्कार गरी विहार गरिरहेको छ ।"

## ९. पठमवससुत्तं

४०. "भिक्षुहो ! सप्त धर्मसम्पन्न भिक्षुले चित्तलाई वशमा राखेको हुन्छ, चित्तको वशमा पर्दैन । ती सात के-के हुन् ? भिक्षुहो ! यहाँ भिक्षु समाधि कुशल (दक्ष) हुन्छ, समाधि लगाउनमा कुशल हुन्छ, समाधिको स्थितिमा कुशल हुन्छ, समाधिबाट उठ्नमा कुशल हुन्छ, समाधि कल्याण हुन कुशल हुन्छ, समाधि गोचर कुशल हुन्छ अनि समाधि अधिष्ठित हुन कुशल हुन्छ ।



Downloaded from http://dhamma.digital

भिक्षुहो ! यी नै सप्त धर्मसम्पन्न भिक्षुले चित्तलाई वशमा राखेको हुन्छ, चित्तको वशमा पर्दैन ।"

## १०. दुतियवससुत्तं

४१. "भिक्षुहो ! सप्त धर्मसम्पन्न सारिपुत्तले चित्त वशमा राखेको छ, चित्तको वशमा परेको छैन । ती सात के-के हुन् ? भिक्षुहो ! यहाँ सारिपुत्त समाधिमा कुशल छ, समाधि लगाउनमा कुशल छ, समाधिको स्थितिमा कुशल छ, समाधिबाट उठ्नमा कुशल छ, समाधिमा कल्याण हुन कुशल छ, समाधि गोचर कुशल छ अनि समाधिमा अधिष्ठित हुन कुशल छ । भिक्षुहो ! यी नै सप्त धर्मसम्पन्न सारिपुत्तले चित्त वशमा राखेको छ, चित्तको वशमा परेको छैन ।"

## ११. पठमनिद्दससुत्तं

४२. त्यसबेला सारिपुत्त पूर्वाण्ह समय चीवर धारण गरी पात्र र चीवर-लिई सावत्थिमा भिक्षार्थ प्रवेश गर्नुभयो । त्यसबेला आयुष्मान सारिपुत्तमा यस्तो विचार आयो– "सावत्थिमा भिक्षार्थ जानु समय धेरै नै छ । अहिले किन म अन्य तैर्थिक परिब्राजकका आराम हो, त्यहाँ न जाऊँ ।" अनि त आयुष्मान सारिपुत्त जहाँ अन्य तैर्थिक परिब्राजकका आराम हो त्यहाँ जानुभयो, जानुभई ती अन्य तैर्थिक परिव्राजकसंग कुशलवार्ता गर्नुभयो । कुशल वार्तापछि एकठाउँमा बस्नुभयो । त्यसबेला त्यहाँ एकत्र भई बसेका अन्य तैर्थिक परिव्राजकहरूमा यस्तो कुराकानी चलिरहेको थियो कि, आयुष्मानहो ! जो कोहीले बाह्र वर्षसम्म परिपूर्ण र परिशुद्ध गरी ब्रह्मचर्य पालन गर्छ भने उसलाई 'विशिष्ट भिक्षु' मानिन्छ ।

अनि त आयुष्मान सारिपुत्तले अन्य तैर्थिक परिव्राजकका कथनलाई अभिनन्दन पनि गर्नु भएन, खण्डन पनि गर्नु भएन । अभिनन्दन र खण्डन नगरिकन उठेर जानुभयो । 'भगवानसंग नै यस कथनको अर्थलाई बुझ्नेछु ।" अनि त आयुष्मान सारिपुत्तले सावत्थिमा भिक्षाटन गर्नुभई भोजनपछि जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ जानुभयो । त्यहाँ पुग्नुभई भगवानलाई अभिवादन गरी एकठाउँमा बस्नुभयो । एकठाउँमा बस्नु भएपछि आयुष्मान सारिपुत्तले भगवानलाई भन्नुभयो–

"भन्ते ! आज म पूर्वाण्ह समय चीवर धारण गरी पात्र र चीवर लिएर सावत्थिमा प्रविष्ट भएको थिएं । भन्ते ! त्यसबेला मलाई यस्तो लाग्यो–



Downloaded from http://dhamma.digital

'सावत्थिमा भिक्षार्थ जानु समय धेरै नै छ । अहिले किन म अन्य तैर्थिक परिव्राजकका आराम हो, त्यहाँ न जाऊँ ।' अनि त म, भन्ते ! जहाँ अन्य तैर्थिक परिव्राजकका आराम हो त्यहाँ गएं, गएर ती अन्य तैर्थिक परिव्राजक-हरूसंग कुशलवार्ता गरें । कुशल वार्तापछि एकठाउँमा बसें । त्यसबेला त्यहाँ एकत्र भई बसेका अन्य तैर्थिक परिव्राजकहरूमा यस्तो कुराकानी चलिरहेको थियो कि, आयुष्मानहो ! जो कोहीले बाह्र वर्षसम्म परिपूर्ण र परिशुद्ध गरी ब्रह्मचर्य पालन गर्छ भने उसलाई 'विशिष्ट भिक्षु भनिन्छ ।' अनि त मैले तिनीहरूको कथनलाई अभिनन्दन र खण्डन नगरिनकन आसनबाट उठेर आई– 'भगवानसंग नै यसको अर्थ बुझ्नेछु ।' भन्ते ! के यस धर्म-विनयमा केवल वर्ष गणनानुसार कोही भिक्षुको विशिष्टतालाई मान्न सकिन्छ ?"

"सारिपुत्त ! यस धर्म-विनयमा केवल वर्ष गणनानुसार कोही भिक्षुलाई विशिष्टताको घोषित गर्न सकिंदैन । सारिपुत्त ! यी सात विशेषताको लक्षणलाई मैले स्वयम् जान्नुकासाथै साक्षात्कार गरी घोषित गरेको छु ।

"ती सात के-के हुन् ? सारिपुत्त ! यहाँ भिक्षु शिक्षा ग्रहण गर्नमा तीव्र इच्छा गर्ने हुन्छ, भविष्यमा पनि शिक्षा ग्रहण गर्नमा उत्साही हुन्छ, चलि-आएको धर्ममा तीव्र इच्छा गर्ने हुन्छ, भविष्यमा पनि चलि आउने धर्ममा उत्साही हुन्छ, इच्छालाई शान्त पार्न तीव्र इच्छा गर्ने हुन्छ, भविष्यमा पनि इच्छालाई शान्त पार्न उत्साही हुन्छ, एकान्त सेवन गर्नमा तीव्र इच्छा गर्ने हुन्छ, भविष्यमा पनि एकान्त सेवन गर्नमा उत्साही हुन्छ, वीर्यारम्भ गर्नमा तीव्र इच्छा गर्ने हुन्छ, भविष्यमा पनि वीर्यारम्भ गर्नमा उत्साही हुन्छ, स्मृति-विवेकप्रति तीव्र इच्छा गर्ने हुन्छ, भविष्यमा पनि स्मृति-विवेकप्रति उत्साही हुन्छ, दृष्टिद्वारा छिचोल्नेप्रति तीव्र इच्छा गर्ने हुन्छ, भविष्यमा पनि दृष्टिद्वारा छिचोल्नेप्रति उत्साही हुन्छ । सारिपुत्त ! यी नै सात विशेषताको लक्षणलाई मैले स्वयम् जानेर अनि साक्षात्कार गरी घोषित गरेको छु । सारिपुत्त ! यी सात विशेषताको लक्षणले सम्पन्न भिक्षु बाह्र वर्षसम्म परिपूर्ण परिशुद्ध ब्रह्मचर्य पालन गरेता पनि उसलाई 'विशिष्ट भिक्षु' भनी मानिन्छ । चौबीस बर्षसम्म परिपूर्ण परिशुद्ध ब्रह्मचर्य पालन गरेता पनि उसलाई 'विशिष्ट भिक्षु' भनी मानिन्छ । छत्तीस वर्षसम्म परिपूर्ण परिशुद्ध ब्रह्मचर्य पालन गरेता पनि उसलाई 'विशिष्ट भिक्षु' भनी मानिन्छ । अड्चालीस वर्षसम्म परिपूर्ण परिशुद्ध ब्रह्मचर्य पालन गरेता पनि उसलाई 'विशिष्ट भिक्षु' भनी मानिन्छ ।"



Downloaded from http://dhamma.digital

# १२. दुतियनिद्दससुत्तं

४३. मैले यस्तो सुनें– एकसमय भगवान कोसम्बिस्थित घोसितारामऽमा बस्नुहुन्थ्यो । त्यसबेला आयुष्मान आनन्द पूर्वाण्ह समय चीवर धारण गरी पात्र र चीवर लिई सावत्थिमा भिक्षार्थ प्रवेश गर्नुभयो । त्यसबेला आयुष्मान आनन्दको मनमा यस्तो विचार आयो– 'सावत्थिमा भिक्षार्थ जानु समय धेरै नै छ । अहिले किन म अन्य तैर्थिक परिब्राजकका आराम हो, त्यहाँ न जाऊँ ।' अनि त आयुष्मान आनन्द जहाँ अन्य तैर्थिक परिब्राजकका आराम हो, त्यहाँ जानुभयो । जानुभई ती अन्य तैर्थिक परिव्राजकहरूसंग कुशल वार्ता गर्नुभयो । कुशल वार्तापछि एकठाउँमा बस्नुभयो ।

त्यसबेला त्यहाँ एकत्र भई बसेका अन्य तैर्थिक परिव्राजकहरूमा यस्तो कुराकानी चलिरहेको थियो कि, आयुष्मानहो ! जो कोहीले बाह्र वर्षसम्म परिपूर्ण र परिशुद्धगरी ब्रह्मचर्य पालन गरेमा उसलाई 'विशिष्ट 'भिक्षु' मानिन्छ । अनि त आयुष्मान आनन्दले अन्य तैर्थिक परिव्राजकका कथनलाई अभिनन्दन पनि गर्नु भएन, खण्डन पनि गर्नु भएन । अभिनन्दन र खण्डन नगरिकन उठेर जानुभयो । 'भगवानसंग नै यस कथनको अर्थलाई बुझ्नेछु ।' अनि त आयुष्मान आनन्दले कोसम्बिमा भिक्षाटन गर्नुभई भोजनपछि जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ जानुभयो । त्यहाँ पुग्नुभई भगवानलाई अभिवादन गरी एकठाउँमा बस्नुभयो । एकठाउँमा बस्नु भएपछि आयुष्मान आनन्दले भगवानलाई यसरी भन्नुभयो–

"भन्ते ! आज म पूर्वाण्ह समयमा चीवर धारण गरी पात्र र चीवर लिएर सावत्थिमा प्रविष्ट भएको थिएं । भन्ते ! त्यसबेला मलाई यस्तो लाग्यो 'सावत्थिमा भिक्षार्थ जानु समय धेरै नै छ । अहिले किन म अन्य तैर्थिक परिब्राजकका आराम हो, त्यहाँ न जाऊँ ।' अनित म, भन्ते ! जहाँ अन्य तैर्थिक परिब्राजकका आराम हो त्यहाँ गएं । गएर ती अन्य तैर्थिक परिव्राजकहरूसंग कुशलवार्ता गरें । कुशलवार्तापछि एकठाउँमा बसें ।

त्यसबेला त्यहाँ एकत्र भई बसेका अन्य तैर्थिक परिव्राजकहरूमा यस्तो कुराकानी चलिरहेको थियो कि, आयुष्मानहो ! जो कोहीले बाह्र वर्षसम्म परिपूर्ण र परिशुद्ध गरी ब्रह्मचर्य पालन गरेमा उसलाई 'विशिष्ट भिक्षु भनिन्छ ।' अनित मैले तिनीहरूको कथनलाई अभिनन्दन र खण्डन गरिन । अभिनन्दन र खण्डन नगरिकन आसनबाट उठेर आई– 'भगवानसंग नै यसको



Downloaded from http://dhamma.digital

अर्थलाई बुझ्नेछु ।' भन्ते ! के यो धर्म-विनयमा केवल वर्ष गणनानुसार कोही भिक्षुको विशिष्टतालाई मान्न सकिन्छ ?"

"आनन्द ! यस धर्म-विनयमा केवल वर्ष गणनानुसार कोही भिक्षुलाई विशिष्टताको घोषित गर्न सकिंदैन । सारिपुत्त ! यी सात विशेषताको लक्षणलाई मैले स्वयम् जानेर अनि साक्षात्कार गरी घोषित गरेको छु ।

"ती सात के-के हुन् ? आनन्द ! यहाँ भिक्षु श्रद्धावान हुन्छ, लजालू हुन्छ, भीरु हुन्छ, बहुश्रुत हुन्छ, प्रयत्नशील हुन्छ, स्मृतिवान हुन्छ अनि प्रज्ञावान हुन्छ । आनन्द ! यी सात विशेषताको लक्षणलाई मैले स्वयम् जानेर अनि साक्षात्कार गरी घोषित गरेको छु । । आनन्द ! यी नै सात विशेषताको लक्षणलाई मैले स्वयम् जान्नुकासाथै साक्षात्कार गरी घोषित गरेको छु । आनन्द यी सात विशेषताको लक्षणले सम्पन्न भिक्षु बाह्र वर्षसम्म परिपूर्ण परिशुद्ध ब्रह्मचर्य पालन गरेता पनि उसलाई 'विशिष्ट भिक्षु' भनी मानिन्छ । चौबीस वर्षसम्म परिपूर्ण परिशुद्ध ब्रह्मचर्य पालन गरेता पनि उसलाई 'विशिष्ट भिक्षु' भनी मानिन्छ । छत्तीस वर्षसम्म परिपूर्ण परिशुद्ध ब्रह्मचर्च पालन गरेता पनि उसलाई 'विशिष्ट भिक्षु' भनी मानिन्छ । अड्चालीस वर्षसम्म परिपूर्ण परिशुद्ध ब्रह्मचर्य पालन गरेता पनि उसलाई 'विशिष्ट भिक्षु' भनी मानिन्छ ।"

Dhamma.Digital



Downloaded from http://dhamma.digital

# ५. महायञ्ञवग्गो

## १. सत्तविञ्ञाणट्ठितिसुत्तं

४४. "भिक्षुहो ! यी सात प्रकार विज्ञानका (प्रतिसन्धि विज्ञान) स्थिति छन् । ती सात के-के हुन् ? भिक्षुहो ! यस्ता सत्वहरू छन् जसको नाना तरहका आकार-प्रकार तथा नाना तरहका संज्ञाका हुन्छन् । जस्तै कि– मनुष्य, कोही-कोही देव अनि कोही-कोही विनिपातिक (प्रेत) । यो पहिलो विज्ञान-स्थिति हुन् ।

"भिक्षुहो ! यस्ता सत्वहरू छन्– जसको नाना तरहका आकार-प्रकार र एकै तरहको संज्ञाका हुन्छन् । जस्तै कि –प्रथम ध्यानबाट उत्पन्न हुने ब्रह्मकायिक देवताहरू । यो दोस्रो विज्ञान-स्थिति हुन् ।

"भिक्षुहो ! यस्ता सत्वहरू छन्– जसको एकै तरहका संज्ञा र नाना तरहका आकार-प्रकारका हुन्छन् । जस्तै कि– आभस्सरा देवताहरू । यो तेस्रो विज्ञान-स्थिति हुन् ।

"भिक्षुहो ! यस्ता सत्वहरू छन्– जसको एकै तरहका संज्ञा र एकै तरहका आकार-प्रकारका हुन्छन् । जस्तै कि– सुभकिण्ह देवताहरू । यो चौठो विज्ञान-स्थिति हुन् ।

"भिक्षुहो ! यस्ता सत्वहरू छन्– समस्त रूपसंज्ञा समतिक्रमण गरी प्रटिघसंज्ञालाई अतिक्रमण गरी नानात्व संज्ञा मनमा नलिई, 'आकाश अनन्त छ' भनी आकाशानञ्चायतन स्थितिलाई प्राप्त गर्छ । यो पाँचौं विज्ञान-स्थिति हुन् ।

Dhamma.Digital

"भिक्षुहो ! यस्ता सत्वहरू छन्– समस्त आकासानञ्चायतन समति-क्रमण गरी 'विज्ञान अनन्त छ' भनी विज्ञानञ्चायतन स्थितिलाई प्राप्त गर्ने हुन्छ । यो छैटौं विज्ञान-स्थिति हुन् ।

"भिक्षुहो ! यस्तासत्वहरू छन्– समस्त विज्ञानञ्चायतनलाई सम-तिक्रमण गरी 'केही छैन' भनी आकिञ्चन्यायतन स्थितिलाई प्राप्त गर्ने हुन्छ । हुन्छ । यो सातौं विज्ञान-स्थिति हुन् । भिक्षुहो ! यी नै सात विज्ञानस्थिति हुन् ।"



Downloaded from http://dhamma.digital

## २. समाधिपरिक्खारसुत्तं

४५. "भिक्षुहो ! समाधिको निम्ति यी सात आवश्यक विषय हुन् । ती सात के-के हुन् ? सम्यकदृष्टि, सम्यकसङ्कल्प, सम्यकवाचा, सम्यक-कर्मान्त, सम्यकआजीवक, सम्यकव्यायाम र सम्यक स्मृति । भिक्षुहो ! जसको चित्त एकाग्रतासहित यी सात अङ्गले सम्पन्न र घेरेको हुन्छ भने भिक्षुहो ! यसैलाई भनिन्छ सउपनिषय तथा सपरिष्कार (विषय-वस्तु) सम्यकसमाधि ।"

## ३. पठमअग्गिसुत्तं

४६. "भिक्षुहो ! अग्नि सातप्रकारका हुन्छन् । ती सात के-के हुन् ? रागअग्नि, द्वेषअग्नि, मोहअग्नि, आह्वान पात्र अग्नि, गृहपति अग्नि, दक्षिणा पात्र अग्नि अनि काष्ठ अग्नि । भिक्षुहो ! यी सातप्रकारका अग्नि हुन् ।"

## ४. दुतियअग्गिसुत्तं

४७. त्यस समय उग्गतसरीर ब्राह्मणकहाँ महायज्ञ हुन लागेको थियो । यज्ञको निम्ति पाँचसय वृषभहरू वधस्थलमा राखेको थियो, यज्ञको निम्ति पाँचसय बाछाहरू वधस्थलमा राखेको थियो, यज्ञको निम्ति पाँचसय बाछीहरू वधस्थलमा राखेको थियो, यज्ञको निम्ति पाँचसय बोकाहरू वध-स्थलमा राखेको थियो अनि यज्ञको निम्ति पाँचसय भेंडाहरू वधस्थलमा राखेको थियो । त्यसबेला उग्गतसरीर ब्राह्मण जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गए । गएर भगवानसँग कुशलवार्ता गरे । कुशलवार्ता गरेपछि एकठाउँमा बसे । एकठाउँमा बसेपछि उग्गतसरीर ब्राह्मणले भगवानलाई यसो भन्यो–

"मैले सुनेको छु, भो गोतम ! (यज्ञको निम्ति) अग्नि ल्याउँदा अनि (पशु-बलि) कीलोलाई गाडेर उठाउँदा महत्फल तथा महाशुपरिणामी हुन्छ ।"

"ब्राह्मण ! मैले पनि यस्तो सुनेको छु, अग्नि ल्याउँदा अनि कीला गाडेर उठाउँदा महानफल तथा महाशुपरिणामी हुन्छ ।" उग्गतसरीर ब्राह्मणले दोस्रो पटक ... तेस्रो पटक पनि भगवानलाई यसो भन्यो– "मैले सुनेको छु, भो गोतम ! अग्नि ल्याउँदा अनि कीलोलाई गाडेर उठाउँदा महानफल तथा महाशुभपरिणामी हुन्छ ।"

"ब्राह्मण ! मैले पनि यस्तो सुनेको छु, अग्नि ल्याउँदा अनि कीला-



Downloaded from http://dhamma.digital

गाडेर उठाउँदा महत्फल तथा महाशुभपरिणामी हुन्छ ।" "त्यसोभएमा भो गोतम ! तपाईको र मेरो कथन एक आपसमा सम्पूर्णरूपले मिल्दो-जुल्दो छ ।

यसो भनेपछि आयुष्मान आनन्दले उग्गतसरीर ब्राह्मणलाई भन्यो– "ब्राह्मण ! तथागतसंग यसरी सोध्ने होइन– 'मैले सुनेको छु, भो गोतम ! अग्नि ल्याउँदा अनि कीला गाडेर उठाउँदा महत्फल तथा महाशुभपरिणमी हुन्छ ।' ब्राह्मण ! तथागतसंग यसरी सोध्नुपर्छ– 'भन्ते ! मैले अग्नि ल्याउन चाहन्छु अनि कीला गाडेर उठाउन चाहन्छु । भन्ते भगवान ! मलाई उपदेश दिनुहोस्, मलाई अनुशासन गर्नुहोस् जसमा मेरो निम्ति दीर्घकालसम्म हितार्थ र सुखार्थ होओस् ।' "

अनि त उग्गतसरीर ब्राह्मणले भगवानलाई यसो भन्यो– "भन्ते ! मैले अग्नि ल्याउन चाहन्छु अनि कीला गाडेर उठाउन चाहन्छु । गोतम ! मलाई उपदेश दिनुहोस्, मलाई अनुशासन गर्नुहोस् जसमा मेरो निम्ति दीर्घकालसम्म हितार्थ र सुखार्थ हुनेछ । "

"ब्राह्मण ! अग्नि ल्याउने, कीला गाडेर उठाउनेले यज्ञ गर्न भन्दा पनि पूर्व तीन शस्त्र उठाउँछ । जुन अकुशल, दुःखदायी तथा दुःख विपाक हुन्छ । ती तीन के-के हुन् ? शारीरिक शस्त्र, वाचसिक शस्त्र र मानसिक शस्त्र । ब्राह्मण ! अग्नि ल्याउने, कीला गाडेर उठाउनेले यज्ञ गर्न भन्दा पनि पूर्व चित्तमा यसरी कुरा उठाउँछ– 'यज्ञको निम्ति यति वृषभ मार्नुपर्छ, यज्ञको निम्ति यति बाछा मार्नुपर्छ, यज्ञको निम्ति यति बाछी मार्नुपर्छ, यज्ञको निम्ति यति बोका मार्नुपर्छ, यज्ञको निम्ति यति भेंडा मार्नुपर्छ । उसले 'पुण्य' भनी गर्न लाग्दा 'अपुण्य' गरेको हुन्छ । 'कुशल' भनी गर्न लाग्दा 'अकुशल' गरेको हुन्छ । 'सुगतिगामि' मार्ग खोज्न जाँदा दुर्गतिगामि मार्ग खोजेको हुन्छ । ब्राह्मण ! अग्नि ल्याउने, कीलो गाडेर उठाउनेले यज्ञ गर्न भन्दा पनि पूर्व यो पहिलो मानसिक शस्त्र उठाउंछ, जुन अकुशल, दुःखदायी तथा दुःख विपाक दिन्छ ।

"अनि फेरि, ब्राह्मण ! अग्नि ल्याउने, कीला गाडेर उठाउनेले यज्ञ गर्न भन्दा पनि पूर्व यस्तो बोलि बालेको हुन्छ– 'यज्ञको निम्ति यति वृषभ मार्नु, यज्ञको निम्ति यति बाछा मार्नु, यज्ञको निम्ति यति बाछी मार्नु, यज्ञको निम्ति यति भेंडा मार्नु ।' उसले 'पुण्य' भनी गर्न लाग्दा 'अपुण्य' गरेको हुन्छ । 'कुशल' भनी गर्न लाग्दा 'अकुशल' गरेको हुन्छ । 'सुगतिगामि' मार्ग खोज्न जाँदा दुर्गतिगामि मार्ग खोजेको हुन्छ । ब्राह्मण ! अग्नि ल्याउने, कीलो गाडेर उठाउनेले यज्ञ गर्न भन्दा पनि पूर्व यो दोस्रो वाचासिक शस्त्र



Downloaded from http://dhamma.digital

उठाउँछ, जुन यो अकुशल, दुःखदायी तथा दुःख विपाक दिन्छ ।

"अनि फेरि ब्राह्मण ! अग्नि ल्याउने, कीला गाडेर उठाउनेले यज्ञ गर्न भन्दा पनि पूर्व स्वयम्ले नै यज्ञको निम्ति वृषभहरू मार्न अघि सर्छ, पहिला स्वयम्ले नै यज्ञको निम्ति बाछाहरू मार्न अघि सर्छ, पहिला स्वयम्ले नै यज्ञको निम्ति बाछीहरू मार्न अघिसर्छ, पहिला स्वयम्ले नै यज्ञको निम्ति बाखाहरू मार्न अघि सर्छ, पहिला स्वयम्ले नै यज्ञको निम्ति भेंडाहरू मार्न अघि सर्छ । उसले 'पुण्य' भनी गर्न लाग्दा 'अपुण्य' गरेको हुन्छ । 'कुशल' भनी गर्न लाग्दा 'अकुशल' गरेको हुन्छ । 'सुगतिगामि' मार्ग खोज्न जाँदा दुर्गतिगामि मार्ग खोजेको हुन्छ । "ब्राह्मण ! अग्नि ल्याउने, कीलो गाडेर उठाउनेले यज्ञ गर्न भन्दा पनि पूर्व यो तेस्रो कायिक शस्त्र उठाउने हुन्छ, जुन अकुशल, दुःखदायी तथा दुःख विपाक दिने हुन्छ । ब्राह्मण ! (यज्ञको निम्ति) अग्नि ल्याउने, कीला गाडेर उठाउनेले यज्ञ गर्न भन्दा पनि पूर्व यी तीनप्रकारका शस्त्र उठाउने हुन्छ, जुन यो अकुशल, दुःखदायी तथा दुःख विपाक दिन्छ ।

"ब्राह्मण ! यी तीन अग्निलाई त्यागी दिनुपर्छ, वर्जित गर्नुपर्छ तथा सेवन गर्नु हुँदैन । ती तीन क-के हुन् ? रागाग्नि, द्वेषाग्नि र मोहाग्नि ।

"ब्राह्मण ! किन रागाग्निलाई त्याग्नु पर्छ, वर्जित गर्नुपर्छ तथा सेवन गर्नु हुँदैन ? ब्राह्मण ! जो रागले अनुरक्त हुन्छ, जो रागको वशीभूत हुन्छ, उसले शरीरद्वारा दुष्कर्म गर्छ, वचनद्वारा दुष्कर्म गर्छ अनि मनद्वारा दुष्कर्म गर्छ । उसले शरीर, वचन र मनद्वारा दुष्कर्म गर्दा शरीर छुटेर मृत्यु हुँदा अपाय, दुर्गतिमा पतन हुन्छ तथ नरकमा उत्पन्न हुन्छ । त्यसैले रागाग्नि- लाई त्याग्नु पर्छ , वर्जित गर्नुपर्छ अनि सेवन गर्नु हुँदैन ।

"ब्राह्मण ! किन द्वेषाग्निलाई त्याग्नुपर्छ, वर्जित गर्नुपर्छ तथा सेवन गर्नु हुँदैन ? ब्राह्मण ! जो द्वेषले दूषित हुन्छ, जो द्वेषको वशीभूत हुन्छ, उसले शरीरद्वारा दुष्कर्म गर्छ, वचनद्वारा दुष्कर्म गर्छ अनि मनद्वारा दुष्कर्म गर्छ । उसले शरीर, वचन र मनद्वारा दुष्कर्म गर्दा शरीर छुटेर मृत्यु हुँदा अपाय, दुर्गतिमा पतन हुन्छ तथा नरकमा उत्पन्न हुन्छ । त्यसैले द्वेषाग्निलाई त्याग्नु पर्छ , वर्जित गर्नुपर्छ अनि सेवन गर्नु हुँदैन ।

"ब्राह्मण ! किन मोहाग्निलाई त्याग्नुपर्छ, वर्जित गर्नुपर्छ तथा सेवन गर्नु हुँदैन ? ब्राह्मण ! जो मोहमा मूढ हुन्छ, जो मोहमा वशीभूत हुन्छ, उसले



Downloaded from http://dhamma.digital

शरीरद्वारा दुष्कर्म गर्छ, वचनद्वारा दुष्कर्म गर्छ अनि मनद्वारा दुष्कर्म गर्छ। उसले शरीर, वचन र मनद्वारा दुष्कर्म गर्दा शरीर छुटेर मृत्यु हुँदा अपाय, दुर्गति पतन तथा नरकमा उत्पन्न हुन्छ। त्यसैले मोहाग्निलाई त्याग्नुपर्छ, वर्जित गर्नुपर्छ अनि सेवन गर्नु हुँदैन।

"ब्राह्मण ! तीनप्रकारका अग्निलाई सत्कार, गौरव, सम्मान र पूजा गरिकन सम्यकरूपले सुखपूर्वक वहन गर्नुपर्छ। ती तीन के-के हुन् ? आह्वाननीय अग्नि, गृहपति अग्नि र दक्षिणार्ह अग्नि।

"ब्राह्मण ! आह्वाननीय अग्नि भनेको के हो ? ब्राह्मण ! यहाँ कसैको माता वा पिता छ भने यसैलाई आह्वाननीय अग्नि भनिन्छ। त्यो के कारण ? ब्राह्मण ! यही अग्निबाट आएको हो, जन्मिएको हो। त्यसैले यो आह्वाननीय अग्निलाई सत्कार, गौरव, सम्मान र पूजागरिकन सम्यकरूपले सुखपूर्वक वहन गर्नुपर्छ।

"ब्राह्मण ! गृहपति अग्नि भनेको के हो ? ब्राह्मण ! यहाँ जो कसैको पुत्र वा पुत्री, दास, नोकर वा कर्मचारी छन् भने यसैलाई गृहपति अग्नि भनिन्छ। त्यसैले यो गृहपति अग्निलाई सत्कार, गौरव, सम्मान र पूजा गरिकन सम्यकरूपले सुखपूर्वक वहन गर्नुपर्छ।

"ब्राह्मण ! यहाँ जो ती श्रमण-ब्राह्मण, पर-वादी (अन्य विरोध मतबाट) विरतका, क्षमा र विनम्रताले युक्त, आफैले आफूलाई नै स्थिर गर्ने, आफैले आफूलाई दमन गर्ने, आफैले आफूलाई शमन गर्ने अनि आफू स्वयम्ले परिनिर्वाण प्राप्त गर्छ। ब्राह्मण ! यसैलाई दक्षिणार्ह अग्नि भनिन्छ। त्यसैले यो दक्षिणार्ह अग्निलाई सत्कार, गौरव, सम्मान र पूजा गरिकन सम्यकरूपले सुखपूर्वक वहन गर्नुपर्छ। ब्राह्मण ! यी नै तीन अग्निलाई सत्कार, गौरव, सम्मान र पूजा गरिकन सम्यकरूपले सुखपूर्वक वहन गर्नुपर्छ।

"ब्राह्मण ! यो जुन काष्ठाग्नि हो। यसलाई समयसमयमा प्रज्वलित गर्नुपर्छ। समयसमयमा उपेक्षित हुनुपर्छ, समयसमयमा निभाउनु पर्छ। समय-समयमा सह्माली राख्नुपर्छ।"

यसरी भन्नु भएपछि उग्गतसरीर ब्राह्मणले भगवानलाई यसो भन्यो– "अति राम्रो, भो गोतम ! अति राम्रो, भो गोतम ! ... आज देखि तपाईंको शरणमा परेका उपासक भनी धारण गर्नुहोस्। भो गोतम ! यी पाँचसय वृषभहरूलाई मुक्त गरी जीवन दान दिनेछु, पाँचसय बाछ्राहरूलाई मुक्त गरी



Downloaded from http://dhamma.digital

जीवन दान दिनेछु, पाँचसय बाछ्रीहरूलाई मुक्त गरी जीवन दान दिनेछु, पाँचसय बोकाहरूलाई मुक्त गरी जीवन दान दिनेछु अनि पाँचसय भेंडाहरू मुक्त गरी जीवन दान दिनेछु। यिनीहरूले हरियो-हरियो घाँस खाउन्। चीसो-चीसो पानी पिउन्। यीनिहरूलाई शीतल हावा लागोस्!"

## ५. पठमसञ्ञासुत्तं

४८. "भिक्षुहो! यी सप्त-संज्ञाको अभ्यासी हुँदा तथा बहु अभ्यस्त-रहँदा महत्फल तथा महासुपरिणामी हुन्छ, अमृतमा निमग्न हुनुकासाथै अमृत प्राप्त हुन्छ।"ती सात के के हुन्? अशुभसंज्ञा, मरणसंज्ञा, आहारमा प्रतिकूलसंज्ञा, समस्त लोकप्रति अनाशक्तिकोसंज्ञा, अनित्यसंज्ञा, अनित्यमा दु:खसंज्ञा अनि दु:खमाअनात्म संज्ञा। भिक्षुहो! यी नै सप्त-संज्ञाको अभ्यासी हुँदा, बहु अभ्यस्त रहँदा महत्फल तथा महासुपरिणामी हुन्छ, अमृतमा निमग्न हुनुकासाथै अमृत प्राप्ती हुन्छ।"

## ६. दुतियसञ्ञासुत्तं

४९. "भिक्षुहो! यी सप्तसंज्ञाको अभ्यासी हुँदा तथा बहु अभ्यस्त रहँदा महत्फल तथा महासुपरिणामी हुन्छ, अमृतमा निमग्न हुनुकासाथै अमृत प्राप्त हुन्छ। ती सात के-के हुन्? अशुभसंज्ञा, मरणसंज्ञा, आहारमा प्रतिकूल-संज्ञा, समस्त लोकप्रति अनाशक्तिसंज्ञा, अनित्यसंज्ञा, अनित्यमा दु:खसंज्ञा अनि दु:खमा अनात्मसंज्ञा। भिक्षुहो! यी नै सप्तसंज्ञाको अभ्यासी हुँदा तथा बहु अभ्यस्त हुँदा महत्फल तथा महासुपरिणामी हुन्छ, अमृतमा निमग्न हुनुकासाथै अमृत प्राप्त हुन्छ।"

" 'भिक्षुहो! अशुभसंज्ञाको अभ्यासी हुँदा तथा बहु अभ्यस्त रहँदा महत्फल तथा महासुपरिणामी हुन्छ, अमृतमा निमग्न हुनुकासाथै अमृत प्राप्त हुन्छ।' यो जुन भनें कुन अर्थ लिएर यसरी भनें? भिक्षुहो! जो भिक्षुको चित्त अशुभसंज्ञामा परिचित भइकन चित्त त्यसैमा धेरै लागिरहेमा त्यस भिक्षुको चित्त मैथुन इच्छामा प्रतिकूल हुन्छ, सङ्कुचित हुन्छ, बदलिएको हुन्छ, अनुकूल हुँदैन, या त उपेक्षावान हुन्छ, या त सर्वदा प्रतिकूलरहन्छ। भिक्षुहो! जस्तै कि, कुखाको पखेता तथा छालाका भागलाई आगोमा फालि दिंदा चाउरिएर जान्छ, सङ्कुचित हुन्छ, बदलिएको हुन्छ, अनुकूल हुँदैन। यसरी नै भिक्षुहो! भिक्षुको चित्त मैथुन इच्छामा प्रतिकूल हुन्छ, सङ्कुचित हुन्छ, बदलिएको हुन्छ अनि अनुकूल नहुँदा या त उपेक्षावान हुन्छ, या त सर्वदा प्रतिकूल रहन्छ।



Downloaded from http://dhamma.digital

"भिक्षुहो ! यदि भिक्षुहरूको चित्त अशुभसंज्ञामा परिचित हुँदा पनि अनि चित्त त्यसैमा धेरै लागिरहँदा पनि त्यस भिक्षुको चित्त मैथुनमा झुकाउ हुन्छ, अप्रतिकूल हुन्छ भने त्यस भिक्षुले यही सम्झनुपर्छ– 'मैले अशुभ-संज्ञाको भावना गरिन, म पहिला जस्तो थिएं, अहिले पनि त्यस्तै छु; मैले भावनाबाट प्राप्त हुने बल प्राप्त गरेको छैन ।' भन्ने उसमा यस्तो होश आउँछ । यदि साँच्चै नै भिक्षुहो ! भिक्षुको चित्त मैथुन इच्छामा प्रतिकूल हुन्छ, सङ्कुचित हुन्छ, बदलिएको हुन्छ अनि अनुकूल नहुँदा या त उपेक्षावान हुन्छ, या त सर्वदा प्रतिकूलरहँदा त्यस भिक्षुले यही सम्झनुपर्छ– 'मैले अशुभसंज्ञाको भावना राम्रोसंग गरें । म पहिला जस्तो थिएं, अहिले त्यस्तो छैन, मैले भावनाबाट बल प्राप्त गरेको छु ।' भन्ने उसमा यस्तो होश आउँछ । भिक्षुहो ! अशुभसंज्ञाको अभ्यासी हुँदा वा बहु अभ्यस्तरहँदा, महत्फल तथा महासुपरिणामी हुन्छ, अमृतमा निमग्न हुनुकासाथै अमृत प्राप्त हुन्छ ।' यो जुन भनें यही अर्थ लिएर भनेको हुँ ।

" 'भिक्षुहो ! मरण-संज्ञाको अभ्यासी हुँदा तथा बहु अभ्यस्तरहँदा महत्फल तथा महासुपरिणामी हुन्छ, अमृतमा निमग्न हुनुकासाथै अमृत प्राप्त हुन्छ ।' यो जुन भनें कुन अर्थलाई लिएर यसरी भनें ? भिक्षुहो ! जो भिक्षुको चित्त मरणसंज्ञामा परिचित भइकन चित्त त्यसैमा धेरै लागिरहेमा त्यस भिक्षुको चित्त जीवन प्रतिको तृष्णा प्रतिकूल हुन्छ, सङ्कुचित हुन्छ, बदलिएको हुन्छ, अनुकूल हुँदैन, या त उपेक्षावान हुन्छ, या त सर्वदा प्रतिकूलरहन्छ । भिक्षुहो ! जस्तै कि, कुखाको पखेता तथा छालाका भागलाई आगोमा फालि दिंदा चाउरिएर जान्छ, सङ्कुचित हुन्छ, बदलिएको हुन्छ, अनुकूल हुँदैन । यसरी नै, भिक्षुहो ! मरणसंज्ञा भावना गर्दा बहु अभ्यस्त हुँदा भिक्षुको चित्त जीवन प्रतिको तृष्णा प्रतिकूल हुन्छ, सङ्कुचित हुन्छ, बदलिएको हुन्छ, अनुकूल हुँदैन, या त उपेक्षावान हुन्छ, या त सर्वदा प्रतिकूल रहन्छ ।

"भिक्षुहो ! यदि भिक्षुको चित्त मरणसंज्ञामा परिचित हुँदा पनि चित्त त्यसैमा धेरै लागेता पनि त्यो भिक्षुको चित्त जीवन प्रतिको तृष्णामा झुकाउ हुन्छ, अप्रतिकूल हुन्छ भने त्यस भिक्षुले यही सम्झनुपर्छ– 'मैले मरणसंज्ञाको भावना गरिन, म पहिला जस्तो थिएं, अहिले पनि त्यस्तै छु, मैले भावनाबाट प्राप्त हुने बल प्राप्तगरेको छैन ।' भन्ने उसमा यसप्रकारको होश आउँछ । यदि साँच्चै नै भिक्षुहो ! भिक्षुको चित्त जीवन प्रतिको तृष्णाामा प्रतिकूल हुन्छ, सङ्कुचित हुन्छ, बदलिएको हुन्छ, अनुकूल हुँदैन, या त उपेक्षावान हुन्छ, या त सर्वदा प्रतिकूल रहन्छ भने त्यो भिक्षुले यही सम्झनुपर्छ– 'मैले मरण-



Downloaded from http://dhamma.digital

संज्ञाको भावनालाई राम्रोसंग गरें । म पहिला जस्तो थिएं, अहिले त्यस्तो छैन, मैले भावनाबाट बल प्राप्त गरेको छु ।' भन्ने उसमा यस्तो होश आउँछ । भिक्षुहो ! मरण संज्ञाको अभ्यासी हुँदा वा बहु अभ्यस्त हुँदा, महत्फल तथा महासुपरिणामी हुन्छ । अमृतमा निमग्न हुनुकासाथै अमृत प्राप्त हुन्छ ।' यो जुन भनें यही अर्थ लिएर भनेको हुँ ।

" 'भिक्षुहो ! आहारमा प्रतिकूलसंज्ञाको अभ्यासी हुँदा तथा बहु अभ्यस्तरहँदा महत्फल तथा महासुपरिणामी हुन्छ, अमृतमा निमग्न हुनुकासाथै अमृत प्राप्त हुन्छ ।' यो जुन भनें कुन अर्थ लिएर यसरी भनें ? भिक्षुहो ! जो भिक्षुको चित्त आहार प्रतिकूलसंज्ञामा परिचित भइकन चित्त त्यसैमा धेरै लागिरहेमा त्यस भिक्षुको चित्त रस प्रतिको तृष्णा प्रतिकूल हुन्छ ... उपेक्षावान हुन्छ, या त सर्वदा प्रतिकूल रहन्छ । भिक्षुहो ! जस्तै कि, कुखाको पखेता तथा छालाका भागलाई आगोमा फालि दिंदा चाउरिएर जान्छ, सङ्कुचित हुन्छ, बदलिएको हुन्छ, अनुकूल हुँदैन । यसरी नै, भिक्षुहो ! आहारमा प्रतिकूलज्ञाको भावना गर्दा बहु अभ्यस्तरहँदा भिक्षुको चित्त रस प्रतिको तृष्णा प्रतिकूल हुन्छ ... या त उपेक्षावान हुन्छ, या त सर्वदा प्रतिकूल- रहन्छ ।

"भिक्षुहो ! यदि भिक्षुको चित्त आहारमा प्रतिकूलसंज्ञाद्वारा परिचित हुँदा पनि चित्त त्यसैमा धेरै लागिरहँदा पनि त्यस भिक्षुको चित्त रस प्रतिको तृष्णामा झुकाउ हुन्छ, अप्रतिकूल हुन्छ भने त्यस भिक्षुले यही सम्झनुपर्छ– 'मैले आहारमा प्रतिकूलसंज्ञाको भावना गरिन, म पहिला जस्तो थिएं, अहिले पनि त्यस्तै छु, मैले भावनाबाट प्राप्त हुने बल प्राप्त गरेको छैन ।' भन्ने उसमा यस्तो होश आउँछ । यदि साँच्चै नै भिक्षुहो ! भिक्षुको चित्त आहारमा प्रतिकूल-संज्ञाद्वारा परिचित हुँदा तथा चित्त त्यसैमा धेरै लागीरहँदा रस तृष्णाामा प्रतिकूल हुन्छ ... या त उपेक्षावान हुन्छ, या त सर्वदा प्रतिकूल- रहन्छ भने त्यो भिक्षुले यही सम्झनुपर्छ– 'मैले आहारमा प्रतिकूलसंज्ञाको भावनालाई राम्रोसंग गरें । म पहिला जस्तो थिएं, अहिले त्यस्तो छैन, मैले भावनाबाट बल प्राप्त गरेको छु ।' उसमा यस्तो होश आउँछ । भिक्षुहो 'आहारमा प्रतिकूल-संज्ञाको अभ्यासी हुँदा वा बहु अभ्यस्तरहँदा, महत्फल तथा महासुपरिणामी हुन्छ । अमृतमा निमग्न हुनुकासाथै अमृत प्राप्त हुन्छ ।' यो जुन भनें, यही अर्थलाई लिएर भनेको हुँ ।

" 'भिक्षुहो ! समस्त लोकप्रति अनाशक्तिसंज्ञाको अभ्यासी हुँदा तथा बहु अभ्यस्त रहँदा महत्फल तथा महासुपरिणामी हुन्छ, अमृतमा निमग्न हुनुकासाथै अमृत प्राप्त हुन्छ ।' यो जुन भनें, कुन अर्थलाई लिएर यसरी भनें ?



Downloaded from http://dhamma.digital

भिक्षुहो ! जो भिक्षुको चित्त समस्त लोकप्रति अनाशक्तिमा परिचित भइकन त्यसैमा धेरै लागिरहेमा त्यस भिक्षुको चित्त चित्र-विचित्र लोकबाट प्रतिकूल हुन्छ ... भिक्षुहो ! जस्तै कि ... चाउरिएर जान्छ, सङ्कुचित हुन्छ, बदलिएको हुन्छ, अनुकूल हुँदैन । यसरी नै, भिक्षुहो ! भिक्षुको चित्त समस्त लोकप्रति अनाशक्ति भई त्यसैमा धेरै लागिरहँदा त्यो भिक्षुको चित्त चित्र-विचित्र लोकबाट प्रतिकूल हुन्छ, सङ्कुचित हुन्छ, बदलिएको हुन्छ, अनुकूल हुँदैन, या त उपेक्षावान हुन्छ, या त सर्वदा प्रतिकूलरहन्छ ।

"भिक्षुहो ! यदि भिक्षुको चित्त समस्त लोकप्रति अनाशक्तिसंज्ञाद्वारा परिचित हुँदा पनि चित्त त्यसैमा धेरै लागिरहँदा पनि चित्त लोकका विषय प्रति झुकाउ हुन्छ, अप्रतिकूल हुन्छ भने त्यस भिक्षुले यही सम्झनुपर्छ– 'मैले लोकप्रति अनाशक्तिसंज्ञाको भावना गरिन, म पहिला जस्तो थिएं, अहिले पनि त्यस्तै छु, मैले भावनाबाट प्राप्त हुने बल प्राप्तगरेको छैन ।" भन्ने उसमा यस्तो होश आउँछ । यदि साँच्चै नै भिक्षुहो ! भिक्षुले समस्त लोकप्रति अनाशक्तिको चित्त संज्ञाद्वारा परिचित हुँदा तथा चित्त त्यसैमा धेरै लागिरहँदा प्रतिकूल हुन्छ... या त उपेक्षावान हुन्छ, या त सर्वदा प्रतिकूलरहन्छ भने त्यो भिक्षुले यही सम्झनुपर्छ– 'मैले लोकप्रति अनाशक्तिसंज्ञा भावना राम्रोसंग गरें । म पहिला जस्तो थिएं, अहिले त्यस्तो छैन, मैले भावनाबाट बल प्राप्त गरेको छु ।' भन्ने उसमा यसप्रकारको होश आउँछ । भिक्षुहो ! 'समस्त लोकप्रति अनाशक्तिसंज्ञाको अभ्यासी हुँदा वा बहु अभ्यस्तरहँदा महत्फल तथा महासुपरिणामी हुन्छ । अमृतमा निमग्न हुनुकासाथै अमृत प्राप्त हुन्छ ।' यो जुन भनें, यही अर्थ लिएर भनेको हुँ ।

" 'भिक्षुहो ! अनित्यसंज्ञाको अभ्यासी हुँदा तथा बहु अभ्यस्तरहँदा महत्फल तथा महासुपरिणाम हुन्छ, अमृतमा निमग्न हुनुकासाथै अमृत प्राप्त हुन्छ ।' यो जुन भनें, कुन अर्थल लिएर यसरी भनें ? भिक्षुहो ! जो भिक्षुको चित्त अनित्यज्ञाको परिचित भइकन त्यसैमा धेरै लागिरहेमा लाभ-सत्कार-प्रशंसाबाट प्रतिकूल हुन्छ ... या त उपेक्षावान हुन्छ, या त सर्वदा प्रतिकूल-रहन्छ । भिक्षुहो ! जस्तै कि, कुखाको पखेता तथा छालाका भागलाई आगोमा फालि दिंदा चाउरिएर जान्छ, सङ्कुचित हुन्छ, बदलिएको हुन्छ, अनुकूल हुँदैन । यसरी नै, भिक्षुहो ! भिक्षुको चित्त अनित्य-संज्ञामा धेरै लाग्यो भने लाभ-सत्कार-प्रशंसाबाट प्रतिकूल हुन्छ ... या त उपेक्षावान हुन्छ, या त सर्वदा प्रतिकूल रहेको हुन्छ ।

"भिक्षुहो ! यदि भिक्षुको चित्त अनित्यसंज्ञाद्वारा परिचित हुँदा पनि



Downloaded from http://dhamma.digital

चित्त त्यसैमा धेरै लागिरहँदा पनि लाभ-सत्कार-प्रशंसामा नै झुकाउ हुन्छ, अप्रतिकूल हुन्छ भने त्यो भिक्षुले यही सम्झनुपर्छ– 'मैले अनित्य-संज्ञा को भावना गरिन, म पहिला जस्तो थिएं, अहिले पनि त्यस्तै छु, मैले भावनाबाट प्राप्त हुने बल प्राप्तगरेको छैन ।' भन्ने उसमा यस्तो होश आउँछ । यदि साँच्चै नै भिक्षुहो ! भिक्षुको चित्त अनित्यसंज्ञाद्वारा परिचित हुँदा अनि चित्त त्यसैमा धेरै लागिरहँदा प्रतिकूल हुन्छ, सङ्कुचित हुन्छ, बदलिएको हुन्छ, अनुकूल हुँदैन, या त उपेक्षावान हुन्छ, या त सर्वदा प्रतिकूलरहन्छ भने त्यस भिक्षुले यही सम्झनुपर्छ– 'मैले अनित्य-संज्ञाको भावनालाई राम्रोसंग गरें । म पहिला जस्तो थिएं, अहिले त्यस्तो छैन, मैले भावनाबाट बल प्राप्त गरेको छु ।' भन्ने उसमा होश आउँछ । ' भिक्षुहो ! अनित्यसंज्ञाको अभ्यासी हुँदा वा बहु अभ्यस्तरहँदा महत्फल तथा महासुपरिणामी हुन्छ । अमृतमा निमग्न हुनुकासाथै अमृत प्राप्त हुन्छ ।' यो जुन भनें, यही अर्थ लिएर भनेको हुँ ।

" 'भिक्षुहो ! अनित्यमा दु:ख-संज्ञाको अभ्यासी हुँदा तथा बहु अभ्यस्त-रहँदा महत्फल तथा महासुपरिणामी हुन्छ, अमृतमा निमग्न हुनुकासाथै अमृत प्राप्त हुन्छ ।' यो जुन भनें, कुन अर्थ लिएर यसरी भनें ? भिक्षुहो ! जो भिक्षुको चित्त अनित्यमा दु:ख-संज्ञाको परिचित भइकन त्यसैमा धेरै लागिरहेमा आलस, सुस्तपन, आश्वस्त, प्रमाद, ध्यानाभ्यासमा, विचारशीलमा अनि तीव्र भय संज्ञाप्रति जाग्रत हुन्छ । जस्तो कि, भिक्षुहो ! वधिकले शीरको माथि तरवार राख्दा ।

"भिक्षुहो ! यदि भिक्षुको चित्त अनित्यमा दु:ख संज्ञाद्वारा परिचित हुँदा पनि चित्त त्यसैमा धेरै लागिरहँदा पनि आलस, सुस्तपन, आश्वस्त, प्रमाद, ध्यानाभ्यासमा, विचारशीलमा अनि तीव्र भय संज्ञाप्रति जाग्रत हुँदैन । जस्तो कि, भिक्षुहो ! वधिकले शीरको माथि तरवार राख्दा, त्यस भिक्षुले यो थाहा पाउनुपर्छ– 'मैले अनित्यमा दु:ख-संज्ञा को भावना गरिन, म पहिला जस्तो थिएं, अहिले पनि त्यस्तै छु, मैले भावनावाट प्राप्त हुने बल प्राप्त गरेको छैन ।' भन्ने उसमा यस्तो होश आउँछ । यदि साँच्चै नै भिक्षुहो ! भिक्षुको चित्त अनित्यमा दु:ख-संज्ञाद्वारा परिचित हुँदा अनि चित्त त्यसैमा धेरै लागिरहँदा आलस, सुस्तपन, आश्वस्त, प्रमाद, ध्यानाभ्यासमा, विचारशीलमा, अनि तीव्र भय संज्ञाप्रति जाग्रत हुन्छ । जस्तो कि भिक्षुहो ! वधिकले शीर माथि तरवार राख्दा । त्यो भिक्षुले यही सम्झनुपर्छ– 'मैले अनित्यमा दु:ख-संज्ञाको भावनालाई राम्रोसंग गरें । म पहिला जस्तो थिएं, अहिले त्यस्तो छैन, मैले भावनाबाट बल प्राप्त गरेको छु ।' भन्ने उसमा यस्तो होश आउँछ । 'भिक्षुहो !



Downloaded from http://dhamma.digital

अनित्यमा दु:ख-संज्ञाको अभ्यासी हुँदा वा बहु अभ्यस्तरहँदा महत्फल तथा महासुपरिणामी हुन्छ । अमृतमा निमग्न हुनुकासाथै अमृत प्राप्त हुन्छ ।' यो जुन भनें, यही अर्थ लिएर भनेको हुँ ।

" 'भिक्षुहो ! दु:खमा अनात्मा-संज्ञाको अभ्यासी हुँदा तथा बहु अभ्यस्तरहँदा महत्फल तथा महासुपरिणाम हुन्छ, अमृतमा निमग्न हुनुकासाथै अमृत प्राप्तार्थ हुन्छ ।' यो जुन भनें, कुन अर्थ लिएर यसरी भनें ? भिक्षुहो ! जो भिक्षुको चित्त दु:खमा अनात्मा-संज्ञाको परिचित भइकन त्यसैमा धेरै लाग्यो भने दु:खप्रति अनात्मासंज्ञाको परिचित हुन्छ, चित्त त्यसैमा धेरै लागिरहँदा त्यस भिक्षुको चित्त यस सविज्ञान शरीरप्रति र बाहिरीक समस्त विषयप्रति जुन अहंकार, म र मेरो (ममङ्कार) भन्ने भावना मनमा हुन्छ त्यस प्रकारको विविधतालाई समतिक्रमण गरी शान्त र विमुक्त हुन्छ ।

"भिक्षुहो ! यदि साँच्चै नै भिक्षुको चित्त अनित्यमा दु:खसंज्ञाद्वारा परिचित हुँदा अनि चित्त त्यसैमा धेरै लागिरहँदा पनि यस सविज्ञान शरीरप्रति र बाहिरीक समस्त विषयप्रति अहंकार, म र मेरो भन्ने भावना मनमा नहुँदा, त्यसप्रकाको विविधतालाई समतिक्रमण गरी शान्त र विमुक्त हुँदा त्यस भिक्षुले यो थाहा पाउनुपर्छ– 'मैले अनित्यमा दु:ख-संज्ञाको भावना राम्रोसंग गरें, म पहिला जस्तो थिएं, अहिले त्यस्तो छैन । मैले भावनाबाट प्राप्त हुने बल प्राप्त गरेको छु ।' उसमा यस्तो होश आउँछ । 'भिक्षुहो ! अनित्यमा दु:खसंज्ञाको अभ्यासी हुँदा वा बहु अभ्यस्तरहँदा महत्फल तथा महासुपरिणामी हुन्छ । अमृतमा निमग्न हुनुकासाथै अमृत प्राप्त हुन्छ ।' यो जुन भनें, यही अर्थ लिएर भनेको हुँ ।

"भिक्षुहो ! यी सप्त संज्ञाको अभ्यासी हुँदा तथा बहु अभ्यस्तरहँदा महत्फल तथा महासुपरिणामी हुन्छ । अमृतमा निमग्न हुनुकासाथै अमृत प्राप्त हुन्छ ।"

## ७. मेथुनसुत्तं

५०. त्यसबेला जाणुस्सोणि ब्राह्मण जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गए । गएर भगवानसंग कुशलवार्ता गरे । कुशलवार्तापछि एकठाउँमा बसे । एकठाउँमा बसेपछि जाणुस्सोणि ब्राह्मणले भगवानलाई यसो भन्यो– "भो गोतम तपाईंले पनि आफूलाई ब्रह्मचारी भनी घोषणा गर्नु हुन्छ ?" "ब्राह्मण ! यदि कसैको बारेमा कसैलाई सठिकसंग भन्नु परेमा अखण्डित, छिद्ररहित, अकलंकित, दागरहित, परिपूर्ण, परिशुद्ध ब्रह्मचर्यको आचरण गरिरहेको छ भनी



Downloaded from http://dhamma.digital

भनेमा त उसले मेरो नै बारेमा सठीकसंग भनेको हुन्छ । ब्राह्मण ! 'मैले नै अखण्डित, छिद्ररहित, अकलंकित, दागरहित, परिपूर्ण, परिशुद्धताकासाथ ब्रह्मचर्यको आचरण गर्दछु ।' " "भो गोतम ! के ब्रह्मचर्य पनि खण्डित हुन्छ, के ब्रह्मचर्य पनि छिद्र हुन्छ, के ब्रह्मचर्य पनि कलंकित हुन्छ, के ब्रह्मचर्यमा पनि दाग लाग्न सक्छ ?"

"ब्राह्मण ! यहाँ कोही-कोही श्रमण वा ब्राह्मणले आफूलाई 'सम्यक-ब्रह्मचारी हुँ,' भनी भनेता पनि कोही स्त्रीसंग सहवास त गर्दैन तर स्त्रीद्वारा शरीरमा तेल लगाउने, मालिश गराउने, नुहाउने, थिच्न-मिच्न लाउन मन पराउँछ । उसले त्यसबाट मज्जा लिन्छ, उसकी चाहना गर्ने हुन्छ अनि उसबाट चाहना गर्ने हुन्छ । ब्राह्मण ! यस्तो गर्नु पनि ब्रह्मचर्यमा खण्डित पनि, छिद्र पनि, कलंकित तथा दाग पनि लागेको हुन्छ । ब्राह्मण ! यसैलाई भनिन्छ– अपरिशुद्ध भई ब्रह्मचर्यको आचरण गरेको, संयुक्त भई मैथुनको संयोगबाट मुक्त नभएको अनि जन्म, जरा, मरणबाट शोकबाट, क्रन्दनबाट, दुःखबाट, दौर्मनस्यबाट, हैरानीबाट तथा दुःखबाट मुक्त भएन भनी भन्दछु ।

अनि फेरि, ब्राह्मण ! यहाँ कोही-कोही श्रमण ब्राह्मणले आफूलाई 'सम्यक ब्रह्मचारी हुँ,' भनी भनेता पनि कोही स्त्रीसंग सहवास त गर्दैन, स्त्रीद्वारा शरीरमा तेल लगाउने, मालिश गराउने, नुहाउने, थिच्न-मिच्न लाउने पनि गर्दैनन् तर स्त्रीसंग ख्याल-ठट्टा गर्ने हुन्छ, खेल्ने हुन्छ, मनोरंजन गर्ने हुन्छ ... स्त्रीसंग ख्याल-ठट्टा गर्दैन, खेल्दैन, मनोरंजन गर्दैन तर स्त्रीसंग आँखाले आँखालाई मिलाएर हेर्ने हुन्छ ... । स्त्रीसंग आँखाले आँखा मिलाएर हेर्ने गर्दैन तर पर्खालबाट वा पर्खाल बाहिरबाट स्त्री हाँसेको, रोएको, कुरा गरेको र गीत गाएको शब्दलाई सुन्ने हुन्छ ... । पर्खालबाट वा पर्खाल बाहिरबाट स्त्री हाँसेको, रोएको, कुरा गरेको र गीत गाएको शब्दलाई सुन्ने गर्दैन तर स्त्रीसंग पहिला हाँसेको, रोएको, कुरा गरेको, खेलेकोलाई सम्झिने गर्छ ... । न तस्त्रीसंग पहिला हाँसेको, रोएको, कुरा गरेको, खेलेकोलाई सम्झिने गर्छ तर अरू गृहपति वा गृहपति पुत्र पञ्च-कामगुणलाई भोग गरिरहेको, लागिरहेको र समर्पित भइरहेकोलाई हेर्छ ... । न त गृहपति वा गृहपति पुत्र पञ्च-कामगुणलााई भोग गरिरहेको, लागिरहेको र समर्पित भइरहेकोलाई हेर्छ तर उसले कुनै न कुनै देवलोकमा दृष्टि लगाई ब्रह्मचर्यको आचरण गर्छ कि, यस शील पालन वा व्रत पालनद्वारा वा तपस्याको फलस्वरूप म देवता वा देवपुत्र हुनेछु भनी त्यसमा मजा लिन्छ, चाहना



Downloaded from http://dhamma.digital

गर्छ वा त्यसप्रकारको विषयमा लाग्छ भने यसलाई पनि ब्राह्मण ! ब्रह्मचर्यमा खण्डित पनि, छिद्र पनि, कलंकित तथा दाग पनि लागेको हुन्छ । ब्राह्मण ! यसैलाई भनिन्छ– अपरिशुद्ध भई ब्रह्मचर्यको आचरण गरेको, संयुक्त भई मैथुनको संयोगबाट मुक्त नभएको अनि जन्म, जरा, मरणबाट शोकबाट, क्रन्दनबाट, दुःखबाट, दौर्ममनस्यबाट, हैरानीबाट तथा दुःखबाट मुक्त भएन भनी भन्दछु ।

"जबसम्म मैले, ब्राह्मण ! यी सप्त-मैथुन संयोगबाट एउटै मात्र पनि आफूमा भएको देखें, तबसम्म ब्राह्मण ! मैले यो घोषणा गरिन कि सदेव, समार, सब्रह्म तथा सश्रमण-ब्राह्मण अनि देव-मनुष्यजनमा रहेर सम्यकसम्बुद्धत्वलाई प्रत्यक्ष गरें ।

"जब मैले, ब्राह्मण ! यी सप्त-मैथुन संयोकग मध्यमा एउटै पनि आफूमा रहेको देखिन । तब ब्राह्मण ! मैले सदेव, समार, सब्रह्म तथा सश्रमण, ब्राह्मण अनि देव-मनुष्यजनमा रहेर सम्यकसम्बुद्धत्वलाई प्रत्यक्ष गरें भनी घोषणा गरें । 'ममा ज्ञान-दर्शन भयो, मेरो विमुक्ति अचल छ, यो मेरो अन्तिम जन्म हो । अब उप्रान्त मेरो पुनर्जन्म हुनेछैन ।' "

यसरी भन्नु भएपछि जानुस्सोणि ब्राह्मणले भगवानलाई यसो भन्यो– "भो गोतम ! अति राम्रो, भो गोतम ! अति राम्रो ... आज देखि प्राण रहुञ्जेल शरणमा परेका उपासक भनी धारण गर्नुहोस् ।"

## ८. संयोगसुत्तं

५१. "भिक्षुहो ! संयोग-विसंयोग धर्मपर्यायको विषय लिएर देशना गर्नेछु । त्यसलाई सुन ... भिक्षुहो ! त्यो संयोग-विसंयोग धर्मपर्याय भनेको के हो ?

"भिक्षुहो ! स्त्रीले आफ्नो स्त्री इन्द्रियलाई लिएर ध्यान दिन्छे– स्त्री हाव-भाव, स्त्री वेष-भूषा, स्त्री रंग-ढंग, स्त्री इच्छा, स्त्री स्वर र स्त्री अलंकारप्रति । उनी त्यसमा रञ्जित हुँदै रमाउन्छिन् । उनी त्यसमा रञ्जित हुँदै, रमाउँदै बाहिरी पुरुषेन्द्रियमा ध्यान दिन्छे । पुरुष हाव-भाव, पुरुष वेष-भूषा, पुरुष इच्छा, पुरुष स्वर र पुरुष अलंकारप्रति । उनी त्यसमा रञ्जित भई रमाउन्छिन् । उनी त्यसमा रञ्जित भई रमाउँदै बाहिरी मिलन हुने इच्छा गर्छे । त्यस मिलनबाट उनीलाई जुन सुख सौमनस्यको प्राप्ति हुने हो त्यो चाह



Downloaded from http://dhamma.digital

हुन्छ । भिक्षुहो ! स्त्रीत्वमा रमण गर्ने सत्व पुरुषसंग मिलन हुन्छ । भिक्षुहो ! यसरी स्त्रीले स्त्रीत्वका अतिक्रमण गर्दैनन् ।

"भिक्षुहो ! पुरुषले आफ्नो पुरुष इन्द्रियलाई लिएर ध्यान दिने हुन्छन्– पुरुष हाव-भाव, पुरुष वेष-भूषा, पुरुष रंग-ढंग, पुरुष इच्छा, पुरुष स्वर र पुरुष अलंकारप्रति । ऊ त्यसमा रञ्जित हुन्छन् तथा रमाउन्छन् । ऊ त्यसमा रँञ्जित हुँदै रमाउँदै बाहिरी स्त्री इन्द्रियमा ध्यान दिन्छन् । स्त्री हाव-भाव, स्त्री वेष-भूषा, स्त्री रंग-ढंग, स्त्री इच्छा, स्त्री स्वर र स्त्री अलंकारप्रति । ऊ त्यसमा रञ्जित हुन्छ तथा रमाउन्छ । ऊ त्यसमा रञ्जित हुँदै, रमाउँदै बाहिरी मिलनको चाह गर्छ । त्यस मिलनबाट उसलाई जुन सुख सौमनस्यको प्राप्ति हुने हो, त्यसप्रति उसको चाह हुन्छ । भिक्षुहो ! पुरुषत्वमा रमण गर्ने सत्व स्त्रीसंग मिलन हुन्छ । भिक्षुहो ! यसप्रकार पुरुषले पुरुषत्वका अतिक्रमण गर्दैनन् । भिक्षुहो ! यसरी संयोग हुन्छ ।

"भिक्षुहो ! विसंयोग भनेको के हो ? भिक्षुहो ! स्त्रीले आफ्नो स्त्री इन्द्रियलाई लिएर ध्यान दिने हुँदैनन्– स्त्री हाव-भाव, स्त्री वेष-भूषा, स्त्री रंग-ढंग, स्त्री इच्छा, स्त्री स्वर र स्त्री अलंकारप्रति । उनी त्यसमा रञ्जित हुँदैन, नरमाउने हुन्छे । उनी त्यसमा रञ्जित नहुँदा, नरमाउनाले बाहिरी पुरुषेन्द्रियमा ध्यान नदिने हुन्छे । पुरुष हाव-भाव, पुरुष वेष-भूषा, पुरुष रंग-ढंग, पुरुष इच्छा, पुरुष स्वर र पुरुष अलंकारप्रति । उनी त्यसमा रञ्जित नहुने तथा नरमाउने हुन्छे । उनी त्यसमा रञ्जित नहुनाले तथा नरमाउनाले बाहिरी मिलनको अनिच्छुक हुन्छे । त्यस मिलनबाट उनीलाई जुन सुख सौमनस्यको प्राप्ति हुने हो, त्यसप्रति चाहना हुँदैन । भिक्षुहो ! स्त्रीत्वमा रमण नगर्ने सत्व पुरुषसंग मिलन हुँदैन । भिक्षुहो ! यसप्रकार स्त्रीले स्त्रीत्वका अतिक्रमण गर्नेछन् ।

"भिक्षुहो ! पुरुषले आफ्नो पुरुष इन्द्रियप्रति ध्यान नदिने हुन्छन्– पुरुष हाव-भाव, पुरुष वेष-भूषा, पुरुष रंग-ढंग, पुरुष इच्छा, पुरुष स्वर र पुरुष अलंकारप्रति । ऊ त्यसमा रञ्जित नहुने तथा नरमाउने हुन्छन् । ऊ त्यसमा रञ्जित नहुँदा, नरमाउँदा बाहिरी 'स्त्री' इन्द्रियमा ध्यान नदिने हुन्छन् । स्त्री हाव-भाव, स्त्री वेष-भूषा, स्त्री रंग-ढंग, स्त्री इच्छा, स्त्री स्वर र स्त्री अलंकारप्रति । ऊ त्यसमा रञ्जित नहुने तथा नरमाउने हुन्छ । ऊ त्यसमा रञ्जित नहुनाले तथा नरमाउनाले बाहिरी मिलनमा अनिच्छुक हुन्छ । त्यस मिलनबाट उसलाई जुन सुख सौमनस्य प्राप्ति हुने हो, त्यसप्रतिको चाह हुँदैन । भिक्षुहो ! पुरुषत्वमा रमण नगर्ने सत्व स्त्रीसंग मिलन हुँदैन । भिक्षुहो !



Downloaded from http://dhamma.digital

यसप्रकार पुरुषले पुरुषत्वका अतिक्रमण गर्ने हुन्छ । भिक्षुहो ! यसरी विसंयोग हुन्छ । भिक्षुहो ! यसैलाई संयोग-विसंयोग भनिन्छ ।"

## ९. दानमहप्फलसुत्तं

५२. एक समय भगवान चम्पास्थित गग्गरा पोखरीको किनारमा बस्नुहुन्थ्यो । त्यसबेला चम्पाका धेरै उपासकहरू जहाँ आयुष्मान सारिपुत्त हुनुहुन्थ्यो त्यहाँ गए । गएर सारिपुत्तलाई अभिवादन गरी एकठाउँमा बसे । एकठाउँमा बसेपछि चम्पाका उपासकहरूले आयुष्मान सारिपुत्तलाई यसो भन्यो– "भन्ते ! हामीले भगवानबाट धर्मोपदेश सुनेको धेरै दिन भइसक्यो । भन्ते ! हामीले भगवानबाट धर्मोपदेश सुन्न पाए राम्रो हुन्थ्यो ।" आवुसोहो ! त्यसो भए उपोसथको दिनमा आउनु । हुनसक्छ त्यसदिन धर्मोपदेश सुन्न पाउनेछौ । "हवस्, भन्ते ! भनी चम्पाका उपासकहरूले आयुष्मान सारिपुत्तलाई प्रतिवचन दिई आसनबाट उठेर आयुष्मान सारिपुत्तलाई अभिवादन र प्रदक्षिणा गरी फर्केर गए ।

यसपछि चम्पाका उपासकहरू उपोसथका दिन जहाँ आयुष्मान सारिपुत्त हुनुहुन्थ्यो त्यहाँ गए । गएर आयुष्मान सापुित्तलाई अभिवादन गरी एकठाउँमा बसे । अनि त ती चम्पाका उपासकहरूलाई संगै लिएर सारिपुत्त जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गए । गएर भगवानलाई अभिवादन गरी एकठाउँमा बसे । एकठाउँमा बसेपछि आयुष्मान सारिपुत्तले भगवानलाई यसो भन्नुभयो–

"भन्ते ! के यस्तो हुन सक्छ कि, यहाँ कसैले त्यस्तै नै दिएको दान न त महत्फल तथा न त महाशुभपरिणामी हुन्छ ? भन्ते ! के यस्तो हुन सक्छ कि, यहाँ कसैले त्यस्तै नै दिएको दान महत्फल र महाशुभपरिणामी हुन्छ ? "सारिपुत्त ! यस्तो हुन सक्छ कि, यहाँ कसैले एकै प्रकारको दान दिंदा न त महत्फलदायक र न त महाशुभपरिणामी हुन्छ । सारिपुत्त ! यस्तो हुन सक्छ कि, यहाँ कसैले एकै प्रकारको दान दिंदा महत्फल र महाशुभपरिणामी हुन्छ । "भन्ते ! यस्तो हुनु को कारण के ? किन यस्तो भएको ? त्यस्तै प्रकारका दान एकजनाले दिएको अनि अर्कोले दिएको दानको फल न त महान् हुन्छ न त महाशुभपरिणामको हुन्छ ? भन्ते ! यस्तो हुनु को कारण के ? किन यस्तो भएको ? त्यस्तै प्रकारका दान एकजनाले दिएको अनि अर्कोले दिएको दानको फल महान् र महाशुभपरिणाम हुन्छ ?

"सारिपुत्त ! यहाँ कसै-कसैले तृष्णायुक्त भई दान दिन्छ, आसक्तीयुक्त



Downloaded from http://dhamma.digital

भई दान दिन्छ, एकैसाथ भोग गर्न पाउने भावनाको हुन्छ, कि यसद्वारा परलोकमा भोग गर्न पाउँछु भनी दान दिन्छ । उसले श्रमण वा ब्राह्मणलाई अन्न-पान, वस्त्र, वाहन, माला, गन्ध, विलेपन, शयनासन, आवास गृह र दीप दान दिन्छ । के त, सारिपुत्त ! यहाँ कसै-कसैले यसरी दान दिएको थाहा छ ?" "थाहा छ, भन्ते !"

"सारिपुत्त ! यहाँ जो व्यक्तिले तृष्णायुक्त भई दान दिन्छ, आसक्ती-युक्त भई दान दिन्छ, एकैसाथ भोग गर्न पाउने आश लिई दान दिन्छ, यसद्वारा परलोकमा परिभोग गर्नेछु, भनी दान दिन्छ । उसले त्यो दान दिएपछि मरणपछि चतुर्महाराजिकको देवकुलमा उत्पन्न हुन्छ । त्यहाँ त्यस कर्मको फल भोग गरी सकेपछि त्यस समृद्धि, त्यस ऐश्वर्य, त्यस आधिपत्यरहित भई, ऊ फेरि यही लोकमा जन्मिन्छ ।

"तर सारिपुत्त ! यहाँ कसैले तृष्णायुक्त भई दान नदिने हुन्छ,, आसक्तियुक्त भई दान नदिने हुन्छ, एकसाथ भोग गर्ने आश लिई दान नदिने हुन्छ, यो मैले परलोकमा परिभोग गर्नेछु भनी दान नदिने हुन्छ । तर दान दिनु राम्रो हो भन्ने विचारले दान दिन्छ ... न त दान दिनु राम्रो हो भन्ने विचार लिई दान दिन्छ । तर यस्तो विचार लिई दान दिन्छ कि, यो बाउ-बराजूको पाला देखि चलिआएको परम्परा हो । यो पुरानो परम्परालाई त्याग्नु उचित होइन भनी दान दिन्छ ... यो बाउ-बराजूको पाला देखि चलिआएको परम्परा हो, यो पुरानो परम्परालाई त्याग्नु उचित होइन भनी दान नदिने हुन्छ तर यस्तो विचार लिएर दान दिन्छ कि, मैले पकाउँछु यस्ले पकाउँदैन, पकाउनेले नपकाउनेलाई दान नदिनु भनेको उचित होइन भनी दान दिन्छ ... न त मैले पकाउँछु यस्ले पकाउँदैन, पकाउनेले नपकाउनेलाई दान नदिनु भनेको उचित होइन भनी दान नदिने हुन्छ । तर यो विचार लिएर दान दिन्छ जस्तो कि, जो तिनीहरूका पूर्वका ऋषिहरू अट्ठकको, वामकको, वामदेवको, वेस्सामित्तको, यमदग्गिको, अङ्गीरसको, भारद्वाजको, वासेट्ठको, कस्सपको र भगुले गरेको महा यज्ञ हो । यसरी नै मैले यो दान संविभाजन हुनेछ भन्ने विचा लिएर दान दिन्छ ... न त तिनीहरूका पूर्वका ऋषिहरू अट्ठकले, वामकले, वामदेवले, वेस्सामित्तले, यमदग्गिले, अङ्गीरसले, भारद्वाजले, वासेट्ठले, कस्सपले र भगुले गरेको महायज्ञ हो । यसरी नै मबाट यो दान संविभाजन हुनेछ भन्ने विचा लिएर दान दिन्छ । यस्तो विचार लिएर दान दिने हुन्छ कि, यो दान दिइरहेको समय मेरो मनप्रसन्न हुन्छ, सन्तुष्ट हुन्छ तथा हर्षित हुन्छ भनी दान दिन्छ ... न त दान दिइरहेको समय मेरो मनप्रसन्न हुन्छ, सन्तुष्ट हुन्छ



Downloaded from http://dhamma.digital

तथा हर्षित हुन्छ । तर यस्तो विचारले दान दिन्छ कि, दान दिनु भनेको चित्तको अलङ्कार हो, चित्तको परिष्कार हो । उसले श्रमण, ब्राह्मणलाई अन्न-पान, वस्त्र-वाहन, माला-गन्ध-विलेपन,शयनासन-वासस्थान-प्रदीप आदि दान दिन्छ । सारिपुत्त ! के त तिमी मान्दछौ कि, कसै-कसैले दान दिंदा यसरी दान दिने हुन्छन् ?" "हुन्छन्, भन्ते !

"सारिपुत्त ! यहाँ कोही-कोही व्यक्तिले न तृष्णायुक्त चित्तको भई दान दिन्छ, न आसक्तियुक्त चित्तले दान दिन्छ, न एकसाथ भोग गर्ने विचारले दान दिन्छ, न परलोकमा भोग गर्नेछु भनी दान दिन्छ, न त दान दिने राम्रो हो भनी दान दिन्छ, न त बाउ-बराजूको पाला देखि चलिआएको यो परम्परा हो, यो पुरानो परम्परालाई त्याग्नु उचित होइन भनी दान दिन्छ । न त मैले पकाउँछु यस्ले पकाउँदैन, पकाउनेले नपकाउनेलाई दान नदिनु भनेको उचित होइन भनी दान दिन्छ । न त तिनीहरूका पूर्वका ऋषिहरू अट्ठकले, वामकले, वामदेवले, वेस्सामित्तले, यमदग्गिले, अङ्गीरसले, भारद्वाजले, वासेट्ठले, कस्सपले र भगुले गरेको महायज्ञ हो । यसरी नै मबाट यो दान संविभाजन हुनेछ भन्ने विचारले दान दिन्छ । न त दान दिइरहेको समय मेरो मनप्रसन्न हुन्छ, सन्तुष्ट हुन्छ तथा हर्षित हुन्छ भनी दान दिन्छ तर दान दिनु भनेको चित्तको अलङ्कार हो, चित्तको परिष्कार हो भन्ने विचार लिएर दान दिन्छ । उसले त्यो दान दिंदा शरीर त्याग भई मरणपछि ब्रह्मकायिक देवका कुलमा उत्पन्न हुन्छ । त्यस कर्मको फललाई भोग गरिसकेपछि त्यो ऋद्धि, त्यो यश, त्यो आधिपत्यबाट रहित भई अनागामि हुन्छ, पुन यसलोकमा नजन्मिने हुन्छ । सारिपुत्त ! यही नै कारण हो, यसो हुँदा नै यहाँ कसै-कसैले एकैप्रकारको दान दिंदा महत्फल हुँदैन तथा महासुपरिणामी हुँदैन । सारिपुत्त ! यही नै कारण हो, यही कारणले कसै-कसैले एकैप्रकारको दान दिंदा महत्फलदायी हुन्छ तथा महाशुभपरिणामी हुन्छ ।"

## १०. नन्दमातासुत्तं

५३. मैले यस्तो सुनें– .एक समय आयुष्मान सारिपुत्त र आयुष्मान महामोग्गल्लान महाभिक्षु संघका साथ दक्खिणागिरिमा चारिका गरिरहनु भएको थियो । त्यस समय वेलुकण्डकी नन्दमाता उपासिका रात्रीको प्रत्यूषकालमा उठेर पारायन सूत्र मधुर स्वरले पाठ गर्दै थिइन ।

त्यसबेला वेस्सवण महाराज उत्तरदिशा भई दक्षिणदिशा तिर गइरहेको थियो। वेस्सवण महाराजाले नन्दमाता उपासिकाले पारायण सूत्र मधुर स्वरले



Downloaded from http://dhamma.digital

पाठ गरिरहेको सुने । त्यो पाठ नसकुन्जेल त्यहीं नै वसी सुनिरहे ।

त्यसबेला नन्दमाता उपासिकाले पारायण सूत्र मधुर स्वरले पाठ गरिसकेपछि चुप लागेर बसिन् । नन्दमाता उपासिकाले सस्वर पाठ गरी सक्यो भनी वेस्सवण महाराजाले थाहापाए पछि अनुमोदन गरे– "साधु बहिनी, साधु बहिनी !" "भद्रमुख ! यहाँ को हुनुहुन्छ होला ?" "बहिनी ! म तिम्रो भ्राता वेस्सवण महाराजा हुँ ।" "साधु, भद्रमुख ! त्यसोभए अहिले मैले जुन यो धर्म परियाय पाठ गरें, त्यो नै तिम्रो निम्ति आतिथ्य होस् ।" "साधु, बहिनी ! यो नै मेरो निम्ति आतिथ्य हुनेछ । भोलि बिहानै सारिपुत्त र मोग्गल्लान प्रमुख भिक्षुसंघकासाथ जलपान नगरि वेलुकण्डकमा आउनुहुनेछ । वहाँ भिक्षुसंघलाई भोजन गराई मेरो तरफबाट दक्षिणाको घोषणा गरिदिनु । यो मेरो निम्ति आतिथ्य हुनेछ ।"

यसपछि नन्दमाता उपासिकाले त्यस रात बितेपछि आफ्नो घरमा प्रणीत खाद्य-भोज्य तयार गर्न लगाए । त्यसबेला सारिपुत्त र मोग्गल्लान प्रमुख भिक्षुसंघकासाथ प्रातः कालमै जलपान नगरिकन वेलुवकण्डकमा आई पुग्नुभयो । त्यसबेला नन्दमाता उपासिकाले एकजना मान्छेलाई बोलायो– "भो पुरुष ! यहाँ आऊ, तिमी आराममा गई भिक्षुसंघलाई समयको सूचना दिएर भन्नु– 'भन्ते ! आर्या नन्दमाताको घरमा भोजन तयार भइसकेको छ ।" "हवस् आर्य ! भनी ती नन्दमाता उपासिकालाई प्रत्युत्तर दिई आराममा गई भिक्षुसंघलाई समयको सूचना दिएर भन्यो– भन्ते ! समय भइसक्यो, आर्या नन्दमाताकहाँ भोजन तयार भइसकेको छ । सूचना पाएपछि सारिपुत्त र मोग्गल्लान प्रमुख भिक्षुसंघले पूर्वाण्ह समय चीवर धारण गर्नुभई, पात्र चीवर लिनुभई जहाँ नन्दमाताको घर थियो त्यहाँ जानुभयो । त्यहाँ पुग्नुभई बिच्छाइएको आसनमा बस्नुभयो । बस्नुभएपछि नन्दमाता उपासिकाले सारिपुत्त र मोग्गल्लान प्रमुख भिक्षुसंघलाई प्रणीत खाद्य-भोज्य आफ्नै हातले सन्तर्पित तथा समर्पित गरिन् ।

"अनि आयुष्मान सारिपुत्तले भोजन गरिसक्नु भएपछि, पात्रबाट हात हटाउनु भएपछि उपासिका नन्दमाता एकठाउँमा बसिन् । एकठाउँमा बसेपछि उपासिका नन्दमातालाई आयुष्मान सारिपुत्तले सोध्नुभयो– "नन्दमाता ! तिमीलाई यहाँ कसले भिक्षुसंघ आगमनको पूर्व सूचना दियो ?"

"भन्ते ! यहाँ म रातको प्रत्यूष कालमा उठेर मधुर स्वरले पारायण सूत्र पाठ गरी चुप लागेर बसेकी थिएं । त्यसबेला भन्ते ! मैले सूत्र पाठ सिध्याएको थाहा पाउनु भई वेस्सवण महाराजाले त्यसलाई अनुमोदन गर्नुभयो– 'साधु,



Downloaded from http://dhamma.digital

बहिनी ! साधु, बहिनी !' 'भद्रमुख ! यहाँ को हुनुहुन्छ ?' बहिनी ! म तिम्रो भ्राता वेस्सवण महाराजा हुँ ।' "साधु, भद्रमुख ! त्यसोभए अहिले मैले जुन यो धर्म परियाय पाठ गरें, त्यो नै तिम्रो निम्ति आतिथ्य होस् ।' 'साधु, बहिनी ! यो नै मेरो निम्ति आतिथ्य हुनेछ । भोलि बिहानै सारिपुत्त र मोग्गल्लान प्रमुख भिक्षुसंघकासाथ जलपान नगरि वेलुकण्डकमा आउनु हुनेछ । वहाँ भिक्षुसंघलाई भोजन गराई मेरो तरफबाट दक्षिणाको घोषणा गरिदिनु । यो मेरो निम्ति आतिथ्य हुनेछ ।' भन्ते ! अहिले जुन मैले पुण्य गरी पुण्य सञ्चय गरें त्यो महाराजा वेस्सवणलाई सुखको कारण बनोस् ।"

"आश्चर्य हो, नन्दमाता ! अचम्म हो, नन्दमाता ! तिमीले यत्रो महाऋद्धिवान, महाप्रतापी देवपुत्र महाराजा वेस्सवणको सम्मुखमा कुरा गर्‍यौ ।"

"भन्ते ! यो मात्रै आश्चर्य र अचम्मको कुरा होइन । मसंग अर्को पनि आश्चर्य र अचम्मको कुरा छ । भन्ते ! नन्द नाउँको मेरो अत्यन्त प्रिय एकलौटे पुत्र थियो । उसलाई राजाका मान्छेहरूले केही कारणले तान्दै लगी थिचेर मारी दियो । भन्ते ! त्यो बच्चालाई समाउँदा, समातेर लैजाँदै गर्दा, मार्न लगिरहेको बेला, मारीरहेको बेला, मारीदिंदा वा मारीदिएको बेला मेरो चित्तमा कुनै प्रकारको विकृति आएको थाहा छैन ।" "आश्चर्य हो, नन्दमाता ! अचम्म हो, नन्दमाता ! जब कि, तिम्रो चित्तमा उत्पत्ति होउँजेल पनि परिशुद्ध गरी राख्यौ ।"

"भन्ते ! यो मात्रै आश्चर्य र अचम्मको कुरा होइन । मसंग अर्को पनि आश्चर्य र अचम्मको कुरा छ । मेरो पति मरेर यक्ष भई जन्म लियो । उसले आफूलाई त्यही पूर्व-रूपमा प्रकट गर्‍यो । भन्ते ! त्यसबाट मेरो चित्तमा अलिकति पनि विकृति आएको मलाई थाहा छैन । "आश्चर्य हो, नन्दमाता अचम्म हो, नन्दमाता ! जब कि तिम्रो चित्तमा उत्पत्ति होउँजेल पनि परिशुद्ध गरी राख्यौ ।"

"भन्ते ! यो मात्रै आश्चर्य र अचम्मको कुरा होइन । मसंग अर्को पनि आश्चर्य र अचम्मको कुरा छ । जब मेरो पति सानु थियो अनि म पनि सानै थिएं त्यहीबेला आफ्नो स्वामीको लागि ल्याइयो । मलाई थाहा छैन कि, मनले पनि मैले स्वामी बाहेक अरुसंग अतिचारी भएको, शरीरबाट त झन भन्नु नै के !" "आश्चर्य हो, नन्दमाता ! अचम्म हो, नन्दमाता !"

"भन्ते ! यो मात्रै आश्चर्य र अचम्मको कुरा होइन । मसंग अर्को पनि



Downloaded from http://dhamma.digital

आश्चर्य र अचम्मको कुरा छ । भन्ते ! यहाँ म जतिसम्म चाहन्छु काम-भोगरहिर्त, अकुशल धर्मरहित, सवितर्क र सविचारले युक्त भई विवेकबाट उत्पन्न प्रीति-सुखमय प्रथम ध्यान लाभ गरी बस्दछु । वितर्क र विचार-लाई शान्त पारी भित्री हृदयको प्रसन्नताकासाथ एकाग्र-भावको भई अवितर्क-अविचार समाधिबाट उत्पन्न द्वितीय ध्यान लाभ गरी बस्दछु । प्रीतिबाट पनि हटेर उपेक्षावान भई विहर्दछु, स्मृतिवान भई, राम्रोसंग जान्ने बुझ्ने भई कायद्वारा सुख अनुभव गर्छु । जसलाई ती आर्यहरूले भन्ने गर्दछन्– 'उपेक्षावान, स्मृतिवान, सुख विहारी भई तृतीय ध्यान लाभ गरी बस्ने, ।' त्यस तृतीय ध्यान लाभ गरी बस्दछु । सुख पनि दु:ख पनि हटाएर मानसिक हर्ष तथा विस्मात (सौमनस्य-दौर्मस्य) पहिलै विलुप्तरहनाले दु:खरहित, सुखर-हित चतुर्थ ध्यान लाभ गरी बस्दछु ।" "आश्चर्य हो, नन्दमाता ! अचम्म हो, नन्दमाता !"

"भन्ते ! यो मात्रै आश्चर्य र अचम्मको कुरा होइन । मसंग अर्को पनि आश्चर्य र अचम्मको कुरा छ । भन्ते ! भगवानले जुन कामावचर (पञ्च ओरम्भागिका(दो.सं. अङ्गुत्तरनिकाय दोस्रोभाग १६८ पन्नामा हेरौं) संयोजनहरू भन्नु भएको छ, त्यसमध्यमा एउटै पनि ममा रहेको देख्दिन । "आश्चर्य हो, नन्दमाता ! अचम्म हो, नन्दमाता !"

यसपछि आयुष्मान सारिपुत्तले उपासिका नन्दमातालाई धर्मका कुराहरू दर्शाउँदै, प्रेरित गर्दै, समुत्तेजित गर्दै, हर्षित तुल्याई आसनबाट उठेर जानुभयो ।

Downloaded from http://dhamma.digital

## ६. अब्याकतवग्गो

### १. अब्याकतसुत्तं

५४. त्यसबेला एकजना भिक्षु जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गए । गएर भगवानलाई अभिवादन गरी एकठाउँमा बसे । एकठाउँमा बसेपछि त्यो भिक्षुले भगवानलाई यसो भन्यो– "भन्ते ! यसको कारण के, यसको उद्देश्य के ? जो श्रुतवान आर्यश्रावक हुन्छ, उसमा अब्याकृत विषयमा सन्देह हुँदैन ?"

"भिक्षु ! जो श्रुतवान आर्यश्रावकसँग मिथ्यादृष्टि निरोध हुनाले उसमा अव्याकृत विषयमा सन्देह हुँदैन । 'मृत्युपछि तथागत हुन्छ, भिक्षु ! यो मिथ्यादृष्टि हो,' 'मृत्युपछि तथागत हुँदैन, भिक्षु ! यो पनि मिथ्यादृष्टि हो,' 'मृत्युपछि तथागत हुन्छ पनि हुँदैन पनि, भिक्षु ! यो पनि मिथ्यादृष्टि हो,' 'मृत्युपछि तथागत न त हुन्छ, न त हुँदैन, भिक्षु ! यो पनि मिथ्यादृष्टि हो । भिक्षु ! अश्रुतवान पृथकजनले मिथ्यादृष्टिलाई जानेको हुँदैन, मिथ्यादृष्टिको उत्पत्तिलाई जानेको हुँदैन, मिथ्यादृष्टिको निरोधलाई जानेको हुँदैन, मिथ्यादृष्टि निरोध गामिनि मार्गलाई जानेको हुँदैन । उसमा मिथ्यादृष्टि वृद्धि हुन्छ, ऊ जन्म, वृद्ध, मृत्यु, शोक, रुनु-पिट्नु, दुःख, दौर्मनस्य र चिन्ताबाट मुक्त हुँदैन, दुःखबाट मुक्त हुनसक्दैन भनी म भन्दछु ।

"भिक्षु ! श्रुतवान आर्यश्रावकले दृष्टिलाई (मिथ्यादृष्टिलाई) जानेको हुन्छ, दृष्टि समुदयलाई जानेको हुन्छ, दृष्टि निरोधलाई जानेको हुन्छ, दृष्टि निरोध गामिनि मार्गलाई जानेको हुन्छ । उसको त्यो दृष्टि निरोध हुन्छ, ऊ जन्मबाट, वृद्धताबाट, मरणबाट, शोकबाट, रुनु-कराउनुबाट, दुःखबाट, दौर्मनस्यबाट र चिन्ताबाट मुक्त हुन्छ, दुःखबाट मुक्त हुन्छ, भनी म भन्दछु । भिक्षु ! यसरी जान्ने, यसरी देख्नसक्ने श्रुतवान आर्यश्रावकले यसरी भन्दैन 'मृत्युपछि तथागत हुन्छ, 'मृत्युपछि तथागत हुँदैन' भनी भन्दैन, 'मृत्युपछि तथागत हुन्छ पनि हुँदैन पनि,' भनी गर्दैन, 'तथागत न त हुन्छ, न त हुँदैन,'' भनी भन्दैन । भिक्षु ! यसरी जान्ने, यसरी देख्ने, श्रुतवान आर्यश्रावक अव्याकरण तथा अव्याकृत धर्म हुन्छ । भिक्षु ! यसरी जान्नसक्ने, यसरी देख्नसक्ने श्रुतवान आर्यश्रावक अव्याकृत विषयमा न भयभीत हुन्छ, न काम्ने हुन्छ, न रोमांचित हुन्छ अनि न सन्त्रसित हुन्छ ।

"भिक्षु ! 'मरणपछि तथागत हुन्छ,' भन्ने तृष्णा मात्र हो, ... संज्ञा मात्र हो; मान्यता मात्र हो, ... प्रपंच मात्र हो, ... उपादान मात्र हो ... । भिक्षु !



Downloaded from http://dhamma.digital

'मृत्युपछि तथागतरहनेछ, भनी भन्नु यो पश्चाताप हो, भिक्षु ! 'तथागत मृत्युपछि तथागतरहदैन' भनी भन्नु यो पश्चाताप हो, 'मृत्युपछि तथागत-रहनेछ वा रहँदैन' भनी भन्नु यो पश्चाताप हो, 'मृत्युपछि तथागत न त रहनेछ वा न त रहँदैन' भनी भन्नु यो पश्चाताप हो । भिक्षु ! अश्रुतवान पृथकजनले पश्चातापलाई जानेको हुँदैन, पश्चाताप समुदयलाई जानेको हुँदैन, पश्चाताप निरोधलाई जानेको हुँदैन, पश्चाताप निरोध गामिनी मार्गलाई जा-नेको हुँदैन । उसमा पश्चाताप वृद्धि हुन्छ, ऊ जन्म, वृद्ध, मृत्यु, शोक, रुनु-पिट्नु, दुःख, दौर्मनस्य र चिन्ताबाट मुक्त हुँदैन तथा दुःखबाट मुक्त हुनसक्दैन भनी म भन्दछु ।

"भिक्षु ! श्रुतवान पृथकजनले पश्चातापलाई जानेको हुन्छ, पश्चाताप समुदयलाई जानेको हुन्छ, पश्चाताप निरोधलाई जानेको हुन्छ, पश्चाताप निरोध गामिनी मार्गलाई जानेको हुन्छ । उसमा पश्चाताप निरुद्ध हुन्छ, ऊ जन्मबाट ... दुःखबाट मुक्त हुनसक्छ भनी म भन्दछु । भिक्षु ! यसप्रकार जान्ने, यसप्रकार देख्ने, श्रुतवान आर्यश्रावकले यसरी भन्दैन 'मृत्युपति तथागतहुन्छ ... यसरी भन्दैन ' मृत्युपछि न त रहनेछ वा न त रहँदैन । भिक्षु ! यसप्रकार जान्ने, यसप्रकार देख्ने श्रुतवान आर्यश्रावकद्वारा यसरी अव्याकरण तथा अव्याकृत धर्मको हुन्छ । भिक्षु ! यसप्रकार जान्नसक्ने, यसप्रकार देख्नसक्ने श्रुतवान आर्यश्रावक अव्याकृत विषयमा न भयभीत हुन्छ, न काम्ने हुन्छ, न रोमांचित हुन्छ, न सन्त्रसित हुन्छ । भिक्षु ! यसको कारण यही हो, यस्को उद्देश्य यही हो । जो श्रुतवान आर्यश्रावक हुन्छ, उसमा अव्याकृत विषयमा सन्देह हुँदैन ।"

## २. पुरिसगतिसुत्तं

५५. " भिक्षुहो ! मैले सात[1] ज्ञानको अवस्था (पुरुष गति) लाई लिएर देशना गर्नेछु तथा अप्रत्यय निर्वाणलाई लिएर । त्यसलाई सुन, राम्रोसित मनमा धारण गर भन्नेछु । "हवस्, भन्ते !" भनी ती भिक्षुहरूले भगवानलाई प्रत्युत्तर दिए । भगवानले यसो भन्नुभयो– "भिक्षुहो ! सात पुरुष गति भनेको के हो ?

"भिक्षुहो ! यहाँ भिक्षुले यसप्रकारको चर्या गर्छन्– 'न त (अतित कालमा उत्पन्न गरिएको कर्म) ममा छ, न त (वर्तमान कालमा उत्पन्न कर्म) ममा छ, न त (भविष्यमा उत्पन्न गराउने कर्म) ममा छ । जे छ, त्यसलाई परित्याग गर्छु', भनी उपेक्षा लाभी हुन्छ । ऊ (पूर्व भवमा नरमाउने



Downloaded from http://dhamma.digital

हुन्छ, भावी भवमा नरमाउने हुन्छ । ऊ प्रज्ञाद्वारा त्यो भन्दा पनि श्रेष्ठोत्तम पदलाई सम्यकरूपले देख्नसक्छ । त्यो पदलाई उसले सम्पूर्णतः साक्षात गरेको हुँदैन । उसमा मान अनुशय सबै नै निर्मूल हुँदैन । उसमा भवराग अनुशय सबै नै निर्मूल हुँदैन । उसमा अविद्या अनुशय सबै निर्मूल हुँदैन । उसले पाँचप्रकारका निम्न भागिय संयोजन (दो.सं.अङ्गुत्तरनिकायको दोस्रोभाग १६८ पन्नामा हेरौं) हरू क्षय गरी अनागामी अर्थात बीचमै परिनिर्वाण हुन्छ । जस्तै कि, भिक्षुहो ! दिनभरी तातेको फलामे पातालाई रगडिंदा झिल्का उत्पन्न भई निभेर जान्छ । यसरी नै, भिक्षुहो ! भिक्षुले यसप्रकारको चर्या गर्ने हुन्छन्– 'ममा (अतित कालमा उत्पन्न गराउने कर्म) थिएन, न त (वर्तमान कालमा उत्पन्न कर्म) ममा छ, न त (भविष्यमा उत्पन्न गराउने कर्म) ममा छ । जे छ, त्यसलाई परित्याग गर्छु', भनी उपेक्षा लाभी हुन्छ । ऊ (पूर्व) भवमा नरमाउने हुन्छ, भावी भवमा नरमाउने हुन्छ । ऊ प्रज्ञाद्वारा त्यो भन्दा पनि श्रेष्ठोत्तम पदलाई सम्यक प्रकारले देख्नसक्छ । त्यो पदलाई उसले सम्पूर्णतः साक्षात गरेको हुँदैन । उसमा मान अनुशय (मैल) सबै नै निर्मूल भएको हुँदैन । उसमा भवराग अनुशय सबै नै निर्मूल भएको हुँदैन । उसमा अविद्या अनुशय सबै निर्मूल भएको हुँदैन । उसले पाँचप्रकारका निम्न भागिय संयोजनहरूलाई क्षय गरी अनागामी अर्थात बीचमै परिनिर्वाण हुन्छ ।

"तर यहाँ, भिक्षुहो ! भिक्षुले यसप्रकारको चर्या गर्ने हुन्छन्– 'न त (अतित कालमा उत्पन्न गरिएको कर्म) ममा छ, न त (वर्तमान कालमा उत्पन्न कर्म) ममा छ, न त (भविष्यमा उत्पन्न गराउने कर्म) ममा छ । जे छ, त्यसलाई परित्याग गर्छु', भनी उपेक्षा लाभी हुन्छ । ऊ (पूर्व) भवमा नरमाउने हुन्छ, भावी भवमा नरमाउने हुन्छ । ऊ प्रज्ञाद्वारा त्यो भन्दा पनि श्रेष्ठोत्तम पदलाई सम्यक प्रकारले देख्नसक्छ । त्यो पदलाई उसले सम्पूर्णतः साक्षात गरेको हुँदैन । उसमा मान अनुशय (मैल) सबै नै निर्मूल भएको हुँदैन । उसमा भवराग अनुशय सबै नै निर्मूल भएको हुँदैन । उसमा अविद्या अनुशय सबै नै निर्मूल भएको हुँदैन । उसले पाँचप्रकारका निम्नभागिय संयोजनहरूलाई क्षय गरी अनागामी अर्थात बीचमै परिनिर्वाण हुन्छ । जस्तै कि, भिक्षुहो ! दिनभरी तातेको फलामे पातालाई रगडिंदा झिल्का उत्पन्न भई माथि तिर गई निभेर जान्छ । यसप्रकारले नै, भिक्षुहो ! भिक्षुले यसप्रकारको चर्या गर्ने हुन्छन्– 'न त (अतित कालमा उत्पन्नको कारण हुने कर्म) ममा छ, न त (वर्तमान कालमा उत्पन्न हुने कर्म) ममा छ, ... उसले पाँच प्रकारका निम्न भागिय संयोजनहरू क्षय गरी अनागामी अर्थात बीचमै परिनिर्वाण हुन्छ ।



Downloaded from http://dhamma.digital

"तर यहाँ, भिक्षुहो ! भिक्षुले यसप्रकारको चर्या गर्ने हुन्छन्– 'न त (अतित कालमा उत्पन्न गरिएको कर्म) ममा छ, न त (वर्तमान कालमा उत्पन्नकर्म) ममा छ, ... उसले पाँचप्रकारका निम्नभागिय संयोजनहरू क्षय गरी अनागामी अर्थात बीचमै परिनिर्वाण हुन्छ । जस्तै कि, भिक्षुहो ! दिनभरी तातेको फलामे पातालाई रगडिंदा भिल्का उत्पन्न भई माथि तिर गई भूमि तिर नखसि निभेर जान्छ । यसरी नै, भिक्षुहो ! भिक्षुले यसप्रकारको चर्या गर्ने हुन्छन्– 'न त (अतित कालमा उत्पन्न गरिएको कर्म) ममा छ, न त (वर्तमान कालमा उत्पन्न हुने कर्म) ममा छ, ... उसले पाँच प्रकारका निम्न भागिय संयोजनहरूलाई क्षय गरी अनागामी अर्थात बीचमै परिनिर्वाण हुन्छ ।

"तर यहाँ, भिक्षुहो ! भिक्षुले यसप्रकारको चर्या गर्ने हुन्छन्– 'न त (अतित कालमा उत्पन्न गरिएको कर्म) ममा छ, न त (वर्तमान कालमा उत्पन्न कर्म) ममा छ, ... उसले पाँचप्रकारका निम्नभागिय संयोजनहरू क्षय गरी उपहत्य परिनिर्वाण हुन्छ । जस्तै कि, भिक्षुहो ! दिनभरी तातेको फलामे पातालाई रगडिंदा उत्पन्न हुने भिल्का उत्पन्न भई माथि तिर गई पृथ्वी तलमा भरी निभेर जान्छ । यसप्रकारले नै, भिक्षुहो ! भिक्षुले यसप्रकारको चर्या गर्ने हुन्छन्– 'न त (अतित कालमा उत्पन्नको कारण हुने कर्म) ममा छ, न त (वर्तमान कालमा उत्पन्न हुने कर्म) ममा छ, ... उसले पाँच प्रकारका निम्न भागिय संयोजनहरू क्षय गरी यस लोकमा अन्तिम जन्म लिई (उपहत्य) परिनिर्वाण हुन्छ ।

"तर यहाँ भिक्षुहो ! भिक्षुले यसप्रकारको चर्या गर्ने हुन्छन्– 'न त (अतित कालमा उत्पन्न गरिएको कर्म) ममा छ, न त (वर्तमान कालमा उत्पन्न कर्म) ममा छ, ... उसले पाँच प्रकारका निम्नभागिय संयोजनहरू क्षय गरी असंस्कारिक परिनिर्वाण हुन्छ । जस्तै कि, भिक्षुहो ! दिनभरी तातेको फलामे पातालाई रगडिंदा उत्पन्न हुने भिल्का उछिट्टेर सीमित थुप्रिएको सुक्खा घाँसमा वा थुप्रिएको दाउडामा पर्छ । त्यसबाट आगो पनि लाग्छ, धुवाँदार पनि हुन्छ । आगो लाग्दा, धुवाँदार हुँदा त्यो सीमित थुप्रिएको सुक्खा घाँस वा थुप्रिएको दाउडा जलेर आगो नरहँदा निभेर जान्छ । यस प्रकारले नै, भिक्षुहो ! भिक्षुले यसप्रकारको चर्या गर्ने हुन्छन्– 'न त (अतित कालमा उत्पन्नको कारण हुने कर्म) ममा छ, न त (वर्तमान कालमा उत्पन्न हुने कर्म) ममा छ, ... उसले पाँचप्रकारका निम्न भागिय संयोजनहरू क्षय गरी असंस्कारिक परिनिर्वाण हुन्छ ।



Downloaded from http://dhamma.digital

"तर यहाँ भिक्षुहो ! भिक्षुले यसप्रकारको चर्या गर्ने हुन्छन्– 'न त (अतित कालमा उत्पन्न गरिएको कर्म) ममा छ, न त (वर्तमान कालमा उत्पन्नकर्म) ममा छ, ... उसले पाँचप्रकारका निम्नभागिय संयोजनहरू क्षय गरी ससंस्कारिक परिनिर्वाण हुन्छ । जस्तै कि, भिक्षुहो ! दिनभरी तातेको फलामे पातालाई रगडिंदा उत्पन्न हुने भिल्का उछिट्टेर धेरै नै थुप्रिएको सुक्खा घाँसमा वा धेरै नै थुप्रिएको दाउडामा पर्छ । त्यसबाट आगो पनि लाग्छ, धुवाँदार पनि हुन्छ। आगो लाग्दा, धुवाँदार हुँदा त्यो धेरै नै थुप्रिएको सुक्खा घाँस वा धेरै नै थुप्रिएको दाउडा जलेर आगो नरहँदा निभेर जान्छ । यसरी नै, भिक्षुहो ! भिक्षुले यसप्रकारको चर्या गर्ने हुन्छन्– 'न त (अतित कालमा उत्पन्न गरिएको कर्म) ममा छ, न त (वर्तमान कालमा उत्पन्न हुने कर्म) ममा छ, ... उसले पाँचप्रकारका निम्न भागिय संयोजनहरू क्षय गरी ससंस्कारिक परिनिर्वाण हुन्छ ।

"अर्को भिक्षुहो ! यहाँ भिक्षुले यसप्रकारको चर्या गर्ने हुन्छन्– 'न त (अतित कालमा उत्पन्न गरिएको कर्म) ममा छ, न त (वर्तमान कालमा उत्पन्न कर्म) ममा छ, न त (भविष्यमा उत्पन्न गराउने कर्म) ममा छ। जे छ, त्यसलाई परित्याग गर्छु', भनी उपेक्षा लाभी हुन्छ। ऊ (पूर्व) भवमा नरमाउने हुन्छ, भावी भवमा नरमाउने हुन्छ । ऊ प्रज्ञाद्वारा त्यो भन्दा पनि श्रेष्ठोत्तम पदलाई सम्यकरूले देख्नसक्छ। त्यो पदलाई उसले सम्पूर्णत: साक्षात गरेको हुँदैन । उसमा मान अनुश (मैल) सबै नै निर्मूल हुँदैन । उसमा भवराग अनुशय सबै नै निर्मूल हुँदैन । उसमा अविद्या अनुशय सबै निर्मूल हुँदैन । उसले पाँचप्रकारका निम्न भागिय संयोजनहरू क्षय गरी उर्ध्वश्रोत भई अकनिट्ठ गामी हुन्छ । जस्तै कि, भिक्षुहो ! दिनभरी तातेको फलामे पातालाई रगडिंदा उत्पन्न हुने भिल्का उछिट्टेर धेरै नै थुप्रिएको सुक्खा घाँसमा वा धेरै नै थुप्रिएको दाउडामा पर्छ। त्यसबाट आगो पनि लाग्छ, धुवाँदार पनि हुन्छ । आगो लाग्दा, धुवाँदार हुँदा त्यो धेरै नै थुप्रिएको सुक्खा घाँस वा धेरै नै थुप्रिएको दाउडा जलेर अरक्षित जंगल तथा सुरक्षित दुवै जंगललाई जलाउँछ । अरक्षित जंगल तथा सुरक्षित जंगल दुवैलाई जलाई जहाँ हरियाली हो, जहाँ पर्वत हो, जहाँ पानी हो अथवा जहाँ रमणीय भूमि-भाग हो त्यहाँ पुगेर आगो बढन नपाउनाले निभेर जान्छ । यसरी नै, भिक्षुहो ! भिक्षुले यसप्रकारको चर्या गर्ने हुन्छन्– 'न त (अतित कालमा उत्पन्न गरिएको कर्म) ममा छ, न त (वर्तमान कालमा उत्पन्न हुने कर्म) ममा छ, ... उसले पाँचप्रकारका निम्न भागिय संयोजनहरू क्षय गरी उर्ध्वश्रोत भई अकनिट्ठ गामी हुन्छ । भिक्षुहो ! यी सात पुरुष गति हुन् ।



Downloaded from http://dhamma.digital

"भिक्षुहो ! अनुत्पाद-परिनिर्वाण भनेको के हो ? भिक्षुहो ! यहाँ भिक्षुले यसप्रकारको चर्या गर्ने हुन्छन्– 'न त (अतित कालमा उत्पन्न गरिएको कर्म) ममा छ, न त (वर्तमान कालमा उत्पन्न कर्म) ममा छ, न त (भविष्यमा उत्पन्न गराउने कर्म) ममा छ । जे छ, त्यसलाई परित्याग गर्छु', भनी उपेक्षा लाभी हुन्छ । ऊ (पूर्व) भवमा नरमाउने हुन्छ, भावी भवमा नरमाउने हुन्छ । ऊ प्रज्ञाद्वारा त्यो भन्दा पनि श्रेष्ठोत्तम पदलाईसम्यकरूपले देख्नसक्छ । त्यो पदलाई उसले सम्पूर्णत: साक्षात गरेको हुन्छ । उसमा मान अनुशय (मैल) सबै नै निर्मूल हुन्छ । उसमा भवराग अनुशय सबै नै निर्मूल हुन्छ । उसमा अविद्या अनुशय सबै निर्मूल हुन्छ । उसले आश्रव क्षय गरी ... साक्षात्कार गरी, लाभ गरी बस्छ । भिक्षुहो ! अनुत्पाद-निर्वाण यसैलाई भनिन्छ । भिक्षुहो ! यी सात पुरुष-गति अनुत्पाद-परिनिर्वाण हुन् ।"

## ३. तिस्सब्रह्मासुत्तं

५४. मैले यस्तो सुनें– एक समय भगवान राजगहस्थित गिज्झकूट पर्वतमा बस्नुहुन्थ्यो । त्यसबेला ज्योतिर्मान दुई देवताहरू रातमा गिज्झकूट पर्वत उज्यालो पार्दै जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गए । गएर भगवानलाई अभिवादन गरी एकठाउँमा बसे । एकठाउँमा बसेपछि एक देवताले यसो भन्यो– "यी भिक्षुणीहरू विमुक्त हुन् ।" अर्को देवताले भन्यो– "यी भिक्षुणीहरू अनुपादिशेष सुविमुक्त हुन् ।" ती देवताहरूले यसरी भन्यो । शास्ताले स्वीकार्नुभयो । अनि त ती देवताहरूले "शास्ताले स्वीकार्नु भयो" भनी भगवानलाई अभिवादन र प्रदक्षिणा गरी त्यहीं अन्तर्धान भए ।

अनि त्यस रात बितेपछि भिक्षुहरूलाई आमन्त्रण गर्नुभयो– "भिक्षुहो ! आजको रातमा ज्योतिर्मान दुई देवताहरू गिज्झकूट पर्वतलाई उज्यालो पार्दै जहाँ म थिएं त्यहाँ आए । आएर मलाई अभिवादन गरी एकठाउँमा बसे । एकठाउँमा बसेपछि मलाई एक देवताले यसो भन्यो– "यी भिक्षुणीहरू विमुक्त हुन् ।" अर्को देवताले भन्यो– "यी भिक्षुणीहरू अनुपादिशेष सुविमुक्त हुन् ।" भिक्षुहो ! ती देवताहरूले यसरी भनेपछि मलाई अभिवादन र प्रदक्षिणा गरी त्यहीं अन्तारर्धान भए ।

त्यसबेला आयुष्मान महामोग्गल्लान भगवानको नजिकै बस्नु भएको थियो । अनि त्यसबेला आयुष्मान महामोग्गल्लानको मनमा लाग्यो– "कस्तो देवताहरूसंग यस्तो ज्ञान हुनसक्छ कि, यो सउपादिशेष हुनेलाई सउपादिशेष अनि अनुपादिशेषलाई अनुपादिशेष ?" त्यस समय भने तिस्स नाउँका एकजना



Downloaded from http://dhamma.digital

भिक्षु केही समय अधिमात्र मृत्यु भई ब्रह्मलोकमा उत्पन्न भएको थियो । त्यहाँ पनि यसरी चिनिन्थ्यो– "तिस्स ब्रह्मा महऋद्धिवान र महानुभाव हुन् ।"

यस्तो विचार आएपछि आयुष्मान महामोग्गल्लान– जस्तै कि कोही बलवान पुरुषले बाँधिएको बाहुलाई फुकाउँछ, फुकिएको बाहुलाई बाँधि दिन्छ त्यसरी नै गिज्भकूटबाट अन्तर्धान भई ब्रह्मलोकमा प्रादुर्भाव हुनुभयो । तिस्स ब्रह्माले आयुष्मान महामोग्गल्लान आइरहनु भएको टाढैबाट देखे । देखेर आयुष्मान महामोग्गल्लानलाई भन्यो– "आउनुहोस्, मारिष मोग्गल्लान स्वागत छ, मोग्गल्लान ! धेरै दिनपछि मारिष मोग्गल्लान ! यहाँ आउने कृपा गर्नुभयो । बस्नुहोस्, मोग्गल्लान ! यो आसन बिछ्याई राखेको छ ।" बिछ्याई राखेको आसनमा आयुष्मान मोग्गल्लान बस्नुभयो । तिस्स ब्रह्माले पनि आयुष्मान मोग्गल्लानलाई अभिवादन गरी एकठाउँमा बसे । एकठाउँमा बसेपछि तिस्स ब्रह्मासंग आयुष्मान महामोग्गल्लानले सोध्नुभयो– "तिस्स ! कस्तो देवतासंग यस्तो ज्ञान हुन्छ कि, 'यो सउपादिशेष भए सउपादिशेष अनि अनुपादिशेष भए अनुपादिशेष हो भनी ?'" "मारिष, मोग्गल्लान ! ब्रह्मकायिक देवताहरूसंग यस्तो ज्ञान हुन्छ– 'सउपादिशेष भए सउपादिशेष भनी थाहा हुन्छ, अनुपादिशेष भए अनुपादिशेष भनी थाहा हुन्छ ।' "

"सबै ब्रह्मकायिक देवताहरूसंग यसप्रकारका ज्ञान हुन्छन्– 'सउपादिशेष भए सउपादिशेष अनि अनुपादिशेष भए अनुपादिशेष भनी ?' " "मारिष मोग्गल्लान ! सबै ब्रह्मकायिका देवताहरूसंग यस्तो ज्ञान हुँदैनन्– सउपादिशेष भए सउपादिशेष अनि अनुपादिशेष भए अनुपादिशेष भनी ।' "

"मारिष मोग्गल्लान ! जो ती ब्रह्मकायिक देवताहरू ब्रह्माका आयु, ब्रह्माका वर्ण, ब्रह्माका सुख, ब्रह्माका यश र ब्रह्माका आधिपत्यमा सन्तुष्ट हुन्छन् अनि त्यो भन्दा पनि श्रेष्ठतर पदको यथार्थ ज्ञानका हुँदैनन् । तिनीहरूसंग 'सउपादिशेष भए सउपादिशेष भए अनि अनुपादिशेष भए अनुपादिशेष भनी ज्ञान नभएका हुन्छन् ।' मारिष मोग्गल्लान ! जो ती ब्रह्मकायिक देवताहरू ब्रह्माका आयु, ब्रह्माका वर्ण, ब्रह्माका सुख, ब्रह्माका यश, ब्रह्माका आधिपत्यमा असन्तुष्ट हुन्छन्, तिनीहरूले त्यो भन्दा पनि श्रेष्ठतर पदको यथार्थ जानकारी राखेका हुन्छन् । तिनीहरूसंग यस्तो ज्ञान हुन्छन्– 'सउपादिशेष भए सउपादिशेष अनि अनुपादिशेष भए अनुपादिशेष भनी ।' "

"मारिष मोग्गल्लान ! यहाँ भिक्षु उभय पक्षबाट विमुक्त हुन्छ । उसको



Downloaded from http://dhamma.digital

बारेमा देवताहरूले यसरी जानेका हुन्छन्– 'यहाँ आयुष्मान उभय पक्षबाट विमुक्त हुन् । जबसम्म शरीररहन्छ तबसम्म देव-मनुष्यहरूले देख्नसक्छन् । शरीर नरहँदा देव-मनुष्यहरूले देख्न नसक्ने हुन्छन् ।' मारिष मोग्गल्लान ! यसप्रकारले पनि ती देवताहरूसंग ज्ञान हुन्छ– 'सउपादिशेष भए सउपादिशेष अनि अनुपादिशेष भए अनुपादिशेष ।' "

"मारिष मोग्गल्लान ! यहाँ भिक्षु प्रज्ञाविमुक्त हुन्छ । उसको बारेमा देवताहरूले यसरी जानेका हुन्छन्– 'यहाँ आयुष्मान प्रज्ञाविमुक्त हुन् । जबसम्म शरीररहन्छ तबसम्म देव-मनुष्यहरूले देख्नसक्छन् । शरीर नरहँदा देव-मनुष्यहरूले देख्ननसक्ने हुन्छन् ।' मारिष मोग्गल्लान ! यसप्रकारले पनि ती देवताहरूसंग ज्ञान हुन्छ– 'सउपादिशेष भए सउपादिशेष अनि अनुपादिशेष भए अनुपादिशेष ।' "

"मारिष मोग्गल्लान ! यहाँ भिक्षु, शरीर-साक्षीको हुन्छ । उसको बारेमा देवताहरूले यसरी जानेका हुन्छन्– 'यहाँ आयुष्मान शरीर-साक्षी हुन् । यहाँ आयुष्मान– अनुकूल शयनासन उपभोग गर्दै, कल्याण मित्रको संगत गर्दै अनि इन्द्रिय संयमित गर्दै जुन अर्थ लिएर कुलपुत्रले सम्यकरूपले गृहस्थाश्रम त्यागेर प्रव्रजित हुन्छन् त्यस उत्तम ब्रह्मचर्यलाई यसै जन्ममा स्वयम्ले अभिज्ञात, साक्षात्कार अनि लाभ गरी बसेमा राम्रोहुन्थ्यो । मारिष मोग्गल्लान ! ती देवताहरूसंग यस्तो पनि ज्ञान हुन्छ– 'सउपादिशेष भए सउपादिशेष अनि अनुपादिशेष भए अनुपादिशेष ।' "

"मारिष मोग्गल्लान ! यस बाहेक यहाँ भिक्षु सम्यकदृष्टि लाभी हुन्छ ... श्रद्धाविमुक्त हुन्छ ... धर्मानुसार आचरण गर्ने हुन्छ । उसको बारेमा देवताहरूले यसरी जानेका हुन्छन्– 'यहाँ आयुष्मान धर्मानुसार आचरण गर्ने हुन् । यदि यहाँ आयुष्मानले– अनुकूल शयनासन उपभोग गर्दै, कल्याण मित्रको संगत गर्दै अनि इन्द्रिय संयमित गर्दै जुन अर्थ लिएर कुलपुत्रले सम्यकरूपले गृहस्थाश्रमलाई त्यागेर प्रव्रजित हुन्छन् त्यस उत्तम ब्रह्मचर्यलाई यसै जन्ममा स्वयम्ले अभिज्ञात गरी, साक्षात्कार गरी अनि लाभ गरी बसेमा राम्रो हुन्थ्यो ।' मारिष मोग्गल्लान ! ती देवताहरूसंग यस्तो ज्ञान हुन्छ– 'सउपादिशेष भए सउपादिशेष अनि अनुपादिशेष भए अनुपादिशेष ।' "

त्यसबेला आयुष्मान महामोग्गल्लान तिस्स ब्रह्माले भनेकोलाई अभिनन्दन र अनुमोदन गरी जस्तो कि बलवान पुरुषले बाँधिएको बाहुलाई फुकालि दिए झैं, फुकालिएको बाहुलाई बाँधि दिए झैं गरी ब्रह्मलोकबाट अन्तर्धान



Downloaded from http://dhamma.digital

भई गिज्झकूटमा प्रकट हुनुभयो अनि त्यसबेला आयुष्मान महामोग्गल्लान जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ जानुभयो। त्यहाँ पुग्नु भई भगवानलाई अभिवादन गरी एकठाउँमा बस्नुभयो। एक ठाउँमा बस्नु भएपछि आयुष्मान महामोग्गल्लानले तिस्स ब्रह्मासंग जति कुरा गर्नु भएको थियो त्यो सबै नै भगवानलाई सुनउनुभयो।

"मोग्गल्लान ! तिस्स ब्रह्माले तिमीलाई सातौं अनिमित्त-विहारी व्यक्तिको बारेमा भनेको छैन।" " भगवान! यही समय हो, सुगत ! यही समय हो, सातौं अनिमित्त-विहारीको बारेमा धर्मदेशना गर्नुहोस् । भगवानबाट त्यसलाई सुनेर भिक्षुहरूले ग्रहण गर्नेछन् । त्यसो भएमा सुन, मोग्गल्लान ! मनमा राम्रोसित मनमा धारण गर भन्नेछु।" "हवस्, भन्ते ! भनी आयुष्मान महामोग्गल्लानले भगवानलाई प्रत्युत्तर दिनुभयो । भगवानले भन्नुभयो– "मोग्गल्लान ! यहाँ भिक्षुले समस्त निमित्तलाई चित्तबाट हटाई निमित्तरहित भई चित्त-समाधिलाई प्राप्त गरी बस्छ । उसको बारेमा देवताहरूले यसरी थाहा पाएको हुन्छ– 'यी आयुष्मानले सबै निमित्तलाई हटाई निमित्तरहित भई चित्त-समाधिलाई प्राप्त गरी बस्ने हुन् । यदि यी आयुष्मानले– अनुकूल शयनासन उपभोग गर्दै, कल्याण मित्रको संगत गर्दै अनि इन्द्रियलाई संयमित गर्दै जुन अर्थ लिएर कुलपुत्रले सम्यकरूपले गृहस्थाश्रम त्यागेर प्रब्रजित हुन्छन् त्यस उत्तम ब्रह्मचर्यलाई यसै जन्ममा स्वयम्‌ले अभिज्ञात, साक्षात्कार अनि लाभ गरी बसेमा राम्रो हुन्थ्यो।' यसरी नै मोग्गल्लान ! ती देवताहरूसंग यस्तो ज्ञान हुन्छ– 'सउपादिशेष भए सउपादिशेष अनि अनुपादिशेष भए अनुपादिशेष।' "

## ४. सीहसेनापतिसुत्तं

५७. यस्तो मैले सुनें– एक समय भगवान वेसालिस्थित महावनको कुटागारशालामा बस्नुहुन्थ्यो। त्यसबेला सीह सेनापति जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गए । गएर भगवानलाई अभिवादन गरी एकठाउँमा बसे । एकठाउँमा बसेपछि सीह सेनापतिले भगवानलाई यसो भन्यो– "भन्ते ! तपाईंले दानको सांदृष्टिक फललाई भन्न सक्नुहुन्छ ?"

"त्यसोभए, सीह ! यस विषय तिमीसँगै सोध्नेछु, जुन तिमीलाई ठीक लाग्छ त्यही भन्नु । सीह ! तिमीलाई के लाग्छ, यहाँ दुई व्यक्ति छन्– एक व्यक्ति अश्रद्धावान, छुच्चो, कपटी र निन्दक हुन्छ। अर्को एक व्यक्ति श्रद्धावान, दानपति र त्यागी हुन्छ। सीह ! तिमीलाई के लाग्छ, अर्हतले पहिला अनुकम्पा राख्नुपर्दा कसलाई पहिला अनुकम्पा राख्नेछ– 'जो अश्रद्धावान, छुच्चो, कपटी र



Downloaded from http://dhamma.digital

निन्दक अथवा जो श्रद्धावान, दानपति र त्यागी हुन्छ ?' "

"भन्ते ! जो अश्रद्धावान, छुच्चो, कपटि र निन्दक व्यक्ति हुन्छ उसलाई अर्हतले अनुकम्पा राख्नुपरेमा कहाँ पहिला अनुकम्पा राख्छ र ! अर्हतले अनुकम्पा राख्नुपरेमा जो व्यक्ति, श्रद्धावान, दानपति र त्यागी हुन् उसलाई नै पहिला अनुकम्पा राख्नेछ ।"

"सीह ! तिमीलाई के लाग्छ, अर्हत पहिला जानुपरेमा कहाँ पहिला जानेछ– 'जो कि त्यो अश्रद्धावान, छुच्चो, कपटी र निन्दक कहाँ अथवा जो श्रद्धावान, दानपति र त्यागी कहाँ ?'" "भन्ते ! जो अश्रद्धावान, छुच्चो, कपटि र निन्दक हुन्, उसकहाँ अर्हत पहिला कहाँ जान्छ र ! जो व्यक्ति श्रद्धा-वान, दानपति र त्यागी हुन् जानुपरेमा उसकहाँ पहिला जानेछ ।"

"सीह ! तिमीलाई के लाग्छ, अर्हतले पहिला स्वागत गर्नपरेमा कसलाई स्वागत गर्नेछ– 'जो अश्रद्धावान, छुच्चो, कपटी र निन्दक अथवा जो श्रद्धावान, दानपति र त्यागी हुन्छ ?' " "भन्ते ! जो कि, त्यो अश्रद्धावान, छुच्चो, कपटि र निन्दक व्यक्ति हुन्, उसलाई अर्हतले पहिला कहाँ स्वागत गर्छ र ! जो व्यक्ति श्रद्धावान, दानपति र त्यागी हुन् स्वागत गर्नुपरेमा उसलाई पहिला स्वागत गर्नेछ ।'"

"सीह ! तिमीलाई के लाग्छ, अर्हतले पहिला धर्मदेशना गर्नुपरेमा कसलाई धर्मदेशना गर्नेछ– 'जो कि त्यो अश्रद्धावान, छुच्चो, कपटी र निन्दक हुन्छ अथवा जो कि त्यो श्रद्धावान, दानपति र त्यागी हुन्छ ?' " "भन्ते ! जो कि, त्यो अश्रद्धावान, छुच्चो, कपटि र निन्दक व्यक्ति हुन्, उसलाई अर्हतले पहिला कहाँ धर्मदेशना गर्छ र ! जो व्यक्ति श्रद्धावान, दानपति र त्यागी हुन्छ धर्मदेशना गर्नुपरेमा उसलाई पहिला धर्मदेशना गर्नेछ ।"

"सीह ! तिमीलाई के लाग्छ, कस्को कल्याण कीर्ति शब्द हुन्छ– जो कि त्यो अश्रद्धावान, छुच्चो, कपटी र निन्दक हुन्छ अथवा जो कि त्यो श्रद्धावान, दानपति र त्यागी हुन्छ ?'" "भन्ते ! जो व्यक्ति, अश्रद्धावान, छुच्चो, कपटि र निन्दक हुन्छ उसको कहाँ कल्याणक कीर्ति शब्द प्रकट हुन्छ र ! जो व्यक्ति श्रद्धावान, दानपति र त्यागी हुन् उसको कल्याणक किर्ति शब्द फैलिने छ ।"

"सीह ! तिमीलाई के लाग्छ, क्षत्रीपरिषद, ब्राह्मणपरिषद, गृहपति-परिषद, श्रमणपरिषद अथवा अन्य कुनै परिषदमा जानुपर्दा विशारद भई, शीर



Downloaded from http://dhamma.digital

ठाडो पारेर को जान्छ– 'जो कि त्यो अश्रद्धावान, छुच्चो, कपटी र निन्दक अथवा जो श्रद्धावान, दानपति र त्यागी ?'" "भन्ते ! जो अश्रद्धावान, छुच्चो, कपटि र निन्दक हुन्, ऊ क्षत्रीपरिषद, ब्राह्मणपरिषद, गृहपतिपरिषद, श्रमण-परिषद अथवा अन्य कुनै परिषदमा जानुपर्दा विशारद भई, शीर ठाडो पारेर कहाँ जान्छ र ! भन्ते ! जो श्रद्धावान, दानपति र त्यागी हुन्छ, ऊ यदि क्षत्रीपरिषद, ब्राह्मणपरिषद, गृहपतिपरिषद, श्रमणपरिषद अथवा अन्य कुनै परिषदमा जानुपर्दा विशारद भई शीर ठाडो पारेर जान्छ ।"

"सीह ! तिमीलाई के लाग्छ, शरीर छूटेर मृत्युपछि सुगति, स्वर्ग–लोकमा को उत्पन्न हुन्छ– 'जो कि त्यो अश्रद्धावान, छुच्चो, कपटी र निन्दक हुन्छ अथवा जो श्रद्धावान, दानपति र त्यागी ?'" "भन्ते ! जो व्यक्ति अश्रद्धावान, छुच्चो, कपटि र निन्दक हुन्, ऊ कहाँ सुगति स्वर्गलोकमा उत्पन्न हुन्छ र ! जो व्यक्ति श्रद्धावान,' दानपति र त्यागी हुन्छ, ऊ नै सुगति, स्वर्गलो-कमा उत्पन्न हुनेछन् ।"

"भन्ते ! भगवानबाट जुन सांदृष्टिक फल बताउनु भयो, त्यसलाई मैले भगवानप्रति श्रद्धाको कारणले मात्र स्वीकारेको होइन । मैले पनि यो जानेको छु । भन्ते ! म दायक, दानपति हुँ, अर्हतले अनुकम्पा राख्नुहुँदा मलाई नै पहिला राख्नुहुन्छ । भन्ते ! म दायक, दानपति हुँ, अर्हत पाल्नुहुँदा मकहाँ नै पहिला आउनुहुन्छ । भन्ते ! म दायक, दानपति हुँ, स्वागत गर्नुपर्दा अर्हतले मलाई नै पहिला स्वागत गर्नुहुन्छ । भन्ते ! म दायक, दानपति हुँ, धर्मदेशना गर्नुपर्दा अर्हतले मलाई नै पहिला धर्मदेशना गर्नुहुन्छ । भन्ते ! म दायक, दानपति हुँ, मेरो कल्याणक किर्तिशब्द फैलिएको छ । 'सीह सेनापति दायक हो, कर्ता हो अनि संघका उपस्थापक हो । भन्ते ! म दायक, दानपति हुँ, म जुन जुन परिषदमा जाने गर्छु, यदि त्यो क्षत्रिपरिषद होस् ... यदि त्यो श्रमण परिषदहोस् विशारद भर्य शीर ठाडो पारेर जानेगर्छु । भन्ते ! भगवानबाट जुन सांदृष्टिक फल बताउनु भयो, त्यसलाई मैले भगवानप्रति श्रद्धाको कारणले मात्र स्वीकारेको होइन । भन्ते ! भगवानले जुन भन्नुभयो– 'सीह ! दानपति शरीर छूटेर मृत्युपछि सुगति, स्वर्गलोकमा उत्पन्न हुन्छ ।' यो मैले जानेको छैन, भगवानप्रति श्रद्धा हुनाले स्वीकार्दछु । सीह ! यो यस्तै नै हो । सीह ! यो यस्तै नै हो । सीह ! दायक, दानपति शरीर छूटेर मृत्युपछि सुगति, स्वर्गलोकमा उत्पन्न हुन्छ ।"

Downloaded from http://dhamma.digital

## ५. अरक्खेय्यसुत्तं

५८. "भिक्षुहो ! यी चार विषयमा तथागतले सुरक्षा गर्नु नपर्ने अनि तीन विषयप्रति दोषारोपण गर्न सक्दैनन् । ती चार विषय के-के हुन् जुन तथागतले सुरक्षा गर्नु पर्दैन ? भिक्षुहो ! तथागतको शारीरिक कर्म परिशुद्ध छ, तथागतको शारीरिक कर्म अपरिशुद्ध छैन; 'मैले गरेको यो अरूले नजानोस् भनी तथागतले रक्षा गर्नुपर्दैन ।' भिक्षुहो ! तथागतको वाचसिक कर्म परिशुद्ध छ, तथागतको वाचसिक कर्म अपरिशुद्ध छैन; 'मैले गरेको यो अरूले नजानोस् भनी तथागतले रक्षा गर्नुपर्दैन ।' भिक्षुहो ! तथागतको मानसिक कर्म परिशुद्ध छ, तथागतको मानसिक कर्म अपरिशुद्ध छैन; 'मैले गरेको यो अरूले नजानोस् भनी तथागतले रक्षा गर्नुपर्दैन । भिक्षुहो ! तथागतको आजीविका परिशुद्ध छ, तथागतको आजीविका अपरिशुद्ध छैन; 'मैले गरेको यो अरूले नजानोस् भनी तथागतले रक्षा गर्नुपर्दैन ।' यी चारप्रकारका विषयमा तथागतले सुरक्षा गर्नुपर्दैन ।

"कुन तीन विषयमा तथागतप्रति दोषारोपण गर्न सकिदैन । भिक्षुहो ! (म) तथागतले गरेको धर्मदेशना सुआख्यात छ । भिक्षुहो ! मैले त्यस्तो कुनै लक्षण देख्दिन कि, जो कोही श्रमण, ब्राह्मण, देव, मार र ब्रह्माले दोषारोपण गर्न सक्नेछ कि– 'तिमीले गरेको धर्मदेशना सुआख्यात छैन ।' भिक्षुहो ! यस्तो कुनै लक्षण नदेख्नाले म सुखी, निर्भयी र वैसारद्य प्राप्त गरी विहर्दछु ।

"भिक्षुहो ! मैले श्रावकका निम्ति निर्वाणगामी मार्गलाई स्पष्टरूपले प्रज्ञप्त गरेको छु । जुन मार्गमा लाग्दा मेरा श्रावकहरूले आश्रव क्षय गरी, अभिज्ञात, साक्षात्कार तथा लाभ गरी विहर्नेछन् । भिक्षुहो ! मैले त्यस्तो कुनै लक्षण देख्दिन कि, जो कोही श्रमण, ब्राह्मण, देव, मार र ब्रह्माले दोषारोपण गर्न सक्नेछ कि– 'तिमीले आफ्ना शिष्यहरूलाई निर्वाणगामी मार्ग स्पष्टरूपले प्रज्ञप्त गरेको छैन ।' जुन मार्ग लाग्नाले तिम्रो शिष्यहरूले आश्रव क्षय गरी ... साक्षात्कार तथा लाभ गरी विहर्नेछन् ।' भिक्षुहो ! यस्ता कुनै लक्षण नदेख्नाले म सुखी, निर्भयी र वैसारद्य प्राप्त गरी विहर्दछु ।

"भिक्षुहो ! मेरा अनेकौं सत शिष्यपरिषदहरू आश्रव क्षय गरी ... साक्षात्कार र लाभ गरी विहर्दछन् । भिक्षुहो ! मैले त्यस्तो कुनै लक्षण देख्दिन कि, जो कोही श्रमण, ब्राह्मण, देव, मार र ब्रह्माले धर्मपूर्वक दोषारोपण गर्न सक्नेछ कि– 'तिम्रा अनेकौं सत शिष्यपरिषदहरूले आश्रव क्षय गरी अनाश्रवी भई, चित्तविमुक्ति, प्रज्ञाविमुक्तिलाई स्वयम्ले यसै जन्ममा



Downloaded from http://dhamma.digital

अभिज्ञात, साक्षात्कार तथा लाभ गरी विहर्ने छैनन् । भिक्षुहो ! यस्ता कुनै लक्षण नदेख्नाले म सुखी, निर्भयी र वैसारद्य प्राप्त गरी विहर्दछु । यी नै तीन विषयमा दोषारोपन गर्न सक्दैनन् ।

"भिक्षुहो ! यी नै चारप्रकारका विषयमा तथागतले सुरक्षा गर्नु नपर्ने अनि तीन विषयप्रति दोषारोपण गर्न सक्दैनन् ।"

## ६. किमिलसुत्तं

५९. यस्तो मैले सुनें– एक समय भगवान किमिलस्थित निचुल वनमा बस्नुहुन्थ्यो । त्यसबेला आयुष्मान किमिल जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गए । गएर भगवानलाई अभिवादन गरी एकठाउँमा बसे । एकठाउँमा बसेपछि आयुष्मान किमिलले भगवानलाई यसो भन्यो– "भन्ते ! त्यो के कारण हो, त्यो कुन विषय हो; जब कि तथागतको परिनिर्वाणपछि सद्धर्म चिरस्थायी हुँदैन ?

"किमिल ! यहाँ तथागतको परिनिर्वाणपछि भिक्षुहरू, भिक्षुणीहरू, उपासकहरू र उपासिकाहरू शास्ताप्रति गौरव नगरिकन विद्रोही भई बस्नेछन् । धर्मप्रति गौरव नगरिकन विद्रोही भई बस्नेछन्, संघप्रति गौरव नगरिकन विद्रोही भई बस्नेछन्, शिक्षाप्रति गौरव नगरिकन विद्रोही भई बस्नेछन्, समाधिप्रति गौरव नगरिकन विद्रोही भई बस्नेछन्, अप्रमादप्रति गौरव नगरिकन विद्रोही भई बस्नेछन् अनि मैत्रीपूर्ण व्यवहारप्रति गौरव नगरिकन विद्रोही भई बस्नेछन् । किमिल ! यही कारणले, यही विषयले तथागतको परिनिर्वाण-पछि सद्धर्म चिरस्थायी हुँदैन ।

"भन्ते ! त्यो के कारण हो, त्यो कुन विषय हो; जब कि तथागतको परिनिर्वाणपछि सद्धर्म चिरस्थायी हुनेछ ?" "किमिल ! यहाँ तथागतको परिनिर्वाणपछि भिक्षुहरू, भिक्षुणीहरू, उपासकहरू र उपासिकाहरू शास्ताप्रति गौरव गरी, विद्रोही नभई बस्नेछन् । धर्मप्रति गौरव गरी, विद्रोही नभई बस्नेछन्, संघप्रति गौरव गरी विद्रोही नभई बस्नेछन्, शिक्षाप्रति गौरव गरी विद्रोही नभई बस्नेछन्, समाधिप्रति गौरव गरी विद्रोही नभई बस्नेछन्, अप्रमादप्रति गौरव गरी विद्रोही नभई बस्नेछन् अनि मैत्रीपूर्ण व्यवहारप्रति गौरव गरी विद्रोही नभई बस्नेछन् । किमिल ! यही कारणले, यही विषयले तथागतको परिनिर्वाणपछि सद्धर्म चिरस्थायी हुनेछ ।"



Downloaded from http://dhamma.digital

## ७. सत्तधम्मसुत्तं

६०. "भिक्षुहो ! सप्त धर्मसम्पन्न भिक्षु चिरकाल नबित्दै आश्रव क्षय गरी ... साक्षात्कार तथा लाभ गरी बस्नेछन् । ती सप्त धर्म क- के हुन् ? भिक्षुहो ! यहाँ भिक्षु श्रद्धावान हुन्छ, शीलवान हुन्छ, बहुश्रुत हुन्छ, ध्यानाभ्यास गर्ने हुन्छ, प्रयत्नवान हुन्छ, स्मृतिवान हुन्छ अनि प्रज्ञावान हुन्छ । भिक्षुहो ! यी नै सप्त धर्मसम्पन्न भिक्षु चिरकाल नबित्दै आश्रव क्षय गरी ... साक्षात्कार तथा लाभ गरी बस्नेछन् ।"

## ८. पचलायमानसुत्तं

६१. यस्तो मैले सुनें– एक समय भगवान संुसुमारगिरीस्थित भेसकला वनको मृगदा वनमा बस्नुहुन्थ्यो । त्यस समय महामोग्गल्लान मगधस्थित कल्लवालपुत्त गाउँमा उँग्दै बसिरहनु भएको थियो । भगवानले आफ्नो दिव्य, मनुष्योत्तर विशुद्ध चक्षुद्वारा आयुष्मान महामोग्गल्लान मगधस्थित कल्लवालपुत्त गाउँमा उँग्दै बसिरहनु भएको देख्नुभयो । देख्नुभई, जस्तै कि, कोही बलावान पुरुषले बाँधिएको बाहुलाई फुकालि दिए झैं, फुकालिएको बाहुलाई बाँधि दिए झैं गरी संुसुमारगिरिस्थित भेसकला वनको मिगदायबाट अन्तर्धान हुनुभई मगधस्थित कल्लवालपुत्त गाउँमा आयुष्मान महामोग्गल्लानको सामुन्ने प्रकट हुनुभयो । भगवान बिछ्याई राखेको आसनमा बस्नुभयो । बस्नु भएपछि भगवानले आयुष्मान महामोग्गल्लानलाई यसो भन्नुभयो– "मोग्गल्लान ! तिमी उँगिरहेका छौ, मोग्गल्लान तिमी उँगिरहेका छौ ?" "ज्यू, भन्ते !" "मोग्गल्लान! जुन संज्ञा लिएर बस्दा तन्द्रा आउने हो, त्यस संज्ञालाई मनमा ठाउँ नदिनु, त्यस संज्ञालाई धेरै नलिनु । मोग्गल्लान ! जब कि, तिमी यसरी बसिरहँदा त्यो तन्द्रा हटेर जाने सम्भव छ ।"

"मोग्गल्लान ! यदि यसो गर्दा पनि तिमीबाट तन्द्रा नहटेमा, त्यसबेला तिमीले मोग्गल्लान ! तिमीले जुन सुनेका छौ, कण्ठस्थ गरेका छौ, त्यही अनुरूप त्यस धर्मको तर्क-वितर्क गर, विचार गर, मनले मनन गर । मोग्गल्लान ! जब कि, तिमी यसरी रहन्छौ तब त्यो तन्द्रा हटेर जाने सम्भव छ ।

"मोग्गल्लान ! यदि यसो गर्दा पनि तिमीबाट तन्द्रा नहटेमा, त्यसबेला मोग्गल्लान ! तिमीले जुन सुनेका छौ, जुन परियत्ति धर्म हो त्यसलाई सविस्तर सज्झायन गर्नु । मोग्गल्लान ! जब तिमी यसरी रहन्छौ तब त्यो तन्द्रा हटेर जाने सम्भव छ ।



Downloaded from http://dhamma.digital

"मोग्गल्लान ! यदि यसो गर्दा पनि तिमीबाट तन्द्रा नहटेमा, त्यसबेला तिमीले दुवै कानलाई निमठ्नु, हातद्वारा शरीरलाई माड्नु । मोग्गल्लान ! यो सम्भव छ कि, जब तिमी यसरी बसिरहन्छौ तब त्यो तन्द्रा हटेर जाने सम्भव छ ।

"मोग्गल्लान ! यदि यसो गर्दा पनि तिमीबाट तन्द्रा नहटेमा, त्यसबेला तिमी आसनबाट उठी आँखामा पानी राखेर माड्दै दिशाहरू हेर्नु, तारा तथा नक्षत्रहरू हेर्नु । मोग्गल्लान ! जब तिमी यसरी बसिरहन्छौ तब त्यो तन्द्रा हटेर जाने सम्भव छ ।

"मोग्गल्लान ! यदि यसो गर्दा पनि तिमीबाट तन्द्रा नहटेमा, त्यसबेला तिमीले आलोक संज्ञालाई मनमा ठाउँ दिनु । दिवा संज्ञालाई अधिष्ठान गर्नु– जस्तो दिन हो, त्यस्तै रात हो । जस्तो दिन हो, त्यस्तै रात हो । यसप्रकारले विवृत्त चेतनाद्वारा आवरणरहित भई सप्रभाश्वर चित्तको भई ध्यान गर्नु । मोग्गल्लान ! जब तिमी यसरी बसिरहन्छौ तब त्यो तन्द्रा हटेर जाने सम्भव छ ।

"मोग्गल्लान ! यदि यसो गर्दा पनि तिमीबाट तन्द्रा नहटेमा, त्यसबेला तिमीले इन्द्रियलाई भित्रै संयमित गर्नु, चित्तलाई बाहिर नपथाइकन आगाडि र पछाडिको ख्याल गरी चंक्रमण गर्नु । मोग्गल्लान ! जब तिमी यसरी बसिरहन्छौ तब त्यो तन्द्रा हटेर जाने सम्भव छ ।

"मोग्गल्लान ! यदि यसो गर्दा पनि तिमीबाट तन्द्रा नहटेमा, त्यसबेला तिमीले पाउ माथि पाउ राखी स्मृतिकासाथ सम्प्रजन्य भई उठ्नु पर्ने संज्ञालाई मनमा लिई दक्षिण तिर कोल्टे परी सींहशैय्या गरी लेट्नु । मोग्गल्लान ! तिमी जागा भई चाँडै नै उठ्नुपर्छ । 'न शैय्या सुखमा, न कोल्टे परी लेट्ने सुखमा, न तन्दा सुखमा लागेर बस्ने हुन्छौ ।' मोग्गल्लान ! तिमीले यही नै शिक्षा लिनुपर्छ ।

"त्यसैले, मोग्गल्लान ! यो शिक्षा लिनुपर्छ– 'म अभिमान भई (गृहस्थ) कुलमा जाने छैन ।' मोग्गल्लान ! तिमीले यही नै शिक्षा लिनु- पर्छ । मोग्गल्लान ! यदि भिक्षु अभिमानी भई कुलमा जान्छ भने मोग्गल्लान ! कुलमा धेरै कामकाज हुन्छन्, जसमा लागिरहँदा (गृहस्थले) आउने भिक्षुप्रति ध्यान दिन सक्दैन । त्यसबेला भिक्षुको मनमा हुन्छ कि– 'कसले मेरो विरुद्ध यस कुलका (गृहस्थको) मनमा उत्पन्न गरायो, अहिले मप्रति यो मानिस विरक्त



Downloaded from http://dhamma.digital

भयो ।' यसो हुँदा उत्साह हीनको भाव, उत्साह हीन हुँदा अल्छेपन हुन्छ, अल्छेपन हुँदा असंयमित हुन्छ, असंयमित चित्तको हुँदा समाधिबाट टाढा हुन्छ ।

"त्यसैले, मोग्गल्लान ! यो शिक्षा लिनुपर्छ– 'मैले विग्रहका कुरा गर्नेछैन ।' मोग्गल्लान ! तिमीले यही नै शिक्षा लिनुपर्छ । मोग्गल्लान ! विग्रहका कुराले गर्दा धेरै कुरा गर्नु पर्ने सम्भावना हुन्छ, धेरै बोल्ने हुँदा अल्छेपन हुन्छ, अल्छेपन हुँदा असंयमित हुन्छ, असंयमित चित्तको हुँदा समाधिबाट टाढा हुन्छ । मोग्गल्लान ! मैले सबैसंग संसर्गमारहनेको प्रशंसा गर्दिन । न मैले सबै संसर्ग-को निन्दा गर्छु । मोग्गल्लान ! गृहस्थ-प्रव्रजितसंगको संगठनलाई मैले प्रशंसा गर्दिन । जुन कि यस्तो शयनासन हुन्छ, जहाँ अल्पशब्द, अल्पघोष, एकान्तस्थान, भीडभाड नहुने ठाउँ, जहाँ ध्यान-भावना गर्न अनुकूल हुन्छ, त्यस प्रकारका शयनासन सेवन गर्नेलाई प्रशंसा गर्दछु ।

यसरी भन्नु भएपछि आयुष्मान महामोग्गल्लाने भगवानसंग सोध्नु-भयो– "भन्ते ! कुन कुरा हुँदा भिक्षु संक्षिप्तमा तृष्णा क्षय गरी विमुक्त हुन्छ, अत्यन्त निष्ठावान, अत्यन्त ध्यान–भावनामा युक्त हुन्छ, श्रेष्ठोत्तम ब्रह्मचारी हुन्छ, अत्यन्तै आदर्शवान व्यक्ति हुन्छ अनि देव-मनुष्यमा श्रेष्ठ हुन्छ ?"

"मोग्गल्लान ! भिक्षुले सुनेको हुन्छ– 'समस्त धर्ममा (इन्द्रिय तथा मनका विषय) झुकाव हुँदैन ।' यसप्रकारले मोग्गल्लान ! भिक्षुले सुनेको हुन्छ– 'समस्त धर्ममा (इन्द्रिय तथा मनका विषय) मा झुकाव हुँदैन ।' उसले सम्पूर्ण धर्मलाई जानेको हुन्छ, सम्पुर्ण धर्ममा अभिज्ञात र परिचित हुन्छ । सम्पूर्ण धर्म परिज्ञात गरी, जति पनि वेदना सुख वा दुःख, अदुःख वा असुखको अनुभव हुन्छ ।·उसले त्यस वेदनामा अनित्यानुदर्शी भई बस्छ, विरागानुदर्शी भई बस्छ, निरोधानुदर्शी भई बस्छ, परित्यक्तानुदर्शी भई बस्छ । उसले त्यस वेदनामा अनित्यानुदर्शी भई बस्दा, विरागानुदर्शी भई बस्दा, निरोधानुदर्शी भई बस्दा, परित्यक्तानुदर्शी भई बस्दा यस संसारको कुनै पनि वस्तुमा (म र मेरो भनी ग्रहण नगरि) उपादानरहित हुन्छ । उपादानरहित हुँदा त्रसित हुनु पर्दैन, त्रसित नहुँदा व्यक्तिगतरूपले परिनिर्वाण हुन्छ । 'जन्म क्षीण- भयो, ब्रह्मचर्य पूर्णभयो, गर्नु पर्ने गरी सकें, अब गर्नु पर्ने केही पनि बाकि- रहेन भन्ने थाहा हुन्छ ।' मोग्गल्लान ! यसरी नै संक्षिप्तमा भिक्षुले तृष्णा क्षय गरी विमुक्त हुन्छ, अत्यन्तै निष्ठावान हुन्छ, अत्यन्तै ध्यान भावनामा युक्त हुन्छ, श्रेष्ठोत्तम ब्रह्मचारी हुन्छ, अत्यन्तै आदर्शवान व्यक्ति हुन्छ अनि देव-मनुष्यमा पनि श्रेष्ठ हुन्छ ।"



Downloaded from http://dhamma.digital

## ९. मेत्तसुत्तं

"भिक्षुहो ! पुण्य गर्नमा डर नमान। भिक्षुहो ! जुन कि यो सुख भन्नु हो, त्यो पुण्यकै पर्याय हो। भिक्षुहो ! मैले जानेको छु कि, मैले दीर्घकालसम्म जुन पुण्य गरैं त्यसद्वारा दीर्घकालसम्म अनुकुल, प्रिय, मनलाई अनुकुल हुने नै अनुभूति गरिरहेछु। सात वर्ष मैत्री चित्तको ध्यान गरें। सात वर्ष सम्म मैत्री भावना गरेको हुनाले सात-संवर्त, सातविवर्त कल्पसम्म यस लोकमा आइन। भिक्षुहो ! संवर्तकल्पमा म आभास्वरको (देव) रूपमा थिएं। विवर्तकल्पमा म शून्य ब्रह्मलोकमा उत्पन्न भएको थिएं।

"भिक्षुहो ! त्यहाँ म ब्रह्मा, महाब्रह्मा, अभिभू, अनभिभूत, सर्व-दर्शी वशवर्ती भएं। भिक्षुहो ! छत्तीस पटक म शक्र देवराज भएं, सयौं पटक राजा भएं, चक्रवर्ती धार्मिक धर्मराजा, चतुर्दिशा विजयी, शान्त-जनपद र सप्त-रत्नसम्पन्न थिएं। भिक्षुहो ! मसंग यी सप्त-रत्न थियो– चक्र-रत्न, हस्ति-रत्न, अश्व-रत्न, मणि-रत्न, स्त्री-रत्न, गृहपति-रत्न र नायक-रत्न। भिक्षुहो ! शत्रुका सेनामर्दन गर्नसक्ने मेरा सहश्राधिक पुत्र सूरविर थिए। यस पृथ्वी देखि सागरसम्म बिना दण्ड, बिना शस्त्रद्वारा धर्मपूर्वक शासन गरें।

**"पस्स पुञ्ञानं विपाकं, कुसलानं सुखसिनो।**
**मेत्तं चित्तं विभावेत्वा, सत्त वस्सानि भिक्खवो।**
**सत्तसंवट्टविवट्टकप्पे, नयिमं लोकं पुनागमिं॥**

"भिक्षुहो ! सात वर्षसम्म मैत्री चित्तको भावना गरेकोले, सात-संवर्त-विवर्त कल्पसम्म पुनः यस लोकमा आउन नपरेको यो पुण्य तथा कुशलको प्रतिफल सुखलाई हेर।

**"संवट्टमाने लोकम्हि, होमि आभस्सरूपगो।**
**विवट्टमाने लोकस्मिं, सुञ्ञब्रह्मूपगो अहुं॥**

"लोक संवर्तको समयमा आभास्सर स्वरूपमा रहें। लोक विवर्त समयमा शुन्य ब्रह्मलोकमा उत्पन्न भएं।

**"सत्तक्खत्तुं महाब्रह्मा, वसवत्ती तदा अहुं।**
**छत्तिंसक्खत्तुं देविन्दो, देवरज्जमकारयिं॥**



Downloaded from http://dhamma.digital

"सातपटक महाब्रह्मा भएं, त्यसबेला वसवत्ती भएं; छत्तिसपटक देवराज इन्द्र भएर देवलोकमा राज्य गरें।

**"चक्कवत्ती अहुं राजा, जम्बुमण्डस्स इस्सरो।**
**मुद्धावसित्तो खत्तियो, मनुस्साधिपती अहुं॥**

"म मनुष्यका अधिपति र ऐश्वर्य सम्पन्न भई जम्बुद्वीपमा राज्याभिषिक्त क्षत्रिय चक्रवर्ती राजा भएं।

**"अदण्डेन असत्थेन, विजेय्य पथविं इमं।**
**असाहसेन कम्मेन, समेन अनुसासि तं॥**

"बिना दण्ड, बिना शस्त्रद्वारा यस पृथ्वीलाई जितें। कसैप्रति जबर्जस्ती नगरि, समानरूपले शासन चलाएं।

**"धम्मेन रज्जं कारेत्वा, अस्मिं पथविमण्डले।**
**महद्धने महाभोगे, अड्ढे अजायिहं कुले॥**

"महा-धनवान र महा-ऐश्वर्य कुलमा जन्मिएर मैले यस पृथ्वी मण्डललाई धर्मपूर्वक राज्य चलाएं।

**"सब्बकामेहि सम्पन्ने, रतनेहि च सत्तहि।**
**बुद्धा सङ्गाहका लोके, तेहि एतं सुदेसितं॥**

"सप्त रत्नसहित समस्त कामनाका साधनले सम्पन्न थिएं। बुद्ध लोक संग्रह गर्ने हुन्, यो वहाँकै सदुपदेश हो।

**"एसो हेतु महन्तस्स, पथब्यो मे न विपज्जति।**
**पहूतवित्तूपकरणे, राजा होति पतापवा॥**

"महानता हुनुको कारण यही नै हो। राजा हुनु मेरो निम्ति विनष्ट हुँदैनथ्यो। बहु धनसम्पन्न हुनुकासाथै प्रतापवान राजा हुन्छ।

**"इद्धिमा यसवा होति, जम्बुमिण्डस्स इस्सरो।**
**को सुत्वा नप्पसीदेय्य, अपि कण्हाभिजातियो॥**



Downloaded from http://dhamma.digital

"ऋद्धिवान र यशवान हुन्छ, जम्बुद्वीपका मालिक हुन्छ। यो सुनेर को प्रसन्न हुँदैन, यदि नीच जातिको हुँदा पनि।

**"तस्मा हि अत्तकामेन, महत्तमभिकङ्खता।**
**सद्धम्मो गरुकातब्बो, सरं बुद्धानसासन"न्ति॥**

"त्यसैले आफ्नो भलो चाहनेले, महत् आकंक्षा राख्नेले, सद्धर्मप्रति गौरव गर्ने हुनुपर्छ अनि बुद्धको अनुशासनलाई अनुस्मरण गर्नुपर्छ।"

## १०. भरियासुत्तं

६३. एकदिन भगवान पूर्वाण्ह समय चीवर लगाउनु भई अनि पात्र चीवर लिनु भई जहाँ अनाथपिण्डिक गृहपतिको घर हो त्यहाँ जानुभयो। त्यहाँ पुग्नु भई बिछ्याई राखेको आसनमा बस्नुभयो। त्यसबेला भने अनाथपिण्डिक गृहपतिको घरमा मानिसहरू ठूलठूलो शोरले हल्ला मचाइरहेका थिए। त्यस बेला अनाथपिण्डिक गृहपति जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गए। गएर भगवानलाई अभिवादन गरी एकठाउँमा बसे। एकठाउँमा बसेका अनाथ-पिण्डिक गृहपतिलाई भगवानले सोध्नुभयो–

"गृहपति! किन तिम्रो घरमा मानिसहरू धेरै नै ठूलठूलो शोरले हल्ला मचाइरहेका छन्। मानौं मछुवाहरू माछाको निम्ति झगडा गरिरहे झैं?" "भन्ते! यो घरकी बुहारी धनी कुलबाट ल्याएकि हुँ। उसले न त घरका ससुरा आदर गर्छिन्, न त सासुलाई आदर गर्छिन्, न त स्वामीलाई आदर गर्छिन्, भगवानप्रति पनि न त आदर गर्छिन्, न त गौरव गर्छिन, न त मान्ने गर्छिन् अनि न त पूजा गर्ने स्वभावकि छिन्।"

त्यसबेला भगवानले घरकी बुहारी सुजातालाई बोलाउनु भयो– "यहाँ आउ, सुजाता!" "हवस् भन्ते! भनी घरकी बुहारी सुजाताले भगवानलाई प्र-त्युत्तर दिई जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गइन्। त्यहाँ गई भगवानलाई अभि-वादन गरी एकठाउँमा बसिन्। एकठाउँमा बसेपछि घरकी बुहारी सुजातालाई भगवानले यसो भन्नुभयो–

"सुजाता! पुरुषका निम्ति सातप्रकारका भार्या हुन्छन्। ती सातप्रका-रका को-को जस्तै हुन्? वधक जस्तै, चोर्नी जस्तै, मालिक जस्तै, आमा जस्तै, बहिनी जस्तै, साथी जस्तै अनि दासी जस्तै। सुजाता! पुरुषका निम्ति यी सात प्रकारका भार्या हुन्छन्। त्यस मध्यमा तिमी कुन प्रकारकी हौ?" "भन्ते!



Downloaded from http://dhamma.digital

भगवानले संक्षिप्तमा भन्नु भएकोलाई सविस्तर अर्थलाई जानिन । साधु, भन्ते ! भगवानले त्यसप्रकारले धर्मदेशना गर्नुहोस्, मैले भगवानले दिनुभएको संक्षिप्त उपदेशलाई सविस्तर अर्थसहित जान्नसकूँ । "त्यसो भए सुजाता ! सुन, राम्रोसंग मनमा धारण गर्नु, भन्नेछु ।" "हवस्, भन्ते !" भनी घरकी बुहारी सुजाताले भगवानलाई प्रत्युत्तर दिइन् । भगवानले भन्नुभयो–

"पदुट्ठचित्ता अहितानुकम्पिनी,
अञ्ञेसु रत्ता अतिमञ्ञते पतिं ।
धनेन कीतस्स वधाय उस्सुका,
या एवरूपा पुरिसस्स भरिया ।
'वधा च भरिया'ति च सा पवुच्चति ॥

"प्रदूषित चित्त, अहितानुकम्पिनी, अन्यप्रति अनुरक्त भई पतिप्रति उपेक्षित हुन्छ । धनद्वारा किनेर ल्याएको जस्तै वधको निम्ति उत्सुक हुन्छे । जो यसप्रकारका पुरुषकी भार्या हुन्छे उसलाई 'वधक समान भार्या' भनिन्छ ।

"यं इत्थिया विन्दति सामिको धनं,
सिप्पं वणिज्जञ्च कसिं अधिट्ठहं ।
अप्पम्पि तस्स अपहातुमिच्छति,
या एवरूपा पुरिसस्स भरिया ।
'चोरी च भरिया'ति च सा पवुच्चति ॥

"शिल्प, व्यापार, कृषिद्वारा आर्जन गरिल्याएको धन स्वामीले भार्यालाई दिन्छ, त्यसबाट अलिकति भएपनि चोरेर लिने हुन्छ । जो यसप्रकारका पुरुषकी भार्या हुन्छे, उसलाई 'चोर्नी समान भार्या' भनिन्छ ।

"अकम्मकामा अलसा महग्घसा,
फरुसा च चण्डी दुरुत्तवादिनी ।
उट्ठायकानं अभिभुय्य वत्तति,
या एवरूपा पुरिसस्स भरिया ।
'अय्या च भरिया'ति च सा पवुच्चति ॥

"काम गर्न अनिच्छुक, अल्छिनी, धेरै खाने, कड़ा स्वभावकी, चण्ड स्वभावकी, अपशब्द बोल्ने हुन्छे । (पतिको) उत्साहलाई दबाउँछे । जो यसप्रकारका पुरुषकी भार्या हुन्छे उसलाई 'मालिकनी समान भार्या' भनिन्छ ।



Downloaded from http://dhamma.digital

"या सब्बदा होति हितानुकम्पिनी,
माताव पुत्तं अनुरक्खते पतिं ।
ततो धनं सम्भतमस्स रक्खति,
या एवरूपा पुरिसस्स भरिया ।
'माता च भरिया'ति च सा पवुच्चति ॥

"जो सर्वदा हितानुकम्पि हुन्छे, माताले पुत्रलाई रक्षा गरे झैं पतिलाई रक्षा गर्छ । पतिले कमाएर ल्याएको धनलाई सुरक्षित गरी राख्छे । जो यसप्रकारका भार्या हुन्छे, उसलाई 'माता समान भार्या' भनिन्छ ।

"यथापि जेट्ठा भगिनी कनिट्ठका,
सगारवा होति सकम्हि सामिके ।
हिरीमना भत्तुवसानवत्तिनी,
या एवरूपा पुरिसस्स भरिया ।
'भगिनी च भरिया'ति च सा पवुच्चति ॥

"जसरी ठूलो दाईलाई सानु बहिनीले झैं समानरूपले आफ्ना पतिप्रति गौरव गर्ने हुन्छे । लजालु र पतिको आज्ञामा रहन्छे । जो यसप्रकारका भार्या हुन्छे, उसलाई 'बहिनी समान भार्या' भनिन्छ ।

"याचीध दिस्वान पतिं पमोदति,
सखी सखारंव चिरस्समागतं ।
कोलेय्यका सीलवती पतिब्बता,
या एवरूपा पुरिसस्सभरिया ।
'सखी च भरिया'ति च सा पवुच्चति ॥

"चिरकालपछि आएका साथीलाई देखेर साथी प्रसन्न भए झैं कुलीन, शीलवती, पतिब्रता नारी आफ्ना पतिलाई देखेर प्रसन्न हुन्छे । जो यसप्रकारका भार्या हुन्छे, उसलाई 'साथी समान भार्या' भनिन्छ ।

"अक्कुद्धसन्ता वधदण्डतज्जिता,
अदुट्ठचित्ता पतिनो तितिक्खति ।
अक्कोधना भत्तुवसानुवत्तिनी,
या एवरूपा पुरिसस्स भरिया ।
दासी च भरिया'ति पवुच्चति ॥



Downloaded from http://dhamma.digital

"मार्न खोज्दा, दण्ड दिन डर देखाउँदा पनि नरिसाउने, शान्तरहने, द्वेषरहित, चित्तले पतिको हर कुरालाई सहनसक्ने हुन्छे । नरिसाउने पतिको वशमा रहने हुन्छे । जो यसप्रकारका भार्या हुन्छे, उसलाई 'दासी समान भार्या' भनिन्छ ।

" 'याचीध भरिया वधका'ति वुच्चति,
'चोरी च अय्या'ति च या पवुच्चति ।
दुस्सीलरूपा फरुसा अनादरा,
कायस्स भेदा निरयं वजन्ति ता ॥

"यहाँ जो 'वधक जस्तै भार्या' हुन्छे, जो 'चोर्नी जस्तै भार्या' हुन्छे अनि जो 'मालिकनी जस्तै भार्या' हुन्छे, दुःशील र कठोर स्वभावकी अनि पतिलाई अनादर गर्ने हुन्छे । यसप्रकारका भार्या शरीर छुटेपछि मरण पश्चात नरक लोकमा उत्पन्न हुन्छ ।

" 'याचीध माता भगिनी सखी'ति च,
दासी च भरिया'ति च सा पवुच्चति ।
सीले ठितत्ता चिररत्तसंवुता,
कायस्स भेदा सुगतिं वजन्ति ता"ति ॥

"यहाँ जो 'माता, बहिनी, साथीसमान, 'दासीसमान भार्या हुन्छे, शीलवान भई, चिरकालसम्म सुसंयमित हुन्छे । शरीर छुटेर मरणपछि स्वर्ग लोकमा उत्पन्न हुन्छ ।

"सुजाता ! पुरुषका निम्ति यी सातप्रकारका भार्या हुन्छन् । त्यस मध्यमा तिमी कुनप्रकारकी हौ ?" "भन्ते ! भगवानले आज देखि मलाई स्वामी की दासीसमान भार्या हुन् भनी धारण गर्नुहोस् ।"

## ११. कोधसुत्तं

"भिक्षुहो ! यी सात विषय यस्तो छ कि, शत्रुका निम्ति प्रिय र शत्रुका निम्ति राम्रो लाग्ने हुन्छ। ती सात के के हुन् ? यहाँ भिक्षुहो ! शत्रुले शत्रुप्रति यस्तो इच्छा गर्छ– अहो ! राम्रो हुन्थ्यो कि, यदि त्यो दुर्वण भएमा । त्यो के कारण ? भिक्षुहो ! शत्रुले शत्रु सुवर्ण भएको देख्दा प्रसन्न हुनेछैन । भिक्षुहो ! जो पुरष तथा व्यक्ति क्रोधी हुन्छ, क्रोधले अभिभूत हुन्छ, क्रोधको अधिनमा उसले चाहे जति नै स्नान गरोस्, लेप लगावस्, केश-दाह्री खौरियोस्, श्वेत



Downloaded from http://dhamma.digital

वस्त्र लगावस्; तर ऊ क्रोधको वशीभूत हुनाले दुर्वर्ण नै हुन्छ। भिक्षुहो ! यो पहिलो कुरा हो जुन शत्रुको निम्ति प्रिय लाग्ने हुन्छ। जब स्त्री वा पुरुष क्रोधित हुँदा।

"अनि फेरि, भिक्षुहो ! शत्रुले शत्रुप्रति यस्तो इच्छा गर्छ– राम्रो हुन्थ्यो कि, यदि त्यो दुःखी भएमा। त्यो के कारण ? भिक्षुहो ! शत्रुले शत्रु सुखी भएको देख्दा प्रसन्न हुनेछैन। भिक्षुहो ! जो पुरुष तथा व्यक्ति क्रोधी हुन्छ, क्रोधले अभिभूत हुन्छ, क्रोधको अधिन हुन्छ। चाहे ऊ जुनसुकै पलङ्गमा सुतोस्– चाहे त्यो झलरदार उनीको च्यादर किन नहोस्, चाहे त्यो फूलदार ऊनीको च्यादर किन नहोस्, चाहे त्यो कदली मृग-छालाको च्यादर किन नहोस्, चाहे त्यो चँदुवादार किन नहोस् तथा चाहे दुवैतिर रातो रंगको शिरानी राखेको किन नहोस् ऊ क्रोधको वशीभूत हुनाले दुःखी नै भई सुत्छ। भिक्षुहो ! यो दोस्रो कारण हो, जुन शत्रुको निम्ति प्रिय लाग्ने हुन्छ। जब स्त्री वा पुरुष क्रोधित हुँदा।

"अनि फेरि, भिक्षुहो ! शत्रुले शत्रुप्रति यस्तो इच्छा गर्ने हुन्छ– राम्रो हुन्थ्यो कि, यदि ऊसंग प्रचुरमात्रामा धन नभएमा। त्यो के कारणले ? भिक्षुहो ! शत्रुले शत्रुसंग प्रचुर मात्रामा धन भएको देख्दा प्रसन्न हुनेछैन। भिक्षुहो ! जो पुरुष तथा व्यक्ति क्रोधी हुन्छ, क्रोधले अभिभूत हुन्छ, क्रोधको अधिन हुन्छ। उसले अनर्थलाई अर्थ मान्ने हुन्छ, अर्थलाई अनर्थ मान्ने हुन्छ। उसले यस कुरालाई उल्टो किसिमले मान्ने हुँदा दीर्घकालसम्म अहितार्थ, दुःखार्थ हुन्छ क्रोधको वशीभूत हुँदा। भिक्षुहो ! यो तेस्रो कारण हो, जुन शत्रुको निम्ति प्रिय लाग्ने हुन्छ। जब स्त्री वा पुरुष क्रोधित हुँदा।

अनि फेरि, भिक्षुहो ! ! शत्रुले शत्रुप्रति यस्तो इच्छा गर्ने हुन्छ– राम्रो हुन्थ्यो कि, यदि त्यो भोगवान नभएमा। त्यो के कारणल ? भिक्षुहो ! शत्रुले शत्रु भोगवान भएको देख्दा प्रसन्न हुनेछैन। भिक्षुहो ! जो पुरुष तथा व्यक्ति क्रोधी हुन्छ, क्रोधले अभिभूत हुन्छ, क्रोधको अधिन हुन्छ। उसले उत्साह तथा मेहनत गरी, बाहुबलद्वारा पसीना बगाएर धर्मानुसार, धर्मताकासाथ जुन धन आर्जन गरेको हुन्छ त्यो पनि ऊ क्रोधी हुँदा राज पुरुषले राजकोषमा जमा गर्न लान्छ। भिक्षुहो ! यो चौठो कारण हो, जुन शत्रुको निम्ति प्रिय लाग्ने हुन्छ। जब स्त्री वा पुरुष क्रोधित हुँदा।

"अनि फेरि, भिक्षुहो ! शत्रुले शत्रुप्रति यस्तो इच्छा गर्ने हुन्छ– राम्रो हुन्थ्यो कि, यदि त्यो यशवान नभएमा। त्यो के कारण ? भिक्षुहो ! शत्रुले शत्रु



Downloaded from http://dhamma.digital

यशवान भएको देख्दा प्रसन्न हुनेछैन । भिक्षुहो ! जो पुरुष तथा व्यक्ति क्रोधी हुन्छ, क्रोधले अभिभूत हुन्छ, क्रोधको अधिन हुन्छ । उसले जुन अप्रमाद भई यशलाई हासिल गरेको हुन्छ, त्यो पनि क्रोधको वशीभूत हुँदा नाश हुन्छ । भिक्षुहो ! यो पाँचौ कारण हो, जुन शत्रुको निम्ति प्रिय लाग्ने हुन्छ । जब स्त्री वा पुरुष क्रोधित हुँदा ।

"अनि फेरि, भिक्षुहो ! शत्रुले शत्रुप्रति यस्तो इच्छा गर्ने हुन्छ– राम्रो हुन्थ्यो कि, यदि उसको मित्र नभएमा । त्यो के कारण ? भिक्षुहो ! शत्रुले शत्रुको मित्र देख्दा प्रसन्न हुनेछैन । भिक्षुहो ! जो पुरुष तथा व्यक्ति क्रोधी हुन्छ, क्रोधले अभिभूत हुन्छ, क्रोधको अधिन हुन्छ । उसको जति पनि मित्र-भाइचारा, रक्तसम्बन्धि आफन्तहरू हुन्, क्रोधको वशीभूत हुँदा तिनीहरू पनि टाढा भएर जान्छ । भिक्षुहो ! यो छैटौं कारण हो, जुन शत्रुको निम्ति प्रिय लाग्ने हुन्छ । जब स्त्री वा पुरुष क्रोधित हुँदा ।

"अनि फेरि, भिक्षुहो ! शत्रुले शत्रुप्रति यस्तो इच्छा गर्ने हुन्छ– राम्रो हुन्थ्यो कि, यदि शरीर छुटेर मृत्युपछि अपायमा पतन भएमा वा नरकमा उत्पन्न भएमा । त्यो के कारण ? भिक्षुहो ! शत्रुले शत्रुको सुगति हुँदा प्रसन्न हुनेछैन । भिक्षुहो ! जो पुरुष तथा व्यक्ति क्रोधी हुन्छ, क्रोधले अभिभूत हुन्छ, क्रोधको अधिन हुन्छ । उसले शरीरद्वा दुराचरण गर्ने हुन्छ, वचनद्वारा ... शरीर छूटेर मरणपछि अपायमा पतन वा नरकमा उत्पन्न हुन्छ, क्रोधमा अभिभूत हुँदा । भिक्षुहो ! यो सातौं कारण हो, जुन शत्रुको निम्ति प्रिय लाग्ने हुन्छ । जब स्त्री वा पुरुष क्रोधित हुँदा । भिक्षुहो ! यी नै सात विषय शत्रुका निम्ति प्रिय लाग्ने हुन्छ ।"

"कोधनो दुब्बण्णो होति, अथो दुक्खम्पि सेति सो ।
अथो अत्थं गहेत्वान, अनत्थं अधिपज्जति ॥

"क्रोधले गर्दा दुर्वर्ण हुन्छ, ऊ दुःखीत भई सुत्छ । उसले अर्थलाई अनर्थ गरी लिन्छ, अनर्थमा लागेको हुन्छ ।

"ततो कायेन वाचाय, वधं कत्वान कोधनो ।
कोधाभिभूतो पुरिसो, धनजानिं निगच्छति ॥

"त्यस क्रोधले गर्दा शरीरद्वारा र वचनद्वारा वध (दुराचार) गरी तथा क्रोधद्वारा अभिभूत भएका पुरुषले धन-हानि गर्ने हुन्छ ।



Downloaded from http://dhamma.digital

"कोधसम्मदसम्मत्तो, आयसक्यं निगच्छति ।
ञातिमित्ता सुहज्जा च, परिवज्जन्ति कोधनं ॥

क्रोधको मदले उन्मत्त हुने मान्छेको यश हानि हुन्छ । आफन्त, मित्र, भलो चाहनेहरूले क्रोधीलाई त्यागी दिन्छ ।

"अनत्थजननो कोधो, कोधो चित्तप्पकोपनो ।
भयमन्तरतो जातं, तं जनो नावबुज्झति ॥

"क्रोध अनर्थकारी हो, क्रोधले चित्त प्रकुपित हुन्छ । अन्तर मनमा भय उत्पन्न गराउँछ, मान्छेले यसलाई जानेको हुँदैन ।

"कुद्धो अत्थं न जानाति, कुद्धो धम्मं न पस्सति ।
अन्धतमं तदा होति, यं कोधो सहते नरं ॥

क्रोधीले अर्थलाई जानेको हुँदैन, क्रोधीले धर्मलाई नदेख्ने हुन्छ । त्यसबेला अन्धकार हुन्छ, जोसंग क्रोध सवार हुन्छ ।

"यं कुद्धो उपरोधेति, सुकरं विय दुक्करं ।
पच्छा सो विगते कोधे, अग्गिदड्ढोव तप्पति ॥

जो क्रोधित हुन्छ उसको निम्ति दुष्कर कार्य पनि सजिलो जस्तै हुन्छ, पछि ऊसंग जब क्रोधरहँदैन तब आगोले पोले झैं तप्त हुन्छ ।

"दुम्मङ्कुयं पदस्सेति, धूमं धूमीव पावको ।
यतो पतायति कोधो, येन कुज्झन्ति मानवा ॥

"जब क्रोधहटेको हुन्छ, जब मान्छे क्रोधित हुँदैन, तब ऊ त्यसरी नै निस्तेज हुन्छ जस्तो कि, आगो बिनाको धुवाँ जस्तै ।

"नास्स हिरी न ओत्तप्पं, न वाचो होति गारवो ।
कोधेन अभिभूतस्स, न दीपं होति किञ्चनं ॥

"क्रोधद्वारा अभिभूत हुनेसंग न त लज्जा हुन्छ, न त भय हुन्छ, न त उसको वचनमा गौरव भन्ने हुन्छ, उसको निम्ति आश्रयस्थल नरहने हुन्छ ।

"तपनीयानि कम्मानि , यानि धम्मेहि आरका ।



Downloaded from http://dhamma.digital

**तानि आरोचयिस्सामि, तं सुणाथ यथा तथं ॥**

"परितापित गराउने कर्मद्वारा जुन धर्मलाई टाढा पार्छ, उसलाई दर्शाउने छु, त्यसलाई यथार्थ गरी सुन ।

**"कुद्धो हि पितंहन्ति, हन्ति कुद्धो समातरं ।**
**कुद्धो हि ब्राह्मणं हन्ति, हन्ति कुद्धो पुथुज्जनं ॥**

"क्रोधीले नै पितृ हत्या गर्छ, क्रोधीले नै मातृ हत्या गर्छ । क्रोधीले नै ब्राह्मण हत्या गर्छ, क्रोधीले नै पृथकजनलाई हत्या गर्छ ।

**"याय मातु भतो पोसो, इमंलोकं अवेक्खति ।**
**तम्पि पाणददिं सन्तिं, हन्ति कुद्धो पुथुज्जनो ॥**

"जुन माताद्वारा पोषित भई यसलोकलाई देख्ने हुन्छ । पृथकजनले त्यस प्राण दिने जननीलाई पनि हत्या गर्छ ।

**"अत्तूपमा हि ते सत्ता, अत्ता हि परमो पियो ।**
**हन्ति कुद्धो पुथुत्तानं, नानारूपेसु मुच्छितो ॥**

"समस्त सत्त्व आफू समान हो, आफू नै सर्वाधिक प्रिय हुन्छ । क्रोधद्वारा मूर्छित हुने व्यक्तिबाट नानाप्रकारले आफूलाई नै हत्या गर्ने हुन्छ ।

**"असिना हन्ति अत्तानं, विसं खादन्ति मुच्छिता ।**
**रज्जुया बज्झ मीयन्ति, पब्बतामपि कन्दरे ॥**

"मूर्छित जनले तरवार लिई आफूलाई हत्या गर्ने हुन्छ, विष खाने हुन्छ, डोरी लिई पासो लगाई मर्ने हुन्छ, पर्वत तथा कन्दरामा गई हामफालेर मर्ने हुन्छ ।

**"भूनहच्चानि कम्मानि, अत्तमारणियानि च ।**
**करोन्ता नावबुज्झन्ति, कोधजातो पराभवो ॥**

"भ्रूणहत्या तथा आत्महत्या कर्मादि गरिंदा पनि नबुझ्ने हुन्छ । क्रोधी पतन हुन्छ ।

**"इतायं कोधरूपेन, मच्चुपासो गुहासयो ।**
**तं दमेन समुच्छिन्दे, पञ्ञावीरियेन दिट्ठिया ॥**



Downloaded from http://dhamma.digital

"यसरी क्रोधको रूपमा लुकिएको यो मृत्यु-पासो नै हो । त्यसलाई प्रज्ञा, वीर्य, सम्यकदृष्टि र (इन्द्रिय) संयमद्वारा समूल नष्ट गर्नु ।

"यथा मेतं अकुसलं, समुच्छिन्देथ पण्डितो ।
तथेव धम्मे सिक्खेथ, मा नो दुम्मङ्कुयं अहु ॥

"जुन यो अकुशल हो, पण्डितले समूल नष्ट गर्नुपर्छ । त्यसतो नै धर्मको शिक्षा लिनुपर्छ, कहीं त्यो निस्तेज हुन नपरोस् ।

"वीतकोधा अनायासा, वीतलोभा अनुस्सुका ।
दन्ता कोधं पहन्त्वान, परिनिब्बन्ति अनासवा"ति ॥

"क्रोधरहित हुने, दुःखरहित हुने, लोभरहित हुने, चञ्चलरहित हुने, शान्त-दान्त हुने, क्रोध मर्दन गर्ने अनि अनाश्रवी हुने परिनिर्वाण हुन्छ ।"

Dhamma.Digital



Downloaded from http://dhamma.digital

# ७. महावग्गो

## १. हिरीओत्तप्पसुत्तं

६५."भिक्षुहो ! लज्जा र भय नरहँदा तथा लज्जा र भयबाट चुकिंदा इन्द्रिय संयमबाट चुक्नेछ । इन्द्रिय संयमित नहुँदा, इन्द्रिय संयम गर्नबाट चुकिंदा, शील पालनबाट चुक्नेछ । शील पालन नहुँदा, शील पालनबाट चुकिंदा समाधिबाट चुक्नेछ । समाधिमा नलाग्दा, समाधिबाट चुकिंदा यथार्थ ज्ञानदर्शनबाट चुक्नेछ । यथार्थ ज्ञानदर्शन नहुँदा, यथार्थ ज्ञानदर्शनबाट चुकिंदा, निर्वेद वैराग्यबाट चुक्नेछ । निर्वेद वैराग्य नरहँदा, निर्वेद वैराग्यबाट चुकिंदा, विमुक्ति ज्ञानदर्शनबाट चुक्नेछ । जस्तै कि, भिक्षुहो ! वृक्षमा पात-शाखा नरहँदा त्यसमा पाप्रा (पपटिका) परिपूर्ण हुन पाउँदैन, त्यसरी नै बोक्रामा पनि गोलाकारमा (फेग्गु) पनि अनि सारकाठ (मूलकाठ) पनि परिपूर्ण हुन पाउँदैन । यसरी नै, भिक्षुहो ! लज्जा र भय नरहँदा तथा लज्जा र भयबाट चुकिंदा इन्द्रिय संयम गर्नबाट चुक्नेछ । इन्द्रिय संयमित नहुँदा, इन्द्रिय संयम गर्नबाट चुकिंदा, शील पालन गर्नबाट चुक्नेछ । शील पालन नहुँदा, शील पालन गर्नबाट चुकिंदा समाधिबाट चुक्नेछ । समाधिमा नलाग्दा, समाधिबाट चुकिंदा यथार्थ ज्ञानदर्शनबाट चुक्नेछ । यथार्थ ज्ञानदर्शन नहुँदा, यथार्थ ज्ञान दर्शनबाट चुकिंदा, निर्वेद वैराग्यबाट चुक्नेछ । निर्वेद वैराग्य नरहँदा, निर्वेद वैराग्यबाट चुकिंदा, विमुक्ति ज्ञानदर्शनबाट चुक्नेछ ।

"भिक्षुहो ! ! लज्जा र भयरहँदा तथा लज्जा र भययुक्त हुँदा इन्द्रिय संयममा युक्त हुन्छ । इन्द्रिय संयमित हुँदा, इन्द्रिय संयममा युक्त हुँदा, शील पालनमा युक्त हुन्छ । शील पालन हुँदा, शील पालनमा युक्त हुँदा समाधिमा युक्त हुन्छ । समाधिमा लाग्दा, समाधिमा युक्त हुँदा यथार्थ ज्ञानदर्शनमा युक्त हुन्छ । यथार्थ ज्ञानदर्शन हुँदा, यथार्थ ज्ञान दर्शनमा युक्त हुँदा, निर्वेद वैराग्यमा युक्त हुन्छ । निर्वेद वैराग्यरहँदा, निर्वेद वैराग्यमा युक्त हुँदा, विमुक्ति ज्ञानदर्शनमा युक्त हुन्छ । जस्तै कि, भिक्षुहो ! वृक्षमा पात-शाखारहँदा त्यसमा पाप्रा (पपटिका) को परिपूर्ण हुन्छ, त्यसरी नै बोक्रामा पनि गोलाकारमा (फेग्गु) पनि अनि सारकाठ (मूलकाठ) पनि परिपूर्ण हुन्छ । यसरी नै, भिक्षुहो ! लज्जा र भयरहँदा तथा लज्जा र भययुक्त हुँदा इन्द्रिय संयममा युक्त हुन्छ ... विमुक्ति ज्ञान दर्शनमा युक्त हुन्छ ।"



Downloaded from http://dhamma.digital

## २. सत्तसूरियसुत्तं

६६. यस्तो मैले सुनें– एक समय भगवान वेसालिस्थित अम्बपालि वनमा बस्नुहुन्थ्यो । त्यसबेला भगवानले भिक्षुहरूलाई सम्बोधन गर्नुभयो– "भिक्षुहो !" "भद्दन्त !" भनी ती भिक्षुहरूले भगवानलाई प्रत्युत्तर दिए । भगवानले यसो भन्नुभयो–

"भिक्षुहो ! संस्कार अनित्य हो, संस्कार अध्रुव हो, भिक्षुहो ! संस्कार अविश्वसनीय हो । "भिक्षुहो ! जति पनि संस्कार छन् ती सबैबाट निर्वेदित हुनु वैराग्य हुनु र विमुक्त हुनु आवश्यक छ ।

"भिक्षुहो ! सिनेरु (सुमेरु) पर्वतराजा चौरासी हजार योजन लामो छ, चौरासी हजार योजन चौडाइ छ, चौरासी हजार योजन महासमुद्रको भीत्र धसिएको छ अनि चौरासी हजार योजन महासमुद्रको माथि उठेको छ । भिक्षुहो ! त्यो समय आउनेछ, कदाचित् कुनै समयमा दीर्घकालसम्म, धेरै वर्षसम्म, धेरै सयौं वर्षसम्म, धेरै सहस्र वर्षसम्म र धेरै लाखौं वर्षसम्म पानी नपर्ने हुन्छ । भिक्षुहो ! पानी नपर्दा जति पनि बीज छन्, जति पनि बोट छन्, जति पनि औषधी, घाँस र वनस्पति छन् ती मरेर जानेछन्, एकदमै मरेर जानेछन् तथा केहीरहँदैन । भिक्षुहो ! संस्कार यसरी अनित्य हुन्छ, यसरी अध्रुव हुन्छ, संस्कार ... विमुक्त हुनु आवश्यक छ ।

"भिक्षुहो ! त्यो समय आउनेछ, कदाचित् कुनै समय, दीर्घकालपछि दोस्रो सूर्यको प्रादुर्भाव हुनेछ । भिक्षुहो ! दोस्रो सूर्यको प्रादुर्भाव हुँदा ती सानातिना खोल्सा-खोलाहरू, सानातिना जलाशयहरू सुकेर जानेछन्, एकदमै सुकेर जानेछन् तथा सुक्खा हुनेछन्-। भिक्षुहो ! संस्कार यसरी अनित्य हुन्छ, ... विमुक्त हुनु आवश्यक छ ।

"भिक्षुहो ! त्यो समय आउनेछ कदाचित् कुनै समय, दीर्घकालपछि तेस्रो सूर्यको प्रादुर्भाव हुनेछ । भिक्षुहो ! तेस्रो सूर्यको प्रादुर्भाव हुँदा जति पनि महानदीहरू छन् जस्तै कि– गङ्गा, जमुना, अचिरवती, सरभू र मही यी सबै सुकेर जानेछन्, एकदमै सुकेर जानेछन् तथा सुक्खा हुनेछन् । भिक्षुहो ! संस्कार यसरी अनित्य हुन्छ, यसरी अध्रुव हुन्छ, संस्कार ... विमुक्त हुनु आवश्यक छ ।

"भिक्षुहो ! त्यो समय आउनेछ, कदाचित् कुनै समय दीर्घकालपछि



Downloaded from http://dhamma.digital

चौठो सूर्यको प्रादुर्भाव हुनेछ । भिक्षुहो ! चौठो सूर्यको प्रादुर्भाव हुँदा जुन ती महासरोवरहरू छन् जसबाट नदीहरू बगेर आउँछन्, जस्तै कि– अनोतत्त, सीहपपात, रथकार, कण्णमुण्ड, कुणाल, छद्दन्त र मन्दाकिनी ती सबै सुकेर जानेछन्, एकदमै सुकेर जानेछन् तथा सुक्खा हुनेछन् । भिक्षुहो ! संस्कार यसरी अनित्य हुन्छ ... विमुक्त हुनु आवश्यक छ ।

"भिक्षुहो ! त्यो समय आउनेछ, कदाचित् कुनै समय दीर्घकालपछि पाँचौं सूर्यको प्रादुर्भाव हुनेछ । भिक्षुहो ! पाँचौ सूर्यको प्रादुर्भाव हुँदा महासमुद्रको पानी सय योजन निम्नतिर सुकेर जानेछ, दुईसय योजन पनि निम्नतिर पानी सुकेर जानेछ, तीनसय योजन पनि, चारसय योजन पनि, पाँचसय योजन पनि, छसय योजन पनि, सातसय योजन पनि महासमुद्रको पानी निम्नतिर सुकेर जानेछ, महासमुद्रमा सात ताड वृक्ष समानको पानी रहन्छ । छः ताड वृक्षसमान पनि, पाँच ताड वृक्षसमान पनि, चार ताड वृक्षसमान पनि, तीन ताड वृक्ष समान पनि, दुई ताड वृक्ष समान पनि, अनि एक ताड वृक्ष समान पनि महासमुद्रमा पानी रहन्छ । महासमुद्रमा सात पुरुष समानको पानी रहन्छ, छः पुरुष समानको पनि, पाँच पुरुष समानको पनि, चार पुरुष समानको पनि, तीन पुरुष समानको पनि, दुई पुरुष समानको पनि अनि एक पुरुष समान पनि, अर्ध पुरुष समान पनि, जाँघसम्म पनि, घुँडासम्म पनि, कुर्कच्चा सम्म पनि महासमुद्रको पानीरहन्छ । जस्तै कि, भिक्षुहो ! शीतकालमा अलि अलि पानी पर्दा जहीं-तहीं गाईको खुरको निशानसम्म पानीरहन्छ यस्तै प्रकारले महासमुद्रको पानी जहीं-तहीं कुर्कुच्चा सम्म महासमुद्रको पानीरहन्छ । भिक्षुहो ! पाँचौ सूर्यको प्रादुर्भाव हुँदा महासमुद्रको पानी औंलाको टुप्पो सम्म पनि पानी रहँदैन । भिक्षुहो ! संस्कार यसरी अनित्य हुन्छ, ... विमुक्त हुनु आवश्यक छ ।

"भिक्षुहो ! त्यो समय आउनेछ, कदाचित् कुनै समयमा दीर्घकालपछि छैटौं सूर्यको प्रादुर्भाव हुनेछ । भिक्षुहो ! छैटौं सूर्यको प्रादुर्भाव हुँदा यो महापृथ्वी र सुनेरु पर्वतराजबाट धूवाँ आउँछ, धेरै नै धूवाँ आउँछ, अति नै धूवाँधाार भएर आउँछ । जस्तै कि, भिक्षुहो ! कुम्मालेले भाँडा-कुरा पोल्ने अवालबाट पहिला धुवाँ आउँछ, झन-झन धेरै धुवाँ आउँछ अनि अति नै धूवाँधार भएर आउँछ । यसरी नै, भिक्षुहो ! यो महापृथ्वी अनि सुनेरु पर्वतराजबाट धूवाँ आउँछ, धेरै नै धूवाँ आउँछ अनि नै धूवाँधार भएर आउँछ । भिक्षुहो ! संस्कार यसरी अनित्य हुन्छ, ... विमुक्त हुनु आवश्यक छ ।



Downloaded from http://dhamma.digital

"भिक्षुहो ! त्यो समय आउनेछ, कदाचित् कुनै समय दीर्घकालपछि सातौं सूर्यको प्रादुर्भाव हुनेछ । भिक्षुहो ! सातौं सूर्यको प्रादुर्भाव हुँदा यो महापृथ्वी र सुनेरु पर्वतराज जल्नेछ, प्रज्वलित हुनेछ अनि एक ज्वाला हुन्छ । भिक्षुहो ! यो पृथ्वी र सुनेरु पर्वतराज जलेपछि, डढेपछि अग्नि ज्वाला वायुको वेगले ब्रह्मलोकसम्म पुग्नेछ । भिक्षुहो ! सिनेरु पर्वतराज जलिंदा, डढिंदा, विनष्ट हुँदा महान् अग्निस्कन्धद्वारा अभिभूत हुँदा सय योजनको शिखर पनि जल्नेछ, दुईसय योजनको शिखर पनि, तीनसय योजनको शिखर पनि, चारसय योजनको शिखर पनि जल्नेछ । भिक्षुहो ! यो महापृथ्वी र सिनेरु पर्वतराज जलिंदा वा डढिंदा त्यसको खरानी र कोइला नदेखिने हुन्छ । भिक्षुहो ! जस्तै कि, घ्यू वा तेल जलिंदा, डढिंदा त्यसको खरानी वा कोइला देख्न पाउँदैन । यसरी नै, भिक्षुहो ! यो महापृथ्वी र सिनेरु पर्वतराज जलिंदा वा डढिंदा त्यसको खरानी र कोइलासमेत नदेखिने हुन्छ । भिक्षुहो ! यसरी नै संस्कार अनित्य हो, यसरी नै संस्कार अध्रुव हो, भिक्षुहो ! यसरी नै संस्कार अविश्वसनीय हो । भिक्षुहो ! जति पनि संस्कार छन् ती सबैबाट निर्वेदित हुनु, वैराग्य हुनु र विमुक्त हुनु आवश्यक छ ।

"भिक्षुहो ! 'यो पृथ्वी र सुनेरु पर्वतराज जलेर नाश हुनेछ, विनाश हुनेछ तथा रहनेछैन,' भनी श्रोतापन्न आर्यश्रावक बाहेक अरू कसले यसलाई मान्नेछ वा विश्वास गर्नेछ ?

"भिक्षुहो ! पूर्वकालमा सुनेत्त नाउँका तिर्थंकर गुरु थियो । भिक्षुहो ! सुनेत्तका अनेकौं, सयौं शिष्यहरू थिए । भिक्षुहो ! सुनेत्त गुरुले आफ्ना शिष्यहरूलाई ब्रह्मलोकमा जन्मिने विषय लिएर धमदेशना गर्दथ्यो । भिक्षुहो ! जसले सुनेत्त गुरुले दिएको उपदेशलाई सुनेर त्यस अनुरूप सम्पूर्णरूपले आचरण गर्नेहरू शरीर छूटेर मृत्युपछि सुगतिगामी भए, ब्रह्मलोकमा ब्रह्माका सहवासी भई उत्पन्न भए । जसले सम्पूर्णरूपले त्यस मार्गलाई अनुसरण गरेन त्यस मध्यमा कोही शरीर छूटेर मृत्युपछि परनिर्मित वशवर्ति देवलोकमा देवताका सहवासी भई उत्पन्न भए । कोही-कोही निम्मानरति देवलोकमा देवताका सहवासी भई उत्पन्न भए । कोही-कोही तुसित देवलोकमा देवताका सहवासी भई उत्पन्न भए । कोही-कोही यामा देवलोकमा देवताका सहवासी भई उत्पन्न भए । कोही-कोही तावतिंस देवलोकमा देवताका सहवासी भई उत्पन्न भए । कोही-कोही चातुमहाराजका देवलोकमा देवताका सहवासी भई उत्पन्न भए । कोही-कोही ऐश्वर्यशाली क्षत्रीका सहवासी भई जन्मलिए, कोही-कोही ऐश्वर्यशाली ब्राह्मणका सहवासी भई जन्मलिए

Downloaded from http://dhamma.digital

अनि कोही-कोही ऐश्वर्यशाली गृहपतिका सहवासी भई जन्मलिए।

"अनि त, भिक्षुहो ! सुनेत्त गुरुले विचार गऱ्यो– 'यो मेरो निम्ति उपयुक्त होइन कि परलोकमा आफ्ना शिष्यहरूको जस्तै मेरो पनि त्यस्तै गति होस्। त्यसैले अब मैले यसभन्दा पनि विशेषरूपले मैत्री-भावना गर्नेछु !' "

"अनि त, भिक्षुहो ! सुनेत्त गुरुले सात वर्षसम्म मैत्री चित्तको भावना गरे। सात वर्षसम्म मैत्री चित्त भावना गरेको पुण्य प्रतापले सात संवर्त विवर्त कल्पसम्म यस लोकमा जन्म लिन आएन। भिक्षुहो संवर्तको समय भनेको आभास्सरूपको (आभास्सर देवताका समान आयु ) हुन्छ। विवर्तको समय शुन्य ब्रह्मलोकमा उत्पन्न हुन्छ। भिक्षुहो ! त्यहाँ ब्रह्मा हुन्छ, महाब्रह्मा, अभिभूत, अनभिभूत, सर्वदर्शी र वशवर्ती हुन्छ। भिक्षुहो ! छत्तीस पटकसम्म देवराज इन्द्र भए। अनेकौ सयौ पटक राजा भए। चक्रवर्ती, धार्मिक धर्म राजा, चतुर्दिशा विजयी, शान्त जनपद तथा सप्तरत्नले युक्त थिएँ। भिक्षुहो ! उसको सहस्राधिक पुत्र थिए। सूर-विर शत्रुका सेनालाई मर्दन गर्नसक्ने। उसले सागरसम्म यस सारा पृथ्वीलाई बिना दण्ड, बिना शस्त्रद्वारा धर्मपूर्वक जितेर शासन चलाए। भिक्षुहो ! त्यो सुनेत्त गुरुको यति लामो आयु भएता पनि, यतिका दीर्घकालसम्मरहेता पनि, 'जन्म, जरा, मरण, शोक, रुनु-पिट्नु, दुःख-दौर्मनस्य र पश्चातापको दुःखबाट मुक्त थिएन भनी भन्दछु।"

त्यो के कारण ? चारप्रकारका धर्ममा अनभिज्ञ र अनभ्यस्तरहनाले। ती चार के-के हुन् ? भिक्षुहो ! आर्यशीलमा अनभिज्ञ र अनभ्यस्तरहनाले। आर्यसमाधिमा अनभिज्ञ र अनभ्यस्तरहनाले। आर्यप्रज्ञामा अनभिज्ञ र अनभ्यस्त रहनाले। आर्यविमुक्तिमा अनभिज्ञ र अनभ्यस्तरहनाले। भिक्षुहो ! त्यसैले यी आर्यशीलको ज्ञान भएमा, अभ्यास गरेमा, आर्यसमाधिको ज्ञान भएमा र अभ्यास गरेमा, आर्य प्रज्ञाको ज्ञान भएमा र अभ्यास गरेमा निर्मूल हुनेछन् भव-तृष्णा, बारबार जन्म लिनुबाट क्षीण हुनेछन्, फेरि पुनर्भव हुनेछैन।" भगवानले यसो भन्नुभयो। सुगतबाट यति भन्नु भएपछि तदनन्तर शास्ताले यसो भन्नुभयो–

**"सीलं समाधि पञ्ञा च, विमुत्ति च अनुत्तरा।**
**अनुबुद्धा इमे धम्मा, गोतमेन यसस्सिना॥**

"यशस्वी गोतमले शील, समाधि, प्रज्ञा र अनुत्तरविमुक्ति यी धर्महरूलाई जान्यो।

**"इति बुद्धो अभिञ्ञाय, धम्ममक्खासि भिक्खुनं।**



Downloaded from http://dhamma.digital

दुक्खस्सन्तकरो सत्था, चक्खुमा परिनिब्बुतो"ति ॥

"बुद्धले यसलाई जानेर भिक्षुहरूलाई धर्म दर्शाउनुभयो, दुःखलाई अन्त गर्नुहुने चक्षुवान शास्ता परिनिर्वाण हुनुभयो ।"

## ३. नगरोपमसुत्तं

६७. भिक्षुहो ! जब सीमा प्रदेशका नगर सात आवश्यकता वस्तुहरूबाट सम्पन्न हुन्छ र चारप्रकारका आहार सुलभ हुन्छ, बिना कष्ट नै लाभ हुन्छ, प्रचुर मात्रामा प्राप्त हुन्छ भने यसैलाई भनिन्छ, भिक्षुहो ! त्यो नगरका बाह्य शत्रुले, दुश्मनले आक्रमण गर्न अयोग्य हुन्छ ।

"त्यो नगर कुन सात कुराले युक्त भई सुरक्षित हुन्छ ? भिक्षुहो ! राजाले सीमा-प्रदेशको नगरमा गहिरो गरी राम्रोसित गाडिएको अचल, स्थिर स्तम्भ हुनुपर्छ । यो पहिलो नगरको निम्ति आवश्यकता हो । जुन हुँदा सीमा प्रदेशको नगर भित्ररहेकालाई सुरक्षित राख्नसकिन्छ अनि बाहिरकासंग प्रतिघाट गर्नसकिन्छ ।

"फेरि अर्को, भिक्षुहो ! राजाले सीमा-प्रदेशको नगरमा चारैतिर गहिरो र फराकिलो गरी खाल्टो खनेको हुनुपर्छ । यो नगरको निम्ति दोस्रो आवश्यकता हो । जुन हुँदा सीमा प्रदेशको नगर भित्ररहेकालाई सुरक्षित राख्न सकिन्छ अनि बाहिरकासंग प्रतिघाट गर्नसकिन्छ ।

"फेरि अर्को, भिक्षुहो ! राजाको सीमा-प्रदेशको नगरमा चारैतिर अग्लो र फराकिलो उपमार्ग हुनुपर्छ । यो नगरको निम्ति तेस्रो आवश्यकता हो । जुन हुँदा सीमा पदेशको नगर भित्ररहेकालाई सुरक्षित राख्नसकिन्छ अनि बाहिरकासंग प्रतिघाट गर्न सकिन्छ ।

"फेरि अर्को, भिक्षुहो ! राजाले सीमा-प्रदेशको नगरमा धेरै शस्त्र-अस्त्र संग्रह गरी राख्नुपर्छ । यो नगरको निम्ति चौठो आवश्यकता हो । जुन हुदा सीमा प्रदेशको नगर भित्ररहेकालाई सुरक्षित राख्नसकिन्छ अनि बाहिरकासंग प्रतिघाट गर्नसकिन्छ ।

"फेरि अर्को, भिक्षुहो ! राजाको सीमा-प्रदेशको नगरमा शक्तिवान धेरै सेना तैनाथ गरी राख्नुपर्छ । जस्तै कि– हात्तीसवार, घोडसवार, रथसवार, धनुर्धारी, ध्वजा लिएर हिंडने, सेनाव्यूहकार, महायोद्धा, उग्र राजपुत्र जो



Downloaded from http://dhamma.digital

उफ्रिएर गई शत्रुको हतियार खोसेर ल्याउन सक्ने, हात्तीसंग पनि जुध्नसक्ने (महानाग) सुरो, चर्म-योद्धा र दास-पुत्र । यो नगरको निम्ति पाँचौ आवश्यकता हो । जुन हुँदा सीमा प्रदेशको नगर भित्ररहेकालाई सुरक्षित राख्नसकिन्छ अनि बाहिरकासंग प्रतिघाट गर्नसकिन्छ ।

"फेरि अर्को, भिक्षुहो ! राजाले सीमा-प्रदेशको नगरमा पण्डित, व्यक्त, मेधावी द्वारपाल राख्नुपर्छ । जो परिचित हुन्छ उसलाई नगरमा पस्न दिन्छ, अपरिचितलाई पस्न दिँदैन । यो नगरको निम्ति छैटौं आवश्यकता हो । जुन हुँदा सीमा प्रदेशको नगर भित्ररहेकालाई सुरक्षित राख्नसकिन्छ अनि बाहिरकासंग प्रतिघाट गर्नसकिन्छ ।

"फेरि अर्को, भिक्षुहो ! राजाले सीमा-प्रदेशको नगरमा चारैतिर घेरिए-को गहिरो, अग्लो पर्खाल हनुकासाथै फराकिलो अनि प्वाल बन्द गर्न चूनले लिपेको हुनुपर्छ । यो नगरको निम्ति सातौं आवश्यकता हो । जुन हुँदा सीमा प्रदेशको नगर भित्ररहेकालाई सुरक्षित राख्नसकिन्छ अनि बाहिरकासंग प्रतिघाट गर्नसकिन्छ ।

"कुन चारप्रकारका आहार सुलभ हुनुपर्छ, बिना कष्ट नै लाभी हुनुपर्छ अनि प्रचुर लाभी हुनुपर्छ ? भिक्षुहो ! राजाले सीमा-प्रदेशको नगरमा धेरै नै घाँस-दाउडा र पानी संकलन गरी राख्नुपर्छ । जुन हुँदा सीमा भित्ररहेका नगरवासी आनन्दित, निश्चिन्त र सुखपूर्वक बस्नेछन् अनि बाहिरकासंग प्रतिघाट गर्न सकिन्छ ।

"फेरि अर्को, भिक्षुहो ! राजाले सीमा-प्रदेशको नगरमा धेरै नै धान-जौ संकलन गरी राख्नुपर्छ । जुन हुँदा सीमा भित्ररहेका नगरवासी आनन्दित, निश्चिन्त र सुखपूर्वक बस्नेछन् अनि बाहिरकासंग प्रतिघाट गर्न सकिन्छ ।

"फेरि अर्को, भिक्षुहो ! राजाले सीमा-प्रदेशको नगरमा धेरै नै तिल, मूँग, मास र अरू धान्य संकलन गरी राखेको हुन्छ । जुन हुँदा सीमा भित्र-रहेका नगरवासी आनन्दित, निश्चिन्त र सुखपूर्वक बस्नेछन् अनि बाहिरकासंग प्रतिघाट गर्न सकिन्छ ।

"फेरि अर्को, भिक्षुहो ! राजाले सीमा- प्रदेशको नगरमा धेरै नै भैषज्य संकलन गरी राख्नुपर्छ जस्तै कि-, घ्यू, मक्खन, मह, गुड र नून । जुन हुँदा सीमा भित्ररहेका नगरवासी आनन्दित, निश्चिन्त र सुखपूर्वक बस्नेछन्



Downloaded from http://dhamma.digital

अनि बाहिरकासंग प्रतिघाट गर्नसकिन्छ । यी चारप्रकारका आहार सुलभ हुनुपर्छ, बिना कष्ट नै लाभी हुनुपर्छ अनि प्रचुर लाभी हुनुपर्छ ।

भिक्षुहो ! राजाले सीमा-प्रदेशको नगरमा सात आवश्यक वस्तुहरू-बाट सम्पन्न र चारप्रकारका आहार सुलभ गरी राख्छ । बिना कष्ट नै लाभ हुन्छ, प्रचुर मात्रामा प्राप्त हुन्छ । भिक्षुहो ! यसैलाई भनिन्छ– राजाको सीमा-प्रदेश नगरका बाह्य शत्रुले, दुश्मनले आक्रमण गर्न अयोग्य । भिक्षुहो ! यसरी नै जब आर्यश्रावक सातप्रकारका सद्धर्ममा सम्पन्न हुन्छ अनि यसै जन्ममा सुख दिने चारप्रकारका चैतसिक ध्यान सुलभ हुन्छ, बिना कष्ट नै प्राप्त गरेको हुन्छ अनि प्रचुर मात्रामा प्राप्त गरेको हुन्छ । भिक्षुहो ! यसैलाई भनिन्छ– आर्यश्रावकलाई मारबाट आक्रमण गर्न अयोग्य भयो तथा पापीबाट आक्रमण गर्न अयोग्य भयो । ती सातप्रकारका धर्म के-के हुन् ?

"जस्तै कि, भिक्षुहो ! राजाले सीमा-प्रदेको नगरमा गहिरो गरी राम्रोसित गाडिएको अचल र स्थिर स्तम्भ हुन्छ । नगर भित्ररहेकालाई सुरक्षित राख्न अनि बाहिरकासंग प्रतिघाट गर्न सकिन्छ । यसरी नै, भिक्षुहो ! आर्यश्रावक श्रद्धावान हुन्छ, तथागतको बोधिप्रति श्रद्धावान हुन्छ 'वहाँ यस यस कारणले ... बुद्ध तथा भगवान हुनुहुन्छ । भिक्षुहो ! श्रद्धावान आर्यश्रावकले अकुशल कर्म त्यागेर कुशल कर्मको अभ्यास गर्नेछ, सदोष कर्मलाई त्यागेर निर्दोष कर्मको अभ्यास गर्नेछ अनि आफ्नो आचरण परिशुद्ध गरी राख्छ । यो पहिलो सद्धर्ममा सम्पन्न हुन्छ ।

"जस्तै कि, भिक्षुहो ! राजाले सीमा-प्रदेशको नगरमा चारै तिर घेराउ गरी, गहिरो गरी, फराकिलो गरिकन खाल्टो खनाई राख्दा नगर भित्र रहेकालाई सुरक्षित राख्न अनि बाहिरकालाई प्रतिघाट गर्न सकिन्छ । यसरी नै भिक्षुहो ! आर्य श्रावक लजालू हुन्छ, शारीरिक दुराचरण, वाचसिक दुराचरण र मानसिक दुराचरणमा लाज मान्ने हुन्छ । पापरूपी अकुशल कर्म सम्पादन गर्नमा लाज मान्छ । आर्यश्रावक लाजले घेरिएको हुँदा, भिक्षुहो ! अकुशल कर्मलाई त्यागेर कुशल कर्मको अभ्यास गर्छ, सदोष कर्मलाई त्यागेर निर्दोष कर्मको अभ्यास गर्छ अनि आफ्नो आचरण परिशुद्ध गरी राख्छ । यो दोस्रो सद्धर्ममा सम्पन्न हुन्छ ।

"जस्तै कि, भिक्षुहो ! राजाले सीमा-प्रदेको नगरमा चारै तिर अग्लो पर्खालमा फराकिलो उपमार्ग बनाई राख्दा सीमा प्रदेशको नगर भित्ररहेकालाई



Downloaded from http://dhamma.digital

सुरक्षित राख्न र बाहिरकालाई प्रतिघाट गर्न सकिन्छ । यसरी नै, भिक्षुहो ! आर्य श्रावक पाप-भीरु हुन्छ, शारीरिक दुराचरण, वाचसिक दुराचरण र मानसिक दुराचरणमा डर मान्ने हुन्छ । अकुशलरूपी पाप कर्म सम्पादन गर्नमा डर मान्छ । आर्यश्रावक अग्लो पर्खालमा फराकिलो उपमार्ग झैं भई डर मान्ने हुँदा, भिक्षुहो ! अकुशल कर्म त्यागेर कुशल कर्मको अभ्यास गर्छ, सदोष कर्म त्यागेर निर्दोष कर्मको अभ्यास गर्छ अनि आफ्नो आचरण परिशुद्ध गरी राख्छ । यो तेस्रो सद्धर्ममा सम्पन्न हुन्छ ।

"जस्तै कि, भिक्षुहो ! राजाले सीमा-प्रदेशको नगरमा धेरै शस्त्र-अस्त्र संग्रह गरी राख्दा सीमा प्रदेशको नगर भित्ररहेकालाई सुरक्षित राख्न र बाहिरकालाई प्रतिघाट गर्न सकिन्छ । यसरी नै, भिक्षुहो ! आर्यश्रावक बहुश्रुत हुन्छ ... सम्यकदृष्टिद्वारा राम्रोसंग बिंध्नसक्ने हुन्छ । श्रुतमय शस्त्र-अस्त्रद्वारा, भिक्षुहो ! अकुशल कर्मलाई त्यागेर कुशल कर्मको अभ्यास गर्छ, सदोष कर्म त्यागेर निर्दोष कर्मको अभ्यास गर्छ अनि आफ्नो आचरण परिशुद्ध गरी राख्छ । यो चौठो सद्धर्ममा सम्पन्न हुन्छ ।

"जस्तै कि, भिक्षुहो ! राजाले सीमा-प्रदेशको नगरमा शक्तिवान धेरै सेना तैनाथ गरी राख्छ । जस्तै कि– हात्तीसवार, घोडसवार, रथसवार, धनुर्धारी, ध्वजा लिएर हिंड्ने, सेनाव्यूहकार, महायोद्धा, उग्र राजपुत्र, उफ्रिएर गई शत्रुको हतियार खोसेर ल्याउन सक्ने, हात्तीसंग पनि जुध्नसक्ने (महानाग) सुरो चर्म-योद्धा र दास-पुत्र तैनाथ गरी राख्दा सीमा प्रदेशको नगर भित्ररहेकालाई सुरक्षित राख्न र बाहिरकालाई प्रतिघाट गर्न सकिन्छ । यसरी नै, भिक्षुहो ! वीर्यवान भई अकुशल कर्म त्यागेर कुशल कर्ममा जागरुक भई बस्छ । कुशल कर्म गर्नमा स्तम्भ समान दृढ पराक्रमी भई काँध नझुकाउने हुन्छ । भिक्षुहो ! वीर्यबलसम्पन्न हुनेले अकुशल कर्म त्यागेर कुशल कर्मको अभ्यास गर्छ, सदोष कर्म त्यागेर निर्दोष कर्मको अभ्यास गर्छ अनि आफ्नो आचरण परिशुद्ध गरी राख्छ । यो पाँचौं सद्धर्ममा सम्पन्न हुन्छ ।

"जस्तै कि, भिक्षुहो ! राजाले सीमा-प्रदेशको नगरमा पण्डित, व्यक्त, मेधावी द्वारपाल राखेको हुन्छ । जो परिचित हुन्छ उसलाई नगरमा पस्न दिन्छ, अपरिचितलाई पस्न नदिई सीमा प्रदेशको नगर भित्ररहेकालाई सुरक्षित राख्न र बाहिरकालाई प्रतिघाट गर्न सकिन्छ । यसरी नै, भिक्षुहो ! आर्यश्रावक स्मृतिवान हुन्छ, अति उत्तम स्मृतिसम्पन्न भई, चिरकाल पहिले गरेको कार्य, चिरकाल पहिले गरेको कुरा स्मरण गर्नसक्ने तथा अनुस्मरण गर्नसक्छ । भिक्षुहो ! स्मृतिरूपी द्वारपाल आर्यश्रावकले अकुशल कर्म त्यागेर



Downloaded from http://dhamma.digital

कुशल कर्मको अभ्यास गर्छ, सदोष कर्म त्यागेर निर्दोष कर्मको अभ्यास गर्छ अनि आफ्नो आचरणलाई परिशुद्ध गरी राख्छ। यो छैटौं सद्धर्ममा सम्पन्न हुन्छ।

"जस्तै कि, भिक्षुहो ! राजाले सीमा-प्रदेशको नगरमा चारै तिर घेराउ गरी, पर्खाल अग्लो र फराकिलो पारिकन प्काललाई बन्द गर्न चूनले लिप-पोट गराई राख्छ। सीमा प्रदेशमा नगर भित्ररहेकालाई सुरक्षित राख्न र बाहिरकासंग प्रतिघाट गर्न। यसरी नै भिक्षुहो ! आर्य श्रावक प्रज्ञावान हुन्छ, उदय र व्ययमार्गमा प्रज्ञासम्पन्न भई आर्यले दुःख निरोध हुने मार्गद्वारा बिंध्न सक्छ। समस्त प्वाल बन्द गर्न चूनले लिपे झैं प्रज्ञाद्वारा लेपन गर्ने आर्यश्रावकले अकुशल कर्म त्यागेर कुशल कर्मको अभ्यास गर्छ, सदोष कर्म त्यागेर निर्दोष कर्मको अभ्यास गर्छ अनि आफ्नो आचरण परिशुद्ध गरी राख्छ। यस साटौं सद्धर्ममा सम्पन्न हुन्छ।

"कुन चारप्रकारका चैतसिक ध्यान सुलभ हुन्छ, बिना कष्टले प्राप्त गर्छ, प्रचुर मात्रामा प्राप्त गर्छ, जुन यसै जन्ममा सुख प्राप्ती हुन्छ ? भिक्षुहो ! राजाले सीमा-प्रदेशको नगरमा धेरै नै घाँस-दाउडा र पानी संकलन गरी राख्दा सीमा भित्ररहेका नगरवासी आनन्दित, निश्चिन्त र सुख पूर्वक बस्नेछन् अनि बाहिरकालाई प्रतिघाट गर्न सकिन्छ। यसरी नै, भिक्षुहो ! आर्य श्रावक काम-भोगरहित भई... प्रथम ध्यान लाभ गरी बस्छ। जसबाट ऊ प्रसन्न, निश्चिन्त र सुख पूर्वकरहेर निर्वाणतिर लाग्छन्।

"जस्तै कि, भिक्षुहो ! राजाले सीमा-प्रदेशको नगरमा धेरै नै धान-जौ संकलन गरी राख्दा सीमा भित्ररहेका नगरवासी आनन्दित, निश्चिन्त र सुख पूर्वक बस्छन् अनि बाहिरलाई प्रतिघाट गर्न सकिन्छ। यसरी नै भिक्षुहो ! आर्य श्रावकले वितर्क र विचारलाई शान्त गरी ... दुतिय ध्यान लाभ गरी बस्छ। जसबाट ऊ प्रसन्न, निश्चिन्त र सुख पूर्वकरहेर निर्वाणतिर लाग्छन्।

"जस्तै कि, भिक्षुहो ! राजाले सीमा-प्रदेशको नगरमा धेरै नै तिल, मूँग, मास र अरू धान्य संकलन गरी राख्दा सीमा भित्ररहेका नगरवासी आनन्दित, निश्चिन्त र सुख पूर्वक बस्छन् अनि बाहिरकालाई प्रतिघाट गर्न सकिन्छ। यसरी नै भिक्षुहो ! आर्य श्रावकले प्रीतिबाट हटेर उपेक्षावान भई स्मृतिद्वारा राम्रोसंग जान्नेबुझ्ने भई कायद्वारा सुखलाई अनुभव गरी बस्छ। जसलाई आर्य श्रावकहरूले भन्ने गर्छन्– 'उपेक्षावान, स्मृतिवान र सुख विहारी भई .... तृतिय ध्यान लाभ गरी बस्ने। जसबाट ऊ प्रसन्न, निश्चिन्त र सुखपूर्वरहेर



Downloaded from http://dhamma.digital

निर्वाणतिर लाग्छन् ।

जस्तै कि, भिक्षुहो ! राजाले सीमा- प्रदेशको नगरमा धेरै नै भैषज्य संकलन गरी राख्छ जस्तै कि– घ्यू, मक्खन, मह, गुड र नून । जुन हुँदा सीमा भित्ररहेका नगरवासी आनन्दित, निश्चिन्त र सुखपूर्वक बस्छन् अनि बाहिरकालाई प्रतिघाट गर्न सकिन्छ । यसरी नै भिक्षुहो ! आर्य श्रावकले सुख- पनि हटाएर दुःख पनि हटाएर सौमनस्य-दौर्मनस्य पहिले नै विलुप्त रहनाले दुःखरहित, सुखरहित चतुर्थ ध्यान लाभ गरी बस्छ । जसबाट ऊ प्रसन्न, निश्चिन्त र सुख पूर्वकरहेर निर्वाणतिर लाग्नेछन् । यी चारप्रकारका आहार सुलभ हुन्छ, बिना कष्ट नै लाभ हुन्छ अनि प्रचुर मात्रामा प्राप्त हुन्छ ।

"भिक्षुहो ! जब आर्य श्रावकले यी सात सद्धर्ममा सम्पन्न हुनुकासाथै यसै जन्ममा सुख दिने चारप्रकारका चैतसिक ध्यान सुलभ हुन्छ, बिना कष्ट नै प्राप्त गरेको हुन्छ अनि प्रचुर मात्रामा प्राप्त गरेको हुन्छ । यसैलाई भनिन्छ– आर्य श्रावकलाई मारबाट आक्रमण गर्न अयोग्य भयो तथा पापीबाट आक्रमण गर्न अयोग्य भयो ।"

## ४. धम्मञ्ञूसुत्तं

६८. " भिक्षुहो ! सात धर्ममा सम्पन्न भिक्षु आह्वाननीय हुन्छ ... लोकका निम्ति पुण्यक्षत्र हुन्छ । ती सात के के हुन् ? भिक्षुहो ! यहाँ भिक्षु धर्मज्ञ, अर्थज्ञ, आफूले आफैलाई चिन्नसक्ने (आत्मज्ञ), मात्राज्ञ, कालज्ञ, परिषदज्ञ र व्यक्तिको उत्कृष्ट-निकृष्ट स्वभावका विज्ञ हुन्छ ।

"भिक्षुहो ! भिक्षु कसरी धर्मज्ञ हुन्छ ? भिक्षुहो ! यहाँ भिक्षुले सुत्त, गेय्य, वेय्याकरण, गाथा, उदान, इतिवुत्तक, जातक अब्भुतधम्म र वेदल्ल (दो. सं. अङ्गुत्तर-निकायको दोस्रोभाग १९५ पन्नामा हेरौं) धर्मका ज्ञाता हुन्छ । यदि भिक्षुहो ! भिक्षुले सुत्त ,गेय्य, वेय्याकरण, गाथा, उदान, इतिवुत्तक, जातक अब्भुतधम्म र वेदल्ल धर्मको ज्ञाता नहुँदा 'धर्मज्ञ' भनिन्दैन । जब कि, भिक्षुहो ! भिक्षुले सुत्त ,गेय्य, वेय्याकरण, गाथा, उदान, इतिवुत्तक, जातक अब्भुतधम्म र वेदल्ल धर्मको ज्ञाता हुँदा 'धर्मज्ञ' भनिन्छ । यो भयो धर्मज्ञ ।

"भिक्षुहो ! भिक्षु कसरी अर्थज्ञ हुन्छ ? भिक्षुहो ! यहाँ भिक्षुले त्यस-त्यस कथनको अर्थ जान्नेहुन्छ– 'यस कथनको अर्थ यो हो, यस कथनको अर्थ यही नै हो ।' यदि भिक्षुहो ! भिक्षुले त्यस-त्यस कथनको अर्थलाई– 'यो कथनको



Downloaded from http://dhamma.digital

अर्थ यो हो, यस कथनको अर्थ यही नै हो', भनी नजानेमा यहाँ उसलाई 'अर्थज्ञ' भनिन्दैन। जब कि, भिक्षुहो ! भिक्षुले त्यस-त्यस कथनको अर्थलाई– 'यो कथनको अर्थ यो हो, यो कथनको अर्थ यही नै हो', भनी जानेमा यहाँ उसलाई 'अर्थज्ञ' भनिन्छ। यो भयो धर्मज्ञ र अर्थज्ञ।

"भिक्षुहो ! भिक्षु कसरी आत्मज्ञ हुन्छ ? भिक्षुहो ! यहाँ भिक्षुले आफूले आफैलाई चिन्ने हुन्छ– 'ममा यतिको श्रद्धा, शील, श्रुत, त्याग, प्रज्ञा र प्रतिभा छ।' भिक्षुहो ! यदि भिक्षुले आफूले आफैलाई– 'ममा यतिको श्रद्धा, शील, श्रुत, त्याग, प्रज्ञा र प्रतिभा छ,' भनी नचिनेमा 'आत्मज्ञ' भनिन्दैन। जब कि, भिक्षुहो ! भिक्षुले आफूले आफैलाई– 'ममा यतिको श्रद्धा, शील, श्रुत, त्याग, प्रज्ञा र प्रतिभा छ,' भनी चिनेमा 'आत्मज्ञ' भनिन्छ। यो भयो धर्मज्ञ, अर्थज्ञ र आत्मज्ञ।

"भिक्षुहो ! भिक्षु कसरी मात्राज्ञ हुन्छ ? भिक्षुहो ! यहाँ भिक्षुले मात्रालाई जान्ने हुन्छ– 'चीवर-पिण्डपात-शयनासन-भैषज्य र परिष्कारादि ग्रहण गर्नमा। यदि भिक्षुहो ! भिक्षुले चीवर-पिण्डपात-शयनासन-भैषज्य र परिष्कारादि ग्रहण गर्ने मात्रा नजानेमा, यहाँ उसलाई 'मात्राज्ञ' भनिन्दैन। भिक्षुहो ! यदि भिक्षुले चीवर-पिण्डपात-शयनासन-भैषज्य र परिष्कारादि ग्रहण गर्ने मात्रा जान्दछ भने उसलाई 'मात्राज्ञ' भनिन्छ। यो भयो धर्मज्ञ, अर्थज्ञ आत्मज्ञ र मात्राज्ञ।

"भिक्षुहो ! भिक्षु कसरी कालज्ञ हुन्छ ? भिक्षुहो ! यहाँ भिक्षु समयको ज्ञाता हुन्छ– 'यो समय उपदेश दिने समय, यो समय प्रश्न गर्ने हो, यो समय ध्यानाभ्यास गर्ने हो अनि यो समय एकान्त-सेवन गर्ने हो।' यदि भिक्षुहो ! भिक्षुले 'यो समय उपदेश दिने समय हो, यो समय प्रश्न गर्ने हो, यो समय ध्यानाभ्यास गर्ने हो अनि यो समय एकान्त-सेवन गर्ने हो' भनी नजानेमा, यहाँ उसलाई 'कालज्ञ' भनिन्दैन। जब भिक्षुहो ! भिक्षुले 'यो समय उपदेश दिने समय हो, यो समय प्रश्न गर्ने हो, यो समय ध्यानाभ्यास गर्ने हो अनि यो समय एकान्त-सेवन गर्ने हो।' भनी जानेमा, यहाँ उसलाई 'कालज्ञ' भनिन्छ। यो भयो धर्मज्ञ, अर्थज्ञ आत्मज्ञ, मात्राज्ञ र कालज्ञ।

"भिक्षुहो ! भिक्षु कसरी परिषदज्ञ हुन्छ ? भिक्षुहो ! यहाँ भिक्षुले परिषद ज्ञाता हुन्छ– 'यो क्षत्रियपरिषद हो, यो ब्राह्मणपरिषद हो, यो गृहपतिपरिषद हो अनि यो श्रमणपरिषद हो।' यदि भिक्षुहो ! भिक्षुले 'यो क्षत्रियपरिषद हो, यो ब्राह्मणपरिषद हो, यो गृहपतिपरिषद हो अनि यो श्रमणपरिषद हो' भनी



Downloaded from http://dhamma.digital

नजानेमा, यहाँ उसलाई 'परिषदज्ञ' भनिन्दैन । जब भिक्षुहो ! भिक्षुले 'यो क्षत्रियपरिषद हो, यो ब्राह्मणपरिषद हो, यो गृहपतिपरिषद हो अनि यो श्रमण-परिषद हो' भनी जानेमा, यहाँ उसलाई 'परिषदज्ञ' भनिन्छ । यो भयो धर्मज्ञ, अर्थज्ञ आत्मज्ञ, मात्राज्ञ, कालज्ञ र परिषदज्ञ ।

"भिक्षुहो ! भिक्षु कसरी व्यक्तिको उत्कृष्ट-निकृष्ट स्वभावमा विज्ञ हुन्छ ? भिक्षुहो ! यहाँ भिक्षुले दुईप्रकारका व्यक्तिसंग परिचित हुन्छ । एक प्रकारकाले आर्यदर्शन गर्ने चाहन्छन्, अर्को प्रकारकाले आर्यदर्शन गर्न चाहँदैनन् । जो व्यक्तिले आर्यदर्शन गर्न चाहँदैनन् ऊ निन्दनीय हुन् । जो व्यक्तिले आर्यदर्शन गर्न चाहन्छन् ऊ प्रशंसनीय हुन् ।

"आर्यको दर्शन गर्ने दुई प्रकारका हुन्छन्– एक प्रकारकाले सद्धर्म श्रवण गर्न चाहेको हुन्छ । अर्कोप्रकारकाले सद्धर्मलाई श्रवण गर्न चाहेका हुँदैनन् । जो व्यक्तिले सद्धर्म श्रवण गर्न चाहँदैनन् ऊ निन्दनीय हुन् । जो व्यक्तिले सद्धर्म-श्रवण गर्न चाहन्छन् ऊ प्रशंसनीय हुन् ।

"दुई प्रकारका व्यक्ति सद्धर्म श्रवण गर्ने हुन्छन्– एकप्रकारकाले मन लाएर धर्मश्रवण गर्छन् । अर्कोप्रकारकाले मन लाएर धर्मश्रवण गर्दैनन् । जो मन लाएर धर्मश्रवण गर्दैनन् ऊ निन्दनीय हुन् । जो मन लाएर धर्मश्रवण गर्छन् ऊ प्रशंसनीय हुन् ।

"दुई प्रकारका व्यक्ति मन लाएर धर्मश्रवण गर्ने हुन्छन्– एक प्रकारकाले धर्म श्रवण गरी धारण गर्छन् । अर्को प्रकारकाले धर्मश्रवण गरी धारण गर्दैनन् । जो धर्मश्रवण गरी धारण गर्दैनन् ऊ निन्दनीय हुन् । जो धर्मश्रवण गरी धारण गर्छन् ऊ प्रशंसनीय हुन् ।

"दुई प्रकारका व्यक्ति धर्मश्रवण गरी धारण गर्ने हुन्छन्– एक प्रकारकाले धारण गरिने धर्मको परिक्षण गर्दैनन् । अर्को प्रकारकाले धारण गरिने धर्मको परिक्षण गर्छ । जसले धारण गरिने धर्मको परिक्षण गर्दैनन् ऊ निन्दनीय हुन् । जो व्यक्ति धारण गरिने धर्मको परिक्षण गर्छन् ऊ प्रशंसनीय हुन् ।

"दुई प्रकारका व्यक्ति धारण गरिने धर्मलाई परिक्षण गर्ने हुन्छन्– एक प्रकारकाले अर्थ बुझेर, धर्म बुझेर धर्मानुपूर्वक धर्ममा लाग्दैनन् । अर्को प्रकारकाले अर्थ बुझेर, धर्म बुझेर धर्मानुपूर्वक धर्ममा लाग्छन् । जसले अर्थ बुझेर, धर्म बुझेर, धर्मानुपूर्वक धर्ममा लाग्दैनन् ऊ निन्दनीय हुन् । जो व्यक्तिले अर्थ बुझेर, धर्म बुझेर, धर्मानुपूर्वक धर्ममा लाग्छन् ऊ प्रशंनीय हुन् ।



Downloaded from http://dhamma.digital

"दुई प्रकारका व्यक्ति अर्थल बुझेर, धर्म बुझेर धर्मानुपूर्वक धर्ममा लाग्ने हुन्छन्– एक प्रकारकाले आफ्नो भलो गर्छ तर अरूको भलो गर्दैनन् । अर्को प्रकारकाले आफ्नो पनि भलो गर्छ अनि अरूको पनि भलो गर्छन् । जो व्यक्ति आफ्नो भला गर्छ अरूको भलो नगरेमा ऊ निन्दनीय हुन् । जो व्यक्ति आफ्नो भलो गर्ने अरूको पनि भलो गर्छन् भने ऊ प्रशंसनीय हुन् । भिक्षुहो ! यसरी भिक्षुले दुई प्रकारका व्यक्तिलाई चिन्ने हुन्छ । यसरी भिक्षुहो ! व्यक्तिको उत्कृष्ट-निकृष्ट स्वभावका विज्ञ हुन्छ । भिक्षुहो ! यी सात धर्ममा सम्पन्न भिक्षु आह्वानणीय ... लोकका निम्ति पुण्यक्षत्र हुन् ।"

## ५. पारिच्छत्तकसुत्तं

६९. "भिक्षुहो ! तावतिंस देवलोकमा जब पारिछत्तक कोविलारको पात पहेंलो हुन्छ । भिक्षुहो ! त्यस समय तावतिंस देवलोकका देवगण प्रसन्न हुन्छन्– 'अब पारिछत्तक कोविलारको पात पहेंलो भयो । अब चाँडै नै यस्को पात झर्नेछ ।' "

"भिक्षुहो ! तावतिंस देवलोकमा जब पारिछत्तक कोविलारको पात झर्छ । त्यस समय तावतिंस देवलोकका देवगण प्रसन्न हुन्छन्– अब पारिछत्तक कोविलारको पात झऱ्यो, अब चाँडै नै यसमा पात र फूलसंगै पलाएर आउनेछ ।

"भिक्षुहो ! तावतिंस देवलोकमा जब पारिछत्तक कोविलारको पात र फूलसंगै पलाउँछ । त्यस समय तावतिंस देवलोकका देवगण प्रसन्न हुन्छन्– अब पारिछत्तक कोविलार जालक लाग्यो अर्थात अब यसमा पात र फूलसंगै लागेर आयो, अब चाँडै नै पात र फूल अलग्गिनेछ ।

"भिक्षुहो ! तावतिंस देवलोकमा जब पारिछत्तक कोविलारको पात र फूल अलग्गिन्छ । त्यस समय तावतिंस देवलोकका देवगण प्रसन्न हुन्छन्– अब पारिछत्तक कोविलारमा खारक लाग्यो, अब चाँडै नै यसमा कोपिला लाग्नेछ ।

"भिक्षुहो ! तावतिंस देवलोकमा जब पारिछत्तक कोविलारमा कोपिला लाग्छ । त्यस समय तावतिंस देवलोकका देवगण प्रसन्न हुन्छन्– अब पारिछत्तक कोविलारमा कोपिला आयो, अब चाँडै नै यसमा अविकसित फूल लाग्नेछ ।



Downloaded from http://dhamma.digital

"भिक्षुहो ! तावतिंस देवलोकमा जब पारिछत्तक कोविलारमा अविकसित फूल लाग्छ । त्यस समय तावतिंस देवलोकका देवगण प्रसन्न हुन्छन्– अब पारिछत्तक कोविलारमा अविकसित फूल लाग्यो, अब चाँडै नै सर्वत्र फूल फुल्नेछ ।

"भिक्षुहो ! तावतिंस देवलोकमा जब पारिछत्तक कोविलार फूल सर्वत्र फुल्छ, त्यस समय तावतिंस देवलोकका देवगण प्रसन्न भई पारिछत्तक कोविलार फूलको मुनि चार महीना सम्म दिव्य पंचकामभोगमै समर्पितरही व्यतीत गर्दछन् ।

"भिक्षुहो ! सर्वत्र पुष्पित पारिछत्तक कोविलारको चारैतिर पचास योजन-सम्म त्यसको आभा फैलिएको हुन्छ, दिशानुसार त्यसको सुगन्ध सय योजनसम्म वायुद्वारा पुगेको हुन्छ । यस्तो महानुभाव पारिच्छत्तक कोविलारको हुन्छ ।

"यसरी नै, भिक्षुहो ! आर्यश्रावकले जब घर गृहस्थ त्यागी बेघरको भई प्रव्रजित हुने संकल्प गर्छ । भिक्षुहो ! तब आर्य श्रावक तावतिंस देवलोक-को पारिच्छत्तक कोविलारको पात पहेंलो भएसमान हो ।

"भिक्षुहो ! आर्यश्रावकले जब केश-दाह्री खौरी काषाय वस्त्र परिधान गरी घरबाट बेघर भई प्रव्रजित हुन्छ । भिक्षुहो ! तब आर्य श्रावक तावतिंस देवलोकको पारिच्छत्तक कोविलारको पात झरेसमान हो ।

"भिक्षुहो ! आर्यश्रावकले जब कामभोगरहित भई ... प्रथम ध्यान (माथि १०० पन्नामा हेरौं) लाभी हुन्छ । भिक्षुहो ! तब आर्यश्रावक तावतिंस देवलोकको पारिच्छत्तक कोविलारमा पात र फूलसंगै लागेसमान हो ।

"भिक्षुहो ! आर्यश्रावकले जब वितर्क र विचार शान्त गरी ... दुतिय ध्यान (माथि १०० पन्नामा हेरौं) लाभी हुन्छ । भिक्षुहो ! तब आर्यश्रावक तावतिंस देवलोकको पारिच्छत्तक कोविलार फूल-पात अलग्गिएसमान हो ।

"भिक्षुहो ! आर्यश्रावकले जब प्रीतिबाट हटेर उपेक्षावान भई स्मृति-द्वारा राम्रोसंग जान्नेबुझ्ने भई कायद्वारा सुखलाई अनुभव गरी बस्छ । जसलाई आर्य श्रावकहरूले भन्ने गर्छन्– 'उपेक्षावान, स्मृतिवान र सुख विहारी भई. ... तृतिय ध्यान (माथि १०१ पन्नामा हेरौं) लाभ गरी लाभ गरी बस्ने । भिक्षुहो ! तब आर्यश्रावक तावतिंस देवलोकको पारिच्छत्तक कोविलारमा कोपिला लागेसमान हो ।



Downloaded from http://dhamma.digital

"भिक्षुहो ! आर्यश्रावकले जब सुख पनि हटाएर, दुःख पनि हटाएर मानसिक हर्ष तथा विस्मात (सौमनस्य-दौर्मनस्य) पहिले नै विलुप्त हुनेगरी दुःखरहित, सुखरहित स्मृति परिशुद्ध गरी उपेक्षासहितको चतुर्थध्यान प्राप्तगरी बस्छ । भिक्षुहो ! तब आर्यश्रावक तावतिंस देवलोकको पारिच्छत्तक कोविलारमा अविकसित पुष्प लागे समान हो ।

"भिक्षुहो ! आर्यश्रावकले जब आश्रव क्षय गरी ... साक्षात्कार र लाभ गरी बस्छ । भिक्षुहो ! तब आर्यश्रावक तावतिंस देवलोकको पारिच्छत्तक कोविलार सर्वत्र पुष्पित भएसमान हो ।

"भिक्षुहो ! त्यसबेला भूमिका देवताहरूले घोषणा गर्छन्– 'यो फलानो नाउँको आयुष्मानको शिष्य फलानो नाउँको, फलानो गाउँ या नगरकाले घरबाट बेघर भई प्रव्रजित भयो । उसले आश्रव क्षय गरी, अनाश्रवी भई, चित्तविमुक्ति, प्रज्ञाविमुक्तिलाई यसै जन्ममा स्वयम्‌ले जानी, साक्षात्कार र प्राप्त गरी बसेकाछन् ।' भूमिस्थ देवताको शब्द सुनेर चातुमहाजिक देवहरूले .... तावतिंसका देवताहरूले ... यामा देवहरूले ... तुसिता देवहरूले ... निम्मानरती देवहरूले ... परनिम्मितवसवर्ती देवहरूले ... ब्रह्मकायिक देवहरूले घोषणा गर्छन्– 'यो फलानो नाउँको आयुष्मानको शिष्य फलानो नाउँको, फलानो गाउँ या नगरकाले घरबाट बेघर भई प्रव्रजित भयो । उसले आश्रव क्षय गरी, अनाश्रवी भई, चित्तविमुक्ति र प्रज्ञाविमुक्तिलाई यसै जन्ममा स्वयम्‌ले जानी, साक्षात्कार गरी अनि प्राप्त गरी बसेकाछन् ।' यसरी नै त्यही क्षण, त्यही मुहूर्तमा त्यो घोषणा जति पनि ब्रह्मलोक छन् सर्वत्र नै पुगेको हुन्छ । क्षीणाश्रव भिक्षुको यसप्रकारको महानुभाव हुन्छ ।"

## ६. सक्कच्चसुत्तं

Dhamma.Digital

७०. एक दिन एकान्तमा बस्नु भएका आयुष्मान सारिपुत्तको मनमा यस्तो विचार उत्पन्न भयो– "कसलाई सत्कार गर्दा, कसलाई गौरव गर्दा, कसको आश्रयमा रहँदा भिक्षुले अकुशल त्याग्न सकिन्छ अनि कुशलको अभ्यास गर्न सकिन्छ ? "त्यसबेला आयुष्मान सारिपुत्तले विचार गर्नुभयो – "भिक्षुले शास्तालाई सत्कार गर्‍यो भने, गौरव गर्‍यो भने, आश्रयमा रह्यो भने अकुशल त्याग्न सकिन्छ अनि कुशलको अभ्यास गर्न सकिन्छ । भिक्षुले धर्मलाई ... संघलाई .. भिक्षुले शिक्षालाई ... भिक्षुले समाधिलाई ... भिक्षुले अप्रमादलाई ... भिक्षुले मैत्री-पूर्ण व्यवहारलाई सत्कार गर्‍यो भने, गौरव गर्‍यो



Downloaded from http://dhamma.digital

भने, आश्रयमा रह्यो भने अकुशल त्याग्न सकिन्छ अनि कुशलको अभ्यास गर्न सकिन्छ।"

यसपछि आयुष्मान सारिपुत्तले यस्तो विचार गऱ्यो– "मेरा यी धर्म परिशुद्ध तथा स्वच्छ छ। तै पनि मैले यी धर्महरू भगवान समक्ष प्रकट गर्छु। यसो हुँदा मेरा यी धर्महरू अधिक परिशुद्ध तथा स्वच्छतामा निश्चित हुनेछ। जस्तो कि, कोही व्यक्तिले परिशुद्ध, उत्तम स्वर्ण मुद्रालाई प्राप्त गरेको हुन्छ। उसले विचार गर्छ– 'यो स्वर्ण मुद्रा परिशुद्ध तथा उत्तम छ। तै पनि मैले यो स्वर्ण मुद्रालाई सुनारलाई देखाउँछु। यो स्वर्ण मुद्रा सुनारलाई देखाउँदा परिशुद्ध तथा उत्तम भएको निश्चित हुन्छ। यसरी नै मेरा यी धर्महरू परिशुद्ध तथा स्वच्छ छन्। तै पनि मैले यी धर्महरू भगवान समक्ष प्रकट गर्छु। यसरी यी धर्महरू परिशुद्ध तथा उत्तमतामा निश्चित हुनेछ।'

"यसपछि आयुष्मान सारिपुत्त साँझको समयमा एकान्त-चिन्तनबाट उठ्नुभई जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ जानुभयो। त्यहाँ पुग्नुभई, भगवानलाई अभिवादन गर्नुभई, एकठाउँमा बस्नुभयो। एकठाउँमा बस्नु भएपछि आयुष्मान सारिपुत्तले भगवानलाई यसो भन्नुभयो–

"भन्ते ! यहाँ म एकान्तमा बसेर चिन्तन गरिरहँदा मनमा यस्तो विचार उत्पन्न भयो– "कसलाई सत्कार गर्दा, कसलाई गौरव गर्दा, कसको आश्रयमा रहँदा भिक्षुले अकुशल त्याग्न सकिन्छ अनि कुशलको अभ्यास गर्न सकिन्छ ? त्यसबेला, भन्ते ! मलाई यस्तो लाग्यो– 'भिक्षुले शास्तालाई सत्कार गऱ्यो भने, गौरव गऱ्यो भने, आश्रयमा रह्यो भने अकुशल त्याग्न सकिन्छ अनि कुशलको अभ्यास गर्न सकिन्छ। भिक्षुले धर्मलाई ... भिक्षुले मैत्री-पूर्ण व्यवहारलाई सत्कार गऱ्यो भने ... अभ्यास गर्न सकिन्छ।' यसपछि मलाई यस्तो लाग्यो – 'मेरा यी धर्महरू परिशुद्ध तथा स्वच्छ छ। तै पनि मैले यी धर्महरू भगवान समक्ष प्रकट गर्छु। यसो हुँदा मेरा यी धर्महरू अधिक परिशुद्ध तथा स्वच्छतामा निश्चित हुनेछ। जस्तो कि, कोही व्यक्तिसंग परिशुद्ध, उत्तम स्वर्ण मुद्रा प्राप्त गरेको हुन्छ। उसले विचार गर्छ– 'यो स्वर्ण मुद्रा परिशुद्ध तथा उत्तम छ। तै पनि मैले यो स्वर्ण मुद्रा सुनारलाई देखाउँछु। यो स्वर्ण मुद्रा सुनारलाई देखाउँदा परिशुद्ध तथा उत्तम भएको निश्चित हुन्छ। तदनुरूप नै मेरा यी धर्महरू परिशुद्ध तथा स्वच्छ छ, तै पनि मैले यी धर्महरूलाई भगवान समक्ष प्रकट गर्छु। यसरी यी धर्महरू परिशुद्ध तथा उत्तमतामा निश्चित हुनेछ।'"



Downloaded from http://dhamma.digital

"साधु, साधु सारिपुत्त ! शास्ताप्रति, सारिपुत्त ! सत्कार गर्ने हुँदा, गौरव गर्ने हुँदा, आश्रयमा रहँदा अकुशललाई त्याग्न सकिन्छ अनि कुशलको अभ्यास गर्न सकिन्छ । धर्मप्रति, सारिपुत्त ! सत्कार गर्ने हुँदा, गौरव गर्ने हुँदा, आश्रयमा रहँदा अकुशललाई त्याग्न सकिन्छ अनि कुशलको अभ्यास गर्न सकिन्छ । संघप्रति ... शिक्षाप्रति ... समाधिप्रति ... अप्रमादप्रति ... भिक्षुले मैत्री-पूर्ण व्यवहारलाई सत्कार गर्‍यो भने, गौरव गर्‍यो भने, आश्रयमा रह्यो भने अकुशल त्याग्न सकिन्छ अनि कुशलको अभ्यास गर्न सकिन्छ ।"

यसरी भन्नुभएपछि, आयुष्मान सारिपुत्तले भगवानलाई भन्नुभयो– "भन्ते ! भगवानले संक्षिप्तमा भन्नु भएकोलाई विस्तृतरूपमा मैले यसरी अर्थ बुझ्दछु । भन्ते ! यदि कोही भिक्षुले शास्ताप्रति अगौरवी हुन्छ भने धर्मप्रति गौरव गर्नेछ भन्ने सम्भावना रहँदैन । भन्ते ! जो भिक्षु, शास्ताप्रति गौरव गर्दैन उसले धर्मप्रति पनि गौरव गर्दैन ।"

"भन्ते ! यदि कोही भिक्षुले शास्ताप्रति अगौरव गर्छ, धर्मप्रति अगौरव गर्छ भने संघप्रति गौरव गर्छ भन्ने सम्भावनारहँदैन । भन्ते ! जो भिक्षु, शास्ता-प्रति गौरव गर्दैन, धर्मप्रति गौरव गर्दैन संघप्रति पनि उसले गौरव गर्दैन ।

"भन्ते ! यदि कोही भिक्षुले शास्ताप्रति अगौरवी, धर्मप्रति अगौरवी, संघप्रति अगौरवी हुन्छ भने शिक्षाप्रति गौरव गर्नेछ भन्ने सम्भावना-रहँदैन । भन्ते ! जो भिक्षु, शास्ताप्रति गौरव गर्दैन, धर्मप्रति गौरव गर्दैन, संघ-प्रति गौरव गर्दैन, शिक्षाप्रति गौरव गर्दैन भने, समाधिप्रति पनि उसले गौरव गर्दैन ।

"भन्ते ! यदि कोही भिक्षुले शास्ताप्रति अगौरवी, धर्मप्रति अगौरवी, संघप्रति अगौरवी, शिक्षाप्रति अगौरवी, समाधिप्रति अगौरवी हुन्छ भने अप्रमाद-प्रति गौरव गर्नेछ भन्ने सम्भावनारहँदैन । भन्ते ! जो भिक्षु, शास्ताप्रति गौरव गर्दैन, धर्मप्रति गौरव गर्दैन, संघप्रति गौरव गर्दैन, शिक्षाप्रति गौरव गर्दैन, स-माधिप्रति गौरव गर्दैन भने अप्रमादप्रति पनि उसले गौरव गर्दैन ।

"भन्ते ! यदि कोही भिक्षुले शास्ताप्रति अगौरवी, धर्मप्रति अगौरवी, संघप्रति अगौरवी, शिक्षाप्रति अगौरवी, समाधिप्रति अगौरवी, अप्रमादप्रति अ-गौरवी हुन्छ भने मैत्री-पूर्ण व्यवहारप्रति पनि गौरव गर्नेछ भन्ने सम्भावना रहँ-दैन । भन्ते ! जो भिक्षु, शास्ताप्रति गौरव गर्दैन ... अप्रमादप्रति गौरव गर्दैन भने उसले मैत्रीपूर्ण व्यवहारप्रति पनि गौरव गर्दैन ।



Downloaded from http://dhamma.digital

"भन्ते ! यदि कोही भिक्षुले शास्ताप्रति गौरव गर्छ भने धर्मप्रति अगौरव गर्छ भन्ने सम्भावनारहँदैन । भन्ते ! जो भिक्षु, शास्ताप्रति गौरव गर्छ, धर्मप्रति पनि उसले गौरव गर्छ ... ।

"भन्ते ! यदि कोही भिक्षुले शास्ताप्रति गौरव गर्ने हुन्छ. अप्रमादप्रति ... गौरव गर्छ भने मैत्री-पूर्ण व्यवहारप्रति अगौरव गर्ने सम्भावना रहँदैन । भन्ते ! जो भिक्षु, शास्ताप्रति गौरव गर्छ ... अप्रमादप्रति गौरव गर्छ भने मैत्री-पूर्ण व्यवहारप्रति पनि उसले गौरव गर्छ ।

"भन्ते ! यदि कोही भिक्षुले शास्ताप्रति गौरव गर्छ भने धर्मप्रति पनि गौरव गर्ने सम्भावना रहन्छ । भन्ते ! जो भिक्षुले शास्ताप्रति गौरव गर्छ उसले धर्मप्रति पनि गौरव गर्छ ... ।

"भन्ते ! यदि कोही भिक्षुले शास्ताप्रति गौरव गर्छ ... अप्रमादप्रति गौरव गर्छ भने मैत्रीपूर्ण व्यवहारप्रति गौरव गर्ने सम्भावना रहन्छ । भन्ते ! जो भिक्षु, शास्ताप्रति गौरव गर्छ, उसले धर्मप्रति गौरव गर्छ, संघप्रति गौरव गर्छ, शिक्षाप्रति गौरव गर्छ, समाधिप्रति गौरव गर्छ, अप्रमादप्रति गौरव गर्छ भने उसले मैत्री-पूर्ण व्यवहारप्रति पनि गौरव गर्छ ।" "भन्ते ! भगवानको यो संक्षिप्त कथनलाई विस्तृतरूपमा यसको अर्थ मैले यसरी नै बुझें ।"

"साधु, साधु सारिपुत्त ! साधु, सारिपुत्त ! यो मेरो संक्षिप्त कथनको विस्तृतरूपमा अर्थलाई तिमीले बुझ्न सक्यौ । सारिपुत्त ! यदि कोही भिक्षुले शास्ताप्रति अगौरवी हुन्छ भने धर्मप्रति गौरवी हुने सम्भावना रहँदैन ... जब सारिपुत्त ! भिक्षुले शास्ताप्रति अगौरवी, धर्मप्रति अगौरवी, संघप्रति अगौरवी, शिक्षाप्रति अगौरवी, समाधिमा अगौरवी हुन्छ भने ऊ अप्रमादप्रति पनि अगौरवी हुन्छ ।

सारिपुत्त ! यदि कोही भिक्षु, शास्ताप्रति अगौरवी हुन्छ धर्मप्रति अगौरवी, संघप्रति अगौरवी, शिक्षाप्रति अगौरवी, समाधिप्रति अगौरवी,अप्रमाद-प्रति अगौरवी हुनेले मैत्रीपूर्ण व्यवहारप्रति गौरवी हुने सम्भावना रहँदैन ।

जब सारिपुत्त ! भिक्षुले शास्ताप्रति अगौरवी, धर्मप्रति अगौरवी, सघ-प्रति अगौरवी, शिक्षाप्रति अगौरवी, समाधिप्रति अगौरवी, अप्रमादप्रति अगौरवी, हुन्छ भने मैत्री पूर्ण व्यवहारप्रति पनि अगौरवी हुन्छ ।



Downloaded from http://dhamma.digital

"सारिपुत्त ! यदि कोही भिक्षुले शास्ताप्रति गौरव गर्छ भने धर्मप्रति पनि अगौरवी हुने सम्भावनारहँदैन । सारिपुत्त ! जो भिक्षुले शास्ताप्रति गौरव गर्छ, उसले धर्मप्रति पनि गौरव गर्छ ... ।

"सारिपुत्त ! जो भिक्षुले शास्ताप्रति गौरव गर्छ, धर्मप्रति पनि गौरव गर्छ ... अप्रमादप्रति गौरव गर्छ भने उसले मैत्रीपूर्ण व्यवहारप्रति पनि गौरव नगर्ने सम्भावनारहँदैन । सारिपुत्त ! जो भिक्षुले शास्ताप्रति गौरव गनर्छ ... अप्रमादप्रति गौरव गर्छ । उसले मैत्रीपूर्ण व्यवहारप्रति पनि गौरव गर्छ ।

"सारिपुत्त ! यदि कोही भिक्षुले शास्ताप्रति गौरव गर्छ भने धर्मप्रति पनि गौरव गर्ने सम्भावनारहन्छ । सारिपुत्त ! जो भिक्षुले शास्ताप्रति गौरव गर्छ उसले धर्मप्रति पनि गौरव गर्छ .... ।

"सारिपुत्त ! यदि कोही भिक्षुले शास्ताप्रति गौरव गर्छ ... अप्रमाद प्रति गौरव गर्छ भने मैत्रीपूर्ण व्यवहारप्रति पनि गौरव गर्ने सम्भावना छ ।

सारिपुत्त ! जो भिक्षु, शास्ताप्रति गौरव गर्छ ... अप्रमादप्रति गौरव गर्छ भने मैत्री-पूर्ण व्यवहारप्रति पनि गौरव गर्छ ।"

"सारिपुत्त ! मेरो यो संक्षिप्त कथनलाई विस्तृतरूपमा तिमीले यसरी नै अर्थलाई बुझ्नुपर्छ ।"

### ७. भावनासुत्तं

७१. "भिक्षुहो ! भिक्षु भावना गर्नमा लाग्दैन भने उसको मनमा जति सुकै इच्छा उत्पन्न होस्– 'आहा ! यदि मेरो चित्त आश्रवको आसक्तिबाट विमुक्त भए हुन्थ्यो ।' तर उसको चित्त आश्रवको आसक्तिबाट विमुक्त हुन सक्दैन । त्यो के कारणले ? भावना नगरेको हुनाले भनी भन्नुपर्छ । कुन भावना नगर्नाले ? चार स्मृतिप्रस्थान, चार सम्यक प्रधान,( दो.सं. अङ्गुत्तरनिकायको दोस्रो भाग २७७ पन्नामा हेरौं ) चार ऋद्धिपाद, (छन्द, चित्त, वीर्य र मिमांसा यी चार समाधि प्राप्त ऋद्धि ) पाँच इन्द्रिय, पाँच बल (माथि ३ पन्नामा आश्रवक्षय बाहेक बाकी पाँच) सप्त बोध्यङ्ग (माथि १६६ पन्नामा हेरौं) र आर्य अष्टाङ्गिक मार्ग (माथि १८३ पन्नामा हेरौं) को ।

"भिक्षुहो ! जस्तो कि, कुखाको आठ, दस या बाह्रवटा अण्डा होस् । यदि ती अण्डाहरूलाई कुखुरीले राम्रोसंग कोरल्दैन, राम्रोसंग सेकिँदैन अनि राम्रोसंग प्रभावित पार्दैन भने कुखुरीले जतिसुकै यस्तो चाहोस्– 'आहा ! मेरो



Downloaded from http://dhamma.digital

चल्लाहरूले खुट्टाको नङ्गले वा चोंचले अण्डालाई फोडेर सकुशल बाहिर आए हुन्थ्यो तर यस्तो सम्भावना छैन कि, ती चल्लाहरूले खुट्टाको नङ्गले वा चोंचले अण्डालाई फोडेर सकुशल बाहिर निस्किन सक्ने । त्यो के कारणले ? भिक्षुहो कुखुरीले राम्रोसंग नकोरलिनाले, राम्रोसंग नसेकिनाले अनि राम्रोसंग प्रभावित नपार्नाले । यसरी नै, भिक्षुहो ! भिक्षु भावना गर्नमा लाग्दैन भने उसको मनमा जतिसुकै इच्छा उत्पन्नहोस्– 'आहा ! यदि मेरो चित्त आश्रवको आसक्तिबाट विमुक्त भए हुन्थ्यो ।' तर उसको चित्त आश्रवको आसक्तिबाट विमुक्त हुन सक्दैन । त्यो के कारणले ? भावना नगरेको हुनाले भनी भन्नुपर्छ । कुन भावना नगर्नाले ? चार स्मृतिप्रस्थान, चार सम्यक प्रधान, चार ऋद्धिपाद, पाँच इन्द्रिय, पाँच बल, सप्त बोध्यङ्ग र आर्य अष्टाङ्गिक मार्गको ।

"भिक्षुहो ! भिक्षु भावना गर्नमा लाग्दछ भने उसको मनमा जतिसुकै इच्छा उत्पन्न नहोस्– 'आहा ! यदि मेरो चित्त आश्रवको आसक्तिबाट विमुक्त नभए हुन्थ्यो ।' तर उसको चित्त आश्रवको आसक्तिबाट विमुक्त हुन्छ । त्यो के कारण ? भावना गरेको हुनाले भनी भन्नुपर्छ । कुन भावना गर्नाले ? चार स्मृतिप्रस्थान, चार सम्यकप्रधान, चार ऋद्धिपाद, पाँच इन्द्रिय, पाँच बल, सप्त बोध्यङ्ग र आर्य अष्टाङ्गिक मार्गको ।

"भिक्षुहो ! जस्तो कि, कुखाको आठ, दस या बाह्रवटा अण्डा होस् । यदि ती अण्डाहरूलाई कुखुरीले राम्रोसंग कोरल्छ, राम्रोसंग सेकिन्छ अनि राम्रोसंग प्रभावित पार्छ भने कुखुरीले जतिसुकै यस्तो नचाहोस्– 'आहा ! मेरो चल्लाहरूले खुट्टाको नङ्गले वा चोंचले अण्डालाई फोडेर सकुशल बाहिर नआवस् । तर यसको सम्भावना छ कि, ती चल्लाहरूले खुट्टाको नङ्गले वा चोंचले अण्डालाई फोडेर सकुशल बाहिर निस्किनेछ । त्यो के कारणल ? भिक्षुहो ! कुखुरीले राम्रोसंग कोरलिनाले, राम्रोसंग सेकिनाले अनि राम्रोसंग प्रभावित पार्नाले । यसरी नै, भिक्षुहो ! भिक्षु भावना गर्नमा लाग्छ भने उसको मनमा जतिसुकै इच्छा उत्पन्न नहोस्– 'आहा ! यदि मेरो चित्त आश्रवको आसक्तिबाट विमुक्त नभए हुन्थ्यो ।' तर उसको चित्त आश्रवको आसक्तिबाट विमुक्त हुन्छ । त्यो के कारण ? भावना गरेको हुनाले भनी भन्नुपर्छ । कुन भावना गर्नाले ? चार स्मृतिप्रस्थान .. र आर्य अष्टाङ्गिक मार्गको ।

"भिक्षुहो ! जस्तो कि, सिकर्मी वा सिकर्मी शिष्यलाई औंलाको निशान वा अंगूठाको निशान बसिलामा देखाई दिन्छ । उसलाई यो कुराको ज्ञान हुँदैन कि– 'बसिलाको यति भाग आज क्षीण भयो, यतिको भाग हिजो अनि यतिको भाग अस्ति क्षीण भयो ।' तर उसलाई क्षीण हुँदाको 'क्षीण' मात्र भएको ज्ञान



Downloaded from http://dhamma.digital

हुन्छ । यसरी नै, भिक्षुहो ! भावनामा लागेका भिक्षुलाई केही पनि यस्तो ज्ञान हुँदैन कि– 'ममा आज यतिको आश्रव क्षीण भयो, यतिको हिजो, यतिको अस्ति ।' तर क्षिण हुँदाको 'क्षीण' मात्रको ज्ञान हुन्छ ।

जस्तो कि, भिक्षुहो ! बेतले बाँधिएको समुद्र नौकालाई छः महीनासम्म पानीमा राखी, हेमन्तऋतुमा जमिनमा ल्याउँदा हावा-घाम लाग्नाले वर्षा-ऋतुमा वर्षाको पानीद्वारा भिजेको हुँदा बांधिएको बंधनलाई कष्ट गर्नु नपर्ने गरी क्षीण हुन्छ, कुहेर जान्छ । यस्तरी नै भिक्षुहो ! भावनामा लागेका भिक्षुमा रहेका संयोजनहरू बिना कष्ट नै थिररूपले क्षीण हुन्छ तथा कुहेर जान्छ ।"

## ८. अग्गिक्खन्धोपमसुत्तं

७२. यस्तो मैले सुनें– एक समय भगवान महाभिक्षुसंघसहित कोसलमा चारिका गर्नुहुँदै थियो । मार्गमा जाँदै गर्नुहुँदा एकठाउँमा आगोको महास्कन्ध, बल्दै गरेको, प्रज्वलित र मुस्लो निस्किरहेको देख्नुभयो । देख्नु भए-पछि मार्गबाट हट्नु भई कुनै एक वृक्ष मुनि बिछाइएको आसनमा बस्नुभयो । बस्नु भएपछि भगवानले भिक्षुहरूलाई सम्बोधन गर्नुभयो– "भिक्षुहो ! तिमीह-रूले यो महास्कन्ध, बल्दैगरेको, प्रज्वलित र मुस्लो निस्किरहेकोलाई देख्यौ ?" "देखिरहेको छु, भन्ते !

"त्यसो भए, भिक्षुहो ! कुनचाहिंलाई अधिक राम्रो मान्दछौ– जुन यो महाअग्निस्कन्ध जलिरहेको, प्रज्वलित भइरहेको र मुस्लो निस्किरहेकोलाई आ-लिंगन गरी ऊसंग बस्न वा सुत्ने कि अथवा मृदु पाइतला, मृदु हात-खुट्टा भएकी कोही क्षत्रि कन्या वा ब्राह्मण कन्या वा गृहपति कन्यासंग आलिंगन गरी उनीसंग बस्न वा सुत्ने ?" "भन्ते ! यस्मा त त्यो नै अधिक राम्रो हो कि– जो मृदु पाइतला भएकी तथा मृद हात-खुट्टा भएकी क्षत्रिय कन्या, ब्राह्मण कन्या वा गृहपति कन्यासंग आलिंगन गरी उनीसंग बस्न वा सुत्न पाएमा । भन्ते ! यो त दुःख नै हो । जुन यो महाअग्निस्कन्ध, जलिरहेको आगो, प्रज्वलित आगो र मुस्लो निस्किरहेकोलाई आलिंगन गरी त्योसंग बस्नु वा सुत्नु ।

"तिमीहरूलाई म भन्दछु कि, भिक्षुहो ! तिमीहरूलाई मैले सूचित गर्दछु कि, भिक्षुहो ! जो दुःशील हुन्छ, जो पाप-धर्मी हुन्छ, जो लुकि-छिपी पाप कर्म गर्ने हुन्छ, श्रमणत्वको घोषणा गरे पनि अश्रमण, ब्रह्मचारी भएको घोषणा गरे पनि अब्रह्मचारी, भित्र-भित्रै सडेको, छिद्र तथा क्षुद्र हुन्छ, उसको



Downloaded from http://dhamma.digital

लागि त यही अधिक राम्रो हो कि, उसले यो महाअग्निस्कन्ध, जलिरहेको, प्रज्वलित तथा आगोको मुस्लो निस्किरहेकोलाई आलिंगन गरी बस्नु वा सुत्नु। त्यो के कारणले ? त्यसबाट उस्को मृत्यु हुनसक्छ या त मृत्यु समानको दु:ख। तर त्यस (पाप कर्मको) कारणले गर्दा ऊ शरीर भेद भई मृत्युपछि अपाय, दुर्गतिमा पतन वा नरकमा उत्पन्न हुनेछैन।

"भिक्षुहो ! जो दु:शील हुन्छ, जो पाप-धर्मी हुन्छ, जो लुकि-छिपी पाप कर्म गर्ने हुन्छ, क्षुद्र हुन्छ ... मृदु पाइतला तथा मृदु हात-खुट्टा भएकि क्षत्रिय कन्या, ब्राह्मण कन्या वा गृहपति कन्यालाई आलिंगन गर्छ, उनीसंग बस्छ वा सुत्ने गर्छ भने, भिक्षुहो ! यो उसको निम्ति दीर्घकालसम्मको लागि अहितकर हुन्छ, दु:खार्थ हुन्छ, शरीर भेद भई मरणपछि अपाय, दुर्गतिमा पतन हुनेछ वा नरकमा उत्पन्न हुनेछ।

"त्यसोभए, भिक्षुहो ! कुनचाहिंलाई अधिक राम्रो मान्दछौ– कोही बलवान पुरुषले मजबूत केशद्वारा बनिएको बल्लियो डोरीले दुवै जाँघमा कसेर बाँधेर रगडियोस्– त्यसबाट छविलाई काटेर चर्मलाई काट्छ, चर्मलाई काटेर मासुलाई काट्छ, मासुलाई काटेर नसालाई काट्छ, नसालाई काटेर हड्डिलाई काट्छ, हड्डिलाई काटेर बोसोमा गई टाँसिएको अथवा त्यो क्षत्रिय महाशाल, ब्राह्मण महाशाल वा गृहपति महाशालका अभिवादनलाई स्वीकार गरिने ?"
"भन्ते ! यस्मा त त्यो नै अधिक राम्रो हो कि– जुन क्षत्रिय महाशाल, ब्राह्मण महाशाल वा गृहपति महाशालद्वारा गरिएको अभिवादनलाई स्वीकार्ने। भन्ते ! यो त दु:ख नै हो। बलवान पुरुषले मजबूत केशद्वारा बनिएको बल्लियो डोरीले ... बोसोमा गई टाँसिने।

"तिमीहरूलाई म भन्दछु कि, भिक्षुहो ! तिमीहरूलाई म सूचित गर्दछु कि, भिक्षुहो ! जो कि दु:शील हुन्छ ... क्षुद्र हुन्छ। उसकोलागि त यही अधिक राम्रो हो कि– बलवान पुरुषले मजबूत केशबात बनिएको बल्लियो डोरीले दुवै जाँघमा कसेर बाँधेर रगडियोस ... हड्डिलाई काटेर बोसोमा गई टाँसियोस्। त्यो के कारणले ? त्यस कारणले गर्दा, भिक्षुहो ! उसको मरण हुनसक्छ वा मरण समानको दु:ख। तर त्यस (पाप कर्मको) कारणले गर्दा ऊ शरीर भेद भई मृत्यपछि अपाय, दुर्गतिमा पतन वा नरकमा उत्पन्न हुनेछैन। तर जब भिक्षुहो ! दु:शील हुन्छ ... क्षुद्र हुन्छ। त्यो क्षत्रिय महाशाल, ब्राह्मण महाशाल वा गृहपति महाशालद्वारा गरिएको अभिवादनलाई स्वीकार्ने। भिक्षुहो ! यो उसको निम्ति दीर्घकालसम्म उसको निम्ति अहितकर हुन्छ, दु:ख हुन्छ, शरीर भेद भई मरण पछि अपाय, दुर्गतिमा पतन हुनेछ वा नरकमा उत्पन्न हुनेछ।



Downloaded from http://dhamma.digital

"त्यसोभए, भिक्षुहो ! कुनचाहिंलाई अधिक राम्रो मान्दछौ– कोही बलवान पुरुषले तेलमा धुलिएको बर्छीद्वारा छातीमा रोपी दिएको, अथवा क्षत्रिय महाशाल, ब्राह्मण महाशाल वा गृहपति महाशालद्वारा नमस्कार गरेको स्वीकार गर्ने ?" "भन्ते ! यस्मा त त्यो नै अधिक राम्रो हो कि– क्षत्रिय महाशाल, ब्राह्मण महाशाल वा गृहपति महाशालद्वारा नमस्कार गरेकोलाई स्वीकार्ने । भन्ते ! जुन यो– बलवान पुरुषले तेलमा धुलिएको बर्छीद्वारा छातीमा रोपी दिनु भनेको त दुःख नै हो ।"

"तिमीहरूलाई म भन्दछु कि, भिक्षुहो ! तिमीहरूलाई म सूचित गर्दछु कि, भिक्षुहो ! जो कि दुःशील हुन्छ ... क्षुद्र हुन्छ । उसको लागि त्यो नै अधिक राम्रो हो जुन कि, बलवान पुरुषले तेलमा धुलिएको बर्छीद्वारा छातीमा रोपी दिएको । त्यो के कारणले ? त्यस कारणले गर्दा, भिक्षुहो ! उसको मरण हुन सक्छ वा मरण समानको दुःख । तर त्यस (पाप कर्मको) कारणले गर्दा ऊ शरीर भेद भई मृत्युपछि अपाय, दुर्गतिमा पतन वा नरकमा उत्पन्न हुनेछैन । तर जव भिक्षुहो ! दुःशील हुन्छ. पाप-धर्मी हुन्छ. ... क्षुद्र हुन्छ त्यो क्षत्रिय महाशाल, ब्राह्मण महाशाल वा गृहपति महाशालहरूका नमस्कार-लाई स्वीकारिंदा भिक्षुहो ! यो दीर्घकालसम्म उसको निम्ति अहितकर हुन्छ, दुःख हुन्छ, शरीर भेदभई मरणपछि अपाय, दुर्गतिमा पतन वा नरकमा उत्पन्न हुनेछ ।

"त्यसोभए, भिक्षुहो ! कुनचाहिंलाई अधिक राम्रो मान्दछौ– कोही बलवान पुरुषले तप्त, जलिरहेको, प्रज्वलित, राँकिएको फलामे पाताद्वारा शरीरमा लपेटी दिएको अथवा क्षत्रिय महाशाल, ब्राह्मण महाशाल वा गृहपति महाशालद्वारा श्रद्धासहित दान दिएको चीवरको उपभोग गर्न पाएको ?" "भन्ते ! यसमा त त्यो नै अधिक राम्रो हो कि– क्षत्रिय महाशाल ... श्रद्धासहित दान दिएको चीवरको उपभोग गर्नु । भन्ते ! जुन यो– कोही बलवान पुरुषले तप्त, जलिरहेको तथा प्रज्वलित फलामे पाताद्वारा शरीरमा लपेटी दिनु भनेको त दुःख नै हो ।"

"तिमीहरूलाई म भन्दछु कि, भिक्षुहो ! तिमीहरूलाई म सूचित गर्दछु कि, भिक्षुहो ! जो कि दुःशील हुन्छ. ... क्षुद्र हुन्छ । उसकोलागि त यही अधिक राम्रो हो कि– कोही बलवान पुरुषले तप्त, जलिरहेको, प्रज्वलित तथा राँकिएको फलामे पाताद्वारा शरीरमा लपेटी दिएको । त्यो के कारणले ? त्यस कारणले गर्दा, भिक्षुहो ! उसको मरण हुनसक्छ वा मरण समानको दुःख । तर त्यस (पाप कर्मको) कारणले ऊ शरीर भेद भई मृत्युपछि अपाय, दुर्गतिमा पतन वा



Downloaded from http://dhamma.digital

नरकमा उत्पन्न हुनेछैन । तर जब भिक्षुहो ! दुःशील हुन्छ ... क्षुद्र हुन्छ । क्षत्रिय महाशाल, ब्राह्मण महाशाल वा गृहपति महाशालद्वारा श्रद्धासहित दान दिएको चीवरको उपभोग गर्दा, भिक्षुहो ! यो उसको निम्ति दीर्घकालसम्मको लागि अहितकर हुन्छ, दुःख हुन्छ, शरीर भेद भई मरणपछि अपाय, दुर्गतिमा पतन हुनेछ वा नरकमा उत्पन्न हुनेछ ।

"त्यसोभए, भिक्षुहो ! कुनचाहिंलाई अधिक राम्रो मान्दछौ– कोही बलवान पुरुषले तप्त फलामे अंकुशद्वारा मुखलाई खोलेर तप्त, जलिरहेको, प्रज्वलित तथा राँकिएको फलामे गोला राखी दिंदा उसको ओंठलाई पनि जलाई दिन्छ, जिब्रोलाई पनि जलाई दिन्छ, कण्ठलाई पनि जलाई दिन्छ, हृदयलाई पनि जलाई दिन्छ, आन्द्रालाई पनि जलाई दिन्छ, सानो आन्द्रालाई पनि जलाएर अधोभागबाट निस्किने अथवा क्षत्रिय महाशाल, ब्राह्मण महाशाल वा गृहपति महाशालद्वारा श्रद्धासहित दान दिएको पिण्डपातको उपभोग गर्न पाए-को ?" "भन्ते ! यस्मा त त्यो नै अधिक राम्रो हो कि– क्षत्रिय महाशाल ... श्रद्धासहित दान दिएको पिण्डपात (भोजन) को उपभोग गर्नु । भन्ते ! जुन यो– कोही बलवान पुरुषले तप्त फलामे अंकुशद्वारा मुखलाई खोलेर तप्त, जलिरहेको, प्रज्वलित तथा राँकिएको फलामे गोला राखी दिंदा उसको ओंठ पनि जलिन्छ, जिब्रो पनि जलिन्छ, कण्ठपनि जलिन्छ, हृदय पनि जलिन्छ, आन्द्रा पनि जलिन्छ अनि सानो आन्द्रालाई पनि जलाएर अधोभागबाट निस्किने त दुःख नै हो ।"

"तिमीहरूलाई म भन्दछु कि, भिक्षुहो ! तिमीहरूलाई म सूचित गर्दछु कि, भिक्षुहो ! जो कि दुःशील हुन्छ ... क्षुद्र हुन्छ । उसकोलागि त यही अधिक राम्रो हो कि– कोही बलवान पुरुषले तप्त, जलिरहेको, प्रज्वलित तथा राँकिएको फलामे गोला राखी दिंदा त्यसबाट उसको ओंठ पनि जलिन्छ, जिब्रो पनि जलिन्छ, कण्ठ पनि जलिन्छ, हृदय पनि जलिन्छ, आन्द्रा पनि जलिन्छ अनि सानो आन्द्रालाई पनि जलाएर अधोभागबाट निस्किने । त्यो के कारणले ? त्यस कारणले, भिक्षुहो ! उसको मरण हुनसक्छ वा मरण समानको दुःख । तर त्यस (पाप कर्मको) कारणले ऊ शरीर भेद भई मृत्युपछि अपाय, दुर्गतिमा पतन वा नरकमा उत्पन्न हुनेछैन । तर जब भिक्षुहो ! दुःशील हुन्छ ... क्षुद्र हुन्छ । क्षत्रिय महाशाल, ब्राह्मण महाशाल वा गृहपति महाशालद्वारा श्रद्धासहित दान दिएको पिण्डपातलाई उपभोग गर्दा, भिक्षुहो ! यो उसको निम्ति दीर्घकाल-सम्म अहितकर हुन्छ, दुःख हुन्छ, शरीर भेद भई मरणपछि अपाय, दुर्गतिमा पतन हुनेछ वा नरकमा उत्पन्न हुनेछ ।



Downloaded from http://dhamma.digital

"त्यसोभए, भिक्षुहो ! कुनचाहिंलाई अधिक राम्रो मान्दछौ– कोही बलवान पुरुषले शीर वा काँधमा समातेर तप्त फलामे पीरामा वा फलामे पलङ्गमा लेट्न लगाउने अथवा क्षत्रिय महाशाल, ब्राह्मण महाशाल वा गृहपति महाशालद्वारा श्रद्धासहित दिएको पीरा वा पलङ्गको उपभोग गर्ने ?" "भन्ते ! यस्मा त त्यो नै अधिक राम्रो हो कि– क्षत्रिय महाशाल ... श्रद्धासहित दान दिएको पीरा वा पलङ्गको उपभोग गर्नु । भन्ते ! जुन यो– कोही बलवान पुरुषले शीर वा काँधमा समातेर तप्त फलामे पीरामा वा फलामे पलङ्गमा लेट्न लगाउनु भनेको त दुःख नै हो ।"

"तिमीहरूलाई म भन्दछु कि, भिक्षुहो ! तिमीहरूलाई म सूचित गर्दछु कि, भिक्षुहो ! जो कि दुःशील हुन्छ ... क्षुद्र हुन्छ । उसकोलागि त यही अधिक राम्रो हो कि– कोही बलवान पुरुषले शीर वा काँधमा समातेर तप्त फलामे पीरामा वा फलामे पलङ्गमा लेट्न लगाउनु । त्यो के कारणले ? त्यस कारणले भिक्षुहो ! उसको मरण हुनसक्छ वा मरण समानको दुःख । तर त्यस (पाप कर्मको) कारणले ऊ शरीर भेद भई मृत्युपछि अपाय, दुर्गतिमा पतन वा नरकमा उत्पन्न हुनेछैन । तर जब भिक्षुहो ! दुःशील हुन्छ ... क्षुद्र हुन्छ । क्षत्रिय महाशाल, ब्राह्मण महाशाल वा गृहपति महाशालद्वारा श्रद्धासहित दान दिएको पीरा वा पलङ्गको उपभोग गर्दा, भिक्षुहो ! यो उसको निम्ति दीर्घ-कालसम्म अहितकर हुन्छ, दुःख हुन्छ, शरीर भेद भई मरणपछि अपाय, दुर्गतिमा पतन हुनेछ वा नरकमा उत्पन्न हुनेछ ।

"त्यसोभए, भिक्षुहो ! कुनचाहिं अधिक राम्रो मान्दछौ– कोही बलवान पुरुषले खुट्टालाई माथि पारेर शीरलाई तलतिर पारेर तप्त, जलिरहेको, प्रज्वलित तथा राँको निस्किरहेको फलामे कराहीमा राखि दिंदा ऊ त्यसमा फिंज निकाल्दै पाकिरहने, एकपल्ट माथि आइरहने, एकपल्ट तलतिर गइरहने अनि एकपल्ट तेर्सो हुँदै गइरहने अथवा क्षत्रिय महाशाल, ब्राह्मण महाशाल वा गृहपति महाशालद्वारा श्रद्धासहित दान दिएको विहारलाई परिभोग गर्ने ?" "भन्ते ! यस्मा त त्यो नै अधिक राम्रो हो कि– क्षत्रिय महाशाल ... श्रद्धासहित दान दिएको विहारलाई उपभोग गर्नु । भन्ते ! जुन यो– कोही बलवान पुरुषले खुट्टालाई माथि पारेर शीरलाई तलतिर पारेर तप्त, जलिरहेको, प्रज्वलित तथा राँको निस्किरहेको फलामे कराहीमा राखि दिंदा ऊ त्यसमा फिंज निकाल्दै पाक्दै गर्नु, एकपल्ट माथि आउनु, एकपल्ट तल तिर जानु अनि एकपल्ट तेर्सो पनि हुँदै जानु त दुःख नै हो ।"



Downloaded from http://dhamma.digital

"तिमीहरूलाई म भन्दछु कि, भिक्षुहो ! तिमीहरूलाई म सूचित गर्दछु कि, भिक्षुहो ! जो कि दुःशील हुन्छ, पाप-धर्मी हुन्छ ... क्षुद्र हुन्छ। उसकोलागि त यही अधिक राम्रो हो कि– बलवान पुरुषले खुट्टा माथि पारेर शीर तलतिर पारेर समाती ... एकपल्ट तेर्सो पनि हुँदै जानु । त्यो के कारणले ? त्यस कारणले, भिक्षुहो ! उसको मरण हुनसक्छ वा मरण समानको दुःख । तर त्यस (पाप कर्मको) कारणले ऊ शरीर भेद भई मृत्युपछि अपाय, दुर्गतिमा पतन वा नरकमा उत्पन्न हुनेछैन । तर जब भिक्षुहो ! दुःशील हुन्छ, पाप-धर्मी हुन्छ ... क्षुद्र हुन्छ । क्षत्रिय महाशाल, ब्राह्मण महाशाल वा गृहपति महाशाल-द्वारा श्रद्धासहित दान दिएको विहारलाई उपभोग गर्दा, भिक्षुहो ! यो उसको निम्ति दीर्घकालसम्म अहितकर हुन्छ, दुःख हुन्छ, शरीर भेद भई मरणपछि अपाय, दुर्गतिमा पतन हुनेछ वा नरकमा उत्पन्न हुनेछ ।

"यसकारण भिक्षुहो ! यो शिक्षा लिनुपर्छ– 'जसले दिएको चीवर, पिण्डपात, शयनासन, बिरामीका लागि दिएको औषधी र परिष्कारादिको परिभोग गरिने हो, त्यसद्वारा उनीहरूलाई महाफल तथा महानिसंस हुनेछ अनि हाम्रो यो प्रब्रज्या अर्थकर हुनेछ, सफल हुनेछ अथवा उद्देश्य पूर्ण हुनेछ । भिक्षुहो ! तिमीहरूले यसरी नै शिक्षा लिनुपर्छ– 'जो आफ्नो हित हुने विचारको हुन्छ ऊ अप्रमादी हुनु आवश्यक छ । भिक्षुहो ! अरूका निम्ति हित हुने विचारको हुन्छ ऊ अप्रमादी हुनु आवश्यक छ । भिक्षुहो ! उभय पक्षकै हित हुने विचारको हुन्छ भने ऊ अप्रमादी हुनु आवश्यक छ ।' "

भगवानले यसो भन्नुभयो । यसप्रकारको व्याख्या गर्नु भएपछि साठी जना भिक्षुहरूले मुखबाट तातो रगत वमन गरे । साठी जना भिक्षुहरूले "दुष्कर छ, भगवान ! दुष्कर छ, भगवान ! भन्दै, शिक्षालाई त्यागी हीन-वृत्ति (गृहस्थ) मा लागे । साठी जना भिक्षुहरू आसक्त (आश्रव) रहित हुनुकासाथै चित्त विमुक्त भए ।

## ९. सुनेत्तसुत्तं

७३. "भूतपूर्वमा, भिक्षुहो ! काम-भोगप्रति वीत-रागी सुनेत्त नाउँको तैर्थिक गुरु थिए । भिक्षुहो ! सुनेत्त गुरुका अनेक सयौं शिष्यहरू थिए । सुनेत्त गुरुले श्रावकहरूलाई ब्रह्मलोक उत्पन्न हुने विषय लिएर धर्म देशना गर्दथ्यो । भिक्षुहो ! सुनेत्त गुरुले ब्रह्मलोकमा उत्पन्न हुने विषय लिएर दिएको धर्मदेशनाप्रति जजसले चित्त प्रसन्न गरेनन् तिनीहरू शरीर भेद भई मरणपछि अपाय, दुर्गतिमा पतन भए तथा नर्कमा उत्पन्न भए । भिक्षुहो ! सुनेत्त गुरुले ब्रह्मलोकमा उत्पन्न हुने विषय लिएर दिएको धर्म देशनाप्रति जजस्सले चित्त



Downloaded from http://dhamma.digital

प्रसन्न गरे, तिनीहरू शरीर भेद भई मरणपछि सुगति स्वर्ग लोकमा उत्पन्न भए।

"भूतपूर्वमा, भिक्षुहो ! ... सुनेत्त नाउँको तैर्थिक गुरु थिए । ... अरनेमि नाउँको तैर्थिक गुरु थिए । ... कुद्दालक नाउँको तैर्थिक गुरु थिए । ... हत्थिपाल नाउँको तैर्थिक गुरु थिए । ... जोतिपाल नाउँको तैर्थिक गुरु थिए । काम-भोगप्रति वितरागी अरक नाउँको तैर्थिक गुरु थिए । भिक्षुहो ! अरक गुरुले ब्रह्मलोकमा उत्पन्न हुने विषय लिएर दिएको धर्म देशनाप्रति जजसले चित्त प्रसन्न गरेनन् तिनीहरू शरीर भेद भई, मरणपछि अपाय, दुर्गतिमा पतन भए तथा नर्कमा उत्पन्न भए । भिक्षुहो ! अरक गुरुले ब्रह्मलोकमा उत्पन्न हुने विषय दिएको धर्म देशनाप्रति जजसले चित्त प्रसन्न गरे, तिनीहरू शरीर भेद भई, मरणपछि सुगति स्वर्ग-लोकमा उत्पन्न भए ।

"भिक्षुहो ! तिमीहरू के मान्दछौ ? यस काम-भोगप्रति वीत-रागी, अनेकौं सयौं शिष्यका श्रावक संघवाला सातौं तैर्थिक गुरुहरूलाई दूषित चित्तले आक्रोस गर्छ, अपशब्द प्रयोग गर्छ भने उनीहरू धेरै अपुण्यका भागी हुन्छन् ?" "हुन्छ, भन्ते ।" त्यो के कारणले ? "भिक्षुहो ! जसले, यी काम-भोगप्रति वीत-रागी, अनेकौं सयौं शिष्यका श्रावक संघवाला सातौं तैर्थिक गुरुहरूलाई दूषित चित्तले आक्रोस गर्छ, अपशब्द प्रयोग गर्छ भने उनीहरू धेरै नै अपुण्यका भागी हुनेछन् । जसले एकजना सम्यकदृष्टिसम्पन्न व्यक्तिप्रति प्रदूषित चित्तले आक्रोस गर्छ, अपशब्द प्रयोग गर्छ भने उनीहरू त्यो भन्दा पनि धेरै अपुण्यका भागी हुनु पर्नेछ । त्यो के कारणले ? भिक्षुहो ! मेरा शिष्यहरूमा जुन प्रकारका क्षमा-शील छ, यहाँ भन्दा बाहिर यस प्रकारका छैनन् ।"

त्यसैले, भिक्षुहो ! यस्तो शिक्षा लिनुपर्छ– 'हामीले आफ्ना सब्रह्म-चारीप्रति दूषित चित्तको हुँदिन ।' भिक्षुहो ! तिमीहरूले यस्तै नै शिक्षा लिनुपर्छ ।"

## १०. अरकसुत्तं

७४. "भूतपूर्वमा, भिक्षुहो ! काम-भोगप्रति वीत-रागी अरक नाउँको तैर्थिक गुरु थिए । भिक्षुहो ! अरक गुरुका अनेक सयौं शिष्यहरू थिए । अरक गुरुले श्रावकहरुलाई यसरी धर्म देशना गर्दथ्यो– 'ब्राह्मण ! मनुष्यको जीवन भनेके अल्प छ, थोरै छ तथा कम छ । बहु-दुःख, बहु-चिन्ता युक्त छ । प्रज्ञाद्वारा बोध हुनुपर्छ, कुशल कर्म गर्नुपर्छ, ब्रह्मचर्य पालन गर्नुपर्छ । जन्मेका मर्नु नै पर्नेछन् ।



Downloaded from http://dhamma.digital

"जस्तै कि, ब्राह्मण ! तृणको अग्रमा रहेको ओसका थोपा सूर्योदय हुँदा शीघ्र नै रहँदैन तथा चिरकालसम्म रहँदैन । यसरी नै, ब्राह्मण ! ओसका थोपा समान मनुष्यका जीवन हो, थोरै छ, कम छ । बहु-दुःख, बहु-चिन्ता युक्त छ । प्रज्ञाद्वारा बोध हुनुपर्छ, कुशल कर्म गर्नुपर्छ ब्रह्मचर्यलाई पालन गर्नु- पर्छ । जन्मेका मर्नु नै पर्छ ।

"जस्तै कि, ब्राह्मण ! ठूलठूला थोप्लाले परेको पानीद्वारा उठेको फोका शीघ्र नै रहँदैन तथा चिरकालसम्म रहँदैन । यसरी नै, ब्राह्मण ! ठूलठूला थोप्लाले परेको पानीद्वारा उठेको फोका समान मनुष्यका जीवन हो, थोरै छ, कम छ । बहु-दुःख, बहु-चिन्ता युक्त छ । प्रज्ञाद्वारा बोध हुनुपर्छ, कुशल कर्म गर्नुपर्छ, ब्रह्मचर्य पालन गर्नुपर्छ । जन्मेका मर्नु नै पर्छ ।

जस्तै कि, ब्राह्मण ! पानीमा खिंचेको रेखा चाँडै नै मेटेर जान्छ, चिर–कालसम्म रहँदैन । यसरी नै, ब्राह्मण ! पानीमा खिंचेको रेखा शीघ्र नै मेटेर जाने समान नै मनुष्यका जीवन हो, थोरै छ ... जन्मेका मर्नु नै पर्छ ।

"जस्तै कि, ब्राह्मण ! पर्वतबाट बग्ने नदी टाढासम्म जाने, शीघ्रगामी हुनाले सबै बगाएर लानसक्ने हुँदा पनि यस्तो कुनै समय वा क्षण वा मुहुर्त हुँदैन जब कि उल्टो भई बग्ने । त्यो बगेर नै जान्छ, बगी नै रहन्छ । यसरी नै, ब्राह्मण ! पर्वतबाट बग्ने नदी समान मनुष्यको जीवन हो, थोरै छ ... जन्मेका मर्नु नै पर्छ ।

"जस्तै कि, ब्राह्मण ! बलवान पुरुषले जिह्वाग्रमा आएको थूकलाई तुरन्तै थूकि दिन्छ । यसरी नै, ब्राह्मण ! थूक पिण्ड समान नै मनुष्यका जीवन हो, थोरै छ ... जन्मेका मर्नु नै पर्छ ।

"जस्तै कि, ब्राह्मण ! दिनभरी तताई राखेको फलामे पातामा राखेको मांसपेशी शीघ्र रहँदैन तथा चिरकालसम्म रहँदैन । यसरी नै, ब्राह्मण मांसपेशीसमान नै मनुष्यका जीवन हो, थोरै छ ... जन्मेका मर्नु नै पर्छ ।

"जस्तै कि, ब्राह्मण ! वधका निम्ति लिएर गइरहेको गौले जति जति खुट्टा उठाउँ छ त्यति त्यति नै वधस्थल नजिकै पुगिन्छ तथा मृत्युको नजीकै पुगेको हुन्छ । यसरी नै, ब्राह्मण ! वधका निम्ति लिएर गइरहेको गौ समान नै मनुष्यका जीवन हो, थोरै छ, कम छ । बहु-दुःख, बहु-चिन्ता युक्त छ ।



Downloaded from http://dhamma.digital

प्रज्ञाद्वारा बोध हुनुपर्छ, कुशल कर्म गर्नुपर्छ, ब्रह्मचर्यलाई पालन गर्नुपर्छ। जन्मेका मर्नु नै पर्छ।"

"त्यस समय मनुष्यको आयु साठी हजार वर्षको थियो। पाँचसय वर्षकी कुमारी विवाहको निम्ति योग्य हुन्थीन्। भिक्षुहो! त्यस समयमा मनुष्यहरूमा छः प्रकारका मात्रै रोग थिए– 'सर्दी, गर्मी, भोक, प्यास, दिसा र पिसाब। भिक्षुहो! अरक नाउँका त्यो गुरु यतिको दीर्घायुका, चिरञ्जीवि थिए। यतिको अल्प रोगीका भएता पनि शिष्यहरूलाई यसप्रकारको धर्मदेशना दिने गर्थ्यो– 'ब्राह्मणहो! मनुष्यको जीवन भनेके अल्प छ, थोरै छ तथा कम छ। बहु-दुःख, बहु-चिन्ता युक्त छ। प्रज्ञाद्वारा बोध हुनुपर्छ, कुशल कर्म गर्नुपर्छ, ब्रह्मचर्यलाई पालन गर्नुपर्छ। जन्मेका मर्नु नै पर्छ।

"भिक्षुहो! अहिले यो जुन समय हो यस समयलाई सठीक हो भनी भन्नुपर्छ–'मनुष्यको जीवन भनेके अल्प छ, थोरै छ तथा कम छ। बहु-दुःख, बहु-चिन्ता युक्त छ। प्रज्ञाद्वारा बोध हुनुपर्छ, कुशल कर्म गर्नुपर्छ, ब्रह्मचर्य पालन गर्नुपर्छ। जन्मेका मर्नु नै पर्छ।' "भिक्षुहो! यस समयमा जो अधिक समयसम्म बाँच्नु भनेको न्यूनाधिक सय वर्षसम्म मात्र बाँचेको हुन्छ। ऊ केवल तीन सय ऋतु मात्र बाँचेको हुन्छ, सय हेमन्त ऋतु, सय गृष्म ऋतु अनि सय वर्षा ऋतु। भिक्षुहो! जो तीनसय ऋतु बाँचेको हुन्छ, ऊ केवल बाह्र सय महीना मात्र बाँचेको हुन्छ– 'हेमन्त ऋतुको चार सय महीना, गृष्म ऋतुको चारसय महीना र वर्षा ऋतुको चारसय महीना। भिक्षुहो! जो बाह्रसय महीना बाँचेको हुन्छ ऊ केवल चौबीससय आधा अहीना बाँचेको हुन्छ– हेमन्त ऋतुको आठसय आधा महीना, गृष्म ऋतुको आठसय आधा महीना र वर्षा ऋतुको आठसय आधा महीना। भिक्षुहो! जो चौबीससय आधा महीना बाँचेको हुन्छ, ऊ केवल छत्तीस हजार रातसम बाँचेको हुन्छ– 'हेमन्त ऋतुको बाहहजार सम्म रात, गृष्म ऋतुका बाहहजार सम्म रात र वर्षा ऋतुको बाहहजार सम्म रात। भिक्षुहो! जो छत्तीस हजार रातसम्म बाँचेको हुन्छ उसले केवल बहत्तर हजार समयसम्म भोजन गर्नसक्छ "हेमन्त ऋतुको चौबीसहजार, गृष्म ऋतुको चौबीसहजार र वर्षा ऋतुको चौबीस हजार समय-सम्म। यसै समयमा ऊ शामिल भएको हुन्छ। जब बच्चा हुँदा आमाको दूध चूसने हुन्छ अनि जब जब भोजनमा अन्तराय उपस्थित हुन्छ।

यो भोजनमा अन्तराय भनेको क्रोधीत हुँदा भोजन नगर्ने हुन्छ, चित्त दुखिरहेको अवस्थामा भोजन नगर्ने हुन्छ, रोगी हुँदा भोजन नगर्ने हुन्छ,



Downloaded from http://dhamma.digital

उपोसथ (व्रत) लिंदा पनि भोजन नगर्ने हुन्छ । भिक्षुहो ! मैले सय वर्षको आयु सम्म बाँच्नेको आयुलाई भनें, आयुका माप पनि भनें, ऋतुमा पनि भनें, वर्ष गणना पनि भनें, महीनालाई पनि भनें, अर्धमासलाई पनि भनें, रातलाई पनि भनें, दिनलाई पनि भनें, भोजन गर्ने समयलाई पनि भनें अनि अन्तरायलाई पनि भनें । भिक्षुहो ! आफ्ना शिष्यहरूका हित, अनुकम्पा गर्नु पर्ने कार्य जे गर्नु पर्थ्यो त्यो मैले गरी दिएं । भिक्षुहो ! यहाँ वृक्षको छायाँ छ, शुन्यागार छ । भिक्षुहो ! ध्यानमा बस । प्रमादी नहोऊ । पछि पश्चाताप नगर्नु । यही नै तिमीहरूको निम्ति मेरो अनुशासन हो ।"

Downloaded from http://dhamma.digital

## ८. विनयवग्गो

### १. पठमविनयधरसुत्तं

७५. "भिक्षुहो ! सात धर्ममा सम्पन्न भिक्षु विनयधर हुन् । ती सात के के हुन् ? आपत्तिलाई जानेको हुन्छ, अनापत्तिलाई जानेको हुन्छ, हल्को आपत्तिलाई जानेको हुन्छ, भारी आपत्तिलाई जानेको हुन्छ, शीलवान हुन्छ, प्रातिमोक्षको विनयलाई जानेको हुन्छ, आचार-गोचरमा सम्पन्न हुन्छ, सानै दोषमा पनि भय-दर्शी हुन्छ, सम्यकरूपले शिक्षालाई ग्रहण गर्छ, अनायास, बिना प्रयास र बिना मेहनतै यसै जीवनमा चार चैतसिक ध्यानलाई लाभ गरी आश्रवल क्षय गरी, अनाश्रवी भई, चित्तविमुक्ति, प्रज्ञाविमुक्तिलाई स्वयम्ले जानेर, साक्षात्कार गरी तथा प्राप्त गरी बस्छ । भिक्षुहो ! यी नै सात धर्ममा सम्पन्न भिक्षु विनयधर हुन् ।

### २. दुतियविनयधरसुत्तं

७६. "भिक्षुहो ! सात धर्ममा सम्पन्न भिक्षु विनयधर हुन् । ती सात के के हुन् ? आपत्तिलाई जानेको हुन्छ, अनापत्तिलाई जानेको हुन्छ, हल्को आपत्तिलाई जानेको हुन्छ, भारी आपत्तिलाई जानेको हुन्छ, भिक्षु र भिक्षुणीका प्रातिमोक्ष दुवैलाई सविस्तार सुविभक्त, सुप्रवर्तित, सुनिश्चित-सूत्र तथा अनुव्यञ्जनलाई स्वागत गर्छ । अनायास, बिना प्रयास र बिना मेहनतै यसै जीवनमा चार चैतसिक ध्यान लाभ गरी आश्रवलाई क्षय गरी, अनाश्रवी भई, चित्तविमुक्ति, प्रज्ञाविमुक्तिलाई स्वयम्ले जानेर, साक्षात्कार गरी तथा प्राप्त गरी बस्छ । भिक्षुहो ! यी नै सात धर्ममा सम्पन्न भिक्षु विनयधर हुन् ।"

Dhamma.Digital

### ३. ततियविनयधरसुत्तं

७७. "भिक्षुहो ! सात धर्ममा सम्पन्न भिक्षु विनयधर हुन् । ती सात के के हुन् ? आपत्तिलाई जानेको हुन्छ, अनापत्तिलाई जानेको हुन्छ,, हल्को आपत्तिलाई जानेको हुन्छ, भारी आपत्तिलाई जानेको हुन्छ, स्थिररूपले विनयलाई पालन गर्ने र हल्लाउन नसक्ने हुन्छ । यसै जीवनमा चार चैतसिक ध्यानलाई अनायास लाभी हुन्छ, बिना प्रयास लाभी हुन्छ तथा बिना मेहनतै लाभी हुन्छ । आश्रव क्षय गरी, अनाश्रवी भई, चित्तविमुक्ति, प्रज्ञा-विमुक्तिलाई स्वयम्ले जानेर, साक्षात्कार गरी तथा प्राप्त गरी बस्छ । भिक्षुहो ! यी नै सात धर्ममा सम्पन्न भिक्षु विनयधर हुन् ।"



Downloaded from http://dhamma.digital

## ४. चतुत्थयविनयधरसुत्तं

७८. "भिक्षुहो ! सात धर्ममा सम्पन्न भिक्षु विनयधर हुन् । ती सात के के हुन् ? आपत्तिलाई जानेको हुन्छ, अनापत्तिलाई जानेको हुन्छ, हल्को आपत्तिलाई जानेको हुन्छ, भारी आपत्तिलाई जानेको हुन्छ, अनेकौं प्रकारले पूर्व जन्मका कुरालाई अनुस्मरण गर्ने हुन्छ, जस्तै कि– एक जन्मको पनि, दुई जन्मको पनि ... सआकार, सउद्देश्यलाई अनेकौं प्रकारले अनुस्मरण गर्ने हुन्छ । मनुष्य चक्षु भन्दा उत्तम विशुद्ध दिव्य चक्षुद्वारा यथा कर्मानुसार जन्मिएका सत्वहरू जानेको हुन्छ । आश्रवलाई क्षय गरी अनाश्रवी भई, चित्त-विमुक्ति, प्रज्ञाविमुक्तिलाई यसै जन्ममा स्वयम्‌ले अभिज्ञात गरी, साक्षात्कार गरी तथा लाभ गरी बस्छ । "भिक्षुहो ! यी नै सात धर्ममा सम्पन्न भिक्षु विनयधर हुन् ।"

## ५. पठमविनयधरसोभनसुत्तं

७९. "भिक्षुहो ! सात धर्ममा सम्पन्न विनयधर शोभायमान हुन्छ । ती सात के के हुन् ? आपत्तिलाई जानेको हुन्छ, अनापत्तिलाई जानेको हुन्छ, हल्को आपत्तिलाई जानेको हुन्छ, भारी आपत्तिलाई जानेको हुन्छ, शीलवान हुन्छ ... सम्यकरूपले शिक्षा ग्रहण गर्ने हुन्छ । चतुर्थ चैतसिक ध्यान अनायास लाभी हुन्छ, बिना प्रयास लाभी हुन्छ तथा बिना मेहनतै लाभी हुन्छ । आश्रव क्षय गरी ... साक्षात्कार गरी तथा प्राप्त गरी बस्छ । "भिक्षुहो ! यी नै सात धर्ममा सम्पन्न विनयधर शोभायमान हुन्छ ।"

## ६. दुतियविनयधरसोभनसुत्तं

७९. "भिक्षुहो ! सात धर्ममा सम्पन्न विनयधर शोभायमान हुन्छ । ती सात के के हुन् ? आपत्तिलाई जानेको हुन्छ, अनापत्तिलाई जानेको हुन्छ, हल्को आपत्तिलाई जानेको हुन्छ, भारी आपत्तिलाई जानेको हुन्छ, भिक्षु र भिक्षुणीका प्रातिमोक्ष दुवै लाई सविस्तार सुविभक्त, सुप्रवर्तित, सुनिश्चित-सूत्र तथा अनुव्यञ्जनलाई स्वागत गर्ने हुन्छ । चतुर्थ चैतसिक ध्यान ... बिना मेहनत नै लाभी हुन्छ । आश्रवलाई क्षय गरी ... साक्षात्कार गरी तथा प्राप्त गरी बस्ने हुन्छ । "भिक्षुहो ! यी नै सात धर्ममा सम्पन्न भएका विनयधर शोभायमान हुन्छ ।"

## ७. ततियविनयधरसोभनसुत्तं

८१. "भिक्षुहो ! सात धर्ममा सम्पन्न विनयधर शोभायमान हुन्छ । ती



Downloaded from http://dhamma.digital

सात के के हुन् ? आपत्तिलाई जानेको हुन्छ, अनापत्तिलाई जानेको हुन्छ, हल्को आपत्तिलाई जानेको हुन्छ, भारी आपत्तिलाई जानेको हुन्छ, स्थिररूपले विनयलाई पालन गर्ने र हल्लाउन नसक्ने हुन्छ । चार चैतसिक ध्यान बिना मेहनतै लाभी हुन्छ । आश्रव क्षय गरी ... साक्षात्कार गरी तथा प्राप्त गरी बस्छ । भिक्षुहो ! यी नै सात धर्ममा सम्पन्न विनयधर शोभायमान हुन्छ ।"

## ८. चतुत्थविनयधरसोभनसुत्तं

८२. "भिक्षुहो ! सात धर्ममा सम्पन्न विनयधर शोभायमान हुन्छ । ती सात के के हुन् ? आपत्तिलाई जानेको हुन्छ, अनापत्तिलाई जानेको हुन्छ, हल्को आपत्तिलाई जानेको हुन्छ, भारी आपत्तिलाई जानेको हुन्छ, अनेकौं प्रकारले पूर्व जन्मका कुरालाई अनुस्मरण गर्ने हुन्छ, जस्तै कि– एक जन्मको पनि, दुई जन्मको पनि ... सआकार, सउद्देश्यलाई अनेकौं प्रकारले अनुस्मरण गर्ने हुन्छ । मनुष्य चक्षु भन्दा उत्तम विशुद्ध दिव्य चक्षुद्वारा ... आश्रव क्षय गरी ... साक्षात्कार गरी तथा लाभ गरी बस्छ । भिक्षुहो ! यी नै सात धर्ममा सम्पन्न विनयधर शोभायमान हुन्छ ।"

## ९. सत्थुसासनसुत्तं

८३. एकदिन आयुष्मान उपालि जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गए, गएर भगवान बुद्धलाई अभिवादन गरी एकठाउँमा बस्नुभयो । एकठाउँमा बस्नु भएपछि आयुष्मान उपालिले भगवानलाई यसो भन्नुभयो– "साधु, भन्ते ! मलाई भगवानले संक्षिप्तमा धर्मदेशना गर्नुहोस् । जुन भगवानबाट सुनेर एक्लाभई अप्रमादी, उत्साही र प्रयत्नशील भई बस्नसकूं ।" "उपालि ! जुन धर्मको बारेमा तिमीले जानेका हुन्छौ कि यो धर्म न त सम्पूर्ण निर्वेदार्थ हुन्छ, न त वैराग्यार्थ हुन्छ, न त निरोधार्थ हुन्छ, न त उपशमनार्थ हुन्छ, न त अभिज्ञार्थ हुन्छ, न त सम्बोधि लाभार्थ हुन्छ अनि न त निर्वाणार्थ हुन्छ । त्यस धर्मको बारेमा उपालि ! तिमीले जान्नु कि, यो न त धर्म हो, न त विनय हो, न त शास्ताको अनुशासन हो । तर उपालि ! जुन धर्मको बारेमा तिमीले जानेका हुन्छौ कि, यो धर्म सम्पूर्ण निर्वेदार्थ हो, वैराग्यार्थ हो, निरोधार्थ हो, उपशमनार्थ हो, अभिज्ञार्थ हो, सम्बोधार्थ हो अनि निर्वाणार्थ हो । त्यस धर्मको बारेमा उपालि ! तिमीले जान्नु कि यो धर्म हो, यो विनय हो अनि यो शास्ताको अनुशासन हो ।"



Downloaded from http://dhamma.digital

## १०. अधिकरणसमथसुत्तं

८४. भिक्षुहो ! यी सात प्रकारका धर्मद्वारा झगडा शान्त पार्छ । जसबाट झगडा शुरु हुने हो त्यसलाई शान्त गर्नेछ । ती सात के के हुन् ? सम्मुख विनय (दुवैपक्षका) उपस्थितिमा निर्णय दिने, स्मृतिविनय दिने, अमूढताको निर्णय दिने, प्रतिज्ञाको अनुसार निर्णय दिने, बहुमतानुसार निर्णय दिने, पाप कर्मानुसार निर्णय दिने, उभयपक्षको सहमति अनुसार झगडा मिलाउने । भिक्षुहो ! यी नै सातप्रकारका धर्मद्वारा झगडा शान्त पार्छ ।"

Dhamma.Digital



Downloaded from http://dhamma.digital

## ९.समणवग्गो

### १. भिक्खुसुत्तं

८५. "भिक्षुहो ! सातप्रकारका धर्ममा भिन्न भइरहँदा भिक्षु हुन्छ । ती सात के के हुन् ? सत्कायदृष्टिमा भिन्न हुन्छ, शंकामा भिन्न हुन्छ, शीलव्रत परामशमा भिन्न हुन्छ, रागमा भिन्न हुन्छ, द्वेषमा भिन्न हुन्छ मोहमा भिन्न हुन्छ अनि मानमा भिन्न हुन्छ । भिक्षुहो ! यी नै सातप्रकारका धर्ममा भिन्न हुँदा भिक्षु हुन्छ ।"

### २. समणसुत्तं

८६. भिक्षुहो ! सातप्रकारका धर्ममा शान्त भइरहँदा श्रमण हुन्छ ... ।

### ३. ब्राह्मणसुत्तं

८७. बाहिर भइरहँदा ब्राह्मण हुन्छ ... ।

### ४. सोत्तियसुत्तं

८८. श्रवण गरिएको हुनाले श्रोत्रिय हुन्छ ... ।

### ५. न्हातकसुत्तं

८९. स्नान गरी सकेका स्नानक हुन्छ ... ।

### ६.वेदगूसुत्तं

Dhamma.Digital

९०. जानिएको हुनाले विज्ञ हुन्छ ... ।

### ७.अरियसुत्तं

९१. टाढारहँदा आर्य हुन्छ ... ।

### ८. अरहासुत्तं

९२ "टाढा रहँदा अर्हत हुन्छ । ती सात के क हुन् ? सत्कायदृष्टिबाट टाढारहन्छ, शंकाबाट टाढारहन्छ, शीलव्रत परामाशबाट टाढारहन्छ, रागबाट



Downloaded from http://dhamma.digital

टाढारहन्छ, द्वेषबाट टाढारहन्छ, मोहबाट टाढारहन्छ अनि अभिमानबाट टाढा-रहन्छ ।"

### ९. असद्धम्मसुत्तं

९३. "भिक्षुहो ! सातप्रकारका असद्धर्म छन् । ती सात के के हुन् ? अश्रद्धावान हुनु, निर्लज्जहुनु, निर्भयी हुनु, अल्पश्रुत हुनु, अल्छे हुनु, मूढस्मृति हुनु अनि दुष्प्रज्ञ हुनु । भिक्षुहो ! यी नै सातप्रकारका असद्धर्म हुन् ।"

### १०. सद्धम्मसुत्तं

"भिक्षुहो ! सातप्रकारका सद्धर्म छन् । ती सात के के हुन् ? श्रद्धावान हुनु, लज्जावान हुनु, भय हुनु, बहुश्रुत हुनु, उत्साही (वीर्यवान) हुनु, स्मृतिवान हुनु अनि प्रज्ञावन हुनु । भिक्षुहो ! यी नै सातप्रकारका सद्धर्म हुन् ।"

Downloaded from http://dhamma.digital

## १०. आहुणेय्यवग्गो

९५. "भिक्षुहो ! सातप्रकारका व्यक्ति आव्हानणीय ... दानदक्षिणा दिन योग्य, दुई हात जोडी नमस्कार गर्न योग्य अनि लोकका निम्ति अति उत्तम पुण्यक्षत्र हुन् । भिक्षुहो ! यहाँ एकव्यक्तिले चक्षुप्रति अनित्यदर्शी हुन्छ, अनित्यसंज्ञा दर्शी हुन्छ, अनित्य प्रतिसंवेदी हुन्छ, सतत सम्पूर्ण भावले, चित्तले स्थिर गरी, प्रज्ञाको गहिराई सम्म पुग्न सक्नेछन् । उसले आश्रव क्षय गरी, अनाश्रवी भई चित्तविमुक्ति, प्रज्ञाविमुक्ति भई यसै जीवनमा धर्मलाई स्वयम्ले नै अभिज्ञात गरी, साक्षात्कार गरी तथा लाभ गरी बस्छ । भिक्षुहो ! यो नै पहिलो व्यक्ति आव्हान गर्न योग्य, पाहुना गर्न योग्य ... दानदक्षिणा दिन योग्य, दुई हात जोडी नमस्कार गर्न योग्य अनि लोकका निम्ति अति उत्तम पुण्यक्षत्र हुन् ।

"अनि फेरी अर्को, भिक्षुहो ! यहाँ कोही व्यक्ति अनित्यानुदर्शी, अनित्यसंज्ञी. अनित्य प्रतिसंवेदी, सतत सम्पूर्ण भावले, चित्तले स्थिर गरी, प्रज्ञाको गहिराईसम्म पुगेको हुन्छ । उसले पहिले देखि अन्तसम्म आश्रव क्षय तथा जन्म-मरण क्षय गरेको हुन्छ । भिक्षुहो ! यो दोस्रो व्यक्ति आव्हान गर्न योग्य ... लोकका निम्ति अति उत्तम पुण्यक्षत्र हुन् ।

"अनि फेरी अर्को, भिक्षुहो ! यहाँ कोही व्यक्ति चक्षुप्रति अनित्यानुदर्शी, अनित्यसंज्ञी, अनित्य प्रतिसंवेदी, सतत सम्पूर्ण भावले, चित्तले स्थिर गरी, प्रज्ञाको गहिराईसम्म पुगको हुन्छ । उसले निम्न पाँच ओरम्भागीय परिक्षिण गरी बीचमै परिनिर्वाण हुन्छ ... उपहच्च (जन्म-मरणको अन्तसम्म पुगी) परिनिर्वाण हुन्छ ... असंस्कारिक परिनिर्वाण हुन्छ ... ससंस्कारिक परिनिर्वाण हुन्छ ... उर्धश्रोत अकनिट्ठगामी हुन्छ । भिक्षुहो ! यी नै सातप्रकारका आव्हान गर्न योग्य, पाहुना गर्न योग्य, दानदक्षिणा दिन योग्य, दुई हात जोडी नमस्कार गर्न योग्य अनि लोकका निम्ति अति उत्तम पुण्य क्षत्र हुन् ।"

९६-६२२ "भिक्षुहो ! सातप्रकारका व्यक्ति आव्हान गर्न योग्य, पाहुना गर्न योग्य ... लोकका निम्ति अति उत्तम पुण्य क्षत्र हुन् । ती सात को को हुन् ? भिक्षुहो ! यहाँ एक प्रकारका व्यक्ति चक्षुप्रति दुःखानुदर्शी हुन्छन् ... चक्षुप्रति अनात्मानुदर्शी हुन्छन् ... चक्षुप्रति क्षयानुदर्शी हुन्छन् ... चक्षुप्रति व्ययानुदर्शी हुन्छन् ... चक्षुप्रति विरागानुदर्शी हुन्छन्... चक्षुप्रति निरोधानुदर्शी हुन्छन्... चक्षुप्रति प्रतिनिसर्गानुदर्शी (परित्यागको दृष्टि) हुन्छन् ।



Downloaded from http://dhamma.digital

श्रोतप्रति ... घ्राणप्रति ... जिव्हाप्रति .... शरीरप्रति ... मनप्रति ... ।

रूपप्रति ... शब्दप्रति ... गन्धप्रति ... रसप्रति ... स्पर्शप्रति ... धर्मप्रति ... ।

चक्षु विज्ञानप्रति ... श्रोत विज्ञानप्रति ... घ्राण विज्ञानप्रति ... जिव्हा विज्ञामप्रति ... शरीर विज्ञानप्रति ... मन विज्ञानप्रति ... ।

चक्षु स्पर्शप्रति ... श्रोतस्पर्शप्रति ... घ्रान स्पर्शप्रति ... जिव्हा स्पर्शप्रति ... शरीर स्पर्शप्रति ... मन स्पर्शप्रति ... ।

चक्षु स्पर्शबाट उत्पन्न वेदनाप्रति ... श्रोत स्पर्शबाट उत्पन्न वेदनाप्रति ... घ्राण स्पर्शबाट उत्पन्न वेदनाप्रति ... जिव्हा स्पर्शबाट उत्पन्न वेदनाप्रति ... शरीर स्पर्शबाट उत्पन्न वेदनाप्रति ... मन स्पर्शबाट उत्पन्न वेदनाप्रति ... ।

रूपसंज्ञाबाट... शब्द संज्ञाबाट ... गन्ध संज्ञाबाट ... रस संज्ञाबाट ... स्पर्श संज्ञाबाट ... धर्म संज्ञाबाट ... ।

रूप संचेतनाबाट ... शब्द संचेतनाबाट ... गन्ध संचेतनाबाट ... रस संचेतनाबाट ... स्पर्शसंचेतनाबाट ... धर्मसंचेतनाबाट ... ।

रूप तृष्णाबात ... शब्द तृष्णाबाट ... गन्ध तृष्णाबाट ... रस तृष्णाबाट ... स्पर्श तृष्णाबाट ... धर्म तृष्णाबाट ... ।

रूप वितर्कबाट ... शब्द वितर्कबाट ... गन्ध वितर्कबाट ... रस वितर्कबाट ... स्पर्श वितर्कबाट ... धर्म वितर्कबाट ... ।

रूप विचारबाट ... शब्द विचारबाट ... गन्ध विचारबाट ... रस विचारबाट ... स्पर्श विचारबाट ... धर्म विचारबाट ... ।

पञ्चस्कन्धप्रति... रुपस्कन्धप्रति... वेदनास्कन्धप्रति ... संस्कारस्कन्धप्रति ... विज्ञानस्कन्धप्रति अनित्यानुदर्शी भई बस्छ ... दुःखानुदर्शी भई बस्छ ... अनात्मानुदर्शी भई बस्छ ... क्षयानुदर्शी भई बस्छ ... व्ययानुदर्शी भई बस्छ ... विरागानुदर्शी भई बस्छ ... निरोधानुदर्शी भई बस्छ ... प्रतिनिसर्गानुदर्शी भई बस्छ ... लोकका निम्ति पुण्य क्षत्र हुन्छ ।"

Downloaded from http://dhamma.digital

## ११. रागपेय्याल

६२३. "भिक्षुहो ! रागलाई अभिज्ञात गर्न सात प्रकारका धर्ममा अभ्यासी हुनुपर्छ । ती सात प्रकारका के के हुन् ? स्मृतिसम्बोध्यङ्ग ... उपेक्षा सम्बोध्यङ्ग । भिक्षुहो ! रागलाई अभिज्ञात गर्न यी नै सातप्रकारका धर्ममा अभ्यासी हुनुपर्छ ।"

६२४. "भिक्षुहो ! रागलाई अभिज्ञात गर्न सातप्रकारका धर्ममा अभ्यासी हुनुपर्छ । ती सातप्रकारका के के हुन् ? अनित्यसंज्ञा, अनात्मासंज्ञा, अशुभसंज्ञा, दुष्परिणाम (आदिनव) संज्ञा, परित्यागसंज्ञा, विरागसंज्ञा अनि निरोधसंज्ञा हुन् । भिक्षुहो ! रागलाई अभिज्ञात गर्न यी नै सातप्रकारका धर्ममा अभ्यासी हुनुपर्छ ।"

६२५. "भिक्षुहो ! रागलाई अभिज्ञात गर्न सातप्रकारका धर्ममा अभ्यासी हुनुपर्छ । ती सातप्रकारका के के हुन् ? अशुभसंज्ञा, मरणसंज्ञा, आहारमा प्रतिकूलसंज्ञा, समस्त लोकप्रति अनासक्तिसंज्ञा, अनित्यसंज्ञा, अनित्यमा दुःखसंज्ञा, दुःखमा अनात्मसंज्ञा । भिक्षुहो ! रागलाई अभिज्ञात गर्न यी नै सातप्रकारका धर्ममा अभ्यासी हुनुपर्छ ।"

६२६-६५२ "भिक्षुहो ! राग परिज्ञातको निम्ति ... परिक्षयको निम्ति परित्यागको निम्ति ... क्षयको निम्ति ... व्ययको निम्ति ... विरागको निम्ति ... निरोधको निम्ति... त्यागको निम्ति परित्यागको निम्ति यी नै सातप्रकारका धर्ममा अभ्यासी हुनुपर्छ ।"


६५३-११३२ "भिक्षुहो ! द्वेष ... मोह ... क्रोध ... वैर ... म्रक्ष ... प्रदास ... ईर्ष्या ... कन्जूस ... माया ... जडतलाई... कलह ... मान ... अतिमान ... मद ... प्रमाद ... अभिज्ञात ...परिज्ञात ... परिक्षीण ... प्रहाण ... क्षय ... व्यय ... विराग ... निरोध ... त्याग ... परित्याग ... यी नै सातप्रकारका धर्ममा अभ्यासी हुनुपर्छ । भगवानले यसरी भन्नुभयो । सन्तुष्ट भएका ती भिक्षुहरूले भगवानको उपदेशलाई अभिनन्दन गरे ।

सत्तकनिपातपालि निट्ठिता ।
सातौं निपात समाप्त ।



Downloaded from http://dhamma.digital

## अनुवादकको संक्षिप्त परिचय



नाम : भिक्षु बोधिसेन महास्थविर

जन्म मिति : वि.सं. २००७ माघ २५ गते (शुक्ल प्रतिपदा)

जन्म स्थान : गाबहाल, पाटन

गृहस्थ नाम : बुद्धरत्न बज्राचार्य

पिताको नाम : महन्त बज्राचार्य

माताको नाम : केशरी बज्राचार्य

आफू ६ वर्षको हुँदा पिता महन्त बज्राचार्य सहित दुवै माता (जेठी आमा र कान्छी आमाले) गृहस्थाश्रम त्याग गरी कुशिनगर भारतमा श्रद्धेय भिक्षु चन्द्रमणि महास्थविरको आचार्यत्वमा प्रव्रजित जीवन ग्रहण गर्नुभयो । उहाँहरूकै अनुकरण गरी २०२३ साल बैशाख महिनामा भिक्षु अतुलसेन महास्थविरको आचार्यत्वमा बहुजन बौद्ध आनन्द विहार सोनादा, (दार्जीलिङ्ग) भारतमा श्रामणेर हुनुभयो ।

उपसम्पदा (पूर्ण भिक्षुत्व) : २०२७।७।२१ का दिन मालनदी उदक सीमा ।

उपाध्याय : भिक्षु धर्मधर महास्थविर ।

आचार्य : भिक्षु अतुलसेन महास्थिर ।

### निर्माण कार्य

१. विहार निर्माण सदस्य : बहुजन बौद्ध आनन्द विहार, सोनादा (दार्जीलिङ्ग)

२. विहार जिर्णोद्धार सदस्य : बौद्ध संघाश्रम, मालबजार, भारत

३. विहार जिर्णोद्धार प्रमुख : सुदर्शन, बनेपा, (काभ्रे) ।

४. विहार संस्थापक : बोधिचर्या, बनेपा (काभ्रे) ।

शिक्षा : माध्यमिक शिक्षा, दार्जीलिङ्ग ।

धार्मिक शिक्षा : सूत्र-विनय विशारद (बी. ए.) सिलिगुडी, (दार्जीलिङ्ग)

भ्रमण : भारत, भुटान, बर्मा, थाईल्याण्ड र श्रीलंका ।

संस्था : भू. पू. अ. ने. भि. महासंघ अध्यक्ष ।

धर्मानुशासक : बु. ज. स. स. बनेपा र बोधिचर्या ज्ञानमालासंघ ।

केन्द्राध्यक्ष : बोधिचर्या परियत्ति ।

म्यानमार सरकारबाट : महासद्धम्म जोतिकधज उपाधि

इच्छा : धर्म प्रचार, धर्म ग्रन्थहरू लेख्ने र मित्रता ।

Downloaded from http://dhamma.digital